मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका

फैसलाहरुको संगालो

महिला, कानून र विकास मञ्च २०५२

FWLD

अविभेद र समानताका लागि कार्यरत

The purpose of this publication is to disseminate the decisions of the Supreme Court on human trafficking cases. The views and opinions in this publication do not necessarily represent the views of the Australian Government or The Asia Foundation.

प्रकाशक

FWLD
अविभेद र समानताका लागि कार्यरत

सहयोग

Australian Aid

The Asia Foundation

मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी
मुद्दामा सर्वोच्च अदालतबाट भएका

फैसलाहरुको संगालो

विषय सुची

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
१	परिवर्तित नाम ४५ को जाहेरीले नेपाल सरकार विरूद्ध नुवाकोट जिल्ला, घ्याङफेदी गा.वि.स., वडा नं. ६ हाल दुप्चेश्वर गा.पा. वडा नं.१ बस्ने दिपक भन्ने इमान तामाङ	२०७९/०१/०२	मानव बेचबिखन र मानव ओसारपसार दुई भिन्न कसुरजन्य कार्य भएकोले दुवैको कसुरजन्य अवस्था, कसुरको प्रकृति एवम् परिणामसमेत फरक फरक हुने । यी कसुरहरू प्राय: सँगसँगै हुने भएकोले कुनै वारदातमा दुवै कसुर हुने वा कुनैमा एउटा मात्र पनि हुन सक्ने । एउटाको अभावमा अर्को कसुर नहुने भनी परिपूरक मान्न भने नसकिने ।	१
२	मायाकुमारी सार्कीको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं.११ घर भई हाल कारागार कार्यालय महेन्द्रनगर कञ्चनपुरमा कैदमा रहेको जंगबहादुर सार्कीको छोरा बलबहादुर भन्ने बमबहादुर सार्की	२०७८।१२।२	कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण नहेरिने हो भने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को कानूनी प्रावधानको दुरूपयोग हुन सक्ने भएकाले उक्त प्रावधानलाई एकतर्फीरूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउने सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र विषयवस्तुतर्फ हेरिनुपर्ने ।	७
३	परिवर्तित नाम देउलेक १ को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला बैतडी, कटौजपानी गा.वि.स. वडा नं. ५ बस्ने पाइलट भन्ने नरेशबहादुर विष्टसमेत	२०७८/०३/०६	प्रचलित कानूनले कसुरदार ठहर भएकोमा नैतिक पतन देखिने कसुर गरेको स्थापित गर्नुपर्ने गरी बाध्यात्मक स्थितिको सिर्जना नगरेको अवस्थामा दाबी गर्न पाउने र दाबी गरेकै आधारमा मात्र नैतिक पतन देखिने कसुर गरेको भनी स्थापित गर्नु न्यायोचित नहुने ।	१२
४	भोला भन्ने विराहिम पठानको जाहेरीले नेपाल सरकार विरूद्ध कपिलवस्तु जिल्ला, निग्लिहवा गा.वि.स. वडा नं. माइती घर भई हाल ऐ.पटना गा.वि.स. वडा नं.८ बस्ने भुखाली थारूको छोरी भीमाकुमारी थारू (चौधरी) समेत	२०७७।११।३	विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त नहुने । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने ।	१६
५	झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं.१० बस्ने मित्र वि.क. समेतको जाहेरीले नेपाल सरकार विरूद्ध झापा जिल्ला साबिक अनारमनी गा.वि.स. वडा नं.१ घर भई हाल जिल्ला कारागार कार्यालय भद्रपुर झापामा थुनामा रहेको वर्ष २४ को भवानी राजवंशी	२०७७/१०/२६	फौजदारी कानूनको प्रयोग गर्दा जुन कार्यका लागि कानूनले जे जुन सजायको व्यवस्था गरेको छ, सोहीबमोजिमको कानून प्रयोग गरिनुपर्दछ । कानूनको परिधि नाघेको कुनै एउटा तथ्यको आधारमा ठुलो कसुरजन्य कार्य गर्ने लागेको कुराको अनुमान गरी शंकाकै आधारमा गम्भीर प्रकृतिको कसुर गरेको भनी ठहर गर्नु हामीले अनुशरण गरी आएको फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हुने ।	२५
६	कुमारी लामाको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला गोरखा, ध्याम्पेसाल गाउँ विकास समिति वडा नं. १ घर भई, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३० बस्दै आई, हाल महिला कारागार कार्यालय, भोटेबहाल, काठमाडौंमा थुनामा रहेकी विष्णु थापा	२०७७।६।१६	मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले नै दफा १५ (१) (ख) मा वेश्यावृत्तिमा लगाउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरेको छ भने वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने आफूसँग राख्नेलाई ऐ. ऐनको दफा १५ (१)ङ(छ) अनुसार ७ वर्षदेखि १० वर्षसम्म कैद गर्न सक्ने र वेश्यागमन गर्नेलाई १५ (१)(घ) बमोजिम १-३ महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवानाको व्यवस्था गरेको छ । अन्य देशमा भएको कानूनी व्यवस्थालाई हेर्दा वेश्यावृत्तिको लागि कतै अपराधीकरण (criminalization), या कतै कानूनी मान्यता (legalization), त कतै निरपराधीकरण (decriminalization) को अभ्यास रहेकोमा नेपालको कानूनले वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउनेलाई वा वेश्यावृत्तिको लागि ललाई फकाई प्रपन्च गर्ने आफूसँग राख्नेलाई फरक कसुर मानी फरक सजाय गर्ने तर वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणालाई मान्यता दिएको	३२

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
			देखिन्छ । यसर्थ, प्रतिवादीले पीडितालाई ललाई फकाई, प्रलोभनमा पारी आफ्नो डेरा कोठामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले राखेको देखिँदा प्रतिवादीले पुनरावेदिकालाई वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने गरेको कार्य ऐ.ऐनको दफा ४(२)(ख) को कसुर हुँदा ऐ. ऐनको दफा १५ (१)(छ) अनुसार सजाय गर्नुपर्ने देखिने ।	
७	परिवर्तित नाम २०७१(३) MS र २०७१(३) AB को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला नुवाकोट साबिकको बेल्कोट गा.वि.स. वडा नं. ८ वतन भएका आइतराम तामाङसमेत	२०७७।६।१५	आरोप लगाइएका व्यक्तिउपर अभियोग मागदाबी लिई अभियोजन गर्नुअगाडि अभियोजकले मिसिल संलग्न प्रमाणहरूको मिहिन रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । जाहेरी पर्नु र सोउपर अनुसन्धान हुनु मात्र अभियोजनको आधार हुन सक्दैन । मिसिल संलग्न प्रमाणबाट प्रतिवादीउपरको अभियोग समर्थित गराउनु फौजदारी न्यायको सन्दर्भमा अभियोजकको अनिवार्य दायित्व हो । शंकाको भरमा प्रमाणको रोहमा समर्थित हुन नसकेको अभियोगबाट अभियोग स्थापित हुन सक्दैन । यस्तो अवस्थामा स्वाभाविक रूपमा त्यसको फाइदा अभियुक्तलाई पुग्ने । अपराध र अपराधीको जडसम्म नपुग्ने गरी गरिने अनुसन्धान र अभियोजनले न्यायको वास्तविक मर्म प्रतिबिम्बित गर्न नसक्ने । अप्रमाणित तथ्यलाई बलपूर्वक जोडी कसैउपर गरिने अभियोगले न्यायको वास्तविक चित्र प्रस्तुत गर्न नसक्ने । अनुसन्धान र अभियोजन पक्षले जिम्मेवारी पूरा नगरी पेस गरेको सतही अनुसन्धान, अभियोजन तथा खण्डित र टुक्रिएका प्रमाणको कडीमा कसुर कायम गरी गरिएको सजाय न्यायको रोहमा उपयुक्त नदेखिने । कसुर भयो भनी कसैउपर पोल गरिनु र सोही आधारमा कुन कानूनको उल्लङ्घन भयो सोतर्फ समेत विचार नगरी कसैउपर अभियोग लगाउने कार्य मात्रलाई फौजदारी न्यायले न्यायिक पर्याप्तता नमान्ने ।	३८
८	उमा परियारको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला प्युठान, बाङ्गेसाल गा.वि.स. वडा नं. २ बस्ने सुनिल मिश्रको श्रीमती माष्टर्नी भन्ने गीता मिश्रसमेत	२०७७।३।२९	वादी पक्षका साक्षीहरूले जाहेरवालाको कुरा सुनेकै भरमा बकपत्र गरेको देखिएबाट त्यस्तो जाहेरी बेहोरा जाहेरवालाको बकपत्र र निजले भनेकाले सुनी थाहा पाएको हो भन्ने साक्षी भनाइका आधारबाट मात्र मानव बेचबिखनजस्तो गम्भीर अपराधमा दोषी ठहर गर्नु न्याय र कानूनसङ्गत नहुने ।	४८
९	मोरङ "ञ" को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला मोरङ, टंकिसिनवारी गाउँ विकास समिति वडा नं.३ घर भई हाल कारागार कार्यालय, मोरङमा थुनामा रहेको विनोद ऋषिदेवसमेत	२०७७।३।१९	एउटै घटनाका सम्बन्धमा कुनै एक प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा फरक पर्ने गरी अदालतसमक्ष बयान गर्दछ र सोही घटनामा संलग्न अर्का प्रतिवादीले अदालतसमक्ष बयान गर्दा अनुसन्धानको क्रममा बयान गर्ने प्रतिवादीको बयान व्यहोरासँग मेल खाने गरी बयान गर्दछ र उक्त अनुसन्धानको बयानलाई जाहेरी व्यहोरा, वस्तुस्थिति मुचुल्का र अदालतबाट प्रमाणित भएको पीडिताको बयान व्यहोराबाटसमेत समर्थित छ भने अनुसन्धानको क्रममा गरेको निज प्रतिवादीको बयानलाई अन्यथा भन्नुपर्ने अवस्था नहुने ।	५६
१०	दलित महिला उत्थान सङ्घ बर्दियाको महासचिव खिमा वि.क.को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला बाँके, साबिक बागेश्वरी गा.वि.स. वडा नं. ५ हाल खजुरा गाउँ पालिका वडा नं. ३ घर भई हाल कारागार कार्यालय बर्दियामा कैदमा रहेको कल्पना भण्डारीसमेत	२०७७।३।१४	कुनै व्यक्तिलाई भारततर्फ लगियो वा लगिँदैछ भन्ने कुराको आधारमा मात्र मानिसलाई बेच्नका लागि लगेको भनी निष्कर्ष निकाल्नु बिलकुल अनुचित, अतार्किक र अन्यायपूर्ण निष्कर्ष हुन जाने । मानव बेचबिखनको उद्देश्यले नै भारतमा लगेको वा लैजाने प्रयास गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित हुनुपर्ने । केवल भारततर्फ जान लागेको कुरालाई मात्र हेरेर शंका वा अनुमान गरी मानव बेचबिखनको कसुर ठहर गर्नु कानूनसङ्गत नहुने ।	६५
११	परिवर्तित नाम थानकोट च को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला पर्सा, ठोरी गा.वि.स. वडा नं.८ (हाल सुवर्णपुर गाउँपालिका वडा नं.२) घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, बानेश्वर डेरा गरी बस्ने हाल कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा थुनामा रहेको सम्बरबहादुर थापाको छोरा राजकुमार चौहान भन्ने लक्ष्मण थापा	२०७७।३।९	वस्तुत: मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को कार्यान्वयनको प्रसङ्गमा, क्षतिपूर्तिसम्बन्धी व्यवस्था भनेको पीडितको हकमा बनेको कानूनी व्यवस्था हो । कानूनले प्रस्टसँग पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था गरेको अवस्थामा नभराइदिने हो भने पीडितमाथि अन्याय हुन जान्छ । नेपालको संविधानको धारा २१ को अपराध पीडितको हकभित्र पीडितको क्षतिपूर्ति पाउने हक पनि अन्तरनिहित भएको मान्नुपर्दछ । संविधान र कानूनले पीडितले क्षतिपूर्ति पाउने कुरालाई सुनिश्चित गरेको अवस्थामा सुरू जिल्ला अदालत र उच्च अदालतबाट पीडितले क्षतिपूर्ति पाउनेबारे मौन बस्दा उक्त फैसला संविधान एवं प्रचलित कानूनी व्यवस्थासमेतको विपरीत भई न्यायको रोहमा मान्य नदेखिने ।	७५

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
१२	परिवर्तित नाम "कालिका सी" को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला बर्दिया तारातल गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय बाँकेमा थुनामा रहेको जितबहादुर सुनार	२०७७।३।७	विधायिकाले मानव बेचबिखनजन्य कार्यलाई अति गम्भीर र संवेदनशील अपराधको कोटीमा राखी जाहेरी र अनुसन्धानको क्रममा पीडितले गरेको कागजलाई पछि यस्ता पीडित व्यक्ति सो कसुर गर्ने व्यक्तिको प्रभावमा परी अदालतमा बकपत्र गर्ने क्रममा आफ्नो मौकाको भनाइबाट विमुख नहुन भनी राखिएको देखिने । वारदातको प्रकृति, पीडितको बयान बेहोरा र मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाणबाट करणी भएको होइन भन्न नसकिने अवस्था हुँदा पीडितको अनुसन्धानको क्रममा स्वास्थ्य परीक्षण नगराएको कारणले मात्र प्रतिवादीले उन्मुक्ति पाउने नदेखिने ।	८४
१३	L उपनामसमेतको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला झापा, धाइजन गाउँ विकास समिति वडा नं. ७ घर भई हाल परिवर्तन मेचीनगर नगरपालिका वडा नं. ११ स्थायी घर भई हाल कारागार कार्यालय, झापामा कैदमा रहेको मुना मगर मेचे	२०७७।३।१	फौजदारी कसुरमा जसले जे जस्तो कसुर गरेको हो सोहीअनुसारको नै सजाय हुनु न्यायोचित हुन जाने हुन्छ । केबल कसुर कायम भयो भन्दैमा कसुरको मात्रालाई विचारै नगरी ठुलो सजाय गराउने र गर्ने उद्देश्यबाट अभिप्रेरित भई बलपूर्वक व्याख्या गरी ठुलो सजाय तोकिनु फौजदारी न्यायको मर्मविपरीत हुन जाने भई न्यायको अनुभूतिसमेत हुन सक्दैन अतः कसुरअनुसारकै सजाय तोकिनु न्यायको मर्म पनि हो भने न्यायोचित कुरा पनि हुन आउने ।	९०
१४	परिवर्तित नाम पानकुमारीको जाहेरीले नेपाल सरकार विरूद्ध सुर्खेत जिल्ला राकम गा. वि. स. वडा नं. ६ सेतुटोल बस्ने शोभा वादी	२०७६।४।९	केबल अभियुक्त अदालतमा उपस्थित हुन आएनन् भन्ने आधारमा कसुर ठहर गर्नुलाई न्यायिक प्रक्रियाको दुरूपयोग गरेको (miscarriage of justice) अथवा गम्भीर अन्याय (gross injustice) भएको अर्थमा बुझ्नु पर्ने हुन्छ । प्रतिवादी अदालतमा उपस्थित नभएको कुरालाई नै स्वयम्मा निर्णायक प्रमाण मान्ने र अभियोग दाबी ठहर गर्ने कुरा अतार्किक, गैरकानूनी र अविवेकपूर्ण हुन जाने । प्रतिवादीका तर्फबाट पुनरावेदन पर्न नआएको अवस्था भएपनि प्रमाणको दृष्टिले न्यायको रोहमा प्रतिवादीउपर ठहर भएको कसुर र सजाय उल्टी नगर्दा गम्भीर अन्यायको स्थिति पैदा हुने वा गम्भीर कानूनी त्रुटि कायम रहने अवस्था देखिन आयो भने पुनरावेदन सुन्ने अदालतले मातहत अदालतको इन्साफ फरक पर्ने वा उल्टिने गरी फैसला गर्न मिल्ने ।	९६
१५	परिवर्तित नाम हनुमानढोका (१) को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला काठमाडौं, दहचोक गा.वि.स. वडा नं. ४ बस्ने विनोद ढकालसमेत	२०७६।२।१९	मानिसलाई जतिसुकै दुःख पीडा वा गरिबी भए पनि कसैले कसैलाई मृगौला बेच्न उत्प्रेरणा दिने तथा सहयोग गर्ने कार्य निश्चय नै उसको नैतिकता, सामाजिक जवाफदेहिता र कानूनको समेत बर्खिलाप भई त्यस्तो कार्य कानूनी अपराधको रूपमा परिभाषित हुन जान्छ र सो कार्य गरेबापत मानिस दण्डित पनि हुनैपर्ने ।	१०३
१६	वसन्त रावल विरूद्ध नेपाल सरकार	२०७६।२।९	वस्तुतः दण्ड सजायको महलको ४१क. मा भएको कानूनी व्यवस्था व्यक्तिले बिना तजबिज, विना भेदभाव, समानरूपमा सबैले प्राप्त गर्न सक्ने प्रकृतिको हक सुविधा रहेभएको देखिँदा यस्तो सुविधा फैसला कार्यान्वयनको क्रममा विना भेदभाव सबैको लागि समान रूपमा कार्यान्वयन गर्नुपर्ने ।	१०६
१७	तराई पहाड नाम परिवर्तन ७५ कञ्चनपुर ङ कुमारीको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका वडा नं. १२ ऐरी बस्ने वीरबहादुर रावलको छोरा वर्ष ४९ को वसन्त रावल	२०७६।१।४	पीडितको प्रमाणित बयान रहेको तथा अन्य मिसिल संलग्न प्रमाणहरूलाई हेर्दा पीडितको परिवार Hostile हुँदैमा मात्र प्रतिवादी निर्दोष हुन् भन्न नसकिने । प्रतिवादीले पीडितलाई एक ठाउँबाट अर्को ठाउँ हुँदै भारतको वनबासासम्म लगी पीडितको नाजुक स्थितिको फाइदा लिई यौन शोषण Sexual exploitation को कार्य गरी गर्भधारणसम्म भएको र निजले जबरजस्ती गर्भपतनसमेत गरेको प्रमाण मिसिलबाट देखिँदा प्रतिवादीको उक्त कार्य ओसारपसारको परिभाषाभित्र नै पर्ने ।	११०
१८	भैरवबहादुरको जाहेरीले नेपाल सरकार विरूद्ध नुवाकोट जिल्ला शिखरबेसी गा.वि.स. वडा नं.३ घर भई हाल कारागार कार्यालय नुवाकोटमा रहेको वसन्त परियार	२०७५/११/२६	प्रतिवादीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी alibi को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । त्यस्तो alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखित प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुनसक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिको विरूद्ध नै प्रमाण लाग्ने ।	११९

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
१९	परिवर्तित नाम बालाजु (घ) को जाहेरीले नेपाल सरकार विरूद्ध रामेछाप जिल्ला, गोठगाउँ गा.वि.स., वडा नं. ६ गोठपानी घर भई हाल कारागार कार्यालय, रसुवा, धुन्चेमा कैदमा रहेको वेदबहादुर मगर	२०७५/०९/२३	प्रमाणित बयान आफैँमा एक महत्त्वपूर्ण प्रमाणको रूपमा रहे तापनि सो बयान अन्य प्रमाणबाट समर्थित हुनु पर्ने अनिवार्यता देखिन्छ। तसर्थ, पीडितको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा सो प्रमाणित बयानलाई कसुरदार कायम गर्ने प्रयोजनार्थ महत्त्वपूर्ण प्रमाण भए तापनि त्यसलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न मिल्ने नदेखिने।	१२७
२०	बाबुराम परियारको जाहेरीले नेपाल सरकार विरूद्ध गोरखा जिल्ला भुम्लीचोक गा.वि.स. वडा नं.७ बस्ने मिठे भन्ने ठगबहादुर सुनार	२०७५/०५/२७	अपराधशास्त्रमा अभियुक्तउपर लिइएको अभियोग दाबीबमोजिमको कसुर आधार, प्रमाणबाट पुष्टि भएमा मात्र कसुरको मात्रा, कसुरमा अभियुक्तको संलग्नतालगायतका समग्र पक्षहरूको विश्लेषणपश्चात् अभियुक्तलाई सो कसुर गरेउपर मौजुद रहे भएको कानूनी व्यवस्थाबमोजिम मात्र सजाय गर्नुपर्ने मान्यता स्थापित छ जुन कानूनी शासनको मकसदसमेत हो। कुनै पनि अभियुक्तउपरको कसुर स्थापित भइसकेपश्चात सो कसुर गरेउपर रहेको कानूनी व्यवस्थाबमोजिम सजाय नगरी आफू खुसी सजाय निर्धारण गर्नु मान्य न्यायका सिद्धान्तविपरीतसमेत हुन जाने।	१३३
२१	मुना तामाङसमेतको जाहेरीले नेपाल सरकार विरूद्ध नुवाकोट जिल्ला सुन्दरादेवी गा.वि.स. वडा नं.५ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका दीपक भन्ने दीपेन्द्र पाठक	२०७५।३।२१	मानव बेचबिखन तथा ओसारपसार जस्तो संगीन अपराधमा पीडित सधैँ अभियुक्तहरूको नियन्त्रणमा रहने, आफू बेचिएको प्रमाणहरू राख्न असम्भव हुने, उनीमाथि भएको कसुरको उनीसँग हुने प्रमाण भनेको आफू / व्यक्ति स्वयं नै प्रमाण / साक्षीको रूपमा रहने हुँदा उनले दिएको जाहेरी र उनले गरेको बयानको प्रमाणमा धेरै ठूलो महत्त्व राख्दछ। बयानमा लेखिएका घटनाक्रमको वर्णन र प्रतिवादीको बयानमा Chain of Incident बाट पनि अभियोगहरू स्थापित हुन्छ। यस्तो अवस्थामा घटनाक्रम गलत हो, लगाइएको आरोप गलत हो भनी सफाइको माग गर्दा सोको प्रमाण पुर्‍याउने भार प्रतिवादीमै रहने।	१३६
२२	परिवर्तित नाम बाहबिसे "वि" को जाहेरीले नेपाल सरकार विरूद्ध सिन्धुपाल्चोक जिल्ला गाती गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय रामेछापमा थुनामा रहेका ताराबहादुर बस्नेत	२०७४/०९/२३	वारदात हुँदाका बखत प्रचलनमा रहेको ऐनले जिउ मास्ने बेच्ने कसुरमा निर्धारण गरेको सजायभन्दा पछिल्लो ऐनले निर्धारण गरेको सजाय बढी रहेकोले वारदातका कसुरदारलाई पछि बनेको ऐन (मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ अनुसार सजाय गर्दा बढी सजाय हुन जाने र त्यसो गर्नु अतित प्रभावी सिद्धान्त (Principle of Ex-Post Facto law) अनुसार नमिल्ने भएकाले कसुरदारलाई जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ अनुसार सजाय गर्नुपर्ने। जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा "मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ" भन्ने उल्लेख भएको देखिँदा मानिस बेचबिखनको कसुरमा संलग्न हुने कसुरदारलाई संलग्नताको स्तर हेरेर विवेकशील निर्णय गर्न विधि निर्माणकर्ताले न्यायकर्तालाई पर्याप्त स्वविवेकीय अधिकार दिएको देखिन्छ। यसरी मानिस बेचबिखनको कार्यमा संलग्न कसुरदारलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने फैसला गर्न न्यायकर्ता सक्षम रहे पनि निर्णय गर्दा विवेकशील, न्यायोचित र औचित्यता हेरी निर्णय गर्नुपर्दछ, भने कसुरदारलाई गरिएको सजाय र कसुरको स्तरबीचमा औचित्यपूर्ण सम्बन्ध पनि देखिनुपर्ने। पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसुर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधि शास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत सामञ्जस्यता नराख्ने हुँदा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने।	१४५

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
२३	परिवर्तित नाम नुवाकोट २ र ३ को जाहेरीले नेपाल सरकार विरूद्ध नुवाकोट जिल्ला गाउँखर्क गा.वि.स. वडा नं.४ घर भई हाल, कारागार शाखा, नुवाकोटमा थुनामा रहेका नुर्वु भन्ने याङ्गचेन तामाङ	२०७४/०८/१३	वादी पक्षको यो दायित्व विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले सीमित हुने वा समाप्त हुने होइन । यस अवस्थामा पनि वादी पक्षले आफ्नो अनुसन्धानको आधारमा आफूले तयार र दायर गरेको अभियोगपत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो, विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्ने । कानूनले निषेध गरेको आपराधिक कार्य, कार्य गरेको अवस्थामा कानूनले निर्धारण गरेको तहको मनसायको संयोजन र सो कार्य गर्दा प्रतिवादीलाई कुनै छुट वा प्रतिरक्षा उपलब्ध थिएन भनी अभियोगपत्रमा स्पष्ट रूपमा दाबी लिइएको हुनुपर्ने । आपराधिक कार्य (Conduct element), आवश्यक मनसाय (Fault element) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को स्पष्ट उल्लेख गरी कसुर स्थापित गर्न र कानूनबमोजिम सजाय गर्न मागदाबी लिइएको अभियोगपत्र रहेको अवस्थामा विधायिकी कानूनले निर्दोषिताको प्रमाणित गर्ने भार प्रतिवादीमा राखेको भएमा प्रतिवादीले आफूले सफाइको जिकिर लिन्छ भने उसले आफ्नो निर्दोषिता आफैँले प्रमाणित गर्नुपर्ने । वादीले लिएको दाबीमा नै कानूनले अपराध हुनको लागि अनिवार्य रूपमा चाहिने आवश्यक तत्त्व (Mandatory constituent elements of crime) भनी उल्लेख गरेका तत्त्वहरूको आधार प्रमाणसहित उल्लेख नगरी ती तत्त्वहरूलाई स्थापित नगरी केवल कसुर गरिएकाले सजाय गरिपाउँ भन्नेसम्म दाबी लिएको र अपराधका सम्पूर्ण आवश्यक तत्त्वहरूको संयोजनात्मक उपस्थिति (Concurrent presence) नभएको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीको पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने ।	१५३
२४	संकेत नाम बौद्ध ९५ को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला सिन्धुपाल्चोक, गा.वि.स. पान्ताङ वडा नं.५ बस्ने प्रेम भन्ने शंकर वि.क.	२०७४/०५/०२	मुख्यतः अपराधका चारवटा चरणहरू हुन्छन् । पहिलो हो अपराध गर्ने मनसाय चरण; यस चरणमा कसैले कुनै अपराध गर्ने बारेमा सोच्दछ वा मनसायको उत्पत्ति गर्दछ । दोस्रो हो तयारी चरण; यसमा मनले सोचेको कुरालाई कार्य रूप दिनका लागि आवश्यक पूर्वाधारहरू तयार वा वातावरण निर्माण गरिन्छ । तेस्रो हो उद्योग चरण; यसमा अपराधको तयारीपश्चात् तयारीकर्ताले मनसायपूर्वक अपराध घटाउन वास्तविक कार्यमा उत्रन्छ तर केही अवरोधका कारणबाट अपराध पूरा हुन नपाई खाली पूर्ण अपराधको प्रयत्न मात्र हुन्छ । चौथो तथा अन्तिममा; यसरी अवरोध नआएको भए पूर्ण रूपमा आपराधिक कार्य सम्पन्न हुन्छ । यसबाट अभियुक्तलाई लगाइएको कसुरप्रति निजको अन्तिम प्रयास असफल भएको अवस्था नै आपराधिक उद्योग हो भन्ने स्पष्ट हुन्छ । यदि उद्योग सफल भएको भए उसको इच्छित अपराध पूरा हुने थियो भन्ने अवस्था नै अपराधको उद्योग हो । यसरी अपराधको उद्योग भन्नाले अपराध गर्नको लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हुने ।	१५९
२५	परिवर्तित नाम अप्सराको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं.१३ शान्ति वि.क.	२०७४/०४/२७	पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनु पर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्ने । विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ । सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्ने । न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ । जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो । जरिवाना राज्यको कोषमा जान्छ । अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो । क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने ।	१६४

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
२६	'क' कुमारी समेतको जाहेरीले नेपाल सरकार विरूद्ध जाजरकोट जिल्ला, पजारू गाउँ विकास समिति वडा नं. ८ घर भई कपिलवस्तु जिल्ला, चनई गाउँ विकास समिति वडा नं. ७ खरेन्द्रपुरमा बद्रीनाथ ७ नं. होटल एण्ड रेष्टुरेन्ट सञ्चालक रही हाल कारागार कार्यालय नेपालगञ्जमा थुनामा रहेको करवीर शाही	२०७४/०४/२२	गरिबी र बेरोजगारीमा रहेकाले आफैँले आफूलाई बेच्न शोषण गर्न तयार हुँदैमा वेश्यावृत्तिमा लगाउन पाइन्छ भन्ने कदापि होइन र यो कानूनको मनसाय पनि होइन। कानूनले स्पष्टरूपमा कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको अवस्था देखिने। मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर मानवता विरूद्धको अपराधमा पीडितहरू त्रसित, कमजोर र हतोत्साही अवस्थामा रहने र एकजना पीडित बालिका नै रहेको अवस्थामा घटनाको परिस्थिति र घटनाको असरहरूमा फरक बयान नरहेको अवस्थामा पीडितहरूको बयानमा कतै घटनाको क्रमबद्धरूपमा वर्णन नभएकोले केही विरोधाभास देखिन्छ भन्ने आधारमा मात्र पीडितहरूको बयानलाई अन्यथा भन्न नमिल्ने।	१६९
२७	मन्जुकुमारी ठटालको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला पाँचथर, प्राङ्बुङ्ग-२ माइतीघर र जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका सामाखुसी घर भई झापा दमक नगरपालिका वडा नं. १४ बस्ने सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ)	२०७४/०२/०९	कतिपय विशेष अवस्थामा फौजदारी मुद्दामा पनि प्रमाणको भार प्रतिवादीमा सार्न सकिने वा प्रतिवादीमा रहने (Shifting of burden of proof to the accused person) गरी विधायिकी कानून बन्नसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइन्छ। खासगरी आफूसँग कब्जा (Pos-session) मा रहेको वस्तुको वैधता यौनजन्यलगायतका अन्य अपराधमा प्रमाणको भार प्रतिवादीमा रहने गरी कानून निर्माण हुनसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइने। के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजन पक्षले नै शंकारहित तवरले (Beyond the doubt) पुष्टि गरेको हुनुपर्छ। विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित वा समाप्त नहुने। आफ्नो निर्दोषिता प्रमाणित गर्ने काम प्रतिवादीको हुने भए पनि वादी पक्षले आफ्नो अभियुक्त यकिन गर्ने र अनुसन्धानको आधारमा आफूले तयार पारी दायर गरेको अभियोग पत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो भनी विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्यरूपमा उल्लेख गरेको हुनुपर्ने। अभियोग पत्रमा अपराधका तत्त्वहरूको उल्लेखन वास्तविक अर्थमा प्रतिवादीलाई प्रतिरक्षाको लागि सुनुवाइको मौका उपलब्ध गराउनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित हुने। अभियोजन पक्षले प्रतिवादी नै प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको वा सरेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीले पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने।	१७८
२८	नाम परिवर्तित कालिमाटी (श १) को जाहेरीले वादी नेपाल सरकार विरूद्ध नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स. वडा नं. ८ बस्ने रामबहादुर तामाङको छोरी पुष्पा तामाङसमेत	२०७३/०५/१६	जुनसुकै मुद्दाको कारवाही र किनारा गर्दा अधिकारक्षेत्रको प्रश्न प्रारम्भिक प्रश्नको रूपमा रहेको हुन्छ। अदालतले आफूमा निहित न्यायिक अधिकारको प्रयोग गर्दा संविधान र कानूनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही गर्नुपर्ने। न्यायिक उपचार प्रदान गर्दा जसलाई जे गर्न भनि तोकिएको छ, उसले त्यति मात्र उपचार प्रदान गर्न सक्छ। आफूलाई प्राप्त नभएको अधिकारको प्रयोग गर्नु वा आफूलाई प्राप्त भएको भन्दा बढी अधिकारको प्रयोग गर्दा त्यसले अधिकार क्षेत्रको त्रुटि भई त्यसरी गरिएका निर्णय र आदेश निष्प्रभावी र निरर्थक हुन पुग्ने। कानूनले दिएको अधिकारक्षेत्र नाघेर कारवाही गर्दै जाने हो भने त्यसले न्यायिक अराजकता निम्तन पुग्छ जसले गर्दा न्यायिक अन्योल सृजना भई स्वेच्छाचारी कार्यले प्रश्रय पाउन पुग्छ। विधिको शासनमा यस प्रकारको प्रवृत्तिको कल्पनासम्म पनि गर्न सकिँदैन। कुनै पनि मुद्दामा अधिकारक्षेत्रको प्रश्न आधारभूत प्रश्न भएको कारणले यसको सम्बन्धमा पक्षले प्रश्न नउठाएपनि जुनसुकै तहमा अदालतले विचार गर्न सक्छ र अधिकारक्षेत्र बाहिरको भएमा मुद्दाको सुनुवाइ गर्न इन्कार गर्न सक्छ। यस प्रकारको अधिकार न्यायिक निकायको अवशिष्ट अधिकार हुन जाने।	१८४

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
२९	धनमाया नागवंशीको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला झापा, चन्द्रगढी गा.वि.स. वडा नं. ४ घोडामारा घर भई हाल जिल्ला कारागार भद्रपुर झापामा थुनामा बस्ने सोमबहादुर तामाङ	२०७३/०२/२४	मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन भनी मानव बेचबिखन र ओसार पसार गर्ने कार्यलाई आपराधिकीकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४(१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव औसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी तोकिदिएको अवस्था छ। त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ। यसरी कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी कानूनले अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ। यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ। प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपुरक भने होइनन्। ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा वेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएकोनै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसार पसार भने गरेको नै मानिने। प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचिबखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भएपनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन। यस्तो पीडितलाई भारतसम्म पुर्‍याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नु पर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।	१८८
३०	ललितपुर जिल्ला ल.पु.उ.म.न.पा. वडा नं. ५ मानभवन बस्ने अधिवक्ता पुण्यशिला दवाडी घिमिरेसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत	२०७२/१०/२१	न्यायमा पहुँचलाई सहज बनाउनका लागि राज्यले यथोचित उपायहरू अवलम्बन गर्नुपर्दछ। प्रारम्भदेखि नै पीडितले राज्यको रेखदेख र संरक्षणको अनुभूति गर्ने वातावरणको सिर्जना हुनुपर्दछ बलत्कार र तथा मानव बेचबिखनका कारण मानसिक, शारीरिक मनोवैज्ञानिक तथा भावनात्मक चोट तथा पीडाबाट प्रमाणित रहन बाध्य पीडित महिलाहरू न्यायिक उपचारको लागी अग्रसर हुन रोक्ने अन्य सामाजिक तथा सांस्कृतिक कारणहरू भए सोलाई पनि रोक्नेतर्फ लाग्नुपर्ने हुन्छ। साथै परिवार तथा समाजमा महिलाहरूको कमजोर सामाजिक तथा आर्थिक अवस्था र पारिवारिक दबाबका कारण उजुरी गर्न नै हतोत्साहित गरिने अवस्थालाई निरूत्साहित गरिनुपर्ने।	१९४
३१	ज्ञानबहादुर लामाको जाहेरीले नेपाल सरकार विरूद्ध नुवाकोट जिल्ला, रालुका देवी गा.वि.स. वडा नं.२ घर भै हाल कारागार कार्यालय भद्रबन्दी गृह जगन्नाथदेवलमा थुनामा रहेका लाक्पा तामाङ	२०७२/०५/३०	प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काकडभिट्टासम्म पुर्‍याएको देखिएको र कानूनले पनि बिक्रीसमेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याएको कार्यलाई कसुर मानेको हुँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसुर गरेको देखिने।	२००
३२	कोड नाम एल.डि. ६/०६७/०६८, एस.टि. सि. ७/०६७/०६८ र पि.एल. ८/०६७/०६८ समेत जना ३ को संयुक्त जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला काभ्रेपलान्चोक, चलाल गणेशस्थान गा.वि.स.वडा नं.३ घर भई हाल जिल्ला कारागार कार्यालय पर्सा वीरगञ्जमा कैदमा रहेको योगबहादुर लामा	२०७२/०४/२९	मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीउपर रहने गरी विशेष व्यवस्था गरेको पाइन्छ। सो दफामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। सो ऐनको उक्त विशेष व्यवस्थाअनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेको प्रतिवादीले तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गराउन सक्नुपर्ने।	२०४

क्र.स.	वादी/प्रतिवादी	फैसला मिति	फैसलाको सारसंक्षेप	पृष्ठ
३३	..... को जाहेरीले नेपाल सरकार विरूद्ध सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स., वडा नं.१ घर भई हाल कारागार कार्यालय, उदयपुरमा थुनामा रहेका खड्ग बहादुर दाहालका छोरा राजेश भन्ने भगीरथ दाहाल	२०७१/१२/११	मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्त्वहरू देखिन्छन्। यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन्। परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित गर्न सकिने। जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनपर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न नमिल्ने। संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नु पर्ने।	२११
३४	झापा जिल्ला दुवागडी गा.वि.स. वडा नं. ५ बस्ने "ख" कुमारी (नाम परिवर्तन गरिएको) को जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला भोजपुर कोट गा.वि.स. वडा नं. ६ घर भै हाल जिल्ला कारागार कार्यालय झापामा थुनामा रहेका लोकबहादुर कार्कीसमेत	२०७१/१०/१९	मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२) को खण्ड (ख) बमोजिम कसुर हुनको लागि कुनै पनि व्यक्तिको बेचविखन एवम् ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन। सो उद्देश्यको लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर, स्थान तथा व्यक्तिबाट छुटाई नेपालभित्रको एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुर्‍याउन बाँकी रहेको अवस्थामा समेत सो कसुर भएको मानिने। पीडित स्वयम्ले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर अपराधको सम्बन्धमा बयान गरेकी छन् र त्यस्तो बयान तुरून्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितको सो बयानको व्यहोरा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ६(३) बमोजिम प्रमाणमा लिन मिल्ने मानव बेचबिखन तथा ओसारपसारको अपराधको सम्बन्धमा पीडितको बयान प्रमाण ग्राह्य बनाउन बेचबिखन तथा ओसारपसार अपराधको उजुरी पीडित वा अरू कसले दियो भन्ने कुराभन्दा पीडितको बयान अदालतबाट प्रमाणित भयो वा भएन भन्ने कुरा महत्त्वपूर्ण हुने। पीडित बालिका आफैँले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट प्रमाणित भएको पीडितको बयान व्यहोरालाई पीडितले अदालतमा पुन: उपस्थित भई बकपत्र नगरेको भनी उक्त मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) को कानूनी प्रावधान प्रतिकूल हुने गरी अस्वीकार गर्न नमिल्ने।	२२४
३५	केशरबहादुर दर्जीको जाहेरीले नेपाल सरकार विरूद्ध जिल्ला मोरङ, दुलारी गा.वि.स. वडा नं.३ घर भै हाल कारागार कार्यालय, तेह्रथुममा थुनामा बस्ने वर्ष ३९ की गोमा पाँचकोटी	२०७१/०७/१०	कतिपय सङ्गिन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिकासमेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो। अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठीत तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर नैं विधायिकाले कानूनको निर्माण गरेको हो। प्रमाण सङ्कलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नैं नपुगोस् भन्ने नै विधायिकी मनसाय हुने।	२३८

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश डा.श्री कुमार चुडाल

फैसला मिति : २०७९।१।२

निर्णय नं. १०९१२

भाग: ६४ साल: २०७९ महिना: कार्तिक अंक: ७

फैसला मिति :२०७९/०१/०२ ३६७

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७४-CR-०६९३

पुनरावेदक / प्रतिवादी : दावाको छोरा, नुवाकोट जिल्ला, घ्याङफेदी गा.वि.स., वडा नं. ६, हाल दुप्चेश्वर गाउँपालिका, वडा नं. १ घर भई हाल कारागार कार्यालय ढुङ्गे, नुवाकोटमा थुनामा रहेको दिपक भन्ने इमान तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम ४५ को जाहेरीले नेपाल सरकार

०७५-CR-०२३५

पुनरावेदक / वादी : परिवर्तित नाम ४५ को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : छेवाङको नाति, दावाको छोरा, नुवाकोट जिल्ला, घ्याङफेदी गा.वि.स., वडा नं. ६ हाल दुप्चेश्वर गा.पा. वडा नं.१ बस्ने दिपक भन्ने इमान तामाङ

फैसला

न्या.डा.कुमार चुडाल : न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

तथ्य खण्ड

मिति २०६८ सालको आषाढ महिनामा म आफ्नै घरमा घरायसी काम गरी बसिरहेको अवस्थामा मोइलामा तामाङ मेरो घरमा आई तिम्रो आमाले काम गरिरहनुभएको जस्तै कृषि फाराममा मान्छे चाहिएको छ। तिमीलाई काममा लगाइदिन्छु भनी बहाना बनाई फकाइ फुल्याइ मिति २०६८।०५।१५ गते घरबाट काठमाडौं लिई गएकोमा म आमासँगै फुटुङमा बस्दा निज मोइलामा तामाङ बेला बेलामा भेट्न आउँथ्यो। यसै क्रममा मिति २०६८।०५।१८ गते प्रतिवादी मोइलामा तामाङले मलाई मोटरसाइकलमा राखी अफिस लैजान्छु भनी बौद्ध स्थित एउटा होटलमा खाजा खाई अब ट्याक्सीमा जाउँ भनी ट्याक्सीमा राखी कता लगे थाहा भएन। त्यसको भोलिपल्ट अं.९:०० बजेको समयमा दिपक भन्ने इमान तामाङ हामीलाई लिन आई निज दिपकको कोठामा लगे। त्यहाँ निजको परिवार तथा अन्य दुई जना केटीहरू पनि बस्दा रहेछन्। भोलिपल्ट दिपक भन्ने इमान तामाङको श्रीमतीले तिमीलाई बेचिएको छ। मेरो अनुमतिबेगर बाहिर नजाउ भनेपछि म बेचिएको कुरा थाहा भयो। मलाई दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले दिल्ली स्थित मजिनु भन्ने ठाउँमा बिक्री गरेका हुन्। त्यसको ६ महिनापश्चात् मलाई चमेली भन्ने मान्छेलाई बेचेपश्चात् आग्रा भन्ने ठाउँमा चमेलीको कोठामा मलाई वेश्यावृत्तिको काममा लगाइयो। त्यसपश्चात् म त्यहाँबाट भागी माइती नेपालको सहयोगमा म यहाँ आउन सफल भएको हुँ। प्रतिवादीहरू दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले मलाई भारतको दिल्ली लगी बेचबिखन गरेका हुन्। निजहरूलाई मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी मुद्दामा कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको पीडित जाहेरवाली नाम परिवर्तित ४५ को जाहेरी दरखास्त।

२०६८ सालको आषाढ महिनामा म आफ्नै घरमा घरायसी काम गरी बसिरहेको अवस्थामा मोइलामा तामाङ मेरो घरमा आई तिम्रो आमाले काम गरिरहनुभएको जस्तै कृषि फाराममा मान्छे चाहिएको छ। तिमीलाई काममा लगाइदिन्छु भनी फकाइ फुल्याइ मिति २०६८।०५।१५ गते घरबाट काठमाडौं लिई गएकोमा म आमासँगै फुटुङमा बस्दा निज मोइलामा तामाङ बेला बेलामा भेट्न आउँथ्यो। यसै क्रममा मिति २०६८।०५।१८ गते प्रतिवादी मोइलामा तामाङले मलाई मोटरसाइकलमा राखी अफिस लैजान्छु भनी बौद्ध स्थित एउटा होटलमा खाजा खाई अब ट्याक्सीमा जाउँ भनी ट्याक्सीमा राखी कता लगे थाहा भएन। त्यसको भोलिपल्ट अं.९:०० बजेको समयमा दिपक भन्ने इमानलामा तामाङ हामीलाई लिन आई निज दिपकको कोठामा लगे। त्यहाँ निजको परिवार तथा अन्य दुई जना केटीहरू पनि बस्दा रहेछन्। भोलिपल्ट दिपक भन्ने इमानलामा तामाङको श्रीमतीले तिमीलाई बेचिएको

छ । मेरो अनुमतिबेगर बाहिर नजाउ भनेपछि म बेचिएको कुरा थाहा भयो । मलाई दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले दिल्लीको मजिनु भन्ने ठाउँमा बिक्री गरेकोले ६ महिनापश्चात् चमेली भन्ने मान्छेलाई बेचेपछि आग्रा भन्ने ठाउँमा चमेलीको कोठामा वेश्यावृत्तिको काममा लगाइयो । त्यसपछि म त्यहाँबाट भाग्दा सुनौलीको माइती नेपालको स्वयंसेवकले भेटी मलाई काठमाडौंको एबिसी नेपाललाई हस्तान्तरण गरेकोले उक्त स्थानमा ३ महिना पार्लर सिकी यहाँ आउन सकेको हुँ । प्रतिवादीहरू दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले मलाई भारतको दिल्लीमा लगी बेचबिखन गरेको हुँदा निजहरूलाई मानव बेचबिखन तथा ओसार पसार मुद्दामा कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको पीडित जाहेरवाली नाम परिवर्तित ४५ ले सुरू जिल्ला अदालतसमक्ष गरेको प्रमाणित बयान ।

मिति २०६८ सालमा मेरो श्रीमती बिरामी भई उपचारको लागि दिल्ली स्थित चमेली तामाङको कोठामा बसेर अस्पताल ल्याउने लाने गरेको थिएँ । मिति २०६८ सालको भदौमा मलाई चमेली तामाङले नेपालबाट मेरी बैनी आएको छ । उसलाई लिएर आउनु भनेपछि म ट्याम्पु लिएर जाँदा मोइलामा तामाङ र नाम परिवर्तित ४५ पुलछेउमा बसेका रहेछन् । मोइलामाले नाम परिवर्तित ४५ लाई मेरो जिम्मा लगाई निज कहाँ गए मलाई थाहा भएन । मैले नाम परिवर्तित ४५ लाई चमेलीको कोठामा पुर्‍याई काठमाडौं आएको हो । मिति २०७१।४।३ गते म आफ्नो घर आउँदा जाहेरवालाले मलाई देखेको हुँदा यही मानिसले मलाई बिक्री गरेको हो भनी जाहेरी दिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी दिपक भन्ने इमान तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

नाम परिवर्तित ४५ मिति २०६८।०३।१५ गते काठमाडौं जान्छु भनी हिँडेकोमा पछि नाम परिवर्तित ४५ काठमाडौंबाटै हराई बेपत्ता भएको कुरा सुनी थाहा पाएको हो । २०७० फाल्गुणमा निज जाहेरवालालाई गाउँघरमा देखी कहाँ गएको हो भनी सोध्दा निजले मलाई मोइलामाले खाजा खुवाई ट्याम्पु चढाएपछि मलाई केही थाहा भएन । त्यसको दुई दिनपछि दिपक भन्ने इमान तामाङले निजको कोठामा लगेपश्चात् तिमी बेचिएको छ भनेपछि आफू बेचिएको कुरा थाहा पाई त्यहाँबाट भाग्दा मेरो खुट्टासमेत मर्कियो भनेपछि पीडितलाई दिपक भन्ने इमान तामाङ, कान्छी भन्ने असारी तामाङ, मोइलामा तामाङ र दिल्ली बस्ने चमेली नाम गरेकी महिलासमेतले बेचबिखन गरेको कुरा थाहा पाएको हो भन्नेसमेत बेहोराको करिब एकै मिलानको बुझिएका मानिसहरू सूर्यबहादुर तामाङ, धनबहादुर तामाङ, कृष्णबहादुर स्याङतानसमेतले गरेको घटना विवरण कागज ।

मिसिल संलग्न जाहेरी दरखास्त, पीडितको प्रमाणित बयान, प्रतिवादीहरूको बयान, बुझिएका मानिसहरूले गरिदिएको घटना विवरण कागजलगायतका आधार प्रमाणहरूबाट प्रतिवादीहरू दिपक भन्ने इमान तामाङ, मोइलामा तामाङ, कान्छी भन्ने असारीसमेतले नाम परिवर्तित ४५ लाई भारतमा लगी बेचबिखन गरी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१) को (क) र ४(२) को (क) र (ख) अनुसार कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू दिपक भन्ने इमान तामाङ, मोइलामा तामाङ र कान्छी भन्ने असारी तामाङसमेतलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को (१) (क) र (ङ) को (१) नं. बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा १७(१) बमोजिम पीडितलाई प्रतिवादीहरूबाट मनासिब क्षतिपूर्ति भराइपाउँ भन्ने अभियोग मागदाबी ।

प्रस्तुत मुद्दाको सम्बन्धमा मलाई केही थाहा छैन । म नागरिक समाज युनेस्को नेपालमा काम गर्ने मानिस हुँ । म आफैँ मानव बेचबिखन विरूद्ध कार्य गर्ने व्यक्ति हुँ । मेरो श्रीमती बिरामी भएकोले भारतको दिल्लीमा उपचार गराउन लगेको हो । त्यसबाहेक म कहिले दिल्ली गएको पनि छैन मैले मेरो गाँउमा युवा क्लब गठन गरी मानव बेचबिखनको विरूद्धमा कार्य गर्नुपर्छ भनी मेरो गाउँ घ्याङफेदीमा कुरा गर्दा मैरे गा.वि.स. वडा नं.४ का केही केटाहरूले तँ किन बेचबिखन विरूद्ध काम गर्छस् भनी मलाई कुटपिटसमेत गरेका हुन् । त्यसपछि म विरूद्ध मैले गर्दै नगरेको आरोप लगाई जाहेरी दिएका हुन् । मैले निज पीडित नाम परिवर्तितलाई चिनेको पनि छैन । जाहेरीमा भएका सम्पूर्ण झुट्टा हो । मेरो त्यसमा कुनै पनि प्रकारको संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी इमान तामाङले सुरू अदालतसमक्ष गरेको बयान ।

जाहेरी दरखास्तको बेहोरा मैले भनेबमोजिम लेखिएको ठिक साँचो हो र सहीछाप पनि मेरै हो । मलाई बेच्ने कार्यमा मोइलामा तामाङ र कान्छी भन्ने असारी तामाङले बेचबिखन गरेका हुन् । यी प्रतिवादी इमान भन्ने दिपक तामाङले मलाई बेचबिखन गरेको होइन, छैन भन्नेसमेत बेहोराको जाहेरवाली नाम परिवर्तिन ४५ ले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

घटना विवरण कागजको बेहोरा पढी बाची सुनाउँदा र त्यसमा भएको बेहोरा मैले भनेबमोजिम लेखिएको ठिक साँचो हो । मैले उक्त घटना प्रत्यक्ष नदेखिएकोले प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू कृष्णबहादुर स्याङतान र धनबहादुर तामाङसमेतले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी दिपक भन्ने इमान तामाङले मलाई मानव बेचबिखन गरेको जस्तो लाग्दैन । नाम परिवर्तित ४५ ले किन किटानी जाहेरी दिए सो सम्बन्धमा मलाई थाहा भएन । निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनु हुँदैन भन्नेसमेत बेहोराको प्रतिवादी दिपक भन्ने इमान तामाङको साक्षी कामी तामाङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादीहरू इमान तामाङ र मोइलामा तामाङको डोरबाट भई आएको अंश रोक्का मुचुल्का मिसिल सामेल रहेछ ।

यी प्रतिवादी दिपक भन्ने इमान तामाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) र ४ (२)(क) को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १५(१) (ङ) (१) बमोजिम १० वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुन्छ र सोही ऐनको दफा १७(१) बमोजिम पीडितलाई रू.५०,०००।- क्षतिपूर्ति प्रतिवादीबाट भराई दिलाई पाउनेसमेत ठहर्छ । प्रतिवादीमध्येका असारी तामाङको मृत्यु भएको भनी मृत्यु दर्ता प्रमाणपत्र देखिँदा निजको हकमा अ.बं. १७६ नं. बमोजिम केही बोलिरहन परेन । साथै अर्का प्रतिवादी मोइलामा तामाङ फरार रहेको हुँदा निजको हकमा अ.बं. १९० नं. बमोजिम मुल्तबीमा राखिदिएको छ भन्नेसमेत बेहोराको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७३।३।१४ को फैसला ।

जाहेरवाली स्वयंले अदालतमा आई बकपत्र गर्दा दिपक तामाङले बेचेको होइन भनी बकपत्र गरेको अवस्था छ । मैले अभियोग माग दाबीबमोजिमको कुनै कानूनविपरीतको कार्य नगरेको हुनाले सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ प्रतिकूल त्रुटिपूर्ण भएकोले मुलुकी ऐन, अ.बं.२०२ नं. बमोजिम विपक्षी झिकाई उक्त फैसला उल्टाई म पुनरावेदक प्रतिवादी दिपक भन्ने इमान तामाङलाई सफाइ दिलाई न्याय गरिपाउँ भन्नेसमेत बेहोराको दिपक भन्ने इमान तामाङको पुनरावेदन पत्र ।

प्रतिवादी इमान तामाङको संलग्नतामा पीडितलाई भारतमा लगी बिक्री गरी वेश्यावृत्तिमा लगाएको भन्ने पुष्टि भइरहेको अवस्थामा सुरू नुवाकोट जिल्ला अदालतबाट प्रतिवादी दिपक भन्ने इमान तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ १(ङ)(१) बमोजिम मात्र सजाय गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी निज प्रतिवादीलाई ऐ.ऐनको दफा १५(१)(क) बमोजिमसमेत सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

यसमा सुरू फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी दिपक भन्ने इमान तामाङ दुवै पक्षको तर्फबाट पुनरावेदन परेको देखिएकोले मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ वादी पक्षको पुनरावेदन प्रतिवादी दिपक भन्ने इमान तामाङलाई सुनाई प्रतिवादीको पुनरावेदनको जानकारी उच्च सरकारी वकिल कार्यालय पाटनलाई गराई नियमानुसार पेस गर्नुहोला भन्ने मिति २०७३।१२।२१ गते उच्च अदालत पाटनबाट भएको आदेश ।

प्रतिवादी दिपक भन्ने इमान तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२)(क) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १० वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना गरी प्रतिवादीबाट पीडितलाई रू.५००००।- क्षतिपूर्तिसमेत भराइदिने ठहर्‌याई सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०७३।३।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी दिपक भन्ने इमान तामाङ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १५(१)(क) बमोजिम समेत सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको मिति २०७४।०२।९ मा उच्च अदालत पाटनबाट भएको फैसला ।

२०६८ सालको आषाढ महिनामा म आफ्नै घरमा घरायसी काम गरी बसिरहेको अवस्थामा मोइलामा तामाङ मेरो घरमा आई तिम्रो आमाले काम गरिरहनु भएको जस्तै कृषि फाराममा मान्छे चाहिएको छ । तिमीलाई काममा लगाइदिन्छु भनी बहाना बनाई फकाइ फुल्याइ मिति २०६८।५।१५ गते घरबाट काठमाडौं लिई गएको हो । म आमासँगै फुटुङमा बस्दा निज मोइलामा तामाङले मलाई मोटरसाइकलमा राखी अफिस लैजान्छु भनी बौद्ध स्थित एउटा होटलमा खाजा खाई अब ट्याक्सीमा जाउँ भनी ट्याक्सीमा राखी कता लगे थाहा भएन । त्यसको भोलिपल्ट अं.९:०० बजेको समयमा दिपक भन्ने इमान तामाङ हामीलाई लिन आई निजको कोठामा लगे । त्यहाँ दिपक भन्ने इमान तामाङको श्रीमतीले तिमीलाई बेचिएको छ, मेरो अनुमतिबेगर बाहिर नजाउ भनेपछि म बेचिएको कुरा थाहा पाएँ । मलाई दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले दिल्ली स्थित मजिनु भन्ने ठाउँमा बिक्री गरेको ६ महिनापछि मलाई चमेली भन्ने मान्छेलाई बेचेपश्चात् आग्रा भन्ने ठाउँमा चमेलीको कोठीमा मलाई वेश्यावृत्तिको काममा लगाइयो । त्यसपछि म त्यहाँबाट भागी माइती नेपालको सहयोगमा नेपाल आउन सफल भएको हुँ । यी प्रतिवादीहरू दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले मलाई भारतको दिल्लीमा लगी बेचबिखन गरेका हुन् भन्नेसमेत बेहोराको पीडित जाहेरवाली नाम परिवर्तित ४५ को जाहेरी दरखास्त र सोही जाहेरी बेहोरासँग मेल खाने गरी पीडितले गरेको प्रमाणित बयानबाट यी प्रतिवादीहरूउपर पीडितलाई बेचबिखन गरेको कसुरसमेत स्थापित भएको छ ।

मिति २०७० फाल्गुणमा निज जाहेरवालालाई गाउँघरमा देखी कहाँ गएको हो भनी सोध्दा निजले मलाई भारतमा बेचिएको थियो । म भखैरै माइती नेपालको सहयोगमा नेपाल फर्केको हुँ भनेकोले निज पीडितलाई बेचबिखन गरेको कुरा थाहा पाएको हो भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू सुर्यबहादुर तामाङ, धनबहादुर तामाङ, कृष्णबहादुर स्याङतानसमेतले गरेको घटना विवरण कागज, चमेली तामाङले नेपालबाट मेरो बहिनी आएर पुल बजारमा बसेकी छे । उसलाई लिएर आउनुस् भनेपछि भारत दिल्लीको मजिनु पुल बजार भन्ने ठाउँमा टेम्पो लिएर जाँदा मोइलामा तामाङ र नाम परिवर्तित ४५ बसेको रहेछन् । मोइलामा कता गयो ? थाहा भएन, नाम परिवर्तित ४५ लाई चमेलीको कोठामा पुर्‌याएर भोलिपल्टै काठमाडौं फर्केको हो भनी प्रतिवादी दिपक भन्ने इमान तामाङले गरेको

बयानसमेतका प्रमाण कागजबाट प्रतिवादी मोइलामा तामाङले पीडितलाई नुवाकोटमा फकाइ फुल्याइ जाल प्रपञ्चमा पारी काठमाडौं लगी काठमाडौंबाट दिल्ली पुर्‍याई दिल्लीको मजिनु पुल बजार भन्ने ठाउँमा यी प्रतिवादी दिपक भन्ने इमान तामाङ लिन आएको, निजसँग पीडित चमेलीको कोठामा गएको र भोलिपल्ट यी प्रतिवादीकी पत्नी असारी तामाङले पीडित बेचिएकी र निजको अनुमतिबेगर बाहिर जान नपाउने भनी पीडितलाई भनिएको तथा पीडितलाई चमेलीको कोठमा वेश्यावृत्तिमा लगाएको देखिन्छ । यी प्रतिवादी दिपक भन्ने इमान तामाङको संलग्नतामा पीडितलाई भारतमा लगी बिक्री गरी वेश्यावृत्तिमा लगाएको र धेरै समयपश्चात् पीडित वेश्यालयबाट उम्की नेपाल आएको स्पष्ट भई पीडितलाई भारतमा लगी बिक्री गरी वेश्यावृत्तिमा लगाउने कार्यमा यी प्रतिवादीको संलग्नता पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादीको हकमा फैसला गर्दा मिसिल संलग्न प्रमाणबाट अभियोग दाबी पुष्टि भएको भनी प्रतिवादीउपरको कसुरमा सहमत भइसकेपश्चात् अभियोग दाबीबमोजिम यी प्रतिवादीलाई मानव बेचबिखनको कसुरबापत समेत सजाय गर्नुपर्नेमा सो नगरी केवल मानव ओसारपसारको कसुरबापत मात्र सजाय गरी भएको फैसला मिलेको देखिँदैन ।

उपर्युक्त आधार प्रमाणबाट प्रतिवादी दिपक भन्ने इमान तामाङले पीडितलाई बिक्री गर्ने कार्य गरेको पुष्टि भएकोले निजलाई अभियोग दाबीमध्येको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१) (क) को कसुरमा दफा १५(१)(क) अनुसारको सजायसमेत हुनपर्नेमा सो सजाय नगरेको हदसम्म उच्च अदालत पाटनको मिति २०७४।२।९ को फैसला त्रुटिपूर्ण भएकोले सो फैसला सोही हदसम्म बदर गरी निज प्रतिवादीलाई सो सजायसमेत गरी त्यसबाट हुने जरिवानाका आधारमा पनि पीडितलाई दफा १७ अनुसार क्षतिपूर्ति भराइपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन ।

मेरो श्रीमती असारी तामाङ बिरामी भएकोले निजको उपचारार्थ म एकपटक दिल्ली गएको हो । मैले जाहेरवालीलाई बिक्री गर्नको निमित्त कुनै पनि प्रकारले लगेको छैन वा कोही कसैलाई बिक्री गर्नको निमित्त मद्दत गरेको होइन । निज जाहेरवालीलाई चिन्दिनँ, निज के कति कारणले दिल्ली गएकी हुन् ? सो कुरा मलाई थाहा भएन । कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई तथाकथित बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएको नहेरिने हो भने कानूनी प्रावधानको दुरूपयोग हुने प्रबल सम्भावना रहन्छ । म नागरिक समाज युनेस्कोअन्तर्गत नेपालमा कयौं वर्षअघिदेखि सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको व्यक्ति हुँ । म आफैँ पनि मानव अपराध तथा बेचबिखन विरूद्ध काम गर्दै आइरहेको छु । मैले जाहेरवालीलाई बेचबिखन गरी कति रकम लिए खाए वा को को मिली बाँडी खाए अथवा कोसँग कसले रकम लिएको हो भन्ने कुरासम्म नखुलेको प्रस्तुत मुद्दामा केवल दोष देखाउँदैमा मानव बेचबिखन जस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा सजाय गर्न मिल्दैन ।

मानव बेचबिखनको अपराधमा प्रमाणको भार अभियुक्तमा सारिएको छ भन्दैमा हर अवस्थामा हरेक मुद्दामा वादीलाई शंका लाग्यो भन्दैमा केही प्रमाण नजुटाउने केवल आवेगको भरमा दिएको जाहेरी र बयानको भरमा लगाएको अभियोग दाबीबमोजिम प्रतिवादीलाई दोषी ठहर गर्ने ऐनको मनसाय होइन । यसरी बुझ्नुपर्ने प्रमाण नबुझी र वस्तुनिष्ठ प्रमाण नहेरी केवल एकतर्फी रूपमा म पुनरावेदकलाई दोषी ठहर्‍याई भएको सुरू नुवाकोट जिल्ला अदालतको त्रुटिपूर्ण फैसलालाई नै सदर गरेको उच्च अदालत पाटनबाट भएको फैसला मानव बेचबिखन तथा ओसार पसार ऐन, २०६४ को दफा ३(१) र ४(२)(क), प्रमाण ऐन, २०३१ को दफा ३, २५ र ५४ तथा ने.का.प.२०६३, नि.नं. ७७६८ समेतमा प्रतिपादित सिद्धान्तसमेतको विपरीत रहेको देखिँदा उक्त फैसला उल्टी गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दिपक भन्ने इमान तामाङको यस अदालतसमक्ष परेको पुनरावेदन ।

यसमा यी प्रतिवादी दिपक भन्ने इमान तामाङको संलग्नतामा पीडितलाई भारतमा लगी बिक्री गरी वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न भएको भनी अभियोगपत्र दायर भएको र लाभ लिने उद्देश्यले नेपालबाट लग्ने तथा मोइलामा तामाङले यी प्रतिवादी दिपक भन्ने इमान तामाङलाई बुझाइ तत्पश्चात् अन्यत्र लगेका भनिएकोबाट पीडितलाई भारत लग्ने र बेचबिखनमा समेत यी प्रतिवादीको भूमिका रहेको भन्ने आरोप देखिएकोमा मानव बेचबिखनको कसुरबापत सजाय नगरी केवल मानव ओसार पसारमा कसुरबापत मात्र सजाय गरी भएको उच्च अदालत पाटनको मिति २०७४।२।९ को फैसलामा मिसिल संलग्न प्रमाणहरूको समुचित विवेचना भएको नदेखिएकोबाट प्रमाण ऐन, २०३१ को दफा ३, ५४ नं. अनुसार उच्च अदालत पाटनको मिति २०७४।२।९ को उक्त फैसलामा प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७६।०३।८ मा यस अदालतबाट भएको आदेश ।

यस अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं आजको दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितको मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित रहनुभएका विद्वान् अधिवक्ताद्वय श्री ताराबहादुर निरौला एवं अभिषेक निरौलाले मेरो पक्ष श्रीमतीको उपचार गराउन दिल्ली गएको हो । कथित पीडित भनिएकी जाहेरवालीसँग मेरो चिनजान छैन । मैले निज विरूद्ध कुनै पनि प्रकारको अपराध गरेको होइन भनी कसुरमा इन्कार रही प्रतिवादीले अदालतसमक्ष बयान गरेको देखिन्छ । यी प्रतिवादीले जाहेरवालीलाई बेचबिखन गरी कति रकम लिए, को को मिली बाँडी खाए वा कोसँग कसले रकम लिएको

हो भन्ने कुरा जाहेरीमा कहीँकतै उल्लेख गरेको पाइँदैन । शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो । उल्लिखित सन्दर्भमा वादी पक्षबाट वस्तुगत एवं भरपर्दो प्रमाण गुजार्न नसकेको अवस्थामा निज प्रतिवादीलाई मानव बेचबिखन जस्ता गम्भीर अपराधमा कसुरदार ठहर्‌याउने सुरू नुवाकोट जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला कानूनसम्मत नदेखिँदा उल्टी गरिपाउँ भनी तथा अर्का पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित रहनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री वीणा दाहालले प्रतिवादी दिपक भन्ने इमान तामाङसमेतले आफूलाई भारतको दिल्ली लगी बेचबिखन गरी वेश्यावृत्तिमा लगाएको हो भनी पीडितले किटानी जाहेरी दिएको अवस्था छ । पीडितले आफ्नो उक्त जाहेरी बेहोरालाई अदालतसमक्ष प्रमाणितसमेत गरिदिएको देखिन्छ । चमेली तामाङले नेपालबाट मेरी बहिनी आएकी छिन् । उसलाई लिएर आउनु भनेपछि म ट्याम्पु लिएर गई पीडितलाई चमेलीको कोठामा पुर्‌याएको हो भनी यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको पाइन्छ । साथै पीडितलाई दिपक भन्ने इमान तामाङसमेतले बेचबिखन गरेको हो भनी घटना विवरण कागज गर्ने धनबहादुर तामाङसमेतले लेखाइदिएको पाइन्छ । उल्लिखित तथ्य एवं प्रमाण हुँदाहुँदै निज प्रतिवादीलाई मानव ओसारपसारको कसुरबापत मात्र सजाय गरी भएको सुरू फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेको नदेखिँदा उल्टी गरी निजलाई मानव बेचबिखनको कसुरसमेतमा सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत मुद्दामा सुरू नुवाकोट जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी दिपक भन्ने इमान तामाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२)(क) को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १० वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना र सोही ऐनको दफा १७(१) बमोजिम पीडितलाई रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति यी प्रतिवादीबाट भराई दिलाइपाउने ठहर्‌याई सुरू नुवाकोट जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसलाउपर चित्त नबुझाई वादी र प्रतिवादी दुवैतर्फबाट यस अदालतसमक्ष पुनरावेदन पर्न आएको देखिन्छ ।

३. प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा, मोइलामा तामाङ मेरो घरमा आई तिम्रो आमाले काम गरिरहनुभएको जस्तै कृषि फारामम्मा मान्छे चाहिएको छ । तिमीलाई काममा लगाइदिन्छु भनी बहाना बनाई फकाइ फुल्याइ घरबाट काठमाडौं लिई आएको हो । म आमासँगै फुटुङमा बसिरहेकोमा निज मोइलामा तामाङ आई पहिला मोटरसाइकलमा र पछि ट्याक्सीमा राखी दिपक भन्ने इमान तामाङको कोठामा लग्यो । भोलिपल्ट दिपक भन्ने इमान तामाङको श्रीमतीले तिमीलाई बेचिएको छ । मेरो अनुमतिबेगर बाहिर नजाऊ भनेपछि म बेचिएको कुरा थाहा भयो । मलाई दिपक भन्ने इमान तामाङ र मोइलामा तामाङले दिल्ली स्थित मजिनु भन्ने ठाउँमा बिक्री गरेका हुन् । पछि आग्रा भन्ने ठाउँमा मलाई वेश्यावृत्तिको काममा लगाइयो । तत्पश्चात् म त्यहाँबाट भागी माइती नेपालको सहयोगमा यहाँ आउन सफल भएको हुँ । निजहरूलाई मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी मुद्दामा कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको पीडित जाहेरवालाको किटानी जाहेरी परेको देखिन्छ । पीडितले जाहेरी बेहोरासँग मेल खाने बयान गरी अदालतसमक्ष सो बयान प्रमाणितसमेत भएको अवस्था छ । त्यस्तै घटना विवरण कागज गर्ने धनबहादुर तामाङसमेतले पीडितलाई यी प्रतिवादी दिपक भन्ने इमान तामाङसमेतले भारतको दिल्लीमा बेचबिखन गरेका हुन् भनी कागज गरी सोही बेहोरालाई समर्थन हुने गरी अदालतसमक्ष समेत बकपत्र गरिदिएको पाइन्छ ।

४. प्रतिवादी दिपक भन्ने इमान तामाङले अभियोगबमोजिमको कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरे पनि आफूले पीडितलाई दिल्ली स्थित चमेली तामाङको कोठामा पुर्‌याएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको पाइन्छ । निज तत् वारदात बखत श्रीमतीको उपचार गर्न भनी भारत गएको भन्ने अवस्था निजको अदालतसमक्षको बयानबाट नै देखिन आउँछ । निज प्रतिवादीलाई मानव बेचबिखन जस्तो गम्भीर विषयमा आरोपित गरी किटानी जाहेरी गर्नुपर्ने र अदालतमा बयान प्रमाणित गर्नुपर्ने पूर्वारिसइवी एवम् कारण जाहेरीवालीमा देखिन आउँदैन । प्रस्तुत मुद्दा मानव बेचबिखनको कसुरमा भएको र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भारसम्बन्धी व्यवस्था गर्दै प्रतिवादीको दायित्व सिर्जना गरेको देखिन्छ । सरकारवादी फौजदारी मुद्दामा वादी दाबी पुष्टि गर्ने प्रमाणको भार निश्चय नै वादी पक्षमा नै निहित रहने भए तापनि प्रतिवादीले पनि लागेको अभियोग आफूले गरेको होइन भनी तथ्यगत आधार प्रमाणबाट स्थापित गर्नुपर्ने हुन आउँछ । प्रस्तुत मुद्दामा प्रतिवादीले अदालतमा इन्कार रही बयान गरे तापनि सो इन्कारीलाई तथ्ययुक्त आधार कारणबाट निर्दोषिता पुष्टि गर्न सकेको पाइँदैन । मलाई बेचबिखन गर्ने कार्यमा दिपक भन्ने इमान तामाङको संलग्नता छैन भनी पीडितले सुरू अदालतमा गरेको Hostile बकपत्रको सन्दर्भमा हेर्दा, Hostile बकपत्र स्वयंमा निर्णायक प्रमाण नहुने भनी सर्वोच्च अदालतबाट पर्याप्त व्याख्या भएको देखिन्छ । "जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ विशेष प्रकृतिको ऐन भएकोले पछि जाहेरवाला पीडित Hostile हुन सक्ने महसुस गरी अदालतबाट पीडितको बयान प्रमाणित गराउनुपर्ने कानूनी प्रावधान विधायिकाद्वारा राखिएको र सोबमोजिम नै प्रमाणितसमेत भएको बयान बेहोरालाई पछि आएर होइन भनी दिएकै भरमा प्रमाण

ग्राह्य नहुने भन्न नहुने । वारदात घटनाको समय अन्तरालपछि कसैलाई सफाइ दिन सहयोग गर्ने हिसाबले पछि अन्यथा बकपत्र गरेको देखिए पनि तथ्यगत सबुत र घटनावलीले अभियोग दाबीको कसुर पुष्टि गरेको कुराबाट निर्णय हुने हुनाले Hostile भई पछिबाट गरेको त्यस्तो बकपत्रले मुद्दाको तथ्यमा तात्विक असर पर्न नसक्ने" (ने.का.प २०६८, अङ्क-१२, नि.नं.८७३२) भन्ने सर्वोच्च अदालतबाट कानूनी सिद्धान्त प्रतिपादन भइरहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा पनि सान्दर्भिक देखिन आउँछ । Hostile बकपत्र निश्चय नै एउटा महत्त्वपूर्ण प्रमाण हो । तथापि निर्णायक हुन नसक्ने विधिशास्त्रीय मान्यताका प्रचुर उदाहरण अझ पनि देख्न सकिन्छ । मुद्दा विशेषको प्रकृति, पीडितलाई पार्न सक्ने प्रभावका आयामहरू, समयको अन्तराल र सामाजिक मान्यताका अवस्थाहरू, पीडितको उमेर एवम् आर्थिक अवस्था जस्ता आधारभूत अवस्थाको मूल्याङ्कन गरी Hostile बकपत्र भए पनि न्यायको मक्सद पूर्ति हेतु (For the shake of justice) अन्य प्रमाणसमेतलाई हृदयङ्गम स्वभावतः गर्न सकिने अवस्था रहन्छ । प्रस्तुत मुद्दामा पीडिता भारतसम्म पुगेको अवस्था, निजको नारकीय जीवनबाट उन्मुक्तिका श्रृङ्खला एवम् निजको किटानी जाहेरी दरखास्त, प्रमाणित बयान, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयान एवम् निजको भारतमा उपस्थितिसमेतका समग्र स्थितिमा पीडिताको Hostile बकपत्रलाई सम्पूर्ण रूपमा ग्रहण गर्न सकिने अवस्था रहेन ।

५. अब यस्तो स्थितिमा, यी प्रतिवादी दिपक भन्ने इमान तामाङउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१),४(१) को खण्ड (क) र ४(२) को खण्ड (क) र (ख) को कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) र (ङ) को उपखण्ड (१) बमोजिम सजायको मागदाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । ऐ.को दफा ३ मा मानव बेचबिखन र ओसारपसार गर्न गराउन हुँदैन भनी मानव बेचबिखन र ओसारपसार गर्ने कार्यलाई अपराधीकरण गरेको पाइन्छ भने दफा ४(१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव ओसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी स्पष्ट उल्लेख गरेको देखिन्छ । त्यस्तै मानव बेचबिखन र मानव ओसारपसारको कसुरमा फरकफरक सजाय हुने व्यवस्था ऐ.को दफा १५ को संरचनाले स्पष्ट गर्दछ । यसप्रकार मानव बेचबिखन र मानव ओसारपसार दुई भिन्न आपराधिक कार्य भएकोले दुवैको कसुरजन्य अवस्था, कसुरको प्रकृति एवम् परिणामसमेत फरकफरक हुन आउने हुन्छ । यी अपराधहरू प्राय: सँगसँगै हुने भएकोले कुनै वारदातमा दुवै अपराध हुने वा कुनैमा एउटा मात्र पनि हुन सक्छ । एउटाको अभावमा अर्को अपराध नहुने भनी परिपूरक मान्न भने सकिँदैन ।

६. प्रस्तुत वारदातमा पीडितलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले प्रतिवादी दिपक भन्ने इमान तामाङसमेतले भारतको दिल्ली लगेको देखिएको छ । यी प्रतिवादीले पीडितलाई कसैसँग यति रकम लिई बिक्री गरेको हो भनी अभियोग पत्रमा दाबी लिएको वा वारदात पुष्टि हुने कुनै पनि प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । दिल्लीस्थित चमेली तामाङको कोठामा पीडितलाई पुर्‍याई प्रतिवादी दिपक भन्ने इमान तामाङ नेपाल फर्केको र पीडितमाथि यौन शोषण भएको पुष्टि भए पनि बेचबिखन गरेको भन्ने वारदात मिसिलबाट पुष्टि हुन सकेको देखिँदैन । त्यसैले प्रस्तुत मुद्दामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) बमोजिम मानव ओसार पसारको वारदात स्थापित भएको तर दफा ४(१) बमोजिम मानव बेचबिखन गरेको वारदात पुष्टि भएको देखिन आएन ।

७. अत: माथि विवेचित आधार र कारणबाट प्रतिवादी दिपक भन्ने इमान तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२)(क) को कसुरमा सोही ऐनको दफा १५(१) को (ङ)(१) बमोजिम १० वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना गरी प्रतिवादीबाट पीडितलाई रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराइदिने ठहर्‍याई सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७४।०२।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत फैसलाको जानकारी थुनामा रहेका प्रतिवादी दिपक भन्ने इमान तामाङ र महान्यायाधिवक्ताको कार्यालयसमेतलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा पठाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.कुमार रेग्मी

इजलास अधिकृतः गगनदेव महतो

इति संवत् २०७९ साल वैशाख २ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री कुमार रेग्मी

फैसला मिति : २०७८।१२।२

निर्णय नं. १०८९२

भाग: ६४ साल: २०७९ महिना: असोज अंक: ६

फैसला मिति :२०७८/१२/०२ ४१७

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७७-CR-१२०८

पुनरावेदक / प्रतिवादी : जिल्ला कैलाली बेलदेवीपुर गाउँ विकास समिति वडा नं. ३ परिवर्तित जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं.११ घर भई हाल कारागार कार्यालय महेन्द्रनगर कञ्चनपुरमा कैदमा रहेको जंगबहादुर सार्कीको छोरा बलबहादुर भन्ने बमबहादुर सार्की

विरूद्ध

प्रत्यर्थी / वादी : मायाकुमारी सार्कीको जाहेरीले नेपाल सरकार

फैसला

न्या.सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको पुनरावेदन पत्रसहितको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ:-

तथ्य खण्ड

प्रतिवादी बमबहादुर सार्कीले मसँग विवाह गर्छु भनी मेरो घरमा आई ललाइफकाइ मलाई साथमा लिई महेन्द्रनगरबाट भारत बनवासातर्फ पैदल हिँडी गइरहेको अवस्थामा केही महिलाहरूले सोधपुछ गर्दा मैले सबै कुरा बताएको र त्यसपछि निज प्रतिवादीले मलाई ललाइफकाइ बेचविखन गर्ने उद्देश्यले भारत लैजान लागेको भन्ने कुरा थाहा पाई जाहेरी पेस गरेको हुँ भन्ने पीडित मायाकुमारी सार्कीको जाहेरी दरखास्त।

बमबहादुर सार्कीको बहिनीको घर मेरो घर नजिकै भएकोले निजसँग मेरो पहिलेदेखि नै चिनजान थियो। यस्तैमा मिति २०६६।२।१३ गते म काम विशेषले अत्तरिया बजार गएका बेला बमबहादुर सार्कीसँग भेट भई निजले मसँग विवाह गर भनी मलाई ललाइफकाइ गरी लगी २ दिन आफन्तको घरमा राखेको हो र सोही अवस्थामा मसँग शारीरिक सम्पर्क राखेका हुन्। मिति २०६६।२।१५ गते गड्डाचौकी हुँदै पैदल हिँडेर भारत जाने क्रममा बनवासामा महिलाहरूले सोधपुछ गर्दा मैले सत्य कुरा बताएपछि ती महिलाहरूले भन्दा मलाई बेचबिखन गर्ने उद्देश्यले भारत लैजान लागेको भन्ने कुरा थाहा पाएकी हुँ भन्ने पीडित माया कुमारी सार्कीको बयान कागज।

मिति २०६६।२।१३ गते जाहेरवालीसँग विवाह गर्ने भनी ललाइफकाइ गरी दुईदिन आफन्तको घरमा राखी जाहेरवालीसँग शारीरिक सम्बन्धसमेत राखेको हुँ। निजलाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लगेको होइन निजसँग विवाह गर्न भनी भारत लैजान लागेको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी बलबहादुर भन्ने बमबहादुर सार्कीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान।

मिति २०६६।२।१३ गते म काम विशेषले घरबाहिर गएको समयमा प्रतिवादी बमबहादुर सार्कीले मेरी छोरीलाई बोलाई विभिन्न प्रलोभन देखाई महेन्द्रनगर हुँदै भारततर्फ बेचबिखन गर्ने उद्देश्यले लगेको हो भन्ने बेहोराको तुलसीदेवी सार्कीले अनुसन्धानका क्रममा गरेको बयान।

मिति २०६६।२।१३ गते निज प्रतिवादी बमबहादुर सार्कीले पीडित जाहेरवाली मायाकुमारी सार्कीलाई विवाह गर्छु भनी विभिन्न प्रलोभन, लालच देखाई बिक्री वितरण गर्ने उद्देश्यले गड्डाचौकी हुँदै भारततर्फ लैजान लागेको समयमा माइती नेपाल संस्थाले सोधपुछ गर्दा थाहा भई पीडित जाहेरवाला अन्यायीको पन्जाबाट फुत्किन सफल भएकी हुन् भन्ने बेहोराको लालबहादुर थापासमेत जना ३ ले खुलाई लेखाई दिएको सर्जमिन मुचुल्का।

किटानी जाहेरी दरखास्त, पीडितले अनुसन्धान अधिकृतसमक्षमा गरेको बयान र सो बयानलाई अदालतमा सनाखत गरिदिएको कागज, अभियुक्तको बयान र घटना विवरण कागजलगायतका कागजातहरूबाट पीडित मायाकुमारी सार्कीलाई प्रतिवादी बमबहादुर सार्कीले

बेचबिखनको लागि नेपालबाट भारत लाँदै गरेको तथ्यबाट निज प्रतिवादीले मानव बेचबिखनसम्बन्धी कसुर गरेको वारदात स्थापित हुन आयो । उपर्युक्त आधार प्रमाणहरूबाट अभियुक्त बमबहादुर सार्कीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ बमोजिमको कसुर भएकोले निज बमबहादुर सार्कीलाई सोही ऐनको १५(१) ङ(२) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र ।

पीडित र मेरो माया प्रेम भई विवाह गर्ने पक्कापक्की भएपछि मैले विवाह गर्छु भनी निजलाई आफन्त भएको ठाउँमा लग्न खोजेकोले मैले गल्ती नगरेकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी बमबहादुर सार्कीले अदालतसमक्ष गरेको बयान ।

यसमा मिसिल संलग्न तत्कालप्राप्त प्रमाणहरूबाट यी प्रतिवादी कसुरदार होइनन् भन्न मिल्ने अवस्था विद्यमान नदेखिँदा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई सिधा खाना पाउने गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८ बमोजिम थुनामा राख्न कारागार पठाइदिनु तथा वादी प्रतिवादीको साक्षीहरू झिकाई बुझी पेस गर्नु भन्ने मिति २०६६।०२।२९ को सुरू अदालतको आदेश ।

प्रतिवादीले मेरो छोरीलाई भारत बिक्री गर्ने उद्देश्यले मिति २०६६।०२।१३ गते लगि ऐ. को १५ गते छोरी फेला परेको हो, हाल मेरी छोरी मायालाई प्रतिवादीको दाजु भाउजू आई जबरजस्ती आफ्नो घरमा लगी गएका हुन् भन्नेसमेत बेहोराको तुलसीदेवी सार्कीले सुरू अदालतमा गरेको बकपत्र ।

हामी दुवैजना विवाह गरेर भारत हल्द्वानी भन्ने ठाउँमा जाँदै गर्दा गड्डाचौकीमा माइती नेपाल संस्थाको कर्मचारीलाई शंका लागि समातेका हुन्, मेरो आमाबुबाको डरले हामी दुवैजनाको सहमतिमा बिहे गरी भारततर्फ जान खोजेको हो, मैले प्रहरी र माइती नेपालको विश्वासमा परी जाहेरी दरखास्त र सनाखत बयानमा सहीछाप गरेको हुँ, मलाई बेचबिखन गर्न लान लागेको होइन बनी पीडित जाहेरवाला मायाकुमारी सार्कीले सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीले पीडितलाई बिक्री गर्ने उद्देश्यले लिएको भन्ने कुरा मिसिलबाट खुल्न नआएको तर यौनशोषण गर्नलाई नेपालको एक ठाउँदेखि अर्को ठाउँसम्म लगेको पुष्टि हुन आएकोले निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(२) (च) अनुसार १ वर्ष ६ महिना कैद हुने ठहर्छ भन्ने सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।१।७ गते भएको फैसला ।

एक छोरीका बाबुसमेत रहेका प्रतिवादीले नाबालिका पीडितलाई विवाह गर्छु भन्ने प्रलोभनमा पारी भारत लैजाने क्रममा निजहरू पक्राउ परेको देखिएकोले अपराधको प्रकृतिबाट नै अभियुक्तको उद्देश्य निर्धारण गरिनुपर्नेमा यस्तो गहन प्रकृतिको मुद्दामा प्रतिवादीको उद्देश्य बिक्री गर्ने नै थियो भनी देखाउन प्रमाणको अभाव रहेको निष्कर्ष निकालिएको तर मिसिल संलग्न प्रमाणहरूको गहन विश्लेषण तथा उचित मूल्याङ्कन गरिएको नपाइएको उक्त त्रुटिपूर्ण फैसला बदर गरी सुरू मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र ।

यसमा प्रतिवादीले ललाइफकाइ बिक्री गर्ने उद्देश्यले भारततर्फ लग्दै गर्दा वनबासामा थाहा पाई नेपाल आई जाहेरी दरखास्त दिएकी हुँ भनी पीडितले गरेको सनाखत बयान कागजसमेतको आधारमा दाबीभन्दा कम सजाय गर्ने गरेको सुरू अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थीका नाउँमा म्याद जारी गरी उपस्थित भए वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत महेन्द्रनगरको आदेश ।

घटना विवरणको मानिसहरू र पीडित जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा आफूले जाहेरीमा उल्लेख गरे र अनुसन्धान अधिकारीसमक्ष लेखाएको बेहोराभन्दा फरक पारी प्रतिवादीलाई सफाइ दिने किसिमबाट बकपत्र गरेको देखिए पनि प्रतिवादीले पीडितलाई विवाहको उद्देश्यले भारत लैजान लागेको भन्ने कुरा निजको परस्पर विरोधाभाषपूर्ण कथनबाट शंकास्पद रहेको अवस्थामा पीडित जाहेरवालीको मौकाको कागज र निजकी आमाको भनाइमा विश्वास गर्नुपर्ने हुन आयो । तसर्थ, यी प्रतिवादीले बेचबिखनको उद्देश्यले पीडितलाई भारत लैजान लागेको कुरा पुष्टि हुँदा जाहेरवालीले भारतको वनबासामा पुगेको भनी उल्लेख गरेको भए तापनि अनुसन्धानबाट नेपाल सरहदभित्रै पक्राउ परेको कुरा पुष्टि भएको कारणबाट प्रतिवादी बमबहादुर सार्कीलाई अभियोग मागदाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (२) बमोजिम दश वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने ठहर्छ । सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (च) बमोजिम १ वर्ष ६ महिना कैदको सजाय गर्ने ठहर्‌याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६७।१।७ मा भएको फैसला केही उल्टी हुन्छ भनी मिति २०६८।२।१० को पुनरावेदन महेन्द्रनगरको फैसला ।

मिति २०६६।२।१३ गते म पुनरावेदक र जाहेरवाला मायाकुमारी सार्कीबिच प्रेम बसेपछि विवाह भएको र भारत हल्द्वानीमा आफन्त भएको ठाउँमा जानलाग्दा माइती नेपालका कर्मचारीको गलत बुझाई र परामर्शका कारण प्रस्तुत मुद्दाको उठान भएको अवस्था छ । मिति २०६६।२।१५ गते म प्रतिवादी पुनरावेदकलाई पक्राउ परेपछि कञ्चनपुर जिल्ला अदालतको फैसलाअनुसार

तोकिएको १ वर्ष ६ महिना कैद भुक्तान गरी छुटी निज पत्नी जाहेरवाला मायाकुमारी सार्कीलाई साथमा लिई भारतमा नोकरीको लागि गएपछि चाडपर्वमा नेपाल आउने जाने गर्दथे । यस्तैमा भारतबाट नेपाल घरमा आएको समयमा मिति २०७७।८।२८ गते एक्कासिबिचमा कुनै सूचना म्यादसमेतको जानकारी नपाई पक्राउ गरिएको हो । म पुनरावेदक प्रतिवादीले सम्मानित अदालतको फैसलाको कैद भुक्तान गरी ढुक्कसाथ पीडित भनिएको पत्नी तथा परिवारसँग भारतमा गएकोले मउपर स्वच्छ सुनुवाइको न्यूनतम मान्यतासमेत परिपालना नगरी मैले कैद भुक्तान गरिसकेपछि लामो समयपछि कुनै पनि म्याद सूचना नदिई एक्कासि पक्राउ गरिएको अवस्थामा मिति २०७७।८।२८ मा म पुनरावेदकलाई कञ्चनपुर जिल्ला अदालतको च.नं.३८० को कैदीपुर्जीद्वारा पुनरावेदन अदालत महेन्द्रनगरको फैसलाको थाहा जानकारी पाई सम्मानित अदालतसमक्ष यस पुनरावेदनपत्रसाथ उपस्थित भएको छु। मैले सुरू कञ्चनपुर जिल्ला अदालतले तोकेको सजाय भोगी मैले प्रेम विवाह गरेको पीडित जाहेरवाला पत्नी र निजबाट जायजन्म भएका ३ वटा सन्तानसाथ बसिरहेको अवस्थामा मेरोतर्फबाट प्रतिरक्षा गर्ने मौकासमेत म पुनरावेदक प्रतिवादीलाई प्राप्त नभएकाले नेपालको संविधानको धारा २० ले प्रदान गरेको न्यायसम्बन्धी हकको हनन गरी पीडित जाहेरवालाले स्वयं अदालतमा सत्य तथ्य खुलाइसकेपछि तत्काल प्रचलित मुलुकी ऐन, २०२० बिहेवारीको महलको, दफा २ को देहाय ९ लाई निस्तेज गर्ने गरी अदालत आफैँ वादी भई एवं प्रमाण ऐन, २०३१ को दफा १ को मनसायविपरीत भए गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६८।२।१० को फैसला बदर उल्टी गरी न्याय इन्साफ पाउँ भनी बलबहादुर भन्ने बमबहादुर सार्कीले यस अदालतमा पेस गरेको पुनरावेदनपत्र ।

यसमा प्रमाण मूल्याङ्कनका रोहमा हेर्दा मिति २०६८।०२।१० को पुनरावेदन अदालत महेन्द्रनगरको फैसला फरक पर्ने देखिएकाले छलफलका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिनु साथै मुद्दाको रूप, प्रकृति, मिसिल संलग्न प्रमाण परिबन्धसमेतका समग्र परिस्थितिहरूतर्फ दृष्टिगत गर्दा प्रस्तुत मुद्दालाई विशेष प्राथमिकता दिई छिटो छरितो रूपमा किनारा गर्नु आवश्यक देखियो । तसर्थ, प्रस्तुत मुद्दा मिति २०७८।१२।२ गते बुधबार सुनुवाइ गर्ने गरी पेसी तोकी अरू नियमानुसार गरी पेस गर्नु भनी मिति २०७८।११।१८ गते यस अदालतबाट भएको आदेश ।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदनपत्रसहितको मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री चित्रदेव जोशीले पुनरावेदक र जाहेरवाला मायाकुमारी सार्कीबिच प्रेम बसेपछि विवाह भएको र भारत हल्दवानीमा आफन्त भएको ठाउँमा जानलाग्दा माइती नेपालका कर्मचारीको गलत बुझाइ र परामर्शका कारण प्रस्तुत मुद्दाको उठान भएको, पीडित जाहेरवाला र प्रतिवादी हाल निजहरूबाट जायजन्म भएका ३ वटा सन्तानसाथ बसिरहेको अवस्था र सुरू जिल्ला अदालतको फैसलाबमोजिमको कैद भुक्तान गरिसकेकोमा १० वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला उल्टी गरी मेरो पक्षलाई सफाइ दिलाइपाउँ भनी गर्नुभएको बहस सुनियो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री सुशिल देवकोटाले पीडित स्वयंले नै जाहेरी दिएको, निजको बयान अदालतबाट समेत प्रमाणित भएको, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कानूनी व्यवस्था रहेको, पीडितलाई बेचबिखनको लागी नेपाल भारत सिमानाबाट लैजाँदै गर्दा प्रतिवादी पक्राउ परेको र जाहेरवालाले आफ्नो जाहेरीको प्रतिकूल हुने गरी अदालतमा बकपत्र गरेको भए तापनि नेपाली समाजमा आर्थिक प्रलोभन तथा डर, धाक, धम्की देखाई आफ्नो कुरा फेर्न लगाउने कार्य सामान्य जस्तै भएकोले प्रतिवादीलाई १० वर्ष कैदसमेत हुने गरी उच्च अदालतबाट भएको फैसला मिलेको हुँदा उक्त फैसला सदर गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रतिवादी बमबहादुर सार्कीले पीडित मायाकुमारी सार्कीलाई विवाह गर्ने भनी ललाइफकाइ गरी बेचबिखनको लागि नेपालबाट भारत लाँदै गरेको अवस्थामा माइती नेपालले उद्धार गरेको हुँदा अभियुक्त बमबहादुर सार्कीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ बमोजिमको कसुर भएकोले निज बमबहादुर सार्कीलाई सोही ऐनको १५(१) ङ(२) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई बिक्री गर्ने उद्देश्यले लिएको भन्ने कुरा मिसिलबाट खुल्न नआएको तर यौन शोषण गर्नलाई नेपालको एक ठाउँदेखि अर्को ठाउँसम्म लगेको पुष्टि हुन आएकोले निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(२) (च) अनुसार १ वर्ष ६ महिना कैद हुने ठहर्छ भन्ने सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।१।७ गते भएको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन परेकोमा यी प्रतिवादीले बेचबिखनको उद्देश्यले पीडितलाई भारत लैजान लागेको कुरा पुष्टि हुँदा जाहेरवालीले भारतको वनबासामा पुगेको भनी उल्लेख गरेको भए तापनि अनुसन्धानबाट नेपाल सरहदभित्रै पक्राउ परेको कुरा पुष्टि भएको कारणबाट प्रतिवादी बमबहादुर सार्कीलाई अभियोग मागदाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५

को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (२) बमोजिम दश वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने ठहर्छ। सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (च) बमोजिम १ वर्ष ६ महिना कैदको सजाय गर्ने ठहर्‌याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट २०६७।१।७ मा भएको फैसला केही उल्टी हुन्छ भनी मिति २०६८।२।१० को पुनरावेदन महेन्द्रनगरको फैसलाउपर चित्त नबुझाई प्रतिवादी बलबहादुर भन्ने बमबहादुर सार्कीको यस अदालतमा पुनरावेदनपत्र दायर हुन आएको देखियो।

उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित अधिवक्ता तथा उपन्यायाधिवक्ताले आ-आफ्नो पक्षको तर्फबाट प्रस्तुत गर्नुभएको उल्लिखित बहस सुनी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६८।०२।१० मा भएको फैसला मिले नमिलेको के हो ? पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी बमबहादुर सार्कीले मसँग विवाह गर्छु भनी मेरो घरमा आई ललाइफकाइ मलाई साथमा लिई महेन्द्रनगरबाट भारत वनबासातर्फ पैदल हिँडी गइरहेको अवस्थामा केही महिलाहरूले सोधपुछ गर्दा मैले सबै कुरा बताएको र त्यसपछि निज प्रतिवादीले मलाई ललाइफकाइ बेचबिखन गर्ने उद्देश्यले भारत लैजान लागेको भन्ने कुरा थाहा पाई जाहेरी पेस गरेको हुँ भन्ने पीडित मायाकुमारी सार्कीको जाहेरी दरखास्तबाट उठान भएको प्रस्तुत मुद्दामा पीडितले जाहेरी दरखास्तलाई समर्थन हुने गरी अनुसन्धान अधिकारीसमक्ष गरेको बयान अदालतमा पुगी सनाखत गरी प्रमाणित गरेको देखिन्छ। प्रतिवादीले मौकामा बयान गर्दा मिति २०६६।२।१३ गते जाहेरवालीसँग विवाह गर्ने भनी दुई दिन आफन्तको घरमा राखेको हुँ, निजलाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लगेको होइन निजसँग विवाह गर्न भनी भारत लैजान लागेको हुँ भनी अभियोग दाबीप्रति इन्कार रहेको र सोही बेहोरालाई समर्थन गरी अदालतमा समेत बयान गरेको देखिन्छ।

३. प्रतिवादी बलबहादुर भन्ने बमबहादुर सार्कीले पीडितलाई बेचबिखन गर्नकै लागि भारततर्फलैजान लागेका हुन् वा विवाह गर्ने उद्देश्यले लैजान लागेका हुन् ? सो कुराको निरूपण गर्नुपर्ने देखियो। यस्तो प्रकृतिको वारदात र कसुरमा आफूलाई विवाह गरिएको वा बेचबिखन गर्न लगिएको हो ? भन्ने तथ्य नजिकबाट पीडितलाई नै जानकारी हुने हुँदा सो तथ्यको निक्यौंलमा पुग्न प्रथमतः अधिक मात्रामा पीडितको भनाइमा नै भर पर्नुपर्ने र सोही आधारमा नै निष्कर्षमा पुग्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा पीडित जाहेरवालालाई प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लान लागेको र नेपाल भारत सिमानामा पुग्दा पीडितले उक्त कुरा थाहा पाई जाहेरी दिएको भन्ने अदालतद्वारा प्रमाणित मौकामा गरेको बयानमा उल्लेख भए पनि सो कुराको समर्थनमा कुनै पनि प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा पीडितको अदालतद्वारा प्रमाणित बयान पीडितको आफ्नो भनाइसम्म देखिन आयो। तर निजले अदालतमा उपस्थित भई बकपत्र गर्दा जाहेरी प्रतिकूल हुने गरी प्रतिवादी र आफू बिहे गरी भारततर्फ जान लागेको भनी उल्लेख गरेकी छिन्। तसर्थ, प्रस्तुत मुद्दाको सन्दर्भमा जाहेरवालाको जाहेरी र प्रमाणित बयानलाई पुष्टि गर्ने अन्य समर्थित प्रमाण (Corroborative Evidence) को अभाव रहेको देखिँदा जाहेरवालाको आफ्नो कथनसम्मबाट मात्र अभियोग दाबी नै पुष्टि भएको मान्न सकिने अवस्था हुँदैन।

४. यसै सम्बन्धमा सर्वोच्च अदालतबाट वादी ओजराज विष्टको जाहेरीले नेपाल सरकार प्रतिवादी यज्ञबहादुर थापासमेत (ने.का.प.२०६९, अङ्क २, नि.नं.८७६४) भएको मुद्दामा जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनुपर्दछ। अन्यथा कुनै पनि जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने भनी प्रतिपादन भएको छ।

५. तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरले अदालतबाट समेत प्रमाणित गराइएको अनुसन्धानको क्रममा गरिएको जाहेरवालीको बयान र निजको अदालतसमक्षको बकपत्र बेहोरा फरक परेको अवस्थामा अनुसन्धानको बयानलाई नै सही ठहर गरी फैसला गरेको सन्दर्भमा विचार गर्दा, कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएतर्फ नहेरिने हो भने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को कानूनी प्रावधानको दुरूपयोग हुन सक्ने भएकाले उक्त दफा ६ को प्रावधानलाई एकतर्फीरूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउनेको सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र विषयवस्तुतर्फ हेरिनुपर्ने हुन्छ।

६. प्रस्तुत मुद्दामा प्रतिवादीले आफू कसुरदार नभएको, आफूले बिहे गर्ने उद्देश्यले नै पीडित भनिएको व्यक्तिलाई लिएर गएको भनी लिएको मौकाको तथा अदालतको बयान र पुनरावेदन जिकिरलाई हाल पीडित भनिएकी व्यक्ति र प्रतिवादीबिच विवाह भई भारतमा बसोबास गर्दै आएको र हाल ३(तीन) वटा बच्चासमेत भइसकेको तथ्य गोदावरी नगरपालिकाको विवाह दर्ता प्रमाणपत्र

तथा सोही नगरपालिकाबाट जारी भएका प्रतिवादी र पीडितबाट जायजन्म भएका बच्चाहरूको जन्मदर्ता प्रमाणपत्रले पुष्टि गरेको अवस्था एकातिर छ भने स्वयं पीडितले अदालतमा उपस्थित भई आफूलाई भारतमा बिक्री गर्न लैजान लागेको होइन बिहे गर्ने भनेर घरमा सहमति नदिने भएकोले भागेर जान लागेको भनी किटान गरी बकपत्र गरको अवस्थामा वादी पक्षको दाबी शंकारहित देखिन आएन। ऐ. ऐनको दफा ९ ले प्रमाणको भार कसुर गरेको अभियोग लागेको व्यक्तिले पुर्‍याउनुपर्छ भन्ने व्यवस्था रहेको र जाहेवाला स्वयंले सम्पूर्ण प्रमाण लिई अदालतमा बयान गरी उपस्थित भएको अवस्थामा प्रतिवादीलाई कसुरदार ठहराउन न्याय र कानूनी व्यवस्थाको रोहमा समेत मनासिब देखिन आएन।

७. जहाँसम्म नेपाली समाजमा आर्थिक प्रलोभन तथा डर धाकधम्की देखाई जाहेरवालालाई आफ्नो कुरा फेर्न लगाउने कार्य सामान्य जस्तै भएको भन्ने तत्कालीन पुनरावेदन अदालतले फैसलामा लिएको आधार तथा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको जिकिरको सम्बन्धमा विचार गर्दा, थुनामा रहेका प्रतिवादी अर्थात् जाहेरवालीको श्रीमान्कै घरमा बसेको अवस्थामा स्वतन्त्र रूपमा इजलासमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। हाल प्रतिवादी र पीडित भनिएका व्यक्ति विवाह गरी निजहरूको तर्फबाट ३ जना बच्चाबच्ची जन्मी श्रीमान् श्रीमतीको हैसियतमा रहेको भन्ने कुरा निजहरूको बिचको विवाह दर्ता प्रमाणपत्र, बच्चाहरूको जन्मदर्ता प्रमाणपत्रबाट पुष्टि हुन आएको देखिँदा जाहेरवालीलाई आफ्नो कुरा फेर्न लगाएको भन्ने तर्क खम्बिर हुन सकेको पाइँदैन। जाहेरी बेहोराविपरीत प्रतिवादी कसुरदार नभएको भनी जाहेरवालीले स्वतन्त्र रूपले अदालतसमक्ष गरेको बकपत्रलाई नै प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिँदा जाहेरी बेहोरालाई नै प्रमुख आधार लिइएको पुनरावेदन अदालतको फैसला र सो फैसला सदर हुनुपर्छ भन्ने विद्वान् उपन्यायाधिवक्ताको जिकिरसँग सहमत हुन सकिएन।

८. तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादीले जाहेरवालालाई बिहे गर्ने उद्देश्यले नै लगेको भनी मौकामा नै आरोपित कसुरमा इन्कारी रही बयान गरेको साथै अदालतमा समेत इन्कार रही बयान गरेको, जाहेरवाला पीडितले मौकाको बयानको प्रतिकूल हुने गरी अदालतसमक्ष बकपत्रसमेत गरेको, पीडित भनिएकी व्यक्ति र प्रतिवादीबिच विवाह भई भारतमा बसोबास गर्दै आएको र हाल ३(तीन) वटा बच्चासमेत भइसकेको तथ्य विवाहदर्ता प्रमाणपत्र, बच्चाहरूको जन्मदर्ता प्रमाणपत्रबाट पुष्टि भएको स्थितिमा यी प्रतिवादीलाई कसुरदार मान्न मिल्ने देखिन आएन। यस अवस्थामा यी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(२) (च) अनुसार १ वर्ष ६ महिना कैद हुने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।१।७ गते भएको फैसला र सुरू फैसला उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (२) बमोजिम दश वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना गरेको मिति २०६८।२।१० को पुनरावेदन अदालत महेन्द्रनगरको फैसलासमेत त्रुटिपूर्ण देखिएकोले उल्टी भई प्रतिवादी बलबहादुर भन्ने बमबहादुर सार्कीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अन्य कुरामा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी बलबहादुर भन्ने बमबहादुर सार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोले यस अदालतको मिति २०७८।१२।०२ को संक्षिप्त आदेशबाट निज थुनामुक्त भइसकेको देखिँदा थप केही गरिरहन परेन -----१

प्रस्तुत मुद्दाका प्रतिवादी बलबहादुर भन्ने बमबहादुर सार्कीको हकमा पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६८।०२।१० को फैसलाअनुसार कसिएको दश वर्ष कैद र एक लाख रूपैयाँ जरिवानाको लगत कट्टा गर्नु भनी सुरू कञ्चनपुर जिल्ला अदालतमा लेखी पठाउनू---------- २

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसलालाई विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ----------३

उक्त रायमा सहमत छु।
न्या.कुमार रेग्मी

इजलास अधिकृतः-निराजन शर्मा
इति संवत् २०७८ साल चैत्र २ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७८।३।६
निर्णय नं. १०९३३
भाग: ६४ साल: २०७९ महिना: पौष अंक: ९
फैसला मिति :२०७८/०३/०६ ३६४

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७४-CR-०८११

पुनरावेदक / प्रतिवादी : परिवर्तित नाम देउलेक १ को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला बैतडी, कटौजपानी गा.वि.स. वडा नं. ५ बस्ने पाइलट भन्ने नरेशबहादुर विष्टसमेत

फैसला

न्या.दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०७३ को दफा ९ (१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ । मुद्दाको तथ्य एवं पुनरावेदन अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसलाको बेहोरा सो अदालतको फैसलाबाट देखिने हुँदा यसमा पुनरावृत्ति गरिएको छैन । पुनरावेदक वादीको पुनरावेदन जिकिर तथा यस अदालतको निर्णय यसप्रकार छः

वादी नेपाल सरकारको पुनरावेदन पत्र

१७ वर्षीय परिवर्तित नाम देउलेक १ लाई घुम्न जाने प्रलोभन पारी बेचबिखनका उद्देश्यले भारत पुर्‍याई करकापमा जबरजस्ती करणीसमेत गरेको भन्ने विषयलाई लिएर प्रतिवादी नरेशबहादुर विष्ट, नरेन्द्र विष्ट र हिमा विष्टउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विपरीत दफा ३(२) र ऐ. दफा ४(१)(ख) तथा ४(२)(क) र (ख) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५ (१)(ख) र (ङ)(१) बमोजिम सजाय हुन, प्रतिवादीमध्येका नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) ले पीडितलाई नेपालबाट भारतको बेङ्गलोरसम्म पुर्‍याएकोमा निजहरूलाई ऐ. ऐनको दफा १५(२)(ख) को कसुरमा सोही दफाबमोजिम समेत सजाय हुन र दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराइदिन तथा ऐ. को दफा २२ बमोजिम निज तीनै जना प्रतिवादीहरूउपर नैतिक पतनको कसुर स्थापित गराई पाउन माग दाबी लिई अभियोग पत्र दायर भएकोमा बैतडी जिल्ला अदालतबाट प्रतिवादी नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) लाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४ (२)(ख) को कसुरमा प्रतिवादी नरेशबहादुर विष्टलाई सोही ऐनको दफा १५ (१)(च) बमोजिम ५ वर्ष कैद र प्रतिवादी हिमा भट्टलाई ऐ. को दफा १५ (१)(ज) बमोजिम २ वर्ष ६ महिना कैद हुने, निज प्रतिवादीहरूबाट ऐ. ऐनको दफा १७ बमोजिम पीडितले क्षतिपूर्तिबापत रू.५०,०००/- भराइपाउने तथा अर्का प्रतिवादी नरेन्द्र विष्टले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएको थियो । सो फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी नरेशबहादुर विष्टसमेतको पुनरावेदन परेकोमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सजाय पाएको र सफाइ पाएको हदसम्ममा सुरू फैसला सदर हुने र क्षतिपूर्तिको हकमा सुरू फैसला आंशिक उल्टी भई प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति भराउनु नपर्ने गरी फैसला भएको छ ।

यसमा बहिनी हिमा र ज्वाइँ नरेशबहादुर विष्टले मलाई ललाइ फकाइ झुक्यानमा पारी भोलि फर्की हाल्छौँ आज झुलाघाटतर्फ जाउँ भनी झुलाघाट भारतमा लगी होटलमा बास बसाइ भोलिपल्ट बल जफत गरी दिल्ली जाने बसमा बसाइ विभिन्न पेय पदार्थ खुवाई बेहोस पारी बेङ्गलोरमा लगेपछि नरेन्द्र विष्टलाई बोलाई तिमीले यो केटासँग विवाह गर्नुपर्छ भनेकोमा मैले गर्दिन भन्दा तीनै जना मिली भारतीय नागरिकलाई बोलाई मलाई बेची वेश्यावृत्तिमा लगाउने कुरा गरेको मैले सुनेँ। भोलिपल्ट नरेन्द्र विष्ट र नरेशबहादुर विष्टले रक्सी सेवन गरी हिमा भट्ट (विष्ट) समेतको सहयोगमा मलाई कुटपिट र यातना दिई पटकपटक जबरजस्ती करणी गरेका हुन् । मलाई बेचबिखन गर्ने चाल पाएकोले प्रहरीमा गई उजुरी गर्दा निजहरू प्रहरीको पक्राउमा परेका थिए । प्रहरीले मेरो उद्धारका लागि दिल्लीमा बसेका दाजु शिवराज भट्टलाई जानकारी गराई दाइले मलाई नेपाल ल्याएका हुन् भनी यथार्थ बेहोरा खुलाई किटानी जाहेरी दिएकी र निजको सोही बेहोराको बयान अदालतबाट समेत प्रमाणित भएको देखिन्छ । सोही बेहोरा पुष्टि हुने गरी निजले अदालतमा बकपत्रसमेत गरिदिएको पाइन्छ ।

प्रतिवादी नरेशबहादुर विष्टले अदालतमा समेत बयानका क्रममा आफूसमेतले पीडितलाई बेङ्गलोरमा लगी नरेन्द्र विष्टको कोठामा राखेकोमा निजहरूबिचको विवादको क्रममा भारतीय प्रहरीले पक्राउ गरेको भन्ने तथ्यमा साबित रहेका छन् । प्रतिवादी नरेन्द्र विष्टले कोठामा रक्सी खाँदा वादविवाद भई पीडितलाई आफूबाट चोट लागेको भन्ने बेहोरा अदालतसमक्षको बयानमा लेखाइदिएको पाइन्छ । यसबाट यी तीनै जना प्रतिवादीहरू मिली पीडितलाई बेचबिखन गर्न भारत लगेको र निजलाई कोठामा जबरजस्ती करणीसमेत गरेको पुष्टि हुने भएकोले निजहरूलाई अभियोग दाबीबमोजिम सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनुपर्ने हो । साथै निजहरूले

नैतिक पतन देखिने कसुर गरेकोसमेत स्थापित हुनुपर्ने हो भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन।

यस अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत पुनरावेदन पत्रसहितको मिसिल कागजातहरू अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री लोकबहादुर कटुवालले सफाइ पाएका प्रतिवादीउपर समेत किटानी जाहेरी दिएको, सोही जाहेरी समर्थित हुने गरी गरेको बयान अदालतबाट प्रमाणितसमेत भएको अवस्थामा पीडितलाई बेचबिखन गर्ने उद्देश्यले तीनै जना प्रतिवादीहरूको मिलेमतोमा विदेश लगेको प्रमाणित भइरहेकोले यी प्रत्यर्थी / प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्ने र प्रतिवादीहरूले पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनुपर्ने साथै बेचबिखन गर्ने उद्देश्यले भारत लगी कुटपिटसमेत गरी जबरजस्ती करणीसमेत गर्नु नैतिक पतन देखिने फौजदारी कसुरसमेत भएकोले सोसमेत स्थापित हुनुपर्ने भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तबमोजिमको बहस सुनी मिसिल अध्ययन गर्दा, १७ वर्षीय परिवर्तित नाम देउलेक १ लाई प्रलोभनमा पारी बेचबिखनका उद्देश्यले भारत पुर्‍याई करकापमा जबरजस्ती करणीसमेत गरेको भनी प्रतिवादी नरेशबहादुर विष्ट, नरेन्द्र विष्ट र हिमा विष्टउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विपरीत दफा ३(२) र ऐ. दफा ४(१)(ख) तथा ४(२)(क) र (ख) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५ (१)(ख) र (ङ)(१) बमोजिम सजाय हुन, प्रतिवादीमध्येका नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) ले पीडितलाई नेपालबाट भारतको बेङ्गलोरसम्म पुर्‍याएकोमा निजहरूलाई ऐ. ऐनको दफा १५(२)(ख) को कसुरमा सोही दफाबमोजिम समेत सजाय हुन र दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराइदिन तथा ऐ. को दफा २२ बमोजिम निज तीनै जना प्रतिवादीहरूउपर नैतिक पतनको कसुर स्थापित गराई पाउन मागदाबी लिई अभियोग पत्र दायर भएकोमा बैतडी जिल्ला अदालतबाट प्रतिवादी नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) उपर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४ (२)(ख) को कसुर स्थापित गरी प्रतिवादी नरेशबहादुर विष्टलाई सोही ऐनको दफा १५ (१)(च) बमोजिम ५ वर्ष कैद र प्रतिवादी हिमा भट्टलाई ऐ. को दफा १५ (१)(ज) बमोजिम २ वर्ष ६ महिना कैद हुने, निज प्रतिवादीहरूबाट दफा १७ बमोजिम पीडितले क्षतिपूर्तिबापत रू.५०,०००/- भराइपाउने तथा अर्का प्रतिवादी नरेन्द्र विष्टले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएको देखियो। सो फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी नरेशबहादुर विष्टसमेतको पुनरावेदन परेकोमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सजाय पाएको र सफाइ पाएको हकमा सुरू पैसला सदर हुने र क्षतिपूर्तिको हकमा सुरू फैसला आंशिक उल्टी भई प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति भराउनु नपर्ने गरी फैसला भएको पाइयो। सोउपर प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरी निजहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनुपर्ने हो भनी पुनरावेदक वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको पाइन्छ।

उपर्युक्त सन्दर्भमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मिलेको छ वा छैन ? तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने हुन आयो।

२. निर्णयतर्फ विचार गर्दा, यसमा मिति २०७०।१०।२२ गते नरेश विष्ट र हिमा भट्ट (विष्ट) ले ललाइ फकाइ झुक्यानमा पारी भोलि फर्की हाल्छौँ, आज झुलाघाटतर्फ जाउँ भनी भारतको झुलाघाट लगी होटलमा बास बसाइ भोलिपल्ट बल जफत गरी दिल्ली जाने बसमा बसाइ विभिन्न पेय पदार्थ खुवाई बेहोस पारी बेङ्गलोर लगेपछि नरेन्द्र विष्टलाई बोलाई तिमीले यो केटासँग विवाह गर्नुपर्छ भन्दा मैले इन्कार गरेकोले भोलिपल्ट नरेन्द्र विष्ट र नरेशबहादुर विष्टले रक्सी सेवन गरी हिमा भट्ट (विष्ट) समेतको सहयोगमा मलाई कुटपिट र यातना दिई पटकपटक जबरजस्ती करणी गरेका हुन्। एक दिन राति भारतीय पेसेवर व्यक्तिहरूलाई बोलाई बेचबिखन गर्ने सल्लाह गर्दा सो कुरा थाहा पाई प्रहरीलाई खबर गर्दा निजहरू पक्राउमा परेका थिए। प्रहरीले मेरो उद्धारका लागि दिल्लीमा बसोबास गर्दै आएका दाजु शिव राज भट्टलाई जानकारी गरेकाले दाइ दिल्लीबाट बेङ्गलोर पुगी मलाई जिम्मा लिई बैतडी पुर्‍याएका हुन् भनी परिवर्तित नाम देउलेक १ ले जाहेरी दिएको र सोही बेहोरा उल्लेख गरी अनुसन्धानको क्रममा बयान गरिदिएको पाइन्छ। निजको सो बयान अदालतबाट प्रमाणितसमेत रहेको छ। अदालतमा गरेको बकपत्रमा पनि निजले सोही बेहोरा उल्लेख गरिदिएको देखिन आउँछ। प्रतिवादीहरू नरेशबहादुर विष्ट र नरेन्द्र विष्टको बयान हेर्दा पीडितलाई प्रतिवादी नरेन्द्र विष्टसँग विवाह गर्नु भन्दा नमानेकीले वादविवाद भई कुटपिट गरेकोले पीडितले रोडमा आई कराउन थालेपछि भारतीय प्रहरी आई पक्राउ गरी लगेको भन्ने देखिएको छ। यसरी प्रस्तुत मुद्दामा स्वयम् पीडितले दिएकी जाहेरी दरखास्त, निजैले गरेकी प्रमाणित बयान तथा अदालतमा गरेको बकपत्रबाट पीडितलाई प्रतिवादीहरू नरेस विष्ट र हिमा भट्ट (विष्ट) ले भारतको बेङ्गलोर लगी त्यहाँ नरेन्द्र विष्टसँग विवाह गर्न भनेका र नमानेपछि विवाद भएको भन्ने देखिन आउँछ। यसबाट पीडित जाहेरवालाको नरेन्द्र विष्टसँग विवाह गराउने उद्देश्यले प्रत्यर्थी/प्रतिवादीहरू नरेश विष्ट र हिमा भट्ट (विष्ट) ले जाहेरवालालाई भारत लगी विवाह गराउने प्रयत्न गराएको भन्ने देखिन आउँछ। पीडितलाई बिक्री नै गर्न भनी भारत लगेको भने देखिन आउँदैन। बिक्री गर्न लगेको भए विवाहको कुरा अगाडि आउने नै थिएन। बिक्री गर्नका लागि कुनै गतिविधि भए गरेको पनि देखिन आएको छैन। यस्तै पीडितकै कथनबाट पीडितलाई प्रतिवादीहरूले बिक्री गर्नका लागि भारत लगेको नभई नरेन्द्र विष्टसँग विवाह गराई दिन लगेको तथ्य समर्थित भइरहेको देखिन्छ। जाहेरवालाले एक दिन भारतीय पेसेवर व्यक्तिहरूलाई बोलाई बेचबिखन गर्ने सल्लाह गरेको मैले थाहा पाई प्रहरीलाई खबर

गरेको हो भने पनि बिक्री गर्न नै भारत लगेको र त्यहाँ बिक्री गर्नका लागि कुनै कार्य गरेको भन्ने अन्य कुनै पनि प्रमाणबाट समर्थित हुन आएको छैन । त्यसैले निजलाई बेचबिखन गर्ने उद्देश्यले ललाइ फकाइ भारत लगेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

३. अब पीडितलाई प्रतिवादीहरूले जबरजस्ती करणीसमेत गरी यौन शोषण गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, जाहेरवालाले प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेको जाहेरी दिए पनि निजले अदालतमा बकपत्र गर्दा प्रतिवादी नरेन्द्र विष्टले करणी गरेको छैन, प्रतिवादी नरेशबहादुर विष्टले करणी गरेको हो भनी लेखाइदिएको देखिन्छ । तर वादी नेपाल सरकारले अभियोगपत्रमा जबरजस्ती करणी गरेको भनी उल्लेख गरे पनि जबरजस्ती करणीतर्फको छुट्टै दाबी र सजायको मागदाबी लिएको छैन । त्यसैले यस सम्बन्धमा थप विवेचना गर्नुपर्ने देखिन आएन । जाहेरवालाले आफूलाई नरेशबहादुर विष्टले करणी गरेको भनी अदालतमा समेत लेखाइदिएको र जाहेरवालाको शारीरिक जाँच प्रतिवेदन हेर्दा योनिको झिल्ली (Hymen) च्यातिएको देखिएबाट जाहेरवालाउपर यौन शोषणसम्म भएको देखिन आउँछ । यसरी प्रतिवादी नरेशबहादुर विष्टले निजको श्रीमती प्रतिवादी हिमा भट्ट विष्टको सहयोगमा पीडितलाई बैतडीबाट भारतको बैङ्गलोर पुर्‍याई विवाह गर्न भनी भनेकोमा जाहेरवालाले नमानेपछि प्रतिवादी नरेशबहादुर विष्टले पीडितलाई विदेश लगी यौन शोषण गरेको तथ्यसम्म समर्थित हुन आएको हुँदा प्रतिवादी नरेशबहादुर विष्टलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(च) अनुसार ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको फैसला सो हदसम्म सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मिलेको नै देखिन आयो ।

४. त्यस्तै प्रतिवादी हिमा भट्ट (विष्ट) उपरको जिकिरतर्फ हेर्दा निजको समेत मिलेमतो र संलग्नतामा नरेन्द्रबहादुर विष्टसँग विवाह गरिदिने उद्देश्यले जाहेरवाला देउलेक १ लाई भारतको बेङ्गलोर लगेको माथि उल्लिखित आधार र कारणहरूबाट पुष्टि भएको पाइन्छ । निजलाई यी प्रतिवादी हिमा भट्टले बेचबिखन गर्ने उद्देश्यले विदेश लगेको भन्ने प्रमाणबाट देखिन नआएकोले निजलाई नेपाल सरकारको पुनरावेदन जिकिरअनुसारको कसुरमा सजाय गर्न मिल्ने देखिँदैन । प्रतिवादी नरेशबहादुर विष्ट र निज प्रतिवादी हिमा भट्ट दुवैले जाहेरवालालाई भारत लगी नरेशबहादुर विष्टले यौन शोषणसमेत गरेको देखिएको तर प्रतिवादी हिमा भट्टको यौन शोषणको कार्यमा संलग्नता रहे भएको देखिएको छैन । यसरी पीडितको विदेशमा यौनशोषण भएको र निजलाई विदेश लैजाने कार्यमा यी प्रत्यर्थी हिमा भट्ट (विष्ट) को समेत संलग्नता देखिएकोले निज प्रतिवादी हिमा भट्ट (विष्ट) लाई बिदेश लगि यौन शोषण गराउने कार्यको मतियारको रूपमा उक्त ऐनको दफा १५(१)(ज) बमोजिम मुख्य कसुरदारलाई भएको सजायको आधा सजाय २ वर्ष ६ महिना कैद हुने ठहर्‍याई सुरू अदालतले गरेको फैसला सो हदसम्म पनि मिलेकै देखिन आयो ।

५. अब प्रतिवादी नरेन्द्र विष्टलाई सफाइ दिएको नमिलेकोले अभियोग दाबीअनुसार सजाय हुनुपर्ने हो भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, यी प्रतिवादी बैङ्गलोरमा नै बसिरहेको र अन्य प्रतिवादीहरू एवं जाहेरवालालाई आफ्नो निवासमा बास बस्ने आश्रय दिएको देखिन्छ । निजसँग जाहेरवालालाई विवाह गर्न भन्दा नमानेकोले सोही विषयमा विवादसम्म भएको देखिएको छ । यी प्रत्यर्थी / प्रतिवादी नरेन्द्र विष्ट जाहेरवालालाई भारत लाने कार्यमा संलग्न रहेको कहींकँतैबाट देखिँदैन । त्यस्तै जाहेरवालाले नै अदालतमा निजले करणी नगरेको भनी लेखाइदिएबाट यी प्रत्यर्थी/प्रतिवादी जाहेरवालालाई यौन शोषण गर्ने कार्यमा संलग्न रहेको पनि भन्न सकिँदैन । त्यसैले यी प्रतिवादी नरेन्द्र विष्टलाई सुरू अदालतबाट सफाइ दिने ठहर्‍याई भएको फैसलालाई सदर हुने ठहर्‍याएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसलालाई सो हदसम्म पनि अन्यथा भन्न मिलेन । निज प्रत्यर्थी/प्रतिवादी नरेन्द्र विष्टलाई अभियोग दाबीअनुसारको सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

६. अब प्रत्यर्थी/प्रतिवादीहरूबाट पीडितलाई ऐ. ऐनको दफा १७ (१) अनुसार क्षतिपूर्तिसमेत भराइदिनुपर्ने भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्नुपर्ने हुन आयो । यसमा माथि विवेचना गरिएअनुसार प्रत्यर्थी/प्रतिवादीहरू नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) लाई क्रमश: ऐ. ऐनको दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(च) अनुसार ५ (पाँच) वर्ष कैद र ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम २ वर्ष ६ महिना कैद गर्ने तथा प्रतिवादीमध्येका नरेन्द्र विष्टले सफाइ पाउने गरी भएको फैसला मिलेको नै देखिएको छ । यसरी प्रस्तुत मुद्दामा सजाय पाएका प्रतिवादीहरू दुई जनालाई केवल कैदको मात्र सजाय भएको अवस्था छ । ऐ. ऐनको दफा १७ (१) मा अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ । यसरी जरिवानाको पचास प्रतिशत रकममा नघट्ने गरी क्षतिपूर्ति भराइदिनुपर्ने भनिएबाट ऐ. ऐनले क्षतिपूर्तिको आधारका रूपमा जरिवाना भएको रकमलाई लिइएको छ । अर्थात् क्षतिपूर्ति भराइदिनका लागि प्रतिवादीलाई जरिवाना भएको हुनुपर्ने हुन्छ । जरिवाना तिर्नुपर्ने गरी सजाय नै नभएको अवस्थामा क्षतिपूर्ति भराउनुपर्ने भन्न मिल्ने देखिँदैन । ऐनका शब्दबाटै स्पष्ट भएको कुरामा अदालतले विधायिकाको मनसायको मनोगत अनुमान गरी व्याख्या गर्न मिल्दैन । यसमा यी प्रत्यर्थी/प्रतिवादीहरूलाई जरिवानाको समेत सजाय हुने कसुर ठहर नभई कैदको मात्र सजाय हुने कसुर ठहर भई कैदको मात्र सजाय भएको अवस्था छ । त्यस्तै ऐ. ऐनको दफा १७ ले क्षतिपूर्ति भराउँदा भएको जरिवानाको पचास प्रतिशतमा नघट्ने गरी पीडितलाई मनासिब माफिकको जरिवाना भराइदिनुपर्ने गरी व्यवस्था

गरेको छ। यस्तो अवस्थामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसारका अन्य कसुरमा क्षतिपूर्तिलाई अनिवार्य गरेको भनी जरिवाना नहुने गरी कैदको मात्र सजाय हुने व्यवस्था गरेको कसुरमा समेत क्षतिपूर्ति भराइदिनुपर्ने भनी अर्थ गर्न मिल्दैन। यस दफाको क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था जरिवानाको सजाय वा कैद र जरिवाना दुवै सजाय हुने ऐ. ऐन अनुसारका कसुरका हकमा मात्र लागु हुने देखिन आउँछ। त्यसैले सुरू अदालतले यी प्रतिवादीहरू नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) बाट पीडितलाई रू. ५०,०००/- क्षतिपूर्ति भराइदिनुपर्ने गरी भएको फैसलालाई सो हदसम्म उल्टी गरी क्षतिपूर्ति भराउनु नपर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मिलेको नै देखिन आयो।

७. त्यस्तै प्रतिवादीहरूका विरूद्ध ऐ. ऐनको दफा २२ मा उल्लिखित व्यवस्थाअनुसार नैतिक पतन देखिने फौजदारी कसुर गरेको भनी दाबी लिएकोमा सो कायम नगरिएको भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा यस ऐनअन्तर्गतका कसुर नैतिक पतन देखिने कसुर हुने भनी कहींकतै परिभाषित गरेको पाइँदैन। ऐ. ऐनको दफा २२ मा यस ऐनबमोजिमको कसुरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसुर गरेको हो भनी दाबी लिन सक्ने छ भन्नेसम्म उल्लेख भएको पाइन्छ। यसबाट यस ऐनअनुसारका कसुर गरेकोलाई सरकारी वकिलले नैतिक पतन देखिने कसुर गरेको भनी दाबी लिन सक्ने अधिकार र अदालतले स्वविवेकको अधिकारको प्रयोग गरी नैतिक पतन देखिने कसुर गरेको भनी स्थापित गर्न पनि सक्ने गरी अधिकार दिएको देखिन्छ। अदालतले नैतिक पतन देखिने कसुर गरेको भन्ने जस्तो गम्भीर विषयमा स्वविवेकीय निर्णय गर्दा वस्तुगत आधारमा आधारित रहनुपर्ने हुन्छ। यसका लागि कसुरको गाम्भीर्य, कसुरदारले गरेको आपराधिक कार्यको मात्रा र आपराधिक मनसायको स्तर, कसुर गर्दाको परिस्थिति, वारदातअघि र पछिका घटनाक्रम, कसुर गर्दा अपनाएका तौरतरिका, पीडितलाई पुग्न गएको क्षति, पीडित र समाजको कसुरदारप्रतिको क्षोभ, कसुरदारको अवस्था आदिलाई विचार गर्नुपर्ने हुन्छ। यसका लागि नैतिक पतन देखिने फौजदारी कसुर गरेको भनी दाबी गर्ने वादी पक्षबाट उल्लिखित अवस्थाको प्राचुर्यता अर्थात् यी अवस्थाहरूको उच्च मात्रात्मक उपस्थिति रहेको भन्ने स्पष्ट र नि:सन्देह रूपमा देखिने प्रमाणहरू पेस गरिनुपर्दछ। अर्थात् मुद्दामा प्रमाणित हुन गएका तथ्यगत कुराहरू हेर्दा नै न्यायकर्ताको न्यायिक अन्तर्मनबाटै यस्तो कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुरका रूपमा स्थापित गर्न उपयुक्त हुने भनी देखिनुपर्ने हुन्छ। अन्यथा प्रचलित कानूनले कसुरदार ठहर भएकोमा नैतिक पतन देखिने कसुर गरेको स्थापित गर्नुपर्ने गरी बाध्यात्मक स्थितिको सिर्जना नगरेको अवस्थामा दाबी गर्न पाउने र दाबी गरेकै आधारमा मात्र नैतिक पतन देखिने कसुर गरेको भनी स्थापित गर्नु न्यायोचित हुँदैन। प्रस्तुत मुद्दाका सन्दर्भमा यी प्रत्यर्थी / प्रतिवादीहरू नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) ले यी पीडितलाई नरेन्द्र विष्टसँग विवाह गराउन भनी भारत लगेको देखिन आएको छ। भारतमा विवाह गर्न पीडितले इन्कार गरेपछि निजउपर यौन शोषणसम्म भएको पाइन्छ। तत्पश्चात् पीडितले प्रहरीलाई खबर गर्दा निजको उद्धार भई निज सकुशल नेपाल आइपुगेको पाइएको छ। यसमा सजाय पाएका प्रतिवादीहरूको विदेश लगी यौन शोषणसम्म गरेको आपराधिक कार्य र आपराधिक मनसाय, पीडितलाई पुग्न गएको क्षति, वारदातअघि पछिको घटनाक्रम, वारदातबाट समाजलाई परेको असर आदि हेर्दा नैतिकपतन देखिने फौजदारी कसुरका रूपमा नै स्थापित गर्नुपर्ने जस्तो देखिन आउँदैन। निज प्रतिवादीहरूले गरेको आपराधिक कार्यबापत कानूनअनुसारको सजाय भएबाट नै ऐनको मकसद पूरा हुने देखिएको छ। नैतिक पतन देखिने फौजदारी कसुरका रूपमा लिनुपर्ने माथि उल्लिखित आधारहरूको मात्रात्मक प्राचुर्यता रहेको भन्ने पुष्टि हुने प्रमाण वादी नेपाल सरकारबाट पेस हुन नसकेको अवस्थामा प्रस्तुत कसुर गरेकोलाई नैतिक पतन देखिने कसुरका रूपमा स्थापित गर्न मिल्दैन। त्यसैले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट प्रस्तुत कसुर गरेकोलाई नैतिक पतन देखिने कसुर कायम नगरेकोलाई अन्यथा भन्न मिल्दैन।

८. अतः माथि विवेचित आधार र कारणहरूबाट प्रत्यर्थी/प्रतिवादी नरेशबहादुर विष्टलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(च) अनुसार ५ (पाँच) वर्ष कैद सजाय हुने, प्रत्यर्थी/प्रतिवादी हिमा भट्ट (विष्ट) लाई ऐ. ऐनको दफा १५(१)(ज) बमोजिमको कसुरमा सोही दफाअनुसार २ वर्ष ६ महिना कैद सजाय हुने, निजहरूले पीडितलाई ऐ. ऐनको दफा १७ अनुसार पचास हजार क्षतिपूर्ति भराइदिनुपर्ने र प्रत्यर्थी/प्रतिवादी नरेन्द्र विष्टले सफाइ पाउने ठहर्‍याई सुरू बैतडी जिल्ला अदालतबाट मिति २०७२/०६/१४ मा भएको फैसला केही उल्टी गरी सजाय ठहर भएको र सफाइ पाएको हदसम्म सुरू फैसला सदर हुने र क्षतिपूर्ति भराउनुपर्ने हदसम्म उल्टी गरी सजाय पाएका प्रतिवादीहरू नरेशबहादुर विष्ट र हिमा भट्ट (विष्ट) बाट पीडितलाई क्षतिपूर्ति भराइदिनु नपर्ने ठहर्‍याई तथा प्रस्तुत कसुर गरेकोलाई नैतिक पतन देखिने कसुर गरेको कायम नहुने ठहर्‍याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३/०९/१८ गतेमा भएको फैसला मिलेको नै देखिएकोले सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरीइ मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।

न्या.कुमार रेग्मी

इजलास अधिकृत : यदुराज शर्मा

इति संवत् २०७८ साल असार ६ गते रोज १ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

फैसला मिति : २०७७।११।३

निर्णय नं. १०८३१

भाग: ६४ साल: २०७९ महिना: असार अंक: ३

फैसला मिति : २०७७/११/०३ ६१५

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७१-CR-१०७३

पुनरावेदक / प्रतिवादी : कपिलवस्तु जिल्ला, निग्लिहवा गा.वि.स. वडा नं.४ बस्ने भोला भन्ने विराहिम पठानको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : कपिलवस्तु जिल्ला, निग्लिहवा गा.वि.स. वडा नं. माइती घर भई हाल ऐ.पटना गा.वि.स. वडा नं.८ बस्ने भुखाली थारूको छोरी भीमाकुमारी थारू (चौधरी) समेत

०७३-CR-०६९३

पुनरावेदक / प्रतिवादी : नवलपरासी जिल्ला, रामग्राम नगरपालिका वडा नं.४ बस्ने अयोध्याको छोरा विनोदकुमार कोहार

विरूद्ध

प्रत्यर्थी / वादी : भोला भन्ने विराहिम पठानको जाहेरीले नेपाल सरकार

फैसला

न्या.सुष्मालता माथेमा साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) र (ग) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

मिति २०६७।६।२३ गते अं.९:०० बजेको समयमा जिल्ला कपिलवस्तु गा.वि.स. निग्लिहवा वडा नं.४ मा सिलाई कटाई गर्न गएकी वर्ष अं.१५ की मेरी छोरी परिवर्तित नाम एसकुमारी खातुन घरमा फर्की नआएकी र खोजतलास गर्दा भीमाकुमारी चौधरी, विनोद कोहार र कुर्वान अली अन्सारीसमेतले बेचबिखन गरेको पत्ता लागेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेतको जाहेरी दरखास्त।

९८४७३२६९०३ नं.को मोबाइलबाट मेरो ९८४७३२३८२९ नं.मा पटकपटक मिसकल आउने र मैले फर्काएपछि विनोद कोहार नाम गरेको मानिसले फोन गरेकोमा सम्पर्क गर्दै जाँदा विनोद कोहार र मेरो सम्बन्ध प्रगाढ बन्दै गएको र मेरै गाउँकी परिवर्तित नाम एसकुमारी खातुनले मेरो मोबाइल पटकपटक खेलाउनेसमेत गरेकी, कहिलेकाहीँ विनोद कोहारले उसको साथीको ९८०७५८०५०२ नं.को मोबाइलबाट फोनसमेत गरे तापनि विनोद कोहारले यस नम्बरमा फोन नगर्नु भनेका थिए, त्यसपछि मैले निजलाई फोन नगरे पनि सोही नम्बरबाट पटकपटक फोन आउने गरेको र उक्त फोन गर्ने मानिसले अन्जु परिवर्तित नाम एसकुमारी खातुनलाई बोलाउन भनेपछि मैले निजलाई फोन सम्पर्क गराएकी हुँ, पछि परिवर्तित नाम एसकुमारी खातुनलाई फोन गर्ने मानिस कुर्वान अली अन्सारी रहेछन्, पक्राउ परेका विनोदकुमार कोहार र मेरोसमेत फोनबाट प्रेम सम्बन्ध बढ्दै गएपछि हामी कुर्वान अली अन्सारी, विनोदकुमार कोहार, म र परिवर्तित नाम एसकुमारी खातुन भेटघाट गर्ने कुरा भएपछि म र परिवर्तित नाम एसकुमारी खातुन ओदारीसम्म पुग्यौं, निजहरू त्यहाँ आए, गफगाफ भयो, राजमति केवटले परिवर्तित नाम एसकुमारी खातुनलाई ४ नं.सम्म लगेको र विनोद कोहार र कुर्वान अली अन्सारीले निज परिवर्तित नाम एसकुमारी खातुनलाई सोही स्थानबाट लिई गएको थाहा भएकोमा जाहेरवालाको छोरी परिवर्तित नाम एसकुमारी खातुन हाल कहाँ छिन् भन्ने मलाई थाहा छैन, कुर्वान अली अन्सारीले नै बेचबिखन गरेको हुनुपर्छ भन्नेसमेतको प्रतिवादी भीमाकुमारी चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

परिवर्तित नाम एसकुमारी खातुनलाई सामान्य चिनेको भए पनि कुर्वान अली अन्सारीले निजलाई लिई गएको भन्ने २०६७।६।२३ गते मात्र थाहा पाएको हुँ। परिवर्तित नाम एसकुमारी खातुनलाई निज कुर्वान अली अन्सारीले नै बिक्री गरेको हुनुपर्छ भन्नेसमेतको प्रतिवादी विनोदकुमार कोहारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

परिवर्तित नाम एसकुमारी खातुनले जरूरी काम छ, मलाई ४ नं. सम्म पुर्‍याइदिनु भनेकोले साइकलमा राखी ४ नं. सम्म पुर्‍याएकी हुँ, त्यहाँ पुगेपछि निजले म यतै बस्छु, तिमी घरमा जाउ भनेकीले म फर्की आएकी हुँ, कुर्वान अलीसँग गएको भन्ने गाउँलेबाट थाहा पाएको हुँ, त्यसपछि फोन सम्पर्कसमेत नभएको हुँदा निज परिवर्तित नाम एसकुमारी खातुनलाई कुर्वान अलीले बेचबिखन गरेको हुनुपर्छ भन्नेसमेतको प्रतिवादी राजमति केवट (खरविन्द) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

परिवर्तित नाम एसकुमारी खातुनलाई प्रतिवादीहरूले बेचबिखन गरेको भन्ने थाहा भएको हो, निज परिवर्तित नाम एसकुमारी खातुन कहाँ छिन्, निज प्रतिवादीहरूलाई नै थाहा होला भन्नेसमेतको सन्तोषकुमार नाउ र कृष्णप्रसाद उपाध्यायले गरेको एकै मिलानको कागज ।

परिवर्तित नाम एसकुमारी खातुन र म गाउँमा सञ्चालित सिलाई कटाई तालिममा साथी हौं, मिति २०६७।६।२३ गते निज साथी र सोही समूहकी अर्की साथी राजमति केवट तालिममा सहभागी नभईकन बाहिरबाटै राजमति केवटको साइकलमा बसी गएका थिए, तत्काल कहाँ गए थाहा भएन र निज परिवर्तित नाम एसकुमारी खातुनलाई प्रतिवादीहरूले बेचबिखनका लागि लगेकोमा विश्वास लाग्छ भन्नेसमेतको विन्दु अधिकारीले गरेको कागज ।

परिवर्तित नाम एसकुमारी खातुन मिति २०६७।६।२३ गते एकाएक हराएको भन्ने थाहा पाई मसमेतका मानिसहरूले खोजतलास गर्दा फेला नपरेकी र सो विषयमा सोधखोज गर्दै जाँदा भीमा चौधरी, विनोद कोहार, राजमति केवट र कुर्वान अली अन्सारीले बिक्री गरेको भन्ने थाहा भएको हो, कहाँ के कति रकम लिई बिक्री गरी कहाँ राखेका छन् भन्ने निजहरूलाई नै थाहा होला भन्नेसमेतको करिब एकै मिलानको रामप्रसाद पौडेलसमेतले लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न जाहेरी दरखास्त, पक्राउ प्रतिवादीहरूले गरेको बयान कागज, बुझिएका विन्दु अधिकारीले गरेको कागज र वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरिदिएको कागज बेहोरासमेतका आधार प्रमाणबाट परिवर्तित नाम एसकुमारी खातुनलाई प्रतिवादीहरू विनोदकुमार कोहार, कुर्वान अली अन्सारीले झुठो माया जालमा पारी अभिभावकलाई जानकारी नदिई निजको घरबाट छुटाई लगी प्रतिवादी कुर्वान अलीको घरमा लगी आर्थिक फाइदा लिने उद्देश्यले बिक्री गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत दफा ४(२)(ख) तथा दफा ४(१)(क) को कसुर अपराध गरेको हुँदा निज प्रतिवादी विनोदकुमार कोहार र कुर्वान अली अन्सारीलाई सोही ऐनको दफा १५(१)(क) र १५(१)(ङ)(१) बमोजिम सजाय गरिपाउँ र प्रतिवादीहरू भीमाकुमारी चौधरी र राजमति केवटले विनोदकुमार कोहार र कुर्वान अली अन्सारीसँग सम्पर्क गराइदिने एवं परिवर्तित नाम एसकुमारी खातुनलाई कुर्वान अली मुसलमानसँग भाग्ने क्रममा साइकलमा राखी चार नम्बर कपिलवस्तुसम्म पुर्‍याई प्रतिवादीहरू कुर्वान अली अन्सारी र विनोदकुमार कोहारले मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यमा सहयोग पुर्‍याई निज प्रतिवादीहरू राजमति केवट र भीमाकुमारी चौधरीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत दफा १५(१)(ज) को कसुर गरेकोले निजहरूलाई सोही ऐनको दफा १५(१)(ज) बमोजिम सजाय हुनुपर्ने भन्नेसमेत बेहोराको अभियोग मागदाबी ।

जाहेरवाला विराहिम पठानसँग जग्गाको बारेमा झगडा थियो । २०६६ सालको आषाढदेखि विनोदकुमार र भदौदेखि कुर्वान अलीलाई चिन्दछु । मैले कसैलाई बेचबिखन गरेकी छैन । अनुसन्धान अधिकारीसमक्ष भएको बयान ठिक हो, हस्ताक्षर सहीछाप मेरै हो भन्नेसमेतको प्रतिवादी भीमाकुमारी थारू चौधरीले सुरू अदालतमा गरेको बयान ।

मैलेजाहेरवाला,परिवर्तितनामएसकुमारीखातुनरसहप्रतिवादीहरूलाईसमेतचिन्दिनँ।जाहेरीदरखास्तझुठाहो।मिति२०६७।६।२३गतेमघरमै थिएँ । सहप्रतिवादी भीमाकुमारी चौधरीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान झुठा हो । अनुसन्धान अधिकारीसमक्ष मैले बयान गरेकी होइन, जबरजस्ती सहीछाप गराएका हुन् । मैले साइकल चलाउन जान्दिन । जाहेरवालाको छोरी परिवर्तित नाम एसकुमारी खातुनलाई मैले साइकलमा राखी चार नम्बरसम्म लगेको भनी सहप्रतिवादी भीमा चौधरीले के कसरी बयान दिइन् थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी राजमति केवट (खरविन्द) ले सुरू अदालतमा गरेको बयान ।

मैले जाहेरवाला, परिवर्तित नाम एसकुमारी खातुनलाई चिन्दिनँ । जाहेरी दरखास्त झुठा हो । मिति २०६७।६।२३ गते म घरमै थिएँ । सहप्रतिवादी भीमासँग मात्र फोनमा कुराकानी भएको हो, भेटघाट भएको छैन । अन्य प्रतिवादीहरूलाई चिन्दिन । अनुसन्धान अधिकारीसमक्ष भएको बयान कागजको बेहोरा मैले भनेबमोजिम लेखिएको होइन । मैले सजाय हुने त्यस्तो केही काम गरेको छैन भन्नेसमेतको प्रतिवादी विनोदकुमार कोहारले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीहरू भीमाकुमारी चौधरी, राजमति केवट र विनोदकुमार कोहारसमेतलाई अ.बं.११८(२) बमोजिम थुनामा राख्न अ.बं.१२१ नं.बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय, कपिलवस्तुमा लेखी पठाइदिनु भन्नेसमेतको मिति २०६८।३।१६ गतेको सुरू जिल्ला अदालतको आदेश ।

प्रतिवादी कुर्वान अली अन्सारीले सुरू म्यादै गुजारी बसेको ।

मिति २०६८।३।७ गते प्रहरीसमक्ष भएको कागज बेहोरा र सहीछाप मेरै हो । एसकुमारी हराएकी भनी निजको बाबुले भनेका र खोजतलास गर्दा भीमाकुमारीसँग ओदारीतिर गएको भन्ने थाहा भई निज भीमाकुमारीसँग सोध्दा नवलपरासीको केटासँग गएको भनी

फोन नम्बर दिएकाले सो नम्बर लिई नवलपरासी गई निज केटासँग भेटी मोबाइल हेर्दा १७ पटकसम्म भीमाकुमारीसँग फोन गरेको भेटिएको र जाहेरवालाको सहयोगमा विनोदकुमारलाई पक्राउ गरेको हो । परासी गई गाउँ समाजसँग छलफल गर्दा चिनक कुर्मीलाई पीडित एसकुमारी खोज्न भनी समाजको जिम्मा छोडेर आयौँ । पीडित हराएको ८/९ महिनासम्म कहाँ बसिन् थाहा भएन भन्नेसमेतको बुझिएका वादीका साक्षी सन्तोषकुमार नाउले गरेको बकपत्र ।

विनोदलाई प्रहरीले १ महिनापछि फेला पारेको हो । कुर्वान अलीले लुकाएर राखेको हुन सक्छ र बेचेको पनि हुन सक्छ, अनुमानको भरमा कागज गरेको हुँ । निजलाई बिक्री गरे नगरेको मलाई थाहा छैन भन्नेसमेतको वस्तुस्थिति मुचुल्काका अब्दुल सत्तारले गरेको बकपत्र ।

विनोद कोहारको चाल चलन राम्रो छ, निज मानव बेचबिखन गर्ने मानिस होइनन् भन्नेसमेत बेहोराको विनोद कोहारको साक्षी पदम चौधरीले गरेको बकपत्र ।

जाहेरी दरखास्तको बेहोरा र सहीछाप मेरै हो । साँझ घरमा आउँदा छोरी एसकुमारीलाई नदेखेकाले श्रीमतीसँग सोध्दा राजमति आई एक छिन बसेर एसकुमारी र राजमति घरबाट गएका हुन् भनी बताएकीले अर्को दिन राजमतिकोमा गई सोध्दा यहाँबाट त गई भनी राजमतिको आमाले बताएकी र राजमतिले एसकुमारीसँग विकलीको पिपलको रूखसम्म सँगै गएको भनी भनेकी र पछि केरकार गर्दा ओदारीसम्म लगेर छोडे भनी भनेकी र भीमाकुमारीसँग सोध्दा निजले दिएको फोन नम्बर लिई परासी गई खोजतलास गर्दा विनोद कोहार र कुर्वान अली अन्सारीले ल्याएका छन् भनी चिनक कुर्मीले भनेका, भीमाकुमारी र कुर्वान अलीबिच १७ पटकसम्म मोबाइलमा कुरा भएको मोबाइलबाट देखिएको र फोनमा भीमाकुमारीले एसकुमारीलाई विनोदकुमार कोहारले लगेको भनी भनेकी थिइन् भन्नेसमेत बेहोराको जाहेरवाला भोला भन्ने विराहिम पठानले गरेको बकपत्र ।

मैले सिलाइ कटाइको काम सिकिरहेकी र कैँचीमा सान लगाउन ओदारी जाउँ भनी राजमतिले भनेकीले निजसँग ओदारी गएँ । त्यहाँ पुगेपछि राजमतिले पसल बन्द छ भनिन् र त्यहाँ भीमाकुमारीसमेत थिइन् । म घर फर्कन थाल्दा भीमाकुमारीले मलाई रोकी ४ नं. जाउँ भनेकीमा मैले घरमा गाली गर्छन् भनी भन्दै गर्दा बस आइपुगेकाले राजमति, भीमा र म बसमा चढ्यौं, सो बसमा भीमा र राजमतिको २ जना मानिसहरू पनि रहेछन् । निजहरू को हुन् भनी सोध्दा हामीसँगै पढेका साथी हुन् भने । चार नम्बर पुगेपछि मलाई एक्लै राखी भीमाकुमारी, मनोज र विनोदले एक आपसमा कुरा गरेका र मैले घर जाउँभन्दा म जान्न तँ जा जहदी उतारिदिन्छ भनी भनेकीमा बसले मलाई बुटवल लग्यो । म बुटवल कहिले पनि नगएकीले रोइरहेकी थिएँ, २ जना लोग्ने मानिस म भएको ठाउँमा आई भीमा परासी पुगेकी छन् र तिमीलाई पनि त्यहीँ बोलाएकी छन् भनेकाले म निजहरूसँगै परासी गएँ । त्यहाँ जमिनमुनि रहेको एक जना बुढी आइमाईको घरमा पुगियो । बुढीले विनोद नाम सम्बोधन गर्दै कुराकानी गरिरहेकी थिइन् । म निज बुढी आइमाईसँगै करिब ३ महिना बसेँ, त्यहाँ बस्दा दिन दिनै मैले नचिनेका एक जना मानिस आउँथे र मेरो अस्तित्व लुट्दथे । ३ महिना बितेपछि एक दिन एक जना मानिससँग अब कमाइ हुन छाड्यो, यो केटीलाई पञ्जाब लैजाउ भनेको सुनेपछि एक दिन घरबाट भागी बसमा चढी बुटवलमा आएँ । बुटवलबाट ४ नं. जाने बसमा चढेकोमा पैसा नभएकोले रानिवगीया भन्ने ठाउँमा उतारिदिए । रोइ कराइ गरी एक जनाको घरमा बसेँ । त्यो घरकालाई मेरो घरमा पुर्‍याइदेउ भन्दा बहिनीको विवाह भएकाले मलाई काम गर्न भनी सुनौली लग्यो । त्यहाँ मलाई बाहिर आउन दिँदैनथे । एक दिन औषधी किन्ने बहाना बनाएर बाहिर निस्की प्रहरीलाई खबर गरेँ, त्यसपछि प्रहरीले मलाई घरमा ल्याइदिएको हो । मलाई बेचबिखन गरेका हुन् या के कसरी बुढी आइमाईलाई दिए थाहा भएन । मलाई परासी भनी २ जनाले लगेका हुन्, परासी हो या अन्य ठाउँमा हो थाहा भएन भन्नेसमेतको पीडित एसकुमारी खातुनले गरेको बयान ।

तीन महिनाभन्दा अगाडिको कल डिटेल पठाउन नसकिने भनी उल्लेख भई आएकाले पठाउन नसकिएको भन्नेसमेतको जिल्ला सरकारी वकिल कार्यालयको पत्र ।

प्रतिवादीमध्ये कुर्वान अली अन्सारी फरार रहेको हुँदा निजको हकमा मुद्दा मुलतबिमा रहने र प्रतिवादीहरूमध्ये विनोदकुमार कोहारले प्रतिवादी कुर्वान अली अन्सारीको सल्लाह तथा सहयोगमा पीडित परिवर्तित नाम एसकुमारी खातुनलाई ललाइफकाइ गरी कपिलवस्तुबाट नवलपरासीसम्म पुर्‍याई फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएको पुष्टि भएकोले निज प्रतिवादी विनोदकुमार कोहारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ख) बमोजिम १० वर्ष कैद र पचास हजार जरिवाना हुने ठहर्छ, निजको हकमा दफा १५(१)(क) को दाबी पुग्न सक्दैन, अर्का प्रतिवादी भीमाकुमारी थारू र राजमति केवटले पीडितलाई प्रतिवादी विनोद कोहारसँग भेट गराई जानी जानी निजहरूसँग चिनजान गराई ४ नं.सम्म साइकलमा राखी भाग्ने कार्यमा सहयोग पुर्‍याई पीडितलाई अनैतिक कार्यमा लगाउने कार्यमा सल्लाह वा सहयोग गरेको भन्ने पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरू भीमाकुमारी थारू र राजमति केवटलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम जनही ५ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ठहर्छ भन्ने सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७०।५।१६ को फैसला ।

प्रतिवादीमध्येको म राजमति केवटको अभियोग दाबीबमोजिमको कसुरमा के भूमिका थियो भन्ने जाहेरी दरखास्तमा उल्लेख भएको छैन, सहप्रतिवादी भीमाकुमारी चौधरीको पोल बयानबाट म राजमति केवटलाई प्रतिवादी बनाइएको छ, प्रतिवादी भीमाकुमारी चौधरीले

अदालतमा बयान गर्दा मैले कुनै कसुर गरेको हो भनी लेखाउन सकेको अवस्था नहुँदा सहप्रतिवादीको बयान अदालतबाट पुष्टि नभएसम्म प्रमाणमा लिन नमिल्ने हुँदा सोतर्फ मेरो प्रमाणको मूल्याङ्कन नै नगरी भएको सुरू फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को विपरीत भएको छ । प्रहरीमा कागज गर्ने व्यक्ति सन्तोषकुमार नाउ, कृष्णप्रसाद उपाध्याय, विन्दु अधिकारी तथा वस्तुस्थिति मुचुल्काका अव्दुल सत्तारको अदालतमा भएको बकपत्रसमेतबाट म निर्दोष रहेको भन्ने कुरा पुष्टि भएको छ, जाहेरवालाको जाहेरी दरखास्त तथा अदालतमा भएको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा मेरो कुनै संलग्नता नभएको भन्ने पुष्टि भइरहेको अवस्थामा मलाई दोषी करार गरी भएको सुरू अदालतको फैसला त्रुटिपूर्ण हुँदा सुरू फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी राजमति केवटको पुनरावेदन अदालत बुटवलमा परेको पुनरावेदनपत्र ।

प्रतिवादी विनोदकुमार कोहारले पीडित एसकुमारीलाई कपिलवस्तुबाट बुटवल हुँदै परासीसम्म पुर्‍याई तेस्रो महिलालाई जिम्मा लगाएको र तेस्रो महिलाले एसकुमारीलाई वेश्यावृत्तिमा लगाएको कुरालाई फैसलामा स्वीकार गरिएको छ । प्रतिवादी विनोदकुमार कोहारले पीडित एसकुमारीलाई कपिलवस्तुबाट नवलपरासीसम्म पुर्‍याई तेस्रो व्यक्तिलाई बिक्री गरेको र निज तेस्रो व्यक्ति महिलाले एसकुमारीलाई वेश्यावृत्तिमा लगाएको तथ्य पुष्टि भइरहेकोमा प्रतिवादी विनोदकुमार कोहारलाई अभियोग दाबीभन्दा कम दफा १५(१)(ख) बमोजिम सजाय भएको सुरू फैसला त्रुटिपूर्ण रहेको छ । अ.बं.१९२ नं.बमोजिम दाबी लिइएका सबै विषयमा फैसलामा बोल्नुपर्नेमा सो नबोली भएको उक्त फैसला उक्त कानूनविपरीत रहेको छ । प्रतिवादी विनोद कोहारले मानव बेचबिखन तथा ओसारपसार गरेको पुष्टि भएको अवस्थामा निजलाई मद्दत पुर्‍याउने प्रतिवादीहरू राजमति केवट र भीमाकुमारी थारूलाई समेत मूल प्रतिवादीलाई हुने सजायको आधा सजाय हुनुपर्नेमा सोभन्दा कम सजाय हुने गरी भएको सुरू फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत बुटवलमा परेको पुनरावेदनपत्र ।

म भीमाकुमारीउपर जाहेरीमा नामसम्म उल्लेख भए पनि जाहेरवालाले अदालतमा बकपत्र गर्दा मेरो हकमा जाहेरीलाई पुष्टि हुने गरी बकपत्र भएको अवस्था छैन, पीडितलाई खोज्न प्रतिवादीमध्येको कुर्वान अलीको मोबाइल नं.समेत दिई सहयोग गरेको अवस्था देखिएको र अव्दुल सत्तारको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा मेरो संलग्नता नदेखिएको हुँदा फैसलामा लिइएको आधार त्रुटिपूर्ण रहेको छ । अधिकारप्राप्त अधिकारी र अदालतमा समेत म आरोपित कसुरमा इन्कार भई बयान गरेको अवस्था छ, पीडित तथा जाहेरवालाको अदालतमा भएको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा मेरो कहींकतैबाट पनि संलग्नता नदेखिएको अवस्थामा मिसिल संलग्न प्रमाणहरूको विश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला उल्टी गरी न्याय पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भीमाकुमारी थारू (चौधरी) को पुनरावेदन अदालत बुटवलमा परेको पुनरावेदनपत्र ।

सुरू फैसलामा किटानी जाहेरी भनी उल्लेख गरिएको छ, जाहेरी हराएको ६ महिनापछि मात्र दिइएको छ जुन विलम्बको सिद्धान्तले त्रुटिपूर्ण रहेको छ, हराएको ११ महिनापछि छोरी घरमा आएको भनी जाहेरवालाले अदालतमा बकपत्र गरेका छन् । ११ महिनाको अवधिमा निज कहाँ कहाँ बसिन् थाहा नभएको भनी गरेको जाहेरवालाको बकपत्र विरोधाभाषपूर्ण रहेको छ । वस्तुस्थिति मुचुल्काका अव्दुल सत्तार र बुझिएका सन्तोष कुमार नाउको बकपत्रसमेतबाट निज एसकुमारीलाई मैले कपिलवस्तुबाट नवलपरासीसम्म पुर्‍याई वेश्यावृत्तिमा लगाएको भन्ने तथ्य पुष्टि भएको छैन । पीडित तथा जाहेरवालाको अदालतमा भएको विरोधाभाषपूर्ण बकपत्रलाई मुख्य आधार बनाई केवल शंकाको भरमा मात्र मलाई दोषी ठहर गर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबाट पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादी विनोदकुमार कोहारको पुनरावेदन अदालत बुटवलमा परेको पुनरावेदनपत्र ।

यसमा प्रतिवादीहरूको र नेपाल सरकारको दोहोरो पुनरावेदन परेको देखिएकोले पुनरावेदन पत्रहरू अ.बं.२०२ को प्रयोजनार्थ एक अर्कालाई जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७०।११।१३ को आदेश ।

प्रतिवादी विनोदकुमार कोहारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ख) बमोजिम १० वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादीद्वय भीमाकुमारी थारू र राजमति केवटलाई ऐ.ऐनको दफा १५(१)(ज) बमोजिम जनही ५(पाँच) वर्ष कैद र रू.२५,०००।– (पच्चिस हजार) का दरले जरिवाना हुने भनी सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७०।५।१६ गते भएको फैसला मिलेको नदेखिँदा प्रतिवादी राजमति केवटको हकमा उल्टी भई निजले सफाइ पाउने ठहर्छ । साथै प्रतिवादीहरू भीमाकुमारी थारू र विनोदकुमार कोहारको हकमा केही उल्टी भई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(च) बमोजिम जनही २(दुई) वर्ष कैद हुने ठहर्छ । अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसम्मको वादी नेपाल सरकारको तथा सफाइ पाउँ भन्नेसम्मको प्रतिवादी भीमाकुमारी थारू र विनोदकुमार कोहारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।२८ मा भएको फैसला ।

प्रतिवादी विनोदकुमार कोहारउपर आफू विवाहित हुँदाहुँदै अविवाहित भएको भनी विभिन्न मितिमा पीडित एसकुमारी खातुनसँग फोन तथा भेटघाट गरी मायाजालमा पारी मिति २०६७।६।२३ मा एसकुमारी खातुनलाई अभिभावकलाई जानकारी नदिई निजहरूबाट छुटाई प्रतिवादी कुर्वान अली अन्सारीको घरमा लगी त्यहाँबाट आर्थिक फाइदा लिने उद्देश्यले बिक्री गरेकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२)(ख) तथा दफा ४(१)(क) को कसुरमा ऐ.को दफा १५(१)(क) र दफा १५(१)(ङ) (१) बमोजिम सजाय हुन मागदाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादी विनोदकुमार कोहारसमेतले प्रतिवादी भीमाकुमारी थारू र राजमति केवटको सहयोगमा पीडित एसकुमारी खातुनलाई निजको घरबाट ४ नं. र बुटवल हुँदै परासी पुर्‌याई अर्कै महिलालाई जिम्मा दिई निज महिलाले वेश्यावृत्ति गर्न बाध्य बनाएको भन्ने निज पीडितको अदालतसमक्षको बकपत्रसमेतबाट पुष्टि भएको र सो कुरा सुरू फैसलामा पनि स्वीकार गरिएको छ । प्रतिवादी विनोदकुमार कोहारसमेतले एसकुमारी खातुनलाई कपिलवस्तुबाट बुटवल हुँदै नवलपरासीसम्म लैजानु, त्यहाँ तेस्रो महिलालाई जिम्मा लगाउनु र निज महिलाले वेश्यावृत्तिमा लगाउनुले प्रमाण ऐन, २०३१ को दफा ७(ग) बमोजिम निज प्रतिवादीले अपरिचित महिलालाई बिक्री गरेको र निज महिलाले वेश्यावृत्तिमा लगाएको भन्ने तर्कसङ्गतरूपमा न्यायिक अनुमान गर्न सकिन्छ । पुनरावेदन अदालतको फैसलामा पनि प्रतिवादीहरूले किन्ने वा बेच्ने उद्देश्यले विदेश लगेको र ११ महिनासम्म पीडित सहप्रतिवादी कुर्वान अलीको नियन्त्रणमा रहेको भन्ने उल्लेख भएबाट समेत प्रतिवादीहरूउपरको आरोपित कसुर थप पुष्टि भइरहेको अवस्थामा प्रतिवादी विनोदकुमारले शोषण गर्ने उद्देश्यले मात्र सो कार्य गरेको भनी निजलाई अभियोग दाबीभन्दा पृथक् दफा १५ (१) (च) बमोजिम सजाय गर्ने गरी भएको उक्त फैसला त्रुटिपूर्ण छ । प्रतिवादी विनोदकुमार कोहारउपर ओसारपसारसमेत गरेको आरोपमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ.को दफा १५(१)(ङ)(१) बमोजिमसमेत सजाय हुन मागदाबी रहेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार मानिस किनबेच गर्ने र ओसारपसार गर्ने व्यक्ति एउटै भएमा दुवै कसुरमा छुट्टाछुट्टै सजाय हुने कानूनी व्यवस्था रहेको छ । फैसलामा पीडितलाई प्रतिवादीहरूले किन्न वा बेच्नका लागि विदेश लगेको र ११ महिनासम्म पीडित फरार प्रतिवादी कुर्वान अलीको नियन्त्रण रहेको भन्ने उल्लेख भएबाट प्रतिवादी विनोदकुमारले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिन्छ । यस ऐन प्रयोजनको लागि शोषण भन्नाले दास तुल्याउने, बाँधा बनाउने र शरीरको अङ्ग झिक्ने कार्यलाई जनाउने हुँदा पीडितलाई यी कुनै पनि कार्यका लागि नलगेको हुँदा शोषण गर्ने उद्देश्यले लगेको भन्ने पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ । फैसलामा एकातिर किन्न वा बेच्नको लागि लगेको भन्ने कुरा स्वीकार गरिएको छ भने अर्कोतिर शोषण गर्ने उद्देश्यले लगेको भन्ने स्वीकार गरिएकोले फैसला विरोधाभासपूर्ण छ । फैसलामा उल्लिखित शोषण यौन शोषणको रूपमा उल्लेख गरिएको हो भने सजाय दफा १५(१)(च) बमोजिम गर्न मिल्दैन । किनभने उक्त दफा ऐनको दफा २(ङ) बमोजिमको शोषण गरिएको अवस्थामा मात्र आकर्षित हुन्छ । तर प्रस्तुत मुद्दाको सन्दर्भमा शोषण भन्नाले यौन शोषण नै रहेकोले दफा १५(१)(च) बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला ऐनमा उल्लिखित शोषण शब्दको व्याख्यात्मक त्रुटि गरी भएकोले बदरभागी छ । उपर्युक्त प्रकरणहरूमा विवेचित आधार, कारणहरूबाट प्रतिवादी विनोदकुमार कोहारले मानव बेचबिखन र ओसारपसार गरेको पुष्टि भइरहेको अवस्थामा निजलाई दुवै कसुरमा सजाय गर्नुपर्नेमा सो नगरी असङ्गत दफा १५(१)(च) बमोजिम सजाय भएको र निजलाई मद्दत पुर्‌याउने भीमाकुमारी थारू र राजमति केवटलाई समेत मूल प्रतिवादी विनोदकुमार कोहारलाई हुने सजायको आधा सजाय गर्नुपर्नेमा प्रतिवादी राजमति केवटलाई सफाइ र अर्का प्रतिवादी भीमाकुमारी थारूलाई दफा १५(१)(च) बमोजिम नै सजाय हुने ठहरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र ।

पीडित भनिएकी एसकुमारी मिति २०६७।६।२३ देखि हराएकी भनिएको छ । मेरो पूर्वप्रेमिका भीमाकुमारीले निजलाई घरबाट लिई हिँडेको भनिएको छ र घटनाभन्दा पहिलेदेखि नै मेरो श्रीमतीसँग निजको फोन सम्पर्क भएपछि भीमाकुमारीले आफूलाई म विनोदले धोका दिएको भनी मलाई फसाउन रिसइवी साँधी बसिरहेको अवस्थामा मेरो नाम जाहेरवालालाई दिई मिति २०६८।२।१७ मा जाहेरीमा मेरो नामसमेत लेखी मलाई मिति २०६८।२।१९ मा पक्राउ गराउने काम भएको छ । मिति २०६८।३।१३ मा अभियोग दायर भएको छ । मिति २०६९।२।३०-३१ मा साक्षी बकपत्र भएका छन् भने मिति २०६९।८।१९ मा एसकुमारीको अ.बं.१३९ नं. बमोजिम भनी अदालतबाट बयान गराइएको छ । सो समयमा म पुर्पक्षको क्रममा थुनामा रहेको अवस्थामा प्रथमतः तथाकथित पीडित भनिएको व्यक्तिलाई वादीले नै आवश्यक अनुसन्धान गरी कागज वा बयान कागज गराई अदालतमा पेस गर्नुपर्ने गरिएन । सो क्रममा पक्राउ परेको मसमेतलाई अ.बं.१७३ नं. बमोजिम निजबाट सनाखत गराई अपराधमा संलग्न वास्तविक व्यक्ति को हो ? को होइन ? सुरूमै यकिन गर्नुपर्नेमा सो नभएको अवस्थामा स्वयम् अदालतले अ.बं.१३९ नं.को बयान गराउने तर आफैँले थुनामा राखेको म प्रतिवादी निज पीडित भनिएको व्यक्तिलाई नदेखाउने नचिनाउने र बयानमा समेत रोहबर नराखी गैरकानूनी कागज खडा गर्ने र म निर्दोष व्यक्तिलाई सहप्रतिवादी भीमाकुमारीको कथनको आधारमा गैरकानूनी थुनामा राख्ने काम भयो । अदालतले निजको बयान लिएपछि पनि जसरी यस ऐनअन्तर्गतका कागज सनाखत गराउने प्रक्रिया हुन्छ त्यसरी नै सो बयानउपर जिरह गर्न पाउने अधिकारबाट वञ्चित गरी मलाई सनाखत गर्ने गराउने कार्यसमेत सुरू अदालतबाट भएन र पुनरावेदन अदालतको ध्यानसमेत यस्तो वास्तविक कुरामा पुगेन । पीडित भनिएकी एसकुमारीले मिति २०६७।६।२३ मा मलाई भीमाकुमारीबाट छुटाई लैजाने विनोद भन्ने व्यक्ति यहीँ हो भनी सनाखत नगराई

म कसुरमा संलग्न नभएको निर्दोष व्यक्तिको मानवाधिकार तथा मौलिक अधिकार र वैयक्तिक अधिकार हरण गरी २ वर्षसम्म थुनामा राखियो । मैले पीडित भनिएकी एसकुमारीलाई नचिने नजानेको र कुर्वान अलीलाई र निज तथा अन्य कसैलाई पनि कुर्वान अली भन्ने व्यक्तिलाई जिम्मा लगाउनेलगायतका कार्य नगरेको अवस्थामा मैलेसमेत जिम्मा लगाएको भन्ने पुष्टि हुने आधार मिसिलमा छैन । यदि मैले एसकुमारीलाई कसैको जिम्मा लगाएको भए त्यसमा मेरो स्वार्थ के थियो ? मसँग पीडितको कुनै रिसइवी थियो कि ? मैले पीडितलाई कुर्वान अलीलाई जिम्मा लगाउँदा कुनै आर्थिक स्वार्थ थियो कि ? वा मैले अन्य कुनै स्वार्थको लागि त्यस्तो कार्य गरेको वा गर्नुपर्ने कारण के थियो? मिसिलमा जाहेरवाला, पीडित, अन्य कागज गर्ने तथा सहप्रतिवादीहरूले समेत लेखाउन र भन्न सकेका छैनन् । यस्तो अवस्थामा प्रमाण ऐनको दफा १०, २५, १८, ३७ तथा ५०, ५२ र अ.बं. १७३ तथा १९२ विपरीत गरी वास्तविक प्रमाणको मूल्याङ्कन नगरी सहप्रतिवादी भीमाकुमारीसँग मेरो चिनाजान थियो भन्ने आधारमा मात्र मलाई दोषी ठहर गरी सजाय गर्न मिल्ने होइन । स्वयं भीमाकुमारीसँग मेरो श्रीमतीको कुरा भएपछि भीमाकुमारीसँग मेरो विवाद रही मोबाइल फुटे फुटालेको भन्ने कुरा प्रस्ट रहेकोमा भीमाकुमारीले समेत मलाई फसाउन इवी राखेकी र म वारदात भनिएको समय र स्थानमा नरहेको र निजसँग चिनाजान थियो भन्ने आधारमा जो कोही व्यक्तिलाई कसुरदार ठहर गर्दै जाने हो भने फौजदारी न्यायको सिद्धान्तको ठाडो बर्खिलाप हुन्छ । प्रस्तुत मुद्दामा पनि यस्तै गरी फैसला गर्दा मलाई अन्याय भएको छ । मैले कसुर गरेको भन्ने शंकाजन्य प्रमाणसमेत नरहे नभएको र स्वयं वादी पक्षले गराएको बयान र अदालतको बयानमा समेत म कसुरमा इन्कार रही बयान गरेको छु । मेरा साक्षी तथा स्वयम् वादीका साक्षीबाट मैले कुनै पनि कसुर नगरेको पुष्टि भएको छ । जाहेरीमा मैले कुनै कसुर गरेको भन्ने उल्लेख छैन । जाहेरवालाको बकपत्रको स.ज.५/७ मा समेत मैले कसुर गरेको भन्न र लेखाउन सकेका छैनन् । कसले के कसुर गरे छोरीलाई नै थाहा होला मैले भीमाकुमारीले भनेर जाहेरी दिएको हुँ भन्ने जाहेरवालाको बकपत्र रहेको छ । कागज गर्ने अब्दुल सत्तार, सन्तोष नाउसमेतका व्यक्तिहरूसमेतले म विनोद यो यसरी कसुरमा संलग्न दोषी व्यक्ति हो भनी कागज तथा बकपत्रसमेत गर्न सकेका छैनन् । यस अवस्थामा अ.बं.१८४क र १८५, १९२ विपरीत गरी गरिएको फैसला त्रुटिपूर्ण रहेको छ भन्नेसमेत बेहोराको प्रतिवादी विनोदकुमार कोहारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकार तथा प्रतिवादी विनोदकुमार कोहारको दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन अ.बं.२०२ नं.को प्रयोजनार्थ वादी पक्षको पुनरावेदनको जनाउ प्रतिवादीहरूलाई तथा प्रतिवादीको पुनरावेदनको जनाउ महान्यायाधिवक्ताको कार्यालयलाई दिई अनुपस्थित प्रतिवादीहरू भीमाकुमारी थारू (चौधरी) र राजमति केवट (खरविन्द) लाई म्याद जारी गरी झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।२।१६ को आदेश ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री ऋद्धिनाथ निरौलाले प्रत्यर्थी प्रतिवादी विनोदकुमार कोहारसमेतले प्रत्यर्थी प्रतिवादी भीमाकुमारी थारू र राजमति केवटको सहयोगमा पीडित एसकुमारी खातुनलाई निजको घरबाट ४ नं. र बुटवल हुँदै परासी पुर्‍याई अर्कै महिलालाई जिम्मा दिई निज महिलाले वेश्यावृत्ति गर्न बाध्य बनाएको भन्ने पीडितले अदालतसमक्षको बकपत्रसमेतबाट पुष्टि भएको र सो तथ्यलाई सुरू फैसलामा पनि स्वीकार गरिएको अवस्था छ । प्रत्यर्थी प्रतिवादी विनोदकुमार कोहारसमेतले एसकुमारी खातुनलाई कपिलवस्तुबाट बुटवल हुँदै नवलपरासीसम्म लैजानु, त्यहाँ तेस्रो महिलालाई जिम्मा लगाउनु र निज महिलाले वेश्यावृत्तिमा लगाउनुले प्रमाण ऐन, २०३१ को दफा ७(ग) बमोजिम निज प्रतिवादीले अपरिचित महिलालाई बिक्री गरेको र निज महिलाले वेश्यावृत्तिमा लगाएको भन्ने तर्कसङ्गतरूपमा न्यायिक अनुमान गर्न सकिने देखिएकोमा शोषणमा सजाय गरेको साबिक पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको छैन । उक्त ऐनको दफा २(ङ) मा गरिएको शोषणको परिभाषामा प्रतिवादीहरूको कार्य पर्दैन, राजमतिको हकमा पीडितको बयान कागजमा नाम किटिएको, मौकामा बयान गर्दा साइकलमा पीडितलाई पुर्‍याइदिएको भनी स्वीकारेबाट निज राजमति र भीमासमेत मतियार देखिएको अवस्थामा राजमतिलाई सफाइ र भीमालाई कम सजाय गरेको फैसला बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भनी बहस गर्नुभयो । पुनरावेदक प्रतिवादी विनोदकुमार कोहार र प्रत्यर्थी प्रतिवादी राजमति केवटको तर्फबाट उपस्थित विद्वान् वैतनिक कानून व्यवसायी अधिवक्ताद्वय श्री इन्दिरा सिलवाल र श्री रजिता थापाले पीडितले अदालतमा उपस्थित भई अ.बं.१३९ नं.बमोजिम गरेको बयानको स.ज.६ मा प्रत्यर्थी प्रतिवादीहरूले के कसरी कतिमा कसलाई बेचेको भन्ने स्पष्ट छैन भनी उल्लेख गरेबाट किनबेच गरेको तथ्य स्थापित हुन सकेको छैन । प्रस्तुत मुद्दाको जाहेरी दरखास्त ७(सात) महिना ढिलो गरी दर्ता गरेको देखिएको हुँदा पनि जाहेरी कपोलकल्पित भई प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

मिसिल संलग्न कागजात अध्ययन गरी विद्वान् उपन्यायाधिवक्ता तथा वैतनिक कानून व्यवसायीहरूको बहससमेत सुनी प्रस्तुत मुद्दामा साबिक पुनरावेदन अदालत बुटवलको मिति २०७०।११।२८ को फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो वा होइन ? भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०६७।६।२३ गते सिलाइ कटाइ गर्न गएकी छोरी घरमा फर्की नआएकी र खोजतलास गर्दा भीमाकुमारी चौधरी, विनोदकुमार कोहार र कुर्वान अली अन्सारीसमेतले बेचबिखन गरेको पत्ता लागेको हुँदा प्रतिवादीहरूउपर कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको पीडितका पिताको जाहेरी परी प्रतिवादीहरू विनोदकुमार कोहार र कुर्वान अली अन्सारीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क) र दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(क) र १५(१)(ङ) बमोजिम र प्रतिवादीहरू राजमति केवट र भीमाकुमारी चौधरीलाई ऐ.ऐनको दफा १५(१)(ज) को कसुरमा १५(१)(ज) बमोजिम सजाय गरिपाउँ भनी अभियोग दायर भएको प्रस्तुत मुद्दामा प्रतिवादी विनोदकुमार कोहारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ख) बमोजिम १० वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) र प्रतिवादीहरू भीमाकुमारी थारू र राजमति केवटलाई ऐ.ऐनको दफा १५(१)(ज) बमोजिम जनही ५ वर्ष कैद र रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ठहर गरेको कपिलवस्तु जिल्ला अदालतको फैसला प्रतिवादी राजमति केवटको हकमा उल्टी भई निजले सफाइ पाउने र प्रतिवादीहरू भीमाकुमारी थारू र विनोदकुमार कोहारको हकमा केही उल्टी भई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(च) बमोजिम जनही २(दुई) वर्ष कैद हुने गरी साबिक पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।२८ मा भएको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको र प्रतिवादी विनोदकुमार कोहारको तर्फबाट पुनरावेदन परी निर्णयको लागि पेस भएको देखियो ।

३. यसमा पुनरावेदक प्रत्यर्थी प्रतिवादीहरूलाई लगाइएको अभियोग सम्बन्धमा हेर्दा पुनरावेदक प्रतिवादी विनोदकुमार कोहारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क) र ४(२)(ख) को कसुरमा दफा १५(१)(क) र १५(१)(ङ) बमोजिम र प्रत्यर्थी प्रतिवादीहरू भीमाकुमारी चौधरी थारू र राजमति केवटलाई सोही ऐनको दफा १५(१)(ज) बमोजिमको कसुरमा सजाय मागदाबी भएको रहेछ । उक्त दफा ४(१)(क) मा कुनै पनि उद्देश्यको मानिस बेच्ने वा किन्ने कार्यलाई मानव बेचबिखन गरेको मानिने तथा दफा ४(२)(ख) मा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसारपसार गरेको मानिने भनी कसुरको व्यवस्था गरेको पाइन्छ ।

४. उल्लिखित कसुर गरेमा हुने दण्ड सजायको व्यवस्था गर्ने क्रममा सम्बन्धित ऐनको दफा १५(१)(क) मा मानिस किन्ने वा बेच्नेलाई बिस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने, दफा १५(१)(ङ) मा किन्न, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना, नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । त्यस्तै सो ऐनको दफा १५(१)(ज) मा मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुने व्यवस्था रहेको पाइयो । यसप्रकार हेर्दा पुनरावेदक प्रतिवादी विनोदकुमार कोहारलाई मूल अभियुक्त र प्रत्यर्थी प्रतिवादीहरू भीमाकुमारी थारू र राजमति केवटलाई मतियारको रूपमा अभियोजन गरेको देखियो ।

५. अब निज प्रतिवादीहरूले अभियोगपत्र मागदाबीबमोजिमको कसुर गरेका हुन् होइनन् भन्ने सम्बन्धमा हेर्दा पुनरावेदक प्रतिवादी विनोदकुमार कोहारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा परिवर्तित नाम एसकुमारी खातुनलाई सामान्य चिनेको भए पनि कुर्वान अली अन्सारीले लिई गएको भन्ने २०६७।६।२३ गते मात्र थाहा पाएको हुँ । पीडितलाई निज कुर्वान अली अन्सारीले नै बिक्री गरेको हुनुपर्छ भनी बयान गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा मैले परिवर्तित नाम एसकुमारी खातुनलाई चिन्दिनँ । जाहेरी दरखास्त झुठा हो । सहप्रतिवादी भीमासँग फोनमा मात्र कुराकानी भएको हो, भेटघाट भएको छैन । अन्य प्रतिवादीहरूलाई चिन्दैन । अनुसन्धान अधिकारीसमक्ष भएको बयान कागजको बेहोरा मैले भनेबमोजिम लेखिएको होइन । मैले सजाय हुने त्यस्तो केही काम गरेको छैन भनी कसुर गरेकोमा इन्कार गरेको देखिन्छ ।

६. प्रत्यर्थी प्रतिवादी भीमाकुमारी थारूले मेरो र विनोद कोहारको मोबाइलको माध्यमबाट चिनजान भएको थियो । मेरै एकै गाउँकी परिवर्तित नाम एसकुमारी खातुनले मेरो मोबाइल चलाउने क्रममा विनोद कोहारको साथी कुर्वान अलीसँग सम्बन्ध गाँसिन पुगेको हो । पक्राउ परेका विनोद कोहार र मेरोसमेत फोनबाट प्रेम सम्बन्ध बढ्दै गएपछि हामी कुर्वान अली अन्सारी, विनोदकुमार कोहार, म र परिवर्तित नाम एसकुमारी खातुन भेटघाट गर्ने कुरा भएपछि म र परिवर्तित नाम एसकुमारी खातुन ओदारीसम्म पुग्यौं, निजहरू त्यहाँ आए, गफगाफ भयो, राजमति केवटको साइकलमा परिवर्तित नाम एसकुमारी खातुन ४ नं. सम्म गएकी हुन् र विनोद कोहार र कुर्वान अली अन्सारीले निज परिवर्तित नाम एसकुमारी खातुनलाई सोही स्थानबाट लिई गएको थाहा भएकोमा

जाहेरवालाको छोरी परिवर्तित नाम एसकुमारी खातुन हाल कहाँ छिन् भन्ने मलाई थाहा छैन, कुर्वान अली अन्सारीले नै बेचबिखन गरेको हुनुपर्छ भनी अनुसन्धान अधिकारीसमक्षको बयानमा उल्लेख गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा जाहेरवाला विरहिम पठानसँग जग्गाको बारेमा विवाद थियो । २०६६ सालको आषाढदेखि विनोदकुमार र भदौदेखि कुर्वान अलीलाई चिन्दछु । मैले कसैलाई बेचबिखन गरेकी छैन भनी कसुर गरेकोमा इन्कार गरेको देखिन्छ ।

७. अर्का प्रत्यर्थी प्रतिवादी राजमति केवट (खरविन्द) ले परिवर्तित नाम एसकुमारी खातुनले जरूरी काम छ मलाई ४ नं.सम्म पुर्‌याइदिनु भनेकोले साइकलमा राखी ४ नं.सम्म पुर्‌याएकी हुँ, त्यहाँ पुगेपछि निजले म यतै बस्छु, तिमी घर जाउ भनेकीले म फर्की आएको हुँ कुर्वान अलीसँग गएको भन्ने गाउँलेबाट थाहा पाएको हुँ, त्यसपछि फोन सम्पर्कसमेत नभएको हुँदा पीडितलाई कुर्वान अलीले बेचबिखन गरेको हुनुपर्छ भनी बयान कागज गरेको देखिन्छ । निजको अदालतको बयानसमेत इन्कारी रहेको देखिन्छ ।

८. उपर्युक्तबमोजिम उपस्थित तिनै जना प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहेको अवस्थामा आफ्नी छोरी परिवर्तित नाम एसकुमारी हराएको र यी प्रतिवादीहरूले बेचबिखन गरेको बुझिन आएको भन्नेसम्म उल्लेख गरी हराएको भनिएको करिब ८ महिनापछि दिएको जाहेरीबाट प्रस्तुत मुद्दाको अनुसन्धान भएको देखिन्छ । त्यति लामो समयसम्म के कारणले कहींकतै उजुर निवेदनसमेत नदिई चुप लागी बसेको भन्ने सम्बन्धमा जाहेरी मौन देखिन्छ भने निजले अदालतमा बकपत्र गर्दासमेत सो सम्बन्धमा केही खुलाउन सकेको देखिएन । छोरी कुर्वान अलीसँग गएको भन्ने कुरा निजका बाबुले थाहा पाई निज कुर्वान अलीको गाउँमा गई छलफल भएको र २ दिनमा निजलाई फिर्ता गर्ने भनी चिनक कुर्मीले जिम्मा लिएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ ।

९. प्रस्तुत मुद्दा दायर भइसकेपछि मात्र पीडित ११ महिनापछि फर्केको देखिन्छ । मुद्दा दायर हुँदासम्म निजको पत्ता नलागेको अवस्था हुँदा पछि अदालतबाट निजलाई १३९ नं.बमोजिम बुझी बयान गराएको रहेछ । निजले आफ्नो बयानमा राजमति केवटले कैंचीमा साँध लगाउन भनी ओदारी लगेको, त्यहाँ पुग्दा पसल बन्द भएकोले घर फर्कन थाल्दा भीमाकुमारी थारूले ४ नं. जाउँ भनी तीनै जना बस चढी ४ नं.पुगेपछि भीमाकुमारी, मनोज र विनोद कुरा गर्न थालेको, घर जाउँभन्दा तँ जा जहदी उतारी दिन्छ भनेकीमा बसले बुटवल लग्यो, बुटवल आफू कहिल्यै नगएको हुँदा रोइरहेको बेला २ जना लोग्ने मानिस आई भीमा परासीमा पुगेकी, तिमीलाई त्यहीँ बोलाएकी छन् भनेकोले निजहरूसँगै परासीमा गएको, त्यहाँ एकजना बुढी आइमाइको घरमा पुर्‌याई ३ महिनासम्म बस्दा दिनदिनै नचिनेका मानिस आई आफ्नो अस्तित्व लुट्ने गरेको, ३ महिनापछि एकजना मानिससँग अब कमाइ हुन छोड्यो, यो केटीलाई पञ्जाव लैजाउ भनेको सुनेपछि त्यहाँबाट भागी बुटवल आएको, बुटवल आई ४ नं. जाने बस चढेकोमा पैसा नपुगेर रानीवगिया उतारेपछि रोइकराइ गरी एक जनाको घरमा बसेको, घरका मानिसलाई आफ्नो घर पुर्‌याइदेउ भन्दा बहिनीको विवाह छ भनी काम गर्न सुनौली लगी घरबाट निस्कन पनि दिएन, एक दिन औषधी किन्ने बहानामा निस्की प्रहरीलाई खबर गरी प्रहरीले घर ल्याइदिएको हो, बेचबिखन गरेका हुन् वा के कसरी बुढी आइमाईलाई दिए थाहा छैन भनी लेखाएको पाइयो । निजको उक्त बयानबाट नै निजलाई यी प्रतिवादीहरूले बेचबिखन गरेको भन्ने देखिएको अवस्था छैन भने निजलाई आफ्नो घरबाट कसैले ओसारपसार गरेको भन्ने पनि पुष्टि हुन सकेको देखिँदैन । निज आफैँ बसमा चढी गएकी, निजको साथमा यी पुनरावेदक प्रतिवादी विनोदकुमार कोहार रहेभएको भनी भन्न सकेको छैन भने आफूलाई परासी पुर्‌याउने २ जना मानिसको हुलिया, नामसमेत खुलाउन सकेको पाइएन । प्रत्यर्थी प्रतिवादीहरू भीमाकुमारी र राजमति बसमा निजसँग नगई बिचैमा बसेको भन्ने निजको बयानबाट नै निजहरूले आरोपित कसुरमा मतियारको भूमिका खेलेको भन्ने अभियोग खण्डित भइरहेको छ । पीडित स्वयं एक्लै बसमा गएको अवस्थामा जानुपर्ने ठाउँमा नओराली बुटवल पुर्‌याएको भने तापनि त्यसरी पुर्‌याउनमा यी प्रतिवादीहरूको के कसको भूमिका रहेको थियो, बस चालकसँग कुनै किसिमको मिलेमतो थियो थिएन भन्ने पनि मिसिलबाट खुल्न सकेको छैन । निज पीडितको बयान नै अस्पष्ट, अस्वाभाविक किसिमको रहेको देखिन्छ । आफूलाई बुढी आइमाईले बल प्रयोग गरी बन्धक बनाएको भन्न सकेको अवस्था छैन भने ३ महिनापछि आफैँ निर्वाधरूपमा त्यहाँबाट भागेको भन्ने लेखाएबाट नै निजको भनाइ शंकास्पद रहेको छ । साथै बुटवल पुगेर अर्कै मानिसको घरमा बसेकोमा घरबाट निस्कन नदिने भनेका छन् भने अर्कोतिर आफैँ औषधी किन्न भनी बाहिर आई प्रहरीलाई खबर गरेको भनेबाट निजको भनाइ विरोधाभाषपूर्ण रहेको पाइयो ।

१०. प्रस्तुत मुद्दामा पीडित व्यक्ति नै घटनाको मूल प्रमाणको रूपमा रहेकोमा निज के कसरी कस्को संलग्नतामा ११ महिनासम्म हराएकी वा कहाँ पुर्‌याइएकी भन्ने सम्बन्धमा निजको भनाइ नै स्पष्ट रहेको देखिँदैन भने प्रतिवादीहरूको संलग्नतामा आफूमाथि आरोपित कसुर भएको भन्ने पनि भन्न सकेको पाइएन । वादीका साक्षी अब्दुल सत्तारले अदालतमा आई बकपत्र गर्दा कुर्वान अलीले लुकाएर राखेको हुन सक्छ र बेचेको पनि हुन सक्छ अनुमानको आधारमा कागज गरेको हुँ भनेको पाइन्छ । यसैगरी वादी पक्षका साक्षी सन्तोषकुमार नाउले परासी गई गाउँ समाजसँग छलफल गर्दा चिनक कुर्मीलाई पीडित एसकुमारीलाई खोज्न भनी समाजको जिम्मा छोडेर आयौं, पीडित एसकुमारी खातुन हराएकी ८/९ महिनासम्म कहाँ बसेकी थिइन् थाहा भएन भनी उल्लेख गरेको पाइन्छ । यसरी जाहेरवाला तथा वादी पक्षको साक्षीहरूसमेतले पीडित एसकुमारीलाई वेश्यावृत्तिमा लगाएको

भनी उल्लेख नगरेको, पीडितको स्वास्थ्य परीक्षणसमेत नगरिएको अवस्थामा प्रत्यर्थी / प्रतिवादी विनोद कोहारबाट भएको कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क), ४(२)(ख) तथा १५(१)(क), १५(१)(ङ) मा उल्लिखित कसुर अपराध गरेको भन्ने पुष्टि हुन सकेको देखिन आएन । साथै प्रत्यर्थी / प्रतिवादी विनोद कोहारबाट उल्लिखित कसुर गरेको नदेखिएपछि सो कसुरमा मतियार भनी दाबी गरिएका प्रत्यर्थी / प्रतिवादीहरू भीमाकुमारी थारू र राजमति केवट पनि ऐ.ऐनको दफा १५(१)(ज) मा उल्लिखित कसुरका कसुरदार भनी मान्न मिल्ने देखिएन ।

११. सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ । अभियोग लगाएर मात्र हुँदैन सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ । जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ । के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the Reasonable Doubt) ले पुष्टि गर्नुपर्छ । विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाण गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त हुने होइन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । प्रस्तुत मुद्दामा मिसिल संलग्न सबुद प्रमाणबाट प्रतिवादीहरूले पीडितलाई वेश्यावृत्तिको लागि लगेको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा शंकाकै भरमा मात्र प्रत्यर्थी प्रतिवादीहरूलाई दोषी ठहर गर्नु न्यायोचित देखिएन ।

१२. अतः माथि विवेचित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिने ठोस र खम्बिर प्रमाणको अभावमा प्रतिवादी विनोदकुमार कोहारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ख) बमोजिम १०(दश) वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादीद्वय भीमाकुमारी थारू र राजमति केवटलाई ऐ.ऐनको दफा १५(१)(ज) बमोजिम जनही ५(पाँच) वर्ष कैद र रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) का दरले जरिवाना हुने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला प्रतिवादी राजमति केवटको हकमा उल्टी भई निजले सफाइ पाउने र प्रतिवादीहरू भीमाकुमारी थारू र विनोदकुमार कोहारको हकमा केही उल्टी भई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(च) बमोजिम जनही २(दुई) वर्ष कैद हुने ठहर गरेको साबिक पुनरावेदन अदालत बुटवलको मिति २०७०/११/२८ गतेको फैसला प्रत्यर्थी प्रतिवादी राजमति केवटलाई सफाइ दिएको हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी विनोदकुमार कोहारका हकमा पनि कसुर नै स्थापित हुन नसकी उक्त फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक मूल प्रतिवादी विनोदकुमार कोहारले सफाइ पाउने ठहर्छ । यसरी मूल प्रतिवादीको कसुर नै स्थापित नभई निजले सफाइ पाउने ठहरेको हुनाले मतियारको अभियोग लगाइएकी प्रत्यर्थी प्रतिवादी भीमाकुमारी थारूको हकमा पनि निज कसुरदार हुन सक्ने अवस्था नहुँदा पुनरावेदन नगर्ने निज प्रत्यर्थी प्रतिवादी भीमाकुमारी थारूले समेत साबिक मुलुकी ऐन, अ.बं.२०५ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत बुटवलको फैसला उल्टी भई प्रतिवादीहरू भीमाकुमारी थारू चौधरी र विनोदकुमार कोहारले सफाइ पाउने ठहरेकोले निजहरूलाई लागेको जनही २(दुई) वर्षको कैदको लगत कट्टा गरिदिनु भनी सुरू कपिलवस्तु जिल्ला अदालतमा लेखी पठाउनू ---------- १

विद्युतीय प्रणालीमा फैसला अपलोड गरी फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ----------२

उक्त रायमा सहमत छु ।

न्या.हरिकृष्ण कार्की

इजलास अधिकृत: शोभाकर खरेल

इति संवत् २०७७ साल फागुन ३ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

फैसला मिति : २०७७।१०।२६

निर्णय नं. १०७९७

भाग: ६३ साल: २०७८ महिना: चैत्र अंक: १२

फैसला मिति : २०७७/१०/२६ ५२३

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७३-CR-०३२३

पुनरावेदक / प्रतिवादी : अमासुलाल राजवंशीको छोरा झापा जिल्ला साबिक अनारमनी गा.वि.स. वडा नं.१ घर भई हाल जिल्ला कारागार कार्यालय भद्रपुर झापामा थुनामा रहेको वर्ष २४ को भवानी राजवंशी

विरूद्ध

प्रत्यर्थी / वादी : झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं.१० बस्ने मित्र वि.क. समेतको जाहेरीले नेपाल सरकार

०७३-CR-०३४०

पुनरावेदक / प्रतिवादी : सर्लाही जिल्ला गमरिया गा.वि.स. वडा नं.१ घर भई हाल जिल्ला कारागार कार्यालय झुम्का, सुनसरीमा थुनामा रहेको वर्ष २६ को जुम्राती बैठा

विरूद्ध

प्रत्यर्थी / वादी : झापा जिल्ला अनारमनी गा.वि.स. वडा न.१० बस्ने मित्र वि.क. समेतको जाहेरीले नेपाल

०७३-CR-०४४२

पुनरावेदक / प्रतिवादी : जिल्ला झापा अनारमनी गा.वि.स. वडा नं.१ बस्ने रामलाल ठटालको छोरा हाल जिल्ला कारागार कार्यालय भद्रपुर झापामा थुनामा रहेको मौसम ठटाल

विरूद्ध

प्रत्यर्थी / वादी : झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं.१० बस्ने मित्र वि.क.समेतको जाहेरीले नेपाल सरकार

फैसला

न्या.ईश्वरप्रसाद खतिवडा : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यसप्रकार छ:

तथ्यगत बेहोरा

मिति २०६९।१२।२० गते प्रतिवादीहरू जुम्राती बैठा, रामलखन यादव, मौसम ठटाल, भवानी राजवंशी र रोशन महरासमेतले हाम्रा वर्ष १५ की M-१, वर्ष १६ की M-२, वर्ष १७ की M-३, वर्ष १६ की M-४, वर्ष १८ की M-५, उपनाम गरेका छोरीहरूलाई भारत गएर होटलमा डान्स गर्दा दिनको भा.रू. १२००।- हुन्छ भनी प्रलोभनमा पारी झापा जिल्ला अनारमनी ९ मा जम्मा पारी इटहरी पुर्‍याई जनकपुर जानलाई तयारी भएको अवस्थामा हामीले थाहा पाएर इटहरीको बसपार्कबाट फर्काई ल्याएका हौं। आर्थिक प्रलोभनमा पारी फकाइ भारतमा लगी डान्समा लगाउने भनी झुक्याई बेचबिखन गर्ने यी प्रतिवादीहरूलाई कानूनबमोजिम गरिपाउँ भन्ने मित्र वि.क. समेतको जाहेरी दरखास्त।

जिल्ला झापा अनारमनी गा.वि.स. वडा नं. ९ स्थित पूर्वमा गा.वि.स. भवन कम्पाउन्ड, पश्चिममा महेन्द्ररत्न उ.मा.वि., उत्तरमा दुर्गा भगवती मन्दिर, दक्षिणमा सैनिक मोड जाने बाटो भएको चार किल्ला बिचमा M-१, M-२, M-३, M-४, M-५ उपनाम गरेका बालिकाहरूलाई मिति २०६९।१२।२० गते प्रतिवादीहरू जुम्राती बैठा, रामलखन यादव, मौसम ठटाल, भवानी राजवंशी र रोशन महरासमेतले मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले फकाइ लगेको भन्ने घटनास्थल मुचुल्का।

मिति २०६९।१२।२० गते बिहान ९:३० बजेको समयमा मैले चिनेका भवानी राजवंशी, रोशन महरा, मौसम ठटाल र पछि नाम थाहा भएका रामलखन यादवसमेत अनारमनी -९ स्थित विद्यालय अगाडि बसिरहेका थिए। म M-१ लगायत M-२, M-३, M-४, M-५ उपनाम गरेका पाँच जना सो स्थानमा पुगेपछि निजहरूले सर्लाहीको होटलमा डान्स गर्दा दिनको भा.रू. १२००।- हुन्छ भनेकाले हामीहरू

बिर्तामोडबाट इटहरी पुगेपछि प्रहरी र आफन्तहरूले हामीलाई फेला पारेर फर्काई ल्याएको हो । इटहरीमा पुगेपछि प्रतिवादीहरूले हामीलाई लोभ-लालचमा पारी डान्स गर्ने बहानामा भारत लगी बिक्री गर्न लागेको थाहा पाएका हौं । निजहरूलाई कानूनबमोजिम कारबाही हुनुपर्छ भन्ने पीडितहरू M-१, M-२, M-३, M-४, M-५ ले गरेको एकै मिलानको प्रमाणित बयान ।

म गौरव सङ्गीत परिवारमा डान्स सिकी विभिन्न कार्यक्रममा डान्स गर्छु । भारतको बंग्रा बजारमा गई डान्स गर्दा राम्रै पैसा कमाइ हुन्छ भनी हामी रोशन महरा, भवानी राजवंशी, जुम्राती बैठा र रामलखन यादवसमेतले सल्लाह गरी गाउँका चिनजानका M-१, M-२, M-३, M-४ र M-५ समेतलाई मिति २०६९।१२।२० गते अभिभावकलाई जानकारी नगराई जाने क्रममा इटहरी पुग्दा पीडितहरूको बुबा आमाले थाहा पाई फेला पारी निजहरूलाई फर्काई ल्याएको हो । मैले निजहरूलाई डान्स गर्दा भा.रू. १२००।- हुन्छ भनी प्रलोभनमा पारी लगेको हुँ भन्ने बेहोराको प्रतिवादी मौसम ठटालले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६९।१२।२० गते मलगायत भवानी राजवंशी, मौसम ठटाल, जुम्राती बैठा र रामलखन यादवसमेतको योजनाअनुसार M-१, M-२, M-३, M-४ र M-५ उपनाम गरेका पीडितहरूलाई डान्स गर्दा पैसा कमाइ हुन्छ भनी निजहरूको अभिभावकलाई समेत नभनी इटहरीसम्म पुर्‍याउँदा पीडितहरूको अभिभावकले थाहा पाएका हुन् । इटहरी पुगेपछि जुम्राती बैठा र रामलखन यादवले भारतको बंग्रा बजारमा गई नाच्दा एकजना बराबर भारतीय रूपैयाँ १२००।- हुन्छ भनी कुरा गरेका हुन् । मसमेतले पीडितहरूलाई नेपालको सर्लाही गमरियामा नाच्न जाने भनी बताएको हो । निज जुम्राती बैठा र रामलखन यादवले हामीलाई समेत नभनी भारत पुर्‍याई बिक्री गर्ने उद्देश्य थियो कि ? सो कुरा मलाई थाहा भएन भन्ने प्रतिवादी रोशन महराले अनुसन्धानको क्रममा गरेको बयान ।

M-१, M-२, M-३, M-४ र M-५ उपनाम गरेका पीडितहरूलाई मैले पहिलादेखि नै चिन्दै आएको छु । रोसन महरा, मौसम ठटाल, जुम्राती बैठा र रामलखन यादवसँग मेरो चिनजान भई मिति २०६९।१२।२० गते जाने टुङ्गो गरी अनारमनी –९ मा जम्मा भई पीडितहरूको अभिभावकलाई समेत नभनी इटहरीसम्म पुग्दा अभिभावकलाई थाहा भएको हो । इटहरीमा पुगेपछि रामलखन यादव र जुम्राती बैठासमेतले भारत बंग्रा बजारमा एकचोटी नाच्दा भा.रू. १२००।- हुन्छ भनी कुरा गरेकोले निज पीडितहरूलाई भारतको बंग्रा बजार जाने कुरा इटहरीमा पुगेपछि मात्र थाहा भएको हो । पीडितहरूलाई भारत पुर्‍याएपछि रामलखन यादव र जुम्राती बैठाले के गर्ने थिए ? यो कुरा मलाई थाहा भएन भन्ने प्रतिवादी भवानी राजवंशीले अनुसन्धानको क्रममा गरेको बयान ।

भवानी राजवंशी, रोशन महरा, मौसम ठटाल र रामलखन यादवसमेतसँग मेरो चिनजान भएको र निजहरू नाच्ने काम गर्ने हुँदा म र रामलखन यादवले गाउँमा केटीहरूसमेत खोजौं, दिनको १०००।- देखी १२००।- सम्म हुन्छ भनेकोले सोहीअनुसार मिति २०६९।१२।१९ गते मसमेत झापा आई साथीहरूसँग पीडितहरू M-१, M-२, M-३, M-४ र M-५ समेत इटहरी पुगेपछि पीडितहरूको अभिभावक आई निजहरूलाई लिएर गएका हुन् । साथीहरू भवानी राजवंशी, रोशन महरा र मौसम ठटाललाई ती पीडितहरूलाई भारत लाने कुरा थाहा थिएन । म र रामलखन यादवले मात्र उक्त सल्लाह गरेको हो भन्ने प्रतिवादी जुम्राती बैठाले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६९।१२।२० गते जाहेरवालाको छोरीहरू M-१, M-२, M-३, M-४ र M-५ समेत हराएको हल्ला सुनी बुझ्दा इटहरीबाट प्रहरी र अभिभावकले फेला पारी ल्याएका रहेछन् । पीडितहरूलाई प्रतिवादी जुम्राती बैठा, भवानी राजवंशी, रोशन महरा, मौसम ठटाल र रामलखन यादवसमेतले सर्लाहीमा होटल रेष्टुरेन्टमा डान्स गर्ने बहानामा भारतको यु.पि. बंग्रा बजार लगी बिक्री गर्ने योजना बनाई लगेको हुँदा निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही हुनुपर्दछ भन्ने रूद्र विश्वकर्मा, गोविन्द विश्वकर्मा, पुष्पा दाहाल र रूपा न्यौपानेको एकै मिलानको घटना विवरण कागज ।

प्रतिवादीहरू जुम्राती बैठा, रामलखन यादव, मौसम ठटाल, भवानी राजवंशी र रोशन महराले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (क) बर्खिलाप कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(२) अनुसार सजाय गरी पीडितहरूलाई सोही ऐनको दफा १७ अनुसार मनासिब माफिकको क्षतिपूर्तिसमेत प्रतिवादीहरूबाट भराइपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोगपत्र मागदाबी ।

पीडितहरू M-१, M-२, M-३, M-४ र M-५ ले सर्लाहीमा डान्स कार्यक्रममा जाउँ, तिमी पनि हामीहरूसँग हिँड, गाउँको मान्छे अभिभावक पनि हुन्छ भनेकाले मैले साथीहरू भवानी राजवंशी र मौसम ठटाललाई पनि भनी हामी पीडितहरूसँग डान्स गर्न सर्लाही हिँडेका हौं । रामलखन यादव र जुम्राती बैठासँग पीडितहरूको के कस्तो कुरा भएको थियो सो सम्बन्धमा मलाई केही थाहा छैन । सुनसरीको इटहरीमा पुगेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । मसमेत भई बिक्री गर्ने उद्देश्यले लगेको भन्ने अभियोग झुठ्ठा हो । अभियोग दाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रोशन महराले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीमध्येका रामलखन यादव ग्रुप डान्स गराउने, मेलामा डान्स देखाउने काम गर्ने भएकाले निजले बिर्तामोडबाट डान्स गर्ने केटीहरू ल्याउनुपर्ने छ भनी मलाई गाउँबाट साथमा लिई आएका हुन् । म निजसँग बिर्तामोड आई पीडितहरू M-१, M-२, M-३, M-४, M-५ र प्रतिवादीहरू मौसम ठटाल, भवानी राजवंशी, रोशन महरासमेत सर्लाही जानका लागि इटहरीमा टिकट लिन खोज्दा प्रहरीले पक्राउ

गरेको हो । मैले पीडितहरूलाई लगेको होइन । मैले कुनै बेचबिखनसम्बन्धी कार्य नगरेको हुँदा मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी जुम्राती बैठाले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीमध्येका रोशन महराले सर्लाहीमा सांस्कृतिक कार्यक्रम भएको हुँदा एक दिनको १०००।- देखि १२००।- सम्म पाइन्छ, नृत्य देखाउन सर्लाही जाऔं भनेकाले रोशन महरा, मौसम ठटाल र अन्य ५ जना केटी साथीहरूसमेत भई मिति २०६९।१२।२० गते बस चढी सर्लाहीतर्फ गएका थियौं । सो दिनको २/३ बजे इटहरी बसपार्कमा हामी, पछि नाम थाहा भएका जुम्राती बैठा भन्ने व्यक्ति र सँगै गएका पीडितहरूलाई पक्राउ गरी ल्याएको हो । म सर्लाहीसम्म जान भनी हिँडेको थिएँ । पीडितहरूलाई बेचबिखन गर्न लगेको छैन । अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भवानी राजवंशीले सुरू अदालतमा गरेको बयान ।

गाउँकै केटीहरू डान्सका लागि सर्लाही जाने भएकाले प्रतिवादी रोशन महरा र भवानी राजवंशीसमेत सोही कार्यक्रमका लागि जाने भएकोले म पनि डान्स सिकाउने हुँदा मिति २०६९।१२।२० गते गाउँकै ५ जना केटीहरू, हामी ३ जना प्रतिवादीहरू र अन्य २ जना नचिनेका प्रतिवादीहरूसमेत भई सर्लाही जान बिर्तामोडबाट गाडी चढी इटहरी पुगेपछि प्रहरीले पक्राउ गरेको हो । म निर्दोष भएको हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी मौसम ठटालले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीमध्येका रामलखन यादवका नाउँमा जारी भएको म्याद मिति २०७०।४।१६ मा तामेल भई म्यादमा हाजिर नभई सुरू म्यादै गुजारी बसेको ।

तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरू जुम्राती बैठा, मौसम ठटाल, भवानी राजवंशी र रोशन महरा दोषी देखिँदा पछि ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी ऐन अ.बं. ११८ नं. को देहाय (२) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने सुरू अदालतको मिति २०७०।१।१० को थुनछेक आदेश ।

मिति २०६९।१२।२० गते कक्षा ६ मा अध्ययन गर्ने छोरीहरूलाई जाहेरीमा उल्लिखित प्रतिवादीहरूले डान्स सिकाउने र होटलमा काम लगाइदिने भनी लगेका रहेछन् । सोही दिन बेलुकी जिल्ला सुनसरी इटहरी बजारमा छोरीहरूलाई भेटी सो स्थानबाट प्रहरीको गाडीमा राखी इलाका प्रहरी कार्यालय, बिर्तामोड ल्याएको हो । मेरो छोरीसमेत ५ जनालाई विद्यालयबाटै प्रतिवादीहरूले अभिभावकलाई थाहा जानकारी नदिई नाचगानको लागि लगेको नभई बिक्री गर्नका लागि लगेको हो भन्नेसमेत बेहोराको जाहेरवाला मित्र विश्वकर्माले सुरू अदालतमा गरेको बकपत्र ।

छोरीहरू विद्यालय गएको अवस्थामा मिति २०६९।१२।२० मा नचिनेका जाहेरीमा उल्लिखित प्रतिवादीहरूले जिल्ला सुनसरी, इटहरीमा पुर्‌याएको थाहा पाई हामीले इलाका प्रहरी कार्यालय अनारमनीमा खबर गरी छोरीहरू र प्रतिवादीहरूसमेतलाई ल्याइएको हो । हामीलाई थाहा जानकारी नदिई बेचबिखन गर्न लगेको भनी जाहेरी दिएको हो । हाल बुझ्दा नाचगान सिकाउन लगेको भन्ने सुनेको मात्र हो भन्नेसमेत बेहोराको जाहेरवाला उपासुसिंह राजवंशीले सुरू अदालतमा गरेको बकपत्र ।

स्कुलबाट गाउँका मैले नाम बताउन नसक्ने छिमेकी केटाहरू ३ जना र सर्लाही जिल्लाको १ जना मधेसी जातको मानिससमेत भई नाच्न-गाउन भनी हाम्रा छोरीहरूलाई ललाई-फकाई हाम्रो मन्जुरीबेगर लगेका हुन् । नाच्न लगेको या बेच्न लगेको हो ? उद्देश्य पूरा नभई इटहरीबाटै हामीले निजहरूलाई फर्कायौं भन्नेसमेत बेहोराको जाहेरवाला कल्पना थापाले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरूले हामीलाई नसोधी हाम्रा छोरीहरूलाई ललाई-फकाई नाच्न भनी लगेका रहेछन् । इटहरीमा कल्पना थापाले प्रहरीमा फोन गरी छोरीहरू र प्रतिवादीहरूलाई समेत पक्राउ गरिएको हो । इटहरीबाट नै कल्पनाले निजहरूलाई बिर्तामोड ल्याएको हो भन्नेसमेत बेहोराको जाहेरवाला चिन्ता चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरूले पैसाको प्रलोभन देखाई हाम्रा छोरीहरूलाई इटहरी पुर्‌याएको अवस्थामा पक्राउ गरेर ल्याएको हो । इटहरी लानेमा मौसम ठटाल, रोशन महरा र भवानी राजवंशीसमेतले स्कुलबाट लगेका हुन् । नाचगान गरेर पैसा कमाउने उद्देश्यले लगेको होला । बेच्न लगेको शंकाको आधारमा जाहेरी दिएको हो, हाल बुझ्दा नाच्न गएका रहेछन् भन्नेसमेत बेहोराको जाहेरवाला कमला वि.क.ले सुरू अदालतमा गरेको बकपत्र ।

अनुसन्धानका क्रममा भएको कागजको बेहोरा पढी बाची सुनाउँदा सुनी पाएँ । सहीछाप मेरै हो । बेहोरामा डान्स गर्न भनी प्रतिवादीहरूले लगेका हुन् भनी बयान गरेको हो भन्नेसमेत पीडित उपनाम M-१ ले सुरू अदालतमा गरेको बकपत्र ।

अनुसन्धानका क्रममा भएको कागजको बेहोरा पढी बाची सुनाउँदा सुनी पाएँ । सबै बेहोरा मैले भनेको हो । प्रतिवादी जुम्राती बैठाबाहेक सबैको चालचलन राम्रो थियो भन्नेसमेत बेहोराको पीडित उपनाम M-४ ले सुरू अदालतमा गरेको बकपत्र ।

अनुसन्धानका क्रममा भएको कागजको बेहोरा पढी बाची सुनाउँदा सुनी पाएँ । सहीछाप मेरै हो । डान्स गर्न भनी प्रतिवादीहरूले लगेका हुन् होइनन् थाहा भएन भन्नेसमेत पीडित उपनाम M-५ ले सुरू अदालतमा गरेको बकपत्र ।

अनुसन्धानका क्रममा भएको कागजको बेहोरा पढी बाची सुनाउँदा सुनी पाएँ। सही छाप मेरै हो। हामी इटहरी पुगेर शंका लागेर घरमा बाबा ममीलाई फोन गरेको हो। डान्स गर्न भनी प्रतिवादीहरूले लगेका हुन् भन्नेसमेत पीडित उपनाम M-२ ले सुरू अदालतमा गरेको बकपत्र।

अनुसन्धानका क्रममा भएको कागजको बेहोरा पढी बाची सुनाउँदा सुनी पाएँ। सहीछाप मेरै हो। इटहरीमा नचिनेका मानिसहरूलाई देखेपछि डर लागेर हामीले हाम्रो अभिभावकहरूलाई फोन गरेको हो भन्नेसमेत पीडित उपनाम M-२ ले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी जुम्राती बैठा मेरो छिमेकी हो। निजको चालचलन राम्रो छ। गाउँमा नाचगान हुने भएकोले केटीहरू लिन आएको थियो। बेचबिखनका लागि लगेको होइन। निजले कुनै अपराध गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी जुम्राती बैठाको साक्षी लक्ष्मण शाहले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू सानैदेखि नाचगानको कार्य गर्दै विभिन्न ठाउँमा जाने मानिस भएकाले निजहरूले उल्लिखित पीडितलाई बेचबिखन गर्ने कार्य गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादी मौसम ठटाल र भवानी राजवंशीका साक्षी महेश कार्कीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी रोशन महराको चालचलन असल थियो। निजलाई लागेको आरोप झुठ्ठा हो, नाचगान गर्ने सिलसिलामा हिँडिरहने भएकोले निजको पीडितहरूलाई बेचबिखन ओसारपसार गर्ने उद्देश्य होइन, निज निर्दोष छन् भन्नेसमेत बेहोराको प्रतिवादी रोशन महराको साक्षी गोपी अधिकारीले सुरू अदालतमा गरेको बकपत्र।

सुरू जिल्ला अदालतको आदेशबमोजिम फरार प्रतिवादी रामलखन यादवको मिति २०७१।२।२७ गते गरेको अंश रोक्का मुचुल्का मिसिल सामेल रहेको र प्रतिवादी जुम्राती बैठा, मौसम ठटाल, भवानी राजवंशी र रोशन महराले पीडित बालिकाहरूलाई पैसा दिई डान्स गराउनका लागि सर्लाही लैजाने बहानामा प्रतिवादी जुम्राती बैठाको बयान अनुसार भारततर्फ लैजान लागेको कुरा स्पष्ट हुन आएकाले उल्लिखित प्रतिवादीहरूले बेच्नका लागि विदेश लैजान लागेको कसुर गरेको ठहर्छ। विदेश लगिसकेको अवस्थामा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) अनुसार सजाय हुने व्यवस्था रहेको र पीडित बालिकाहरूलाई लैजान नपाउँदै नेपाल सरहदको इटहरीबाट उद्धार भएको देखिन आएकाले सो कार्यको उद्योगसम्म गरेको देखिएकाले सोही दफाको (ज) बमोजिम आधा सजाय अर्थात् उमेरको आधारमा प्रतिवादी रोशन महरालाई सात वर्ष छ महिना कैद र पचास हजार जरिवाना र अन्य प्रतिवादीहरू जुम्राती बैठा, मौसम ठटाल र भवानी राजवंशीलाई जनही ८ (आठ वर्ष) कैद र रू. पचास हजार जरिवाना हुने ठहर्छ। प्रतिवादीहरूबाट दामासाहीले रू.१,५०,०००।– (एक लाख पचास हजार) क्षतिपूर्ति पीडितहरूलाई भराइदिनेसमेत ठहर्छ भन्ने सुरू झापा जिल्ला अदालतको मिति २०७१।५।१९ मा भएको फैसला।

झापा जिल्ला अदालतबाट भएको फैसलामा जाहेरवालाहरूको बकपत्रलाई अन्तिम आधार बनाइएको पाइन्छ। जाहेरवालाहरू उपासुसिंह राजवंशी, कमला वि.क., कल्पना थापा, चिन्ता चौधरीसमेतले अदालतमा बकपत्र गर्ने क्रममा विभिन्न सवाल जवाफमा हामीलाई थाहा जानकारी नगराई लगेकाले तत्काल शंकाको भरमा बेचबिखन गर्न लगेको भनी जाहेरी दिएका हौं, हाल बुझ्दा नाचगान गर्न गएका रहेछन् भनी बकपत्र गरेको अवस्था छ। मुद्दाको तथ्यबाट सर्लाहीमा डान्स गर्न गएको भन्ने कुरा स्थापित भएको सन्दर्भमा के, कहाँ र कोबाट भन्ने जस्ता अप्रासाङ्गिक तथ्य, असान्दर्भिक कथन र जाहेरवालाको बकपत्रलाई आधार प्रमाण मानी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला फौजदारी कानूनको सिद्धान्तविपरीत भएको हुँदा सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी मौसम ठटाल, जुम्राती बैठा, र भवानी राजवंशीको पुनरावेदन अदालत इलाममा परेको एउटै बेहोराको छुट्टाछुट्टै पुनरावेदनपत्र।

सुरू झापा जिल्ला अदालतको फैसलाको ठहर खण्डमा उल्लेख भएजस्तो प्रतिवादीहरूउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) अनुसार सजायको दाबी नभएर दफा १५(१)(ङ)(२) अनुसार सजायका दाबी लिइएको अवस्था छ। उक्त मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) ले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने तथा दफा ४(२)(ख) ले वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले नेपाल सरहदभित्रको जुनसुकै एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्यलाई ओसारपसारको कसुरअन्तर्गत राखेको र दफा १५(१)(ङ)(२) ले किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई सजायको व्यवस्था गरेको छ। उक्त ऐनको दफा १५(१)(ङ)(२) को व्यवस्था अनुसार ओसारपसारको कसुर ठहर हुनको लागि विदेश पुर्‍याएको हुनुपर्ने देखिँदैन। नेपाल सरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याएमा मात्र पनि उद्योग मात्र नभई मानव ओसारपसारको कसुर हुने

देखिन्छ। सुरू जिल्ला अदालतबाट भएको फैसलामा ऐनमा भएको उक्त व्यवस्थाको प्रयोगमा स्पष्ट त्रुटि भएकोले फैसला कानूनी रूपमा मिलेको छैन, सो फैसला बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत इलाममा परेको पुनरावेदनपत्र।

झापा जिल्ला अदालतबाट मिति २०७१।५।१९ मा भएको फैसलाउपर प्रतिवादी मौसम ठटालसमेतको ०७१–CS–०३४५ को, प्रतिवादी जुम्राती बैठाको २०७१–CS–०३४६ को र प्रतिवादी भवानी राजवंशीको २०७१–CS–०३४७ को छुट्टाछुट्टै पुनरावेदन परेको अवस्था देखिन्छ भने वादी नेपाल सरकारको तर्फबाट यिनै प्रतिवादीहरूसमेतको विरूद्ध ०७२–CS–०१२२ को पुनरावेदन परेको देखिँदा उपर्युक्त वादी प्रतिवादीहरूको तर्फबाट दर्ता हुन आएको पुनरावेदनपत्र परस्परमा देखाइ सुनाइ पेस गर्नु भन्ने पुनरावेदन अदालत इलामको मिति २०७२।८।३ मा भएको आदेश।

पीडितहरूलाई डान्स गर्न लैजाँदा अभिभावकको स्वीकृति नलिएको र इटहरीबाट पुनः जनकपुरको टिकट काटिसकेको अवस्थामा पीडितहरू र प्रतिवादीहरू फेला परेको हुँदा निज प्रतिवादीहरूले गरेको बयान मिलेको देखिएन। लामो समयपछि अदालतमा भएको पीडितहरूको बकपत्रमा अन्यथा कुरा उल्लेख हुन गए पनि घटना लगत्तै पीडितहरूले गरेको बयान, मिसिल संलग्न सम्पूर्ण कागजात र प्रमाणित बयानसमेतबाट वारदात स्थापित भएको अवस्थामा मानव बेचबिखन जस्तो अमानवीय कार्यलाई प्रोत्साहन हुने गरी कसैको बकपत्र वा बयानको आधारमा मिसिलमा संलग्न तथ्यभन्दा बाहिर गई निर्णय दिन सक्ने अवस्था हुँदैन। प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिमको कसुर कायम गरी उद्योगतर्फ मात्र सजाय हुने गरी सुरू झापा जिल्ला अदालतको मिति २०७१।०५।१९ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई उल्लिखित ऐनको दफा ४(२)(क) को कसुरमा दफा १५(१)(ङ)(२) अनुसार प्रतिवादीहरू जुम्राती बैठा, मौसम ठटाल र भवानी राजवंशीलाई १०/१० वर्ष कैद सजाय तथा जनही रू. ५०,०००।- जरिवाना हुने ठहर्छ। प्रतिवादी रोशन महरा १६ (सोह्र) वर्षको मात्र भनी अभियोगपत्रमा उल्लेख भएबाट निजलाई ५ (पाँच) वर्ष कैद र रू. ५०,०००।- जरिवाना हुने ठहर्छ। क्षतिपूर्तिको हकमा सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत इलामको २०७२/०९/२१ को फैसला।

जाहेरवाला कमला वि.क. समेतको जाहेरीले म पुनरावेदकमध्येको भवानी राजवंशीसमेत भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा प्रतिवादीमध्येका रोशन महराले मलाई उसकै घरमा बोलाई सर्लाहीमा सांस्कृतिक कार्यक्रममा डान्स गर्दा प्रतिदिन भा.रू. १,२००।– कमाइ हुन्छ भनेको हुँदा पीडित भनिएका किशोरीहरू र म एउटै स्कुलमा अध्ययन गर्ने पूर्व चिनजानका व्यक्ति पनि भएको हुँदा निजहरूको मन्जुरीमा डान्स गर्ने उद्देश्यले बस चढी इटहरीमा आई सर्लाही नपुग्दै प्रहरीले पक्राउ गरी दबाबमा बयान गराई, डर त्रास देखाई पहिला नै लेखी तयार पारेको कागजमा जबरजस्ती सही गराएका हुन्। पीडितहरूलाई पनि प्रहरीले म विरूद्ध आफूखुसी बेहोरा लेखाई सही गर्न लगाएको हो। पीडितहरूले झापा जिल्ला अदालतमा बकपत्र गर्दा भवानी राजवंशी चिनजानको राम्रो चरित्रको व्यक्ति हो र निजले सर्लाही डान्स गर्न जाँदा बाबु आमासँग सोध्नु भनेका थिए, हामीले नै नसोधी हिँडेकोले प्रतिवादी निर्दोष छन्, सजाय हुनुपर्ने होइन भनेका छन्। जाहेरवाला कमला वि.क.ले अदालतमा गरेको बकपत्रमा कहिलेकाहीँ छोरीले नाच्न जाँदा पैसा कमाइ हुन्छ अरे, नाच्नका लागि गएका हुन्, शंका लागेर बेच्न लगेका भनी जाहेरी दिएको हुँ। हाल आएर बुझ्दा नाच्न गएका रहेछन् भन्नुले म पुनरावेदकले पीडितहरूलाई बेचबिखन गर्न लगेको होइन भन्ने तथ्य प्रमाणित भएको अवस्थामा मिसिलमा संलग्न त्यस्ता प्रमाणहरूको अध्ययन विश्लेषण नै नगरी हचुवाको भरमा मलाई दोषी ठहर हुने गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १८ विपरीत छ। पीडितहरूलाई भारतमा नलगेको र किन्ने व्यक्ति पनि स्पष्ट नखुलेको हुँदा अभियोग मागदाबी कानूनविपरीत र प्रवृत्त धारणाले ग्रसित छ। हामी पुनरावेदकसमेतले अभियोग दाबीबमोजिमको कसुर गरेको होइन भनी अदालतमा इन्कारी बयान गरेकोले मानव बेचबिखन तथा नियन्त्रण ऐन, २०६४ को दफा ९ बमोजिम इन्कारी प्रमाणित गरिरहनु पर्दैन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी दाबी प्रमाणित गर्ने भार वादी पक्षको हो। शंकास्पद जाहेरीबाहेक अन्य कुनै पनि स्वतन्त्र प्रमाण पेस हुन नसकेको अवस्थामा दोषी ठहर गर्न मिल्दैन। सुरू झापा जिल्ला अदालतको मिति २०७१।५।१९ को फैसला र पुनरावेदन अदालत इलामको मिति २०७२।९।२१ को फैसला अन्यायपूर्ण भएको हुँदा बदर गरी हामी पुनरावेदकलाई आरोपित कसुरबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भवानी राजवंशीको यस अदालतमा परेको पुनरावेदनपत्र।

प्रतिवादीमध्येका भवानी राजवंशीको पुनरावेदन दाबी मिलानको बेहोरा उल्लेख गरी आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादीहरू जुम्राती बैठा र मौसम ठटालको यस अदालतमा परेको छुट्टाछुट्टै पुनरावेदनपत्र।

पुनरावेदक प्रतिवादी भवानी राजवंशी, रोशन महरा र मौसम ठटाल झापा जिल्लाअन्तर्गतकै देखिएको, निजहरूको बयानबाट निजहरू साँस्कृतिक कार्यक्रममा संलग्न रहेको भन्ने देखिएको, पीडित भनिएका विद्यार्थीहरू पनि साङ्गीतिक कार्यक्रममा सहभागी हुने गरेको भन्ने निजहरूको बकपत्रसमेतबाट देखिएको र सर्लाही जिल्लामा सांस्कृतिक कार्यक्रममा सहभागी हुने उद्देश्यले झापाबाट त्यसतर्फ जाँदै गर्दा इटहरीमा पक्राउ परेको देखिएकोले प्रतिवादीहरूले बिक्री गर्ने उद्देश्यबाट पीडित भनिएका विद्यार्थीहरूलाई लगेको भनी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) को कसुर कायम गरी सोही ऐनको दफा १५(१)(ङ)(२) अन्तर्गत पुनरावेदक प्रतिवादीहरूलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न

सक्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. को प्रयोजनार्थ आदेशको प्रतिलिपिसहितको सूचना महान्यायाधिवक्ताको कार्यालयलाई दिई पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।१०।११ को आदेश।

यस अदालतको ठहर

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने, विद्वान् अधिवक्ताहरू श्री सीता खनाल र श्री सुरेशकुमार पौडेलले पुनरावेदक प्रतिवादीहरूले पीडित भनिएका बालिकाहरूलाई भारतमा बिक्री गर्न लगेको होइन; सर्लाहीमा डान्स कार्यक्रममा सहभागी गराउन सल्लाहले लगिएको हो; पीडितहरूले समेत अदालतमा उपस्थित भई प्रतिवादी निर्दोष छन्, हामी आफ्नै इच्छाले हिँडेका हौं भनी बकपत्र गरेको अवस्था छ; जाहेरवालाहरूले किटानी पोल गर्न सकेको छैन; प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेका छन्; प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउनुपर्नेमा दाबी ठहर गरेको सुरू झापा जिल्ला अदालत र पुनरावेदन अदालत इलामको फैसला त्रुटिपूर्ण छ; सो फैसला बदर हुनुपर्दछ भनी बहस जिकिर गर्नुभयो। प्रत्यर्थी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री रेशम आचार्यले पीडितहरूलाई डान्स गर्न भनी लैजाँदा अभिभावकको स्वीकृति लिएको छैन; लुकिछिपी कार्य भएको छ; बालिकाहरूलाई झापाबाट इटहरी लगिएको र त्यहाँबाट जनकपुर जाने बसको टिकट काटिसकेको अवस्थामा पीडितहरू र प्रतिवादीहरू फेला परेका हुन्; बेचबिखनकै लागि लगिएको हो; पुनरावेदन अदालतको फैसला सदर हुनुपर्दछ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

अब यसमा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम सजाय हुने ठहर गरेको पुनरावेदन अदालत इलामको फैसला मिलेको छ वा छैन ? प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू जुम्राती बैठा, रामलखन यादव, मौसम ठटाल, भवानी राजवंशी र रोशन महरासमेत भई स्कुलमा अध्ययन गर्ने नाबालिका पीडितहरूलाई डान्स कार्यक्रममा भाग लिन सर्लाही लैजाने र प्रतिदिन रू. एक हजारदेखि बाह्र सयसम्म दिने प्रलोभन देखाई झापा अनारमनीबाट इटहरी पुर्‌याएको र जनकपुर जाने बसको टिकट काटेर जाने क्रममा रहँदाको अवस्थामा पक्राउ परेको तथ्य सुरू जाहेरी दर्खास्त, पीडित बालिकाहरू वर्ष १५ की M - १, वर्ष १६ की M - २, वर्ष १७ की M - ३, वर्ष १६ की M - ४, वर्ष १८ की M - ५ ले अनुसन्धानको क्रममा गरेको कागज तथा अदालतमा उपस्थित भई बकपत्र गर्ने पीडितहरूको भनाइ, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, जाहेरवालाहरूले अदालतमा गरेको बकपत्रसमेतका प्रमाणकागजातबाट प्रमाणित हुन आएको देखियो। यसरी नाबालिका पीडितहरूलाई लैजाँदा निजहरूका बाबु-आमा, अभिभावक वा संरक्षकको सहमति, अनुमति वा स्वीकृति लिएको देखिएन। नाबालिकाहरूलाई झापाबाट सुनसरी जिल्लास्थित इटहरीसम्म पुर्‌याइसकेको देखिन्छ। तसर्थ, उल्लिखित तथ्यगत विवरणको हदसम्म शंका गर्नुपर्ने अवस्था देखिँदैन, सो हदसम्मका घटनाक्रम विवरण शंकारहित तवरबाट प्रमाणित हुन आएको देखियो।

३. पीडित बालिकाहरूलाई अनारमनी झापाबाट सर्लाहीतर्फ लैजाने प्रयोजन वा प्रतिवादीहरूको उद्देश्य वा मनसाय सम्बन्धमा विचार गर्नु आवश्यक देखिन्छ। बालिकाहरूलाई बिक्री गर्न लगेको भनी जाहेरवालाहरूले सुरू जाहेरीमा शंका व्यक्त गरेको भए पनि अदालतमा बकपत्र गर्दा निज जाहेरवालाहरूले बिक्री गर्न लगेको भनी किटानी गर्न सकेको देखिँदैन। स्वयम् पीडित बालिकाहरूले अदालतमा बकपत्र गर्दा निजहरूलाई बिक्री गर्ने उद्देश्यले लगेको होइन भनी उल्लेख गरेको पाइयो। प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत बिक्री गर्न लगेको कुरामा इन्कार रहेको देखिन्छ। अदालतमा बयान गर्दासमेत निजहरू बिक्रीको कसुरमा इन्कार रहेको पाइयो। अन्य कुनै पनि प्रमाणबाट बिक्री गर्ने उद्देश्यले नै पीडित बालिकाहरूलाई झापाबाट सर्लाहीतर्फ लगिएको हो भन्ने तथ्य समर्थित हुन आएको पाइएन। तसर्थ केवल मनोगत आधारमा पीडित बालिकाहरूलाई बिक्री गर्ने नियतले झापा जिल्लाको अनारमनीबाट सर्लाहीतर्फ लगेको हो भन्नु न्यायोचित देखिएन।

४. प्रतिवादीहरू नाचगान जस्ता साँस्कृतिक कार्यक्रममा रूचि राख्ने मानिस हुन् भन्ने कुरा निजहरूको बयानलगायतका मिसिल प्रमाणबाट खुल्न आएको देखिन्छ। साँस्कृतिक कार्यक्रममा भाग लिने सन्दर्भमा सर्लाहीमा आयोजना गर्न लागिएको नाचगान कार्यक्रममा बालिकाहरूलाई लगेर नचाउने र त्यसबाट केही आर्थिक उपार्जन गर्नेसम्मको नियत प्रतिवादीहरूले राखेको देखिन्छ। त्यसैले पीडित बालिकाहरूलाई केही आर्थिक लाभको प्रलोभन देखाई तथा निजहरूका बाबु-आमा, संरक्षक कसैको अनुमति वा सहमति नलिई झापा जिल्लाको अनारमनीबाट सुनसरी जिल्लाको इटहरीसम्म पुर्‌याएको देखियो। प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) द्वारा निषेधित शोषण गर्ने उद्देश्यले ललाई-फकाई,

प्रलोभनमा पारी नेपालभित्र एक ठाउँबाट अर्को ठाउँसम्म लैजाने कसुरजन्य कार्यसम्म गरेको देखियो । यस प्रकारको शोषण गर्ने उद्देश्यले नेपालको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई हुने सजायसम्म प्रतिवादीहरूलाई हुन सक्ने देखिन्छ । फौजदारी कानूनको प्रयोग गर्दा जुन कार्यका लागि कानूनले जे जुन सजायको व्यवस्था गरेको छ, सोहीबमोजिमको कानून प्रयोग गरिनु पर्दछ । कानूनको परिधि नाघेको कुनै एउटा तथ्यको आधारमा ठुलो कसुरजन्य कार्य गर्न लागेको कुराको अनुमान गरी शंकाकै आधारमा गम्भीर प्रकृतिको कसुर गरेको भनी ठहर गर्नु हामीले अनुशरण गरी आएको फौजदारी न्यायका मान्य सिद्धान्तअनुकूल हुँदैन ।

५. अतः पुनरावेदक प्रतिवादीहरू भवानी राजवंशी, जुम्राती बैठा र मौसम ठटालसमेतले पीडित बालिकाहरूलाई नाचगान गराउन भनी आर्थिक प्रलोभन देखाई झापा जिल्लाको अनारमनीबाट पश्चिमतर्फ लैजाने क्रममा सुनसरी जिल्लाको इटहरीमा पुर्‍याएको र पक्राउ परेको देखियो । निजहरूले श्रम शोषण गर्ने उद्देश्यले अभिभावकको मन्जुरी नलिई नाबालिकाहरूलाई नेपालभित्र एक ठाउँबाट अर्को ठाउँ लगेकोसम्म देखिँदा कसुरअनुसार सजाय हुने ठहर नगरेको पुनरावेदन अदालत इलामको मिति २०७२/९/२१ को फैसला केही उल्टी हुन्छ र निज पुनरावेदक प्रतिवादीहरू भवानी राजवंशी, जुम्राती बैठा र मौसम ठटाललाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम जनही २ (दुई) वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादीमध्येका रोशन महराको पुनरावेदन परेको देखिँदैन । तथापि निज रोशन महरासमेत भवानी राजवंशी, जुम्राती बैठा र मौसम ठटालसरहका समान स्तरका प्रतिवादी हुन् भन्ने देखिएको छ । तसर्थ, अन्य प्रतिवादीहरूका हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी भएको हुँदा निज प्रतिवादी रोशन महराको हकमा समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा (२) बमोजिम उल्लिखित फैसला केही उल्टी गर्नु मनासिब देखियो । तसर्थ निज प्र. रोशन महरालाई समेत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०७४ को दफा १५(१)(च) बमोजिम दुई वर्ष कैद सजाय हुनेमा कसुर हुँदाको अवस्थामा निजको उमेर १८ वर्ष पूरा भएको नदेखिएको (करिब १६ वर्ष रहेको) हुँदा निज रोशन महरालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम उमेर पुगेकालाई हुने सजायको दुई तिहाइले हुने १ (एक) वर्ष ४ (चार) महिना कैद सजाय हुने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू:

तपसिल

क. उपर्युक्तअनुसार प्रतिवादीहरू भवानी राजवंशी, जुम्राती बैठा र मौसम ठटाललाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम जनही २ (दुई) वर्ष कैद सजाय हुने र प्र. रोशन महरालाई एक वर्ष चार महिना कैद सजाय हुने ठहर भएकाले सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालत इलामको फैसलाअनुसार ठेकिएको लगत कट्टा गरी (सच्याई) उपर्युक्तअनुसारको लगत कायम राख्नु भनी झापा जिल्ला अदालतमा लेखी पठाइदिनू ।

ख. प्रतिवादीहरू भवानी राजवंशी, जुम्राती बैठा, मौसम ठटाल मिति २०६९/१२/२१ देखि थुनामा रहेको भई निजहरूलाई हुने ठहरेको कैद सजाय भुक्तान भइसकेको देखिएकाले थुनामा रहेका निज पुनरावेदक प्रतिवादीहरू भवानी राजवंशी, जुम्राती बैठा, मौसम ठटाललाई आजै थुनामुक्त गरिदिनु भनी झापा जिल्ला अदालतमार्फत सम्बन्धित कारागारमा लेखी पठाइदिनू ।

ग. पुनरावेदन नगरेका प्रतिवादी रोशन महरासमेत हालसम्म थुनामा रहिरहेको भए मिति २०६९/१२/२१ देखि थुनामा रहेको भई निजलाई हुने ठहर भएको कैद असुल भइसकेको देखिँदा निजलाई समेत तत्काल थुनामुक्त गर्नु भनी झापा जिल्ला अदालतमार्फत सम्बन्धित कारागारमा लेखी पठाइदिनू ।

घ. फैसलाको प्रतिलिपिसहित जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाइदिनू ।

ङ. प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी, दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.टंकबहादुर मोक्तान

इजलास अधिकृत:- उषा गिरी

इति संवत् २०७७ साल माघ २६ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री कुमार रेग्मी

फैसला मिति : २०७७।६।१६
निर्णय नं. १०६१७
भाग: ६२ साल: २०७७ महिना: चैत्र अंक: १२
फैसला मिति :२०७७/०६/१६ १४९६

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७३-CR-०७१३

पुनरावेदक / प्रतिवादी : जिल्ला गोरखा, ध्याम्पेसाल गाउँ विकास समिति वडा नं. १ घर भई, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३० बस्दै आई, हाल महिला कारागार कार्यालय, भोटेबहाल, काठमाडौंमा थुनामा रहेकी विष्णु थापा

विरूद्ध

प्रत्यर्थी / वादी : कुमारी लामाको जाहेरीले नेपाल सरकार

फैसला

न्या.सपना प्रधान मल्ल : उच्च अदालत पाटनको फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम वादीको तर्फबाट पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः-

नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा ३ काठमाडौं, स्वयम्भूमा केही महिनादेखि डेरा गरी घरको काम गर्ने गर्दथिन्। यस्तैमा विपक्षी विष्णु थापाले निज नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा ३ लाई मिति २०७१।०३।२९ गते दिनको अ. ०३:०० बजेतिर ठैटिमा भेटी ललाई फकाई गरी वेश्यावृत्तिमा संलग्न गराउने उद्देश्यले मानव बेचबिखन तथा ओसार पोसार जस्तो जघन्य प्रकृतिको अपराध गरेकी, प्रतिवादी १४ वर्षकी कलिलो उमेरकी नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा ३ लाई धेरै पैसा कमाउन पाइने सुख सुविधा प्रलोभन देखाई आफ्नो प्रभावमा पारी काठमाडौं जिल्ला स्वयम्भूबाट आफ्नो वासस्थान ज्याठामा ल्याई वेश्यावृत्तिमा लगाउने उद्देश्यले आफ्नो कब्जामा राखी मानव बेचबिखन तथा ओसार पोसारको गम्भीर अपराध गरेको हुँदा निज प्रतिवादीलाई हदैसम्मको कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको कुमारी लामाको जाहेरी दरखास्त।

कुमारी लामाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विष्णु थापा भएको मानव बेचबिखन तथा ओसार पोसार मुद्दामा पीडिताको नाम सर्वोच्च अदालतको निर्देशिका, २०६४ बमोजिम नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा-३ राखिएको भन्नेसमेत बेहोराको पत्र।

काठमाडौं जिल्ला, काठमाडौं

महानगरपालिका वडा नं.३० ज्याठास्थित पूर्वमा प्रमेश्वर कायस्थको ७ तले पक्की घर, पश्चिममा मोतिलाल प्रजापतिको ८ तले पक्की घर, उत्तरमा सन्तोष प्रजापतिको ६ तले पक्की घर, दक्षिणमा माइला प्रजापतिको सात तले पक्की घर, यति चार किल्लाभित्र रहेको पूर्व मोहडा भएको चार तलाको कुसुम प्रजापतिको घर, सो घरको दोस्रो तलाको पश्चिमतर्फको कोठा विष्णु थापाले भाडामा लिई बस्ने गरेको, सो कोठामा निज विष्णु थापाले परिवर्तित नाम काठमाडौं २६ वृत्त जनसेवा ३ लाई मानव बेचबिखन तथा ओसार पोसार गर्ने उद्देश्यले राखिएको भनी देखाइएबमोजिम चारकिल्लासहितको घटनास्थल मुचुल्का ठिक दुरूस्त छ भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

म विगत १ वर्षदेखि जाहेरवालीसँग बस्दै आएको थिएँ। जाहेरवालीको ज्याठामा चिया खाजाघर भएको हुँदा प्रतिवादी विष्णु थापा जाहेरवालीको उक्त होटलमा आई चिया खाजा नास्ता खाने हुँदा उहाँसँग चिनजान भएको थियो। कुराकानी राम्रैसँग गर्दथिन्। मिति २०७१।०३।२९ गते जाहेरवालीको होटलनजिकै ठहिटी चोकमा मेरो प्रतिवादी विष्णु थापासँग भेट भयो, भेटघाटपश्चात् निजले मेरो कोठा नजिकै छ, हिँड मसँग जाउँ भनी ललाई फकाई ज्याठास्थित आफ्नो कोठामा लगी मलाई विभिन्न प्रकारको प्रलोभन देखाई त्यहाँ बस्न लगाई त्यसको भोलिपल्टदेखि मलाई प्रलोभनमा पारी धाकधम्कीसमेत दिई प्रत्येक दिन नयाँ नयाँ अनुहारका मैले नचिनेका परपुरूषसँग जबरजस्ती मेरो इच्छा विरूद्ध शारीरिक सम्बन्ध राख्न लगाई वेश्यावृत्ति गर्न

लगाउँथिन् । वेश्यावृत्तिमा लगाएबापत कोहीले रू.१,०००।– (एक हजार), कोहीले रू. ४००।- (चार सय) वेश्यागमन गर्ने पुरूषले दिन्थे, उक्त रकमको आधा रकम मलाई दिन्थिन्, मलाई दिएको रकम पनि विष्णु थापाले लगेर कहिले मलाई खानेकुरा कहिले नयाँ कपडा ल्याइदिने गर्दथिन् । विष्णु थापाको कोठामा कहिलेकाहीँ रिता भन्ने यकिन नाम थर थाहा नभएकी महिला र शान्ता भन्ने महिलाहरू वेश्यावृत्ति गराउन आउँथे । विष्णु थापाले अन्य केटाहरू बोलाई अनैतिक क्रियाकलाप गराउँथिन् । यी कुराहरू कोही कसैलाई भन्यौ भने तिम्रो फुपूसमेतलाई जे पनि हुनसक्छ भनी धाकधम्कीसमेत दिने गर्दथिन् । मिति २०७१।०४।१७ गते मलाई जाहेरवालीसमेतले निज प्रतिवादीको कोठाबाट नै उद्धार गरिएको हो । म रोए कराएमा निजले कुट्ने पिट्ने गर्दथिन्, मानव बेचबिखन गर्ने उद्देश्यले मेरो इच्छा विरूद्ध जबरजस्ती वेश्यावृत्तिमा लगाउने निज विष्णु थापालाई हदैसम्मको सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको पीडिताको बयान ।

म मिति २०७१।०३।२९ गतेदेखि मिति २०७१।०४।१७ गतेसम्म म मेरो काठमाडौं महानगरपालिका ज्याठामा नै थिएँ । जाहेरवाली कुमारी लामाको काठमाडौं महानगरपालिका ठैटी भन्ने ठाउँमा होटल भएको हुँदा चिया खान जानेक्रममा चिनजान भएको हो । सोही होटलमा नै पीडिता नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा ३ लाई चिनजान गरेकी हुँ । चिनजानको क्रममा बोलचाल गफगाफ हुँदा मिति २०७१।०३।२९ गते मैले निज पीडितालाई मेरो डेरा कोठामा लगेकी हुँ । मेरो कोठामा उक्त दिनदेखि बस्दै आएकी थिइन् । मेरो डेरा कोठामा शान्ता र सरिता भन्ने केटीहरू र पुरूष केटाहरूसमेत आउने जाने गर्दथे । आउने जाने क्रममा निजहरूबिचमा आर्थिक लेनदेन भई निजहरूले यौन क्रियाकलापहरू गर्दथे । पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ ले समेत आफ्नो राजीखुसीका साथ परपुरूषहरूसँग यौन क्रियाकलाप गर्दथिन् । मेरो कोठामा वेश्यावृत्ति गरेबापत प्राप्त भएको रकममध्ये आधा रकम मैले लिने गर्दथेँ । आधा रकम सम्बन्धित केटीहरूले लिने गर्दथे । आर्थिक अभावका कारण मेरो कोठामा वेश्यावृत्ति गर्ने गराउने कार्य गरेकी थिएँ । शान्ता र सरिता भन्ने केटीहरूलाई ठैटी, ज्याठातर्फ रक्सी खाने क्रममा भट्टीमा भेट भई चिनजान भएको हो । चिनजानको क्रममा निजहरूले मेरो डेरा कोठा देखेका थिए । निजहरूले नै मेरो डेरोकोठामा पुरूषहरूलाई ल्याई यौन क्रियाकलाप गर्दथे । निजहरूको चिनजान तथा सम्पर्कबाट समेत अन्य केटाहरू मेरो कोठामा आई यौन कार्य गर्दथे । सोबापत मैले कोहीबाट १,०००।- (एक हजार), कोहीबाट रू.५००।- (पाँच सय), कोहीबाट २००।- (दुई सय) लिन्थेँ । सोमध्ये आधा रकम मैले लिन्थे, सरिता र शान्ता आफूखुशी वेश्यावृत्ति गराउन आउँथे । सरिता, शान्ता र निजहरूसँग आउने पुरूषहरूको यकिन नाम थर वतन थाहा भएन । निजहरूसँगै आएका यकिन नाम थर थाहा नभएका पुरूषहरूले पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ लाई कसैले रू.१,०००।-, कसैले रू.५००।, कसैले रू.२००।- दिई यौन सम्पर्क राख्दथे, सोमध्ये आधा रकम पीडिताले र आधा रकम मैले लिने गर्दथेँ । प्रस्तुत मुद्दामा शान्ता र सरिताको संलग्नता छैन । मेरो घरको आर्थिक अवस्था सामान्य केही नभएको र पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ समेत घरकोठामा बसेकी, निजको समेत जागिर पेसा नभएको कारण सजिलो गरी पैसा कमाउने उपाय यही यौन क्रियाकलाप सोची निज पीडितासमेतलाई सोबारेमा आर्थिक प्रलोभनमा देखाउँदा निजसमेत राजीखुसी भई यौन कार्यमा संलग्न भएकी हुन् । १४ वर्षकी नाबालिकालाई उक्त कार्य नगराउनुपर्ने, गल्ती भयो । मैले निजलाई धाकधम्की दिएको छैन, निज पीडिता मिति २०७१।०३।२९ गतेदेखि मिति २०७१।०४।१७ गतेसम्म मेरो डेरा कोठामा बसेकी र यौन कार्यसमेत गरेकी कारण मउपर निज पीडिताको आफन्त फुपू नाता पर्ने जाहेरवालीले किटानी जाहेरी दिएको हुनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी विष्णु थापाले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३० ज्याठास्थित पूर्वमा प्रमेश्वर कायस्थको ७ तले पक्की घर, पश्चिममा मोतिलाल प्रजापतिको ८ तले पक्की घर, उत्तरमा सन्तोष प्रजापतिको ६ तले पक्की घर, दक्षिणमा माइला प्रजापतिको सात तले पक्की घर, यति चारकिल्लाभित्र रहेको पूर्व मोहडा भएको चार तलाको कुसुम प्रजापतिको घर, सो घरको दोस्रो तलाको पश्चिमतर्फको कोठा विष्णु थापाले भाडामा लिई बस्ने गरेको, सो कोठाको ढोकाबाट भित्र प्रवेश गरी हेर्दा उक्त कोठाको उत्तरतर्फ स्टिल दराज रहेको, सो दराज खोली हेर्दा सेतो कालो रङको मोडल नं. ११०० को नोकिया मोबाइल थान-१ र सोही मोबाइलको ९८१९१८७८६७ नं. को सिमकार्ड थान-१ समेत बरामद हुन आएको चारकिल्लासहितको खानतलासी एवं बरामदी मुचुल्का ठिक छ भन्नेसमेत बेहोराको खानतलासी एवं बरामदी मुचुल्का ।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगन्जमा पीडिताले उपचार गराउँदाको Patient No.3311037 को परीक्षण रिपोर्टको प्रतिलिपि सुरू मिसिल सामेल रहेको ।

Findings of the Examiner (Doctor) are- "Left Labia minora is congested. Partial transection of hymen at 7 O'clock and 11 O'clock positions. Introitus is spacious and appears congested. Laceration measuring 2mm × 2mm is present over fossa navicularis." Opinion of the Examiner (Doctor) is "Genital findings are consistent with the history of previous vaginal penetration/penetrations. Congested labia minora, laceration of fossa navicularis are consistent with history provided by examinee of recent sexual intercourse. The examinee is between 16 and 18 years more nearly running on 17 years of age at the time of examination." भन्ने बेहोराको Department of Forensic Medicine of Tribhuvan University, Maharajgunj, Kathmandu को

पीडिताको स्वास्थ्य परीक्षण गरिदिएको मिति २०७१/५/५ को स्वास्थ्य परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको ।

प्रतिवादी विष्णु थापाले पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ लाई ललाई फकाई आफ्नो डेरा कोठामा लगी आर्थिक फाइदा लिने उद्देश्यले पुरूषहरू बोलाई पीडिताको इच्छा विरूद्ध मिति २०७१।०३।२९ गतेदेखि मिति २०७१।०४।१७ गतेसम्म वेश्यावृत्ति गर्न लगाई मानव बेचबिखन तथा ओसार पोसार गर्ने कार्य गरेकी हुन् । सोही कारणबाट पीडिता गर्भवतीसमेत भई करिब डेढ महिनाको गर्भपतनसमेत गराउनुपरेको हो । निज प्रतिवादी विष्णु थापाले अन्य महिलासमेत बोलाई आफ्नो कोठामा राखी परपुरूष बोलाई फाइदा लिने उद्देश्यले वेश्यावृत्ति गर्ने गराउने गरेको कुरा सुनीबुझी थाहा पाएको हुँ । निजले आफ्नो कोठामा मानव बेचबिखन ओसार पोसारको कार्य गर्ने गरेकी पूर्ण विश्वास लाग्छ । निजलाई हदैसम्मको कारबाही हुनुपर्छ भन्नेसमेत करिब एकै बेहोराको एकै मिलानमा वीरबहादुर लामा, कान्छी तामाङ र धनमाया तामाङले गरिदिएको वस्तुस्थिति सर्जमिन मुचुल्का ।

यसमा अनुसन्धान कार्य सम्पन्न गरी रायसाथ प्राप्त हुनआएको प्रस्तुत मुद्दाको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडिता नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा ३ को प्रमाणित बयान, प्रतिवादी विष्णु थापाको बयान, खानतलासी एवं बरामदी मुचुल्का, पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन, बुझिएका वीरबहादुर लामा, कान्छी तामाङ र धनमाया तामाङसमेतले लेखाइदिएको कागजसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी विष्णु थापाले १७ वर्षीय बालिका पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ लाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी आफ्नो ज्याठास्थित डेरा कोठामा लगी आर्थिक फाइदा लिने उद्देश्यले विभिन्न पुरूषहरू बोलाई यौन सम्पर्क गर्न लगाएको, सोबापत आएको रकम बाँडी लिई खाएकोले प्रतिवादीले गरेको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१) (ख) विपरीतको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीउपर ऐ. ऐनको १५(१)(ख) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीबाट पीडितालाई क्षतिपूर्ति भराइदिन र ऐ. ऐनको दफा २२ बमोजिम नैतिक पतन हुने फौजदारी कसुर गरेको ठहर हुनसमेतको मागदाबीसहितको अभियोग-पत्र ।

अभियोग मेरो हकमा झुट्टा हो, पीडिताको होटलमा म चिया खाजासमेत खाने गर्दथेँ, सोही पसलमा मैले चिया खाजा खाएको रू.१,१००।- तिर्नुपर्ने थियो । पीडिताको फुपूले मसँग सो रकम मागिरहेकी थिइन्, यसैक्रममा मैले २-४ दिनको समय माग गर्दा निजको फुपूले प्रहरी बोलाई पक्राउ गराई प्रस्तुत अभियोग लगाएको हो । मैले पीडितालाई ललाई फकाई मेरो कोठामा लगी पैसा लिई परपुरूषसँग संसर्ग गराई वेश्यावृत्तिमा लगाएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी विष्णु थापाले सुरू अदालतमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादीको कसुरमा संलग्नता रहेनछ भनी मान्न नसकिएको हुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी अ.बं. ११८ को देहाय २ नं. बमोजिम अ.बं. १२१ नं. बमोजिमको थुनुवा पुर्जी दिई स्थानीय कारागारमा पठाइदिनु भन्नेसमेत बेहोराको सुरू अदालतको थुनछेक आदेश ।

मेरो फुपूको पसलमा प्रतिवादी आउने जाने गरेकाले मेरो निजसँग चिनजान भएको हो, सोही क्रममा निजले मलाई आफ्नो कोठामा जाउँ भनी लगिन् । म निजको घरमा एक दुई महिना बसेँ, त्यहाँ मलाई निजले मेरो घरमा जान नदिई रोकेर राखिन्, निजले केटाहरू बोलाई वेश्यावृत्ति गर्न दे भन्दथिन् । मैले नमान्दा कुटपिटसमेत गर्ने गरेकाले बाध्य भई वेश्यावृत्ति गर्न दिएको थिएँ भन्नेसमेत बेहोराको पीडिता परिवर्तित जनसेवा-३ ले सुरू अदालतमा गरेको बकपत्र ।

जाहेरी बेहोरा सहीछाप मेरो हो । प्रतिवादीले पीडितालाई घरमा बन्धक बनाई वेश्यावृत्तिमा लगाएको हो भन्नेसमेत बेहोराको जाहेरवाली कुमारी लामाले गरेको बकपत्र ।

प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबितीलाई पीडिता नाम परिवर्तित जनसेवा-३ को मौकामा भएको प्रमाणित बयान र बकपत्रसमेतले समर्थन गरेको देखिन्छ । प्रतिवादी विष्णु थापाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१)(ख) बमोजिम वेश्यावृत्तिमा लगाई अपराध गरेको देखिँदा सोही ऐनको दफा १५(१)(ख) बमोजिम १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहर्छ र ऐ. ऐनको दफा १७ अनुसार प्रतिवादी विष्णु थापाबाट पीडितालाई रू.२५,०००।- (पच्चिस हजार) क्षत्तिपूर्ति भराई लिन पाउनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको मिति २०७१।८।१६।२ को फैसला ।

पीडिताले टिचिङ अस्पतालमा गर्भपतन गरेको तथ्य म पुनरावेदिकाले वेश्यावृत्तिमा लगाएको कारणबाट भएको भन्ने आरोप ठोस प्रमाणद्वारा वादी पक्षले पुष्टि गर्न नसकेको, सर्जमिनका व्यक्तिहरू र विशेषज्ञसमेत अदालतमा आई बकपत्र गर्न नसकेको, अनुसन्धानमा प्रहरीमा भएको भनिएको साबिती बयान मेरो स्वेच्छाले नगरिएको, जबरजस्तीपूर्वक सहीछाप गराइएको त्यस्तो कागजको आधारमा मलाई सजाय गर्न मिल्दैन । जाहेरवालीको पसलमा चियानास्ता खाएबापतको तिर्नुपर्ने रू.१,१००।- तत्काल तिर्न नसकेको कारणले निजले ममाथि झुट्टा जाहेरी दिएकी हुन् । तसर्थ केवल जाहेरी बेहोरा, पीडिताको मौकाको बयान, जाहेरवाली र पीडिताको बकपत्रकै आधारमा मलाई अभियोग दाबीअनुसारको कसुरदार ठहर गरी सजाय गर्ने गरेको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी विष्णु थापाको उच्च अदालत पाटनमा परेको पुनरावेदन-पत्र ।

यसमा पीडिता भनिएकी काठमाडौं २६ वृत्त जनसेवा-३ को उमेर १७ वर्ष भई बालिग अवस्थाको देखिएको तथा निज आर्थिक प्रलोभनमा परी राजीखुसीले यौन कार्यमा संलग्न भएको भन्ने प्रतिवादीको मौकामा भएको बयानबाट देखिँदा प्रतिवादीलाई कसुरमा सजाय गरेको सुरूको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलका लागि मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।२१ को आदेश।

प्रतिवादीउपर किटानी जाहेरी परेको र अदालतमा समेत जाहेरवालीले किटानी बकपत्र गरेको, पीडिता काठमाडौं २६ वृत्त जनसेवा-३ ले पनि सुरूमा बयान गर्दा र अदालतमा बकपत्र गर्दासमेत आफूलाई वेश्यावृत्तिमा लगाएको भनी प्रतिवादीउपर किटानी पोल गरेको देखिएको र निज पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट यौन कार्यमा अभ्यस्त रहेको देखिएकोसमेतको अवस्था हुँदा प्रतिवादी विष्णु थापालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ख) बमोजिम १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने तथा ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीबाट पीडितालेरू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराई पाउने ठहराई काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।८।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको मिति २०७३।२।२५ को फैसला।

पीडितालाई कोठामा थुनेर मैले जबरजस्ती वेश्यावृत्तिमा लगाउन सक्ने भन्ने हुँदैन। निजको सहमतिमा नै करणी भएको हो। निजको उमेरअनुसार सो कार्य जबरजस्ती करणीको परिभाषाभित्र पर्दैन। वेश्यागमन गर्ने र गराउने दुवै कार्य नेपालको कानूनद्वारा प्रतिबन्धित भएको, पीडिताले स्वेच्छामा वेश्यागमनको काम रोजी वेश्यागमनको काम गरेकीले आफैँ सजायबाट बच्न जाहेरवालीको रू.१,१००/- मैले समयमा तिर्न बुझाउन नसकेको रिसइवीबाट पीडितालाई वेश्यागमन गराउने कार्यमा मेरो भूमिका र संलग्नता छ भनी ममाथि जाहेरी दिइएको हो। मैले पीडितालाई वेश्यागमन गराउने कार्यमा बाध्य पारेर लगाएको छैन। फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँमा प्रमाण होइन। केवल अपराध अनुसन्धानको आधार हो। त्यसलाई स्वतन्त्र आधार प्रमाणबाट पुष्टि गराउन सक्नु पर्दछ। ममाथिको आरोप कठोर दायित्वअन्तर्गतको फौजदारी मुद्दा हो जसलाई पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षको हो। तसर्थ, सर्जमिनका व्यक्तिहरू र विशेषज्ञसमेत अदालतमा आई बकपत्र गर्न नसकेको, अनुसन्धानमा प्रहरीमा भएको भनिएको साबिती बयान मेरो स्वेच्छाले नगरिएको, जबरजस्तीपूर्वक सहीछाप गराइएको त्यस्तो कागजको आधारमा मलाई सजाय गर्न नमिल्ने हुँदा उच्च अदालत पाटनको फैसला बदर गरी अभियोगबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी विष्णु थापाले यस अदालतमा दिएको पुनरावेदनपत्र।

यसमा जाहेरीबाटै वेश्यावृत्तिमा लगाएको भन्ने देखिएको र मुद्दाको उठान, प्रतिवादीको बयान तथा प्रमाणको रोहमा चर्को सजाय गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।२।२५ को फैसला फरक पर्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनका निमित्त महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।१०।२१ को आदेश।

यस अदालतको ठहर

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितका मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री अनन्त कार्की, श्री राधिका महत र श्री रामप्रसाद ढुङ्गेलले प्रतिवादीको अदालतमा भएको इन्कारी बयान, प्रतिवादीले जाहेरवालीलाई तिर्न बाँकी उधारो रकमको रिसइवी, प्रतिवादीको अनुसन्धानमा भएको जबरजस्ती कागज, बुझिएका सर्जमिनका व्यक्तिहरू र विशेषज्ञसमेत बकपत्रका लागि अदालतमा उपस्थित नभएको, पीडिताले स्वेच्छामा प्रतिवादीको डेरा कोठामा आई वेश्यागमनको काम गरेकीले आफैँ सजायबाट बच्न प्रतिवादीमाथि झुट्टो उजुरी गरेकी, प्रतिवादीमाथिको आरोप वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थालगायतका अन्य कारणबाट प्रतिवादीलाई उच्च अदालत पाटनको फैसला उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम कम सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

त्यस्तै प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री टेकप्रसाद भुषालले प्रतिवादीउपरको किटानी जाहेरी, पीडिताको मौकाको बयान, जाहेरवाली र पीडिताको अदालतमा भएको बकपत्र, प्रतिवादीको मौकाको बयानसमेतबाट प्रतिवादीउपरको कसुर पुष्टि भइरहेकोले कानूनसम्मत उच्च अदालत पाटनको फैसला सदर कायम गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा, प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१)(ख) विपरीतको कसुर अपराधमा ऐ. ऐनको दफा १५(१)(ख) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीबाट पीडितालाई क्षतिपूर्तिसमेत भराई पाउँ भन्ने अभियोगपत्र रहेकोमा प्रतिवादीलाई ऐ. ऐनको दफा १५(१)(ख) बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने र दफा १७ अनुसार प्रतिवादीबाट पीडितालेरू.२५,०००।- क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहराई भएको सुरू काठमाडौं जिल्ला

अदालतको फैसलाउपर प्रतिवादीले उच्च अदालत पाटनमा पुनरावेदन गरेकोमा त्यहाँबाट काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर कायम गरी भएको फैसलामा चित्त नबुझाई प्रतिवादीको यस अदालतमा दोहोर्‌याई पाउँ निवेदनमार्फत निस्सा प्राप्त गरी प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

अब, प्रस्तुत मुद्दामा उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) र ४(१)(ख) को कसुरमा ऐ. ऐनको दफा १५ (१)(ख) बमोजिम १० वर्ष कैद र रू ५०,०००।- जरिवाना ठहर्‌याएको फैसला मिलेको छ वा छैन भन्ने प्रश्नमा विचार गर्नुपर्ने देखियो । प्रतिवादी विष्णु थापाले आफ्नी भदै नाम परिवर्तित 'काठमाडौं २६ वृत्त जनसेवा-३' लाई आर्थिक प्रलोभन देखाई आफ्नो प्रभावमा पारी आफ्नो डेरा कोठामा लगी कब्जामा पारी वेश्यावृत्तिमा लगाई मानव बेचबिखन तथा ओसारपसार ऐनद्वारा निषेधित कार्य अपराध गरेको हुँदा निज प्रतिवादीलाई हदैसम्म कारबाही गरिपाउँ भन्ने पीडिताकी फुपू कुमारी लामाको किटानी जाहेरी परेको देखिन्छ । उक्त बेहोरालाई समर्थन र पुष्टि गर्दै पीडिताले, "प्रतिवादीले विभिन्न प्रकारका प्रलोभनमा पारी प्रत्येक दिन नयाँ नयाँ अनुहारका आफूले नचिनेका पुरूषहरूसँग जबरजस्ती इच्छाविपरीत शारीरिक सम्बन्ध राख्न लगाई वेश्यावृत्ति गर्न लगाउने र त्यसबापत आएको रकममध्ये निजले आधा र आफूलाई आधा रकम दिने गरेको, यी कुरा अन्य कसैलाई भनेमा आफू र फुपूसमेतलाई जे पनि हुनसक्ने भनी धाकधम्कीसमेत दिने गरेको" भनी अनुसन्धान तथा अदालतमा समेत कागज गराई दिएको देखिन्छ । जाहेरवालीसमेतले आफ्नो जाहेरी बेहोरा समर्थन गर्दै अदालतमा बकपत्र गरी पुष्टि गर्नुका साथै पीडिताको यौनाङ्ग परीक्षण रिपोर्टमा "Genital findings are consistent with the history of previous vaginal penetration/ penetrations. Congested labia minora, laceration of fossa navicularis are consistent with history provided by examinee of recent sexual intercourse. The examinee is between 16 and 18 years more nearly running on 17 years of age at the time of examination." भन्ने रहेको देखिन्छ ।

३. पुनरावेदक विपक्षी विष्णु थापाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, जाहेरवाली कुमारी लामाको काठमाडौं महानगरपालिका ठैटी भन्ने ठाउँमा होटल भएको हुँदा चिया खान जानेक्रममा पीडिता नाम परिवर्तित काठमाडौं २६ वृत्त जनसेवा ३ लाई चिनजान गरेकी हुँ । चिनजानको क्रममा बोलचाल गफगाफ हुँदा मिति २०७१।०३।२९ गते मैले निज पीडितालाई मेरो डेरा कोठामा लगेकी हुँ । मेरो कोठामा उक्त दिनदेखि बस्दै आएकी थिइन् । मेरो डेरा कोठामा शान्ता र सरिता भन्ने केटीहरू र पुरूष केटाहरूसमेत आई यौन क्रियाकलापहरू गर्दथे । पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ ले समेत आफ्नो राजीखुसीका साथ परपुरूषहरूसँग यौन क्रियाकलाप गर्दथिन् । मेरो कोठामा वेश्यावृत्ति गरेबापत प्राप्त भएको रकममध्ये आधा रकम मैले लिने गर्दथेँ आधा रकम सम्बन्धित केटीहरूले लिने गर्दथे । आर्थिक अभावका कारण मेरो कोठामा वेश्यावृत्ति गर्ने गराउने कार्य गरेकी थिएँ । सोबापत प्राप्त रकममध्ये आधा रकम मैले लिन्थे । मेरो घरको आर्थिक अवस्था सामान्य केही नभएको र पीडिता काठमाडौं २६ वृत्त जनसेवा ३ समेत घरकोठामा बसेकी, निजको समेत जागिर पेसा नभएको कारण सजिलो गरी पैसा कमाउने उपाय यही यौन क्रियाकलाप सोची निज पीडितासमेतलाई सोबारेमा आर्थिक प्रलोभनमा देखाउँदा निजसमेत राजीखुसी भई यौन कार्यमा संलग्न भएकी हुन् । नाबालिकालाई उक्त कार्य नगराउनुपर्ने, गल्ती भयो भनी आफूले आर्थिक अभावका कारण पीडितालगायत अन्य युवतीहरूलाई आफ्नो कोठामा यौन क्रियाकलापहरू गर्न दिने गरेको र पीडिता पनि आफैँ आफ्नो राजीखुसीले यौन क्रियाकलापद्वारा छिटो र सजिलै पैसा कमाउन मिल्ने भनी सो क्रियाकलापमा लागेको कुरा लेखाएको पाइन्छ भने अदालतमा आई बयान गर्दा, अभियोगमा इन्कार रही बयान गरेको पाइन्छ ।

४. प्रतिवादी विष्णु थापाले अदालतमा आई अभियोगमा इन्कार रही बयान गरेको भए तापनि मौकाको बयानमा जबरजस्ती गराएको भनी भन्न नसकेको, अदालतको इन्कारी बयानलाई पुष्टि गर्ने कुनै पनि वस्तुनिष्ठ प्रमाण इजलाससमक्ष पेस गर्न सकेको देखिएन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‌याउनुपर्ने व्यवस्था रहेको छ । साथै पीडिताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र अदालतमा आई गरेको एकै मिलानको बकपत्र, प्रतिवादीले मौकामा गरेको कागज, पीडिताको यौनाङ्ग परीक्षण प्रतिवेदन, वीरबहादुर लामा, कान्छी तामाङ र धनमाया तामाङले प्रतिवादी विष्णु थापाले अन्य महिलासमेत बोलाई वेश्यावृत्ति गराउने उद्देश्यले आफ्नो कोठामा राख्ने गरेको कुरामा विश्वास लाग्छ भनी गरिदिएको एकै मिलानको सर्जमिन मुचुल्कासमेतबाट निज प्रतिवादीले पीडितालाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाउने फकाउने प्रपन्च गर्ने कार्य गरेको भन्ने तथ्यमा कुनै विवाद रहेन ।

५. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन र ओसारपसारलाई छुट्याई हेरेको छ साथै वेश्यागमन गर्ने र वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखनको कसुर मानेको र वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाई फकाई

गर्ने, प्रपन्च मिलाउने, आफूसँग राख्ने कार्यलाई मानव ओसारपसारको कसुर मानेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले वेश्यागमन गर्ने, वेश्यागमनको उद्देश्यले ललाई फकाई गर्ने र वेश्यागमन गर्न लगाउनेलाई फरक फरक अवधारणाबाट हेरी फरक कसुर मानी सजायको व्यवस्था गरेको देखिन्छ । ऐनले नै दफा १५ (१) (ख) मा वेश्यावृत्तिमा लगाउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरेको छ भने वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने आफूसँग राख्नेलाई ऐ. ऐनको दफा १५ (१)ङ(छ) अनुसार ७ वर्षदेखि १० वर्षसम्म कैद गर्न सक्ने र वेश्यागमन गर्नेलाई १५ (१)(घ) बमोजिम १-३ महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवानाको व्यवस्था गरेको छ । विश्वमा भएको कानूनलाई हेर्दा वेश्यावृत्तिको लागि कतै अपराधीकरण (criminalization), या कतै कानूनी मान्यता (legalization), त कतै निरपराधीकरण (Decriminalization) को अभ्यास गरेकोमा नेपालको कानूनले वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउनेलाई वा वेश्यावृत्तिको लागि ललाई फकाई प्रपन्च गर्ने आफूसँग राख्नेलाई अपराधीकरण गर्ने तर वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणालाई मान्यता दिएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा कसैले वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसारपसार गरेको मानिने छ भन्ने उल्लेख भएको देखिँदा प्रतिवादीले पीडितालाई निजको फुपूको घरबाट ललाई फकाई, प्रलोभनमा पारी आफ्नो डेरा कोठामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले राखेको भनी मिसिलबाट देखिँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ४(२)(ख) बमोजिमको कसुर गरेको भन्ने देखिन आयो । यसर्थ, प्रतिवादीले पुनरावेदिकालाई वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने कार्य गरेको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५ (१)(ख) अनुसार सजाय गर्नुपर्ने देखिन्छ ।

६. सजाय निर्धारण गर्दा, कसुरको आधारमा सजायको समानुपातिकता (proportionality) हेर्न आवश्यक हुँदा प्रतिवादी विष्णु थापालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) र ४(१)(ख) को कसुरमा दफा १५(१)(ख) बमोजिम १० (दश) वर्ष कैद तथा रू. ५०,०००।– (पचास हजार) जरिवाना र ऐनको दफा १७ बमोजिम रू. २५,०००।– (पच्चीस हजार) क्षतिपूर्ति हुने ठहर्‌याएको उच्च अदालत पाटनको फैसला कसुरको प्रकृति र संलग्नताको आधारमा सजायको हदमा अत्यन्त चर्को भएको र कानून र न्यायको रोहमा समेत मिलेको नदेखिई केही उल्टी हुने ठहर्छ । सजायको हदमा केही उल्टी भई निज प्रतिवादीलाई ऐ. ऐनको दफा १५(१) (छ) बमोजिम ७ (सात) वर्ष कैद हुने ठहर्छ । जरिवाना तथा क्षतिपूर्तिको हकमा फैसला मिलेकै देखिँदा केही गर्नुपरेन । प्रतिवादीको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम उच्च अदालत पाटनको फैसला केही उल्टी हुने ठहरेकोले उच्च अदालत पाटनको फैसलाबमोजिमको कायम रहेको प्रतिवादी विष्णु थापाका नाउँको १० (दश) वर्ष कैदको लगतको सट्टा ७(सात) वर्ष कैदको लगत कायम गरी सोहीअनुरूप निजको नाउँको कैद असुलउपर गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाई दिनू.....१

निज प्रतिवादीबाट रू. ५०,०००।– (पचास हजार) जरिवाना असुलउपर गर्नु तथा पीडितलाई क्षतिपूर्ति रकम रू. २५,०००।– (पच्चिस हजार) नियमानुसार भराई दिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू २

प्रस्तुत मुद्दाको फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालय र प्रतिवादी विष्णु थापालाई दिनू ३

प्रस्तुत मुद्दाको नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ५

उक्त रायमा सहमत छु ।

न्या.कुमार रेग्मी

इजलास अधिकृतः हिरा डंगोल, मतिना शाक्य

इति संवत् २०७७ साल असोज १६ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला मिति : २०७७।६।१५

निर्णय नं. १०७६५

भाग: ६३ साल: २०७८ महिना: माघ अंक: १०

फैसला मिति :२०७७/०६/१५ ११७६

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७४-CR-०७३२

पुनरावेदक / प्रतिवादी : जिल्ला झापा गरामनी गा.वि.स. वडा नं.२ घर भई हाल कारागार कार्यालय कपिलवस्तुमा थुनामा रहेका चित्रबहादुर बराइली

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम २०७१(३) MS र २०७१(३) AB को जाहेरीले नेपाल सरकार

पुनरावेदक / प्रतिवादी : परिवर्तित नाम २०७१(३)MS र २०७१(३)MS को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला नुवाकोट साबिकको बेल्कोट गा.वि.स. वडा नं. ८ वतन भएका आइतराम तामाङसमेत

फैसला

न्या.हरिप्रसाद फुयाल : उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादीको तर्फबाट पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

घरमा कोही कसैलाई कुनै किसिमको जानकारी नगराई काठमाडौंमा राम्रो काम पाइन्छ भनी घरबाट मिति २०७१।५।१५ गते पर्वतबाट रात्रीबसमा चढी काठमाडौं कलंकीमा आउँदा मसँग पोखरामा चिनजान तथा भेट भएका व्यक्तिलाई फोन गरी बोलाई भेट भई कुराकानी हुँदै गर्दा पछि नाम थाहा हुन आएकी परिवर्तित नाम २०७१(३)MS पनि सोही स्थानमा भेट भएपछि निजसँग चिनजान गराई म परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS भई केही समय बसी पछि नाम थाहा हुन आएका चित्रबहादुर बराइली र मिरा बराइलीसँग जानु भनी बताएपछि निजहरूको साथमा लागी कलंकीबाट भैरहवातर्फ जाने बसको टिकट निज चित्रबहादुर बराइलीले काटी निजहरूसँग साथमा लागी मिति २०७१।५।१७ गते बिहानको समयमा सुनौली बसपार्कमा आई ओर्ली चिया नास्ता खाई भारततर्फ जान भनी पैदल हिँडेर जान लागेको अवस्थामा नेपाल भारत सिमानाको बेलहिया नाकामा माइती नेपालका कर्मचारीले हामीहरूलाई सोधपुछ गर्दा चित्रबहादुर बराइली र मिरा बराइली अलमलमा परी जवाफ दिन नसकी तत्काल त्यहाँबाट भागी फरार भएपछि बल्ल निजहरूले हामीहरूलाई बेचबिखन गर्न भारततर्फ लैजान लागेको भन्ने थाहा जानकारी हुन आयो । हामीहरूलाई काठमाडौंसम्म बोलाउने तत्काल नाम थर वतन थाहा नभएको व्यक्तिसँग मिली नाना किसिमका कुरा गरी झुठा प्रलोभन देखाई गफलतमा पारी जालपरिपञ्च गरी बेचबिखन गर्न भारततर्फ लान लगेको हुँदा निजहरूलाई खोजतलास गरी पक्राउ गरिपाउँ भन्नेसमेत बेहोराको परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS को जाहेरी ।

मलाई यकिन नाम थाहा नभएका एक जना व्यक्तिले तिमीलाई राम्रो काममा लगाइदिन्छु भनी बताएका हुँदा निजको सल्लाह सहमतिमा मिति २०७१।५।१५ गते पर्वतबाट रात्रिबसमा चढी काठमाडौं कलंकीमा आउँदा मसँग पोखरामा चिनजान तथा भेट भएका व्यक्तिलाई फोन गरी बोलाई भेट भई कुराकानी हुँदै गर्दा पछि नाम थाहा हुन आएकी परिवर्तित नाम २०७१(३)MS पनि सोही स्थानमा भेट भएपछि निजसँग चिनजान गराई म परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS भई केही समय बसी पछि नाम थाहा हुन आएका चित्रबहादुर बराइली र मिरा बराइलीसँग जानु भनी बताएपछि निजहरूको साथमा लागी कलंकीबाट भैरहवातर्फ जाने बसको टिकट निज चित्रबहादुर बराइलीले काटी निजहरूसँग साथमा लागी मिति २०७१।५।१७ गते बिहानको समयमा सुनौली बसपार्कमा आई ओर्ली झरी चिया नास्ता खाई भारततर्फ जान भनी पैदल हिँडेर जान लागेको अवस्थामा नेपाल भारत सिमानाको बेलहिया नाकामा माइती नेपालका कर्मचारीले हामीहरूलाई सोधपुछ गर्दा चित्रबहादुर बराइली र मिरा बराइली अलमलमा परी जवाफ दिन नसकी

तत्काल त्यहाँबाट भागी फरार भएपछि बल्ल निजहरूले हामीहरूलाई बेचबिखन गर्न भारततर्फ लैजान लागेको भन्ने थाहा जानकारी हुन आयो । हामीहरूलाई काठमाडौंसम्म बोलाउने तत्काल नाम, थर, वतन थाहा नभएको व्यक्तिसँग मिली नाना किसिमका कुरा गरी झुठा प्रलोभन देखाई गफलतमा पारी जालपरिपञ्च गरी बेचबिखन गर्न भारततर्फ लान लगेको भन्नेसमेत बेहोराको २०७१(३) MS को बयान कागज ।

मलाई यकिन नाम थाहा नभएका एक जना व्यक्तिले तिमीलाई राम्रो काममा लगाइदिन्छु भनी बताएका हुँदा निजको सल्लाह सहमतिमा मिति २०७१।५।१५ गते पोखराबाट रात्रिबसमा चढी काठमाडौं कलंकीमा आउँदा मसँग पोखरामा चिनजान तथा भेट भएका व्यक्तिलाई फोन गरी बोलाई भेट भई कुराकानी हुँदै गर्दा पछि नाम थाहा हुन आएकी परिवर्तित नाम २०७१(३)MS पनि सोही स्थानमा भेट भएपछि निजसँग चिनजान गराई म परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS भई केही समय बसी पछि नाम थाहा हुन आएका चित्रबहादुर बराइली र मिरा बराइलीसँग जानु भनी बताएपछि निजहरूको साथमा लागी कलंकीबाट भैरहवातर्फ जाने बसको टिकट निज चित्रबहादुर बराइलीले काटी निजहरूसँग साथमा लागी मिति २०७१।५।१७ गते बिहानको समयमा सुनौली बसपार्कमा आई ओर्ली झरी चिया नास्ता खाई भारततर्फ जान भनी पैदल हिँडेर जान लागेको अवस्थामा नेपाल भारत सिमानाको बेलहिया नाकामा माइती नेपालका कर्मचारीले हामीहरूलाई सोधपुछ गर्दा चित्रबहादुर बराइली र मिरा बराइली अलमलमा परी जवाफ दिन नसकी तत्काल त्यहाँबाट भागी फरार भएपछि बल्ल निजहरूले हामीहरूलाई बेचबिखन गर्न भारततर्फ लैजान लागेको भन्ने थाहा जानकारी हुन आयो । हामीहरूलाई काठमाडौंसम्म बोलाउने तत्काल नाम, थर, वतन थाहा नभएको व्यक्तिसँग मिली नाना किसिमका कुरा गरी झुठा प्रलोभन देखाई गफलतमा पारी जालपरिपञ्च गरी बेचबिखन गर्न भारततर्फ लान लगेको भन्नेसमेत बेहोराको परिवर्तित नाम २०७१(३) AB ले गरेको बयान कागज ।

काठमाडौं कलंकी स्थित गणेश पेट्रोल पम्पभन्दा केहीमाथि घर भाडामा लिई बसेका सम्पर्क नं. ९८०३९०६७५५ भएको विमल भण्डारी भन्ने व्यक्ति र नाम थाहा नभएको ९८०८४५४९१७ नं. को मोबाएल प्रयोगकर्ता तामाङ भन्ने व्यक्तिसँग भेट भई जाहेरवालाहरूलाई भारतको सीमा पार गराइदिनु भनी भनेकाले विश्वासमा परी निजहरूलाई साथमा लिई आउने क्रममा नेपाल भारत सिमानाको बेलहिया नाकामा रहेका माइती नेपालका कर्मचारीले हामीहरूलाई सोधपुछ गर्दा निजहरूलाई भारत सिमानासम्म लैजान नसक्ने भएपछि उक्त स्थानबाट भागी गएका हौं भन्नेसमेत बेहोराको प्रतिवादी चित्रबहादुर बराइलीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज र सोही बयानसँग मेल खाने गरी खुलाई लेखाएको एकै मिलानको मिरा बराइलीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

जाहेरीमा उल्लिखित मिति र समयमा नेपाल भारत सीमा जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं.१ स्थित नाकामा डिउटीमा खटिएको र सोही दिनको बिहानको समयमा प्रतिवादी चित्रबहादुर बराइली र मिरा बराइलीले जाहेरवालीहरू परिवर्तित नाम २०७१(३) MS र परिवर्तित नाम २०७१(३)MS लाई साथमा लिई आएको र निजहरूलाई रोकी सोधपुछ गर्दा प्रतिवादीहरूले अलमल गरेर जवाफ दिन नसकी जाहेरवालाहरूलाई सोधपुछ गर्न लाग्दा सोही मौकामा प्रतिवादीहरू भागेको र निज जाहेरवालीहरूलाई प्रतिवादीहरूले बाटोमा सोधपुछ भएमा बाबु आमा हुन भन्नु भनी बहाना बनाउन लगाई नेपाल भारत सीमा पार गरी बेचबिखन गर्न लैजाने कार्यमा संलग्न प्रतिवादीहरूलाई कारबाही होस् भन्नेसमेत बेहोराको विमला विश्वकर्मा, रीना पौडेलसमेतले गरेको एकै मिलानको घटना विवरण कागज ।

विमल भण्डारी विनोद भन्ने टेकबहादुर कामीले जाहेरवाली परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS लाई नेपाल भारत सीमा पार गराउन सके प्रसस्त रकम मिल्छ भनेको र निज जाहेरवालीहरूलाई प्रतिवादी चित्रबहादुर बराइली र मिरा बराइलीको जिम्मा दिई नेपाल भारत सीमा पार गराउन भनी मसमेतले काठमाडौं कलंकीबाट भैरहवा सुनौली जाने बस चढाई पठाएको हो भन्नेसमेत बेहोराको प्रतिवादी आइतराम तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

प्रतिवादी चित्रबहादुर बराइली र मिरा बराइलीले जाहेरवाला परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS लाई विभिन्न किसिमको प्रलोभन देखाई काठमाडौंबाट टिकट काटी भैरहवा नाका हुँदै भारततर्फ लैजान लागेको अवस्थामा माइती नेपालका कर्मचारीले हामीहरूलाई सोधपुछ गर्दा चित्रबहादुर बराइली र मिरा बराइली अलमलमा परी जवाफ दिन नसकी तत्काल त्यहाँबाट भागी गएका हुन् भनी सुनी थाहा जानकारी पाएका हौं निजहरूलाई कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्का ।

हामीहरूलाई झुठ्ठा प्रलोभन देखाई गफलतमा पारी जालपरिपञ्च गरी बेचबिखन गर्न भारततर्फ लान लगेको हुँदा निजहरूलाई खोजतलास गरी पक्राउ गरिपाउँ भन्ने परिवर्तित नाम २०७१(३)MS र परिवर्तित नाम २०७१(३)MS को जाहेरी दरखास्त पीडितहरूले गरेको बयान, प्रतिवादी चित्रबहादुर बराइलीको बयान कागज सोही बयानसँग मेल खाने गरी खुलाई लेखाएको एकै मिलानको प्रतिवादीहरू मिरा बराइली, आइतराम तामाङसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, घटना सम्बन्धमा बुझिएका मानिसहरूले गरी दिएको घटना विवरण कागज, वस्तुस्थिति मुचुल्कासमेतको आधार प्रमाणबाट प्रतिवादीहरू चित्रबहादुर बराइली, मिरा बराइली,

आइतराम तामाङले काठमाडौं कलङ्की स्थित गणेश पेट्रोल पम्पभन्दा केही माथि घर भाडामा लिई बसेका सम्पर्क नं. ९८०३९०६७५५ भएको, प्रतिवादी विमल भण्डारी विनोद भन्ने टेकबहादुर कामीको मिलीमतोमा जाहेरवाला पीडितहरू परिवर्तित नाम २०७१(३) MS र परिवर्तित नाम २०७१(३)MS लाई बिक्री वितरण गर्नको लागि काठमाडौंबाट भैरहवा लिई आएको पुष्टि हुन आएकाले निज प्रतिवादीहरू चित्रबहादुर बराइली, मिरा बराइली, आइतराम तामाङ र विमल भण्डारी विनोद भन्ने टेकबहादुर कामीले मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम कसुर अपराध गरेको देखिँदा सो कसुर अपराधमा निज प्रतिवादीहरू चित्रबहादुर बराइली, मिरा बराइली, आइतराम तामाङ र विमल भण्डारी, विनोद भन्ने टेकबहादुर कामीलाई सो कसुर अपराधमा सोही ऐनको दफा १५ को उपदफा (१) को ङ(१) बमोजिम सजाय हुन र सोही ऐनकै दफा १७(१) बमोजिम पीडितहरूलाई क्षतिपूर्ति भराइपाउँ भन्नेसमेत बेहोराको अभियोग माग दाबी ।

झापामा काम गर्दा राम्रो आम्दानी नभएकाले हामी बुढाबुढीले विदेश जाने सल्लाह गरी काठमाडौंमा आएपछि पहिला चिनजान नभएका आइतराम तामाङसँग भेट भयो । उहाँसँग विदेश जाने कुरा गरेपछि मैले दुवैजनालाई विदेश पठाइदिन्छु भन्नुभयो । आइतरामले नेपालबाट भन्दा विदेश जान दिल्लीबाट सजिलो हुन्छ र कम खर्च लाग्छ भन्नुभएकाले मैले एक लाख रूपैयाँ मेनपावरको मान्छेलाई आइतरामकै रोहबरमा बुझाएको हुँ । आइतरामले हामीलाई टेकबहादुरसँग भेट गराउनुभयो । आइतराम र टेकबहादुरले कुराकानी गरे हामी नाम थाहा नभएको गेस्ट हाउसमा तीन दिन बसियो । तीन दिनपछि विनोदको कोठामा लगी चार दिन राख्नुभयो । चार दिनपछि आई हामीलाई साँझमा आज विदेश जाने भनी कलंकीबाट फोन गरी हामी कलंकी गयौं । कलंकीमा एक जना भाइले विनोदसँग भेट गराई यही होटलमा बस भनेकाले सोही होटलमा बसियो । भोलिपल्ट बेलुका विनोद तामाङ सरले हामी दुवै जनालाई भैरहवाको गाडीमा पठाइदिनुभयो । गाडीमा केटीहरू पनि थिए । विनोदले दुई जना केटीहरू बोर्डर पार हुन्छन् भनेपछि मैले हामीलाई केही त हुँदैन भन्दा उहाँले केही हुँदैन बोर्डर पास भएपछि आफ्नो जग्गामा जान्छन् । उनीहरूका मानिसले लैजान्छन् भनेका हुन् । मैले जाहेरवालालाई बिक्री गर्न विदेशमा लैजान लागेको र सिमानामा छोरी र बहिनी भनेको होइन जाहेरवालाहरू कहाँ के गर्न जाने हुन् मलाई थाहा थिएन । विनोद र आइतरामले सँगै लैजानु भनी जाहेरवालालाई गाडीमा पठाउनुभएको हो । अनुसन्धान अधिकारीले बयान नपढी सही गराउनुभएको हो । जाहेरवालीहरूलाई विदेश पठाउने क्रममा आइतराम र विनोद भन्ने टेकबहादुर कामीको संलग्नता छ । म निर्दोष हुँदा सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी चित्रबहादुर बराइलीले सुरू रूपन्देही जिल्ला अदालतमा गरेको बयान ।

झापामा काम गर्दा राम्रो आम्दानी नभएकाले हामी बुढाबुढीले विदेश जाने सल्लाह गरी काठमाडौंमा आएपछि पहिला चिनजान नभएका आइतराम तामाङसँग भेट भयो । उहाँसँग विदेश जाने कुरा गरेपछि मैले दुवै जनालाई विदेश पठाइदिन्छु भन्नुभयो । आइतरामले नेपालबाट भन्दा विदेश जान दिल्लीबाट सजिलो हुन्छ र कम खर्च लाग्छ भन्नुभएकाले मैले एक लाख रूपैयाँ मेनपावरको मान्छेलाई आइतराम कै रोहबरमा बुझाएको हुँ । मेन पावरको मान्छेले आइतराम जिम्मा लगाए । म, श्रीमान् र आइतरामसमेत कलंकी गयौं । आइतरामले हामीलाई टेकबहादुरसँग भेट गराउनुभयो । तीन दिन जति कलंकी गेस्ट हाउसमा राख्नुभएको हो । केही दिन विनोदको कोठामा लगि राख्नुभएको हो । आज जाने भनी विनोदले फोन गरेपछि हामी दुवै र आइतराम कलंकी आई फोन गरी विनोदसँग भेट भएको हो । बेलुका विनोद र तामाङ सरले कलंकीबाट भैरहवाको गाडीमा चढाइदिनुभयो । पछि दुईवटी केटी ल्याई गाडीमा चढाइदिनुभयो । यिनीहरूको साथमा गई बोर्डर पार गर्नु भने । मैले केटीहरूसँगै लैजाँदा केही डर हुन्छकि भन्दा केही हुँदैन भनी हामीहरू चढेको बसको अगाडिको सिटमा चढाइदिनुभएको हो । हामीहरू गाडीमा सँगै थियौं । निजहरूलाई मैले चिनेको थिइन । बाटामा कुराकानी भएन । बोर्डरमा आएपछि माइती नेपालका कर्मचारीले पक्राउ गरेका हुन् । त्यहाँ सोधपुछ गर्दा हामीले केटीहरूसँग चिनजान छैन भनेको हो । केटीहरूलाई हामीले ल्याएको होइन । मैले जाहेरवालालाई बेचबिखन ओसार पसारको लागि ल्याएको होइन र विदेशमा लैजान मेरा छोरी र बहिनी भनेको होइन । केटीहरू कता जाने भन्ने मलाई थाहा थिएन । विदेश पठाउने विनोद र आइतरामलाई थाहा होला । प्रहरीमा कुटपिट गरी जबरजस्ती बयानमा सही गराएका हुन् । म निर्दोष हुँदा सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी मिरा बराइलीले सुरू रूपन्देही जिल्ला अदालत गरेको बयान ।

विदेश जानको लागि डिमान्ड छ, छैन भनी नाम थाहा नभएको मेन पावरमा गई सोधपुछ गर्दा डिमान्ड छैन भनेको र त्यहाँ चित्रबहादुर बराइली र निजको श्रीमती मिरा बराइलीसँग तिलकबहादुरले चिनजान गराई दिएपछि तपाईंले कुनै मेनपावरसँग चिनजान भएमा सम्पर्क गरिदिनुहोस् भनेकाले मैले एक डेढ महिनादेखि चिनजान भएका विनोद भन्ने टेकबहादुर कामीसँग फोन गरेपछि मैले पठाइदिन्छु ल्याउनुहोस् भनेकाले मैले कलंकीमा भेट गराइदिएको हुँ । केही दिन होटलमा र केही दिन आफ्नो कोठामा राखी मिति २०७१।५।१६ मा चित्रबहादुरले बोलाएकाले म कलंकीमा आएको हुँ । म कलंकीमा आउँदा चित्रबहादुर, मिरा, विनोद भन्ने टेकबहादुर र विनोदको भाइ सँगै थिए । ती नाम थाहा नभएका केटीहरू कहाँ जाने हुन् मलाई थाहा भएन । चित्रबहादुर, मिरा र दुईवटी केटी गाडीमा चढेका हुन् । म कोठामा आएको हुँ । मैले जाहेरवालीलाई चित्रबहादुर र निजको श्रीमती र टेकबहादुरले केही भनेको सुनिन । जाहेरवालीलाई मैले चिने जानेको छैन र मैले बेचबिखन ओसारपसार गरेको होइन । सँगै गाडीमा चढाइदिएको भन्ने झुठ्ठा हो । मैले चित्रबहादुर र मिरालाई

टेकबहादुरसँग सम्पर्क गराइदिएको मात्र हुँ । मेरो कुनै दोष नहुँदा सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी आइतराम तामाङले सुरू रूपन्देही जिल्ला अदालतसमक्ष गरेको बयान ।

प्रतिवादी बिमल भण्डारी विनोद भन्ने टेकबहादुर कामीका नाउँको म्याद मिति २०७२।१।२३ मा बेपत्ते तामेल भई निज फरार रहेका । मैले यी प्रतिवादीहरू कसैलाई पनि चिन्दिन । यी प्रतिवादीहरूले हामीलाई खाना खुवाई पैसा तिरी टिकट काटी भारत सिमानासम्म ल्याएका होइनन् । हामी आफैँ पोखराबाट सुनौली जान भनी आएका हौँ । जाहेरीको बेहोरा आफैँ लेखेर पढ्न नदिई सही गराएका हुन् । जाहेरीको बेहोरा र बयानको बेहोरा सबै झुठ्ठा हो । जबरजस्ती सही गराएका हुन् भन्नेसमेत बेहोराको जाहेरवाली परिवर्तित नाम २०७१(३)MS ले गरेको बकपत्र ।

मैले यी प्रतिवादीहरू कसैलाई पनि चिन्दिन । माइती नेपालले हामीलाई राम्रो जागिर लगाई दिने चाँडै घर जान पाउने प्रलोभन देखाई उनीहरूले लेखेको जाहेरी पढी नसुनाई डर देखाई सही गराएका र प्रहरीमा भएको बयान बेहोरा मलाई नसुनाई सही गर्न लगाएको हो । हामी आफ्नो खुसीले आएको हो । कसैले लिई आएको होइन । जाहेरीको बेहोरा झुठ्ठा हो । जबरजस्ती सही गराएका हुन् भन्नेसमेत बेहोराको जाहेरवाली परिवर्तित नाम २०७१(३)MS ले गरेको बकपत्र ।

जाहेरवालीहरू पछि पछि र प्रतिवादी चित्रबहादुर बराइली अघि र प्रतिवादी मिरा साथै रही हिँडेको अवस्थामा नेपाल भारत सिमा सुनौलीमा फेला पारेको हो । हामीले सो समयमा जाहेरवालीहरूलाई सोध्दा प्रतिवादीलाई बाबु आमा हो भनी भारत जान लागेको भनेका थिए । निज जाहेरवालीसँग नागरिकता, पासपोर्ट केही नभएको हुँदा शंका लागेको हो । जाहेरवालीको ब्याग यी प्रतिवादीले लिएका थिए । चित्रबहादुर र मिरा बराइलीलाई सँगै भेटाएको हो । अन्य प्रतिवादीलाई भेटाइन भन्नेसमेत बेहोराको प्रहरीमा कागज गर्ने विमला विश्वकर्माले गरेको बकपत्र ।

प्रतिवादी आइतराम तामाङले जाहेरवालालाई भारत लैजान कुनै त्यस्तो काम गरेका भूमिका निर्वाह गरेका होइनन् । यी प्रतिवादी आफ्नो मेहनत मजदुरी गरेर खाने व्यक्ति हुन् । यी प्रतिवादीले त्यस्तो गलत काम गरेका होइनन् । जाहेरवालीले किन त्यस्तो लेखाए थाहा भएन, यी प्रतिवादीले सफाइ पाउनुपर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी आइतराम तामाङका साक्षी अमिता तामाङले गरेको बकपत्र ।

यी प्रतिवादीहरूको चालचलन राम्रो छ । यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेका छैनन् । अभियोग दाबी झुठ्ठा हो । उक्त कार्यमा संलग्न भएका छैनन् । यी जाहेरवालालाई बेच्न लिएर हिँडेको होइन । यी प्रतिवादीहरू आफू वैदेशिक रोजगारको लागि दाजुको जग्गा धितो राखेर मेन पावर कम्पनीमार्फत विदेश जान हिँडेका हुन् । झुठ्ठा आरोप लगाई फसाइएको हो भन्नेसमेत बेहोराको प्रतिवादी चित्रबहादुर र मिरा बराइलीका साक्षी कृष्णबहादुर बराइलीले गरेको बकपत्र ।

प्रतिवादीहरू चित्रबहादुर र निजकै श्रीमती मिरा बराइलीले काठमाडौँदेखि भारतमा लैजान बेचबिखन गर्न लिई हिँडेको भन्ने सुनेकी हुँ । अन्य कुन कुन प्रतिवादीको मिलेमतो थियो थाहा भएन भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने आयुषा खड्काले गरेको बकपत्र ।

प्रतिवादीहरू चित्रबहादुर र मिरा बराइली र अरू प्रतिवादीहरू आइतराम, विनोद भन्ने टेकबहादुर कामी, बिमल भण्डारीसमेतको मिलेमतोमा जाहेरवालीलाई लिएर हिँडेको भन्ने सुनेको हो । सुनौलीमा माइती नेपालले सोधपुछ गर्दा चित्रबहादुर मिरा बराइली फरार भई पछि पक्राउ परेको भन्ने सुनेको हुँ । त्यतिबेलाको अवस्थालाई विचार गर्दा बेचबिखनका लागि लिएर हिँडेको भन्ने शंका लाग्छ भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने कल्पना आलेले गरेको बकपत्र ।

प्रतिवादीमध्येका बिमल भण्डारी, विनोद भन्ने टेकबहादुर कामीको नाउँको म्याद बेपत्ते तामेल भएको देखिँदा जिल्ला अदालत नियमावली २०५२ को नियम १९क(४) बमोजिम निजको हकमा मुद्दा तामेलीमा राखिदिएको छ । प्रतिवादीहरू चित्रबहादुर बराइली र मिरा बराइलीले यी जाहेरवालाहरूलाई काठमाडौँदेखि भैरहवा सुनौली नाका हुँदै भारततर्फ लैजाँदै गर्दा नेपाली भूमिमा निजहरू पक्राउ परी निजहरूले अभियोग दाबी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर गरेको पुष्टि हुन आएकाले निजहरूलाई सोही ऐनको दफा १५(१) ङ(२) बमोजिम जनही १० (दश) वर्ष कैद र रू. ५०,०००।– (पचास हजार) जरिवाना हुने ठहर्छ । दफा १७(१) बमोजिम प्रतिवादीहरूबाट पीडितहरूलाई क्षतिपूर्ति भराइपाउँ भन्ने दाबीका सम्बन्धमा जाहेरवालाहरूले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरू निर्दोष छन् भनी उल्लेख गरेको हुँदा यस अवस्थामा दाबीबमोजिमको क्षतिपूर्ति भराइदिन मनासिब नदेखिँदा क्षतिपूर्ति भराइपाउँ भन्ने दाबी पुग्न सक्दैन । प्रतिवादी आइतराम तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा यी जाहेरवालाहरूलाई भारत पठाउनमा मेरो कुनै संलग्नता छैन भनी इन्कारी बयान लेखाएको, अदालतको बयानमा समेत कसुरमा इन्कारी बयान बेहोरा लेखाएको र सो इन्कारी बयानलाई निजका साक्षी अमिता तामाङको बकपत्रले समर्थनसमेत गरेकोले यी प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी आइतराम तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ ।

अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको दाबी पुग्न सक्दैन भन्ने सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।५।१७ मा भएको फैसला ।

मैले अदालतको बयानमा जाहेरवालीको साथमा गई बोर्डर पार गर्नु भनेर विनोदले सँगै गाडीमा चढाएको कुरा बयानमा उल्लेख गरेको छु । जाहेरवालीहरू कहाँका हुन, के प्रयोजनले भारत जाँदैछन् ? लगायतका सबै कुरामा मसमेत अनभिज्ञ थिए । एउटै बसमा आउँदा कुराकानी गफगाफ केही भएको होइन । एउटै गाडीमा आउँदैमा निजहरूलाई विदेशमा लगी बिक्री गर्न लिई हिँडेको भन्ने आरोपमा कसुरदार ठहर गर्न मिल्ने होइन । कुनै पनि अपराध हुनको लागि आपराधिक कार्य र मनसाय हुनु जरूरी हुन्छ । मसमेतले ललाई फकाई वा कुनै बेहोराले प्रभावमा पारी सँगै हिँड भनी जाहेरवालीहरूलाई नभनेको र निजलाई भारतमा लगी बेच्ने हाम्रो मनसाय पनि नभएकोले आपराधिक कार्य र मनसाय नभएको प्रस्ट हुन्छ । अरूले गाडीमा चढाइदिएको महिलालाई मसमेत पनि विदेश जान भारतको बाटो जाँदै गर्दा सँगै जानु मात्र अपराध होइन । जाहेरवालीहरूले दिएको जाहेरीमा र बयानमा बेलहियाबाट सोधपुछ गर्दा अलमलमा परी भागेपछि विश्वास लाग्छ भन्ने भाषा प्रयोग भएको पाइयो । अर्को व्यक्तिले निजहरूलाई गाडीमा चढाएको, गाडीमा कुनै कुराकानी नभएकोले निजहरू को हुन्, किन आएका हुन् भन्ने थाहा नभएपछि अलमल पर्ने अवस्था रहेको हो । जाहेरवालीहरूको स.ज.७ मा निजहरूले आ-आफूले टिकट काटी अर्थात् अलग्गै टिकट काटी यात्रा सुरू गरेको र काठमाडौंबाट गाडी चढनुपूर्व मसमेत पति पत्नीले निजहरूलाई गाडी चढौं भनेको र हाम्रो भनाइमा निजहरू हिँडेको भनी लेखाउन सकेको अवस्था छैन । हाम्रो साक्षीले हाम्रो चरित्र असल रहेको र हामीले अपराध नगरेको भनी बकपत्र गरिदिएको, सहअभियुक्त आइतरामले मसमेत उपर लाञ्छना नलगाएको, वस्तुस्थिति मुचुल्काका मानिस आयुषा खड्कासमेतका साक्षी सुनी जान्ने साक्षी रहेका तथा जाहेरवालाहरूले अदालतमा बकपत्र गर्दा हामी निर्दोष रहेको कुरा लेखाएकोले सुरू अदालतबाट हामीलाई कसुरदार ठहर हुने गरी भएको फैसला नमिलेकोले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको चित्रबहादुर बराइलीले जिल्ला कारागार कार्यालय, रूपन्देहीमार्फत गरेको पुनरावेदन पत्र ।

मैले अदालतको बयानमा जाहेरवालीको साथमा गई बोर्डर पार गर्नु भनेर विनोदले सँगै गाडीमा चढाएको कुरा बयानमा उल्लेख गरेको छु। जाहेरवालीहरूसँग मसमेत एउटै बसमा चढेका हौं। विमल भन्ने टेकबहादुरले सँगै गाडीमा चढाएको सँगै आएकोसम्म हो। जाहेरवालीहरू कहाँका हुन्, के प्रयोजनले भारत जाँदै छन्? लगायतका सबै कुरामा मसमेत अनभिज्ञ थिए । एउटै बसमा आउँदा कुराकानी गफगाफ केही भएको होइन । एउटै गाडीमा आउँदैमा निजहरूलाई विदेशमा लगी बिक्री गर्न लिई हिँडेको भन्ने आरोपमा कसुरदार ठहर गर्न मिल्ने होइन । कुनै पनि अपराध हुनको लागि आपराधिक कार्य र मनसाय हुनु जरूरी हुन्छ । म समेतले ललाई फकाई वा कुनै बेहोराले प्रभावमा पारीसँगै हिँड भनी जाहेरवालीहरूलाई नभनेको र निजलाई भारतमा लगी बेच्ने हाम्रो मनसाय पनि नभएकोले आपराधिक कार्य र मनसाय नभएको प्रस्ट हुन्छ। अरूले गाडीमा चढाइदिएको महिलालाई मसमेत पनि विदेश जान भारतको बाटो जाँदै गर्दा सँगै जानु मात्र अपराध होइन। जाहेरवालीहरूले दिएको जाहेरीमा र बयानमा बेलहियाबाट सोधपुछ गर्दा अलमलमा परी भागेपछि विश्वास लाग्छ भन्ने भाषा प्रयोग भएको पाइयो । अर्को व्यक्तिले निजहरूलाई गाडीमा चढाएको, गाडीमा कुनै कुराकानी नभएकोले निजहरू को हुन्, किन आएका हुन् भन्ने थाहा नभएपछि अलमल पर्ने अवस्था रहेको हो । जाहेरवालीहरूको स.ज.७ मा निजहरूले आ-आफूले टिकट काटी अर्थात् अलग्गै टिकट काटी यात्रा सुरू गरेको र काठमाडौंबाट गाडी चढ्नुपूर्व मसमेत पतिपत्नीले निजहरूलाई गाडी चढौं भनेको र हाम्रो भनाइमा निजहरू हिँडेको भनी लेखाउन सकेको अवस्था छैन । यसबाट पनि निजहरूको जाहेरी र बयान विश्वासलायक छैन भन्ने पुष्टि हुन्छ । हाम्रो साक्षीले हाम्रो चरित्र असल रहेको र हामीले अपराध नगरेको भनी बकपत्र गरिदिएको, सहअभियुक्त आइतरामले मसमेत उपर लाञ्छना नलगाएको, वस्तुस्थिति मुचुल्काका मानिस आयुषा खड्कासमेतका साक्षी सुनी जान्ने साक्षी रहेका तथा जाहेरवालाहरूले अदालतमा बकपत्र गर्दा हामी निर्दोष रहेको कुरा लेखाएकोले सुरू अदालतबाट हामीलाई कसुरदार ठहर हुने गरी भएको फैसला नमिलेकोले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको मिरा बराइलीले कारागार कार्यालय, पाल्पामार्फत गरेको पुनरावेदन पत्र ।

पीडितहरूलाई पोखरामा भेट भई विदेश जाने भए काठमाडौं आउनु भनी फकाई फुलाई बोलाउने व्यक्ति नाउँ थर थाहा नभएको भनी उल्लेख भएको र सो व्यक्तिसँग कलंकीमा भेट भई सोही व्यक्तिले सहप्रतिवादी मिरा बराइली र चित्रबहादुर बराइलीसँग भेट गराई निजहरूको साथ लगाई काठमाडौंबाट सुनौलीको गाडी चढाई पठाएको भन्ने तथ्य पीडितहरूको जाहेरी र प्रमाणित बयानमा स्पष्टसँग लेखिएको र चित्रबहादुर बराइली र मिरा बराइलीले पीडितहरूलाई भारततर्फ लैजानका लागि आफूहरूलाई जिम्मा लगाउने व्यक्ति आइतराम तामाङ हुन् बस चढाउँदा यी व्यक्तिसँगै थिए भनी अदालतसमक्ष गरेको बयानबाट प्रतिवादी आइतराम तामाङले नै बेचबिखनका लागि भारततर्फ पठाएको पुष्टि भइरहेको अवस्थामा शुद्ध नाम लेखाउन नसक्दैमा निजको अपराध अवश्य छुप्ने होइन । यी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला मिलेको छैन । कसुर ठहर भएको प्रतिवादीहरू चित्रबहादुर बराइली र मिरा बराइलीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) अनुसारको कसुर अपराध गरेको पुष्टि भई कसुर ठहर

गरिसकेपछि दाबीबमोजिम सपठित ऐनको दफा १५(१)(ङ)(१) अनुसार सजाय गर्नुपर्नेमा दाबीभन्दा कम सजाय हुने र पीडितलाई क्षतिपूर्ति भराइदिन नपर्ने गरी भएको सुरू फैसला त्रुटिपूर्ण रहेकोले सो हदसम्म उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम नै हुने गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकारको पुनरावेदनपत्र ।

मानव बेचबिखन ओसारपसारबाट पीडित भनिएका जाहेरवालाहरूले अदालतमा आई बकपत्र गर्दा हामी आफ्नै खुसीले आएको कसैले ल्याएको होइन, मौकाको बयान अदालतबाट प्रमाणित गर्न आउँदासमेत डरधाक देखाई जे जे सिकाएको छ सोही कुरा भन्नु भनी माइती नेपालका मानिसले भनेकाले डरका कारण हामी हो भन्न बाध्य भएका हौं भनी प्रतिवादीहरूलाई सफाइ दिएको देखिएको एवं प्रतिवादीहरू चित्रबहादुर बराईली र मीरा बराईली एवं वादी नेपाल सरकारको तर्फबाट समेत दोहोरो पुनरावेदन परेको देखिँदा अ.बं.२०२ नं. को प्रयोजनार्थ दुवै पुनरावेदन पत्रहरू एक अर्कालाई जानकारी गराई सफाई पाउने प्रतिवादी आइतराम तामाङलाई पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम झिकाई नियमानुसार पेस गर्नु भन्ने तुलसीपुर, बुटवल इजलासको मिति २०७३।५।१४ को आदेश ।

"फौजदारी अपराधमा साक्षीहरूलाई डर, धाक, धम्की दिएर वा कुनै आर्थिक प्रलोभनमा पारेर प्रतिवादी वा अभियुक्तहरूले hostile बनाउँछन् र यस्तोमा साक्षीलाई winning away गरेको भनिन्छ । अन्य प्रमाण भएमा साक्षीलाई winning away गर्दैमा अपराध कायम नहुने वा प्रतिवादी अभियुक्तलाई सफाइ प्राप्त हुने होइन । यस्तोमा झुठ्ठा बकपत्र (perjury) गरेमा साक्षी वा पीडित स्वयंलाई पनि सजाय हुन सक्ने" भन्ने विभिन्न नजिर स्थापित भएको देखिँदा जाहेरवालीहरूले अदालतमा गरेको बकपत्रका आधारमा मात्र पुनरावेदक प्रतिवादीहरू सफेद रहेछन् भन्न सकिने अवस्था रहेन । जहाँसम्म पुनरावेदक प्रतिवादी चित्रबहादुर रसाईली र मिरा रसाईलीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम नभई अभियोग माग दाबीअनुसार १५(१)(ङ)(१) बमोजिम नै सजाय गरिपाउँ भन्ने अर्को पुनरावेदन जिकिर छ, त्यसतर्फ विचार गर्दा १५(१)(ङ)(१) को सजाय हुने अवस्था भनेको विदेशमा लगिसकेको अवस्था हो । यस मुद्दामा जाहेरवालीहरूलाई प्रतिवादीहरूले विदेश लगिसकेको अवस्था नभई निजहरूलाई नेपाल सरहदभित्रबाट नै उद्धार गरिएको मिसिल अध्ययनबाट देखिन्छ र यस्तो अवस्थामा निजहरूलाई दफा १५(१)(ङ)(२) बमोजिम सजाय हुने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई अन्यथा भन्न मिल्नेसमेत देखिन आएन । प्रत्यर्थी प्रतिवादी आइतराम तामाङले आरोपित कसुरबाट सफाइ पाउने र पीडितले क्षतिपूर्ति भराई लिन नपाउने ठहर गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।०५।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीद्वयको पुनरावेदन जिकिर पुग्न सक्तैन । अन्य कुरामा तपसिलबमोजिम गर्नु होला भन्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला ।

जाहेरवालीहरू र म प्रतिवादी भारत छिर्ने क्रममा सँगै भएको र जाहेरवालीहरूलाई माइती नेपालका कर्मचारीले र सीमा प्रहरीले समाती हामीहरूलाई सोधपुछ गर्ने क्रममा मलाई उनीहरूको बारेमा केही थाहा जानकारी नभएकोले म अलमलमा परेको कारणले ममाथि शंका गरी निज कर्मचारीहरूले म प्रतिवादीलाई फसाउने नियतले जाहेरवालीहरूलाई केही नसोधी आफूखुसी आफूहरूले नै जाहेरी तयार गरी सोही जाहेरीमा सहीछाप गराएको भन्ने कुरा त जाहेरवालीहरूको अदालतसमक्षको बकपत्रबाटै स्पष्ट भइरहेको छ । यदि मैले जाहेरवालीहरूलाई होस्टाइल पार्नको लागि धाकधम्की दिएको भए अदालतमा भन्न सक्थे अथवा प्रतिवादीले धाक धम्की दिए भनी सम्बन्धित ठाउँमा शान्ति सुरक्षा दिलाइपाउँ भनी निवेदन दिन सक्थे सो गरिएको देखिँदैन । तसर्थ निजहरूलाई मैले धाक धम्की दिएर होस्टाइल गर्न खोजेको होइन छैन । जाहेरवालीहरूले अदालतमा गरेको बकपत्रलाई प्रतिवादीहरूले होस्टाइल गराएको आधार प्रमाण विना होस्टाइल गराएको अनुमान गरी जाहेरवालीहरूको अदालतको बकपत्रलाई विश्वास नगरी फौजदारी मुद्दामा साक्षीहरूलाई धाक धम्की डर वा आर्थिक प्रलोभनमा पारेर अभियुक्तहरूले winning away गराउन सक्छन् र त्यसरी winning away गराउँदैमा अपराध कायम नहुने वा अपराधीलाई सफाइ प्राप्त हुने होइन भनी अदालत स्वयम्ले winning away गराइएको आधार लिएको छ । स्वयम् जाहेरीवालीहरूले अदालतसमक्ष गरेको बकपत्रले नै प्रस्ट पारेको छ । त्यसमाथि हाम्रो साक्षीको बकपत्रले पुष्टि गरेको छ । त्यसै गरी काठमाडौंबाट भैरहवासम्म सँगै हिँड्दैमा मानव बेचबिखन गरेको आधार प्रमाण विना मानव बेचबिखनको आरोप लगाउन मिल्दैन । यसै गरी साक्षीलाई होस्टाइल गराएको भन्ने वादीको आरोप कतैबाट खण्डन भएको देखिँदैन । त्यसर्थ म प्रतिवादीबाट आफ्नो निर्दोषिताको आधार प्रमाण रहे भएको अवस्था नै छ ।

मेरा साक्षी कृष्णबहादुर वराइलीले गरेको बकपत्रमा प्रतिवादीहरूले कसुर गरेका होइनन् भन्ने उल्लेख गरे पनि सो बकपत्र निश्चिततामा आधारित भएको र सूक्ष्म र सर्तकर्तापूर्वक गरिएको अध्ययनबाट देखिँदैन यथार्थतामा उनी वारदातदेखि जान्ने साक्षी होइनन् भनी हचुवा विश्लेषण गर्न मिल्दैन । वादीको साक्षीको बकपत्रलाई आधार मान्नु प्रतिवादीको साक्षीको बकपत्र आधार नमान्नु बिल्कुलै पक्षपातपूर्ण हुन्छ । यदि जाहेरवालीहरूलाई वारदातको पीडित वारदातको देखीजान्ने भोगी जान्ने साक्षी मानी प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले काठमाडौंदेखि भैरहवासम्म बस चढाई ल्याएको भनी अनुसन्धान अधिकारीसमक्षको बयानलाई मानव बेचबिखन तथा ओसार पसार

(नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) अनुसार अदालतद्वारा प्रमाणित हुन्छ र प्रमाणमा लगाउन मिल्ने हो भने जाहेरवालीहरू आफैँ अदालतमा उपस्थित भई स्वतन्त्ररूपमा गरिएको बकपत्रलाई सोही ऐनको सोही दफाबमोजिम प्रमाण लगाउन मिल्ने कि नमिल्ने ? जाहेरवालीहरूलाई नसुनाई नसोधी प्रतिवादीलाई फसाउने नियतले तयार गरिएको जाहेरी आधार प्रमाण हुने, स्वतन्त्र रूपमा अदालतमा गरेको बकपत्र आधार प्रमाण नहुने ? यस कुराप्रति मूल्याङ्कन गरिएको छैन । यसरी जाहेरवालीहरूले स्वतन्त्ररूपमा अदालतमा जाहेरीको बेहोरा आफैँ लेखेर पढ्न नदिई सही गराएका हुन् । जाहेरी बेहोरा र बयानको बेहोरा झुट्टा हो । सही जबरजस्ती गराएका हुन् भनी दुवैले एकै मिलानको बकपत्र गरेको अवस्थामा पनि निजहरूको अनुसन्धान अधिकारीसमक्षको बयानलाई अदालतबाट प्रमाणित भएको भनी प्रमाणमा लिन मिल्ने होइन । उक्त दफाको मक्सद त्यो होइन, त्यसो हो भने स्वतन्त्रपूर्वक गरेको अदालतको बकपत्रलाई अदालतबाट प्रमाणित भएको मान्ने कि नमान्ने ? यस कुरालाई विचार मनन र मूल्याङ्कन नगरी गरेको सुरूको फैसलालाई सदर गर्ने गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी बदर गरी दिई न्याय दिलाई पाउन यो पुनरावेदनपत्र प्रस्तुत गरेको छु भन्ने चित्रबहादुर बराइलीले यस अदालतमा दिएको पुनरावेदनपत्र ।

प्रतिवादीमध्येका आइतराम तामाङले विदेशमा राम्रो काम मिलाइदिन्छु भनी पीडितलाई फकाई फुल्याई सहप्रतिवादीहरू चित्रबहादुर बराइली र मिरा बराइलीको जिम्मा लगाएको तथ्य प्रमाणित भएको अवस्थामा निजलाई कसुरबाट सफाइ दिन मिल्दैन । पीडितले यी प्रतिवादीको सुरूमा नाम लेखाउन नसकेको भन्ने आधारमा कसुरबाट सफाइ दिन मिल्दैन । प्रस्तुत अपराध सङ्गठित रूपमा गरिएको तथ्य पुष्टि हुँदाहुँदैसमेत सहअभियुक्त चित्रबहादुर बराइली र मीरा बराइलीलाई सङ्गठिततर्फको कसुरमा दाबी नपुग्ने र पीडितले क्षतिपूर्ति नपाउने गरी भएको फैसला न्यायोचित नहुँदा उक्त फैसला सो हदसम्म उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकार तथा प्रतिवादीमध्ये चित्रबहादुर बराइलीको पुनरावेदन परेको देखिएको र जाहेरवालीले अदालतमा आई जाहेरी बेहोरा खण्डन हुने गरी बकपत्र गरेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) प्रयोजनार्थ वादीको पुनरावेदनको हकमा प्रतिवादीहरूको नाममा म्याद जारी गरी झिकाई प्रतिवादीको पुनरावेदनको हकमा नेपाल सरकारलाई सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७६।२।१४ मा भएको आदेश ।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो ।

पुनरावेदक प्रतिवादी चित्रबहादुर बराइलीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामेश्वरप्रसाद कोइराला, विद्वान् अधिवक्ता श्री मनिषकुमार श्रेष्ठ; विद्वान् अधिवक्ता श्री विकास भट्टराई, विद्वान् अधिवक्ता श्री नवराज अधिकारी र विद्वान् अधिवक्ता श्री ओम पङ्गेनीले पुनरावेदकले पीडित मानिएकाहरूसँग बसमा सँगै यात्रा गरेको भनी स्वीकार गरेको तथ्यलाई कसुर कायम हुने गरी प्रमाणमा लगाउन मिल्दैन । पीडित भनिएकाको प्रतिकूल बकपत्रलाई नजरअन्दाज गरी कसुरदार ठहर गर्न न्यायको रोहमा मिल्ने अवस्था होइन । एउटै मुद्दामा वादीको साक्षीको भनाइ प्रमाणमा लिने तर प्रतिवादीको साक्षीको भनाइ प्रमाणमा नलिने गरी निर्णय गर्न मिल्दैन । ठोस आधार र प्रमाण विना हचुवाको भरमा मानव बेचबिखन जस्तो गम्भीर मुद्दामा कसुरदार कायम गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ प्रदान गरिनुपर्दछ भनी बहस गर्नुभयो ।

त्यसै गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता कमलराज पन्थीले प्रतिवादीमध्येका आइतराम तामाङले पीडितलाई फकाई फुल्याई सहप्रतिवादीलाई जिम्मा लगाएको तथ्य प्रमाणित भएको अवस्थामा निजलाई कसुरबाट सफाइ दिन मिल्दैन । पीडितले यी प्रतिवादीको सुरूमा नाम लेखाउन नसकेको भन्ने आधारमा कसुरबाट सफाइ दिन मिल्दैन । प्रस्तुत अपराध सङ्गठित रूपमा गरिएको तथ्य पुष्टी हुँदाहुँदैसमेत सहअभियुक्त चित्रबहादुर बराइली र मीरा बराइलीलाई सङ्गठिततर्फको कसुरमा दाबी नपुग्ने र पीडितले क्षतिपूर्ति नपाउने गरी भएको फैसला न्यायोचित नहुँदा उक्त फैसला सो हदसम्म उल्टी गरी अभियोग दाबीबमोजिम गरिनुपर्दछ भनी गर्नु भएको बहससमेत सुनियो ।

विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर सुनी प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादी तथा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा पीडित परिवर्तित नाम २०७१(३)(MS) र परिवर्तित नाम २०७१(३)(AB) को जाहेरी दरखास्तबाट प्रतिवादीहरू चित्रबहादुर बराइली, मीरा बराइली, आइतराम तामाङ, विमल भण्डारी, विनोद भन्ने टेकबहादुर कामीउपर अभियोग पेस भएकोमा फरार टेकबहादुर कामीको हकमा तामेली र अन्य प्रतिवादीमध्ये आइतराम तामाङले सफाइ र चित्रबहादुर बराइली र मीरा बराइलीले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन,२०६४ को दफा ४(२)(ख) को कसुर गरको ठहर गरी ऐ.ऐ. दफा १५(१)ङ(२) बमोजिम जनही १०(दश)

वर्ष कैद र ५०,०००।– (पचास हजार) जरिवाना गर्ने गरी भएको फैसलाउपर वादी नेपाल सरकार तथा प्रतिवादी चित्रबहादुर बराइली र मीरा बराइलीको पुनरावेदन परी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट सुरू फैसला सदर हुने गरी भएको फैसलालाई प्रतिवादी मिरा बराइलीले स्वीकार गरी पुनरावेदन नगरेको, आइतराम तामाङलाई सफाइ दिने तथा कसुर ठहर भएको प्रतिवादीलाई सङ्गठित अपराधतर्फ कसुर कायम नगरिएको र कानूनबमोजिम क्षतिपूर्ति नभराइएको तर्फ फैसला नमिलेको भनी सो फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारले तथा प्रमाणको रोहमा कसुर समर्थित नभएको अवस्थामा पनि अभियोग दाबीअनुसार सजाय गरिएको हुँदा उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्ने जिकिरसहित प्रतिवादीहरू चित्रबहादुर बराइलीले यस अदालतसमक्ष पुनरावेदन गरेको देखिन्छ।

पुनरावेदक प्रतिवादीहरू चित्रबहादुर बराइली र मीरा बराइलीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा जाहेरवाला परिवर्तित नाम २०७१(३) MS र २०७१(३)MS र प्रतिवादीहरू चित्रबहादुर बराइली र मीरा बराइली कलंकीबाट भैरहवातर्फ एउटै बसमा सवार भई सुनौलीसम्म पुगेको तथ्यलाई प्रतिवादीसमेतले स्वीकार गरी बयान गरेको देखिँदा एउटै बसमा सवार भए नभएको सम्बन्धमा यकिन गर्नुपर्ने अवस्था देखिएन।

२. पुनरावेदक प्रतिवादीहरूले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सामान्य चिनजानका मानिसको भनाइको आधारमा विदेश जान सम्पर्क गरी काठमाडौंमा रहेको मेनपावरमा पासपोर्ट बुझाएको भनी बयान बेहोरा लेखाएको र सो बयानसँग मिल्ने गरी सुरू अदालतमा आई बयान गर्दा आफूहरू मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यमा संलग्न नभई भारतको बाटो हुँदै दुवही जान लागेको बेहोरा उल्लेख गरेको देखिन्छ। यी दुवै प्रतिवादीको भनाइ सहप्रतिवादी आइतराम तामाङले मौका तथा सुरू अदालतमा गरेको बयानमा लेखाएको बेहोराबाट समेत समर्थित हुन आउँछ। पुनरावेदक प्रतिवादी चित्रबहादुर बराइली र मीरा बराइलीलाई विदेश पठाउन सहजीकरण गर्न अर्का प्रतिवादी विमल भण्डारी विनोद भन्ने टेकबहादुर कामीसँग परिचय गराइदिएको भनी प्रतिवादीमध्येका आइतराम तामाङले लेखाएको बयानको पुष्ठभूमिमा जाहेरवालीसरह नै यी पुनरावेदक प्रतिवादीहरूसमेत अवैध मार्ग हुँदै वैदेशिक रोजगारीको लागि विदेश जान लागेको भन्ने तथ्य पुष्टि हुन आउँछ।

३. मिसिल संलग्न प्रतिवादी मीरा बराइलीको कान्तिपुर डाइग्नोष्टिक सेन्टरको मेडिकल रिपोर्टमा घरेलु कामदारको रूपमा आफ्नै पहलमा ओमान मुलुकमा जाने बेहोरा उल्लेख भएको देखिन्छ। त्यसैगरी अर्का प्रतिवादी चित्रबहादुर बराइलीको सिद्धि पोलिक्लिनिक हेल्थ सार्भिसेजबाट जारी मेडिकल रिपोर्टमा आफ्नै पहलमा घरेलु सवारी चालकको रूपमा ओमान मुलुक जाने विवरण उल्लेख भएको देखिन्छ। वैदेशिक रोजगारीको लागी घरेलु कामदारको रूपमा विदेश जान नेपाल सरकारले प्रतिबन्ध लगाएको अवस्थामा कानूनी मार्ग अवलम्बन गरी विदेश मानिस पठाउन नसकिने अवस्था हुँदा यी पुनरावेदक प्रतिवादीहरूलाई समेत गैरकानूनी बाटो हुँदै संयुक्त अरब इमिरेट्स मुलुकको सट्टा ओमानमा घरेलु कामदारको रूपमा विदेश पठाउन खोजिएको तथ्य मिसिल संलग्न कागजको आधारमा पुष्टि भएको देखिन आयो।

४. मिसिल संलग्न कागजबाट स्वयं पुनरावेदक प्रतिवादीहरूसमेत मानव तस्करीको अदृश्य सञ्जालको बहकाउमा परी जान चाहेको मुलुकभन्दा फरक मुलुकमा वैदेशिक रोजगारीको लागि जाँदै गरेको देखिन्छ। जाहेरवालाहरू दुवै जना र प्रतिवादीहरू सँगसँगै बसमा यात्रा गर्नुलाई मात्र आपराधिक कार्यअन्तर्गत राखी सजाय गर्दा गैरकानूनी मार्गबाट विदेश जान लागेको यी प्रतिवादीहरूलाई समेत थप अन्याय पर्न जाने देखिन्छ। मिसिल संलग्न कागजातहरूबाट विदेश जान लागेको पुष्टि भएको अवस्थामा बसमा आफूसगै यात्रा गरेका जाहेरवालीको जाहेरीको आधारमा मात्र कसुर कायम गर्नु न्यायोचित हुने देखिएन।

५. आरोप लगाइएका व्यक्तिउपर अभियोग मागदाबी लिई अभियोजन गर्नु अगाडि अभियोजकले मिसिल संलग्न प्रमाणहरूको मिहिन रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ। जाहेरी पर्नु र सोउपर अनुसन्धान हुनुमात्र अभियोजनको आधार हुन सक्दैन। मिसिल संलग्न प्रमाणबाट प्रतिवादीउपरको अभियोग समर्थित गराउनु फौजदारी न्यायको सन्दर्भमा अभियोजकको अनिवार्य दायित्व हो। शंकाको भरमा प्रमाणको रोहमा समर्थित हुन नसकेको अभियोगबाट अभियोग स्थापित हुन सक्दैन। यस्तो अवस्थामा स्वाभाविक रूपमा त्यसको फाइदा अभियुक्तलाई पुग्न जान्छ। पुनरावेदक प्रतिवादीहरू स्वयम् विदेश जानको लागि सुनौली नाका हुँदै भारततर्फ जान लागेको देखिएको र सोही बसमा जाहेरवालीसमेत विदेश जाने प्रयोजनको लागि यात्रा गरेको देखिएको अवस्थामा बसमा सँगै यात्रा गर्नुलाई मात्र अपराधको रूपमा राखी यी पुनरावेदकहरूलाई सजाय गरेको न्यायको रोहमा मिलेको देखिएन।

६. मानब बेचबिखन जस्तो संगठित मुद्दामा आरोपितलाई सजाय गर्न अभियोग समर्थित गर्ने शंकारहित सबुद प्रमाणको महत्त्वपूर्ण भूमिका हुन्छ। स्वतन्त्र प्रमाणहरूबाट समर्थन भएको साक्षी प्रमाणबाट अभियोग समर्थित भएको अवस्थामा मात्र आरोपितलाई कसुरदार ठहर गर्न सकिन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरू विरूद्ध किटानी जाहेरी दिने स्वयं पीडित जाहेरीवालीहरूले

अदालतसमक्ष बकपत्र गर्दा जाहेरी बेहोराको प्रतिकूल बकपत्र गरी यी पुनरावेदकहरूले आफूहरूलाई बेचबिखन गर्न लगेको तथ्यमा अनविज्ञता प्रकट गरी वादी दाबीलाई खण्डित गरिदिएको देखिन्छ । अन्य संकलित प्रमाणबाट समर्थित हुन नसकेको प्रस्तुत मुद्दामा कसुरबाट पीडित भनिएका जाहेरीवालीहरूको अदालतसमक्ष भएको बकपत्रले प्रस्तुत मुद्दाको अभियोजनलाई अनुमान आशंका र सम्भावनातर्फ धकेलिदिएको अवस्थामा मनोगत रूपमा "शंकाको सुविधा अभियुक्तले पाउँछ" भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुने गरी यी पुनरावेदक प्रतिवादीहरूलाई सजाय गर्न मिल्ने अवस्था देखिएन ।

७. समग्र परिस्थिति र घटनाक्रमले यी पुनरावेदकहरूसमेत गैरकानूनी मार्ग हुँदै विदेश जान लागेको देखिएको अवस्थामा सो विदेश जाने क्रममा सँगसँगै यात्रा गर्नु नै अपराध हुने भनी फौजदारी कानूनले संकेत नगरेको कार्य अर्थात् अपराध नै नभएको अवस्थामा "कानूनको स्पष्ट उल्लङ्घन नभई गरेको कार्य अपराध नहुने" भन्ने फौजदारी न्यायको मान्य सिद्धन्तविपरीत बलपूर्वक कसुरदार कायम गर्न मिल्ने नदेखिँदा अभियोग लागेको आधारमा मात्र यी पुनरावेदकहरूलाई सजाय गर्नु फौजदारी न्यायको विधिशास्त्रीय मान्यता प्रतिकूल हुने देखियो । बसमा जाहेरवाला र प्रतिवादीसँगै यात्रा गर्नु निजहरूको जानकारीबेगर कसैले पीडितहरूलाई साथ लगाइदिनु जस्ता कार्यहरू सांयोगिक हुन सक्छन् । तसर्थ, सँगै गरिएको बसको यात्रालाई नै अभियोजनको मूल आधार भएको अवस्थामा यस्तो पुष्टि हुन सक्ने प्रमाणको आधारमा पुनरावेदक प्रतिवादीहरूउपर कसुर कायम गर्न मिल्ने देखिएन ।

८. अपराध र अपराधीको जडसम्म नपुग्ने गरी गरिने अनुसन्धान र अभियोजनले न्यायको बास्तिवक मर्म प्रतिबिम्वित गर्न सक्तैन । प्रस्तुत मुद्दामा प्रमाणको भार प्रतिवादीउपर रहेको भन्ने आधारमा मात्र सतही अनुसन्धान गरी कमजोर प्रमाणको आधारमा अभियोजन गर्ने छुट अभियोजकलाई कानूनले दिएको देखिँदैन । अप्रमाणित तथ्यलाई बलपूर्वक जोडी कसैउपर गरिने अभियोगले न्यायको वास्तविक चित्र प्रस्ततु गर्न सक्दैन । बरू यसले अधिकार र शक्तिको चरम दुरूपयोगको अवस्थातर्फ संकेत गरेको मानिन्छ । पुनरावेदकको वैदेशिक रोजगारतर्फको सम्बन्धलाई कुनै विचार नै नगरी गरिएको प्रस्तुत मुद्दाको अनुसन्धान र अभियोजनले मुद्दाका पक्षले पाउनु पर्ने वास्तविक न्यायलाई पूर्णत: नजर अन्दाज गरेको देखिन्छ । अनुसन्धान र अभियोगजन पक्षले जिम्मेवारी पूरा नगरी पेस गरेको सतही अनुसन्धान, अभियोजन तथा खण्डित र टुक्रिएका प्रमाणको कडीमा कसुर कायम गरी गरिएको सजाय न्यायको रोहमा उपयुक्त देखिन आएन ।

९. फौजदारी कसुरमा अभियुक्तहरूउपर लगाइएको अभियोग नि:सन्देह वस्तुनिष्ठ तवरबाट प्रमाणित हुनुपर्छ । प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि यही तथ्यलाई स्पष्ट रूपमा कानूनमा नै उल्लेख गरेको देखिन्छ । निर्देषिता प्रमाणित गर्नुपर्ने भार प्रतिवादीमा रहेको मुद्दा भएको कारणले मात्र प्रमाणबाट समार्थित नै हुन नसकेको प्रस्तुत अभियोगमा पनि प्रतिवादीले निर्दोषिता प्रमाणित गर्न नसकेको भनी सजाय गर्न मिल्ने देखिँदैन । जुनसुकै अवस्थामा पनि प्रमाणको रोहमा अभियोग प्रमाणित गर्नुपर्ने दायित्वबाट वादी पक्षले छुटकारा पाउने भन्ने कानूनको मनसाय होइन । कसुर भयो भनी कसैउपर पोल गरिनु र सोही आधारमा कुन कानूनको उल्लङ्घन भयो सोतर्फसमेत विचार नगरी कसैउपर अभियोग लगाउने कार्य मात्रलाई फौजदारी न्यायले न्यायिक पर्याप्तता मान्दैन । अनुसन्धानको निष्कर्षबाट देखिएअनुसारको कसुर कायम गरी लगाइएको अभियोग प्रमाणबाटसमेत समर्थित हुनु अनिवार्य हुन्छ । यी प्रतिवादीहरू विदेश जान भारतको बाटो हुँदै हिँडेको भनी बयान गरेका र उक्त बयान बेहोरा पुष्टि हुने कागजात पनि निजहरूको साथबाट प्राप्त भएको मिसिलबाट देखिएको अवस्थामा निजहरू पीडितहरूलाई बेचबिखन गर्न भारत गएका थिए वा उद्देश्यपूर्वक बेच्न लगेका थिए भन्ने अभियोग दाबी खण्डित भइरहेको देखिन्छ । मिसिल संलग्न प्रमाणहरू एकआपसमा बाझिएको अवस्था रहेको र मिसिलमा त्यस्ता प्रमाणको प्रचुरता रहेको अवस्थामा कसैलाई दोषी ठहर गर्नु फौजदारी न्यायको मान्यता प्रतिकूल हुन जान्छ । प्रस्तुत मुद्दामा खण्डित प्रमाण नै मुख्य प्रमाणको रूपमा आरोपित प्रतिवादीहरू विरूद्ध पेस गरिएको अवस्थामा फौजदारी न्यायको भावना प्रतिकूल यी प्रतिवादीका विरूद्ध कसुर कायम गरी सजाय गर्नु न्यायोचित हुने देखिएन । मिसिल संलग्न कागजातहरूबाट विदेश जान लागेको पुष्टि भएको अवस्थामा बसमा आफूसँगै यात्रा गरेका जाहेरवालीको जाहेरीको आधारमा मात्र कसुरदार कायम गर्नु न्यायोचित हुने देखिएन ।

१०. यसर्थ, आफूहरू विदेश जान लागेको भन्ने प्रतिवादीहरूको अदालतसमक्ष भएको बयान, निजहरूको साथमा भेटिएको मेडिकल रिपोर्ट, पासपोर्टसमेतका कागजातले सो बयानहरू खम्बिर भइरहेको, पीडितहरूले अदालतसमक्ष प्रतिकूल बकपत्र गरिदिएकोसमेतका माथि विवेचित आधार र कारणबाट यी प्रतिवादीहरू मीरा बराइली र चित्रबहादुर बराइलीउपरको अभियोग दाबी संपुष्टि हुन आएको नदेखिँदा निजहरूउपर कसुर कायम गर्ने गरी भएको उच्च अदालत तुल्सीपुर बुटवलको फैसला मिलेको देखिन आएन ।

११. अब पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादी आइतराम तामाङलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा सफाइ दिने गरी भएको फैसला नमिलेको भनी जिकिर लिएको देखिन्छ । प्रतिवादी आइतराम तामाङको सम्बन्धमा पीडितले दिएको जाहेरी दरखास्तमा निजको नामसम्म उल्लेख गरेको देखिँदैन । प्रतिवादी आइतराम

तामाङ मौकामा अनुसन्धान अधिकारीसमक्ष कसुरमा इन्कार रही बयान गरेको र सुरू अदालतसमक्ष बयान गर्दासमेत आरोपमा इन्कारी रही बयान गरेको र निजको साक्षीबाट समेत सो तथ्य पुष्टि हुने गरी बकपत्र गरेको देखिँदा प्रमाणको रोहमा प्रतिवादी आइतराम तामाङको कसुरमा संलग्नता रहेको देखिँदैन । अर्कोतर्फ सहअभियुक्तहरूउपरको अभियोग दाबी प्रमाणको रोहमा समर्थित नभएको सम्बन्धमा माथि विभिन्न प्रकरण प्रकरणमा विवेचना गर्दाका बखत प्रस्तुत अभियोगमा वारदात नै स्थापित नभएको आधारमा प्रतिवादीउपर कसुर कायम हुन नसकेको भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला उल्टी भई पुनरावेदक प्रतिवादीहरूले सफाइ पाउने गरी फैसला भएको अवस्थामा सोही मुद्दाका सहअभियुक्तको रूपमा रहेको यी प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गर्न मिल्नेसमेत देखिएन ।

१२. अभियोग दाबी प्रमाणित हुन मिसिल संलग्न कागजातबाट समर्थित हुनुपर्ने भन्ने सम्बन्धमा यसै अदालतबाट ने.का.प. २०७६, नि.नं.१०३४९ भएको मानव बेचबिखन मुद्दामा "कानूनले निर्दोषित प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजक पक्षको उक्त दायित्व सीमित वा समाप्त नहुने" भनी प्रमाणको भार सम्बन्धमा सिद्धान्त प्रतिपादन भएको छ । त्यस्तै ने.का.प.२०७६, नि.नं.१०१९० मा भएको मानव बेचबिखन मुद्दामा "प्रमाणित बयान आफैँमा एक महत्त्वपूर्ण प्रमाणको रूपमा रहे तापनि सो बयान अन्य प्रमाणबाट समर्थित हुनु अनिवार्य हुने" भनी व्यवस्था भएको देखिँदा सुरूको प्रमाणित बयान सधैँ र सबै अवस्थामा अकाट्य प्रमाणको रूपमा ग्रहण गर्नु अनिवार्य देखिँदैन । त्यसैगरी ने.का.प.२०७५, नि.नं.९९३५ मानव बेचबिखन मुद्दामा "के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराध जनित कार्य भयो र त्यस्ता कार्यमा को कसको के कस्तो संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजकपक्षलेस्थापितगर्नुपर्ने"भनीव्याख्याभएकोरने.का.प.२०७५,नि.नं.१००८८"फौजदारीमुद्दामाअभियुक्तउपरलगाइएको अभियोग शंकारहित तवरबाट पुष्टि गर्न आवश्यक प्रमाणको संकलन एवं प्रस्तुतीकरण गर्ने जिम्मेवारी वादी पक्षमा निहित रहेको हुन्छ । अनुमान र शंकाको भरमा कसुरदार ठहर गरी दोषी ठहर गर्न नमिल्ने" भनी व्याख्या भएको सन्दर्भमा उस्तै अवस्था र परिस्थिति समावेश भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपर कसुर कायम गरेको मिलेको नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँगसमेत सहमत हुन सकिएन ।

१३. तसर्थ उपर्युक्त विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादीहरू चित्रबहादुर बराइली र मीरा बराइलीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरको आधारमा ऐ.ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गर्ने गरी भएको सुरू फैसला सदर गर्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।२।१२ को फैसला मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म उल्टी भई पुनरावेदक प्रतिवादीहरू चित्रबहादुर बराइली र मीरा बराइलीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीमध्येका आइतराम तामाङलाई अभियोग मागदाबीअनुसार सजाय हुनुपर्ने तथा सङ्गठित अपराधअनुसारको दाबीमा सबै प्रतिवादीलाई सजाय र पीडितले क्षतिपूर्ति भराई पाउनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

पुनरावेदक प्रतिवादी चित्रबहादुर बराइली तथा यस अदालतमा पुनरावेदन नगर्ने प्रतिवादी मिरा बराइली मिति २०७७।०६।१५ को संक्षिप्त आदेशानुसार मिति २०७७।०६।१६ च.नं. ४४५ को पत्रबाट थुना (कैद) मुक्त भइसकेकाले सोहीअनुसार लगत व्यवस्थापन गर्नु भनी रूपन्देही जिल्ला अदालतमा लेखी पठाउनू.....१

प्रस्तुत फैसलाको विद्युतीय प्रति सफट्वेयरमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.सपना प्रधान मल्ल

इजलास अधिकृतः- कमलकुमार आचार्य

इति संवत् २०७७ साल असोज १५ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

फैसला मिति : २०७७।३।२९

निर्णय नं. १०६०२

भाग: ६२ साल: २०७७ महिना: माघ अंक: १०

फैसला मिति :२०७७/०३/२९ १२४१

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७२-CR-०४२९

पुनरावेदक / प्रतिवादी : जिल्ला कपिलवस्तु, मोतिपुर गा.वि.स. वडा नं. ८ घर भई हाल जिल्ला कारागार कार्यालय, पाल्पामा थुनामा रहेको लाल बहादुर परियारको श्रीमती माया परियारसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : उमा परियारको जाहेरीले नेपाल सरकार

०७२-CR-११३१

पुनरावेदक / वादी : परिवर्तित नाम २०७१(३)MS र २०७१(३)MS को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला प्युठान, बाङ्गेसाल गा.वि.स. वडा नं. २ बस्ने सुनिल मिश्रको श्रीमती माष्टर्नी भन्ने गीता मिश्रसमेत

फैसला

न्या.सुष्मालता माथेमा : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

तथ्य खण्ड

मिति २०६८ सालको जाडो महिनामा मलाई माया परियारले ब्युटीपार्लरमा काम गर्ने भनी ललाई फकाई गरी मोतिपुर गा.वि.स.को वनगाईसम्म ल्याई लिला गुरूङ र विना भन्ने महिलाहरूको जिम्मा लगाइ दिएको र तीनजना महिलाहरूले मलाई वनगाईबाट नेपालगन्ज हुँदै भारतको दिल्ली पुर्‌याई लिई जानेमध्ये विनाको घरमा ४ दिन राखी जि.वि. रोड स्थित वेश्यालयमा बेचिदिएकोमा एकजना नेपाली केटाको सहयोगमा त्यहाँबाट भाग्न सफल भएकी हुँदा उक्त प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको उमा परियारले दिएको जाहेरी दरखास्त ।

मेरो घरमा सौतेनी आमा तथा गरिबी भएको कारण रोजगारीको खोजीमा रहेकी र मैले माया परियारलाई जागिर खोजिदिन भनी अनुरोध गरेकीमा मिति २०६८ सालको जाडो समयमा माया परियारले मलाई बोलाई तिमीलाई भारतको कोटला शहरमा ब्युटी पार्लरमा काम लगाई दिन्छु भनेकोले म पनि सहमत भएपछि निजले मलाई मेरो घर ढोडेकोलबाट वनगाई ल्याइ मलाई विना र लिलासँग भेट गराई माया परियार र ३ जना महिलाले कुराकानी गरे । त्यसपछि मलाई माया परियारले तिमी उहाँ दिदीहरूसँग जानु र दिदीहरूले भने जस्तै गर्नु भनी अह्राई माया परियार सोही वनगाईबाट फर्किइन् । मसमेत नेपालगन्ज जाने माइक्रो बसमा चढी तीनजना दिदीहरूसँगै नेपालगन्जतर्फ लाग्यौ । दाङ पुगेपछि माष्टर्नी दाङ झरिन् भने हामी ३ जना विनाको भाउजुको घर नेपालगन्जमा गई बसी अर्को दिन बिहान विना, लिला र म दिल्ली पुगी विनाको दिल्ली स्थित घरमा पुग्यौं । लिला विनासँग पैसा मागेर नेपाल फर्की भने मलाई विनाले आफूले सञ्चालन गरेको कोठीमा लगी वेश्यावृत्तिमा लगाइन् । त्यसपछि म एकजना नेपाली केटाको सहयोगमा एक वर्षपछि नेपालमा फर्केकी हुँ भन्नेसमेत बेहोराको उमा परियारको जिल्ला अदालत कपिलवस्तुबाट भएको प्रमाणित बयान ।

पक्राउमा परेकी लिला गुरूङले आफूलाई दिल्लीसम्म लगी बिक्री गरेको, पक्राउमा परेकी माष्टर्नी भन्ने गिता मिश्रले दाङसम्म पुर्‌याई लिला र विनाको साथ लगाई भारत पठाएको भनी जाहेरवाला उमा परियारले गरिदिएको छुट्टाछुट्टै सनाखत कागज ।

उमा परियारले मलाई जागिर खोजिदिन भनी अनुरोध गरेकी र लिला गुरूङले ब्युटीपार्लरमा काम गर्ने मानिस चाहिएको छ, खोजी देउ

भनेकी हुँदा उमा परियारसँग सो विषयमा कुरा गर्दा सहमत भएकीले उमा परियारले जाँन्छु भनेकी छ, भनी लिला गुरूङलाई खबर गरेकी थिएँ। लिला गुरूङले त्यसो भए उमा परियारलाई लिई वनगाईसम्म आउँनु भनेकी हुँदा म उमालाई लिई वनगाई आएँ। त्यहाँ अन्य २ जना महिला पनि रहेका र लिलाले काम राम्रो छ, उमालाई सम्झाउ भनेकीले उमालाई सम्झाई म निजहरू ४ जनालाई नेपालगन्ज जाने माइक्रो बसमा चढाई फर्की घर गएकी हुँ भन्नेसमेत बेहोराको प्रतिवादी माया परियारले गरेको बयान।

मैले माया परियारलाई ब्युटीपार्लरमा काम गर्ने मानिस खोज्न भनेकोमा माया परियारले उमा जाने भनेपछि मायालाई उमालाई लिई वनगाई चोकमा आउनु भनी म वनगाई गई मलाई पहिल्यै बोलाएका ज्ञानी वादी र गिता मिश्रसँग भेट गरेँ। त्यसपछि माया र उमा परियारसमेत आएपछि सँगै खाजा खाई उमालाई लिई म, ज्ञानी वादी, गिता मिश्र भई नेपालगन्ज जाने बसमा चढी नेपालगन्ज गयौं, गिता मिश्रबिचमा दाङ झरिन्। त्यसपछि हामीहरू नेपालगन्ज ज्ञानी वादीको भाउजू विन्दु कार्कीको घरमा पुग्यौं। त्यहाँ एकदिन बसी अर्को दिन म, ज्ञानी वादी र उमा नेपालगन्जबाट विन्दु कार्कीसमेत भई रूपैडियासम्म पुगेका र विन्दु कार्की त्यहिबाट फर्किन्। हामी ३ जना भारतको दिल्ली गई ज्ञानी वादीको घरमा बस्यौं। त्यसपछि म ३ दिन पछि नेपाल फर्किएँ। ज्ञानी वादीले उमा परियारलाई वेश्यावृत्तिमा लगाएको पछि थाहा पाएँ भन्नेसमेत बेहोराको प्रतिवादी लिला गुरूङले गरेको बयान।

लिला गुरूङले आफ्नो दुःखको कुरा गरेकीले म र ज्ञानी वादी सल्लाह गरी पछि विचार गरौंला भनेकोमा २०६८ सालको पुषमा पुनः लिला गुरूङसँग सल्लाह गर्न म र ज्ञानी वादी वनगाई आयौं। त्यसपछि लिला गुरूङ आइन् त्यसपछि उमा र माया परियार आए। हामी पाँचजना वनगाईको होटलको एकान्त कोठामा बसी सल्लाह गर्दा लिला गुरूङ र उमा परियारले काम गर्ने इच्छा गरेका र माया परियारले समेत यिनलाई जागिर लगाइदिन पर्‌यो भनेकी हुँदा मैले भाउजू (ज्ञानी वादी) ले भारतमा ब्युटीपार्लर खोलेकी छन्, त्यहीँ काम गर भनेकोमा लिला र उमाले त्यति टाढा हुँदैन भनेका थिए, मायाले टाढा भए पनि काम सिकी नेपालमै गर्नुहुन्छ भनेपछि निजहरूसमेत राजी भएका हुँदा ज्ञानी वादीले माया परियारलाई अं. पाँच हजार भा.रू. दिई म ज्ञानी वादी, उमा परियार र लिला गुरूङ भारत जान भनी नेपालगन्जतर्फ लाग्यौं। भाउजूले म एक्लै जान सक्छु भनेकी हुँदा म दाङ भालुवाङ झरेकी हुँ भन्नेसमेत बेहोराको प्रतिवादी गिता मिश्रले गरेको बयान।

२०६८ सालको माघ महिनातिर ज्ञानी वादी र नचिनेका अन्य २ जना मेरो डेरामा आए, सो दिन त्यहीँ बसी मसमेत दिल्ली जान रूपैडिया पुग्दा प्रहरीसमेतले सोधपुछ गरेका र मैले प्रहरी चिनेको हुँदा त्यहीँ पारी बजार जाने हो भनेकोले छोडिदिए। त्यसपछि हामीहरू ४ जना भई दिल्ली गएको र त्यहाँ ज्ञानी वादीको लोग्ने अजय वादी लिन आए। हामी निजको घरमा गई २ दिन बसी लिला गुरूङ, म र ज्ञानी वादीको सासू नेपाल आएका हौं। हामी आएपछि ज्ञानी वादीले उमा परियारलाई वेश्यावृत्तिमा लगाएकी हो भन्नेसमेत बेहोराको विन्दु वादी कार्कीले गरेको बयान।

माया परियारलाई प्रहरीले पक्राउ गरेको भन्ने थाहा पाई पक्राउबारे बुझ्दा उमा परियारलाई माया परियार, लिला गुरूङ र गिता मिश्रसमेत भई ललाई फकाई भारतको वेश्यालयमा लगी बिक्री गरेको भन्ने थाहा पाएको हौं भन्नेसमेत बेहोराको पदम भुषाल, आकाश भन्ने ढुण्ड परियार, रमेश आचार्य, नारायण परियार र विष्णु परियारले लेखाइदिएको वस्तुस्थिति मुचुल्का।

जिल्ला कपिलवस्तु मोतिपुर गा.वि.स.वडा नं ३ स्थित स्टाप होटलमा बसी उमा परियारलाई माया परियार, लिला गुरूङ र गिता मिश्रसमेतले ललाई फकाई बेच्ने उद्देश्यले भारतमा लगेको स्थान रहेको भन्नेसमेत बेहोराको घटनास्थल प्रकृति मुचुल्का।

यसरी उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादी विना भन्ने ज्ञानी वादीले वर्ष १६ की उमा परियारलाई भारतमा ब्युटीपार्लरको काम लगाई दिने भनी झुक्याई ललाई फकाई गरी नेपालबाट भारतमा लगी आफूले फाइदा लिने उद्देश्यले वेश्यावृत्तिमा लगाई निज प्रतिवादी विना भन्ने ज्ञानी वादीले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ४ को उपदफा (१) खण्ड (ख) र दफा ४ को उपदफा (२) खण्ड (ख) को कसुर अपराध गरेकोले निज प्रतिवादी विना भन्ने ज्ञानी वादीलाई उक्त ऐनको दफा १५ को उपदफा (१) खण्ड (ख) र खण्ड (ङ) उपखण्ड (१) बमोजिम सजाय हुन मागदाबी लिई र लिला गुरूङले आफूले उमा परियारलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले नलगेको भनी जिकिर लिएपनि निजले मानिस खोजिदिन माया परियारलाई भनेको, आफूसँगसँगै भारतसम्म गएको र आफू फर्कने बेलामा उमा परियारको जागिरको अवस्थाको बारेमा नबुझी आफू मात्र फर्की आएको र वेश्यावृत्तिमा लगाएको थाहा पाएपछि कतै जानकारी नगराएबाट निजको जिकिर पुष्टि नभएको एवं उमा परियारले निजलाई किटानी गरी जाहेरी, बयान एवं सनाखत गरिदिएबाट निजले वेश्यावृत्तिमा लगाउने उद्देश्यले वर्ष १६ की उमा परियारलाई नेपालको भारत दिल्लीसम्म पुर्‌याएको पुष्टि भएको एवं विन्दु वादी (कार्की) ले उमा परियारलाई लिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालगन्जबाट रूपैडिया हुँदै भारत दिल्लीसम्म गएको, सीमा पार गर्ने क्रममा स्थानीय प्रहरीलाई झुक्याई सीमा पार गर्न सहयोग पुर्‌याएको पुष्टि भएको र दुवैले उमा परियारलाई ब्युटीपार्लर वा घरेलु कामदारमा लगाउने उद्देश्य भए १ जना महिलालाई लिई ३ जना महिलाहरू जानुपर्ने औचित्यसमेत पुष्टि गर्न नसकेको हुँदा निज प्रतिवादीहरू लिला गुरूङ र विन्दु वादी (कार्की) ले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) को कसुर अपराध गरेको प्रमाणित भएकोले निज प्रतिवादीहरू लिला गुरूङ र विन्दु वादी (कार्की) लाई

उक्त ऐनको दफा १५ को उपदफा (१) खण्ड (ङ) उपखण्ड (१) बमोजिम सजाय हुन मागदाबी लिई प्रतिवादी माया परियारले आफूले उमा परियारलाई ब्युटी पार्लरमा लगाई दिने उद्देश्यले भारत पठाएको भनी जिकिर लिएपनि उमा परियारले भारत टाढा भयोभन्दा जान उक्साएको, ज्ञानी वादीबाट मानिस खोजिदिएबापत भा.रू.५०००।- लिएको, १ जना मानिसलाई ३ जनाले लिई जाँदा बेचिन सक्ने कुरातर्फ ध्यान नपुर्‍याएको तथा गिता मिश्रले आफ्नो भाउजू नाताकी ज्ञानी वादीको कोठी रहेको थाहा पाई सो कोठीमा वेश्यावृत्तिमा लगाउने उद्देश्यले वर्ष १६ की उमा परियारलाई ब्युटीपार्लरमा जाने भनी फकाई माया परियारले मोतिपुर गा.वि.स.को ढोडेकोलबाट वनगाईसम्म ल्याई र गिता मिश्रले वनगाईबाट दाङको भालुवाङसम्म ल्याई ज्ञानी वादीसमेतलाई जिम्मा लगाई निज प्रतिवादीहरू गिता मिश्र र माया परियारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) को कसुर गरेको प्रमाणित भएकोले निज प्रतिवादीहरू गिता मिश्र र माया परियारलाई उक्त ऐनको दफा १५ को उपदफा (१) खण्ड (ङ) उपखण्ड (२) बमोजिम सजाय हुन तथा विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू विना भन्ने ज्ञानी वादी, माया परियार, लिला गुरूङ, माष्टर्नी भन्ने गीता मिश्र र विन्दु वादी (कार्की) बाट पीडित उमा परियारलाई उक्त ऐनको दफा १७ बमोजिम मनासिव क्षतिपूर्ति दिलाई भराई पाउन माग दाबी भएको अभियोग पत्र ।

मैले जाहेरवालीलाई ब्युटी पार्लरमा काम लगाई दिन्छु भनी लगाएको होइन निज उमा परियारले लिला गुरूङसँग म पनि काम गर्न जान्छु भनी नचिनेका २ वटी आइमाईसँग गएका हुन् मैले बेच्ने काम गरेकी होइन । अरूले के गरे मलाई थाहा छैन । मैले उमा परियार र लिला गुरूङलाई चिन्दछु । माष्टर्नी भन्ने गिता मिश्र, विन्दु वादी कार्की, विना भन्ने ज्ञानी वादीलाई पहिलो पटक वनगाईमा एक पटक देखेको हो । लिला गुरूङले उमा परियारलाई पार्लरमा काम गर्न जाने हो भनि लिला गुरूङ, उताबाट आएका गीता मिश्र र नाम थाहा नभएको अर्को आइमाईसमेत भई पश्चिमतर्फ बुटवलतर्फबाट आएको सानो गाडीबाट गएका हुन अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मैले भनेअनुसार लेखिएको होइन नपढीकन सहीछाप गराएका हुन् मैले कसुर नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी माया परियारले सुरू अदालतमा गरेको बयान ।

उमा परियार र माया परियार गाउँकै हुँदा चिन्दछु, अरूलाई चिन्दिन जाहेरी बेहोरा र बयान झुठा हो मैले उमा परियारलाई ललाई फकाई बेचबिखन गरेकी होइन रिसइबीले पोल गरेको हुनुपर्दछ । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मैले भनेअनुसार लेखिएको होइन मैले नभनेको कुराहरू लेखी नपढी नसुनाई सहीछाप गराएका हुन मैले कसुर नगरेको हुँदा दाबीअनुसार मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी लिला गुरूङले सुरू अलदालतमा गरेको बयान ।

जाहेरी बेहोरा र निजको बयान झुठा हो । निजलाई मैले बेचबिखन गरेको होइन । म मानसिक बिरामी भएकिले मैले बुटवलबाट औषधी लिई फर्कंदा वनगाईबाट नचिनेका आइमाईहरू पनि चढेका थिए नेपालगन्ज जाने गाडी थियो म भालुवाङमा झरेकी हुँ मैले सहप्रतिवादीहरू कसैलाई पनि चिन्दिन । जाहेरी र बयानको विषयमा मलाई केही थाहा छैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मैले भनेअनुसार लेखिएको होइन मैले नभनेको कुराहरू लेखी नपढी नसुनाई सहीछाप गराएका हुन मैले कसुर नगरेको हुँदा दाबीअनुसार मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी माष्टर्नी भन्ने गिता मिश्रले सुरू अदालतमा गरेको बयान ।

जाहेरवालीलाई मैले चिन्दिन । जाहेरीमा उल्लिखित व्यक्तिहरू मेरो नाताका होइनन् । मेरो घरमा आएर बसेका होइनन । ज्ञानी वादीसँग मेरो कुनै नाता छैन । कैलाश भन्ने मेरो भाइ होइन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मैले भनेअनुसार लेखिएको होइन । मैले नभनेको कुराहरू लेखी नपढी नसुनाई सहीछाप गराएका हुन् । मैले कसुर नगरेको हुँदा दाबीअनुसार मलाई सजाय हुनुपर्ने होइन । मउपरको अभियोग दाबी झुठा हो भन्नेसमेत बेहोराको प्रतिवादी विन्दु वादी कार्कीले सुरू अदालतमा गरेको बयान ।

प्रस्तुत मुद्दा पुर्पक्षको लागि कानूनबमोजिमको सिदा खान पाउने गरी अ.बं. ११८ नं. को देहाय दफा (२) बमोजिम थुनामा राख्न अ.वं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई निज प्रतिवादी लिला गुरूङ र प्रतिवादी विन्दु वादी कार्कीलाई कारागार कार्यालय कपिलवस्तुमा पठाइदिनू । अर्का प्रतिवादीहरू माष्टर्नी भन्ने गीता मिश्र र माया परियारलाई मुलुकी ऐन अ.बं. ११८ नं. को देहाय दफा (२) बमोजिम थुनामा राख्न अ.बं. १२१ नं. बमोजिमको थुनुवा पुर्जी दिई जिल्ला कारागार कार्यालय कपिलवस्तुमा पठाई दिनु भनी सुरू अदालबाट आदेश भएको ।

प्रतिवादी विन्दु वादी कार्की र प्रतिवादी माष्टर्नी भन्ने गीता मिश्रलाई अ.बं.४७ नं. बमोजिम तारेखमा राखी मुद्दा पर्पक्ष गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०६९।९।१९ को आदेश ।

मिति २०६९।७।२१ गतेको जाहेरीमा भएको सहीछाप मेरो हो । लिला गुरूङ र माया परियारले पहिलेदेखि मलाई मासिक २० हजार पाइन्छ भनी फकाई रहेका थिए । भारत जाउ भन्ने विना भन्ने ज्ञानी वादी र गिता वनगाई होटलमा आई रक्सी मासु खाई खुवाई माष्टर्नी भन्ने गीता मिश्रले दाङसम्म लगी लिला र विनाले नेपालगन्ज लगेका हुन् । बोडर सिमाना कटाइ इन्डियाको जि.वि. रोड होटलमा छोडी आफूहरू नेपाल फर्किएपछि एकवर्ष पछि नेपाली केटा मेरो कोठीमा वेश्यावृत्तिको लागि (यौनसम्पर्क गर्न) आएको बेला म रोएँ र मेरो

सम्पूर्ण कहानी बताएपछि त्यसको दुइदिन पछि केटाको सहयोगमा भैरहवा हुँदै आई पिपरा प्रहरी चौकीमा उजुर गरेकी हुँ भन्नेसमेत बेहोराको जाहेरवाली उमा परियारले सुरू अदालतमा गरेको बकपत्र ।

उमा परियार भारतबाट छुटेर आएपछि मलाई भारतमा वेश्यावृत्तिको लागि बेचेकोमा एकजना नेपाली दाइले कोठीबाट फुत्काएर ल्याउनु भएको भनेकी थिइन् भन्ने वादीका साक्षी वस्तुस्थिति मुचुल्काका विष्णु परियारले सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादी विन्दु कार्की घरायसी कामबाहेक बाहिरी काम नगर्ने भएकोले मानव बेचबिखनको मुद्दामा संलग्नता छैन । निज निर्दोष हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको प्र. विन्दुको साक्षी शोमबहादुर वि.क.ले सुरू अदालतमा गरेको बकपत्र ।

गीता मिश्र मिति २०६८ साल जाडो महिनामा बुटवलबाट औषधी गराई आउने क्रममा म पनि एउटै गाडीमा साथै थिएँ । प्युठान जानु पर्ने भएकोले दाङको भालुवाङमा झरी अर्को गाडीमा गएका हौं । निजको मानव बेचबिखन मुद्दामा कुनै संलग्ना छैन । निजको चालचलन राम्रो छ । सफाइ पाउनु पर्छ भन्ने बेहोराको प्रतिवादी गीता मिश्रको साक्षी दधिराम भण्डारीले सुरू अदालतमा गरेको बकपत्र ।

माया परियार आफ्नो गाउँ घरमा लेवर काम गरी बालबच्चा हेरि बसेकिछिन् । निजले कुनै गलत काम नगरेकीले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने बेहोराको प्रतिवादी माया परियारको साक्षी सरस्वती दर्जीले सुरू अदालतमा गरेको बकपत्र ।

लिला गुरूङ घरमा काम गर्ने र मलाई मिलमा सहयोग गर्थिन् । मुद्दाका बारेमा मलाई थाहा छैन भन्ने बेहोराको प्रतिवादी लिला गुरूङको साक्षी प्रेमबहादुर गुरूङले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी लिला गुरूङलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१) खण्ड (क)(१) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू.६०,०००।- साठी हजार जरिवाना प्रतिवादीमध्येका माया परियार जसले जाहेरवालीलाई ब्युटीपार्लरमा काम लगाई दिने बहानामा भारत पुर्‍याउने कार्यमा एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य गरेकाले यी प्रतिवादी माया परियारलाई मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५ को (१)ङ(२) बमोजिम १० वर्ष कैद सजाय हुने रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र प्रतिवादीहरूलाई भएको जरिवानाको ५० प्रतिशत बराबरको रकम प्रतिवादीद्वयबाट जाहेरवालीलाई भराई दिनेसमेत ठहर्छ भन्ने सुरू कपिलवस्तुमा जिल्ला अदालतबाट मिति २०७१।८।२९ मा भएको फैसला ।

सुरू अदालतबाट भएको फैसलामा चित्त बुझेन । प्रतिवादीहरू दुवैजना अदालतसमक्ष बयान गर्दा इन्कारी भए तापनि मौकाको बयानमा पीडितलाई भारत पुर्‍याउन आफूहरूको भूमिका स्पष्ट झल्किने गरी बयान गरेको र सो बयानलाई अन्यथा प्रमाणित गर्ने प्रमाण यी प्रतिवादीहरूले गुजार्न सकेको नदेखिँदा मौकाको बयानलाई आधार नलिई गरेको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी गिता मिश्रलाई बाँकी प्रतिवादीहरूले मौकाको बयानमा वनगाई भन्ने स्थानमा पीडितसँग भेट भई सँगै लिई गएकी र पीडितलाई अन्य प्रतिवादीहरूको जिम्मा लगाई आफू दाङ झरेको भनी लेखाई दिएको र प्रतिवादी विन्दु कार्कीले मौकाको बयानमा ज्ञानी वादीसहित निजको डेरामा बास बसी भोलिपल्ट रूपैडिया हुँदै पीडितलाई दिल्ली पुर्‍याई ज्ञानी वादीको घरमा २ दिन बसेर लिला गुरूङ र ज्ञानी वादीको सासुसहित नेपाल फर्किएको पीडितलाई त्यही छाडी आएको भनी बयान गरेकोले निजको भूमिका प्रस्ट भइरहेको अवस्थालाई बेवास्ता गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

मेरो बिक्री गर्ने गलत मनसाय र आशय नभएको, विनाले मेरो घरमा मान्छे चाहिएको छ ल्याउनुस् भनी मैले नै मगाएकी हुँ भनी बयानमा भनेकी छु । गिता मिश्रको बयान हेरिएमा पनि उमा परियारले काम गर्ने इच्छा गरेकी, माया परियारले समेत यिनलाई जागिर लगाइदिन पर्‍यो भनेको हुँदा मैले भाउजु ज्ञानी वादीले भारतमा ब्युटीपार्लर खोलेकी छन् त्यही काम गर भनेकोमा लिला र उमाले त्यति टाढा हुँदैन भनेका थिए । मायाले टाढा भए तापनि काम सिकी नेपालमै गर्नुपर्छ भनेपछि निजहरूसमेत राजी भएको हुँदा यसमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्ध नभएको तथ्य स्थापित भएको छ । हामीहरू सबैको बयान हेरिएमा समेत कुनै योजना सम्बन्धमा कुरा नभएको पुष्टि हुन्छ । ज्ञानी वादीबाट भएको अकल्पनीय दुर्घटना हामीले गराएको नभई विना भन्ने ज्ञानी वादी फरार भएकै कारणले उनी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पूर्ण दोषी छन् । यसरी घटेको घटनालाई आधार मानेर सुरू अदालतबाट मलाई १२ वर्ष कैद र रू. ६०,०००।- जरिवाना तथा ५० प्रतिशत क्षतिपूर्ति पीडितलाई भराउने भनी गरेको फैसला कानूनअनुरूप नहुँदा उल्टी हुनुपर्छ भन्ने पुनरावेदक लिला गुरूङको पुनरावेदन जिकिर ।

मैले पीडितलाई ब्युटी पार्लरमा काममा लगाउने उद्देश्य मात्र लिएको हो । यी पीडितलाई वेश्यावृत्तिका लागि बेच्न अन्य प्रतिवादीहरूसँगै पूर्वजानकारी लिने सल्लाह योजना गरेको कहीँकतैबाट देखिँदैन । अन्य सहप्रतिवादीको बयानसमेतबाट बिक्री गर्ने उद्देश्य कहीँकतैबाट देखिँदैन । व्यक्तिलाई छुटाई लगेको, व्यक्तिबाट छुटाई आफूसँग राखेको आफ्नो नियन्त्रणमा राखेको व्यक्तिबाट छुटाई कुनै स्थानमा राखेमा एक ठाउँबाट अर्को ठाउँमा राखेमा व्यक्तिबाट छुट्टाई कुनै स्थानमा राखेमा व्यक्तिबाट छुट्टाई विदेश लगेमा स्थान वा व्यक्तिबाट छुट्टाई कसैलाई दिएमा भन्ने जस्ता परिभाषाहरू यथावत् छत् भने पनि विषय वस्तुसँग मिलान भएको स्थिति छैन तथ्यसङ्गत छैन ।

यसरी अभियोग माग दाबीअनुसारको सजाय तथ्यगत तहबाट हेर्दा मलाई सुरू अदालतले गरेको फैसला कानूनअनुरूप नहुँदा सुरू फैसला उल्टी हुनुपर्दछ भन्ने पुनरावेदक प्रतिवादी माया परियारको पुनरावेदक जिकिर ।

प्रतिवादी लिला गुरूङलाई मानव बेचबिखन ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) खण्ड (क)(१) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू. ६०,०००।- (साठी हजार) जरिवाना हुने र अर्को पुनरावेदक प्रतिवादी माया परियारलाई उक्त ऐनको दफा १५ को (१)(ङ)(२) बमोजिम १० वर्ष कैद तथा प्रतिवादीद्वयलाई भएको जरिवानाको रू.५०।- प्रतिशत बराबरको रकम प्रतिवादीहरूबाट जाहेरवालीलाई भराई दिने साथै प्रतिवादीहरू माष्टर्नी भन्ने गीता मिश्र र विन्दु वादी (कार्की) लाई अभियोग दाबीबाट सफाइ दिने ठहराई सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई अन्यथा मान्न मिलेन । तसर्थ, सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।८।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७२।२।१९ मा भएको फैसला ।

हामी पुनरावेदक प्रतिवादी माया परियार र लिला गुरूङले अनुसन्धान अधिकारी र अदालतसमक्ष कसुरमा इन्कारी रही बयान गरेका छौं र अन्य सहप्रतिवादी विन्दु वादी कार्की र गिता मिश्राले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा ज्ञानी वादीले माया परियारलाई अ. पाँच हजार भा.रू. दिएको र हामी नेपाल फर्केपछि ज्ञानी वादीले जाहेरवालीलाई वेश्यावृत्तिमा लगाएको हो भनेर बयान गरे तापनि अदालतमा आई बयान गर्दा उक्त अनुसन्धान अधिकारीसमक्ष भएको बयान हामीलाई पढी बाची नसुनाई जबरजस्ती सहीछाप गराएको हो भनेर बयान गरेकाबाट सो बयान प्रमाण ऐन, २०३१ को दफा ९ ले प्रमाण लाग्ने होइन । वादीको साक्षी विष्णु परियारबाहेक अन्य साक्षीहरू अदालतमा आई बकपत्र नगरेको ।

हामीले जाहेरवालीलाई जागिरसम्म लगाई दिने उद्देश्यले भारत पठाएको हो । भारतमा निजलाई अन्य व्यक्तिले वेश्यावृत्तिमा लगाउँछ भने त्यसमा हाम्रो के कसुर, हामीले निजलाई कति रूपैयाँमा कसलाई बेचेको वा निजलाई वेश्यावृत्तिमा लगाएबापत हामीले के कुन बेहोराको फाइदा नाफा पायौं वा निजलाई वेश्यागमन गराएबापत हामीले के प्राप्त गर्यौं सो कुरा कहीँकतैबाट खुल्न सकेको छैन । हाम्रा साक्षी सरस्वती दर्जी र प्रेमबहादुर गुरूङले निजहरू लेवर मजदुरी गर्ने व्यक्ति भएको र कुनै गलत काम नगरेको हुँदा अभियोगबाट सफाइ पाउनु पर्छ भनी बकपत्र गरिदिएकोसमेतका आधार प्रमाणबाट हामी निर्दोष हुँदा हुँदै म माया परियारलाई १० वर्ष कैद र पचास हजार जरिवाना तथा म लिला गुरूङलाई १२ वर्ष कैद र रू. पचास हजार जरिवाना तथा जरिवानाको ५०% क्षतिपूर्ति दिलाउने गरी गरेको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट पूर्ण रूपमा सफाइ दिलाई इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीद्वय माया परियार र लिला गुरूङको यस अदालतमा परेको संयुक्त पुनरावेदनपत्र ।

प्रतिवादी माष्टर्नी भन्ने गीता मिश्रसमेतले भारतको कोटला शहरमा ब्युटीपार्लरमा काम लगाई दिन्छु भनी नेपालगन्जको रूपैडिया हुँदै दिल्ली लगी वेश्यालयमा लगी बेचिदिएको भनी पीडितले यी प्रतिवादीसमेतलाई पोल गरी जाहेरी दिएको र प्रमाणित बयानसमेत भएको । प्रतिवादी माया परियारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले पीडितलाई माष्टर्नीसमेतका व्यक्तिहरूको जिम्मा लगाइदिएको भनेकी तथा प्रतिवादी लिला गुरूङको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट समेत यी प्रतिवादी गीता मिश्रको संलग्नता रहेको भन्ने देखिएको, यी प्रतिवादीहरूसमेतको मिलोमतोमा ललाई फकाई गरी इन्डिया लगी कोटलाको कोठीमा लगी छाडेको भनी पीडितले गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीहरूसमेतको मिलोमतोमा पीडितलाई बिक्री गरेको पुष्टि हुँदाहुँदै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । प्रतिवादीमध्यका ज्ञानी वादीले पीडितलाई फकाई ब्युटिपार्लरमा काम लगाई दिने बहाना बनाई लिला गुरूङ, गीता मिश्रसमेतसँग भेट गराई कुराकानी मिलाई दिई आफूलाई सुम्पिएको कार्य सम्पन्न गरी पाउने आर्थिक लाभ प्राप्त गरी फर्केकी र त्यसपछि लिला गुरूङ र गीता श्रेष्ठ ज्ञानी वादी भई पीडितलाई नेपालगन्ज लान गाडीमा हाली लगेका र बाटोमा गीता मिश्रले अन्य प्रतिवादीहरूको साथ यी पीडितलाई लगाई आफ्नो कार्य सम्पन्न गरी घर गएको अन्य प्रतिवादीहरूले पीडितलाई संगठित अपराधको चरणबद्ध कार्य पूरा भएको मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुँदाहुँदै यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर गरी सुरू अभियोग मागदाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र ।

यसमा प्रतिवादी माया परियार र लिला गुरूङले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिएको, अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको अदालतसमक्ष बकपत्र नभई निजहरूको भनाइ प्रमाणयोग्य नहुनेमा निजहरूको भनाइसमेतलाई प्रमाणमा लिई प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।२।१९ मा भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।११।१० मा भएको आदेश ।

यसमा नेपाल सरकारको तर्फबाट मिति २०७२/०९/२३ मा प्रतिवादी मास्टर्नी भन्ने गीता मिश्र र विन्दु कार्कीको विरूद्धमा पुनरावेदन परेको भनी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री विश्वराम कोइरालाले जानकारी गराउनुभएको हुँदा सो सम्बन्धमा के भएको छ। यकिन गरी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।१।१० मा भएको आदेश।

यसमा यसै लगाउको ०७२-CR-०४२९ पुनरावेदक प्रतिवादी माया परियारसमेत विरूद्ध विपक्षी वादी नेपाल सरकार भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा मिति २०७३।११।१०।३ मा अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दासमेत उक्त मुद्दासँग अन्तरप्रभावी रहेको हुँदा प्रस्तुत मुद्दामा पनि मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई उक्त लगाउको मुद्दा साथै राखी नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।७।१२ मा भएको आदेश।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान्उ पन्यायाधिवक्ता श्री गोविन्द उपाध्यायले प्रतिवादीद्वय गीता मिश्र र विन्दु वादी (कार्की) लाई सुरू जिल्ला अदालत र पुनरावेदन अदालत बुटवलबाट सफाइ दिने ठहर गरी गरेको फैसला सो हदसम्म नमिलेकाले सो हदसम्म उल्टी गरी प्रतिवादी गिता मिश्र विन्दु वादी कार्कीलाई पनि सुरू अभियोग माग दाबीबमोजिम कसुर कायम गरी सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो। पुनरावेदक प्रतिवादीहरू माया परियार र लीला गुरूङको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री मुकुन्द न्यौपानेले सुरू कपिलवस्तु जिल्ला अदालतले प्रतिवादी माया परियार र लिला गुरूङको हकमा अभियोग माग दाबीबमोजिको कसुर कायम गरी सजाय गर्ने ठहर गरेको फैसलालाई पुनरावेदन अदालत बुटवलले सदर गर्दा यी प्रतिवादीहरूको अदालतमा गरेको स्वतन्त्र बयानलाई बेवास्ता गरी अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा लिएको छ। जुन कुरा प्रमाण ऐन, २०३१ को दफा ९ ले गम्भीर त्रुटिपूर्ण छ। वस्तुस्थिति मुचुल्काका मानिसहरू पदम भुसालसमेतले किटान गरी लेखाउन नसकी अनुमान र शंकासम्म व्यक्त गरी लेखाएका छन्। वादीका साक्षी विष्णु परियारदेखि बाहेक अन्य साक्षीहरूले अदालतमा बकपत्र गरी मौकाको कागज बेहोरालाई पुष्टाई गर्न सकेको अवस्था छैन। कहाँ कोसँग वेश्यावृत्ति गराइयो। के कति रूपैयाँ लेनदेन भयो सोसमेत कहींकैतै नखुलेको अवस्थामा यी प्रतिवादीहरू निर्दोष हुँदाहुँदै अभियोग माग दाबीबमोजिम कसुरदार कायम ठहर गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला पुनरावेदन अदालत बुटवलबाट सदर गरेको नमिलेको हुँदा उल्टी भई सुरू अभियोग माग दाबीबाट प्रतिवादी माया परियार र लिला गुरूङले सफाइ पाउनुपर्छ भनी र अर्का प्रतिवादी गिता मिश्रका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री कमलेश दिवेदी र श्री श्यामकुमार श्रेष्ठले प्रतिवादी गिता मिश्रका हकमा सुरू कपिलवस्तु जिल्ला अदालतले अभियोग मागबमोजिमको कसुरमा सफाइ दिने ठहर गरी गरेको फैसलालाई सदर गर्ने ठहराएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिम दुवै पक्षको कानून व्यवसायीहरूको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।८।२९ को फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।२।१९ मा भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो।

अब निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को विपरीत कसुर कार्य गरेकाले उक्त ऐनअनुसार सजाय गरी मनासिब क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेतको अभियोग मागदाबी रहेको प्रस्तुत मुद्दामा सुरू कपिलवस्तु जिल्ला अदालतबाट लिला गुरूङ्गलाई १२ (बाह्र) वर्ष कैद र रू. ६०,०००।- जरिवाना प्रतिवादी माया परियारलाई १० (दश) वर्ष कैद र रू. ५०,०००।- जरिवाना हुने तथा प्रतिवादी दुवै जनालाई भएको जरिवानाको ५०% बराबरको रकम जाहेरवालीलाई भराइदिने ठहर्नुका साथै प्रतिवादी गीता मिश्र विन्दु वादी (कार्की) ले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने मिति २०७१।८।२९ को फैसला मिलेकै हुँदा सदर हुने ठहर गरी मिति २०७२।२।१९ गते पुनरावेदन अदालत बुटवलबाट भएको फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरू माया परियार र लिला गुरूङको र प्रतिवादीहरू गीता मिश्र र विन्दु वादी (कार्की) ले अभियोग माग दाबीको कसुरमा सफाइ पाउने ठहरेको हदसम्मको उक्त फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन पर्न आएको देखियो।

२. सर्वप्रथम पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादीहरूमध्ये विन्दु वादी र माष्टर्नी भन्ने गीता मिश्रलाई अभियोग माग दाबीबमोजिमको कसुरमा सजाय हुनुपर्छ भन्ने जिकिर रहेको देखियो। निजहरूमध्ये विन्दु वादीका हकमा पीडित उमा परियारलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालगन्जबाट प्रहरीलाई झुक्याई सीमापार गराई रूपैडियाबाट दिल्लीसम्म पुर्‍याएको भनी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा १५(१)(ङ)(१) बमोजिम सजाय मागदाबी गरिएको छ भन्ने प्रतिवादीमध्येका गीता मिश्रलाई निजको भाउजु नाताको ज्ञानी वादीको भारतमा कोठी छ भन्ने थाहा हुँदाहुँदै वेश्यावृत्ति गराउने उद्देश्यले उमा परियारलाई ब्युटीपार्लरमा काम मिलाई दिने भनी फकाई माया परियारले वनगाईसम्म ल्याइदिएपछि वनगाईबाट भालुवाङसम्म पुर्‍याई ज्ञानी वादीसमेतको जिम्मा लगाई दिएको भनी

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा १५(१)(ङ)(१) बमोजिम सजाय मागदाबी गरी अभियोग परेकोबाट यी २ प्रतिवादीहरूलाई एउटै कसुरमा फरक सजायको मागदाबी परेको देखियो । मानव बेचबिखन ऐन, २०६४ को दफा १५ को उपदफा १ (ङ) को १ मा विदेश लैजानेलाई "दश वर्षदेखि १५ वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बिस वर्षसम्म कैद र एक लाख रूपैँयादेखि दुई लाख रूपैयाँसम्म जरिवाना" हुने भन्नेका साथै ऐ. ऐनको ऐ. दफाको उपदफा २ मा "नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना" हुने भन्ने व्यवस्था भएको देखिन्छ ।

३. यी प्रत्यर्थी प्रतिवादीहरू विरूद्ध उजुर गर्ने क्रममा पीडित जाहेरवाला उमा परियारले आफूलाई माया परियारले ब्युटीपार्लरमा काम गर्ने भनी फकाई वनगाईसम्म ल्याई लिला गुरूङ र विना भन्ने महिलाको जिम्मा लगाएको, त्यसपछि ३ जना महिलाहरूले वनगाईबाट नेपालगन्ज हुँदै दिल्ली पुर्‌याई विनाको घरमा ४ दिन राखी जि.बि. रोडस्थित वेश्यालयमा बेचेको भनी जाहेरी दिएकी छिन् भने प्रमाणित बयानमा ३ जना दिदीहरूसँग नेपालगन्जको माइक्रोबसबाट गएकोमा दाङ पुगेपछि माष्टर्नी झरेको र आफूहरू ३ जना विना भाउजूको घर नेपालगन्जमा बसी अर्को दिन बिहान विना, लिला र आफू दिल्ली पुगी विनाको घरमा बसेको र विनाले आफूलाई वेश्यावृत्तिमा लगाएको भनी लेखाएको पाइयो । निजले अदालतमा बकपत्र गर्दा आफ्नो जाहेरी र प्रमाणित बयानलाई समर्थन गर्दै आफूलाई लिला परियार र माया परियारले मासिक २० हजार पाइन्छ भनी फकाएको, विना भन्ने ज्ञानी वादी र गीता बनगाई होटेलमा रक्सी मासु खाई खुवाई माष्टर्नी भन्ने गीता मिश्रले दाङसम्म लगी लिला र विनाले नेपालगन्ज लगेको भनेकी छिन् । निजको भनाइबाट समेत प्रत्यर्थी गीता मिश्रसँग निजको पूर्वचिनजान नभएको, वनगाईको होटलमा मात्र भेट भई त्यहाँबाट नेपालगन्जको गाडीमा सँगै बसी गएकोमा निज गीता मिश्र भालुवाङ झरेको भन्ने देखिन्छ भने विन्दु कार्कीको घर नेपालगन्जमा १ रात बसेको भन्नेसम्म उल्लेख गरी सँगै भारत गएको भन्न सकेको पाइएन ।

४. प्रत्यर्थी प्रतिवादी गीता मिश्रले मौकामा बयान गर्दा उमा परियारले काम गर्न इच्छा गरेकोले भाउजूको भारतमा भएको ब्युटीपार्लरमा काम गरे हुन्छ भनी सल्लाह गरी भारत जान हिँड्दा भाउजूले एक्लै जान सक्छु भनेको हुँदा आफू भालुवाङ झरेको भनी आरोपित कसुरमा इन्कार रहेकी छिन् भने अदालतमा बयान गर्दा सह-प्रतिवादीहरूलाई समेत नचिनेको भनी कसुरमा इन्कार रहेको पाइयो । यसरी निज प्रतिवादी माष्टर्नी भन्ने गीता मिश्र र पीडित जाहेरवाली एउटै गाडीमा चढी कपिलवस्तुको वनगाईदेखि दाङको भालुवाङसम्म गएकोसम्ममा विवाद नदेखिए पनि निजहरूको बिच के कस्तो सल्लाह भएको के उद्देश्यले लगेको भन्ने स्पष्ट खुलेको पाइँदैन । जाहेरवालीसमेत यी प्रतिवादीले के कस्तो मत सल्लाहमा परी कस्तो लाभ हानि प्राप्त गरी निज जाहेरवालीलाई बेचबिखन गर्ने कार्य गरेकी हुन् स्पष्ट खुलाउन सकेकी छैनन् । त्यस्तै अन्य सहप्रतिवादीहरूले पनि यी प्रतिवादीको कसुरमा संलग्नता सम्बन्धमा स्पष्ट पोल गर्न सकेको अवस्था देखिँदैन ।

५. प्रतिवादीमध्येकै विन्दु वादी (कार्की) का हकमा विचार गर्दा यी उपर जाहेरवालीको स्पष्ट पोल उजुरी रहेको पाइँदैन । यी प्रतिवादीले मौकाको बयानमा ज्ञनी वादी र नचिनेका २ जना आफ्नो डेरामा आई बसी आफूसमेत दिल्ली जान रूपैडिया पुग्दा प्रहरीले सोधपुछ गरेको, पारी बजार जाने भनेपछि जान दिएको, दिल्लीमा ज्ञानी वादीको घरमा २ दिन बसी आफू फर्केको भनी आरोपित कसुरमा इन्कार रहेकी छिन् भने अदालतसमक्ष पनि कसुरमा इन्कार रही कसैलाई नचिनेको भनी बयान गरेकी छन् मिसिल संलग्न अन्य प्रमाण कागजातबाट समेत यी पीडितलाई बेचबिखन गर्ने गराउने कार्यमा मतसल्लाहमा परेको वा स्पष्ट भूमिमा रहेको आधिकारिक रूपमा पुष्टि हुन सकेको अवस्था देखिँदैन । यस्तो अवस्थामा स्पष्ट,ठोस र खम्बिर प्रमाणबेगर मानव बेचबिखन जस्तो गम्भीर अपराध यी प्रतिवादी माष्टर्नी भन्ने गीता मिश्र विन्दु वादी (कार्की) ले आरोपित कसुर गरेको भन्ने ठहर गर्न न्यायोचित नहुने हुँदा निजहरूले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्‌याएको हदसम्म सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।८।२९ को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७२।२।१९ को फैसला मिलेकै देखियो ।

६. अब पुनरावेदक प्रतिवादीहरू माया परियार र लिला गुरूङ्गको पुनरावेदन जिकिरका हकमा विचार गर्दा यी पुनरावेदक प्रतिवादी माया परियारका उपर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा १५(१)(ङ)(२) बमोजिम र पुनरावेदक प्रतिवादी लिला गुरूङउपर सोही दफाबमोजिम कसुरमा दफा १५(१)(ङ)(१) बमोजिम सजाय मागदाबी गरी अभियोगपत्र परेको देखिन्छ । पीडित जाहेरवालीले जाहेरी दिँदा निज माया परियारले ललाई फकाई ब्युटीपार्लरमा काम लगाई दिन्छु भनी कपिलवस्तु जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ३ वनगाईसम्म पुर्‌याई दिएको भन्ने बेहोरा लेखाएको देखिन्छ । सोही बेहोरा निजको प्रमाणित बयानमा र अदालतसमक्षको बकपत्रमा समेत लेखाइदिएको पाइन्छ । निज प्रतिवादी माया परियारले निज जाहेरवालीलाई के-कस्तो बेहोराले ललाई फकाई गरेको, सोबापत निजले के कस्तो लाभ प्राप्त गर्‌यो भन्ने निजको जाहेरीलगायत

बकपत्रबाट समेत खुल्दैन । माया परियारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रही उमा परियारले काम खोजीदेउ भनेको र लिला गुरूङले ब्युटीपार्लरमा काम गर्ने मानिस चाहिएको भनेकोले कुरा गरी सहमत भएकोले लिलाले भनेबमोजिम बनगाईसम्म पुर्‍याइदिएको भनी बयान गरेकी छिन् भने अदालतमा पनि उमा परियार लिला गुरूङसँग काम गर्न जाने भनेर गएकी हुन् र आफूले बेच्न लगेको होइन भनी इन्कारी बयान गरेकी छिन् । उनका साक्षी सरस्वती दर्जीले बकपत्र गर्दा यिनले आरोपित कसुरको कार्य गरेकी होइनन् भनी लेखाएको पाइन्छ । यी प्रतिवादीले निज जाहेरवालीलाई भारतको दिल्लीसमेत लिई गएको पनि कहींकतैबाट देखिँदैन । अन्य सहप्रतिवादीहरूको बयानबाट समेत आरोपित कसुरमा यिनको प्रस्ट भूमिका खुल्न सकेको पाइँदैन ।

७. त्यसैगरी अर्को प्रतिवादी लीला गुरूङका हकमा पनि उपर्युक्तानुसारकै बेहोरा भई माया परियारले निज जाहेरवालीलाई ब्युटीपार्लरको काममा लगाई दिने भनी लिला गुरूङलाई भेटाई दिएपछि निज लिला गुरूङसमेत भई दिल्ली लगेको भन्ने जाहेरी प्रमाणित बयान र पीडितको बकपत्र रहेको छ । पुनरावेदक प्रतिवादी लिला गुरूङले निजलाई नेपालगन्ज-रूपैडिया हुँदै भारतको दिल्लीसम्म विना भन्ने ज्ञानी वादी जाहेरवाली र आफू भई गएको र ज्ञानी वादीको घरमा बसी आफू फर्की आएकोमा पछि ज्ञानी वादीले उनलाई वेश्यावृत्तिमा लगाएको भन्ने थाहा पाएको हुँ भनी आफ्नो बयानमा लेखाएकी छिन् । जाहेरवालीले पनि अपराध कसुरमा यिनको कहाँकहाँ के-कस्तो भूमिका रह्यो, सो कसुर गरेबापत के कस्तो लाभ यिनले प्राप्त गरिन् सोसमेत खुलाएको देखिँदैन । यी जाहेरवालीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा कोठीवाली विना उसको पंजावी लोग्ने र अरू ३ जना केटी भई इन्डिया गेट घुम्न जाने क्रममा पिसाब लागेको बाहना गरी भागी नेपाली केटोको सम्पर्कमा गई नेपाल आएकी हुँ भनेकी छन् भने अदालतसमक्ष भएको निजको बकपत्रमा नेपाली केटोको सहयोगमा छतबाट उद्धार भएको हो भनी लेखाएबाट निजको बेहोरा नै विरोधाभाषपूर्ण देखिएको छ । साथै आफूलाई उद्धार गर्ने भनेका नेपाली केटाको परिचयसमेत खुलाउन सकेको पाइएन । वादी पक्षका अन्य साक्षीहरूले पनि निजै जाहेरवालाको कुरा सुनेकै भरमा बकपत्र गरेको देखिएबाट त्यस्तो विवादास्पद जाहेरी बेहोरा जाहेरवालाको बकपत्र र निजले भनेकाले सुनी थाहा पाएको हो भन्ने साक्षी भनाइका आधारबाट मात्र मानव बेचबिखन जस्तो गम्भीर अपराधमा दोषी ठहर गर्नु न्याय र कानूनसङ्गत हुँदैन ।

८. तसर्थ, माथि उल्लिखित विवेचित आधार कारणबाट प्रतिवादी माया परियार र लिला गुरूङले जाहेरवालीलाई बेचबिखनसमेतको उद्देश्यले लगेको भन्ने पुष्टि हुने ठोस स्पष्ट प्रमाण वादी पक्षबाट पुर्‍याउन नसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम कसुर कायम गरी सजाय गर्ने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।८।२९ को फैसला सदर गर्ने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०७२।२।१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी माया परियार र लिला गुरूङले अभियोग माग दाबीबमोजिमको आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । प्रत्यर्थी प्रतिवादीहरू गीता मिश्र र विन्दु कार्कीलाई पनि अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू माया परियार र लिला गुरूङले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी फैसला भएको र यस अदालतको मिति २०७७/३/३० मा भएको संक्षिप्त आदेशानुसार थुनामुक्त गर्न लेखी पठाई सकेकोले थप केही गरिरहन परेन । सुरू कपिलवस्तु जिल्ला अदालतका फैसलाले कायम गरिएको निज प्रतिवादी माया परियारका नाममा रहेको १० (दश) वर्ष कैद र ५०,०००।- जरिवानाको लगत साथै प्रतिवादी लिला गुरूङका नाममा रहेको १२ (बाह्र) वर्ष कैद र ६०,०००।– जरिवानाको लगत कट्टा गरिदिनु भनी सुरू कपिलवस्तु जिल्ला अदालतलाई लेखी पठाइदिनू १

फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू १

उक्त रायमा सहमत छु ।

न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत:- विरेन्द्र मल्ल

इति संवत् २०७७ साल असार २९ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा

माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुङ्गाना

फैसला मिति : २०७७।३।१९

निर्णय नं. १०५४४

भाग: ६२ साल: २०७७ महिना: कार्तिक अंक: ७

फैसला मिति :२०७७/०३/१९ ६६९

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७२-CR-१३९५

पुनरावेदक / वादी : मोरङ "ञ" को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : मनीलालको छोरा, जिल्ला मोरङ, टंकिसिनवारी गाउँ विकास समिति वडा नं.३ घर भई हाल कारागार कार्यालय, मोरङमा थुनामा रहेको विनोद ऋषिदेवसमेत

०७२-CR-१६४८

पुनरावेदक / प्रतिवादी : मनीलालको छोरा, जिल्ला मोरङ, टंकिसिनवारी गाउँ विकास समिति वडा नं.३ घर भई हाल कारागार कार्यालय, मोरङमा थुनामा रहेको विनोद ऋषिदेव

विरूद्ध

प्रत्यर्थी / वादी : मोरङ "ञ" को जाहेरीले नेपाल सरकारत

फैसला

न्या.अनिलकुमार सिन्हा : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छ:-

तथ्य खण्ड

जिल्ला मोरङ, टंकिसिनवारी गाउँ विकास समिति वडा नं.३ बस्ने वर्ष ३२ को विनोद ऋषिदेवसमेतको मानिस मेरो चिनजानको मानिस भएको हुनाले निजहरूले मलाई विदेश पठाइदिन्छु भनी सो ठाउँमा पुगेपछि निकै पैसा कमाएर सुखमा जीवन बिताउन पाउँछौ अरूलाई नभन्नु भनी निजहरूले मलाई ललाइफकाई पूर्ण विश्वास दिलाई मिति २०७०।५।२ गतेका दिन मेरो पति आफ्नो घरमा नभएको मौका छोपी मलाई विराटनगरसम्म टेम्पोमा हालेर ल्याई भारतको जोगबनीमा पुर्‍याई त्यहाँबाट म र बसन्त परियार बसमा चढेर भारतको पटना पुग्यौं र विनोद ऋषिदेव जोगबनीबाटै नेपाल फर्किएका हुन् । हामीहरू भारतको पटनामा पुगेपछि निज बसन्तले चिनेको १ जना मानिससँग भेट भयो र निजहरूले एकान्तमा गफसमेत गरेका थिए । निज बसन्तले मलाई प्लेटफर्ममा लगी तिमी बस्दै गर, म तिम्रो लागि कपडा खरिद गरेर ल्याउँछु भनी निज गएकोमा २/३ घण्टापछि दिल्ली जाने ट्रेन पनि आएको र निज भारतीय अं.४०/४५ वर्षको मानिसले मलाई जाऊँ हिँड बसन्तसँग दिल्लीमा भेट हुन्छ भनी भनेकोले मैले निजको विश्वासमा परी मिति २०७०।५।३ गतेका दिन दिल्लीतर्फ जाने ट्रेनमा गई दिल्लीमा पुगेपछि बसमा चढाई एउटा १८ तले होटलमा पुर्‍याई सो होटलमा रहेकी महिलासँग भेट गराई तिमी यही बस तिम्रो मानिस आउँछ भनी भनेको, सोपछि सो मानिसले तिम्रो मानिसले तिमीलाई बिक्री गरिसकेको छ भनी बताएको हुनाले मैले थाहा पाएको हो । पछि मलाई सोही घरको कोठामा बन्दी बनाई राखेकोमा म सोही घरको चर्पीको झ्यालबाट भाग्न सफल भएको हुँ । निजहरूलाई पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार गर्ने महलअनुसार सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको मोरङ (ञ) को मिति २०७०।५।११ मा दर्ता भएको जाहेरी दरखास्त ।

जिल्ला मोरङ, टंकिसिनवारी गाउँ विकास समिति वडा नं.३ बस्ने वर्ष ३२ को विनोद ऋषिदेवसमेत मेरो चिनजानको मानिस भएको हुनाले निजहरूले मलाई विदेश पठाइदिन्छु भनी सो ठाउँमा पुगेपछि निकै पैसा कमाएर सुखमा जीवन बिताउन पाउँछौ, अरूलाई नभन्नु, भने जान दिँदैनन् भनेको र मेरो पासपोर्ट छैन भनी भन्दा भारतमा लगी पासपोर्ट बनाई दिन्छौं भनी भनेकोले मिति २०७०।५।१ गते मेरो घरमा विनोद ऋषिदेव आई भोलि जानुपर्छ भनी योजना बनाई मैले फरवार्ड बैंकबाट रू.२०,०००।- र घरमा रहेको रू.१०,०००।- समेत निकाली राखेको थिएँ । मिति २०७०।५।२ गते मेरो श्रीमान् घरमा नभएको बखतमा १०:०० बजेको समयमा विनोद ऋषिदेव मेरो

घरमा आई मैले सबै तयार गरेको छु जाऊँ भनेपछि दिनको १२:०० बजेतिर मलाई विनोद ऋषिदेवले टंकिसिनवारी चोकबाट टेम्पोमा विराटनगरसम्म हालेर ल्याएको र भारतको जोगबनीमा पुर्‍याई त्यहाँबाट म र बसन्त भन्ने यमबहादुर परियार बसमा चढेर भारतको पटना पुग्यौं र विनोद ऋषिदेव जोगबनीबाटै नेपालतर्फ फर्किएका हुन्। हामीहरू भारतको पटनामा पुगेपछि निज बसन्तले चिनेको १ जना मानिससँग भेट भयो र निजहरूले एकान्तमा गफसमेत गरेका थिए। निज बसन्तले मलाई प्लेटफर्ममा लगी तिमी बस्दै गर, म तिम्रो लागि कपडा खरिद गरेर ल्याउँछु भनी निज गएकोमा २/३ घण्टा पछि दिल्ली जाने ट्रेन पनि आएकोमा निज भारतीय अं.४०/४५ वर्षको मानिसले मलाई जाउँ हिँड, बसन्तसँग दिल्लीमा भेट हुन्छ भनी भनेकोले मैले निजको विश्वासमा परी मिति २०७०।५।३ गतेका दिन दिल्लीतर्फ जाने ट्रेनमा गई दिल्लीमा पुगेपछि बसमा चढाई एउटा १८ तले होटलमा पुर्‍याई सो होटलमा रहेकी महिलासँग भेट गराई तिमी यहीँ बस तिम्रो मानिस आउँछ भनी भनेको, सोपछि सो मानिसले तिम्रो मानिसले तिमीलाई बिक्री गरिसकेको छ भनी बताएको हुनाले मैले थाहा पाएको हो। पछि मलाई सोही घरको कोठामा बन्दी बनाई राखेकोमा म सोही घरको चर्पीको झ्यालबाट भाग्न सफल भएको हो भन्ने पीडिता मोरङ (ञ) को मिति २०७०।०५।११मा अनुसन्धान अधिकारीसमक्ष भएको बयान मिति २०७०।०५।१३ मा प्रमाणित भएको।

जिल्ला मोरङ रंगेली बस्ने यमबहादुर परियार भन्ने मानिस बेलाबखत टंकिसिनवारी गाउँ विकास समिति वडा नं.३ स्थितमा घुम्न आउने गरेको मानिस भएको हुनाले चिनजान भएको हो। निजले विदेश जाने मानिसहरूलाई विदेशतिर पठाउने काम गर्छु भनेको र मलाई विदेश जाने महिला केटीहरू भएमा खोज्नु म तपाईंलाई पनि राम्रो कमिसन दिन्छु भनेको हुँदा मैले विदेश जाने महिलाहरूको खोजतलास गर्ने क्रममा मेरो श्रीमती अनिता ऋषिदेवको भाउजू नाता पर्नेलाई विदेश जाने हो भनी भन्दा निजले पनि विदेश जाने इच्छा प्रकट गरेको हुँदा मैले र यमबहादुर परियारसमेत भई निजलाई विभिन्न तरिकाले प्रलोभनमा पारी निजको श्रीमान्समेत नभएको मौका छोपी फकाएर निजको श्रीमान्लाई नभन्नु भनी मिति २०७०।५।१ गते म निजको घरमा गई निजको श्रीमान् नभएको मौकामा मिति २०७०।५।२ गते भारत जाने सल्लाह गरी निजसमेत राजी भई मिति २०७०।५।२ गते अं.१०:०० बजेको समयमा निजको घरमा पुगी योजनाअनुसार १२:०० बजेको समयमा मोरङको टंकिसिनवारीबाट टेम्पोमा चढी विराटनगरमा आई बसमा चढी भारतको जोगबनी पुगी योजना मुताबिक मैले बसन्त भन्ने यमबहादुर परियारको जिम्मा लगाई म आफ्नो घरतर्फ फर्कें। त्यसपछि बसन्त भन्ने यमबहादुर परियारले लिई गएका हुन्। पछि निज यमबहादुरसँग पैसा माग गर्दा निज बिक्री भएकी छैनन्, बिक्री भएपछि पैसा दिउँला भनेका थिए भन्नेसमेत व्यहोराको प्रतिवादी विनोद ऋषिदेवले मिति २०७०।०५।१७ मा अनुसन्धानको क्रममा गरेको बयान।

जिल्ला मोरङ, दर्वेशा गाउँ विकास समिति वडा नं.७ स्थित पूर्वमा फुसको घर, पश्चिममा धान खेत, उत्तरमा मन्दिर, दक्षिणमा फुसको घर यति चार किल्लाभित्र रहेको बसन्त भन्ने यमबहादुर परियार मोतेको घर खानतलासी लिँदा निजको पासपोर्ट साइजको फोटो र अनिष मोतेको जन्मदर्तासमेत फेला पारेको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का।

जिल्ला मोरङ, टंकिसिनवारी गाउँ विकास समिति वडा नं.१ स्थित पूर्वमा पुष्पलाल चोकबाट बाँसबारीतर्फ जाने पक्की बाटो, पश्चिममा बाँसबारी, उत्तरमा रामपृत ऋषिदेवको बारी, दक्षिणमा बलराम ऋषिदेवको टिनको घर यति चार किल्लाभित्रमा रहेको मोरङ (ञ) को फुसको छानो भएको घर रहेको र सो घरबाट विनोद ऋषिदेवले फकाइफुलाई गरी भारतसम्म लगेको भन्नेसमेत व्यहोराको मिति २०७०।०५।३० को घटनास्थल मुचुल्का।

विनोद ऋषिदेव र निजसँग एकजना दर्वेशातिर घर भएका यमबहादुर परियार मोते स्थानीय टोलमा हेलमेल भई त्यसै क्रममा मोरङ (ञ) सँग पनि निजहरूको निकै हेलमेल सम्बन्ध बढिराखेको थियो। निजहरू मोरङ (ञ) को श्रीमान् घरमा नभएको मौका छोपी निजको घरमा जाने र विभिन्न प्रलोभन देखाई फकाइफुलाई गर्ने गरेका थिए। यस्तैमा मिति २०७०।५।२ गते पूर्वयोजनाअनुसार विनोद ऋषिदेवले मोरङ (ञ) लाई लिई भारतको जोगबनीसम्म पुर्‍याई यमबहादुर परियारको जिम्मा लगाई यमबहादुर परियारले निज पीडितालाई भारतको पटना पुर्‍याई अन्य अपरिचित मानिसको जिम्मा लगाई बेचबिखन गरेको र बेचबिखन गरिसकेपछि किन्ने मान्छेले अनेक किसिमको दुःख दिएको, कोठामा बन्धक बनाई राखेको अवस्थामा ट्वाइलेटको झ्यालबाट भागी घर आएकी हुँदा निजलाई बेचबिखन गर्ने व्यक्तिहरूउपर कानूनबमोजिम कडा कारबाही होस् भन्नेसमेत एकै मिलान व्यहोराको मिति २०७०।०६।१ को वस्तुस्थिति मुचुल्का।

प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित ऐ. दफा ४(१) को देहाय (क)(ख) तथा ऐ. दफा ४(२) को देहाय (क)(ख) बमोजिमको कसूर अपराधमा ऐ.ऐ. दफा १५(१) को देहाय (क)(ख) बमोजिम र ऐ.को दफा १५(२)(१)(क) बमोजिम छुट्टाछुट्टै सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको मिति २०७०।६।३ को अभियोग पत्र।

जाहेरीको सम्पूर्ण व्यहोरा झुट्टा हो। जाहेरवालीले मलाई जोगबनीसम्म पुर्‍याई दिनुहोस् भनेकीले मैले भाडा छैन भन्दा म दिन्छु भनी मलाई जोगबनीसम्म निजले लगेकी हुन्। म त्यहींबाट फर्की आएँ। जाहेरवाली त्यहाँबाट कता गइन् मलाई थाहा भएन। म भने घर फर्की आएँ। जाहेरवालीको बयान व्यहोरा झुट्टा हो, निजको भनाइअनुसार मैले जोगबनीसम्म पुर्‍याएको हो। प्रहरीले मलाई कुटपिट गरी

जबरजस्ती सहीछाप गराएको हो, म पढ्न नजान्ने मान्छे के लेखेर सही गराए मलाई थाहा भएन । मैले अभियोग दाबीबमोजिमको कसूर नगरेको हुँदा सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी विनोद ऋषिदेवले मिति २०७०।६।४ मा सुरू अदालतमा गरेको बयान ।

प्रतिवादी विनोद ऋषिदेव मेरो चिनजानको मानिस भएकाले हामीबिच घरमा आउने जाने क्रममा मिति २०७० साल श्रावणको अन्तिम हप्तातिर विनोद ऋषिदेवले बोलाएकोले निजको घरमा जाँदा अं.२५/२६ वर्षको स्वास्नी मानिसलाई देखाई यी मेरी बहिनी नाताकी हुन्, घरमा दुःख छ, काम गर्न दिल्ली जान्छु भन्छे, तपाईंले मानिस चिन्नु भएको छ, मिलाइदिनु पर्‌यो भनी भनेको र सँगै रहेका यी जाहेरवालीले पनि मलाई ज्यादै दुःखको अवस्था छ, दिल्लीमा काम लगाइदिनु पर्‌यो भनेकी हुँदा मैले चिनेको दिल्ली (भारत घर) भएका सलमान नाम गरेका व्यक्तिलाई फोन गरी एक स्वास्नी मानिसलाई तपाईंले दिल्लीमा काम लगाइदिनु पर्‌यो भनी मैले भनेको हुँदा हुन्छ लिएर आउनु भनी भनेकाले मिति २०७०।५।२ गते बहिनीलाई जोगबनी लिएर आउनु भनी मैले विनोदलाई भनें। निजले जाहेरवालीलाई जोगबनी लिएर आएपछि मैले पटनासम्म पुर्‌याइदिएको र त्यहाँ आइरहेको सलमानलाई जिम्मा लगाई काम गर्न दिल्ली पठाएकोसम्म हुँ। बिक्री गर्न लगेको होइन, काम गर्न पठाएको थिएँ। निज जाहेरवालीले नै घरमा ज्यादै दुःख भयो भनी मलाई रोएर भनेकी हुँदा त्यसरी पठाएको थिएँ । त्यसको केही दिनपछि जाहेरवालीले म यहाँ काम गर्न सक्दिन भनी मलाई फोन गरेकी हुँदा मैले साथीलाई फोन गरी फिर्ता पठाइदिनु भनी फोन गरें। त्यसपछि सलमानले एक हप्तामा नै निज जाहेरवालीलाई नेपाल फिर्ता पठाई दिएको हो । त्यसो हुँदा निजले दिएको जाहेरी दरखास्त र बयान व्यहोरासमेत झुट्टा हो । मैले निजको अनुरोधमा काममा लगाउन दिल्ली पठाएको थिएँ, बिक्री गर्न होइन भन्नेसमेत व्यहोराको प्रतिवादी यमबहादुर परियार (मोते) ले मिति २०७१।०५।०५ मा सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) ले जाहेरवालीलाई भारतमा लगी बिक्री गरेको मिसिल संलग्न प्रमाणबाट देखिएबाट प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित दफा ४(१)(क) को कसूर गरेको देखिएबाट प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) लाई सोही ऐनको दफा १५(१)(क) बमोजिम जनही २०(बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना हुने ठहर्छ । प्रतिवादीहरूबाट जाहेरवालीलाई दामासाहीले रू.२,००,०००।- (दुई लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।७।१९ मा भएको फैसला ।

अनुसन्धानको बयान अनुसन्धानकर्ताले आफूखुसी तयार गरेको हो । हामीले जाहेरवालीलाई बिक्री गर्न भारत लगेको नभई निज आफैँ रोजगारीका लागि जान तयार भएकीले पुर्‌याई दिएको मात्र हो । जोगबनीसम्म सँगै जानु वा पटनासम्म सँगै जानु मानव बेचबिखनको परिभाषा भित्र पर्दैन । हामीले बेच्ने उद्देश्यले जाहेरवालीलाई भारत नलगेको, निज आफूखुसी जाने कुरामा पुर्‌याइदिनसम्म भनेकाले सो स्थानसम्म गएको अवस्थामा हामीलाई कसूरदार ठहर गरी सजाय गर्ने गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूको पुनरावेदन अदालत विराटनगरमा परेको पुनरावेदन ।

पीडिता जाहेरवालीलाई लोभलालचमा पारी विदेश पठाइदिन्छु भनी प्रतिवादी विनोद ऋषिदेवले जोगबनीसम्म र सँगै गएका अर्का प्रतिवादी बसन्त भन्ने यमबहादुर परियारले भारतको पटना पुर्‌याई सलमान भन्ने व्यक्तिको जिम्मा दिएको र निजले दिल्लीको वेश्यालयमा पुर्‌याएको तथ्यमा अदालत स्वयं सहमत भएको अवस्थामा कुनै आधार नै उल्लेख नगरी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०३४ दफा १५(१) को (क) र (ख) मा उल्लेख भएबमोजिम जनही अलग-अलग सजाय गर्नुपर्नेमा सो नगरी ऐ. ऐनको दफा १५(१)(क) बमोजिम मात्र सजाय गर्ने र ऐ. ऐनको दफा १५(१) को देहाय (ख) को मागदाबी सम्बन्धमा केही नबोली गरिएको हदसम्मको फैसला मुलुकी ऐन, अ.बं.१९२ नं. विपरीत भई त्रुटिपूर्ण हुँदा सो हदसम्मको सुरू फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत विराटनगरमा परेको पुनरावेदन ।

यसमा पीडिता जाहेरवालीलाई प्रतिवादीहरूले के-कति प्रपञ्चले के-कति रकममा विदेश लगी बिक्री गरेका हुन्, मिसिल संलग्न कागजातबाट खुल्न खुलाउन नसकेको परिप्रेक्ष्यमा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।७।१९ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफल प्रयोजनको लागि मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।२।२० मा भएको आदेश ।

यसमा प्रतिवादी विनोद ऋषिदेवसमेतको पुनरावेदन परी मुलुकी ऐन, अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएपश्चात् वादी नेपाल सरकारको पुनरावेदन परेको देखिँदा अ.बं.२०२ नं.को प्रयोजनार्थ पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम दुवै पुनरावेदन एकआपसमा सुनाई नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।३।२७ मा भएको आदेश ।

प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसूर गरेको पुष्टि हुन आएकोमा निज प्रतिवादीहरूउपर ऐ. ऐनको दफा ४(१)(क) को कसूर कायम गरी ऐ. ऐनको दफा १५(१)(क) अनुसार जनही २० (बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना सजाय गर्ने ठहर्‌याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७१।७।१९।४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई यी प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसूर गरेको प्रमाणित भएको देखिँदा सो कसूर गरेकोमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम प्रतिवादीहरूलाई जनही १५(पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर्छ । जाहेरवालीलाई क्षतिपूर्तिबापत रू.२,००,०००।- (दुई लाख रूपैयाँ) प्रतिवादीहरूबाट दामासाहीले भराई दिने ठहर्‌याएको इन्साफ मिलेको देखिँदा सो हदसम्म सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।४।२० मा भएको फैसला ।

प्रतिवादीहरूले पीडितालाई सलमान भन्ने व्यक्तिको जिम्मा दिएको र दिल्लीको वेश्यालयमा पुर्‌याएको तथ्यमा अदालत स्वयम् सहमत भएको अवस्था देखिँदा प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १५(१) को (क) र (ख) मा उल्लेख भएबमोजिम जनही अलग-अलग सजाय गर्नुपर्नेमा सो नगरी ऐ. ऐनको दफा १५(१)(ङ)(१) बमोजिम जनही १५ वर्ष कैद र रू.१ लाख जरिवाना हुने ठहर्‌याई भएको पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा मिति २०७२।११।२८ मा दर्ता भएको पुनरावेदन पत्र ।

जाहेरवाली ३ तला माथिको बन्द कोठाको झ्यालबाट भाग्ने कुरा सम्भव छैन । कसको सहयोगमा भागी घर आइपुगेको हो उल्लेख गरेको छैन । निजकै अनुरोधमा म विनोदले जोगबनी र म यमबहादुरले पटनासम्म पुर्‌याइदिएको कुरा साँचो हो । जाहेरी बनावटी र झुट्टा हो । जाहेरवाली बकपत्रका लागि अदालतमा उपस्थित भएकी छैनन् । जाहेरीका आधारमा मात्र हामीलाई कसूरदार ठहर गरी फैसला भएको छ । म विनोद ऋषिदेव रिक्साचालक भएकोले निजसँग भाडा लिएर जोगबनीसम्म आफ्नो रिक्सामा लगी दिएकोसम्म हो र रिक्सा भाडा जाहेरवालीले दिएको हो । मैले यमलाई पटनामा मेरो मान्छे आउँछ, त्यहाँसम्म पुर्‌याइदिनु भनेकाले निजको साथीको रूपमा पटनासम्म गइदिएको हुँ, सम्पूर्ण यातायात खर्च तथा खाना खर्च निज जाहेरवालीले नै गरेकी हुन् । सम्पूर्ण प्रमाण सङ्कलन नगरी र प्रमाणको उचित विवेचना तथा मूल्याङ्कन नै नगरी एकतर्फी रूपले गरिएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूको यस अदालतमा मिति २०७३।१।८ मा दर्ता भएको पुनरावेदन पत्र ।

यसमा दुवै पक्षको पुनरावेदन परेको देखिँदा अ.बं.२०२ प्रयोजनार्थ पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन प्रत्यर्थी / प्रतिवादीलाई र पुनरावेदक / प्रतिवादीको पुनरावेदन प्रत्यर्थी / वादी नेपाल सरकारलाई परस्पर सुनाई पेसीको सूचना महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतबाट मिति २०७५।०२।०८ मा भएको आदेश ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक / वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठले प्रतिवादी विनोदले यी जाहेरवालीलाई जोगबनी पुर्‌याई यमबहादुरलाई जिम्मा लगाएको, यमबहादुरले जोगबनीदेखि पटना पुर्‌याई सलमानलाई जिम्मा लगाएको र सलमानले दिल्ली पुर्‌याई एक होटेलमा छोडेको अवस्था छ । प्रमाणित बयानलाई प्रमाणमा लिनुपर्ने भनी ने.का.प.२०६०, अङ्क ४, नि.नं.८८०४ मा व्याख्या भएकोमा सो बयानलाई प्रमाणको रूपमा ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण छ । यी प्रतिवादीहरूले यी महिलालाई बेचेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको हुँदा निजहरूलाई अभियोग मागदाबीबमोजिम सजाय नगरिएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाऊँ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी बसन्त भन्ने यमबहादुर परियार (मोते) का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुंगेलले यी जाहेरवालीलाई काम लगाइदिनको लागि यी प्रतिवादी यमबहादुरले निजकै अनुरोधमा जोगबनीबाट पटना पुर्‌याई सलमानको जिम्मा लगाएको र त्यहाँबाट निजले दिल्ली लगेको हो, बिक्री गरेको होइन । यी जाहेरवालीलाई लगाइएको काम गर्न नसक्ने भनी निजले यी यमबहादुरलाई फोन गरेपछि यमबहादुरले सलमानसँग सम्पर्क गरेको र सलमानले एक हप्तामा नै निज जाहेरवालीलाई नेपाल फिर्ता पठाइदिएको छ । जाहेरवालीलाई बेचेको नभई निजलाई सहयोग मात्र गरेको हो । ने.का.प.२०६५, अङ्क ७, नि.नं.७९८६, ने.का.प.२०६६, अङ्क २, नि.नं.८०७३ तथा ने.का.प.२०६६, अङ्क २, नि.नं.८७६४ मा यस अदालतबाट गरिएको व्याख्याका आधारमा समेत यी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रतिवादी विनोद ऋषिदेवका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वैतनिक कानून व्यवसायी अधिवक्ता श्री रजिता थापा र अधिवक्ता श्री इन्दिरा सिलवालले यी प्रतिवादी विनोदले यी जाहेरवालीलाई बेचबिखन गरेको होइन, जोगबनीसम्म पुर्‌याइदिएको मात्र हो । सहअभियुक्त यमबहादुरले यी जाहेरवालीलाई दिल्लीमा काम लगाइदिन भनी सलमानको जिम्मा लगाएको हो, बेच्ने उद्देश्यले जिम्मा लगाएको

होइन । यी प्रतिवादी विनोद रिक्सा चलाउने गरीब मजदुर व्यक्ति हुन् । पीडिताले अदालतमा उपस्थित भई बकपत्र गरेकी छैनन्, यस अवस्थामा निज पीडिताको आरोप शङ्कास्पद भएकोले शङ्काको सुविधा आरोपितले पाउनु पर्छ । ने.का.प.२०७५, अङ्क १०, नि.नं.१०११८, ने.का.प.२०७६, अङ्क २, नि.नं.१०१९० मा यस अदालतबाट गरिएको व्याख्यासमेत यहाँ सान्दर्भिक छ । यिनमा मानव बेचबिखन गर्ने इच्छा, चाहना एवम् हैसियतसमेत नभएको र बेचबिखनसमेत नगरेको हुँदा अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित ऐ. दफा ४(१) को देहाय (क)(ख) तथा ऐ. दफा ४(२) को देहाय (क)(ख) बमोजिमको कसूर अपराधमा ऐ. दफा १५(१) को देहाय (क)(ख) बमोजिम र ऐ.को दफा १५(२)(१)(क) बमोजिम छुट्टाछुट्टै सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी भएकोमा प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) ले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित दफा ४(१)क. को कसूर गरेको देखिएबाट निजहरूलाई ऐ. ऐनको दफा १५(१)क. बमोजिम जनही २०(बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादीहरूबाट जाहेरवालीलाई दामासाहीले रू.२,००,०००।- (दुई लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्छ भनी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।७।१९ मा फैसला भएको देखिन्छ । सो फैसलाउपर अभियोग दाबीबाट सफाइ पाऊँ भनी प्रतिवादीहरूले र अभियोग दाबीबमोजिम नै सजाय गरिपाऊँ भनी वादी नेपाल सरकारले पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गरेकोमा सो अदालतबाट सुरू अदालतको फैसला केही उल्टी भई यी प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)क. को कसूर गरेको प्रमाणित भएको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम निजहरूलाई जनही १५(पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने र जाहेरवालीलाई क्षतिपूर्तिबापत रू.२,००,०००।- (दुई लाख रूपैयाँ) प्रतिवादीहरूबाट दामासाहीले भराइदिने ठहर्‍याई फैसला भएको देखिन्छ । सो फैसलाउपर अभियोग दाबीबाट सफाइ पाऊँ भनी प्रतिवादीहरूले र अभियोग दाबीबमोजिम नै सजाय गरिपाऊँ भनी वादी नेपाल सरकारले यस अदालतमा पुनरावेदन गरेको अवस्था छ ।

उपर्युक्त अभियोग दाबी, सुरू अदालतहरूको फैसला, पुनरावेदन जिकिर एवम् बहस जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेको छ, छैन ? वादी नेपाल सरकार तथा प्रतिवादीहरूको समेत पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, विनोद ऋषिदेव र बसन्त परियारले जाहेरवालीलाई विदेशमा निकै पैसा कमाएर सुखमा जीवन बिताउन पाइन्छ भनी ललाइफकाई पूर्ण विश्वास दिलाई आफ्नो पति घरमा नभएको मौका छोपी विराटनगरसम्म टेम्पोमा हालेर ल्याई भारतको जोगबनीमा पुर्‍याई विनोद ऋषिदेव जोगबनीबाटै नेपाल फर्किएका, त्यहाँबाट जाहेरवाली र बसन्त परियार बसमा चढेर भारतको पटना गएका, त्यहाँ बसन्तले चिनेको १ जना मानिससँग भेट भएको, निजहरूबिच एकान्तमा गफसमेत गरेका, बसन्तले जाहेरवालीलाई प्लेटफर्ममा लगी बस्दै गर म तिम्रो लागि कपडा खरिद गरेर ल्याउँछु भनी गएको, २/३ घण्टा पछि दिल्ली जाने ट्रेन आएको, निज भारतीय अं.४०/४५ वर्षको मानिसले जाहेरवालीलाई जाऊँ हिँड बसन्तसँग दिल्लीमा भेट हुन्छ भनेको, निजको विश्वासमा परी सो ट्रेनमा दिल्ली पुगेपछि १८ तले होटलमा रहेकी महिलासँग भेट गराई तिमी यहीँ बस तिम्रो मानिस आउँछ भनी भनेको, त्यसपछि सो मानिसले तिम्रो मानिसले तिमीलाई बिक्री गरिसकेको छ भनी बताएको हुनाले जाहेरवालीले थाहा पाएको, कोठामा बन्दी बनाई राखेको अवस्थामा चर्पीको झ्यालबाट हामफालेर जाहेरवाली भाग्न सफल भएकोले निजहरूलाई पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार गर्ने महलअनुसार सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी देखिन्छ । विनोद ऋषिदेवसमेतले मलाई विदेशमा पैसा कमाएर सुखमा जीवन बिताउन पाइन्छ, अरूलाई नभन्नु, भने जान दिँदैनन् भनेको, पासपोर्ट छैन भन्दा भारतमा लगी पासपोर्ट बनाई दिन्छौं भनेको, मिति २०७०।५।१ गते विनोद जाहेरवालीको घरमा आई भोलि जानुपर्छ भनी योजना बनाएको, जाहेरवालीले फरवार्ड बैंकबाट रू.२०,०००।- र घरमा रहेको रू.१०,०००।- समेत निकाली राखेको, मिति २०७०।५।२ गते जाहेरवालीको श्रीमान् घरमा नभएको बखतमा दिनको १०:०० बजेको समयमा विनोद जाहेरवालीको घरमा आई १२:०० बजेतिर टंकिसिनवारी चोकबाट टेम्पोमा विराटनगरसम्म ल्याएको र भारतको जोगबनीमा पुर्‍याई फर्किएको, त्यहाँबाट जाहेरवाली र बसन्त भन्ने यमबहादुर परियार बसमा चढेर भारतको पटना पुगेकासमेत भनी जाहेरी व्यहोरासँग मिलान हुने गरी पीडिता मोरङ (ञ) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र अदालतबाट प्रमाणित भएको बयान व्यहोरामा देखिन्छ । यमबहादुर परियारले विनोदलाई विदेश जाने महिलाहरू भएमा राम्रो कमिसन दिन्छु भनेको, विनोदले जाहेरवालीलाई प्रलोभनमा पारी फकाई विदेश जाने कुरा श्रीमान्लाई नभन्नु भनेको, मिति २०७०।५।१ गते विनोद जाहेरवालीको घरमा गई भोलि जानुपर्छ भनेको, जाहेरवालीको श्रीमान् नभएको मौकामा मिति २०७०।५।२ गते दिनको अन्दाजी १०:०० बजेको समयमा विनोद जाहेरवालीको घरमा पुगेको, जाहेरवाली राजी भएपछि सोही दिन १२:०० बजेको समयमा टंकिसिनवारीबाट टेम्पोमा

विराटनगर आई त्यहाँबाट बसमा भारतको जोगबनी पुगी बसन्त भन्ने यमबहादुर परियारको जिम्मा लगाई विनोद फर्किएको, त्यहाँबाट बसन्त भन्ने यमबहादुर परियारले जाहेरवालीलाई लिई गएका, पछि यमबहादुरसँग पैसा माग गर्दा जाहेरवाली बिक्री भएकी छैनन् बिक्री भएपछि पैसा दिउँला भनेको भन्ने व्यहोरा प्रतिवादी विनोद ऋषिदेवले अनुसन्धानको क्रममा गरेको बयानमा देखिन्छ। जाहेरवालीले विनोदलाई जोगबनीसम्म पुर्‌याई दिनुहोस् भनेकीमा भाडा छैन भन्दा जाहेरवालीले दिन्छु भनी विनोदलाई जोगबनीसम्म जाहेरवालीले लगेकी, विनोद जोगबनीबाटै फर्किएको, जाहेरवाली जोगबनीबाट कता गइन् थाहा नभएको, जाहेरवालीको बयान व्यहोरा झुट्टा हो, प्रहरीले कुटपिट गरी जबरजस्ती बयानमा सहीछाप गराएको हो भन्ने व्यहोरा प्रतिवादी विनोद ऋषिदेवले अदालतमा गरेको बयानमा देखिन्छ। प्रतिवादी विनोद ऋषिदेवको घरमा जाँदा अं.२५/२६ वर्षकी स्वास्नी मानिसलाई देखाई यी मेरी बहिनी नाताकी हुन्, घरमा दुःख छ, काम गर्न दिल्ली जान्छु भन्छे, तपाईंले मानिस चिन्नु भएको छ, मिलाइदिनु पर्‌यो भनी भनेको, यी जाहेरवालीले पनि मलाई ज्यादै दुःख भएकोले दिल्लीमा काम लगाइदिनु पर्‌यो भनेकी, दिल्ली भारत घर भएका सलमान नाम गरेका व्यक्तिलाई फोन गरी एक स्वास्नी मानिसलाई तपाईंले दिल्लीमा काम लगाइदिनु पर्‌यो भनी यमबहादुरले भनेकोमा हुन्छ लिएर आउनु भनी भनेकाले मिति २०७०।५।२ गते बहिनीलाई जोगबनी लिएर आउनु भनी यमबहादुरले विनोदलाई भनेका र विनोदले जाहेरवालीलाई जोगबनी लिएर गएको, जोगबनीबाट यमबहादुरले पटना पुर्‌याई सलमानलाई जिम्मा लगाएको र सलमानले दिल्लीको होटलमा लगी छाडेको, केही दिनपछि जाहेरवालीले यमबहादुरलाई यहाँ काम गर्न सक्दिन भनी फोन गरेकीले साथीलाई फोन गरी फिर्ता पठाइदिनु भनेको, सलमानले एक हप्तामा नै जाहेरवालीलाई नेपाल फिर्ता पठाइदिएको भन्ने व्यहोरा प्रतिवादी यमबहादुर परियार (मोते) ले अदालतमा गरेको बयानमा देखिन्छ।

३. उल्लिखित व्यहोराहरूबाट प्रतिवादी विनोद ऋषिदेवले अनुसन्धानको क्रममा गरेको बयानमा जाहेरवालीलाई आफूले प्रलोभनमा पारी भारतको जोगबनी लगी यमबहादुरलाई जिम्मा लगाएको भनेको र अदालतसमक्ष गरेको बयानमा जाहेरवालीले जोगबनीसम्म पुर्‌याइदिनुहोस् भनेकीले निजले लिएर गएकी हुन् भनी यी पीडितालाई जोगबनीसम्म लगेकोमा साबित नै रहेको देखिन्छ। प्रतिवादी यमबहादुर अनुसन्धानको क्रममा फरार रहेका छन्। निजले अदालतसमक्ष बयान गर्दा जाहेरवालीलाई दिल्लीमा काममा लगाइदिनका लागि निजलाई जोगबनीसम्म लिएर आउनु भनी भनेको र जोगबनीबाट निज यमबहादुरले पटना लगी सलमानको जिम्मा लगाएको भनेबाट विनोद र यी प्रतिवादी एकआपसमा सम्पर्कमा रहेको देखिन्छ। प्रतिवादी विनोदले अनुसन्धानको क्रममा गरेको बयान व्यहोरा र प्रतिवादी यमबहादुरले अदालतसमक्ष गरेको बयान व्यहोरा एकआपसमा मिलेको देखिन्छ। एउटै घटनाका सम्बन्धमा कुनै एक प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा फरक पर्ने गरी अदालतसमक्ष बयान गर्दछ र सोही घटनामा संलग्न अर्का प्रतिवादीले अदालतसमक्ष बयान गर्दा अनुसन्धानको क्रममा बयान गर्ने प्रतिवादीको बयान व्यहोरासँग मेल खाने गरी बयान गर्दछ र उक्त अनुसन्धानको बयानलाई जाहेरी व्यहोरा, वस्तुस्थिति मुचुल्का र अदालतबाट प्रमाणित भएको पीडिताको बयान व्यहोराबाटसमेत समर्थित छ भने अनुसन्धानको क्रममा गरेको निज प्रतिवादीको बयानलाई अन्यथा भन्नुपर्ने अवस्था हुँदैन। प्रतिवादीहरू विनोद र यमबहादुरले यी पीडितालाई निजको घरमा कसैलाई थाहा नदिई भगाउने योजनाबमोजिम भगाउन सफल भएकोले निज प्रतिवादी विनोदलाई यी पीडिता जाहेरवालीले जोगबनी लिएर गएको नभई निज विनोदले नै जाहेरवालीलाई जोगबनी लगी यमबहादुरलाई जिम्मा लगाएको देखिन आयो।

४. प्रतिवादी यमबहादुरले अदालतमा गरेको बयानमा निजलाई दिल्लीमा काममा लगाइदिने कुरा उल्लेख भएको देखिन्छ। यी पीडितालाई विदेशमा पठाई काममा लगाइदिने कुरा मात्र जानकारी भएको र विदेश जानका लागि पासपोर्ट आफूसँग नभएको जानकारी यी पीडिताले प्रतिवादीहरूलाई गराएकीमा भारतमा पासपोर्ट बनाउने भनी जवाफ दिएको भन्ने खुल्न आएबाट योजनाबद्ध तरिकाले पीडितालाई भारत लगेको प्रस्ट देखिन्छ। यी प्रतिवादीहरू दुवैजनाले यी पीडितालाई कामको लागि विदेश पठाइदिने प्रलोभनमा पारी लाने क्रममा विराटनगरबाट जोगबनीसम्म विनोदले र जोगबनीबाट पटनासम्म यमबहादुरले लगेको अवस्था छ। पटना पुगेपछि यमबहादुरले यी पीडितालाई आफूले चिनेको भनिएका सलमान भन्ने व्यक्तिको जिम्मा लगाई पटनाको रेल स्टेशनमा छाडी आफू बेपत्ता हुन्छन् र यी पीडिताको लागि अपरिचित नामको मानिसले यिनलाई यमबहादुरसँग दिल्लीमै भेट हुन्छ भनी दिल्ली लिएर जान्छन्। दिल्ली पुगेपछि निज अपरिचित सलमान भन्ने व्यक्तिले यी पीडितालाई एउटा होटलमा लगी महिलाको जिम्मा दिन्छन्। यमबहादुरसँग दिल्लीमा यी पीडिताको भेट नभएको, यिनलाई सो होटलको एउटा कोठामा बन्द गरी राखिएको र निज ट्वाइलेटको झ्यालबाट बाहिर निस्की नेपाल फर्किएको भनी पीडिताले दाबी लिएको अवस्था छ। यसरी पूर्वतयारीका साथ एकजनाले जोगबनी पुर्‌याउनु, अर्काले दिल्लीबाट आएका भनिएका व्यक्तिलाई जिम्मा लगाउनु, पटना पुर्‌याई फिर्ता आउनुबाट प्रतिवादीहरूको संलग्नताको पुष्टि भएपछि यी पीडिता ३ तल्ला माथिबाट दिल्लीमा कसरी भागिन्, कसको सहयोगमा नेपाल फर्किइन भनी प्रतिवादीबाट पुनरावेदनमा उठाइएका प्रश्नहरूको कुनै महत्त्व रहने अवस्था छैन।

५. यी पीडिता जाहेरवालीलाई यी प्रतिवादीहरूले निजको श्रीमान्लगायत परिवारका अन्य कसैलाई पनि जानकारी नगराउने किसिमको सल्लाह दिई सोहीअनुसार दिल्लीसम्म पुर्‌याएको अवस्था छ । एउटी जवान महिला जसलाई घरपरिवारका कोही पनि मानिसलाई जानकारी नगराउने प्रपञ्च मिलाई अन्य कोही साथी बेगर एक्लै पटना लगी सलमान भन्ने व्यक्तिको जिम्मा लगाई दिल्ली पठाउने कार्यलाई सामान्य रूपमा लिन मिल्दैन । यी पीडितालाई प्रतिवादीहरूले दिल्लीमा के-कस्तो कामको लागि पठाउन खोजेको हो र पारिश्रमिक के-कति हुने कहीँकतै केही पनि खुलाएको देखिँदैन र सलमान भन्ने व्यक्तिको परिचय खुलाउन सकेको पनि देखिँदैन । प्रतिवादी विनोदले अनुसन्धानको क्रममा गरेको बयान हेर्दा पीडितालाई दिल्लीको होटलमा पुर्‌याइसकेपछि विनोदले यमबहादुरसँग पैसा माग गर्दा निजले निज बिक्री भएकी छैनन्, बिक्री भएपछि दिउँला भनी उल्लेख गरेको देखिन्छ । नियोजित रूपमा विदेश भारत पुर्‌याए पनि यी पीडितालाई के-कतिमा, को-कसलाई, के प्रयोजनको लागि बिक्री गरेको हो ? भनी बिक्री भएको देखिने वस्तुनिष्ठ आधार प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । जाहेरवालीले पनि आफूलाई बिक्री गरेको वा वेश्यावृत्तिमा लगाएको वा लगाउने प्रयत्न भएको भनी आधार कारणसहित स्पष्ट रूपमा भन्न सकेको अवस्था पनि देखिँदैन ।

६. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा कसूरका सम्बन्धमा निम्न व्यवस्था रहेको पाइन्छः-

दफा ३ मानव बेचबिखन र ओसार पसार गर्न नहुने: (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसूर गरेको मानिने छ ।

दफा ४(१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछः-

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।

दफा ४(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछः–

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

उपर्युक्त कसूरका सम्बन्धमा दफा १५ मा निम्नानुसार सजायको व्यवस्था गरेको देखिन्छः-

दफा १५. दण्ड सजाय: (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ ।

(ङ) बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई -

(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद

७. यसरी ऐ. ऐनको दफा ४(२)(क) बमोजिम किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजाने कसूरमा दफा १५(१)(ङ) बमोजिम र दफा ४(२)(ख) मा उल्लिखित शोषण गर्ने उद्देश्यले विदेश लगेको भए दफा १५(१)(च) बमोजिम सजाय हुने व्यवस्था भएकोमा सोबाहेकको तर दफा ४(२)(ख) को दायराभित्र पर्ने कसूर गर्नेलाई दफा १५(१)(छ) बमोजिम सजाय हुने छुट्टै व्यवस्था भएबाट विधायिकाले किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यबाहेक अन्य अस्पष्ट उद्देश्य हुनसक्ने अवस्थाको परिकल्पना गरेको र त्यस्ता कसूरलाई पनि दफा ४(२)(ख) अन्तर्गत नै राखेको देखिन्छ ।

८. यस अवस्थामा मिसिल संलग्न प्रमाणहरू एवं उपर्युक्त कानूनी व्यवस्थाको आधारमा पीडकहरूले के-कुन वर्गको अपराध गरेका हुन् वा प्रतिवादीहरूको पुनरावेदन जिकिरबमोजिम अपराध गरेकै होइनन् भन्ने विश्लेषण हुनु आवश्यक छ । प्रतिवादीका कानून व्यवसायीले पीडिता अदालतमा उपस्थित भई बकपत्र नगरेको कारण निज पीडिताको आरोप शङ्कास्पद भएको अवस्थामा शङ्काको सुविधा आरोपितले पाउनु पर्छ भनी मूल जिकिर राखी गर्नुभएको बहसतर्फ बिचार गर्दा एक प्रतिवादीले पीडितालाई निजको बासस्थलबाट उठाई नेपाल सरहद पार गराई भारत पुर्‍याएको, भारतीय भूमिमै अर्का प्रतिवादीलाई जिम्मा लगाएको तथा निजले पनि भारतको पटना पुर्‍याई अपरिचित व्यक्तिको जिम्मा लगाइएको तथ्य अदालतमा भएको बयानमा दुवै प्रतिवादीहरूले स्वीकार गरेको र उक्त साबिती बयानहरूको कडी एकअर्कासँग मिल्न आएबाट यी दुवै प्रतिवादीहरूको नियोजित कार्यको परिणामस्वरूप पीडिता नेपाल सरहद बाहिर अपरिचित व्यक्तिको नियन्त्रणमा पुगेको तथ्य स्थापित भएको अवस्था छ । यस अदालतले हरि मगर भन्ने तेजबहादुर रानामगर विरूद्ध नेपाल सरकार भएको (ने.का.प.२०६९, अङ्क ४, नि.नं.८८०४) जिउ मास्ने बेच्ने मुद्दामा "पीडितको मौकाको प्रमाणित बयानलाई अन्य प्रमाणहरूले सिलसिलाबद्ध रूपमा समर्थन गरेको अवस्थामा जिउ मास्ने बेच्ने मुद्दाकी पीडितले अदालतमा उपस्थित भई बकपत्र नगरेको कारणले मात्रै सो घटना नभएको र त्यसमा संलग्न प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउन नसक्ने । जीउमास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको मुद्दामा पीडित व्यक्तिले मौकामा गरेको बयान प्रमाणित गराउनुपर्ने कानूनी व्यवस्थाको खास प्रयोजन र महत्त्व हुन्छ । सो कुरालाई नजर अन्दाज गरी केबल पीडितको बकपत्रलाई मात्र कसूर स्थापित गर्ने प्रमाणको रूपमा हेरिनुपर्छ भन्ने सुत्रवत् मान्यता राख्नु न्यायोचित् र विवेकसम्मत् हुन नसक्ने" भनी गरेको व्याख्या यस मुद्दामा सान्दर्भिक देखिन आउँछ । यस अवस्थामा वेदबहादुर मगर विरूद्ध नेपाल सरकार भएको (ने.का.प.२०७६, अङ्क २, नि.नं.१०१९०) मानव बेचबिखन तथा ओसारपसार मुद्दामा "प्रमाणित बयान आफैँमा एक महत्त्वपूर्ण प्रमाणको रूपमा रहे तापनि सो बयान अन्य प्रमाणबाट समर्थित हुनुपर्ने अनिवार्यता देखिन्छ । तसर्थ, पीडितको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा सो प्रमाणित बयानलाई कसूरदार कायम गर्ने प्रयोजनार्थ महत्त्वपूर्ण प्रमाण भए तापनि त्यसलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न मिल्ने नदेखिने" भनी व्याख्या भए पनि प्रतिवादीले अदालतमै योजनाबद्ध रूपमा पीडितालाई भारत लगेको साबित भएपछि पीडिता अदालतमा उपस्थित नहुनुले अत्यधिक प्रमाणिक महत्त्व राख्ने अवस्था नदेखिँदा यो व्याख्या यहाँ सान्दर्भिक देखिँदैन । यसरी प्रस्तुत मुद्दामा पीडिताको जाहेरी व्यहोरा र निजको अदालतबाट भएको प्रमाणित बयान व्यहोरालाई प्रतिवादीहरूले गरेको बयान व्यहोरासमेतबाट समर्थन भइरहेको देखिएबाट यी पीडिता जाहेरवालीले अदालतमा उपस्थित भई जाहेरी व्यहोरा र अदालतबाट भएको प्रमाणित बयानलाई समर्थन हुने गरी बकपत्र नगरेको भन्ने एक मात्र आधारले मात्र वारदात भएको होइन भन्न मिल्ने देखिन आएन । अत: पीडिता बकपत्रको लागि अदालतमा अनुपस्थित भएको भन्ने एकमात्र कारण आरोपित व्यक्तिको उन्मुक्तिको आधार बन्न सक्ने देखिँदैन ।

९. अब कसूरको प्रकृति र कसूरको मात्रा सम्बन्धमा विचार गर्दा पीडिता जाहेरवालीको जाहेरी दरखास्तमा प्रतिवादीमध्येका विनोद ऋषिदेवले पूर्वपरिचित मानिसहरूमार्फत् विदेश पठाइदिन्छु भनेको व्यहोरा लेखाए पनि जाहेरीमै आफूसँग नागरिकता र पासपोर्ट नभएको भन्ने तथ्य खुलाएबाट वैधानिक रूपमा महिलाको लागि कुनै सम्मानजनक प्रकृतिको रोजगारीको लागि तेस्रो मुलुक (विदेश) लैजान खोजेको तथ्य पुष्टि हुन सकेको देखिँदैन । जाहेरवाली आफैँले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको प्रमाणित बयानमा बैंकबाट रू.२०,०००।- र घरमा रहेको रू.१०,०००।- समेत लिई विनोद ऋषिदेवसँग भारत जोगबनी गएको, त्यहाँबाट बसन्त भन्ने यमबहादुर परियारसँग बसमा पटना रेल्वे स्टेसनसम्म गएको र त्यहाँबाट अपरिचित व्यक्तिसँग दिल्ली गएको भनी लेखाएको पाइन्छ । यो पुरै घटनामा पीडिता आफैँ पनि राम्रो भविष्यको लागि कुनै राम्रो कामको अवसरको खोजीमा रहेको महसुस हुन्छ भने आफूलाई बिक्री गरेको वा बिक्री गर्ने प्रयत्न भएको, वेश्यावृत्तिमा लगाएको वा लगाउने कोसिस भएको वा शोषण भएको भनी भन्न सकेको अवस्था छैन । जाहेरी दरखास्तमा ती अपरिचित व्यक्तिले आफूलाई दिल्ली पुगेपछि प्रतिवादीहरूले बिक्री गरी गएको भनी अनुमान गरे पनि बयानमा आफू दिल्लीमा निज अपरिचित व्यक्तिसँग बसेको र मिति २०७०।५।५ गते बिहान उठ्दा निज व्यक्ति उक्त होटलमा थिएनन् भनी केही फरक प्रकृतिको बयान गरेबाट कसले कसलाई कुन अवस्थामा बिक्री गरेको वा गर्ने कोसिस भएको वा वेश्यावृत्तिमा लगाउन खोजिएको भन्ने सम्बन्धमा जाहेरवाली स्वयम् स्पष्ट हुन सकेको देखिँदैन । यस आधारबाट हेर्दा विराटनगरबाट जोगबनीसम्म पीडितासँगै जाने विनोद ऋषिदेव र जोगबनीबाट पटनासम्म पुर्‍याउने यमबहादुर परियारले यी पीडितालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१) को (क) वा (ख), ऐ. दफा ४(२) को (क) वा ऐ. दफा ४(२) को (ख) मा भएको "वेश्यावृत्तिमा लगाउने" वा "शोषण गर्ने उद्देश्यले" कुनै कार्य गरेको वस्तुनिष्ठ रूपमा पुष्टि भएको देखिएन । तर प्रतिवादीहरूको योजना तथा संलग्नतामा यी पीडितालाई विदेशमा राम्रो पैसा कमाइ हुन्छ भनी निजका श्रीमान् लगायत परिवारका कसैले पनि जानकारी नपाउने अवस्थाको सिर्जना गरी टंकिसिनवारीबाट विराटनगर, जोगबनी हुँदै पटनासम्म

परिचित मानिसका साथमा र पटनाबाट अपरिचित मानिसका साथमा दिल्ली पठाई निज अपरिचित मानिसले दिल्लीको एक होटलमा पुर्‍याई सो होटलकी महिलाको जिम्मा लगाउने काम भएको छ । निज पीडिताको सो होटलमा चिनजानको मानिस कोही पनि हुँदैन । दिल्लीमा भेट हुन्छ भनिएको बसन्त भन्ने यमबहादुर पटनादेखि नै बेपत्ता भएको अवस्था छ । निजलाई कुनै काम नदिई उक्त होटलमा बन्द कोठामा राखेको अवस्था छ । निज सो होटलको बन्दी कोठाको झ्यालबाट भागी नेपाल नआएकी भए भोलिका दिनमा निजलाई के काम लगाइन्थ्यो त्यो भन्न सकिने कुरा भएन । तर एक सक्रिय रूपमा काम गर्ने उमेरकी महिला अपरिचित मानिसका साथमा पटनाबाट दिल्लीसम्म जाँदा, दिल्लीको होटलमा बन्द कोठामा बस्नु पर्दा र सो कोठाबाट भागेर एक्लै नेपाल फर्कंदाको समस्या, पीडा, अन्यौलता, डर, त्रास, मानसिक असन्तुलन एवं खतराहरू आदिले सताएको अवस्थालाई शब्दमा उतार गर्न सकिने अवस्था छैन । यस्तो अवस्थाको विद्यमानता रहेकोले निज प्रतिवादीहरूको कार्यमा निज पीडितालाई ऐ. ऐनको फा ४(२)(ख) अनुरूप किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण नै गर्ने उद्देश्य स्पष्ट रूपमा नदेखिए पनि ती दुई अवस्थाका बाहेक अन्य कुनै पनि प्रकृतिको काम गर्ने गराउने उद्देश्यले विदेश भारत लगी अरू कसैलाई हस्तान्तरण गर्न ओसारपसार गरेको र यी पीडिता जोखिमपूर्ण परिस्थितिबाट भाग्यवश बाँचेर नेपाल फर्किएको पुष्टि हुन आएबाट यी प्रतिवादीहरू पूर्ण रूपमा निर्दोष रहेको मान्न मिल्ने अवस्था देखिँदैन ।

१०. अतः माथि विवेचित आधार कारणहरूबाट यी प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) ले यी पीडितालाई नेपालको सीमा पारी लगेकोमा साबित भएको तर बेचबिखन वा वेश्यावृत्तिमा लगाएको वा शोषण गर्ने उद्देश्य राखेको तथ्ययुक्त प्रमाणबाट पुष्टि नभए पनि अन्य अस्पष्ट बदनियतले मानव ओसारपसार गरी विदेशमा अपरिचित व्यक्तिलाई यी पीडिता हस्तान्तरण गरेको पुष्टि भएको अवस्थामा निज प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसूरमा ऐ. ऐनको दफा १५(१)(ङ)(१) बमोजिम जनही १५(पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।४।२० मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ४(२)(ख) अनुसारको कसूरमा दफा १५(१)(छ) बमोजिम जनही ८(आठ) वर्ष कैद सजाय हुने ठहर्छ । अभियोग दाबीबमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको र अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत विराटनगरको फैसला केही उल्टी भई प्रतिवादीहरू विनोद ऋषिदेव र बसन्त भन्ने यमबहादुर परियार (मोते) लाई जनही ८(आठ) वर्ष कैद हुने ठहरी फैसला भएकोले उक्त अदालतको फैसलाबमोजिम कसेको लगत कट्टा गरी यस फैसलाबमोजिमको कैदको लगत कसी असुल पर गर्नु भनी सुरू अदालतमा लेखी पठाइदिनू ----------१

फैसलाको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालय र थुनामा रहेका प्रतिवादीहरूसमेतलाई दिनू ----------२

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरे कानूनबमोजिम लाग्ने दस्तुर लिई दिनू ----------३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको प्रति विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ----------४

उक्त रायमा सहमत छु ।

न्या.प्रकाशकुमार ढुङ्गाना

इजलास अधिकृतः सीता अधिकारी

इति संवत् २०७७ साल असार १९ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

फैसला मिति : २०७७।३।१४
निर्णय नं. १०७०२
भाग: ६३ साल: २०७८ महिना: कार्तिक अंक: ७
फैसला मिति :२०७७/०३/१४ १०५६

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७३-CR-१५८१

पुनरावेदक / प्रतिवादी : जिल्ला बाँके, साबिक बागेश्वरी गा.वि.स. वडा नं. ५ हाल खजुरा गाउँ पालिका वडा नं. ३ घर भई हाल कारागार कार्यालय बर्दियामा कैदमा रहेको कल्पना भण्डारीसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : दलित महिला उत्थान सङ्घ बर्दियाको महासचिव खिमा वि.क.को जाहेरीले नेपाल सरकार

०७३-CR-१५८२

पुनरावेदक / प्रतिवादी : जिल्ला बाँके, बागेश्वरी गा.वि.स. वडा नं. ९ एफ गाउँ घर भई हाल कारागार कार्यालय दैलेखमा कैदमा रहेको राजेन्द्र प्रताप सिंह ठकुरी

विरूद्ध

प्रत्यर्थी / वादी : दलित महिला उत्थान सङ्घ बर्दियाको महासचिव खिमा वि.क.को जाहेरीले नेपाल सरकार

फैसला

न्या.ईश्वरप्रसाद खतिवडा : न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम पर्न आएको प्रस्तुत पुनरावेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

हामीहरूको संस्था दलित महिला उत्थान सङ्घ बर्दियाको सहयोगमा भारत नेपालको सिमा क्षेत्रहरूमा मानव बेचबिखन सूचना केन्द्र खोलिएको हुँदा उक्त सूचना केन्द्रमा म जाहेरवालीसमेत भएको अवस्थामा सङ्केत नं. ६६ कालिका –१ "च", कालिका –२ "ट", कालिका –३ "त", कालिका –४ "प", कालिका –५ "य" समेत जना ५ लाई मिति २०७२/०१/२२ गते साँझ १८:४५ बजेको समयमा अरबिन्द कुमार गौर, कल्पना भण्डारीसमेतले जिल्ला बर्दिया कालिका गा.वि.स. अन्तर्गत रहेको नेपाल भारतको सिमानाबाट भारततर्फ लैजाँदै गरेको र उक्त कुरामा विपक्षीमध्ये राजेन्द्र प्रताप सिंह ठकुरी, धनन्जयकुमार गौरसमेतले लैजान सहयोग गरी ५ जना पीडितहरूलाई लैजाने क्रममा थाहा पाई इलाका प्रहरी कार्यालय, मैनापोखर बर्दियाको गस्ती टोली र दलित महिला उत्थान सङ्घको नेपाल भारतको सीमा नाकामा बस्ने मसहितको टोलीको सहयोगमा प्रतिवादी कल्पना भण्डारी र अरबिन्द्र कुमार गौरसहित पीडित ५ जनालाई उद्धार एवं पक्राउ गरी बुझाएका हौं । विपक्षीहरूले पीडितलाई विभिन्न लोभ-लालच देखाई उमेर नपुगेका आफ्नो निर्णय आफैँ गर्न नसक्ने पीडितहरूलाई अभिवावकको मन्जुरीबिना आफ्नो बसिरहेको घरबाट छुट्याई गलत नाकाको प्रयोग गरी नेपालभन्दा बाहिर भारत लगी बेच्ने उद्देश्यका साथ भारततर्फ लैजाँदै गरेको देखी पीडितहरूलाई बुझ्दा उक्त कुराहरू प्रस्ट हुन आएको हुँदा निज पक्राउ भएका वा नभएका विपक्षीहरूलाई पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर अपराधमा कानूनी कारबाही गरिपाउँ भन्ने जाहेरी दरखास्त ।

प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरीसँग चिनजान थियो । प्रतिवादी कल्पना भण्डारीलाई मिति २०७२/०१/२२ गते कोहलपुरमा चिनजान भई भारतको पूर्वी वाईपास रूद्रपुरमा रहेको डि.के. प्रेमी साँस्कृतिक डान्स क्लबमा दैनिकी रू.१,०००।– नेपाली रूपैयाँ दिने भनी ल्याई आई कालिका गा.वि.स. अन्तर्गत भारतबाट आएका प्रतिवादी अरबिन्दकुमार गौरसमेत भई अवैध चोरी बाटोबाट मसमेतलाई लैजान लागेको अवस्थामा उद्धार गरी ल्याएका हुन् भनी पीडित सङ्केत नं. ६६ परिवर्तित नाम कालिका – ५ "य" ले गरेको बयान कागज ।

प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरीलाई पहिल्यैदेखि चिन्छु । हाल मसमेतलाई ल्याई आउने कल्पना भण्डारी, राजेन्द्र प्रताप सिंह ठकुरीको क्लबमा गई भारतमा डान्सको लागि मान्छे मागेको छ, दैनिक ज्याला रू.१,०००।– नेपाली पाउँछौ भनी कुरा गरेपश्चात् जाने भए जाउ भनी राजेन्द्र सरले भनेपछि कल्पना भण्डारीसँगै साथ लागेर आउँदै गर्दा कालिका गा.वि.स. स्थित अरबिन्द कुमार गौरसँग भेट भई सँगै वैध बाटो नलगी चोरी नाकाबाट लैजान लागेको अवस्थामा उद्धार गरी ल्याएका हुन् । निज प्रतिवादीहरूले यसरी अवैध बाटो लान खोज्नुको मनसाय मलाई थाहा भएन भनी सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–४ "प" ले गरेको बयान कागज ।

प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरी मेरो डान्स मास्टर हो । उक्त वारदातको दिन मलाई फोन गरी बोलाई म घरबाट कोहलपुर आएपछि तिमी जस्तै अरू केटीहरू पनि भारतमा डान्स गर्न जान लागेका छन्, त्यहाँ एउटा क्लब छ, डान्स गरेबापत राम्रो पारिश्रमिक दिन्छ, त्यसैले मेरो एकजना केटी साथी कल्पना भण्डारी छिन्, उनीसँगै जाउँ भन्नुभयो । त्यो बेलामा कल्पना भण्डारी त्यहीँ हुनुहुन्थ्यो । उहाँले पनि भारतमा मेरो सम्पर्कमा राम्रो डान्स क्लब छ, त्यहाँ गएर डान्स गरेपछि धेरै पैसा कमाई हुन्छ भनी ललाई फकाई गरेपछि मसहित ५ जना पीडितहरूलाई कल्पना दिदीले ल्याउनु भई बर्दिया कालिका गा.वि.स.अन्तर्गत आई पुग्दा भारतीय नागरिक अरबिन्द कुमार गौरसँग भेट भई सँगै नेपालबाट भारत जाने क्रममा फेला पारी उद्धार गरी ल्याएका हुन् भन्ने सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–३ "त" ले गरेको बयान कागज ।

प्रतिवादी अरबिन्दकुमार गौरसँग कहिल्यै चिनजान थिएन । प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरीले कल्पना भण्डारीसँग चिनजान गराई एक दिनको डान्स गरेबापत रू.१,०००।– नेपाली दिने भनेर मलाई मिति २०७२/०१/२२ गते भारततर्फ अवैध बाटो प्रयोग गरी कालिका गा.वि.स. अन्तर्गत चोरी भन्सार नाकाबाट लैजाने क्रममा फेला पारी ल्याएका हुन् भन्ने सङ्केत नं.६६ परिवर्तित नाम कालिका–२ "ट" को बयान कागज ।

प्रतिवादीमध्येका राजेन्द्र प्रताप सिंह ठकुरीले मलाई फोन गरी बोलाई जाँदा साथमै लगी कोहलपुर पुग्दा कल्पना भण्डारीलगायत मेरा साथी पीडितहरू जम्मा बनाई भारतमा डान्स गर्न जाने भए तयार हौ भनी मसहित पाँच जना पीडितहरूलाई भारतीय नागरिक अरबिन्द कुमार गौरसँग भेट भएर जाने क्रममा कालिका गा.वि.स. वडा नं. थाहा भएन, नेपाल भारत सीमाअन्तर्गतबाट भारत जानेक्रममा हामीहरूलाई सोधपुछको लागि ल्याई आएका हुन् । गलत बाटो प्रयोग गरी लैजान लागेको हाल थाहा पाएकी हुँ भन्ने सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–१ "च" ले गरेको बयान कागज ।

मेरो पेसा डान्स गर्ने भएको हुँदा म डान्स गर्ने मानिसहरूलाई बाहिर देश भारत लैजान्थे । सबैभन्दा पहिला भारत जाँदा कालिका गा.वि.स. वडा नं.३ बस्ने विष्णु चौधरीसँग सरसल्लाह गरी मसहित ४ जना नेपालबाट भारत गई देबरिया पूर्वी वाइपासमा धनन्जयकुमार गौरले सञ्चालन गरेको डि.के. साँस्कृतिक क्लबमा गई बसी विष्णु चौधरी र म घरमा आएका थियौं । प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरीसँग पनि राम्रो चिनजान भएको हुँदा वारदात मितिको बिहान म घरमा नै भएको बेला भारतीय नागरिक प्रतिवादी धनन्जयकुमार गौरले मेरो मोबाइलमा फोन गरी केटीहरू जम्मा गरी ल्याई आउ भनेपछि विष्णु चौधरीले पनि मलाई फोन गरिन् । म तालिममा छु, कोही पाइन्छ भने लिएर जाउँ, धनन्जयकुमार गौरले मलाई फोन गरेको थियो भनी कुरा सुनाउँदा मैले राजेन्द्र प्रताप सिंह ठकुरी सरलाई फोन गरी केटीहरू पाइन्छन् पठाइदिनुपर्‌यो भनी कुरा गर्दा सङ्केत नं.६६ कालिका–१ "च" लाई मोटरसाइकलमा राखी ल्याए । निजसँग मेरो चिनजान थिएन । पुनः राजेन्द्र सरले फोन गरेर कालिका–२ "ट", कालिका–३ "त", कालिका–४ "प", कालिका–५ "य" लाई बोलाई निजहरू आउँदा म आफू अपरिचित हुँदा मलाई परिचित बनाई लगी जाउँ भनी ५ जना पीडितलाई साथमा ल्याई कालिका गा.वि.स. अन्तर्गत विष्णु चौधरीको घरमा आउँदा प्रतिवादी भारतीय नागरिक अरबिन्दकुमार गौर आई बसेका थिए । सोधपुछ गर्दा धनन्जयकुमार गौरले नेपालमा गई कल्पना भण्डारीको साथमा आएका केटीहरूलाई ल्याई आउनु भनी पठाएको हुँदा म आएको हुँ भनी कुरा गर्दा म र उल्लिखित प्रतिवादी अरबिन्द कुमार गौरसहित ५ जना पीडितहरू साथमा लगी नेपाल भारत सीमानजिकै जाने क्रममा भारततर्फ लैजाने नेपाल सरकारको प्रमाणित कागज नभएको हुँदा अवैध बाटो प्रयोग गरी चेकजाँच नहोला भनी सोची लैजाँदै गर्दा पक्राउ परेकी हुँ भन्ने प्रतिवादी कल्पना भण्डारीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज ।

प्रतिवादी धनन्जयकुमार गौरले सञ्चालन गरेको डि.के.साँस्कृतिक प्रेमी क्लब भारतमा कामकाज एवं रोजगार गरी बस्ने हुँदा नेपालबाट केटी लगेबापत प्रतिदिनको रू.५००।– भारू कमिसन पाउँथे । उक्त क्लबमा काम गर्ने कालिका गा.वि.स. बस्ने विष्णु चौधरीसँग चिनजान थियो । कल्पना भण्डारीले केटीहरू ल्याएर नेपालको कालिका भन्ने ठाउँमा आउँदैछन् ल्याई आउनु भनी धनन्जयकुमार गौरले पठाएको हुँदा कल्पना भण्डारीसँग चिनजान भयो । सबै मिली जाउँ भनी साँझको अवस्थामा भारत जाने भनी नेपाल भारतको सीमातर्फ जाँदै गर्दा कुनै कागजपत्र नभई अवैध बाटो प्रयोग गरी चेक जाँच नहोला भनी जाने क्रममा पक्राउमा परेको हुँ भन्ने प्रतिवादी अरबिन्दकुमार गौरको अनुसन्धान अधिकारीसमक्षको बयान कागज ।

वारदात मिति र समयको बिहान म आफ्नै घरमा थिएँ। म टिचिङ काम गर्दछु, संगीत डान्स क्लबमा पनि काम गर्दछु। जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूलाई राम्रोसँग चिन्छु । उक्त मितिको बिहान मेरो मोबाइलमा कल्पना भण्डारीले फोन गरी केटीहरू छन् भनी फोन गर्दा म आउँदै छु भनी फोन राखी सङ्केत नं.६६ परिवर्तित नाम कालिका–१"च" लाई आफ्नो साथमा लिई गई कोहलपुर पुग्दा कल्पना भण्डारीसँग भेटी कुराहरू हुँदा भारतबाट डान्स क्लबमा काम गर्ने केटीहरूको माग भएको छ, केटीहरू चिन्नु भएको छ भने फोन गरेर बोलाउनुहोस् भनिन् । सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–२"ट", कालिका–३"त", कालिका–४ "प", कालिका–५"य" समेत ५ जनालाई जम्मा गरी निज कल्पना भण्डारीलाई सोधपुछ गरी कहाँ कुन ठाउँमा लैजाने हो भन्दा निजले भारतमा हाम्रो प्रोग्राममा पुर्‍याएपछि प्रति व्यक्ति रू.१,०००।– नेपाली पाउँछिन्, हामीले दिने व्यवस्था मिलाउँदछौं, यसभन्दा पहिला पनि २ पटक लगिसकेको छु, कुनै फरक पर्दैन भन्दा त्यसपछि मैले इजाजत कागज छ, छैन भनी सोध्दा हामी रातिको समय मिलाई कालिका बर्दियाको नाकाबाट लैजाँदा कसैले चेकजाँच गर्दैन, भारतबाट मानिस कालिकासम्म लिन आइहाल्छ भनेपछि मैले बोलाएका ५ जना पीडितहरूलाई कल्पना भण्डारीको जिम्मा लगाई पठाएको थिएँ । निज कल्पना भण्डारीले ज्याला मजदुरी रू.१,०००।– रूपैयाँ नेपाली दिने गरी लग्दछिन्, केही आफूले कमिसन खान्छिन् भन्ने कुरा गोप्यमा बुझेको थिए । निजले उक्त मितिमा पीडितहरू लगेपश्चात् उल्लिखित वारदात मिति र समयमा कालिका गा.वि.स. को वडा एरियाबाट भारततर्फ जाँदै गर्दा निज प्रतिवादी र पीडितहरू पक्राउ परे भन्ने कुरा थाहा पाएको हुँ भन्ने बेहोराको प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरीको अनुसन्धान अधिकारीसमक्षको बयान कागज ।

प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरी मेरो गाउँका चिनजानका दाजु भाइ पर्दछन् र कल्पना भण्डारीसँग पनि सामान्य चिनजान भएको थियो । प्रतिवादी भारतीय नागरिक अरबिन्दकुमार गौर र धनन्जयकुमार गौरलाई चिन्दिन । निज मेरी छोरी पढ्न लेख्न छोडी सकेकोले प्राय: घरमा बस्ने यताउता घुम्न पनि जाने गर्दथिइन् । उल्लिखित वारदातको दिन आमा म राजेन्द्र सरको सम्पर्कबाट कल्पना दिदीसँग नाच गर्न जान्छु भनेर सोधेकी थिइन्, राम्रै कार्यक्रम होला भनी सोचेर कहाँ कता जाने हो, राम्रोसँग आउनु भनी भनें । तर निज प्रतिवादीहरूले छोरीलाई भारततर्फ लैजान लागेको भन्ने थाहा भएन । निज परिचित तथा अपरिचित प्रतिवादीहरूले मेरो छोरीको बारेमा कुनै सरसल्लाह सुझाव छलफल गरेनन् । जिल्ला बर्दिया कालिका गा.वि.स. अन्तर्गत नेपाल भारत सिमानामा पर्ने बलई गाउँ जाने नाकाको बाटोमा पक्राउ परी सोधपुछको लागि प्रहरी कार्यालयमा छन् भन्ने सुनी थाहा पाई आउँदा देखें। यसरी अल्लारे केटीहरूलाई अभिभावकको मन्जुरीबिना भारततिर लैजाने पठाउने व्यक्तिहरूलाई कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने सङ्केत नं.६६ परिवर्तित नाम कालिका–१"च" की आमा "छ" ले गरेको घटना विवरण कागज ।

वारदातको मिति र समयमा म आफ्नै घरमा नै थिएँ । प्रतिवादीमध्येका कोही कसैलाई चिन्दैन । मेरी छोरी कालिका–२"ट" लेख्न पढ्नको लागि कोहलपुरमा डेरा गरी बसेकी थिइन् । को-कस्ले के प्रलोभनमा पारी के-कुन ठाउँमा के कामकाजको लागि लैजान लागेको हो मलाई थाहा भएन । वारदात मिति र समयमा जिल्ला बर्दिया कालिका गा.वि.स. वडा नं.८ स्थित नेपाल-भारतको सिमानामा भारततर्फ लगिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय मैनापोखरले ल्याई राखेको छ भन्ने जानकारीपश्चात् आउँदा मेरी छोरीसहित प्रतिवादीहरूलाई देखी भेटी थाहा पाएको हुँ । अल्लारे छोरीहरूलाई मसँग सर-सल्लाह खबर नगरी लग्ने लैजाने, फकाई-फुलाई गर्ने, अभिभावकसँग छली भारत पठाउने, लैजानेउपर कडाभन्दा कडा कारबाही होस् भन्ने सङ्केत नं.६६ परिवर्तित नाम कालिका–२"ट" को बुबा "ठ" ले गरेको घटना विवरण कागज ।

प्रतिवादीमध्येका राजेन्द्र प्रताप सिंह ठकुरीलाई राम्रोसँग चिन्दछु । अन्य कोही कसैलाई चिन्दिन । मेरी छोरी कालिका–३"त" ले नेपालगन्ज सरसँग नाचगान गर्न जान्छु भनी भनेको हुँदा समयमा आउनु भनी भनेकी थिएँ। तर निज सरले जिम्मा लगाएर भारत पठाउने भन्ने कुरा मलाई थाहा थिएन । मेरी छोरी एकैचोटी कल्पना भण्डारी, राजेन्द्र प्रताप सिंह ठकुरी, अरबिन्दकुमार गौर, धनन्जयकुमार गौरको संलग्नतामा भारत लैजाँदै गरेको अवस्थामा फेला परे भन्ने जानकारीपश्चात् म तत्काल आउँदा प्रतिवादीहरूलगायत केही केटीहरूसहित मेरी छोरी देखें। लिन जाने, पठाउने सबैलाई देखी भेटी यथार्थ घटनाको बारेमा थाहा पाएकी हुँ। यसरी अभिभावकसँग केही पनि सर-सल्लाह, सोधपुछ नगरी लैजानेहरूलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने सङ्केत नं.६६ कालिका–३"त" की आमा "थ" को घटना विवरण कागज ।

वारदात मितिको समयमा म आफ्नो घरमा नै थिएँ । निज प्रतिवादीहरूमध्ये कोही कसैलाई चिन्दिन । मेरी छोरी कालिका–५"य" कोहलपुरमा कक्षा १२ मा पढ्दै छिन, आफू अनपढ भएकाले छोरीहरूलाई पढाउन लेखाउन सहर पठाइन्छ, कहाँ जान्छिन् के गर्दछिन् त्यति थाहा भएन । निज प्रतिवादीहरूले मेरी छोरीलाई कहाँ भेटे, के गरे मलाई केही थाहा भएन । निज प्रतिवादीहरूले यसरी मलाई थाहा नै नदिई मेरी अल्लारे उमेरकी छोरीलाई ललाई-फकाई पैसाको प्रलोभन देखाई भारत लैजान लागेको अवस्थामा उद्धार गरी राखेको भन्ने थाहा पाएँ। यसरी बिनामन्जुरी लैजाने पठाउने प्रतिवादीहरूउपर कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–५"य" की आमा "र" ले गरेको घटना विवरण कागज ।

उक्त वारदात मिति र समयमा म आफ्नै घरमा नै थिएँ । उल्लिखित प्रतिवादीहरूसँग चिनाजानी, देखा भेटी, पूर्वारिसइवी केही पनि थिएन । मेरी छोरी सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–४ "प" माइती घरमा आई उक्त वारदातको दिन पोइली घरमा जान्छु भनेकाले कुनै रोकछेक नगरी आफ्नो घरमा जावस् भनी पठाएकी थिएँ । गई होली भनी ढुक्क भएकी थिएँ । एकैपटक प्रहरी कार्यालयबाट फोन आई जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूले नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा सोधपुछ गरी यस कार्यालयमा छौं भन्ने प्राप्त खबरपश्चात् आउँदा मेरी छोरीलगायत पीडित केटीहरूलाई भारततर्फ लैजाने प्रतिवादीहरूलाई देखी भेटी सोधी थाहा पाएँ । यसरी अपरिचित व्यक्तिहरूले केही सल्लाह सुझाव नगरी मेरो छोरीलगायत अल्लारे किसिमका केटीहरूलाई बोलाई ललाई-फकाई सम्पर्कमा ल्याई रूपैयाँ पैसाको प्रलोभनमा पारी भारततर्फ लैजान खोज्ने निज प्रतिवादीउपर कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने सङ्केत नं. ६६ परिवर्तित नाम कालिका–४"प" की आमा "फ" ले गरेको घटना विवरण कागज ।

Patient is complaining pain in Lt. forehead, Rt. eye and back of chest. but in the physical examination no any external wound injuries trauma is seen भन्ने प्राथमिक स्वास्थ्य केन्द्र सोरहवा बर्दियाको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मेरो पेसा गेम खेल्ने, डान्स गर्ने भएको हुँदा डान्स क्लबमा गई भारतका विभिन्न ठाउँहरूमा जाने क्रममा प्रतिवादी धनन्जयकुमार गौरसँग चिनजान भएको हुँदा मैले नेपालबाट केही समय पहिला केटीहरू लगी गएँ । त्यसपछि नेपाल आई डान्स गर्ने क्रममा प्रतिवादी कल्पना भण्डारीसँग पनि चिनजान भएपश्चात् हामी दुवै मिली मैले २ वटा र कल्पना भण्डारीले ३ वटा केटी लगी गयौं । फेरी घरमा आयौं, जाँदा आउँदा कालिका गा.वि.स. अन्तर्गतको अवैध बाटोबाट जाने गर्थें । त्यसपछि म घरमा नै बसी सङ्घ संस्थाको कामतिर लागें । हालैको मिति थाहा भएन । प्रतिवादी धनन्जयकुमार गौरले मलाई फोन गरी केटीहरू पाइन्छन् भने ल्याई आउ भनी कुरा गरेपश्चात् म तालिममा भएको र मेरो साथी कल्पना भण्डारीसँग कुरा गर्छु, भए पठाइदिन्छु भनी फोन राखेको र कल्पना भण्डारीलाई फोन गरेर मैले धनन्जयले मलाई फोन गरेका थिए, म तालिममा छु, केटी पाइन्छन् भने लिएर जाउ भनी म आफ्नो काममा व्यस्त भएँ । कल्पना भण्डारी र चिनजानकै प्रतिवादी अरबिन्दकुमार गौरसमेतले उल्लिखित पीडित ५ जनालाई लैजाने क्रममा बर्दिया जिल्ला कालिका गा.वि.स. अन्तर्गत सीमाबाट पक्राउ परे भन्ने कुरा थाहा पाएकी हुँ भन्ने प्रतिवादी विष्णु चौधरीको अनुसन्धानको क्रममा भएको बयान कागज ।

वारदात मिति र समयमा म दलित उत्थान महिला सङ्घ गुलरिया, बर्दियामा रहेको कार्यालयमा थिएँ । केही वर्षअगाडिदेखि नै उक्त कार्यालयमा रही हाल कार्यक्रम संयोजकको रूपमा जिम्मेवारी पाएकी छु । आफ्नो काम, कर्तव्य मानव बेचबिखन तथा नियन्त्रण मानव अधिकारको संरक्षण भएको हुँदा हाम्रो कार्यालयबाट दैनिक भन्सार नाकालगायत चोरी निकासी पैठारी गर्ने सीमाहरूमा पनि ड्युटी बस्ने कर्मचारीहरू पठाइन्छ । दिन-रात भए गरेको प्रगति कार्यालयमा आइरहन्छ । उक्त वारदात मिति र समयमा कालिका गा.वि.स. अन्तर्गत नाकाबाट पीडितहरूलाई प्रतिवादीहरूले आन्तरिक सर-सल्लाह गरी अवैध बाटोबाट भारत लगिरहेको अवस्थामा फेला परे भन्ने जानकारीपश्चात् पीडितहरूलाई उद्धार गर्न लगाउन र प्रतिवादीहरूलाई पक्राउ गर्न भनेका थियौं । उक्त वारदात भए गरेको मलाई थाहा छ । यसरी अभिभावकको मन्जुरी नलिई चोरी बाटोबाट रातको समय मिलाई नेपालबाट भारत लैजाने ओसारपसार तथा बिचबिखन गर्ने निज प्रतिवादीउपर कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने बिमला के.सी. ले गरेको घटना विवरण कागज ।

वारदात मिति र समयमा नेपाल भारतको सिमाना कालिका गा.वि.स. वडा नं.८ सीमामा ड्युटी लिई बसेको थिएँ । पीडित र प्रतिवादीहरूसँग देखा भेटी पूर्वारिसइवी चिनजान केही पनि थिएन । म केही वर्ष अगाडिदेखि दलित महिला उत्थान सङ्घमा कार्यरत रही मानव बेचबिखन ओसारपसार तथा मानव अधिकार संरक्षणमा काम गरी सीमा नाकाहरूमा चोरी निकासी गर्ने अवैध बाटोमा ड्युटी लिँदै बस्ने गरेको हुँदा उक्त दिन आफ्नो ड्युटी गरिरहेको अवस्थामा प्रतिवादी कल्पना भण्डारी र अरबिन्दकुमार गौरले पीडितहरू जाहेरी दरखास्तमा उल्लिखित ५ जनालाई नेपालबाट भारत लगिरहेको अवस्थामा म बसेको ठाउँमा आइपुग्दा सबैलाई रोकी सोधपुछ गर्दा कल्पना भण्डारी, अरबिन्दकुमार गौर, राजेन्द्र प्रताप सिंह ठकुरी, धनन्जयकुमार गौरबिचमा आन्तरिक सर-सल्लाह भई पहिला अपरिचित हाल चिनजान भएका पीडितहरूलाई लैजाउ भनी ल्याई आएका हौं । भारतबाट आएका अरबिन्दकुमार गौर पनि मसँगै छन् भनी प्रतिवादी कल्पना भण्डारीले भनेपछि यसरी निषेध गरेको बाटोबाट भारतमा जान पाइँदैन भनी प्रहरीलाई खबर गरी पीडितहरूलाई उद्धार एवं प्रतिवादीहरूलाई पक्राउ गर्न लगाई प्रहरीलाई बुझाएका हौं । यसरी अवैध बाटो प्रयोग गरी मानव ओसारपसार गर्नेउपर कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने रमाकुमारी टमटाको कागज र सो कागजसँग करिब करिब एकै मिलान हुने गरी गोर्खबहादुर खड्काले गरेको घटना विवरण कागज ।

वारदात मिति र समयमा म आफ्नो घरमा नै थिएँ । घटनास्थल मेरो घरनजिकै पर्ने भएको हुँदा उल्लिखित स्थानमा केही मानिसहरूको होहल्ला सुनी म तत्काल जाँदा कालिका–१"च" कालिका–२ "ट", कालिका–३ "त", कालिका–४ "प", कालिका–५ "य" लाई प्रतिवादी कल्पना भण्डारी र अरबिन्दकुमार गौरले नेपालबाट भारत लैजान लागेको र प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरी र धनन्जयकुमार गौरको हामीबिचमा कुरा भई अवैध बाटोबाट आउनु भनी ल्याई आएको हौं भनी उक्त ठाउँमा जम्मा भएका दलित

महिला उत्थान सङ्घ गुलरिया, बर्दियाका कर्मचारी र प्रहरी प्रशासनबाट सोधपुछ हुँदा प्रतिवादीहरूले भनेको सुनी थाहा पाएको हुँ। मैले पनि पीडितहरूलाई तपाईंहरू आमा बुबा संरक्षक कोही नभई अर्काको साथमा अवैध बाटोबाट जान हुँदैन थियो भनी सम्झाई बुझाई गरेँ। त्यसपछि पीडित र प्रतिवादीहरूलाई प्रहरीले लिई गएको देखेकी हुँ। हाल कालिका गा.वि.स. वडा नं.३ बस्ने विष्णु चौधरी पनि पक्राउ परिन् भन्ने कुरा सुन्दा के भएको रहेछ भनी बुझ्दा धनन्जयकुमार गौर र कल्पना भण्डारीसँग आन्तरिक कुराकानी मिलाई पीडितहरूलाई लैजान सहयोग सर-सल्लाह मिलाउने विष्णु चौधरी भएको भन्ने बुझेँ यसमा आन्तरिक सर-सल्लाह मिलाउने, लैजाने, बोलाउने, प्रलोभन देखाउनेहरूलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने रत्ना क्षेत्री, लालसिंह कामी, टेकबहादुर राना मगरसमेतको करिब एकैमिलानको छुट्टाछुट्टै घटना विवरण कागज।

फरार प्रतिवादी धनन्जयकुमार गौरलाई खोजतलास गर्दा हालसम्म पनि फेला नपरेको भन्ने प्रहरीको प्रतिवेदन।

अनुसन्धानका क्रममा बुझिएका पीडितका अभिभावकहरू सङ्केत नं.६६ कालिका–१"छ", कालिका–२"ठ", कालिका–३"घ", कालिका–५ "र", कालिका–४"फ" लगायत दलित उत्थान सङ्घमा आवद्ध विमला के.सी., पीडितहरूलाई नेपाल भारत सिमाना पुर्‍याएका अवस्थामा देख्ने सहयोगी सोही सङ्घमा आवद्ध रमाकुमारी टमटा, गोर्खबहादुर खड्काले हो-हल्ला सुनी प्रतिवादीहरू पक्राउ पर्दा थाहा पाई सो ठाउँमा जाने रत्ना क्षेत्री, लालसिंह कामी, टेकबहादुर राना मगरले प्रस्तुत वारदातबारे प्रतिवादीहरूले पीडितहरूको अभिभावकसँग सर-सल्लाह नगरी थाहा नदिई पीडितहरूलाई लोभ-लालचमा पारी अवैध बाटोबाट भारततर्फ लैजान लागेको, पीडितहरूलाई डान्स गरेबापत दैनिक रू.१,०००।– पाउने लोभ-लालच प्रलोभन देखाई विदेश भारतमा लगी बेचबिखन गर्ने उद्देश्यले मिति २०७२/०१/२२ को साँझ अँध्यारो भइसकेपछि चेक जाँच तथा पक्राउ नपर्ने अरूले थाहा नपाउने अनुकूल समय र मौका मिलाई योजनावद्ध किसिमबाट प्रतिवादीहरू कल्पना भण्डारी, अरविन्दकुमार गौरले पीडितहरूलाई साथमा लिई कालिका गा.वि.स. अन्तर्गत वडा नं.८ स्थित नाकाबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा पीडितहरूको उद्धार गरी प्रतिवादीहरू पक्राउ परेको हुँदा प्रतिवादीहरू कल्पना भण्डारी, अरविन्दकुमार गौर, विष्णु चौधरी र राजेन्द्र प्रताप सिंह ठकुरीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(२)(क) को कसुर अपराध गरेकाले निजहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १५(पन्ध्र) वर्षदेखि बिस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवानाको सजाय हुन, ऐ.दफा १७ अनुसार पीडितलाई क्षतिपूर्ति भराइदिन तथा ऐ.दफा २२ अनुसार प्रतिवादीहरूले नैतिक पतन देखिने फौजदारी कसुर गरेको ठहर गरी पाउन र जाहेरवालालाई पुरस्कार दिलाई पाउन भन्नेसमेत बेहोराको अभियोगपत्र।

बाँके जिल्लाको खजुरा भन्ने ठाउँमा रहेको डि.के.डान्स कला केन्द्रले भारतको गोरखपुर, रूद्रपुरलगायतका स्थानमा विवाह व्रतबन्ध, मुण्डनसमेतका कार्यक्रममा नृत्य प्रदर्शनका लागि डि.के. डान्स कला केन्द्रले भारतको गोरखपुरमा रहेको डि.के.डान्स सांस्कृतिक रङ्गमञ्चमार्फत पठाउने गर्छ । सोही क्रममा कलाकारहरू लिई म पनि पटक-पटक भारतमा गई विवाहलगायतका कार्यक्रममा कलाकारहरू लिएर जाने आउने गर्छु, विवाहको लगन हुने समयमा एक डेढ महिना गोरखपुरमै बसी नृत्य प्रदर्शन गर्ने गर्दथ्यौं । त्यहाँ रहँदा बस्दा खाने बस्ने व्यवस्था रङ्गमञ्चले नै गर्ने र नृत्य प्रदर्शन गरेबापत जनही नेपाली रू.१,०००।– उक्त रङ्गमञ्चले हामीलाई दिने गर्दथ्यो । गाउँघरमा समेत साँस्कृतिक कार्यक्रम र नृत्य चलाउँथ्यो । यसै क्रममा धनन्जय गौर आएको अवस्थामा निजले हाम्रो नृत्य राम्रो मानी हामीलाई गोरखपुर लैजान आग्रह गरेकाले पहिलो पटक यसै मुद्दाकी प्रतिवादी कल्पना भण्डारी र मसमेत गरी पहिलो पटक भारतको गोरखपुर गएका थियौं । त्यसपछि धनन्जय गौर र अरविन्द गौर भारतबाट नेपाल आउने र म एवं प्रतिवादी कल्पना भण्डारीसँग सम्पर्क गरी हामीले कलाकारहरू खोजी अभिभावकको मन्जुरीले भारतमा नृत्य कार्यक्रममा पटकपटक जाने आउने गर्दथ्यौं । जाहेरीमा उल्लिखित मितिमा अरविन्द गौरसँग फोनमा सम्पर्क भएको थियो । सोअनुसार कलाकारहरू बलेगाउँ हुँदै गोरखपुर लैजाने क्रममा निजहरू पक्राउ परेका रहेछन् । मानव बेचबिखन तथा ओसारपसार गरेको भन्ने झुठ्ठा हो । पीडित भनिएकाहरूलाई नृत्य कार्यक्रमका लागि लगिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी विष्णु चौधरीले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बयान।

डि.के.डान्स कला केन्द्र खजुरा बाँकेमार्फत प्रोग्रामको सिलसिलामा नेपालका विभिन्न ठाउँ तथा भारतको गुजरात, अहमदाबाद, गोरखपुर, लखनउ जस्ता शहरहरूमा डान्सको कार्यक्रम लिएर पटकपटक जाने आउने गरेका छौं। यसपटक पनि सोहीअनुसार गोरखपुरको देवरिया भन्ने ठाउँमा धनन्जयकुमार गौरले बोलाएकोले हामी जाँदै थियौं, शंका गरी हामीलाई पक्राउ गरी मुद्दा चलाई दिएको हो। पीडितहरूलाई अभिभावकको मन्जुरीले डान्स कार्यक्रममा जान राजी भई लिएर गएका हौं। पीडितहरू गाना गाउने, नाच्ने कलाकार भएको र भारतको गोरखपुरबाट कलाकारको माग भएकोले हामीहरूले पीडितहरूलाई निजहरूका डान्स टिचरको समेत सहमति लिई जाने क्रममा पक्राउ परेका हौं। मानव बेचबिखनको लागि लिएर जान लागेको नभई डान्सको लागि लिएर जाँदै थियौं। जाहेरीको मितिमा कोहलपुरबाट आई कपडा मिलाउँदा ढिला भइसकेकोले २:०० बजेको ट्रेन छुटेकोले राति १०:०० बजेको ट्रेनमा जान भारतबाट १ जना कलाकार अरविन्द गौर पनि आउनु भएको थियो। वहाँसँग जान कालिकाको बाटो प्रयोग गरेका हौं। नेपालबाट डान्स कार्यक्रममा गएका कलाकारको घर

बर्दिया भएकाले निजलाई सुरक्षासाथ पुर्‍याइदिन अरविन्द आएका हुन् । अनुसन्धानमा गरेको बयान झुठ्ठा हो, उक्त बयान मलाई नसुनाई जबरजस्ती सहीछाप गराएका हुन् । मानव बेचबिखन एवं ओसारपसार गर्ने उद्देश्य नभई कलाकारका रूपमा नृत्य प्रदर्शनको लागि अभिभावकहरूको सल्लाहले लिएर गएका हुँदा हामीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी कल्पना भण्डारीले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादी कल्पना भण्डारीले बाँके जिल्लाको खजुरामा डि.के.म्युजिक कला केन्द्र सञ्चालन गरेकी छिन् । निजले कलाकारहरू लिएर जाने पठाउने काम गर्छिन । मिति २०७२/०१/२१ गतेका दिन पीडित भनिएकी सङ्केत नं. ६६ कालिका –१"च" मेरो घरमा आई म र निज कालिका –१"च" कुम्भकरण कला केन्द्रमा गयौं । कल्पना भण्डारीलाई ५ जना कलाकारको आवश्यक रहेछ । सोबमोजिम अभिभावकको मन्जुरी लिई ४ जना कलाकारहरू र कल्पना भण्डारीसमेत जम्मा भई मैले निजहरूलाई सम्झाई बुझाई गरेँ । निजहरू मेरा चेला हुन् । कल्पना भण्डारी यसभन्दा अघि पनि पटकपटक कलाकार लिएर भारत गएकोले मलाई चिन्ता नगर्न आग्रह गरेकीले कला केन्द्रको चिठ्ठीसमेत बनाइन् । रूपैडियाबाट जान २:०० बजेको ट्रेन छुटी गएकाले राति १०:०० बजेको ट्रेन समाउन मिहिनपुरवाको बाटो जाँदा कालिकामा पक्राउ परेछन् । निजहरू २१ गते पक्राउ परेपछि मलाई अर्को दिन इन्सपेक्टरले तपाईंका कलाकार नानीहरूलाई हामीले राखिदिएका छौं । छलफल गरी अभिभावक जिम्मा लगाई घरतिर लैजानुस् भनी मलाई बोलाएकोले आउँदा मुद्दा चलेको हो । मेरो कुरा सुनिएन । मसमेतले मानव बेचबिखन तथा ओसारपसार गरेको नहुँदा सजाय हुनुपर्ने होइन, सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी राजेन्द्र प्रताप सिंह ठकुरीले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बयान ।

मलाई डि.के.साँस्कृतिक रङ्गमञ्चका मालिक धनन्जय गौरले नेपाल पठाएका हुन् । निजले दिएको रू.८,०००।– गुलरियाको मिना नाम गरेको केटीलाई दिनु भनी अह्राएका थिए । अर्को दिन निज धनन्जयले यसै मुद्दाका प्रतिवादी कल्पना भण्डारीसँग फोन सम्पर्क गरी केटीहरू लिएर आउनु भनी मलाई कल्पना भण्डारीको सम्पर्क नम्बर दिएकाले मैले प्रतिवादी कल्पनालाई फोन गरेँ । निजले बाँके जिल्लाको खजुराबाट केटीहरू लिएर आउने म मीनाको घरबाट बर्दिया कालिकामा घर भएकी प्रतिवादी विष्णु चौधरीको घरमा जाने, त्यहीँ भेट भएर केटीहरू लिएर भारत जाने भनी भएको सल्लाहअनुसार कल्पनाले केटीहरू लिएर विष्णु चौधरीको घरनजिकै बसबाट झरेर मलाई फोन गरिन् । म विष्णुको घरबाट सडकमा आएँ । त्यहाँ कल्पनासमेतका केटीहरू थिए । सबैको परिचय भयो । यसरी सडकमा भेट भई सबै पैदल हिँडी भारततर्फ जाँदै थियौं । मिहिनपुरवाबाट रेल चढी गोरखपुर जाने योजना थियो । सीमा क्षेत्रमै नेपाल प्रहरीले हामीलाई पक्रिएको हो । मानव बेचबिखन तथा ओसारपसार गरेको होइनौं । डान्स कार्यक्रम गर्ने र कार्यक्रम सकिएपछि नेपाल फर्काइदिने गरी पीडितहरूलाई लिएर जानेक्रममा हामीलाई पक्राउ गरेको हो । अभियोग दाबीबमोजिम कसुर नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी अरविन्दकुमार गौरले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बयान ।

हामीलाई प्रतिवादीहरूले ललाई फकाई मानव बेचबिखन तथा ओसारपसारका लागि लगेको नभई आफ्नै खुसी र अभिभावकको मन्जुरीले आफ्नो नृत्य कला देखाउन जाँदै थियौं । सोही क्रममा प्रतिवादीहरूलाई प्रहरीले पक्रेको हो । मसमेतले हाम्रा अभिभावक जिम्मा लगाउन भनी हामीहरूले साँचो कुराको बयान दिएपछि हामीहरूलाई प्रतिवादीहरूले १ जनाको भा.रू. ५०,०००।– मा बेचिएको छ भनेर भनियो । हामीलाई त्यसमा विश्वासै थिएन । मुद्दा नलड्ने भनी कागज लेखी सही गराएकोमा झुक्याई मुद्दा चलाउने कागजमा सही गराइयो । अनुसन्धानको क्रममा गरेको बयान झुठ्ठा हो भन्नेसमेत बेहोराको पीडित सङ्केत नं.६६ कालिका–४ "प" ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

हामीलाई प्रतिवादीहरूले बेचबिखन गर्नलाई लगेका नभई अभिभावकको मन्जुरीले हाम्रो सल्लाह र मन्जुरीमा आफ्नो कलाकारिता देखाउन भारततर्फ प्रतिवादीहरूसित जान लागेको अवस्थामा प्रतिवादीहरूलाई पक्राउ गरेको हो । हामी पीडित होइनौं । हामीलाई कथित पीडित बनाइएको मात्र हो । हामीले अनुसन्धानको क्रममा गरेको बयान हाम्रो राजीखुसीले गरेको नभई जबरजस्ती पीडित बनाई काल्पनिक कुरा उल्लेख गरी मुद्दा चलाइएकोले झुठ्ठा हो । प्रतिवादीहरू कसुरदार होइनन् । हामी पीडित पनि होइनौं भन्नेसमेत बेहोराको पीडित सङ्केत नं.६६ कालिका–२"ट" ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

अनुसन्धानमा गरेको कागज मैले राजीखुसीले गरेको नभई मलाई नपढी, नसुनाई छोरी लिएर जाने भए यस कागजमा सही गर्नुहोस् भनेकाले सही गरेको हो । प्रतिवादीहरूले मानव बेचविखन तथा ओसारपसारका लागि नभई मसमेतको मन्जुरीले कलाकारिता देखाउन छोरी गएकी हुन् । प्रतिवादीहरू निर्दोष हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सङ्केत नं.६६ कालिका–२ "ट" को बुबा कालिका–२ "ठ" ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

हामी डान्स प्रोग्रामको लागि भारतको गोरखपुर जाने क्रममा रूपैडिहा नाका भएर जान ६:०० बजे बिहानको ट्रेन छुटिसकेकाले बले गाउँ नाका हुँदै जानेक्रममा कालिका गा.वि.स.मा हामीलाई पुलिसले पक्रेको हो । अनुसन्धानमा गरेको बयान मलाई पढी बाची नसुनाई सही छाप गर्न लगाएका हुन् । प्रतिवादीहरूले जबरजस्ती लगेका नभई आफ्नै इच्छाले डान्स कार्यक्रममा जान लागेको हुँ । यसअघि पनि हामी

बारम्बार कार्यक्रम देखाउन जाने आउने गर्दथ्यौं । प्रतिवादीहरू निर्दोष हुन् भन्नेसमेत बेहोराको पीडित सङ्केत नं.६६ कालिका–३ "त" ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरवालालाई चिन्दिन, कथित पीडित बनाइएका साथीहरू र प्रतिवादीहरूलाई चिन्दछु । मसमेतलाई प्रतिवादीहरूले ललाई-फकाई मानव बेचबिखन एवं ओसारपसारका लागि लगेको नभई हामी साबालक भइसकेका हाम्रो र अभिभावकसमेतको मन्जुरीले कला प्रदर्शनको लागि आफ्नै खुसीले भारत जान लागेका हौं । प्रतिवादीहरूको कुनै दोष छैन । सजाय हुनुपर्ने होइन । मसमेत पीडित होइनौं भन्नेसमेत बेहोराको पीडित सङ्केत नं.६६ कालिका–१ "च" ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

अनुसन्धानका क्रममा गरेको कागज र सोमा भएको बेहोरा एवं सहीछापसमेत मैरै हो । सूचना दिने साथीहरूको भनाइअनुसार मैले भनेकी हुँ । रूपैडिहाको बाटो प्रयोग नगरी बले गाउँको बाटो प्रयोग भएकोले शंका लाग्यो भनेकी हुँ भन्नेसमेत बेहोराको घटना विवरणमा कागज गर्ने बिमला के.सी.ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

अपरिचित बहिनीहरू देखेर शंका लागी सोधपुछ गर्दा हामी कलाकार हौं, डान्स देखाउन जान्छौं भनेकाले शंका लागी अनुसन्धानको लागि यो जाहेरी दिएको हो । जाहेरी बेहोरा मैरै हो । दोषी भए प्रतिवादीहरूलाई सजाय र निर्दोष भए सफाइ पाउनुपर्ने हो भन्नेसमेत बेहोराको जाहेरवाली खिमा वि.क.ले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रहरीमा अनुसन्धानको क्रममा गरेको कागजको बेहोरा मेरो होइन । नपढी नसुनाई सहीछाप गर्न भनेकाले सही गरेको हुँ । यी प्रतिवादीहरूले आरोपित कसुर गरेका नहुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको घटना विवरणमा कागज गर्ने टेकबहादुर रानाले सुरू बर्दिया जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार गरेका होइनन् । कथित पीडित भनिएका र प्रतिवादीहरू सल्लाहले कलाकारिता देखाउन भारततर्फ जाँदै गर्दा अनाहकमा पक्राउ गरी मुद्दा चलाएको हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी कल्पना भण्डारीको साक्षी शिवराज श्रेष्ठ, विष्णु चौधरीको साक्षी हिक्मत सुनार, राजेन्द्र प्रताप सिंह ठकुरीको साक्षी रूद्रप्रसाद खनाल, अरविन्दकुमार गौरको साक्षी ज्ञानुकुमारी चौधरीले सुरू बर्दिया जिल्ला अदालतमा गरेको पृथक्-पृथक् बकपत्र ।

प्रतिवादी अरबिन्दकुमार गौर र कल्पना भण्डारीले पीडितहरूलाई भारततर्फ लैजाँदै गरेको र प्रतिवादीमध्येका राजेन्द्र प्रताप सिंह ठकुरी र विष्णु चौधरीले पीडितहरूलाई भारततर्फ लैजानमा सहयोगी भूमिका खेलेको तथ्य निजहरूकै बयान र मिसिल संलग्न कागज प्रमाणबाट खुल्न आएकाले निजहरूले बेचबिखन गर्ने उद्देश्यले नै पीडितहरूलाई भारततर्फ लैजाँदै गरेको प्रमाणित हुन आएको हुँदा पीडितहरूको मौकाको अदालतबाट प्रमाणित भएको बयानलाई अन्यथा मान्नुपर्ने अवस्था देखिएन । प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२)(क) को उद्योगसम्म गरेको देखिँदा ऐ.को दफा १५(१ (ज) बमोजिम प्रतिवादीहरूलाई ऐ. को दफा १५(१)(ङ)(१) ले हुने सजायको आधा ७ वर्ष ६ महिना कैद र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने ठहर्छ । साथै, पीडितहरूलाई पर्न गएको क्षति विचार गरी रू.५०,०००।– (पचास हजार) क्षतिपूर्तिसमेत पीडितहरूले प्रतिवादीहरूबाट भराइपाउने ठहर्छ भन्ने सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७२/०३/३१ मा भएको फैसला ।

जाहेरवाला तथा कथित पीडितहरूको बकपत्रको समग्र अध्ययन र त्यसमा उल्लिखित कथनको मनन गर्दा आशंका र अनुमानको आधारमा जाहेरी दायर गरेको स्वयं जाहेरवालाले र कथित पीडितको बकपत्रबाट खुलेको छ । कथित पीडित यथार्थमा पीडित हुन पुगेको कारण हामी प्रतिवादीको कार्य नभई स्वयं अनुसन्धानकर्ता प्रहरीकै काम कारबाहीबाट पीडित भएको तथ्य निजहरूको बकपत्रबाट खुलासा भएको छ । मुद्दाको अनुसन्धानमा सङ्कलन भएका प्रमाणको र अदालतमा उपस्थित भई भएको बकपत्रको तुलनात्मक अध्ययन गर्दा प्रमाण ऐन, २०३१ को दफा ७(ग) ले त्यो परिदृश्य सहज रूपमा हेर्न, बुझ्न र अनुभूति गर्न सकिन्छ । अत: सुरूबाट यथार्थ प्रमाणको विपरीत भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी सुरूबाट भएको सजायबाट समेत सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको कल्पना भण्डारीसमेतका प्रतिवादीहरूको पुनरावेदन अदालत नेपालगन्जमा परेको संयुक्त पुनरावेदनपत्र ।

प्रतिवादीले कसुर अपराध गरेको कुरा सुरू बर्दिया जिल्ला अदालतले स्वीकार गरेको अवस्था छ । प्रतिवादीले मौकाको बयानमा तथा अदालतसमेतमा भारततर्फ लैजान लागेको कुरामा साबित रही बयान गरेका छन् । पीडितहरूले अनुसन्धानमा कागज गर्दा आफूलाई राम्रो पारिश्रमिक दिने उद्देश्यले चोरबाटोबाट भारततर्फ लान लागेको भनी बयान गरेका छन् । प्रतिवादीहरूले सङ्गठित रूपमा पीडितहरूलाई भारतमा बेचबिखन गर्न लगेको भन्ने कुरा बुझिएका व्यक्तिहरूको कागज तथा अन्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा प्रतिवादीहरूलाई कम सजाय गर्ने मनसायबाट प्रतिवादीहरूले गरेको पूर्ण कसुरलाई उद्योगसम्म गरेको भनी उद्योगमा मात्र सजाय गर्ने गरी भएको सुरू बर्दिया जिल्ला अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत नेपालगन्जमा परेको पुनरावेदनपत्र ।

बर्दिया जिल्ला अदालतको मिति २०७२/०३/३१ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्नुको साथै वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदनसमेत परेको देखिँदा दुवै पक्षको पुनरावेदनको जानकारी एक अर्कालाई गराई अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/०७/१६ मा भएको आदेश।

विष्णु चौधरीबाहेकका पुनरावेदक प्रतिवादीहरूलाई आ.व.२०७१/०७२ को मु.द.नं.२९ मिति २०७२/१/२३ को दलित महिला उत्थान सङ्घ, बर्दियाकी महासचिव खिमा वि.क.को जाहेरीअनुसार मिति २०७२/१/२२ का दिन थुनुवा पुर्जी दिएको देखिन्छ। पीडित र प्रतिवादीहरूसमेतलाई इलाका प्रहरी कार्यालय, मैनापोखरको गस्ती टोलीको सहयोगमा कार्यालयमा बुझाएको भन्ने बेहोरासमेत जाहेरीमा उल्लेख भएकोमा सो कार्यालयमा गस्ती टोलीले दिएको प्रतिवेदन मिसिल संलग्न नदेखिएकोले उक्त मितिमा उक्त वारदात दर्ता भएको देखिने मुद्दा दायरीको सक्कल रजिस्टर प्रमाण निम्ति उक्त प्रहरी कार्यालयबाट अविलम्ब मगाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/११/३० मा भएको आदेश।

प्रतिवादीहरूले पीडितलाई डान्स कार्यक्रमका लागि मात्र भारततर्फ लान थालेको भन्ने कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्था देखिँदैन। मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रतिवादीहरूले एक-आपसमा सल्लाह र योजना बनाई पीडितहरूलाई लोभ-लालचमा पारी भारततर्फ लान खोजेको र सिमानामा पक्राउ परेकोसमेत अवस्थाबाट निजहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ४(२)(क) को उद्योगसम्म गरेको देखिँदा उद्योगसम्ममा सजाय गरेको बर्दिया जिल्ला अदालतको मिति २०७२।३।३१ को फैसला सदर हुने ठहर्छ। दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७३।३।२० मा भएको फैसला।

पीडित र प्रतिवादीहरूसमेतलाई इलाका प्रहरी कार्यालय मैनापोखर बर्दियाको गस्ती टोलीको सहयोगमा कार्यालयमा बुझाएको भन्ने जाहेरीमा उल्लिखित बेहोरा सत्य नभएको कुरो पुनरावेदन तहको फैसलाको टिपोट नं. ३९ मा उल्लेख गरिएको छ। सो कथनबाट प्रतिवादी तथा पीडितहरू सिमानामा पक्राउ परेको भन्ने कुरा असत्य रहेको पुष्टि हुन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (क) को उद्योग हुनको लागि सर्वप्रथम सो कार्यको पूर्णतातर्फ अग्रसर रहेको प्रमाणले पुष्टि गरेको हुनुपर्छ। आपराधिक कार्य गर्न गराउन अग्रसर भए गरेकोतर्फ प्रमाणले पुष्टि नगरेको अवस्थामा सो कार्य गर्ने उद्योग वा प्रयाससम्म भएको भनी मनोगत व्याख्या, विश्लेषणको आधारमा भएको सुरू फैसला र सोलाई सदर गरी भएको पुनरावेदन अदालतको फैसलामा गम्भीर त्रुटि छ। प्रतिवादी कल्पना भण्डारी, अरविन्द गौर र कथित पीडित मिति २०७२।१।२१ गते साँझ ४:३० बजेको समयमा प्रहरीले पक्राउ गरी ऐ. २४ गतेसम्म कथित पीडितलाई प्रहरी हिरासतमा राखी छोडेको कुरा स्वयं कथित पीडितको बकपत्र र निजहरूका अभिभावकको कागजबाट समेत खुलासा भएको छ। कथित पीडित स्वयंले हामी पीडित होइनौं, हामीलाई पीडित बनाइएको हो, यो यो कुरा भन नत्र भने मुद्दा लगाइदिन्छौं भनी अनुसन्धान अधिकारीले धम्की दिनुका साथै नभनेका कुरा पनि लेखाइएको भनी धम्की दिने व्यक्तिको नाम तथा पदसमेत खुलासा गरी बकपत्र गरेका छन्। निजहरूको सो बकपत्रका विरूद्धमा हालसम्म कोही कसैको आपत्ति रहेको छैन। अनुसन्धान अधिकारीले कलाकारहरूलाई पीडितमा रूपान्तर गरी मानसिक यातना दिएर बयान गराइएको कुरा अदालतमा बकपत्र गर्दा खुलासा भएको छ। प्रहरीको मुद्दा दर्ता गर्ने १० नं. दायरीमा मुद्दा दर्ता हुँदा सम्पूर्ण प्रतिवादीहरूको नाम र सोही दिन नै पक्राउ परेको भन्ने कुरा छ। त्यस्तो नभई प्रतिवादी विष्णु चौधरी मिति २०७२।१।३० गते पक्राउ परेको र कथित पीडितलगायत कल्पना र अरविन्द मिति २०७२।१।२१ गते पक्राउ परेपछि मिति २०७२।१।२२ गते पक्राउ पुर्जी दिएको कुरा मसमेतका प्रतिवादीहरूको बयान र पीडितहरूको बकपत्रबाट खुलासा भएको छ। जाहेरी दिँदासमेत प्रतिवादी विष्णु चौधरीको नाम उल्लेख छैन। प्रहरीको १० नं. मुद्दा दर्ता दायरीमा मिति २०७२।१।२२ गतेमा दर्ता भएको छ, सोमा प्रतिवादी विष्णु चौधरीको नाम उल्लेख भएको छ। जाहेरी दरखास्तको मुद्दा दर्ता मिति २०७२।१।२३ गते भनिएको छ। सो १० नं. दायरीमा के कुन सूचनाको आधारमा २०७२।१।२२ मा मुद्दा दर्ता भएको हो, र जाहेरीमा उल्लेख नभएको प्रतिवादी विष्णु चौधरीको नाम के कसरी प्रहरीको १० नं. मुद्दा दर्ता दायरीमा उल्लेख भएको हो ? निजको नाम उल्लेख हुनु र सम्पूर्ण एकै दिनमा पक्राउ परेको भन्ने कुरा उल्लेख हुनुले सो मुद्दा तथ्यमा आधारित नभई अनुमान र आशंकाको भरमा अनुसन्धान भई सोही आधारमा अभियोग दायर भएको पुष्टि हुन्छ। सो सन्दर्भमा उक्त १० नं. दायरी पुनरावेदन अदालत नेपालगन्जको आदेशानुसार सक्कलै झिकाई जाँचबुझ गर्दा उल्लिखित कुराहरू पुष्टि भएको छ। सो कुरो खुलासा हुँदाहुँदै प्रमाणमा लिनुपर्ने प्रमाणलाई प्रमाणमा नलिई फैसलामा सो कुरो उल्लेखसम्म पनि नगरी प्राप्त प्रमाणविपरीत भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को प्रतिबन्धात्मक वाक्यांशले बदरभागी छ। तसर्थ, न्याय प्रशासन ऐन, २०७३ को दफा १२ (१) को देहाय (क) र (ख) बमोजिम प्रस्तुत मुद्दाको सुरू र पुनरावेदन फैसला दोहर्‌याई न्याय निरूपण गरिपाउँ भन्नेसमेत बेहोराको कल्पना भण्डारी, विष्णु चौधरी र अरविन्द कुमार गौरसमेत जना ३ को कारागार कार्यालय बर्दियामार्फत मुद्दा दोहोर्‌याइपाउँ भन्ने संयुक्त निवेदनपत्र। सोही मिलानको राजेन्द्र प्रताप सिंह ठकुरीको छुट्टै मुद्दा दोहोर्‌याई हेरिपाउँ भन्ने निवेदनपत्र।

पीडितलाई बेचबिखनको उद्देश्यले भारततर्फ लगेको भन्ने कसुरमा प्रतिवादीहरू इन्कार रही बयान गरेको, जाहेरवाला र पीडितको मौकाको कागज र अदालतसमक्ष भएको बकपत्र एक-आपसमा बाझिएको देखिएकोमा प्रतिवादीको मौकाको साबिती बयानबाहेक प्रतिवादीउपरको कसुर पुष्टि हुन सक्ने स्वतन्त्र प्रमाणको अभावमा मानव बेचबिखन तथा ओसारपसारको उद्योग गरेको भनी प्रतिवादीलाई सजाय गर्ने गरेको सुरू बर्दिया जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३।३।२० को फैसलामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (क), प्रमाण ऐन, २०३१ को दफा ३, २५, ५४, मुलुकी ऐन, अ.बं. १८४क, १८५ नं. को व्याख्यात्मक त्रुटि देखिनुका अतिरिक्त यस अदालतबाट ने.का.प. २०५१, अङ्क ४, नि.नं. ४८९१ मा प्रतिपादित सिद्धान्तविपरीत हुने देखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोर्‌याई हेर्ने अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।२।९ को आदेश।

ठहर खण्ड

नियमानुसार पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा विष्णु चौधरीसमेतका पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री बालकृष्ण देवकोटा र श्री बलराम सुवेदीले जाहेरी दरखास्त पीडितहरूले दिएको होइन, आशंकाको आधारमा दलित उत्थान संस्थाबाट जाहेरी परेको हो। पटकपटक गोरखपुरमा नृत्य प्रदर्शन गरी सांस्कृतिक आदान-प्रदान गर्ने कार्यक्रममा नृत्य कलाकारहरूलाई लाने ल्याउने गरेको हो भनेर अभिभावकहरूले समेत भनेका छन्। मिति २०७२/१/२२ गते रूपेडियाबाट गोरखपुर जाने तयारी गर्दागर्दै रेल छुटेकोले रातिको १० बजे ट्रेनमा जाने भनी हिँडेका अवस्थामा प्रहरीले पक्राउ गरी मुद्दामा फसाएका हुन्। नृत्य कलाकार प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो। वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री खेमराज भट्टले ५ जना पीडितहरूले हामीलाई दिनको रू.१,०००/- दिने भनी इन्डिया लगेका हुन्, इन्डिया लान्छन् भन्ने थाहा थिएन भनी अनुसन्धानको क्रममा कागज गरेका छन्, अनुमति नलिएको अवस्था हुँदा नृत्य गराउने निहुँले बेच्न लगेको देखिएको छ। त्यसैले पुनरावेदन अदालतको फैसला उल्टी हुने अवस्था छैन भनी प्रस्तुत गर्नु भएको बहससमेत सुनियो।

अब यसमा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) अनुसारको कसुरको उद्योग गरेको भनी ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन ? प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्तैन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा पीडितहरूले सुरू अनुसन्धानको क्रममा गरेको बयानमा भारत गई डान्स गरेपछि धेरै कमाई हुन्छ भनी ललाई-फकाई गरी राजेन्द्र सरले कल्पना दिदीसँग सम्पर्क गराएर भारत निवासी अरविन्द कुमारसँग भेट गराई भारततर्फ लैजान लागेको अवस्थामा प्रहरीले फेला पारेका हुन् भनी उल्लेख गरेको देखियो। प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा भारतमा सञ्चालित साँस्कृतिक कार्यक्रममा केटीहरू ल्याउ भनी साँस्कृतिक क्लबका मालिक धनञ्जय गौरले भनेपछि प्रतिवादीहरूबिच कुराकानी भएको र ५ जना केटीहरू (पीडितहरू) लाई भारत लैजाने क्रममा सिमानामा पक्राउ परेको भनी उल्लेख गरेको पाइयो। प्रतिवादीहरूले साँस्कृतिक कार्यक्रमका लागि पीडितहरूलाई भारततर्फ लैजान लागेको हो भन्ने तथ्य अदालतसमक्ष गरेको बयानमा समेत स्वीकार गरेको देखिन्छ। पीडित ५ जनालाई भारततर्फ लैजान लागेको अवस्थामा नेपाल भारत सिमानामा पक्राउ परेको तथ्यमा विवाद देखिँदैन। तसर्थ, उल्लिखित कुराको हदसम्म थप विवेचना गरिरहन परेन।

३. पीडितहरूलाई भारततर्फ लैजाने प्रयोजन सम्बन्धमा हेर्दा जाहेरवाला, पीडित, प्रतिवादीहरू तथा पीडितका अभिभावकले गरेको कागज, बयान तथा बकपत्रबाट साँस्कृतिक कार्यक्रमका लागि पीडितहरूलाई भारततर्फ लैजान लागेको हो भन्ने खुल्न आएको छ। नाचगान गराउने र सोबापत केही आर्थिक उपार्जन गर्नेसम्मको सन्दर्भ खुल्न आएको देखिन्छ। मानिस बिक्री गर्ने वा वेश्यावृत्तिमा लगाउने अभिप्रायले भारततर्फ लैजान लागेको भन्ने तथ्य कुनै पनि भरपर्दो वा विश्वसनीय प्रमाणबाट खुल्न आएको पाइएन। अनुसन्धानको प्रारम्भिक अवस्थामा खडा गरिएका सुरू जाहेरी तथा पीडितहरूलाई तत्काल गराइएको कागजमा बेचबिखनको कुरामा शंकासम्म व्यक्त गरिएको देखिन्छ। तथापि पीडितहरूले सुरू अदालतमा गरेको बकपत्रबाट उक्त शंकाको समेत निवारण भएको देखिन्छ र मानव बेचबिखन वा वेश्यवृत्तिका लागि लगेको होइन भन्ने तथ्य स्थापित भएको छ। कुनै व्यक्तिलाई भारततर्फ लगियो वा लगिँदैछ भन्ने कुराको आधारमा मात्र मानिसलाई बेच्नका लागि लगेको भनी निष्कर्ष निकाल्नु बिलकुल अनुचित, अतार्किक र अन्यायपूर्ण निष्कर्ष हुन जान्छ। मानव बेचबिखनको उद्देश्यले नै भारतमा लगेको वा लैजाने प्रयास गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित हुनुपर्दछ। केवल भारततर्फ जान लागेको कुरालाई मात्र हेरेर शंका वा अनुमान गरी मानव बेचबिखनको कसुर ठहर गर्नु कानूनसङ्गत हुँदैन; न्यायोचितसमेत देखिँदैन। नेपाल भारतबिचको भूगोल, ऐतिहासिकता, सामाजिक, आर्थिक, धार्मिक एवम् साँस्कृतिक सामिप्यता तथा खुला सिमानासमेतलाई समग्रमा दृष्टिगत गरेर

मानवीय व्यवहारको मूल्याङ्कन गरिनु वाञ्छनीय देखिन्छ । यसरी हेर्दा पीडित महिलाहरूलाई बेचबिखनको अभिप्रायले भारततर्फ लगेको भन्ने देखिन आएन ।

४. प्रतिवादीहरूले गरेको कार्यको प्रकृति हेर्दा निजहरूले भारत जानका लागि मूल बाटो प्रयोग नगरी बेचल्तीको (चोर-बाटो) प्रयोग गरेको पाइयो । पीडितहरूलाई नाचगान जस्ता साँस्कृतिक कार्यक्रमका लागि भारततर्फ लैजान लागेको हो भन्ने देखिएको छ । कलिलो उमेरका पीडित बालिकाहरूलाई प्रतिदिन रू. एक हजार पाउने प्रलोभन देखाइएको तथ्य खुल्न आएको छ, तर कुनै रकम दिएको भन्ने देखिँदैन । यसरी कलिलो उमेरका बालिकाहरूलाई निजहरूको संरक्षकभन्दा टाढा लैजानुभन्दा पहिले निजका अभिभावक तथा सम्बन्धित अधिकारीबाट औपचारिक रूपमा सहमति वा स्वीकृति प्राप्त गर्ने कार्य भएको देखिएन । पीडित महिलाहरूले नाचगान गर्ने कलामा रूचि राख्ने गरेको देखिन्छ । प्रतिवादीमध्येका राजेन्द्र प्रताप सिंह नाचगान प्रशिक्षकको रूपमा समेत कार्य गर्ने व्यक्ति हुन् भन्ने पनि देखिएको छ । अन्य प्रतिवादीहरू पनि नाँचगानमा अभिरूचि राख्ने मानिस हुन र सो कार्यबाट आर्थिक लाभ प्राप्त गर्ने गर्दछन् भन्ने तथ्य पनि खुल्न आएको छ । उल्लिखित समग्र परिस्थितितर्फ दृष्टिगत गर्दा पीडितहरूलाई नाचगान गर्न लगाई आयोजक प्रतिवादीहरूले आर्थिक उपार्जन गर्ने र पीडितको श्रम शोषण गर्ने कार्यको उद्योगसम्म गरेको देखिन आयो ।

५. अतः प्रतिवादीहरूले गरेको कार्यतर्फ दृष्टिगत गर्दा निजहरूले अभियोग दाबीअनुसारको मानव बेचबिखन गर्ने कसुर गरेको भनी ठहर गर्न मिल्ने अवस्था देखिएन । तसर्थ, प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२)(क) बमोजिमको कसुरको उद्योग गरेको भनी ऐ.को दफा १५(१)(ज) सपठित दफा १५(१)(ङ)(१) बमोजिम ७ (सात) वर्ष ६ (छ) महिना कैद र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने र पीडितलाई रू.५०,०००।– (पचास हजार) क्षतिपूर्तिसमेत भराइदिने ठहर गरेको सुरू बर्दिया जिल्ला अदालतको मिति २०७२/०३/३१ को फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३/३/२० को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला केही उल्टी हुन्छ र प्रतिवादीहरूले पीडित महिला / बालबालिकाहरूलाई श्रम शोषण गर्ने उद्देश्यले भारततर्फ लैजान सीमा नजिकसम्म पुर्‌याएको देखिँदा कसुरको प्रकृति र मात्राअनुसार प्रतिवादीहरू कल्पना भण्डारी, राजेन्द्र प्रताप सिंह ठकुरी, विष्णु चौधरी र अरविन्दकुमार गौरसमेत ४ जनालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको श्रम शोषणसम्बन्धी कसुरमा दफा १५(१)(च) बमोजिम जनही १ (एक) वर्ष ६ (छ) महिना कैद सजाय हुने ठहर्छ । उल्लिखित हदसम्म बाहेक अन्य कुरामा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

प्रतिवादीहरू कल्पना भण्डारी, राजेन्द्र प्रताप सिंह ठकुरी, अरविन्दकुमार गौरसमेत ३ जना मिति २०७२/१/२२ मा पक्राउ परी थुनामा रहेको देखिएको र प्रतिवादी विष्णु चौधरी मिति २०७२/१/३० मा पक्राउ परी थुनामा रही आएको हुँदा निजहरूलाई हुने ठहरिएको उपर्युक्तअनुसारको कैद असुल भइसकेको देखिँदा उल्लिखित ४ जना प्रतिवादीहरूलाई आजै थुनाबाट छाडिदिनु भनी बर्दिया जिल्ला अदालतमार्फत सम्बन्धित कारागारमा छिटो साधनद्वारा लेखी पठाइदिनु भन्ने यस अदालतको मिति २०७६/३/१४ को संक्षिप्त आदेशानुसार यस अदालतको च. नं. १६४१८ मिति २०७७/३/१४ को पत्रबाट प्रतिवादीहरूलाई थुनामुक्त गर्न लेखी पठाइसकेको देखिँदा अब कैद असुल गरिरहन परेन । पहिले राखेको लगतमा सम्म जनाई (सच्याई) उपर्युक्तअनुसार ठहरिएको डेढ वर्ष कैदको लगतसम्म राख्नु भनी सुरू बर्दिया जिल्ला अदालतमा लेखी पठाइदिनू ।

फैसलाको प्रतिलिपिसहित जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाइदिनू ।

दायरीको लगत कट्टा गरी, प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७७ साल असार १४ गते रोज १ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला मिति : २०७७।३।९

निर्णय नं. १०६९७

भाग: ६३ साल: २०७८ महिना: कार्तिक अंक: ७

फैसला मिति :२०७७/०३/०९ ६३७

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७५-CR-१९६१

पुनरावेदक / वादी : परिवर्तित नाम थानकोट च को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला पर्सा, ठोरी गा.वि.स. वडा नं.८ (हाल सुवर्णपुर गाउँपालिका वडा नं.२) घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, बानेश्वर डेरा गरी बस्ने हाल कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा थुनामा रहेको सम्बरबहादुर थापाको छोरा राजकुमार चौहान भन्ने लक्षुमण थापा

०७५-CR-२६३२

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा, ठोरी गा.वि.स. वडा नं.८ (हाल सुवर्णपुर गाउँपालिका वडा नं.२) घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, बानेश्वर डेरा गरी बस्ने हाल कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा थुनामा रहेको सम्बरबहादुर थापाको छोरा राजकुमार चौहान भन्ने लक्षुमण थापा

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम थानकोट च को जाहेरीले नेपाल सरकार

फैसला

न्या.हरिप्रसाद फुयाल : न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को खण्ड (क) बमोजिम मुद्दा दोहोर्‌याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

दुई वर्षअघि ललितपुर, टिकाथली स्थित सनि रेडिमेन्ट गार्मेन्टमा काम गर्ने क्रममा सोही गार्मेन्टमा काम गर्ने राजकुमार चौहान भन्ने हाल नाम थाहा भएको लक्षुमण थापासँग चिनजान बोलचाल थियो। मैले ९/१० महिनाअगाडि सो गार्मेन्टको काम छोडी डेरामा बस्दै आएकी थिए। प्रतिवादीले फोन गरी इन्डिया गई काम गरौं भन्दा मैले जान्न भनेकोमा कसैलाई नभन्नु तिमी र म विवाह गरी इन्डिया गई काम गरी धन कमाएर नेपाल आउने भनी पटकपटक फोन गरेको, मैले मेरो विवाह भइसक्यो विवाह गर्दिन भन्दा भेटी कुरा गरौं भनी नेपाल बसी उँभो लाग्दैन भनी लालच देखाई फकाई फुलाई विश्‌वास दिलाएकोले मैले जाउँला भनेकोमा मिति २०७३।३।२७ गते निजले ट्याक्सीमा निजसँग इन्डिया जाने गाडी लाग्ने ठाउँ स्वयम्भु लगी गाडी चढ्न लगाई आफू पनि सँगै बसी सोधखोज गरेमा श्रीमान् श्रीमती हौं भन्नु भनी सिकाउँदै आएकोमा नागढुङ्गा पुग्दा माइती नेपालका टोलीले सोधपुछ गरेको र मैले निजको नाम राजकुमार चौहान बताएकी मेरो नागरिकता र कागजात केही नभएकोले निजको दुईवटा नाम भएकोले निजले मलाई मानव बेचबिखन तथा ओसारपसारको लागि ल्याएको पुष्टि भएकोले कारबाही गरिपाउँ भन्नेसमेत जाहेरी दरखास्त।

जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका वडा नं.३ नागढुङ्गा स्थित सडक खण्डमा काठमाडौंदेखि भारततर्फ गइरहेको यात्रुबाहक बसमा राजकुमार चौहान भन्ने लक्षुमण थापाले विभिन्न प्रलोभन देखाई थानकोट च (परिवर्तित नाम) लाई बेचबिखन गर्ने उद्देश्यले काठमाडौंदेखि दिल्लीसम्म जाने बसमा ओसारपसार गरी लगिरहेको अवस्थामा प्रहरीले फेला पारी पक्राउ गरेको भन्ने बेहोराको घटनास्थल मुचुल्का।

जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका वडा नं.३ नागढुङ्गा स्थित सडक खण्डमा पक्राउपश्चात् नाम, थर, वतन खुल्न आएको राजकुमार भन्ने लक्षुमण थापाले लगाएको पाइन्टको अगाडिको दाहिनेतर्फको खल्तीमा चेकजाँच गर्दा निजकै लक्षुमण थापा नाम गरेको नागरिकता र NORLING TOURS SERVICE को KATHMANDU TO DELHI को बसको टिकेट फेला पारी बरामद गरेको भन्ने बेहोराको बरामदी तथा खानतलासी मुचुल्का।

दुई वर्षअगाडि ललितपुर जिल्ला स्थित सनि रेडिमेन्ट गार्मेन्टमा काम गर्ने क्रममा सोही गार्मेन्टमा राजकुमार चौहान भन्ने हाल नाम थाहा भएका लक्ष्मण थापा पनि काम गर्ने भएकोले एक आपसमा चिनजान बोलचाल थियो। मैले ९/१० महिनाअगाडि सो गार्मेन्टबाट काम छोडी डेरामा बस्दै आएकी थिएँ। निजले केही समयपछि मैले पनि काम पाएको छैन, तिम्रो पनि काम छैन, इन्डिया गई काम गरौं भन्दै विभिन्न प्रकारले ललाई फकाई लालच देखाई मैले विश्वास गरी जाउँला भनेको थिएँ। मैले मिति २०७३।३।२७ गते घरमा कसैलाई केही नभनी हाल नाम थाहा भएका लक्ष्मण थापा पनि म चढी गएको ट्याक्सीमा चढी इन्डिया जाने गाडी लाग्ने ठाउँ स्वयम्भु लगी भारत काठमाडौं मैत्री बसमा चढ्न लगाई आफू पनि सोही बसमा चढी सँगै बसी बाटोमा प्रहरीलगायतले सोधे श्रीमान् श्रीमती भन्नु भनी सिकाउदै कलंकी हुँदै थानकोट नागढुङ्गा पुग्दा त्यहाँ गाडी रोकी माइती नेपालका तथा प्रहरीले सोधपुछ गर्दा निजको नाम लक्ष्मण थापा रहेछ भन्ने थाहा भयो। निजले मलाई आफ्नो नाम राजकुमार चौहान भन्ने गरेका दुई वर्षसम्म माया प्रेम गरे जस्तो गरी आफ्नो नामसमेत ढाँटी छली भारतको दिल्लीसम्म ओसारपसार गरी बेचबिखन गर्न सक्ने देखिएकोले कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने पीडित थानकोट च को बयान र उक्त बयान अदालतबाट प्रमाणित भएको देखियो।

जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका-१० थानकोट चेकपोष्ट स्थित महानगरीय प्रहरी वृत्त, थानकोटको हिरासत कक्षभित्र प्रतिवादी लक्ष्मण थापालाई चेक जाँच गरी शरीरको खानतलासी गर्ने क्रममा निजले लगाएको पाइन्टको अगाडिको दाहिने खल्तीबाट पीडित जाहेरवाली थानकोट च ले दिएको भनिएको नगद रू.३४,०००।- र निज प्रतिवादीकै नगद रू.४,०००।- फेला पारी बरामद गरिएको भन्ने बेहोराको बरामदी मुचुल्का।

थानकोट च (परिवर्तित नाम) को जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी लक्ष्मण थापा भएको मानव बेचबिखन तथा ओसारपसार अनुसन्धानको क्रममा प्रहरीद्वारा पक्राउमा परी लक्ष्मण थापालाई प्रहरी हिरासतभित्र राख्नको लागि निजको शरीरको खानतलासी गर्ने क्रममा निजको साथबाट पीडित जाहेरवाली थानकोट च ले दिएको भनिएको नगद रू.३४,०००।- निजकै भनिएको नगद रू.४,०००।- फेला परेकोमा उक्त नगद फेला पारी बरामद गरी प्रतिवेदनसाथ दाखिला गरेको छु भन्ने बेहोराको प्रहरी प्रतिवेदन।

दुई वर्षअगाडि गार्मेन्टमा काम गर्ने क्रममा जाहेरवालीसँग चिनजान भई माया प्रेम बसी सँगै बस्न थालेका थियौं। मेरो घरमा श्रीमती, छोराछोरी छन् भन्ने जाहेरवालीलाई थाहा थियो। जाहेरवालीले ४ महिनाअगाडि अब हामी यहाँ नबसौं, कतै टाढा भारततिर घुम्न जाउँ, उतै काम गरौं भनेकोले मैले मसँग जम्मा १५/१६ हजार रूपैयाँ छ भनेपछि अब भारततिर घुम्न जाने हो भनी मिति २०७३।३।२६ गते भारतीय नोट बनाउन रू.३४,०००।- दिएकी थिइन्। उक्त रूपैयाँ र मसँग भएको रूपैयाँको भारतीय नोट बनाई मिति २०७३।३।२७ गते काठमाडौंदेखि दिल्लीको टिकट लिएको र निजले आफ्नो श्रीमान्लाई माइत जान लागेको भनी सबै कपडा लिई आउँछु भनी आफ्नो डेराकोठाबाट एयरपोर्ट ट्याक्सीमा आइन्। एयरपोर्टबाट मलाई पिकअप गरी दुवैजना ट्याक्सीमा स्वयम्भु गई त्यहाँ टिकट लिई गाडीमा सामान राखी गाडीमा बसी जाने क्रममा नागढुङ्गामा प्रहरीले सोधपुछ गर्दा हामीहरू श्रीमान् श्रीमती हौं भनी दुवैजनाले भनेका थियौं। मैले जाहेरवालीलाई मलाई श्रीमान् भन्ने भनी सिकाएको होइन। मेरो वास्तविक नाम लक्ष्मण थापा भए पनि राजकुमार चौहान भनी सबैले चिन्ने हुँदा लक्ष्मण थापा भनी जाहेरवालालाई भनेकी थिइन्। सो मेरो गल्ती हो निजलाई मैले बेचबिखन गर्न लगेको होइन। निज जाहेरवालाकै सल्लाहमा हामी दुवैजना घुम्न तथा काम गर्न जान लागेको हो। मैले ललाई फकाई लान लागेको भनी जाहेरवालीले किन जाहेरी र बयानमा लेखाइन् थाहा भएन भन्नेसमेत प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापाले गरेको बयान।

मिति २०७३।३।२७ गतेको दिन म माइती नेपाल स्थित नागढुङ्गा चेक पोष्टमा डिउटीमा थिएँ। प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापा तथा जाहेरवाली थानकोट च (परिवर्तित नाम) लाई नागढुङ्गामा काठमाडौंबाट दिल्ली जाने नेपाल भारत मैत्री बस सेवाको बा.३ ख.४१६९ नं. को बसमा चेक जाँच गर्दा निज दुवैजनालाई शंकास्पद अवस्थामा भेट्टाएकोले निजहरूलाई सोधपुछ गर्दा पछि नाम, थर थाहा भएको लक्ष्मण थापाले आफ्नो नाम राजकुमार चौहान हो र जाहेरवाली मेरो श्रीमती हो हामी दुवैजना भारतको दिल्लीमा काम गर्न जाने र उतै बस्ने हो भनी भनेको र जाहेरवालीसँग निजको श्रीमान्को नाम के हो भनी सोधपुछ गर्दा निज जाहेरवालीले मेरो श्रीमान्को नाम राजकुमार चौहान हो भनी भनेकी र प्रतिवादीसँग भएको नागरिकता हेर्दा निजको नाम लक्ष्मण थापा उल्लेख भएको देखिँदा जाहेरवालासँग सोधपुछ गर्दा निजले वास्तविक नाम बताएको थिएन, निजले नै मलाई ललाई फकाई अनेक प्रलोभन देखाई कसैले सोधेमा हामी श्रीमान् श्रीमती हौं भन्ने सिकाएको भनी भनेकोले निज प्रतिवादीसँग जाहेरवालीको विवाह दर्ता भएको प्रमाणपत्र तथा अन्य नाता कायम हुने कुनै प्रमाण नभएको हुँदा प्रतिवादीले जाहेरवालालाई ललाई फकाई गरी भारतमा बेचबिखन गर्ने उद्देश्यले नै लगेको भन्ने विश्वास लागेको भन्नेसमेत सम्झनाकुमारी शाहीले गरेको घटना विवरण कागज।

मिति २०७३।३।२७ गतेको दिन म माइती नेपाल स्थित नागढुङ्गा चेक पोष्टमा डिउटीमा थिएँ। नागढुङ्गामा सवारी साधनहरू चेक जाँच गर्दा दिल्ली जाने बसमा शंकास्पद अवस्थामा रहेका लक्ष्मण थापा र जाहेरवालालाई सोधपुछ गर्दा दुवैजना श्रीमान् श्रीमती भएको र भारतको दिल्ली काम गर्न जान लागेको भनेकोमा जाहेरवालालाई प्रतिवादीले वास्तविक नाम नबताई राजकुमार चौहान भनी ललाई फकाई गरी भारतमा बेचबिखन गर्ने उद्देश्यले लगेको भन्ने देवकी वि.क.ले गरेको घटना विवरण कागज।

जाहेरवाला परिवर्तित नाम थानकोट च मेरी श्रीमती हुन् । प्रतिवादीसँग मेरो चिनजान रिसइवी केही छैन । मेरो श्रीमतीलाई निजले काम गर्ने गार्मेन्टमा काम गर्ने लक्षुमण थापाले भारतमा राम्रो कमाई हुन्छ भनेर प्रलोभन देखाई निजको बहकाउमा लागी श्रीमती निजसँग भारत जान तयार भई मिति २०७३।३।२७ गते दिल्ली जाने बसमा जाँदा थानकोटमा चेकजाँचको क्रममा प्रतिवादीको नाम लक्षुमण थापा भएको थाहा पाएकी रहिछन् । प्रतिवादीले मेरो श्रीमतीलाई ललाई फकाई रू.३४,०००।- समेत लिई दिल्लीसम्म पुर्‍याई बेचबिखन गर्ने योजना गरेको हुनुपर्छ भन्नेसमेत रवि लामाले गरेको घटना विवरण कागज ।

मिसिल संलग्न जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, पीडितको प्रमाणित बयान, घटनास्थल मुचुल्का, बरामदी खानतलासी मुचुल्का, प्रतिवादीको बयान, बुझिएका मानिसहरूको घटना विवरण कागजसमेतबाट प्रतिवादी लक्षुमण थापाले पीडित परिवर्तित नाम थानकोट च लाई ललाई फकाई प्रेम गरेको नाटक गरी दिल्ली गई, राम्रो काम गरौंला, धेरै पैसा कमाउँला अनि नेपाल फर्कौंला भनी प्रलोभन देखाई आफ्नो वास्तविक नाम ढाँटी स्वयम्भुबाट दिल्ली जाने बसको टिकट काटी दिल्ली लाँदै गर्दा पक्राउ परी आएकोसमेतबाट निज प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार गरेको पुष्टि भएकोले निजको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत कसुर अपराधमा सोही ऐनको दफा ४(२)(क)(ख) बमोजिम कसुर अपराध गरेको देखिएकोले सोही ऐनको दफा १५(ङ)(१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम पीडित परिवर्तित नाम थानकोट च लाई मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराई प्रतिवादीले नैतिक पतन देखिने फौज्दारी कसुर गरेको हुनाले ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिइएको अभियोगपत्र ।

जाहेरवालाले मलाई रू.३४,०००।- दिई भा.रू.मा परिवर्तन गरी राख भनी दिएको र निज र मेरो दुई वर्षअगाडिदेखि टिकाथली गार्मेन्टमा काम गर्दा प्रेम बसेको थियो । निजकै सल्लाहबमोजिम हामी दुवैजना भारत जान भनी लागेको अवस्थामा माइती नेपालले सोधखोज गरी पक्राउ गरेको हो । मैले निजलाई भारतमा लगी बिक्री गर्ने उद्देश्यले लगेको होइन । मबाट बसको टिकट र रू.३८,०००।- बरामद भएको हो, सो रकममध्ये रू.३४,०००।- जाहेरवालीले मलाई दिएको हो । मलाई फसाउने नियतले जाहेरी तथा बयान गरेको हुनुपर्छ । दुवैको मन्जुरीले १/२ महिना भारत गई घुमी पुन: नेपाल फर्की आउने सल्लाहअनुसार जान लागेको हो । मैले मानव बेचबिखन तथा ओसारपसार नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत राजकुमार चौहान भन्ने लक्षुमण थापाले सुरू जिल्ला अदालतसमक्ष गरेको बयान ।

प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) ले परिभाषित कसुर गरेकोले ऐ.१५(ङ)(१) नं.बमोजिम सजाय गरी क्षतिपूर्तिसमेत भराइपाउँ भन्ने अभियोग दाबी भई प्रतिवादी कसुरमा इन्कार रही अधिकारप्राप्त अधिकारी र यस अदालतमा बयान गरेको देखिन्छ । तर पीडितका साथमा भारत जान लागेको कुरा भने स्वीकार नै गरेको देखिन्छ । दुई वर्षअघिदेखि नाम राजकुमार चौहान मात्रै भन्ने गरेका थिए । नामसमेत ढाँटेको कारण जाहेरी दिएको र कानूनबमोजिम कार्यबाही गरिपाउँ भन्नेसमेत पीडितको (थानकोट च को) कागज

देखिन्छ । अन्य बेहोराहरूबाट प्रतिवादी र पीडितका बिच प्रेम सम्बन्ध रहेको कुरामा विवाद छैन । लामो समयसम्म प्रेम सम्बन्ध रहेकी पीडितलाई आफ्नो सत्य नामसमेत नबताएको अवस्थाले प्रतिवादीको नियतमा स्वच्छता मात्र थियो भन्न मिल्ने देखिन आएन । तसर्थ, अरू कुराहरूका हकमा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं. १८८(२) र १२१ नं.बमोजिमको थुनुवा पुर्जी दिई कानूनबमोजिमको सिधा खान पाउने गरी थुनामा राख्न कारागार शाखा, जगन्नाथदेवल, काठमाडौंमा पठाउनु भनी अ.बं.१२४(ग) नं.बमोजिम यो आदेश पर्चा गरिदियाँ । साथै अभियोगपत्रसाथ दाखिल नगद रू.३८,०००।- धरौट वा आम्दानी बाँधिराख्नु र जाहेरवाला, पीडित, प्रतिवेदक बुझिएका व्यक्ति र प्रतिवादीका साक्षीहरूलाई नियमानुसार गरी बुझी पेस गर्नु भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।४।२४ मा भएको थुनछेक आदेश ।

जाहेरी दरखास्तको बेहोरा र सहीछाप मेरो हो । मेरो तीन वर्षअगाडि बिहे भइसकेको छ । मैले टिकाथली स्थित सनी गार्मेन्टमा काम गर्ने गर्थें । सो गार्मेन्टमा काम गर्ने क्रममा प्रतिवादी राजकुमार चौहानसँग भेटघाट भएको, निजले नेपालमा बसेर केही हुँदैन दिल्ली जाउँ, ४/५ वर्ष काम गरेर पैसा कमाएर फर्कौंला भन्ने गरेका थिए । मैले उक्त गार्मेन्टमा काम गर्न छोडेपछि पनि निजले मलाई फोन गरी इन्डिया जाउँ भन्ने गरेका र मसँग पैसा मागेकाले मैले मिति २०७३।३।२६ गते रू.३४,०००।- दिएकी थिएँ । मिति २०७३।३।२७ गते निज प्रतिवादीले मलाई फोन गरी सिनामङ्गल आएको छु इन्डिया जाउँ भनी लिन आएकाले म निजसँगै ट्याक्सीमा बसी स्वयम्भूसम्म पुगी दिल्ली जाने बस चढी दिल्ली जाने क्रममा माइती नेपालका सदस्य आई सोधखोज गर्दा प्रतिवादीले सिकाएबमोजिम हामी श्रीमान् श्रीमती हौं भनी मैले भनेको र नाम सोध्दा राजकुमार चौहान बताएकी थिएँ । निजसँग सोधखोज गर्दा निजले नागरिकता देखाएका र नागरिकतामा लक्षुमण थापा नाम भएको थाहा पाएकी थिएँ । निजको नाम फरक परेकाले निजलाई पक्राउ गरी लगेको हो भन्नेसमेत जाहेरवाली थानकोट च को बकपत्र ।

प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापालाई मैले विगत ११/१२ वर्षदेखि चिन्दै आइरहेको छु । निजलाई सबैले राजकुमार भनी बोलाउने गर्थे, निज परिवारसहित मेरो घरमा भाडामा बस्दै आएका छन् । यी जाहेरवालीसँग प्रेम प्रसङ्ग चलेका कारण श्रीमतीसँग विवाद पर्ने गरेको थियो । निज भागेर इन्डिया जाँदै छन् भन्ने हल्ला मैले पनि सुनेको थिएँ । निज मानव बेचबिखन तथा ओसारपसार गर्ने चरित्र भएका मानिस होइनन् भन्नेसमेत प्रतिवादीका साक्षी त्रिलोकराज राईले गरेको बकपत्र ।

प्रतिवादी जाहेरवालासँग विवाह गरी भाग्न लागेको भन्ने कुरा सुनेको थिएँ । निज मानव बेचबिखन तथा ओसारपसार गर्ने चरित्र भएका मानिस होइनन् भन्नेसमेत प्रतिवादीका साक्षी शमसेर बरामले गरेको बकपत्र ।

मिति २०७३।३।२७ गते म नागढुङ्गा स्थित माइती नेपालका तर्फबाट ड्युटीमा रहेकी थिए । हामीले उक्त स्थानमा बसी सो रूटबाट जाने प्रत्येक प्राइभेट गाडीहरू चेकजाँच गर्ने क्रममा यी जाहेरवाला र प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापालाई दिल्ली जाने बसमा सोधपुछ गर्दा शंकास्पद लागी प्रतिवादीलाई पक्राउ गरेको हो भन्नेसमेत बुझिएका सम्झना कुमारी शाहीले गरेको बकपत्र ।

मिति २०७३।३।२७ गते म नागढुङ्गा स्थित माइती नेपालका तर्फबाट ड्युटीमा रहेकी थिएँ । हामीले उक्त स्थानमा बसी सो रूटबाट चल्ने प्रत्येक प्राइभेट गाडीहरू चेकजाँच गर्ने क्रममा यी जाहेरवाला र प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापालाई दिल्ली जाने बसमा सोधपुछ गर्दा शंका लागी प्रतिवादीलाई पक्राउ गरेको हो भन्नेसमेत बुझिएका देवकी वि.क.ले गरेको बकपत्र ।

जाहेरवाला मेरो श्रीमती हुन् । निजले आफूले काम गर्ने गार्मेन्टमा प्रतिवादी राजकुमार चौहानले समेत काम गर्ने भन्ने कुरा बताएकी थिइन् । मिति २०७३।३।२७ गते मैले श्रीमतीलाई घरमा रोपाइँको लागि भनेर पठाएको थिएँ र मसँग भएको रू.५०,०००।- समेत छोडी गएको थिएँ । मलाई प्रहरी चौकी थानकोटबाट फोन गरी तपाईंको श्रीमतीलाई राजकुमार चौहान भन्ने लक्ष्मण थापाले बिक्री वितरणको लागि भारत लैजान लागेकाले हामीले पक्राउ गरेका छौं भनी भनेकाले म उक्त स्थानमा गई बुझेको हुँ । प्रतिवादीको साथबाट मेरो श्रीमतीले दिएको रू.३४,०००।- समेत बरामद भएको हो भन्नेसमेत बुझिएका रवि लामाले गरेको बकपत्र ।

यी जाहेरवालीले आफूलाई वास्तविक नाम नभनेको अरू नै नामबाट मात्र परिचित रहेको कारण बेचबिखन गर्न लगेको आरोप लगाएकी छन् । प्रतिवादी र जाहेरवालीबिच करिब दुई वर्षअघि चिनाजान भएको कुरा निजहरूको भनाइबाट देखिन्छ । यति लामो समयसम्म वास्तविक नाम नभन्नुको पछाडि पति पत्नीको पवित्र उद्देश्य नै रहेको थियो भन्न मिल्ने देखिन्न । कतिपय कसुरदारहरूले महिलालाई अनेक प्रलोभन दिई प्रेमजालमा पार्ने, यौन शोषण गर्ने र भारतमा लगी बेचबिखन गर्ने गरेको देखिन्छ । प्रस्तुत मुद्दामा खरिद गर्ने व्यक्ति, बेचबिखनको मूल्य निर्धारण भएको देखिन्न । तर भारत लैजाँदै गर्दाका अवस्थामा पक्राउ परेको देखिन्छ । तसर्थ, बेचबिखन गर्ने उद्योगसम्म गरेको बेचबिखन गर्न नपाएको, अर्थात् उद्योगसम्मको प्रयास भएको अवस्थाको विद्यमानता देखियो । प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापाले अभियोग दाबीबमोजिम कसुरको उद्योगसम्म गरेको देखिँदा निजलाई ५(पाँच) वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।६।१० मा भएको फैसला ।

मैले गरेको इन्कारी बयान, जाहेरवालीले दिएको जाहेरी दरखास्त, निजको प्रमाणित बयान मानव बेचबिखन ओसारपसार कसुरको परिभाषाभित्र पर्ने अवस्थाको छैन । अपराध हुन क्रिया र मनसायको तत्त्व विद्यमान हुनुपर्दछ । सो नभई अड्कल र अनुमानको भरमा दाबीको कसुरको उद्योग गरेको ठहर गरेको फैसला मिलेको छैन त्रुटिपूर्ण छ । त्रुटिपूर्ण फैसला उल्टी गरी पुनरावेदन जिकिरबमोजिम सुरू अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापाले उच्च अदालत पाटनमा दिएको पुनरावेदनपत्र ।

प्रतिवादीले पीडितलाई भारतसम्म पुर्‍याई नसकेको, खरिद गर्ने व्यक्ति यकिन नभएको र मूल्य निर्धारण नभएको आधारमा दाबीको कसुरमा सजाय नगरी उद्योगतर्फ मात्र सजाय गरेको फैसला मिलेको छैन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को व्यवस्था हेर्दा किन्ने वा बेच्ने उद्देश्यले मानिस विदेशमा लैजाने र दफा ४(२)(ख) मा जुनसुकै तवरले कसैलाई घर वा व्यक्तिबाट छुट्टाई लैजाने आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्र एक स्थानबाट अर्को स्थान वा विदेशमा लैजाने अरू कसैलाई दिने कार्यलाई मानव ओसारपसारको काम मानिने उल्लेख भएकोमा सोतर्फ ध्यान नदिई दाबीमा प्रवेश नै नगरी उद्योगसम्म ठहर गरेको क्षतिपूर्तिसमेतमा कुनै कुरा नबोली गरेको सुरू फैसला सङ्कलित प्रमाणविपरीत हुँदा बदर गरी सुरू अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) को कानूनी व्यवस्थाको सन्दर्भमा सुरू फैसला विचारणीय भएकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४

को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदनको जानकारी एकअर्कालाई दिई नियमानुसार पेस गर्नुहोला भन्ने बेहोराको मिति २०७४।४।२३ मा उच्च अदालत पाटनबाट भएको आदेश ।

जाहेरवालीलाई प्रतिवादीले ललाई फकाई राम्रो काम पाउने लालचामा लिएर हिँडेकोसम्म देखिन आयो । यति मूल्यमा बेचबिखन गर्न लागेको भन्ने किटानी रूपमा मूल्य खुलाई उल्लेख गरेको भनी वादी पक्षले खम्बिर प्रमाण पेस गर्न सकेको देखिन आउँदैन । के कस्तो प्रयोजनका लागि लैजान लागेको भन्नेसमेत पुष्टाई गर्न सकेको नदेखिएको परिप्रेक्ष्य्यसमेतलाई आधार मानी आरोपित कसुरको उद्योगमा प्रतिवादीलाई ५(पाँच) वर्ष कैद र रू.२५,०००।- जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने उच्च अदालत पाटनको मिति २०७४।५।२७ को फैसला ।

प्रस्तुत मुद्दामा पीडित जाहेरवाली परिवर्तित नाम थानकोट च लाई प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाले आफ्नो वास्तविक नामसमेत ढाँटी ललाई फकाई बसमा चढाई भारततर्फ लैजाँदै गर्दाको अवस्थामा नागढुङ्गामा फेला परेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएको छ । प्रतिवादीले पीडितलाई बेचबिखनकै उद्देश्यले भारततर्फ लिई गएकोमा समेत विवाद देखिँदैन । जहाँसम्म प्रतिवादीले पीडितलाई भारतसम्म पुर्‌याई नसकेको, खरिद गर्ने व्यक्ति यकिन नभएको, मूल्य निर्धारण नभएको भन्ने सन्दर्भ छ, त्यसतर्फ हेर्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को व्यवस्था हेर्दा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने र दफा ४(२)(ख) मा जुनसुकै तवरले कसैलाई घर स्थान वा व्यक्तिबाट छुटाई लग्ने आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्र एक स्थानबाट अर्को स्थानमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्यलाई मानव ओसारपसार गरेको कसुर मानिने भनी उल्लेख रहेको पाइन्छ । त्यस्तै सोही ऐनको दफा १५(ङ)(१) मा किन्ने बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई १०/१५ वर्ष कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ भने दफा १५(ङ)(२) मा सो उद्देश्यले नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ । यस प्रकार कानूनको व्यवस्था हेर्दा मानिस किनबेच एवं मोलमोलाइको अवस्था विद्यमान नरहे पनि सो उद्देश्यले गरिएको कार्य पूर्ण कसुर हुने अवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा पीडितलाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको अवस्था विद्यमान रहेको देखिँदादेखिँदै कानूनको मनसायविपरीत उद्योगसम्म गरेको ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । पीडितलाई बेचबिखन उद्योगसम्म गरेको ठहर गरी यी प्रतिवादीलाई ५ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने गरी फैसला भएको पाइन्छ । ऐनको दफा १७(१) को व्यवस्था हेर्दा कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था भएकोमा सुरूको फैसला सोतर्फसमेत मौन रहेको अवस्था छ । तसर्थ, पीडितलाई क्षतिपूर्ति भराइदिने सम्बन्धमा केही उल्लेख नगरी भएको उक्त फैसलामा कानूनी त्रुटि देखिएकाले बदरभागी छ । प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापालाई अभियोग दाबीभन्दा कम सजाय हुने उद्योगको कसुर ठहर भएको उच्च अदालत पाटनको फैसलामा कानूनी त्रुटि रहेकाले मुद्दा दोहोर्‌याई हेर्ने अनुमति प्रदान गरी त्रुटिपूर्ण फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदनपत्र ।

काठमाडौं जिल्ला अदालतबाट मलाई अभियोग दाबीबमोजिम उद्योगसम्म गरेको ठहर गरी कैद जरिवाना गर्दा जाहेरी दरखास्त, प्रतिवादीको मौकाको र अदालतको इन्कारी बयान र सो बयानमा हामी दुईबिच प्रेम सम्बन्धमा विवाद नभएको तर लामो प्रेम सम्बन्ध रहेको पीडितलाई आफ्नो सत्य नाम नबताएको अवस्थाले प्रतिवादीको नियतमा स्वच्छता थियो भन्ने मिल्ने देखिन आएन भन्ने अनुमानित तथ्यलाई मूल आधारको रूपमा लिइएको छ । यथार्थमा जाहेरवालीले मिति २०७३।३।२९ मा दिएको जाहेरी दरखास्तमा उल्लेख गरेको तथ्यहरू र तत्पश्चात् अनुसन्धानका क्रममा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ५ बमोजिम जाहेरवालीले लेखाई दिएको अदालतसमक्षको प्रमाणित मिति २०७३।४।१८ को बयान कागजको बेहोरा एक आपसमा नमिली अन्तरविरोध रहेको र जाहेरी दरखास्तमा उल्लिखित तथ्यभन्दा फरक पारी म प्रतिवादीको बयान बेहोरासँग मेल खाने गरी थप अन्य नयाँ तथ्यहरू उल्लेख गरी दिएको प्रमाणित कागजलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्छ वा मिल्दैन, हामीबिच लामो समयदेखि प्रेम सम्बन्ध रहेको र पीडितको बयानबाट समेत सो कुरा पुष्टि भइरहेकोमा तथ्यगत कुराहरूको स्वीकारोक्तिलाई अपराधमा नै साबिती भएजस्तो गरी हेर्न मिल्छ, मिल्दैन भन्ने सम्बन्धमा विचारसमेत गरिएको छैन । त्यसै गरी मैले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र सम्मानित अदालतसमक्ष भएको बयानमा नै आफ्नो भएको सम्पूर्ण सत्य तथ्य कुराहरू उल्लेख गरी लेखाई दिएकोमा सो बयान बेहोरा जाहेरवालीकै भनाइ र कथनसँग मेल खाइरहेको अवस्थामा सोतर्फ विवेचना नै नगरी भएको फैसला बदरभागी छ । मलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत कसुर अपराधमा सोही ऐनको दफा ४(२)(क)(ख) को कसुर अपराध गरेको देखिएको भन्ने अभियोग लगाइएको अवस्था छ । दफा ३(१) ले कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्न गराउन हुँदैन भन्ने व्यवस्था गरेको छ भने दफा ४(२)(क)(ख) ले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखन गरेको मानिने छ भनी परिभाषित गरेको छ । तर मैले मानव बेचबिखन गर्ने

उद्देश्यले नै भारत लैजान लागेको तथ्य नै स्थापित हुन नसकेको अवस्थामा दुवै एकअर्कामा साथी साथीको सम्बन्ध स्थापति भई सँगै हिँड्डुल गरेको तथ्यलाई शंका गरी त्यस्तो क्रियालाई मानव बेचबिखनको उद्योग हो भनी जबरजस्ती कानूनको व्याख्या गरी मलाई उद्योगमा सजाय गर्ने गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी भएको फैसलामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१), ४(२)(क)(ख) तथा दफा १५(१)(ङ)(१) समेतको गम्भीर व्याख्यात्मक त्रुटि रहेभएको हुँदा प्रस्तुत निवेदनको रोहमा दोहोर्‌याई हेर्नुपर्ने अवस्थाको छ । अतः काठमाडौं जिल्ला अदालतबाट मलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(क) विपरीत कसुर गरेकोले दफा १५(१)(ङ)(१) बमोजिमको अभियोग दाबीबमोजिमको कसुरको उद्योगसम्म गरेको देखिँदा ५ वर्ष कैद र रू.२५,०००।- जरिवानासमेत हुने ठहर्‌याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको श्री उच्च अदालत पाटनबाट मिति २०७४।५।२७ मा भएको फैसलामा कानूनको व्याख्यात्मक त्रुटि रहन गएको हुँदा दोहोर्‌याई हेरी उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाले यस अदालतमा दिएको पुनरावेदनपत्र ।

प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(ङ)१ बमोजिम वर्ष ५(पाँच) कैद र रू.२५,०००।- जरिवाना गरेकोमा ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था भएकोमा त्यसतर्फ फैसलामा उल्लेख नगरी भएको उच्च अदालत पाटनको मिति २०७४।५।२७ को फैसलामा उक्त दफा १७ को कानूनी व्यवस्थाको व्याख्यात्मक त्रुटि देखिएकोले न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को खण्ड (क) बमोजिम मुद्दा दोहोर्‌याई हेर्ने अनुमति प्रदान गरिदिएको छ । कानूनबमोजिम गर्नुहोला भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।११।२८ मा भएको मुद्दा दोहोर्‌याई हेर्ने आदेश ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो । पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गोविन्द उपाध्यायले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले प्रतिवादीले भारततर्फ लैजाँदै गरेको अवस्था विद्यमान रहेको देखिँदादेखिँदै कानूनको मनसायविपरीत उद्योगसम्म गरेको ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था भएकोमा उच्च अदालत पाटनको फैसलामा सोतर्फसमेत मौन रहेको अवस्था देखिएबाट उक्त फैसलामा कानूनी त्रुटि भएकाले बदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई पाउने गरी फैसला गरिपाउँ भनी र पुनरावेदक प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कूलराज लामिछाने र विद्वान् अधिवक्ता श्री मनोजकुमार चौधरीले नाम ढाँटेकै आधारमा शंका गरी बिनाआधार, प्रमाण यी प्रतिवादीलाई सजायसमेत गरेको फैसला मिलेको छैन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(क) विपरीत कसुर गरेकोले दफा १५(१)(ङ)(१) बमोजिमको अभियोग दाबीबमोजिमको कसुरको उद्योगसम्म गरेको ठहर्‌याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको श्री उच्च अदालत पाटनको मिति २०७४।५।२७ को फैसलामा कानूनको व्याख्यात्मक त्रुटि रहन गएको देखिँदा उक्त फैसला उल्टी गरी मेरो पक्षलाई अभियोग दाबीबाट सफाइ दिलाइपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तानुसारको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा, प्रतिवादी लक्षुमण थापाले पीडित परिवर्तित नाम थानकोट च लाई ललाई फकाई प्रेम गरेको नाटक गरी दिल्ली गई राम्रो काम गरौंला, धेरै पैसा कमाउँला अनि नेपाल फर्कौंला भनी प्रलोभन देखाई आफ्नो वास्तविक नाम ढाँटी स्वयम्भुबाट दिल्ली जाने बसको टिकट काटी दिल्ली लाँदै गर्दा पक्राउ परी आएकोसमेतबाट निज प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार गरेको पुष्टि भएकोले निजको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत कसुर अपराधमा सोही ऐनको दफा ४(२)(क)(ख) बमोजिम कसुर अपराध गरेको देखिएकोले सोही ऐनको दफा १५(ङ)(१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पीडित परिवर्तित नाम थानकोट च लाई मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराई प्रतिवादीले नैतिक पतन देखिने फौजदारी कसुर गरेकोले ऐ. ऐनको दफा २२ बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखियो । जाहेरवालीले आफूलाई वास्तविक नाम नभनेको, अरू नै नामबाट मात्र परिचित रहेको कारण बेचबिखन गर्न लगेको आरोप लगाएकी छन् । प्रतिवादी र जाहेरवालीबिच करिब दुई वर्षअघि चिनजान भएको कुरा निजहरूको भनाइबाट देखिन्छ । यति लामो समयसम्म वास्तविक नाम नभन्नुको पछाडि पति पत्नीको पवित्र उद्देश्य नै रहेको थियो भन्ने मिल्ने देखिएन । प्रस्तुत मुद्दामा खरिद गर्ने व्यक्ति, बेचबिखनको मूल्य निर्धारण भएको देखिएन । तर भारत लैजाँदै गर्दाका अवस्थामा पक्राउ परेको देखिन्छ । तसर्थ, बेचबिखन गर्ने उद्योगसम्म गरेको, बेचबिखन गर्न नपाएको अर्थात् उद्योगसम्मको प्रयास भएको अवस्थाको विद्यमानता देखियो भन्ने आधारमा प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाले अभियोग दाबीबमोजिम

कसुरको उद्योगसम्म गरेको देखिँदा निजलाई ५(पाँच) वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने गरी मिति २०७३।६।१० मा काठमाडौं जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। उक्त सुरू जिल्ला अदालतको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकार र प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापा दुवैको पुनरावेदन परेकोमा प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाले अभियोग दाबीबमोजिमको कसुरको उद्योगसम्म गरेको ठहर्‌याई प्रतिवादीलाई ५(पाँच) वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने उच्च अदालत पाटनबाट मिति २०७४।५।२७ मा फैसला भएको देखिन्छ। तत्पश्चात् सो फैसलामा चित्त नबुझाई वादी नेपाल सरकार र प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाको तर्फबाट यस अदालतमा मुद्दा दोहोर्‌याई हेरिपाउँ भन्ने निवेदन दायर भई यस अदालतबाट मिति २०७६।२।२० मा मुद्दा दोहोर्‌याई हेर्ने निस्सा प्रदान भई प्रस्तुत मुद्दा पुनरावेदनको रोहबाट पेस हुन आएको देखियो।

अब, प्रस्तुत मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७४।५।२७ मा भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, ललितपुर टिकाथली स्थित सनी रेडिमेन्ट गार्मेन्टमा काम गर्ने क्रममा सोही गार्मेन्टमा काम गर्ने राजकुमार चौहान भन्ने हाल नाम थाहा भएको लक्षुमण थापासँग चिनजान बोलचाल थियो। निजले विवाह गरी इन्डिया गई काम गरी केही समयपछि धन कमाएर नेपाल आउने भनी पटकपटक फोन गर्ने गरेको र मैले आफ्नो विवाह भइसक्यो विवाह गर्दिन भन्दा भेटी कुरा गरौं भनी नेपाल बसी उँभो लाग्दैन भनी लालच देखाई फकाई फुलाई विश्वास दिलाएकोले मैले जाउँला भनेकोमा मिति २०७३।३।२७ मा निजले भारत जाने गाडी लाग्ने ठाउँ स्वयम्भुमा ट्याक्सीमा लगी गाडी चढ्न लगाई आफू पनि सँगै बसी सोधखोज गरेमा श्रीमान् श्रीमती हो भन्नु भनी सिकाउँदै आएकोमा नागढुङ्गा पुग्दा माइती नेपालका टोलीले सोधपुछ गरेको र मैले निजको नाम राजकुमार चौहान हो भनी बताएकी र मेरो नागरिकता र कागजात केही नभएकोले निजको दुईवटा नाम भएकोमा नाम ढाँटी मलाई मानव बेचबिखन तथा ओसारपसारको लागि ल्याएको पुष्टि भएकोले हदैसम्म कारबाही गरिपाउँ भनी मौकामा पर्न आएको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। मौकाको घटनास्थल प्रकृति मुचुल्का हेर्दा काठमाडौंबाट भारततर्फ गइरहेको यात्रुबाहक बसमा प्रतिवादी राजकुमार चौहान भन्ने लक्षुमण थापाले विभिन्न प्रलोभन देखाई पीडित थानकोट च लाई बेचबिखन गर्ने उद्देश्यले काठमाडौंदेखि दिल्लीसम्म जाने बसमा ओसारपसार गरी लगिरहेको अवस्थामा माइती नेपालसमेतको पहलमा प्रहरीले फेला पारी राजकुमार चौहान भन्ने लक्षुमण थापालाई पक्राउ गरेको भन्ने देखियो। निज लक्षुमण थापाले लगाएको पाइन्टको अगाडिको दाहिनेतर्फको खल्ती चेक गर्दा लक्षुमण थापा नाम गरेको नागरिकता र NORLING TOURS SERVICE को Kathmandu to Delhi को बसको टिकट बरामद भएको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ। पीडित थानकोट च ले मौकामा गरेको बयानमा अन्दाजी दुई वर्षसम्म माया प्रेम गरेको जस्तो गरी आफ्नो नामसमेत ढाँटी छली भारतमा राम्रो काम पाइन्छ भन्ने प्रलोभन देखाई मलाई भारतको दिल्लीसम्म ओसारपसार गरी बेचबिखन गर्न सक्ने देखिएकोले मैले जाहेरी दरखास्त दिएको हो भनी जाहेरी दरखास्तलाई समर्थन गर्दै बयान कागज गरेको र आफ्नो मौकाको बयान कागजलाई पीडितले अदालतमा समेत आफूले भनेबमोजिम लेखिएको ठिक हो भनी अदालतबाट प्रमाणित भएकोसमेत देखियो। त्यसैगरी पीडितले अदालतसमक्ष बकपत्र गर्दासमेत आफूले मौकामा दिएको जाहेरी दरखास्त अनुसन्धान अधिकारीसमक्ष गरी दिएको कागज बेहोरालाई समर्थन गर्दै प्रतिवादीले आफूलाई ढाँटेर बेच्न लगेको कुरा किटानीसाथ लेखाइदिएको पाइयो।

३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) मा "उपदफा-२ बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने छ" भन्ने तथा प्रमाण ऐन, २०३१ को दफा १८ ले "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ।" भन्ने कानूनी व्यवस्था गरेको देखियो।

४. साथै यस अदालतबाट पुनरावेदक वादी ओजराज विष्टको जाहेरीले नेपाल सरकार र प्रत्यर्थी/प्रतिवादी यज्ञबहादुर थापासमेत भएको (ने.का.प.२०६९, अङ्क-२, नि.नं. ८७६४) को कर्तव्य ज्यान मुद्दामा "जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनुपर्दछ। अन्यथा कुनै पनि जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। सो कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्तअनुसार अनुसन्धानका क्रममा कुनै कुरा व्यक्त गर्ने व्यक्ति साक्षीका रूपमा अदालतमा उपस्थित भई बकपत्र गरेमा निजको बकपत्र बेहोरालाई प्रमाणका रूपमा लिन हुन्छ भन्ने देखिन्छ।

५. प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दासमेत आफ्नो नाम राजकुमार चौहान भन्ने लक्षुमण थापा हो भन्ने उल्लेख गरेको र मेरो करिब दुई वर्षअगाडिदेखि टिकाथलीको गार्मेन्टमा काम गरी माया प्रेम बसेको थियो । निजकै सल्लाहअनुसार हामी दुवैजना भारत जान लागेको अवस्थामा माइती नेपालले सोधपुछ गरी पक्राउ गरेको हो । हामीहरूको मन्जुरीले जान लागेको हो भनी उल्लेख गरेको देखियो । यस स्थितिमा पीडितलाई प्रतिवादीले दिल्ली लानका लागि बसमा चढेको र गन्तव्यमा पुग्नुअगावै नेपालभित्र नै पक्राउ परेको कुरामा विवाद देखिँदैन । प्रतिवादी र जाहेरवाली (पीडित) बिच दुई वर्षअगाडिदेखि चिनजान भएको कुरामा पनि विवाद देखिएन । प्रतिवादीले पीडितलाई निजकै सल्लाहमा भारत जान लागेको भनी उल्लेख गरे तापनि सो कुरालाई पीडितले इन्कार गरेको तथा प्रतिवादीले आफ्नो भनाइ पुष्टि गर्ने तथ्यगत एवं वस्तुनिष्ठ प्रमाणसमेत पेस गर्न सकेको पाइएन ।

६. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा "प्रमाणको भार प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‌याउनुपर्ने छ" भन्ने उल्लेख भएको पाइन्छ । सोही ऐनको दफा ३(१) मा "कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन" र दफा ३(२) मा "कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी प्रतिवादीउपर दाबी लिइएको अभियोगपत्रमा उल्लिखित दफा ४(२)(क) हेर्दा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, दफा ४(२)(ख) मा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई प्रलोभनमा पारी, झुक्काई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने भन्ने उल्लेख गरेको पाइन्छ भने दफा १५(ङ)(१) अनुसार सजाय हुने व्यवस्था रहेको छ । दफा १५(१)(ङ)(१) मा "विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बिस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना" हुने र ऐ. को दफा १५(१)(ज) मा "मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय" हुने भन्ने उल्लेख छ ।

७. साथै पुनरावेदक वादी सङ्केत नाम बौद्ध ९५ को जाहेरीले नेपाल सरकार विरूद्ध प्रेम भन्ने शंकर वि.क. भएको मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी (ने.का.प.२०७५, अङ्क-८, नि.नं.१००७०) मुद्दामा यस अदालतबाट "मुख्यत: अपराधका चारवटा चरणहरू हुन्छन् । पहिलो हो अपराध गर्ने मनसाय चरण; यस चरणमा कसैले कुनै अपराध गर्नेबारेमा सोच्दछ वा मनसायको उत्पत्ति गर्दछ । दोस्रो हो तयारी चरण; यसमा मनले सोचेको कुरालाई कार्यरूप दिनका लागि आवश्यक पूर्वाधारहरू तयार वा वातावरण निर्माण गरिन्छ । तेस्रो हो उद्योग चरण; यसमा अपराधको तयारीपश्चात् तयारीकर्ताले मनसायपूर्वक अपराध घटाउन वास्तविक कार्यमा उत्रन्छ तर केही अवरोधका कारणबाट अपराध पूरा हुन नपाई खाली पूर्ण अपराधको प्रयत्न मात्र हुन्छ । चौथो तथा अन्तिम चरण; यसरी अवरोध नआएको भए पूर्ण रूपमा आपराधिक कार्य सम्पन्न हुन्छ । यसबाट अभियुक्तलाई लगाइएको कसुरप्रति निजको अन्तिम प्रयास असफल भएको अवस्था नै आपराधिक उद्योग हो भन्ने स्पष्ट हुन्छ । यदि उद्योग सफल भएको भए उसको इच्छित अपराध पूरा हुने थियो भन्ने अवस्था नै अपराधको उद्योग हो । यसरी अपराधको उद्योग भन्नाले अपराध गर्नका लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हुने ।" भन्ने सिद्धान्त प्रतिपादन भएको देखियो ।

८. प्रस्तुत मुद्दाको सन्दर्भमा प्रस्तुत कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्तसमेतलाई भिडाई हेर्दा, प्रतिवादीले पीडितलाई भारतको दिल्ली लगी बेचबिखन गर्ने मनसायअनुसार अपराधको तयारीअनुरूप आफ्नो सक्कली नाम लुकाई अन्य नामबाट आफूलाई पीडितसमेतसँग चिनाउँदै दुई वर्षसम्म माया प्रेमको जाल रची अनुचित प्रभावमा पारी पीडित बस्ने स्थानदेखि छुट्याई भारततर्फ लैजानको लागि बसमा चढाई बाटोमा लैजाँदै गर्दा काठमाडौं, नागढुङ्गामा माइती नेपालको प्रतिनिधिसहित प्रहरीद्वारा चेक जाँच गर्ने क्रममा प्रतिवादी पक्राउ परेको र पीडितको उद्धार भएको कारण प्रतिवादीको पीडितलाई विदेश भारतमा लगी बेचबिखन गर्ने आपराधिक मनसाय पूरा हुन सकेको देखिएन । माइती नेपाल तथा प्रहरीद्वारा अवरोध नभएको भए प्रतिवादीको पीडितलाई भारतमा लगी बिक्री गर्ने उद्देश्य पूरा हुने देखिन्छ । यसरी प्रतिवादीले पीडितलाई भारतको दिल्लीमा लगी बिक्री वितरण गर्नको लागि ओसारपसार गर्ने क्रममा काठमाडौंको नागढुङ्गामा पक्राउ परेको देखिन्छ । पीडित ओसारपसार गर्ने क्रममा नेपालबाट नै उद्धार गरिएकोले प्रतिवादीले पीडितलाई बिक्री गर्न नपाई निज प्रतिवादीले पीडितलाई बिक्री गर्ने उद्देश्यसम्म राखी लैजाने

कार्य गरेको तर उक्त कार्य पूर्ण हुन नसकेको देखियो । तसर्थ, बिक्री गर्ने उद्देश्यसहितको अपूर्ण कार्यतर्फ सुरू जिल्ला अदालत र उच्च अदालत पाटनले गरेको फैसला मिलेकै देखिन आयो । अत: अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

९. जहाँसम्म कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराइदिनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा "अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्ने छ ।" भन्ने उल्लेख भएको देखिन्छ । वस्तुत: क्षतिपूर्तिसम्बन्धी व्यवस्था भनेको पीडितको हकमा बनेको कानूनी व्यवस्था हो । कानूनले प्रस्टसँग पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था गरेको अवस्थामा नभराइदिने हो भने पीडितमाथि अन्याय हुन जान्छ । नेपालको संविधानको धारा २१ को अपराध पीडितको हकभित्र पीडितको क्षतिपूर्ति पाउने हक पनि अन्तरनिहित भएको मान्नुपर्दछ । संविधान र कानूनले पीडितले क्षतिपूर्ति पाउने कुरालाई सुनिश्चित गरेको अवस्थामा सुरू जिल्ला अदालत र उच्च अदालत पाटनबाट पीडितले क्षतिपूर्ति पाउनेबारे मौन बस्दा उक्त फैसला संविधान एवं प्रचलित कानूनी व्यवस्थासमेतको विपरीत भई न्यायको रोहमा मान्य देखिएन । उपर्युक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीलाई ठहर भएको जरिवानाको कम्तीमा पचास प्रतिशत रकम क्षतिपूर्तिबापत प्रतिवादीबाट पीडितले भराई पाउने नै देखियो ।

१०. अत: प्रतिवादी राजकुमार चौहान भन्ने लक्ष्मण थापालाई मानव बेचबिखन तथा ओसारपसारको कसुरको उद्योग गरेकोमा निजलाई ५(पाँच) वर्ष कैद र रू.२५०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।६।१० मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।५।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै पीडितले क्षतिपूर्ति पाउने, नपाउने सन्दर्भमा केही नबोली उच्च अदालत पाटनबाट मिति २०७४।५।२७ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई ठहर भएको जरिवाना रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) को ५० प्रतिशत रकम (आधा) रू.१२,५००।- (बाह्र हजार पाँच सय रूपैयाँ) पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत भराइपाउने ठहर्छ । अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.१२,५००।- (बाह्र हजार पाँच सय रूपैयाँ) भराई पाउने ठहरी फैसला भएकाले उक्त क्षतिपूर्तिको रकम प्रतिवादीबाट असुलउपर गरी पीडितलाई भराइदिनु भनी सुरू जिल्ला अदालतसमक्ष लेखी पठाइदिनू १

प्रस्तुत फैसलाको जानकारी पीडित, महान्यायाधिवक्ताको कार्यालय तथा प्रतिवादीसमेतलाई दिनू.....२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको प्रति विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ३

उक्त रायमा सहमत छु ।

न्या.मीरा खडका

इजलास अधिकृत : अरूणकुमार कोइराला

इति संवत् २०७७ साल असार ९ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७७।३।७
निर्णय नं. १०६५७
भाग: ६३ साल: २०७८ महिना: श्रावण अंक: ४
फैसला मिति :२०७७/०३/०७ ८६८

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७३-CR-०५४७

पुनरावेदक / प्रतिवादी : जिल्ला बर्दिया तारातल गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय बाँकेमा थुनामा रहेको जितबहादुर सुनार

विरूद्ध

विपक्षी / वादी : परिवर्तित नाम "कालिका सी" को जाहेरीले नेपाल सरकार

फैसला

न्या.दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०४८ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

तथ्य खण्ड

म जाहेरवालीको आमा वैदेशिक रोजगारको सिलसिलामा कुवेतमा गएको र अन्यायी बुबा जितबहादुर सुनार भारत कानपुरमा कुक काम गर्थे। घरमा म, भाइ र बहिनी थियौं। बुबा २०६९ साल वैशाख महिनामा घर आई म र भाइलाई सँगै भारतमा लाने कुरा गरी निजले म र भाइलाई भारत कानपुर स्थित आफू काम गर्ने ठाउँमा लगी राखेकोमा मलाई रिँगटा लाग्ने र टाउको दुख्ने भएको हुँदा बुबाले मलाई उपचार गर्न लखनउ लगेपश्चात् अस्पतालमा आज उपचार हुँदैन भोलि मात्र हुने भयो, आज यहीँ बसौं भनी छेदिलाल धर्मशालामा बास बस्यौं। साँझको खाना खाई म दुईवटा खाट भएको कोठामा सुत्न गई एउटामा म सुतेपछि अन्यायी बाबुले रक्सी खाई म सुतेको बेडमा आई सँगै बेडमा सुती मेरो संवेदनशील अङ्गहरू छुन लागेपछि मैले होइन के गर्नुभएको भन्दा निजले मलाई गुण्डाहरू लगाएर यहीँ मारी दिन्छु मलाई छोरी भए पनि आमा भए पनि मतलब छैन भनी विभिन्न डर त्रास दिई जबरजस्ती करणी गरेका हुन्। भोलिपल्ट कानपुर स्थित डेरा कोठामा लगी मिति २०६९।६।११ र १२ गते पनि कोही नभएको मौका छोपी करणी गर्नुभएको र त्यहीँको एक नाम थाहा नभएको होटलमा लगी बन्द गरी राखी हिन्दी बोल्ने मानिससँग निजले पैसा लिई कोठामा पठाई उक्त हिन्दी बोल्ने मानिससमेतले मलाई करणी गरेको हो। त्यसपछि निज बाहिर आई अन्यायी जितबहादुर सुनारसँग यसलाई मुम्बइसम्म पुर्‌याउनु पर्छ राम्रै पैसामा बेच्न सकिन्छ यसको लागि दुई चार दिन समय लाग्छ भनी कुराकानी गरेकोमा सो कुरा मैले सुनी विदेशमा रहेकी आमासँग बताएपश्चात् आमाको सहयोगमा मिति २०६९।६।२७ गते म नेपाल आउन सफल भएको हुँदा निज अन्यायी जितबहादुर सुनारलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको परिवर्तित नाम "कालिका सी" को मिति २०६९।६।२९ को जाहेरी दरखास्त।

मलाई अन्यायी बुबा जितबहादुर सुनारले २०६९ साल वैशाख महिनामा घर आई म र भाइलाई भारत कानपुर स्थित आफू काम गर्ने ठाउँमा लगेका हुन्। मलाई रिँगटा लाग्ने र टाउको दुख्ने भएको हुँदा बुबाले उपचार गर्न लखनउ जाउँ भनी लखनउमा लगी अस्पतालमा आज उपचार हुँदैन भोलि मात्र हुने भयो आज यहीँ बसौं भनी छेदिलाल धर्मशालामा राखेकोमा विभिन्न डर त्रास दिई जबरजस्ती करणी गरेका थिए। भोलिपल्ट कानपुर स्थित डेरा कोठामा लगी मिति २०६९।६।११ र १२ गते पनि कोठामा कोही नभएको मौका छोपी करणी गरी हिन्दी बोल्ने मानिससमेतले मलाई करणी गरेको र यसलाई मुम्बइसम्म पुर्‌याउनुपर्छ राम्रै पैसामा बेच्न सकिन्छ भनी अन्यायी बाबुले निजसँग कुराकानी गरेकोमा सो कुरा मैले सुनी विदेशमा रहेकी आमासँग बताएपछि आमाको सहयोगमा मिति २०६९।६।२७ गते म नेपाल आउन सफल भएको हुँ। हिन्दी बोल्ने मानिसलाई चिन्दैन भन्ने बेहोराको परिवर्तित नाम "कालिका सी" को अनुसन्धान अधिकृतसमक्ष गरेको प्रमाणित बयान।

म विगत १५/२० वर्षपहिलेदेखि भारत कानपुरमा कुकको काम गर्ने भएको र मेरो श्रीमतीसमेत घरको आर्थिक अवस्था कमजोर भएका कारण रोजगारको सिलसिलामा कुवेतमा गएकी हुन्। मेरो बर्दिया तारातल स्थित घरमा जाहेरवाली छोरीसहित अन्य ३ जना गरी चारजना बालबच्चाहरू बस्दै आएका थिए। संवत् २०६९ सालको वैशाख महिनामा म घरमा आई जाहेरवाली र छोरालाई भारत कानपुर स्थित डेरा कोठामा लगी राखेको अवस्थामा छोरी बिरामी भएको हुँदा निजलाई मैले लखनउमा उपचार गर्न भनी मिति २०६९।५।२३ मा लखनउ ल्याएकोमा उक्त दिन डाक्टर फेला नपरेको र भोलिपल्ट आउँदा जाँदा खर्चसमेत बढी लाग्ने हुँदा सोही ठाउँमा

रहेको छेदीलाल धर्मशालाको कोठामा गई म र निज जाहेरवाली छोरी बसेकोमा मैले साँझ रक्सी खाई यौन इच्छा लागेकोले आफ्नो यौन चाहनालाई खप्न नसकी म जाहेरवाली सुतेको ठाउँमा गई निजलाई करणी गरेको हुँ। निजलाई भोलिपल्ट कानपुर स्थित कोठामा लगी त्यहाँ पनि आश्विन महिनाको ११ र १२ गते निजलाई करणी गरी मसँग भेट भएका मुम्बई घर बताउने व्यक्तिसँग जाहेरवालीलाई मुम्बई पठाउँदा के कस्तो होला भनी कुरा गर्दा निजले पुर्‍याउँदा राम्रो पैसामा बेच्न सकिन्छ भनी बताएका थिए। सो कुरा मेरो कुवेतमा रहेकी श्रीमतीले के कहाँबाट थाहा पाई निज म भएको ठाउँ भारत कानपुरमा गई छोरी र ममसमेतलाई नेपाल जानुपर्छ भनी नेपाल आएको हुँ। नेपालमा आएपछि निज छोरीले म विरूद्ध मानव बेचबिखन मुद्दा दिएकी रहिछिन् पछि मलाई प्रहरीले पक्राउ गरेका हुन्। मैले मुम्बई घर बताउने व्यक्तिसँग निज जाहेरवालीलाई बेचबिखन गर्ने कुरा गरेको हुँ भन्नेसमेत बेहोराको जितबहादुर सुनारको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान।

म रोजगारको सिलसिलामा कुवेतमा रहेकी र मेरो श्रीमान् जितबहादुर सुनार भारत कानपुरमा कुककको काम गर्ने भएको हुँदा मेरो घर बर्दिया तारातालमा जाहेरवाली छोरी, अर्की छोरी र छोरा बस्दै आएका थिए। यस्तैमा जाहेरवाली छोरी बिरामी भएपश्चात् निज श्रीमान् संवत् २०६९ साल वैशाख महिनामा घरमा आई निजले जाहेरवाली छोरीलाई उपचार गर्न भारत लखनउमा लगी ताहाँ रहेको छेदीलाल धर्मशालामा राखी छोरीलाई विभिन्न डर, त्रास, धम्की दिई करणी गरी कानपुर स्थित कोठामा लगी सो ठाउँमा समेत पटकपटक करणी गरेपश्चात् निजले ताहाँको होटलमा लगी मुम्बई घर भएका व्यक्तिसँग छोरीलाई बिक्री वितरण गर्ने कुरा गरेको कुरा जाहेरवाली छोरीले थाहा जानकारी पाई मलाई टेलिफोनबाट जानकारी गराएकी हुँदा म कुवेतबाट नेपाल आई भारत गई निज अन्यायीको पन्जाबाट छोरीलाई उद्धार गरी नेपालमा ल्याएको हुँ। अत: निज अन्यायीले आफ्नै छोरीमाथि करणी गरी बिक्री वितरण गर्न लागेकाले कानूनबमोजिम सजाय होस् भन्ने बेहोराको अनुसन्धान अधिकारीसमक्ष गरेको लक्ष्मी सुनारको कागज।

म जाहेरवाली तथा प्रतिवादी भनिएका जितबहादुर सुनारलाई चिन्दछु। निजहरूको आर्थिक अवस्था कमजोर भएका कारण जाहेरवालीको आमा रोजगारको सिलसिलामा कुवेतमा थिइन्। घरमा जाहेरवालीसमेत अन्य बच्चाहरू थिए। जाहेरवालीलाई प्रतिवादी जितबहादुर सुनारले उपचार गर्न भनी भारत लखनउमा लगी ताहाँ छेदीलाल धर्मशालामा करणी गरी आफ्नो डेरा कोठासमेतमा पटकपटक करणी गरी मुम्बई घर भएका व्यक्तिसँग निजलाई बेचबिखन गर्ने कुरा गरेको हुँदा सो कुरा जाहेरवालीले थाहा जानकारी पाई आमासँग सम्पूर्ण कुरा बताएपछि आमा लक्ष्मी सुनारले हामी आफन्त र प्रहरीकहाँ भनेपछि थाहा पाएको हुँ भन्ने बेहोराको मोतिलाल वि.क.को अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

मेरो आमा कुवेतमा काम गर्न जानु भएको र बुबा जितबहादुर सुनार भारत कानपुरमा कुककको काम गर्ने भएकोमा हामी घरमा जाहेरवाली दिदी, मसमेत बस्दै आएका थियौँ। संवत् २०६९ साल वैशाख महिनामा बुबा घरमा आई जाहेरवाली दिदी बिरामी भएको हुँदा निजलाई उपचार गर्न भनी म र दिदीलाई लिई भारत कानपुरमा गएकोमा बुबाले दिदीलाई उपचार गर्न भनी लखनउमा लिई जानु भएको हो। ताहाँ दिदीलाई छेदीलाल धर्मशालामा राखी करणी गर्नुभएको रहेछ सो कुरा दिदी कानपुर आएपश्चात् मैले थाहा पाएको हुँ। कोठामा बुबाले मलाई बस्न नदिई दिदीलाई मात्र राखी पटकपटक करणी गर्ने गर्दा रहेछन् तत्पश्चात्समेत बुबाले दिदीलाई मुम्बई बस्ने व्यक्तिसँग बेचबिखन गर्ने कुरा गरेको र सो कुरा दिदीले थाहा जानकारी पाई आमासँग भनेपछि आमा हामी भएको ठाउँमा गई दिदीलाई नेपाल ल्याउनु भएको हो भन्ने बेहोराको गणेशबहादुर सुनारको कागज।

प्रतिवादी जितबहादुर सुनारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) को (क) र (ख) को कार्य गरी ऐ. दफा ३ को कसुर गरेको हुँदा निजलाई सोही ऐनको दफा १५(१) को देहाय (ङ)(१) बमोजिम सजाय गरी ऐ. दफा १५(४) बमोजिम थप सजाय हुनका साथै ऐ.दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन र प्रतिवादीले आफ्नो छोरी पीडित जाहेरवाली परिवर्तित नाम "कालिका सी" लाई जबरजस्ती करणी गरेको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. तथा हाडनातामा करणी गर्नेको महलको १ नं. को कसुर गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम सजाय गरी जबरजस्ती करणीको महलको २ नं. ले हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिम सजाय गरी ऐ.जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र।

जाहेरी बेहोरा झुट्टा हो। मैले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन। हालको श्रीमती मेरो कान्छी श्रीमती हुन्। निज मसँग झगडा गरी विदेश कुवेत गएकीमा मैले छोराछोरीको अभिभावक भई भारतमा लगी पढाएको हुँ। निज श्रीमतीले छोरीलाई उक्साई मलाई फसाउन छोरीद्वारा जाहेरी हाल्न लगाएकी हुन्। अनुसन्धान अधिकृतसमक्ष मैले गरेको भनिएको बयान बेहोरामा मलाई जबरजस्ती सही गराएका हुन्। मैले अभियोग दाबीबमोजिम कुनै कसुर नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी जितबहादुर सुनारले सुरू अदालतमा गरेको बयान।

मिति २०६९।६।२९ को जाहेरी बेहोरा सही हो। सोमा भएको सहीछाप पनि मेरै हो। विपक्षी बुबाले विदेश भारत लगी उपचार गराउने बहानामा मलाई जबरजस्ती करणी गरेका हुन्। पछि मैले आमालाई खबर गरेपश्चात् मेरो उद्धार भएको हो भन्नेसमेत बेहोराको जाहेरवाली पीडित परिवर्तित नाम "कालिका सी" ले सुरू अदालतमा गरेको बकपत्र।

जाहेरी बेहोराबारे मलाई थाहा भएन। वादी प्रतिवादीबिच झगडा हुने र निजहरूको छोरा छोरीलाई प्रतिवादीको जिम्मा लगाई

जाहेरवालीकी आमा विदेश कुवेत गएकी हुन् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी भद्रबहादुर सुनारले सुरू अदालतमा गरेको बकपत्र ।

म संवत् २०६८ साल फागुन महिनामा कुवेत गएकोमा संवत् २०६९ साल भाद्र महिनामा छोरीले फोन गरी उक्त घटनाबारे बताएकी हुँदा म नेपाल आई बुझ्दा निज प्रतिवादीले जाहेरवालीलाई विभिन्न डर धाक धम्की दिई जबरजस्ती करणी गर्ने गरेको भन्ने थाहा पाई जाहेरवालीलाई भारतीय प्रहरीको सहयोगमा नेपाल ल्याएको हुँ भन्नेसमेत बेहोराको घटना विवरणको मानिस लक्ष्मी सुनारले अदालतमा गरेको बकपत्र ।

प्रतिवादीका नाउँमा जग्गा जमिन नदेखिएको भन्ने मालपोत कार्यालय, बर्दियाको च.नं.३६८९ मिति २०७१।९।४ को पत्र ।

प्रतिवादीले आफ्नै छोरी पीडित "कालिका सी" लाई नेपालबाट भारत लगी आफूले पटकपटक करणी गरी अन्य मानिसलाई करणी गर्न लगाएको कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को देहाय २(ख) र ऐ.ऐनको दफा ३ अन्तर्गतको र मुलुकी ऐन, जबरजस्ती करणीको र हाडनाता करणीको महलको १ नं. बमोजिमको कसुरमा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को देहाय (ङ)(१) बमोजिम १५(पन्ध्र) वर्ष ऐ.१५(४) ले थप १ वर्ष ६ महिना कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय ४ बमोजिम आठ (८) वर्ष कैद र ऐ. हाडनाता करणीको महलको १ नं. बमोजिम १० वर्षसमेत गरी जम्मा ३४ (चौंतिस) वर्ष ६ महिना कैद र रू.१,००,०००।- जरिवाना हुने र ऐ. जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.५०,०००।- र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) ले रू.५०,०००।- समेत जम्मा रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्तिसमेत पाउने गरी सुरू बाँके जिल्ला अदालतको मिति २०७१।९।२३ को फैसला ।

जाहेरवालीलाई जबरजस्ती करणी गरेको र बेचबिखन गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेकोमा केवल जाहेरवालीको भनाइलाई मात्र आधार लिई म निर्दोष मानिसलाई सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१।९।२३ मा फैसला हुँदा ३४ वर्ष ६ महिना कैद र पीडितलाई रू.१,००,०००।- क्षतिपूर्ति दिलाउने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर उल्टी गरी आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी जितबहादुर सुनारको पुनरावेदन अदालत नेपालगन्जमा दायर भएको पुनरावेदनपत्र ।

प्रतिवादीले आफ्नो छोरी पीडित परिवर्तित नाम "कालिका सी" लाई भारतमा जबरजस्ती करणी गरेको भनी निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ८ वर्ष र हाडनाता करणी महलको १ नं. बमोजिम १० वर्ष कैदसमेत गर्ने ठहर्‌याई भएको बाँके जिल्ला अदालतको मिति २०७१।९।२३ को फैसला कानूनको व्याख्याको सन्दर्भमा फरक पर्नसक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।९।१२ मा भएको आदेश ।

सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१।९।२३ मा भएको फैसलामा यी पुनरावेदक प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम हदैसम्मको पन्ध्र वर्ष र जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ को हदैसम्मको आठ वर्ष कैदको सजाय तोकिएकोमा न्यायको रोहमा सो हद मिलेको नदेखिँदा सो हदसम्मको कैदको मात्रालाई केही उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(ङ)(१) बमोजिम दश वर्ष कैद र दफा १५(४) अनुसार एक वर्ष थप तथा जबरजस्ती करणीको ३ नं. को देहाय (४) अनुसार ६ वर्ष तजबिजी कैद कायम हुने र सोबाहेकको अन्य कसुर र सजायको हकमा सुरू फैसला मिलेकै देखिँदा सदर हुने भन्नेसमेत बेहोराले पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।१०।५ मा भएको फैसला ।

प्रस्तुत मुद्दामा सुरू बाँके जिल्ला अदालत तथा पुनरावेदन अदालतले मलाई हराई फैसला गर्दा मैले अनुसन्धानको क्रममा आरोपित कसुरमा साबित रहेको बयानलाई आधार लिइएको पाइन्छ । सो बयानलाई मैले सुरू अदालतमा बयान गर्दा झुठ्ठा हो भनी उल्लेख गरेकोले सो बयानलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्दैन । प्रस्तुत मुद्दामा मैले पीडितलाई भारतमा लगी पटकपटक जबरजस्ती करणी गरी भारतीय मूलका मानिसलाई समेत करणी गर्न लगाई पैसा लिएको र निजलाई मुम्बई लगी बिक्री गर्ने कुरासमेत गरेको भनी पीडितको जाहेरी दरखास्तलाई मात्र प्रमाणमा लिएको आधारसमेत कानूनसम्मत छैन । म प्रतिवादीको बयानबाट हालकी श्रीमती कान्छी भएको र मसँग झगडा गरी विदेश गएकी हुन् । निज कुवेत गएपछि घरमा पीडितसमेतको अभिभावक कोही पनि नभएकाले आफू काम गरी आएको भारतको कानपुरमा लिई गएको हुँ । पीडितले जाहेरवाली आमाको बहकाउमा आई जाहेरी दिएको कुरा मेरो साक्षीले समेत अदालतमा आई बकपत्र गरिदिएकोमा सोलाई प्रमाणमा ग्रहण नै नगरी फैसला भएको छ । म पुनरावेदकले जबरजस्ती करणी गरी पीडित रोए चिच्चाएको भए धर्मशालामा बस्ने अन्य मानिस तथा चौकीदारहरूले थाहा पाउनुपर्ने हो । धर्मशालामा चौबिसै घण्टा चौकीदार हुन्छन् । यसबाट जाहेरवालीले आमाको बहकाउमा आएर मेराउपर आरोप लगाएको अवस्था विद्यमान देखिन्छ । फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा प्रमाणको भार अभियुक्तमा सारिएको छ भन्दैमा हर अवस्थामा हरेक मुद्दामा वादी आफूले चाहिँ केही प्रमाण जुटाउन नपर्ने होइन अतः

जाहेरी दरखास्त र अनुसन्धान अधिकृतसमक्ष मैले गरेको बयान मात्र अभियोग पुष्टि गर्ने प्रमाण हुन नसक्ने हुँदा अभयोग दाबीबाट सफाइ पाउँ भनी पुनरावेदक प्रतिवादी जितबहादुर सुनारले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र ।

यसमा प्रतिवादी अदालतसमक्ष आरोपित कसुरमा इन्कार रहेको र पीडितको शारीरिक परीक्षण नै नभएको अवस्थामा जबरजस्ती करणीको कसुरसमेत गरेको ठहर्‌याई सोतर्फ सजाय गर्ने गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।१०।५ को फैसला विचारणीय देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेस गर्ने भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।२।२२ मा भएको आदेश ।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी जितबहादुर सुनारको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री ईन्दिरा सिलवालले प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही बयान गरेका छन् । सो कुरालाई निजका साक्षीले अदालतमा आई यी प्रतिवादीले पीडितलाई बेचबिखन तथा जबरजस्ती करणी गरेको होइन भनी बकपत्र गरिदिएका छन् । निजलाई अनुसन्धानको क्रममा आरोपित कसुरमा कुटपिट गरी साबिती बयान गराइएको हो । पुनरावेदकले पीडितलाई भारतमा लगी आफू र भारतीय मूलका मानिसलाई करणी गर्न लगाएको होइन । निजले पीडितलाई जबरजस्ती करणी गरेको भए धर्मशालामा रहेका चौकीदारले थाहा पाउनुपर्ने थियो । पीडितको स्वास्थ्य परीक्षण पनि भएको छैन । अतः मिसिल संलग्न रहेका प्रमाणहरूबाट यी प्रतिवादीले कसुर गरेको भन्ने कहींकतैबाट नदेखिएकाले निजहरूलाई सुरू जिल्ला अदालतले कसुरमा सजाय गर्ने गरी गरेको फैसलालाई कसुर यथावत् राखी सजायमा केही घटाई पुनरावेदन अदालत बुटवलले गरेको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिनुपर्ने भन्नेसमेत बेहोराको बहस गर्नुभयो ।

प्रत्यर्थी / वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेलले पीडित परिवर्तित नाम "कालिका सी" ले यी प्रतिवादीउपर किटानी जाहेरी दिएकी छन् । जाहेरीपश्चात् निजले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा जाहेरी बेहोरालाई समर्थन हुने गरी बयान दिई सो बयान सुरू जिल्ला अदालतबाट प्रमाणितसमेत भएको छ । प्रतिवादीले मौकामा गरेको बयानमा पीडितलाई भारतमा लगी आफूसमेतले करणी गरी निजलाई बेचबिखन गर्ने मनसाय राखेको कुरा स्वीकार गरेका छन् । घटना विवरण कागज गर्ने पीडितकी आमाले यी प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले भारतको कानपुरमा लगेको भनी लेखाई दिएकोसमेतका मिसिल संलग्न रहेका प्रमाणहरूबाट पुनरावेदन अदालत बुटवलले गरेको फैसलालाई सदर गरिपाउँ भन्नेसमेत बेहोराको बहस गर्नुभयो ।

प्रतिवादी जितबहादुर सुनारले पीडित नाम परिवर्तित "कालिका सी" लाई बेचबिखन गर्न भारतमा लगेको कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) को (क) र (ख) को कार्य गरी ऐ. दफा ३ को कसुर गरेको हुँदा निजलाई सोही ऐनको दफा १५(१) को देहाय (ङ)(१) बमोजिम सजाय गरी ऐ.१५(४) बमोजिम थप सजाय हुनका साथै ऐ. ऐनको दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन र निजले आफ्नो छोरी पीडित जाहेरवाली परिवर्तित नाम "कालिका सी" लाई जबरजस्ती करणी गरेकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. तथा मुलुकी ऐन, हाडनातामा करणी गर्नेको महलको १ नं. को कसुरमा निजलाई सोही ऐनको जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम सजाय गरी जबरजस्ती करणीको महलको २ नं. ले हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिम सजाय गरी ऐ. जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोग माग दाबी रहेकोमा सुरू जिल्ला अदालतबाट प्रतिवादी जितबहादुर सुनारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को देहाय २(ख) र ऐ. ऐनको दफा ३ अन्तर्गतको तथा मुलुकी ऐन, जबरजस्ती करणीको र हाडनाता करणीको महलको १ नं. बमोजिमको कसुरमा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को देहाय (ङ)(१) बमोजिम १५ वर्ष, सोही ऐनको दफा १५(४) ले थप १ वर्ष ६ महिना कैद र रू.१,००,०००।- जरिवाना तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ बमोजिम ८ वर्ष कैद र ऐ. हाडनाता करणीको महलको १ नं. बमोजिम १० वर्षसमेत ३४ वर्ष ६ महिना कैद र रू.१,००,०००।- जरिवाना हुने र ऐ. जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.५०,०००।- र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) ले रू.५०,०००।- समेत रू.१,००,०००।- क्षतिपूर्ति पाउने गरी सुरू बाँके जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादी जितबहादुर सुनारले आफूले सफाइ पाउनुपर्ने भन्नेसमेत बेहोराले पुनरावेदन अदालत नेपालगन्जमा पुनरावेदनपत्र दर्ता गरेकोमा पुनरावेदन अदालत बुटवलबाट कैदको मात्रालाई केही उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(ङ)(१) बमोजिम दश वर्ष कैद र दफा १५(४) अनुसार एक वर्ष थप तथा जबरजस्ती करणीको ३ नं. को देहाय (४) अनुसार ६ वर्ष कैद कायम हुने र सोबाहेकको अन्य कसुर र सजायको हकमा सुरू फैसलालाई सदर गर्ने गरी फैसला भएको देखिन्छ । सो फैसलामा चित्त नबुझाई अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी जितबहादुर सुनारको यस अदालतमा पुनरावेदनपत्र दायर हुन आएको देखिन्छ ।

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत नेपालगन्जबाट यी प्रतिवादीलाई सुरू बाँके जिल्ला अदालतबाट अभियोग दाबीबमोजिमको कसुरमा सजाय गर्ने गरी गरेको फैसलामा कसुरलाई यथावत राखी कैदमा केही उल्टी गरी प्रतिवादीलाई सजाय गर्ने गरी भएको फैसला मिलेको

छ, छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरअनुसार हुनुपर्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, जाहेरवाली परिवर्तित नाम "कालिका सी" ले म जाहेरवालीको आमा वैदेशिक रोजगारको सिलसिलामा कुवेत गएकी र अन्यायी बाबु जितबहादुर सुनार भारतको कानपुरमा कुक काम गर्दै आएकोमा म र भाइलाई समेत साथै लगेकोमा मलाई रिङ्गटा लाग्ने र टाउको दुख्ने भएकोले उपचारको लागि लखनउ लगेको बेलामा डर, धाक देखाई पटकपटक करणी गरी त्यस्को भोलिपल्ट कानपुर लगि पुन: जबरजस्ती गरी नचिनेको हिन्दी बोल्ने मानिससँग पैसा लिई जबरजस्ती करणी गराएको र मुम्बईमा लगी बिक्री गर्ने सल्लाहसमेत गरेको हुँदा उक्त कुरा आमालाई बताएपश्चात् आमाको सहयोगमा नेपाल आउन सफल भएको हुँदा निजलाई कानूनबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पीडितको जाहेरी परेको देखिन्छ । पीडितको जाहेरीपश्चात् अनुसन्धान अधिकृतसमक्षको बयानमा आफ्नो जाहेरीलाई समर्थन हुने गरी बयान गरी सो बयान बाँके जिल्ला अदालतबाट प्रमाणितसमेत भएको देखिन्छ । त्यसैगरी निजले सुरू जिल्ला अदालतमा बकपत्र गर्दा आफ्नो जाहेरी बेहोरा र सोमा भएको सहीछाप मेरै हो । विपक्षी बुबाले विदेश भारत लगी उपचार गराउने बहानामा मलाई जबरजस्ती करणी गरेका हुन् । पछि मैले आमालाई खबर गरेपश्चात् आमाले मेरो उद्धार गरेको हो भनी उल्लेख गरी बकपत्र गरिदिएको देखिन्छ ।

३. मौकामा बुझिएकी पीडितको आमा लक्ष्मी सुनारले म रोजगारको सिलसिलामा कुवेतमा रहेकी र प्रतिवादी मेरो श्रीमान् जितबहादुर सुनारसमेत भारत कानपुरमा काम गर्ने गरेका थिए । मेरो घर बर्दिया तारातालमा जाहेरवाली छोरी, अर्की छोरी र छोरा बस्दै आएका थिए । यस्तैमा जाहेरवाली छोरी बिरामी भएपश्चात् प्रतिवादीले छोरीलाई उपचार गर्न भारत लखनउमा लगी छेदीलाल धर्मशालामा राखी छोरीलाई विभिन्न डर त्रास धम्की दिई करणी गरी कानपुर स्थित कोठामा लगी सो ठाउँमा समेत पटकपटक करणी गरेपश्चात् निजले कानपुरकै एउटा होटलमा लगी मुम्बई घर भएका व्यक्तिसँग छोरीलाई बिक्री वितरण गर्ने कुरा गरेको कुरा जाहेरवाली छोरीले थाहा जानकारी पाई मलाई टेलिफोनबाट जानकारी गराएकी हुँदा म कुवेतबाट नेपाल आई भारत गई निज अन्यायीको पन्जाबाट छोरीलाई उद्धार गरी नेपाल ल्याएको हुँ भन्ने बेहोराले गरेको आफ्नो मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र गरिदिएको पाइन्छ । त्यसैगरी मौकामा बुझिएका पीडितका भाइ गणेशबहादुर सुनारले यी प्रतिवादीले पीडितलाई लखनउ र कानपुरको निजहरूको डेरा कोठामा पटकपटक जबरजस्ती करणी गरी मुम्बई घर भएका मानिसलाई बिक्री गर्न लागेको भनी दिदीले मलाई भनेकोले थाहा पाएको हुँ भनी घटना विवरण कागज गरी आफ्नो उक्त बेहोरा समर्थन हुने गरी अदालतमा बकपत्र गरिदिएको देखिन्छ । त्यसैगरी निजहरूको उक्त भनाइलाई अनुसन्धान अधिकृतसमक्ष स्वयं यी प्रतिवादीले पनि आरोप स्वीकार गरी बयान गरेबाट आरोपित वारदात स्थापित भएको मान्नुपर्ने देखिन्छ ।

४. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ५ बमोजिम पीडित आफैँले दिएको उजुरलाई अनुसन्धान अधिकृतले सोही ऐनको दफा ६(१) बमोजिम तुरून्तै बयान लिनुपर्ने र सो बयानलाई जिल्ला अदालतमा सोही ऐनको दफा ६(२) बमोजिम तत्काल प्रमाणित गराउनुपर्ने कानूनी व्यवस्था विद्यमान रहेको देखिन्छ । सो कानूनी व्यवस्था विधायिकाले मानव बेचबिखनजन्य कार्यलाई अति गम्भीर र संवेदनशील अपराधको कोटीमा राखी जाहेरी र अनुसन्धानको क्रममा पीडितले गरेको कागजलाई पछि यस्ता पीडित व्यक्ति सो कसुर गर्ने व्यक्तिको प्रभावमा परी अदालतमा बकपत्र गर्ने क्रममा आफ्नो मौकाको भनाइबाट विमुख नहुन भनी राखिएको हो । सो ऐनको दफा ६ को उपदफा (३) मा "उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने छ" भन्ने कानूनी व्यवस्था गरी पीडित अदालतमा नआई बकपत्र नगरेको खण्डमा पनि निजले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान बेहोरा यदि अदालतबाट प्रमाणित छ भने सो प्रमाणित बयानलाई प्रमाणमा ग्रहण गर्नुपर्ने कानूनी व्यवस्थाको कानूनले नै प्रत्याभूत गरिदिएको देखिन्छ । प्रस्तुत मुद्दामा पीडित भनिएकी जाहेरवालीले अदालतमा आई बकपत्र गरी आफ्नो जाहेरी बेहोरा र अदालतमा निजको प्रमाणित रहेको बयान बेहोरालाई समेत पुष्टि हुने गरी प्रतिवादीले आफूलाई भारतको लखनउ र कानपुरमा पटकपटक करणी गरी भारतीय नागरिकसमेतलाई करणी गर्न लगाई मुम्बईमा लगी बेच्ने योजना बनाएको भनी बकपत्र गरी दिएकोबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) बमोजिम निज पीडितको भनाइलाई प्रमाणमा ग्रहण गर्नुपर्ने देखिन्छ ।

५. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) मा "कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिने छ" भन्दै सोको खण्ड (क) मा "किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने" र खण्ड (ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" उल्लिखित कानूनी व्यवस्था हेर्दा किन्ने वा बेच्ने उद्देश्यले कसैले कसैलाई विदेशमा पुर्‍याएमा मानव ओसारपसार गरेको मान्नुपर्ने देखिन्छ । तर प्रस्तुत मुद्दाको तथ्यबाट

सुरूमा पीडित बिरामी रहेको कारणले निजका बाबु प्रतिवादीले यी पीडितको उपचार गर्ने भनी पीडित र निजका भाइसमेतलाई सँगै आफू काम गर्ने ठाउँ कानपुरमा लगेको देखिन्छ । एउटा बाबुले आफ्नो बिमारी छोरीलाई उपचारको लागि भारतमा लाने कुरालाई मात्र अन्यथा मान्नुपर्ने देखिँदैन । तर यी प्रतिवादीले उपचारको लागि पीडितलाई कानपुरबाट लखनउ लगेको समयमा डर, त्रास, धाक, धम्की दिई करकापमा पारी, नाजुक स्थितिको फाइदा लिई, पहिलोपटक जबरजस्ती करणी गरी सोपश्चात् कानपुरमा आई पटकपटक करणी गरेको र पछि एकजना भारतीय नागरिकलाई पनि करणी गर्न लगाई निजसँग मुम्बईमा लगी बेच्ने योजना बनाएको कुरा उल्लिखित कानूनी व्यवस्थाले अपराध घोषणा गरेको विषयभित्र नै पर्ने देखिन्छ ।

६. प्रतिवादीले मेरो कान्छी श्रीमती तथा पीडितको सौतेनी आमा लक्ष्मी सुनारसँग मेरो घर झगडाको कारणले मलाई फसाउन पीडितलाई उस्काई मेरो विरूद्ध झुठ्ठा जाहेरी दिन लगाएको हो भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा, पीडितका यी प्रतिवादी आफ्नो पिता र लक्ष्मी सुनार निजको आमा रहेको कुरामा विवाद रहेको देखिँदैन । पीडितको उमेर जाहेरी गर्दाको समयमा १६ वर्षको रहेको कुरा निजले दिएको जाहेरी दरखास्तमा लेखाएको उमेरबाट देखिन्छ । १६ वर्ष उमेर पुगेको बालिकाले आफूलाई जन्म दिने बाबुको विरूद्धमा अनाहकमा यति ठुलो गम्भीर आरोप लाउनुपर्ने कारण नदेखिँदा प्रतिवादीले लिएको उल्लिखित जिकिर विश्वासयोग्य देखिँदैन ।

७. प्रतिवादीले पीडितको स्वास्थ्य परीक्षणबिनै जबरजस्ती करणीको कसुर कायम गर्न मिल्ने होइन भनी लिएको जिकिरतर्फ विचार गर्दा, वारदातको प्रकृति, पीडितको बयान बेहोरा र मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाणबाट करणी भएको होइन भन्न नसकिने अवस्था हुँदा पीडितको अनुसन्धानको क्रममा स्वास्थ्य परीक्षण नगराएको कारणले मात्र यी प्रतिवादीले उन्मुक्ति पाउने देखिँदैन ।

८. प्रमाण ऐन, २०३१ को दफा १८ ले "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" र सोही ऐनको दफा २५ "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने कानूनी व्यवस्था रहेको अवस्थामा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले अदालतसमक्ष पेस गरेका पीडितलगायतका व्यक्तिहरूले प्रतिवादीले पीडितलाई बेचबिखन गरेको भनी लेखाई दिएका मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रस्तुत मुद्दामा वादीले आफ्नो दाबी माथि उल्लिखित तथ्यका आधारमा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको नै देखिन्छ । यस अवस्थामा आरोपित कसुरमा सफाइ पाउँ भनी पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन तथा निजको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिर र यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशको बुँदासँग समेत सहमत हुन सकिएन ।

९. तसर्थ, उपर्युक्त विवेचित आधार कारणबाट सुरू बाँके जिल्ला अदालतबाट प्रतिवादी जितबहादुर सुनारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को देहाय २(ख) र ऐ. ऐनको दफा ३ अन्तर्गतको कसुरमा सोही ऐनको दफा १५(१) को देहाय (ङ)(१) बमोजिम १५(पन्ध्र) वर्ष कैद गरी सोही दफाको उपदफा (४) ले थप १ वर्ष ६ महिना कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय ४ बमोजिम आठ (८) वर्ष कैद र ऐ. ऐनको हाडनाता करणीको महलको १ नं. बमोजिम १० वर्षसमेत गरी जम्मा ३४ (चौंतिस) वर्ष ६ महिना कैद र रू.१,००,०००।- जरिवाना हुने तथा मुलुकी ऐनको जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.५०,०००।- (पचास हजार) र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) ले रू.५०,०००।- समेत जम्मा रू.१,००,०००।- क्षतिपूर्तिसमेत पाउने गरी मिति २०७१।९।२३ मा गरेको फैसलामा कैदको मात्रालाई केही उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(ङ)(१) बमोजिम दस वर्ष कैद र दफा १५(४) अनुसार एक वर्ष थप तथा जबरजस्ती करणीको ३ नं. को देहाय (४) अनुसार ६ वर्ष कैद कायम हुने र सोबाहेकको अन्य कसुर र सजायको हकमा सुरू फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।१०।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी जितबहादुर सुनारको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत : नवराज जोशी

इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

फैसला मिति : २०७७।३।१
निर्णय नं. १०५९६
भाग: ६२ साल: २०७७ महिना: माघ अंक: १०
फैसला मिति :२०७७/०३/०१ ११०४

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७६-CR-०६६४

पुनरावेदक / वादी : L उपनामसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला झापा, धाइजन गाउँ विकास समिति वडा नं. ७ घर भई हाल परिवर्तन मेचीनगर नगरपालिका वडा नं. ११ स्थायी घर भई हाल कारागार कार्यालय, झापामा कैदमा रहेको मुना मगर मेचे

फैसला

न्या.पुरूषोत्तम भण्डारी : न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) (ग) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

मिति २०७१।०५।१६ गते बिहान ०८:०० बजेको समयमा हाम्रा छोरीहरू नाबालक S उपनाम र M उपनाम घर डेराकोठाबाट स्कुलमा कोचिङ क्लास लिनको लागि भनी स्कुल ड्रेस लगाई झोला बोकी गएकामा स्कुल छुट्टी भएपश्चात् पनि घरमा नआएपछि छोरीहरूको खोजी गर्दै जाँदा विपक्षीमध्येका मुना मगर मेचेले आफ्नो डेराकोठामा बोलाई मासु कोकलगायतका खाने कुरा दिई लोभलालचमा पारी वेश्यावृत्तिमा लाउने उद्देश्यले विभिन्न केटा (पुरूष) मानिसहरूसँग सम्पर्क गराइदिनेसमेतको कार्य गरेको र विपक्षीमध्येका केदार चौलागाइँले सञ्चालन गरेको होटलमा लगी होटलमा आउने पुरूषहरूसँग चिनजान गराई सँगै बियर खान लगाई पैसा कमाई हुन्छ भनी पुरूषहरूसँग शारीरिक सम्पर्कसमेत गर्न लगाएको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरी दरखास्त।

मिति २०७१।०५।१६ गते बिहान अन्दाजी ८:३० बजेको समयमा म र M उपनाम भएकी साथीलाई मुना मगर मेचेको घर डेरामा बोलाएकाले गयौं निजले स्कुल ड्रेस चेन्ज गर्न लगाई बसपार्कमा मेरो घर छ हेर्न जाउँ भनी हामीलाई एउटा रिक्सामा पठाइन्। निज एक्लै अर्को रिक्सामा आइन्। बसपार्कमा पुगेपछि नाम थाहा नभएको होटलमा सरासर लगी तलामाथि गएपछि अर्का प्रतिवादी केदार चौलागाइँ आई हाम्रो छेउमा बसे। निज केदार चौलागाइँले बियर मगाई जबरजस्ती हामीलाई खान लगाए र इन्कार गर्दा मुना मगर मेचेले समेत गाली गरिन्। सोही होटलमा आउने परपुरूषसँग साथी M उपनामलाई पैसा आउँछ भनी कोठामा जबरजस्ती छिराई बाहिरबाट केदार चौलागाइँले ढोका लगाई दिएका हुन्। यसरी निज मुना मगर मेचे र केदार चौलागाइँले हामीलाई विभिन्न होटलमा लगी यौन सम्पर्क गर्नलाई जबरजस्ती गर्ने र भारतको मोतीगाडा साइन सिटी घुम्न जाउँ भनेको हुँदा हामीलाई बेचबिखन गर्ने उद्देश्यले वेश्यावृत्तिमा लगाउन त्यसरी विभिन्न होटलमा लगी कस्टमरबाट पैसासमेत मुना मगर मेचे र केदार चौलागाइँले लिएको हुँदा निजहरूलाई कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको वर्ष १५ की पीडिता S उपनामले संरक्षकको रोहबरमा गरेको बयान कागज।

यी मुना मगर मेचे र केदार चौलागाइँले म र S उपनाम गरेकी साथीलाई डर त्रासमा पारी विभिन्न मितिमा खानेकुरा खान भनी बोलाई नचिनेका पुरूष मानिससँग राखी निजहरूले कस्टमरबाट रकम लिने गरेको र भारतसम्म लाने योजना बनाई हामीलाई समेत जाउँ भनी फकाउने कार्य गरेको हुँदा निजहरूले हामीलाई बेच्ने कुरा पक्का भएको हो। निज मुना मगर मेचेले केदार चौलागाइँको होटलमा लगी पुरूष मानिससँग बस पैसा कमाई हुन्छ भनेको हो निजहरूलाई कानूनबमोजिम हुनुपर्छ भन्नेसमेत बेहोराको वर्ष १५ की M उपनामले संरक्षकको रोहवरमा गरेको बयान कागज।

मुना मगर मेचेले अन्य M र S उपनामका केटीहरू र अर्को पुरूष मानिससमेतसँग आई मेरो तमोर होटल लजमा बसी बियर, रेडबुल, स्प्राइट र पानी खाएका हुन्। काउन्टरमा अन्य मानिस नभएको हुँदा अर्डरअनुसारको सामान मैले लगी दिएको हुँ। निजहरूसँगै बसेर मैले बियर खाएको होइन। निजहरू लगभग १ घण्टा जति बसी गएका हुन् मैले बियर रेडबुल स्प्राइट पानी र कोठाको पैसा लिएको हुँ। मैले

त निजहरूलाई सबै एकआपसमा चिनजान भएर आएको होला जस्तो लाग्यो । अन्य मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी केदार चौलागाइँको अधिकारप्राप्त अधिकारीसमक्षको बयान ।

जाहेरवालाहरू L र B उपनाम भएका महिलाहरू र पीडिताहरू S उपनाम र M उपनाम गरेकालाई चिन्दछु । निज पीडिताहरू S उपनाम र M उपनामका बालिकाहरू घुम्न खान रमाइलो गर्न उत्साहित हुने भएकाले मसँग हिँडेका हुन् । त्यसरी कलिला उमेरका केटीहरूसँग केटाहरूसँगै बस्ने खाने र यौन सम्पर्क गर्न गराउन पाएमा हामीलाई मिठो खुवाउने र पैसासमेत दिने र त्यसरी दिएको पैसा मेरो खटनमा रहन्छ भन्ने आशाले मैले नाबालिका S उपनाम र M उपनामलाई लिई हिँडेको हो । गफ गर्दै जाँदा राम्रो पैसावाल केटा कोही भए भारत मोतीगाडा घुम्न जानुपर्छ भन्ने कुरा भएको हो । गएका

थिएनौं । मिति २०७१।०५।१६ गते S उपनाम र M लाई प्रलोभनमा पारी लिएर केदार चौलागाइँको होटलमा गई बियरलगायतका खानेकुरा खाएको हो । एउटा मंगोलियन नचिनेको केटा मानिससँग M उपनामकी बहिनी एकछिन कोठाभित्र बसेकी हुन् तर पैसा लिनुदिनु भएन भन्नेसमेत बेहोराको प्रतिवादी मुना मगर मेचेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जिल्ला झापा शनिअर्जुन नगरपालिका वडा नं. ९ स्थित पूर्वमा केशव भट्टराईको घर, पश्चिममा राजमार्गबाट बसपार्क जाने बाटो, उत्तरमा दुर्गा दुध डेरी पसल, दक्षिणमा वीरबहादुर कुरूङवाङ्गको घर यति चार किल्लाबिचमा रहेको दामोदर घिमिरेको घर सोही घरमा केदार चौलागाइँले तमोर गेष्ट हाउस सञ्चालन गरेको सोही गेष्ट हाउसको दोस्रो तलामा मिति २०७१।०५।१६ गते दिउँसो मुना मगर मेचेले पीडिताहरू S उपनाम र M उमनामलाई लिई पुरूष मानिससँग राखी मादक पदार्थ बियरलगायत स्प्राइट, रेडबुल, जुससमेत खुवाएको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

प्रतिवादी केदारनाथ चौलागाइँलाई प्रहरीले पक्राउ गरेको सुनी बुझ्दा प्रतिवादीमध्येकी मुना मगर मेचेको साथमा मिति २०७१।०५।१६ गते दिउँसो S उपनाम र M उपनाम भएका महिला पनि आई केदारनाथ चौलागाइँको होटलमा बसी बियर खाई केही बेरपछि निजहरूसँगै आएको केटा मानिससँग गएको भन्ने सुनेको हो । पछि बुझ्दा उक्त राति ती पीडिताहरू घरमा नपुगेपछि अभिभावकले सोधीखोजी हुँदा मुना मगर मेचेले स्कुल ड्रेस चेन्ज गराई केदारनाथ चौलागाइँको होटलमा S उपनाम र M लाई लगेको रहेछ । प्रतिवादी मुना मगर मेचेले कोसँग के कसरी सम्पर्क गरी त्यसरी केदारनाथ चौलागाइँको होटलमा पुर्‍याए थाहा भएन । प्रतिवादीहरू मुना मगर मेचे र केदारनाथ चौलागाइँको मिलेमतोमा योजनासाथ S उपनाम र M लाई होटलमा ल्याई शारीरिक सम्पर्क गराई सोबाट आर्थिक लाभ लिने उद्देश्यले राखेको जस्तो लाग्दैन भन्नेसमेत बेहोराको श्याम शाह ठकुरीले गरेको कागज ।

मिति २०७१।०५।१७ गते प्रतिवादीहरू केदारनाथ चौलागाइँ र मुना मगर मेचे पक्राउ परेको भन्ने सुनी बुझ्दा प्रतिवादी मुना मगर मेचेले पीडिताहरू S उपनाम र M लाई प्रतिवादी केदारनाथ चौलागाइँले सञ्चालन गरेको होटलमा अर्को केटासहित लिई आई खाने कुरा खाई गएको भन्ने बुझेको हो । निज प्रतिवादी केदारनाथ चौलागाइँले होटलमा महिला राख्ने यौन व्यवसायमा लगाउने कार्य गरेको थाहा छैन । निज मुना मगर मेचेले के कुन उद्देश्यले जाहेरवालाहरूको छोरीहरू S उपनाम र M लाई त्यहाँसम्म ल्याइन् थाहा भएन । प्रतिवादीहरूले पीडिताहरूलाई बेच्ने नै उद्देश्यले ल्याई होटलमा राखेको जस्तो लाग्दैन । त्यसरी स्कुल जाने विद्यार्थी केटीहरूलाई मुना मगर मेचेले किन होटलमा पुर्‍याइन् थाहा भएन भन्नेसमेत बेहोराको भेषराज मिश्रले गरेको कागज ।

मिति २०७१।०५।१६ गते जाहेरवालीहरू L र B उपनामका महिलाहरूको छोरीहरू S उपनाम र M उपनाम गरेको महिलाहरू हराएकाले प्रहरीमा खबर गरी अभिभावकसमेत भई खोजी गर्ने क्रममा ऐ. १७ गते पीडिताहरूलाई फेला पारी सोधीखोजी गर्दा आफूहरूलाई मुना मगर मेचेले प्रतिवादी केदारनाथ चौलागाइँको होटलमा पुर्‍याई केटासँग गफ गरी बसेको भन्ने कुरा सुनाएका हुन् । अन्य कुरा थाहा भएन । प्रतिवादीहरूले के कुन प्रयोजनको लागि S उपनाम र M लाई होटलसम्म पुर्‍याए भन्न सक्दिन । वेश्यावृत्तिमा लगाउन लगेको होइन जस्तो लाग्छ भन्नेसमेत बेहोराको नारायण राजवंशीसमेतले एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरूले पीडिताहरूलाई बेचबिखन गर्ने उद्देश्यले संरक्षकको मन्जुरीबेगर स्कुल जाने समयमा विभिन्न प्रलोभन देखाई मादक पदार्थसमेत खुवाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले उल्लिखित वारदात घटित गराएको देखिँदा प्रतिवादीहरू मुना मगर मेचे र केदारनाथ चौलागाइँको उल्लिखित कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुर अपराधमा ऐ. ऐनको दफा १५(१)(छ) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा २२ समेतको कसुर कायम हुनसमेतको मागदाबीसहितको अभियोगपत्र ।

मौकामा भएको बयान बेहोरा मेरो होइन । सहीछाप मात्र मेरो हो । मैले पीडिताहरूलाई वेश्यावृत्तिमा लगाउने, बेचबिखन गर्ने उद्देश्यले कुनै कसुर गरेको छैन । मैले कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी मुना मगर मेचेले सुरू अदालतमा गरेको बयान ।

मौकामा भएको बयान बेहोरा र सहीछाप मेरै हो । मैले कुनै कसुर अपराध गरेको छैन । मउपरको आरोप झुठ्ठा हो । मैले कसुर अपराध नगरेको हुँदा मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सुरू अदालतमा प्रतिवादी केदार चौलागाइँले गरेको बयान ।

यी प्रतिवादीहरू निर्दोष रहेनछन् भन्नसक्ने अवस्था विद्यमान नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रस्तुत मुद्दाको घटनाको अवस्था र प्रकृतिसमेतका आधारमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय ५×१० बमोजिम प्रतिवादी मुना मगर मेचेबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) र प्रतिवादी केदार चौलागाइँबाट रू.५०,०००।- (पचास हजार रूपैयाँ) नगद वा सो बराबरको जेथा जमानत दिए लिई मुद्दा पुर्पक्षका लागि तारेखमा राख्नू। माग भएको धरौट दिन नसके अदालती बन्दोबस्तको १२१ नं. बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय, झापामा पठाइदिनु भन्नेसमेत बेहोराको झापा जिल्ला अदालतको मिति २०७१।६।६ को थुनछेक आदेश।

घटना विवरण कागजको बेहोरा र सोमा भएको सहीछाप मेरै हो। प्रतिवादी केदारले कसैलाई मानव बेचबिखन तथा ओसारपसार गरेको छैन। यी प्रतिवादी र होटलसमेतको बदनाम गरी होटल व्यवसाय बन्द गर्न खेलिएको खेल मात्र भएकोले झुठ्ठा अभियोग माग दाबीबाट सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई घटना विवरण कागज गर्ने भेषराज मिश्रले गरेको बकपत्र।

घटनास्थल मुचुल्काको बेहोरा र सोमा भएको सहीछाप मेरै हो। यस मुद्दामा प्रतिवादी केदारको संलग्नता छैन र उनलाई लगाइएको आरोप झुठ्ठा हो भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई घटनास्थल मुचुल्काका मानिस कृष्ण भट्टराईले गरेको बकपत्र।

प्रतिवादी केदारले कसैलाई बेचबिखन तथा ओसारपसार गरेको छैन। उनी पूर्णरूपमा निर्दोष छन्। प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई प्रतिवादी केदार चौलागाइँका साक्षी अजय देवले गरेको बकपत्र।

अनुसन्धानको क्रममा भएको बयान कागजको बेहोरा र सोमा भएको सहीछाप मेरै हो। प्रतिवादी मुना मेचेले ढाँट्दै सुरूदेखि लगेको हुँदा ढाँटेकोमा सजाय हुनुपर्छ र प्रतिवादी केदारलाई शंकाको भरमा उनको नाम लेखाएकोले उनी निर्दोष भएकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई पीडिता S उपनामले गरेको बकपत्र।

जाहेरी दरखास्तको बेहोरा र सहीछाप मेरै हो। पीडिताहरूलाई यहाँसम्म पुर्‍याउने प्रतिवादी मुना मगर मेचेलाई सजाय हुनुपर्दछ। प्रतिवादी केदार चौलागाइँको यस अपराधमा कुनै संलग्नता नरहेको हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई जाहेरवाली L उपनामले गरेको बकपत्र।

जाहेरी दरखास्तको बेहोरा र सोमा भएको सहीछाप मेरै हो। बेचबिखन गरे नगरेको थाहा भएन। पीडिताहरूलाई हप्काएर पठाउनुपर्नेमा आफ्नो छोरीको कपडा लगाई त्यस्तो कार्य गरेकोमा सजाय हुनुपर्दछ। प्रतिवादी केदारको यस अपराधमा संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई जाहेरवाली B उपनामले गरेको बकपत्र।

अनुसन्धानको क्रममा भएको बयान कागजको बेहोरा र सहीछाप मेरै हो। प्रतिवादी मुनाले मलाई झुक्काई प्रतिवादी केदारको होटलमा पुर्‍याएको हो। यसमा प्रतिवादी केदारको कुनै संलग्नता छैन। उनले सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको सुरू अदालतमा उपस्थित भई पीडिता M उपनामले गरेको बकपत्र।

प्रस्तुत मुद्दामा पीडिता र जाहेरवालासमेतको अदालतमा आई भएको बकपत्र र यी प्रतिवादीहरू प्रहरी र अदालतमा भएको बयानलाई समेत मिसिलसंलग्न अन्य सबुद प्रमाणलाई विवेचना गरी हेर्दा, यसमा प्रतिवादीमध्येका केदार चौलागाइँले वादी नेपाल सरकारले लिएको अभियोग दाबी पुष्टि हुने कुनै शंकारहित प्रमाण पेस हुनसकेको नपाइँदा निज प्रतिवादी केदार चौलागाइँले प्रस्तुत मुद्दाको अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। यी प्रतिवादी मुना मगर मेचेको हकमा वादी नेपाल सरकारले लिएको अभियोग दाबी पुष्टि भएको पाइँदा निजलाई वादी नेपाल सरकारले लिएको अभियोग दाबी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(छ) बमोजिम ८ (आठ) वर्ष कैद हुने ठहर्छ। निज मुना मगर मेचेले नाबालकहरूको हकमा प्रस्तुत कसुर गरेको स्थापित भएको पाइँदा ऐ. ऐनको दफा २२ बमोजिमको वादी नेपाल सरकारको अभियोग दाबीसमेत पुग्ने ठहर्छ भन्ने सुरू झापा जिल्ला अदालतबाट मिति २०७१।८।१० मा भएको फैसला।

नौजना अपराधी छुटुन्, एकजना पनि निरअपराध व्यक्ति पर्नु हुँदैन भन्ने फौजदारी कानूनको स्थापित सिद्धान्त नै हो। म पुनरावेदकको निर्दोषिता स्थापित तथ्य र कानूनविपरीत प्रमाण ऐन, २०३१ को दफा ३,१८, ५४ तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को ३ दफा ४(२)(ख) र दफा १५(१)(छ) को व्याख्यात्मक एवं प्रयोगात्मक त्रुटि गरी म पुनरावेदक मुना मेचेलाई ८ वर्ष कैद हुने ठहर गरी मिति २०७१।०८।१० मा सुरू झापा जिल्ला अदालतले गरेको ठहर फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी गरी म पुनरावेदकको पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मुना मगर मेचेको पुनरावेदनपत्र।

यसमा प्रतिवादी मुना मगर मेचे अदालतसमक्षको बयानमा कसुरमा इन्कार रहेको, जाहेरवालीले बकपत्र गर्दा मानव बेचबिखनमा उजुरी दिएको होइन, बेचबिखन गरेको हो होइन थाहा छैन भनी बकपत्र गरेको देखिएको र पीडितहरूको बकपत्र बेहोरामा समेत प्रतिवादीले निजहरूलाई बेचबिखन गरेको भन्ने स्पष्ट उल्लेख भएको नदेखिँदा सुरू झापा जिल्ला अदालतबाट मिति २०७१।०८।१० मा पुनरावेदक प्रतिवादीलाई आरोपित कसुरमा सजाय हुने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको आधारमा फरक पर्न सक्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) र (४) बमोजिम उच्च सरकारी वकिल कार्यालय, इलामलाई आदेशको

जानकारी दिई नियमानुसार गरी पेस गर्नु भन्ने उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०२।२९ मा भएको आदेश।

जाहेरवालाहरूको बकपत्रसमेतबाट घरबाट स्कुल ड्रेस लगाई पठाइएका पीडितहरू प्रतिवादी मुना मगर मेचेको घरमा स्कुल ड्रेस चेन्ज गरी आउट ड्रेस लगाई निज पीडितहरूलाई बसपार्कमा रहेको घरमा लग्ने भनी प्रतिवादी केदार चौलागाइँको होटलमा लगी पीडितहरूमध्ये परिवर्तित नाम M लाई अर्को मानिस रहेको कोठाभित्र पठाई कोठाको चुकुल बाहिरबाट लगाइएको र कोठाभित्र माथि प्रकरण २ मा लेखिएबमोजिमको परिस्थितिमा पीडित M परेको देखिएबाट प्रतिवादी मुना मगर मेचेले पीडितहरूलाई शोषण गर्ने उद्देश्यले प्रतिवादीको होटलमा पुर्‍याई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २ (ख) को कसुर गरेको देखिएकाले सुरू झापा जिल्ला अदालतको अभियोग दाबीबमोजिमको कसुरमा ऐ. को दफा १५ (१) (छ) बमोजिम निज प्रतिवादीलाई आठ वर्ष कैद गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको देखिन आएन। पुनरावेदक प्रतिवादी मुना मगर मेचेको सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। कसुरसँग सान्दर्भिक तथ्य सम्बद्ध प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा कोठाको चुकुल कसले खोली पीडित कोठाबाट बाहिर निस्केको भन्ने जस्ता असान्दर्भिक तथ्यमा एकरूपता नदेखिएको भन्ने कुरा प्रतिवादीको हकमा सफाइको आधार हुन सक्तैन। प्रतिवादी मुना मगर मेचेले पीडितहरू वर्ष १५ का परिवर्तित नाम S र M लाई शोषण गर्ने उद्देश्यले गेष्ट हाउससम्म लगी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) को कसुर गरेको देखिएकोमा ऐ. को दफा १५(१ (च) बमोजिम सजाय हुनेमा ऐ. को दफा ३,४(२)(ख) को कसुरमा ऐ. को दफा १५(१)(छ) बमोजिम आठ वर्ष कैदको सजाय हुने गरी भएको सुरू झापा जिल्ला अदालतको मिति २०७१।०८।१० को फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई प्रतिवादी मुना मगर मेचेले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादीलाई ऐ. को दफा १५(१)(च) बमोजिम एक वर्ष कैद हुने र निज प्रतिवादीले ऐ. को दफा २२ बमोजिम नैतिक पतन हुने कसुर गरेकोसमेत ठहर्छ भन्ने मिति २०७६।०३।२२ मा उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला।

प्रतिवादी मुना मगर मेचेले नाबालिका पीडिताहरूलाई ललाई फकाई गरी होटलसम्म लगी केटाहरूसँग कोठाभित्र राख्ने काम गरेको र भारतसम्म जानुपर्छ भनी भनेकोसमेत भनी यी पीडिताहरूले अदालतमा समेत आई बकपत्र गरिदिएकोसमेतका मिसिल संलग्न प्रमाणबाट पीडिताहरूलाई बेचबिखन गर्ने उद्देश्यले संरक्षकको मन्जुरीबेगर स्कुल गएको समयमा विभिन्न प्रलोभन देखाई मादक पदार्थसमेत खुवाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले उल्लिखित वारदात घटाएको पुष्टि भएको तथ्यलाई सुरू फैसलामा नै स्वीकार गरिसकेको अवस्थामा उच्च अदालत विराटनगर, इलाम इजलासबाट शोषण गर्ने उद्देश्यले प्रतिवादीले पीडितलाई होटलमा लिएर गएको भन्ने आत्मनिष्ठ आधार ग्रहण गरी भएको फैसला कानूनीरूपमा त्रुटिपूर्ण छ। पीडित बालिकाहरूलाई प्रतिवादीमध्येकी मुना मगर मेचेले मिति २०७१।०५।०२, २०७१।०५।०९ र ऐ. २०७१।०५।१६ गते गरी विभिन्न मितिमा आफूकहाँ बोलाई स्कुल ड्रेससमेत चेन्ज गर्न लगाई विभिन्न होटलमा लगी नचिनेका पुरूष सँगसँगै बसाई मादक पदार्थ खुवाउने र हिँड्ने बेलामा रकमसमेत दिई लोभ लालचमा पारी ललाई फकाई, प्रलोभनमा पारी विभिन्न प्रपञ्च मिलाई प्रतिवादी केदार चौलागाइँको तमोर गेष्टहाउसमा लगी जबरजस्ती बियर खान लगाई अन्य मानिसहरू आउँछन् भनी कोठामा गएर बस भनी पीडिताहरूलाई अपरिचित पुरूष मानिससँग कोठाभित्र बस्न लगाई कोठा बाहिरबाट चुकुलसमेत लगाई रूपैयाँ पैसा कमाई हुन्छ भनी वेश्यावृत्तिमा लगाउन उत्प्रेरित गरेको र धनी केटाहरू फेला परेमा भारत मोतीगाढा साइन्स सिटीसमेत घुम्न जानुपर्छ भनी पीडितहरूलाई बेचबिखन गर्ने उद्देश्यले स्कुल गएका समयमा विभिन्न प्रलोभन देखाई मादक पदार्थसमेत खुवाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले उल्लिखित वारदात घटित गराएको तथ्य जाहेरी दरखास्त, पीडिताहरूको प्रमाणित बयान, पीडिताहरूले अदालतमा गरिदिएको बकपत्र जाहेरवालाको बकपत्रलगायतको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादी मुना मगर मेचेलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा सो नगरी दाबी परिवर्तन गरी कम सजाय गरिएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण छ।

प्रतिवादी मुना मगर मेचेले कसुरजन्य कुरामा अनुसन्धान अधिकारीसमक्ष साबित भई अदालतसमक्ष इन्कारी बयान गरे तापनि निज मुना मगर मेचेले के कति कारणले नाबालिका पीडिताहरूलाई विभिन्न होटलमा विभिन्न समयमा लगी परपुरूष मान्छेसँग भेटाई मादक पदार्थ खुवाई पटकपटक पैसा दिनुको कारण, तिमीहरू केटाहरूसँग बस्नुपर्छ पैसा कमाई हुन्छ भन्नुको कारण र जबरजस्ती पीडितलाई अपरिचित पुरूष मानिससँग तमोर गेष्ट हाउसको कोठाभित्र बस्न लगाई बाहिरबाट चुकुल लगाउनुको कारणबारे कुनै वस्तुनिष्ठ र विश्वसनीय प्रमाण पेस गर्न सकेकी छैनन्। यसै सन्दर्भमा "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीउपर रहने गरी विशेष व्यवस्था गरेको पाइन्छ। सो दफामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ। अत: उल्लिखित आधार प्रमाणबाट प्रत्यर्थी/ प्रतिवादी उपरको अभियोग दाबी पुष्टि भइरहेको अवस्थामा प्रस्तुत मुद्दाको तथ्यसँग मेल नखाने गरी अभियोग दाबीभन्दा फरक कसुर कायम गरी अभियोग दाबी परिवर्तन गरी प्रतिवादीलाई कम सजाय गरिएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला त्रुटिपूर्ण हुँदा सो फैसलालाई बदर गरी

प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत पुनरावेदनपत्रसहितको मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गोविन्दप्रसाद उपाध्यायले प्रस्तुत मुद्दामा प्रतिवादी मुना मगर मेचेले १५ वर्षका नाबालिका उपनाम M र S दुईजना पीडिताहरूलाई आर्थिक प्रलोभनमा पारी तिमीहरू केटाहरूसँग बस्नुपर्छ पैसा राम्रो कमाई हुन्छ भनी जबरजस्ती अपरिचित पुरूष मानिससँग तमोर गेष्ट हाउसको कोठाभित्र बस्न लगाई बाहिरबाट चुकुल लगाई राखेको अवस्था छ । यी प्रतिवादीले आफू निर्दोष भएको कुनै वस्तुनिष्ठ र विश्वसनीय प्रमाण पेस गर्नसकेको अवस्था छैन । यसरी प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भइरहेको अवस्थामा प्रस्तुत मुद्दाको तथ्यसँग मेल नखाने गरी अभियोग दाबीभन्दा फरक कसुर कायम गरी अभियोग दाबी परिवर्तन गरी प्रतिवादीलाई कम सजाय गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला त्रुटिपूर्ण भएकाले सो फैसलालाई बदर गरी निजलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०३।२२ मा भएको फैसला मिलेको छ, छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

प्रस्तुत मुद्दामा प्रतिवादी मुना मगर मेचेले पीडिताहरूलाई बेचबिखन गर्ने उद्देश्यले संरक्षकको मन्जुरीबेगर स्कुल जाने समयमा विभिन्न प्रलोभन देखाई मादक पदार्थसमेत खुवाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले उल्लिखित वारदात घटित गराएको देखिँदा प्रतिवादीहरू मुना मगर मेचेको उल्लिखित कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुर अपराधमा ऐ. ऐनको दफा १५(१)(छ) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा २२ समेतको कसुर कायम गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको मुख्य अभियोग दाबी रहेको पाइन्छ ।

निर्णयतर्फ विचार गर्दा, सुरू झापा जिल्ला अदालतबाट यी प्रतिवादी मुना मगर मेचेलाई ८ वर्ष कैद सजाय हुने ठहर भएकोमा उच्च अदालत विराटनगर, इलाम इजलासले सो फैसलालाई केही उल्टी गरी यी प्रतिवादीलाई सुरू अभियोग मागदाबीभन्दा कम सजाय हुने गरी १ वर्ष मात्र कैद सजाय हुने ठहर गरेकोमा सो फैसलाउपर चित्त नबुझाई प्रस्तुत पुनरावेदन पर्न आएको पाइन्छ ।

२. अब, उल्लिखित पुनरावेदन जिकिर रहेतर्फ हेर्दा, प्रतिवादी मुना मगर मेचेले अदालतमा गरेको बयानमा मौकाको बयान नसुनाई सही गराएको हुँदा उक्त बयान बेहोरा मेरो होइन भनी लेखाएको देखिन्छ । निज प्रतिवादी मुना मगर मेचेले अदालतसमक्ष गरेको सो बयानबाट पीडितहरू परिवर्तित नाम S र M सँग अर्का प्रतिवादी केदार चौलागाइँको होटलमा गएको भन्ने देखिन्छ । पीडितहरूले अदालतमा गरेको बकपत्रबाट प्रतिवादी मुना मगर मेचेले निजहरूलाई बिर्तामोड बसपार्कमा आफ्नो घर छ भनी भने पनि उनीहरूलाई त्यहाँ नलगी प्रतिवादी केदार चौलागाइँको होटलमा लगेको भन्ने तथ्य मिसिलसंलग्न कागजातहरूबाट देखिन्छ । प्रतिवादी केदार चौलागाइँको अदालतको बयानमा पनि प्रतिवादी मुना मगर मेचेसहित पीडितहरू केदार चौलागाइँको होटलमा बस्न गएको भन्ने उल्लेख भएको देखिन्छ ।

३. प्रस्तुत मुद्दाका अर्का प्रतिवादी केदार चौलागाइँको होटलमा पीडितहरूमध्ये परिवर्तित नाम M लाई प्रतिवादी मुना मगर मेचेले कोठामा अङ्कलसँग गफ गर्न जाउ भनी पठाएको र कोठाभित्र पसेपछि बाहिरबाट निज प्रतिवादीले चुकुल लगाई कोठाभित्रको मानिसले पीडित M को हात समाई एकछिन बसाएको भन्ने निजको बकपत्रबाट समेत देखिन्छ । घटना भएको दिन मिति २०७१।०५।१६ मा वर्ष १५ का नाबालिका दुवै पीडितहरू उक्त दिन बिहान प्रतिवादी मुना मगर मेचेको घरमा स्कुल ड्रेसमै आएको र सोही स्थानमा निजहरूले आउट ड्रेस चेन्ज गरेको भन्ने बेहोरा निज प्रतिवादी मुना मगर मेचेको अदालतको बयानमा लेखाएको पाइन्छ ।

४. त्यसैगरी पीडितहरूको अनुसन्धानको क्रममा भएको बयान कागज र निजहरूले अदालतमा गरेको बकपत्र र जाहेरवालाहरूको बकपत्रसमेतबाट पनि यी पीडितहरूलाई प्रतिवादी मुना मगर मेचेले उनीहरूलाई ललाई फकाई गरी बियर तथा रेडबुल जस्ता कुराहरू खान दिई राम्रो कमाई हुन्छ भनी आर्थिक प्रलोभनमा पारी अर्का प्रतिवादी केदार चौलागाइँको होटलको कोठामा केटाहरूसँग राखी बाहिरबाट यी प्रतिवादी मुना मेचेले चुकुलसमेत लगाई दिएको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन आएको छ ।

५. प्रस्तुत मुद्दामा जाहेरवालाहरू L र B ले आफ्नो जाहेरी बेहोरा तथा निजहरूले अदालतमा बकपत्र गर्दा घरबाट स्कुल ड्रेस लगाई पठाइएका पीडितहरूलाई प्रतिवादी मुना मगर मेचेले ललाई फकाई गरी आफ्नो घरमा लगी स्कुल ड्रेस चेन्ज गरी आउट ड्रेस लगाई पीडितहरूलाई बसपार्कमा रहेको घरमा लग्ने भनी प्रतिवादी केदार चौलागाइँको होटलमा लगी पीडितहरूमध्ये परिवर्तित

नाम M लाई अर्को मानिस रहेको कोठाभित्र पठाई कोठाको चुकुल बाहिरबाट लगाई दिएको र कोठाभित्र पीडित M परेको देखिएबाट प्रतिवादी मुना मगर मेचेले पीडितहरूलाई शोषण गर्ने उद्देश्यले प्रतिवादीको होटलमा पुर्‍याइएको देखिन्छ ।

६. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" जस्ता कुनै कार्य कसैले गरेमा मानव ओसारपसारको कसुर गरेको मानिने छ भन्ने व्यवस्था र सोही ऐनको दफा १५(१)(च) मा "शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद" हुने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । तर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) अनुसार वेश्यावृत्तिमा लगाउने कार्यसमेत गरेको नभई जबरजस्तीसमेत नगरिएको र त्यस्तै प्रकारले अपहरण गरेको वा शरीर बन्धक राखी नाजुक स्थितिको फाइदा लिई बेहोस पारी बल शक्तिको समेत दुरूपयोग गरी डर, धाक, धम्कीसमेत प्रयोग गरी कर कापमा पारी अपहरण गरेको अवस्थासमेत नदेखिँदा अभियोग दाबीबमोजिमको कसुर भएको अवस्था देखिँदैन । प्रतिवादीले शोषण गर्ने उद्देश्यबाट एकाठाउँबाट अर्को ठाउँमा लिएको अवस्थासम्म देखिन आएबाट प्रतिवादी मुना मगरको उक्त कार्य मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा (शोषण गर्ने उद्देश्यले) लिएकोसम्म देखिँदा सोही ऐनको दफा १५ (१) (च) अनुसार सजाय गर्नुपर्ने अवस्था देखिन आयो ।

७. फौजदारी कसुरमा जसले जे जस्तो कसुर गरेको हो सोही कसुरअनुसारको नै सजाय हुनु न्यायोचित हुन जाने हुन्छ । केवल कसुर कायम भयो भन्दैमा कसुरको मात्रालाई विचारै नगरी ठुलो सजाय गराउने र गर्ने उद्देश्यबाट अभिप्रेरित भई बलपूर्वक व्याख्या गरी ठुलो सजाय तोकिनु फौजदारी न्यायको मर्मविपरीत हुन जाने भई न्यायको अनुभूतिसमेत हुन सक्दैन अतः कसुरअनुसारकै सजाय तोकिनु न्यायको मर्म पनि हो भने न्यायोचित कुरा पनि हुन आउँछ ।

८. प्रस्तुत मुद्दामा प्रतिवादीमध्येकी मुना मगर मेचेले जाहेरवालाहरू र पीडितहरूले उल्लेख गरेको बेहोराबाट पनि यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर नगरी मानव बेचबिखन तथा ओसारपसार ऐनको उल्लिखित कसुरसम्म गरेको देखिन आउँछ । यसरी प्रतिवादी मुना मेचेले उक्त ऐनको दफा २(ख) को कसुर गरेको देखिएकाले सुरू झापा जिल्ला अदालतको अभियोग दाबीबमोजिमको कसुरमा ऐ. को दफा १५ (१) (छ) बमोजिम निज प्रतिवादीलाई आठ वर्ष कैद सजाय गर्ने गरी मिति २०७१।०८।१० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिएकोले उक्त फैसला केही उल्टी भई निज प्रतिवादी मुना मगर मेचेलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (च) अनुसार १ वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

९. अतः उल्लिखित कानूनी व्यवस्था, मिसिल संलग्न प्रमाण, कागजहरूसमेतका आधार र कारणहरूसमेतबाट प्रतिवादी मुना मगर मेचेलाई निजउपर लगाइएको सुरू अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) अनुसारको कसुर गरेको ठहर्‍याई सोही ऐनको दफा १५(१) (छ) बमोजिम ८ वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी निज प्रतिवादी मुना मगर मेचेले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) अनुसारको कसुर गरेको ठहर्‍याई सोही ऐनको दफा १५(१) (च) अनुसार १ वर्ष मात्र कैद सजाय हुने ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७६।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.तेजबहादुर के.सी.

इजलास अधिकृत : मिनबहादुर कुँवर / गोविन्द आचार्य

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला मिति : २०७६।४।९
निर्णय नं. १०२७४
भाग: ६१ साल: २०७६ महिना: भाद्र अंक: ५
फैसला मिति :२०७६/०४/०९ २८५८

मुद्दा: मानव ओसारपसार

०७१-CR-११८३

पुनरावेदक / वादी : परिवर्तित नाम पानकुमारीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : सुर्खेत जिल्ला राकम गा. वि. स. वडा नं. ६ सेतुटोल बस्ने शोभा वादी

फैसला

न्या.ईश्वरप्रसाद खतिवडा : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) (ग) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

मिति २०६८/२/२७ गते बिहान अं. ११.०० बजेको समयमा म घरबाट सल्ली गएको बखत शोभा वादीले मलाई बोटेचौरसम्म काम छ, सँगै जाउँ भनी बसमा चढाई बबई लगी केरा खुवाई बेहोस बनाई बबईबाट बसमा चढाई शोभा वादी र विनोद वादीले भारतमा लगी दिल्लीको एउटा भान्सा कोठामा राखी रहेको अवस्थामा त्यहाँ भएका दुई जना नेपाली केटीहरूले तिमी बेचियौ भन्ने कुरा गरेकाले म रोई कराई गर्दा निज प्रतिवादीहरूले त्यहाँबाट मलाई फकाई ल्याएकोले कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरी दरखास्त।

मिति २०६८।२।२७ गतेका दिन म आफ्नो फोटो लिनको लागि सल्लीबजार जाने क्रममा प्रतिवादीमध्येकी शोभा वादी फेलापरी सँगै जाउँ भनी गएकी, उक्त दिन सल्लीबाट घरतर्फ आउने क्रममा निज शोभा वादीले मेरो अगाडि काम छ भन्दै गाडीमा छिन्चु ल्याइन्। उक्त स्थानमा जुठी भन्ने लिला वादी पनि रहिछन्। मलाई उक्त दिन छिन्चुको होटलमा नै बसाली भोलिपल्ट बिहान निज जुठी भन्ने लिला वादीले मेरो बुबा आमालाई फोन गरी शोभा वादीले तपाईंको छोरीलाई छिन्चु ल्याएकी रहिछ, यसलाई बबई दिदीको घरमा पुर्‍याई दिन्छु भनी मलाई लगी बबई छाडी दिएकीमा म गई मेरो दिदीको जेठानी फेला परेपछि म निजकै घरमा गई उक्त रात बसेकीमा पुनः भोलिपल्ट निज प्रतिवादी शोभा वादीले मेरो मोबाइलमा फोन गरी म घर जान लागेकी छु, जाने भए आइज भनेकीले म घर जानको निम्ति बबई आएका बखत निज शोभा वादीले तँलाई विवाह गर्ने केटो यही हो भनी मसँग परिचय गराएकी विनोद नेपाली (वादी) समेत उक्त स्थानमा नै थियो। मैले विवाह गर्दिन भनेका बखत मलाई केरा खा भनी निज शोभा वादीले केरा दिई। मैले खाएपछि म अर्धचेत भई केही पनि थाहा नपाउने भएपछि मलाई बसमा बसाली भारतको दिल्ली भन्ने शहरमा खाना पकाउने भान्सा कोठामा लगी राखेका रहेछन्। मलाई उक्त स्थानमा गएपछि होस आयो। त्यहाँ भएका महिलाहरूले तिमी बेचियौं भनेपछि म रोई कराई गरेकी थिएँ। त्यसपछि नेपालमा भएकी जुठी भन्ने लिला वादीले शोभा वादीलाई फोन गरी निज केटीका आमा बुबाले तिम्रो आमा बुबालाई थुनाएका छन् भनी भनेकाले निज शोभा वादीले मलाई बेचेको चौथो दिनमा निज शोभा वादी र विनोद नेपाली (वादी) ले रूपैडिहाबाट जाउ भनेका र म जान सक्दिन, मलाई घरसम्म पुर्‍याई दिनु भनेकोमा निजहरूले छिन्चु नजिकै आई पुग्ने क्रममा चिप्ले भन्ने ठाउँसम्म पुर्‍याई निजहरू भागी गएका हुन्। निज शोभा वादीसमेतका प्रतिवादीहरूले मलाई भारतमा लगी बेचेकाले कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम पानकुमारी रानाले गरेको बयान कागज।

जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूमध्ये शोभा वादी मेरो पूर्व चिनजानकी मामाको साली नाता पर्ने भएकोले मैले पनि दिदी भन्ने गर्दथें। निज मेरो घरमा मिति २०६८/२/२८ गते राति बसी मलाई नेपालगन्ज घुम्न जाउँ भनी लगी नेपालगन्ज गइसकेपछि म तँलाई रू. ५,०००।– भा.रू. दिन्छु, एकछिनको लागि श्रीमान् बनेर कोही कसैले सोधे भने मेरो श्रीमती हो भन्नु भनेकोले म सहमतिमा आई निजले को कसलाई मोबाइलबाट फोन गरी बबई बोलाई मलाई पनि सोही स्थानमा लगी निज पूर्वचिनजान नभएकी हाल चिनजान भएकी जाहेरवाली परिवर्तित नाम पानकुमारी रानासँग परिचय गराई त्यसपछि निज र मसमेत तीनजना बसमा चढी नेपालगन्ज पुगी मैले आज यही बसौं भनें। निज शोभा वादीले यहाँ बस्ने होइन, जाउँ भनी टाँगामा बसाली हामीलाई लगी भारतको रूपैडियाबाट बसमा चढाई लगेकी र पछि दिल्ली पुर्‍याइसकेपछि मैले समय समयमा घर जाउँ भनेका बखत निजले भोलि जाउँला भनी टारी रहेकी थिइन्।

सोपश्चात् तीन / चार दिन बसिसकेपछि नेपालबाट जुठी भन्ने लिला वादीले फोन गरेपछि निज शोभा वादीले मलाई र निज पीडितलाई नेपालमा ल्याई सुर्खेत पुर्‍याउने क्रममा छिन्चु नजिकै आइपुग्ने क्रममा चिप्ले भन्ने ठाउँबाट शोभा वादी भागी गएकी हुन्। शोभा वादीले जाहेरवालीलाई भारतमा लगी बेचविखन गरे नगरेको मलाई थाहा भएन, मैले निज जाहेरवालीलाई जानीजानी बेचविखन गर्नका लागि भारतमा लगेको होइन। निज शोभा वादीले मलाई परिबन्धमा पारी मलाई माध्यम बनाई मेरो सहयोगमा जाहेरवालीलाई बेचबिखन गर्नको लागि भारतमा लगेकी हुन् भन्नेसमेत बेहोराको प्रतिवादी विनोद नेपाली (वादी) ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

मिति २०६८/२/२७ गतेभन्दा पाँच / छ दिनअगाडि औषधि उपचारार्थ नेपालगन्ज गएकी थिए। उल्लिखित वारदात मितिमा मैले निज प्रतिवादी शोभा वादी र जाहेरवाली परिवर्तित नाम पानकुमारी रानालाई नेपालगन्जको पुष्पलाल चौकमा देखी कहाँ जान लागेको भन्दा निज जाहेरवालीले घरमा आमा गाली गरी रहने भएकोले म बबई दिदीको घरसम्म आएकी थिएँ, यहाँ घुम्नलाई आएकी भनेपछि मैले कोठा लिई बसेको होटलमा लगी निजहरूलाई त्यो रात म सँगै सुताएकी थिएँ। भोलिपल्ट बिहान अब कहाँ जान्छौं भनी सोध्दा केही नभनेकीले मैले निज जाहेरवालीको माइली दिदीको फोन नं. मागी निज जाहेरवाली यहाँ आएकी छन्, कहाँ जान्छौं भनेका बखत निजले मलाई जवाफ नदिएकाले निज कतै जालिन् है भनी खबर गरिदिएकी थिएँ। सो पछि निजले बबईसम्म ल्याई दिनु भनेकाले मैले बबईसम्म ल्याई दिएकी थिएँ। त्यसपछि म छिन्चु डेरा गरी पढ्न बसेकी आफ्नी छोरीसँग आउँदा निज छोरी बिरामी भएकाले म सोही स्थानमा स्याहार सुसारका लागि बसेकी हुँ र शोभा वादी बर्दिया काम छ भनी गएकी थिई। त्यसपछि निज जाहेरवालीकी दिदीले मलाई फोन गरी निजका बुबा आमाले कहाँ पठाइस् भनी रिसाई रहेका छन् भनी मलाई फोन गरेका बखत मैले कुन्नी कहाँ पठायौ भनी फोन राखी दिएकी थिएँ। सो मितिको तीन / चार दिनपछि मेरी बहिनी शोभा वादीले हामी यहाँ छिन्चु होटलमा बसेका छौं, घर जाने भए आइज, सँगै जाउँला भनेकोले मसमेत गरी चार जना बसमा सुर्खेत आउने क्रममा छिन्चुभन्दा केही अगाडि चिप्ले भन्ने ठाउँबाट झरेँ। मेरो साथी आउँदै छ, म उनीसँगै आउँछु भनेर शोभा वादी गएकी हो। बस रोकिने ठाउँमा झरेपछि निज जाहेरवालीका परिवारहरूले जाहेरवालीलाई कुटपिट गर्दै लगेका हुन्। जाहेरीमा उल्लेख गरेबमोजिम मैले निज जाहेरवालीलाई भारतमा लगी बेचबिखन गरेको भन्ने कुरा झुठ्ठा हो। मेरो बहिनी र विनोद नेपालीले निज जाहेरवालीलाई के कहाँ लगे, बेचबिखन गरे, गरेनन् मलाई केही थाहा छैन। सो वारदातमा मेरो कुनैपनि प्रकारको संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी जुठी भन्ने लिला वादीले गरेको बयान कागज।

जाहेरी दरखास्तमा उल्लिखित वारदात मिति र समयमा म आफ्नै घरमा थिएँ। मेरो बहिनी परिवर्तित नाम पानकुमारी राना र एकजना विमला वादी भन्ने केटी आई मिति २०६८/२/२८ गते साँझ मेरो घरमा बसेकी र भोलिपल्ट बिहान शोभा वादी र एकजना केटो आई बबईबाट लगेको मैले देखेको हुँ। मिति २०६८/२/३० गते निज प्रतिवादी शोभा वादीले फोनबाट मसँग गएको केटा र तिम्रो बहिनीको विवाह भइसक्यो भनिन्। मैले कोसँग, किन विवाह गरी दिएको भनी रिसाएपछि मेरो फुपूको छोरो हो, ११ नं. मा घर पर्छ भनिन्। त्यसपछि मेरो सम्पर्क भएन। पछि म आफ्नो माइत गएको अवस्थामा मिति २०६८/३/४ गते मेरी बहिनी पानकुमारी रानालाई प्रतिवादीमध्येकी जुठी भन्ने लिला वादी र विनोद नेपालीले ल्याई आएका थिए। त्यसपछि मसमेतले निज जाहेरवाली अर्थात् मेरी बहिनी परिवर्तित नाम पानकुमारी रानालाई सोधनी गर्दा निज शोभा वादीसमेतका प्रतिवादीले भारतको दिल्लीमा लगी बेचेको भन्ने कुरा गरेकोले सुनी थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको गोब्ली वादीले गरेको कागज।

जाहेरी दरखास्तमा उल्लिखित वारदात मिति र समयमा म आफ्नै घरमा थिएँ। प्रतिवादीहरूमध्येकी जुठी भन्ने लिला वादीले मेरो मोबाइलमा फोन गरी मेरो परिवारसँग मेरी छोरी अर्थात् हाल परिवर्तित नाम पानकुमारी राना घरमा बुबा आमासँग झगडा गरी आएकी र अब बर्दिया बेलुवा आफ्नी दिदी कहाँ जान्छु भनेकी छे भनेर निजले जानकारी गराएअनुसार मैले बबईमा भएकी मेरी छोरी गोब्ली वादीलाई फोन गरी त्यहाँ आएकी छे भन्दा निजले अहिलेसम्म नआएको र पछि आउँछे कि भनेकी थिइन्। भोलिपल्ट बिहान फोन गर्दा मेरी छोरी, प्रतिवादीमध्येकी शोभा वादी र एकजना नचिनेको केटोसमेत हिजो साँझ मेरो घरमा बास बस्न आएका थिए, भोलिपल्ट बिहानै नेपालगन्जसम्म घुम्न जान्छौं भनी गएका थिए भन्ने कुरा छोरीबाट थाहा पाएको हुँ। सोपश्चात् मेरो छोरी परिवर्तित नाम पानकुमारी रानाको मोबाइल नं. ९६३८१०५०५६ मा फोन गर्दा "स्वीच-अफ" थियो। मिति २०६८/३/४ गते दिनको अं. ११:०० बजेको समयमा प्रतिवादीमध्येका जुठी भन्ने लिला वादी र विनोद नेपाली मेरी छोरी अर्थात् परिवर्तित नाम, थर पानकुमारी रानालाई लिई आएका बखत निज छोरीलाई के भएको भनी सोध्दा निजले मलाई यहाँबाट प्रतिवादी शोभा वादीसमेतले भारतको दिल्लीमा लगी बेचेको भन्ने कुरा गरेकोले निजहरूलाई कानूनबमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको परिवर्तित नाम श्यामबहादुर रानाले गरेको कागज।

जाहेरी दरखास्तमा उल्लिखित वारदात मिति र समयमा आफ्नै घरमा थिएँ। मिति २०६८/२/२८ गते म सुर्खेतको बबई भन्ने ठाउँमा आएको अवस्थामा जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीमध्येकी लिला वादीले जाहेरवाली परिवर्तित नाम पानकुमारी रानासँग भेटघाट भई कुराकानी हुँदा निज लिला वादीले जाहेवालीलाई यसको दिदीको घरसम्म पुर्‍याउन आएकी हुँ, तिमी भेट भयौ, म किन जानु पर्‍यो र ? यसलाई तिमीले आफ्नो साथमा लगी दिदीको घरमा पुर्‍याई देउ भनेकीले मैले तपाईं पनि हिँड्नुस्, भेटघाट गरी बसी आउनु होला भन्दा निज लिला वादीले अहिले म जान्न, मेरो मानिस अगाडि गइसके, मलाई गाली गर्छन् भनी निज प्रतिवादी बबईबाट फर्की गएकी हुन्। म र निज जाहेरवाली परिवर्तित नाम पानकुमारी राना मेरो देउरानी गोब्ली वादीको घरमा गएका थियौं। निजलाई उक्त स्थानमै छाडी म आफ्नो घरमा गएकी हुँ। निज जाहेरवालीलाई को, कसले, कहाँ लग्यो भन्नेलगायत सो वारदातको बारेमा समेत अन्य केही कुरा मलाई थाहा छैन भन्नेसमेत बेहोराको विमला वादीले गरेको कागज।

प्रतिवादी शोभा वादी र विनोद नेपाली वादीले परिवर्तित नाम पानकुमारी रानालाई बिक्री गर्ने उद्देश्यले विदेश भारतको दिल्लीमा लगेको देखिएकोले निज दुईजना प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ (२) (क) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र रू. ५०,०००।– देखि रू. १,००,०००।– सम्म जरिवाना गरी प्रतिवादी शोभा वादी र विनोद नेपाली वादीलाई सहयोग गरी मतियारको भूमिका निर्वाह गरेको देखिएकोले निज प्रतिवादी जुठी भन्ने लिला वादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र १५ (१)(ज) को कसुरमा उक्त ऐनको दफा १५ (१) (ज) अनुसार सोही ऐनको १५(१) (ङ)(१) अनुसार हुने सजायको आधा (५ वर्षदेखि ७ वर्ष ६ महिनासम्म कैद) र उक्त ऐनको दफा १७ अनुसार पीडित परिवर्तित नाम पानकुमारी रानालाई क्षतिपूर्ति भराइ पाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र मागदाबी।

म निर्दोष छु। मैले पीडितलाई बेचबिखन तथा ओसारपसार गर्ने कार्य गरेको होइन। त्यसैले अभियोग दाबीबाट मैले सफाइ पाउनु पर्दछ भन्नेसमेत बेहोराको प्रतिवादी जुठी भन्ने लिला वादीले सुरू जिल्ला अदालतमा गरेको बयान।

मैले पीडितलाई बिक्री वितरण तथा ओसारपसार गर्ने कार्य नगरेको हुँदा अभियोग दाबीबाट मैले सफाइ पाउनु पर्दछ भन्नेसमेत बेहोराको प्रतिवादी विनोद नेपाली वादीले अदालतमा गरेको बयान।

मिति २०६८ साल असार ७ गतेको जाहेरी र ऐ. ९ गते अनुसन्धानको क्रममा भएको बयानको बेहोरा प्रहरीले मलाई नसुनाई लेखेका हुन्। सोमा सहिछाप गर भनेकोले उक्त कागजहरूमा ल्याप्चे सहिछाप मैले गरिदिएकी हुँ भन्नेसमेत बेहोराको पीडित जाहेरवाली परिवर्तित नाम पानकुमारी रानाले अदालतमा गरेको बकपत्र।

अनुसन्धानको क्रममा भएको बयानको बेहोरा मैले लेखाएको होइन, प्रहरीले ल्याप्चे सहिछाप गर भनेकोले गरिदिएकी हुँ भन्नेसमेत बेहोराको बुझिएकी गोब्ली वादीले गरेको बकपत्र।

प्रतिवादी विनोद नेपाली वादीले मानव ओसारपसारको कार्य गरेका होइनन् भन्नेसमेत बेहोराको प्रतिवादी विनोद नेपालीका साक्षी गोपाल वादीले गरेको बकपत्र।

प्रतिवादी विनोद नेपाली र प्रतिवादी जुठी भन्ने लिला वादीले अभियोग दाबीबाट सफाइ पाउने र फरार प्रतिवादी शोभा वादी म्यादमा हाजिर नभई फरार रहेबाट मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम निजको हकमा मुद्दा मुलतबी रहने ठहर्छ भन्ने सुरू सुर्खेत जिल्ला अदालतको मिति २०६९/२/२१ को फैसला।

प्रतिवादी शोभा वादी म्यादमा हाजिर नभई फरार रहेबाट मुलुकी ऐन, अ.वं. १९० नं. बमोजिम निजको हकमा मुद्दा मुलतबी रहेकोमा मिति २०६८/११/१८ मा अंश रोक्कासम्बन्धी मुचुल्का भएको दुई वर्षपछि मिति २०७०/१२/२७ मा मुद्दा मुलतबीबाट जगाइएको।

केटी बिक्री गर्न नेपाल सरहद कटाई भारतको भूमिमा लगेकोसम्म हुँदा प्रतिवादी शोभा वादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(क) बमोजिमको कसुर गरेकोले निजलाई ऐ. ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १० वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहर्छ। पीडित पानकुमारीले वेश्यावृत्ति कार्यमा लगाउन वा बिक्री गर्न भारत लगे भनी किटानी जाहेरी दिई सोहीअनुसार अदालतबाट बयान प्रमाणित भएको स्थितिमा अदालतमा आई त्यसको विपरीत हुने गरी झुठ्ठा बकपत्र गरेबाट निजलाई क्षतिपूर्ति भराउन उपयुक्त नहुने हुँदा क्षतिपूर्ति भरी नपाउने ठहर्छ भन्ने सुरू सुर्खेत जिल्ला अदालतको मिति ०७१।१।२३ को फैसला।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १७ मा क्षतिपूर्तिको व्यवस्था छ। उक्त दफा १७ को उपदफा (१) मा कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबर नघट्ने गरी पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने स्पष्ट कानूनी व्यवस्थाको पालना नगरी क्षतिपूर्ति दिनु नपर्ने ठहर गरी भएको फैसलामा कानूनी त्रुटि रहेको छ। प्रतिवादी शोभा वादीलाई कसुरदार ठहराउँदा लिएका आधारहरू लिला वादी, विनोद नेपाली, पीडितको मौकाको जाहेरी र अदालतमा भएको प्रमाणित बयानबाट पीडितले मनासिब माफिकको क्षतिपूर्ति पाउने अवस्था स्वतः हुनेमा क्षतिपूर्तितर्फ बेवास्ता गरी पीडितलाई क्षतिपूर्ति दिनु नपर्ने ठहराई भएको फैसलामा न्यायिक मनको अभाव रहेको छ। पीडित परिवर्तित नाम पानकुमारी रानालाई क्षतिपूर्ति प्रतिवादी शोभा वादीबाट भराई दिनु पर्नेमा क्षतिपूर्ति भराउन नपर्ने ठहराएको हदसम्म फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत सुर्खेतमा परेको पुनरावेदन पत्र।

प्रतिकूल बकपत्र गरी अदालतलाई न्याय निरूपणमा असहयोग गर्ने जाहेरवालीलाई क्षतिपूर्ति भराउन न्यायको रोहमा मनासिब एवं उचित देखिँदैन। तसर्थ प्रतिवादीबाट क्षतिपूर्ति नभराउने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७१/१/२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत सुर्खेतको मिति २०७१/८/२४ को फैसला।

प्रतिवादी शोभा वादीलाई १० वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने सजाय ठहर भइसकेपछि पीडितलाई अनिवार्य रूपमा क्षतिपूर्ति भराउनु पर्छ भन्ने ऐनको भावना रहेको छ। पीडितउपर डर, त्रास धम्की रहेको, मुद्दामा निरन्तर सुनुवाइको अभाव रहेकोसमेत कारणबाट प्रतिकूल बकपत्र भएकोतर्फ ध्यान नदिई भएको फैसलामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को व्याख्यामा गम्भीर त्रुटि देखिएको छ। घटनाको प्रत्यक्षदर्शी र पीडित स्वयंको अभिकथनलाई प्रमाणमा ग्रहण गर्नु पर्ने व्यवस्था प्रमाण

ऐन, २०३१ को दफा १० ले गरेको सन्दर्भमा पीडितको भनाइलाई प्रमाणको रूपमा लिई क्षतिपूर्ति भराउन मनासिब नहुने भनी गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी पीडितलाई अभियोग दाबीबमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

यसमा पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७१/८/२४ मा भएको फैसलामा पीडितलाई क्षतिपूर्ति नभराएकोमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को व्याख्याको प्रश्न सन्निहित देखिएको हुँदा प्रस्तुत मुद्दामा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ विपक्षी झिकाई आएपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७५/१/४ को आदेश ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको सक्कल मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश गौतमले प्रतिवादी शोभा वादीलाई १० (दश) वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने सजाय ठहर भइसकेपछि पीडितलाई अनिवार्य रूपमा ५०% क्षतिपूर्ति भराउनु पर्छ भन्ने ऐनको भावनाविपरीत क्षतिपूर्ति भराउन मनासिब नहुने भनी गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी पीडितलाई अभियोग दाबीबमोजिम ५०% ले हुने रू.२५,०००।– क्षतिपूर्ति भराई दिने गरी फैसला हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो ।

यसमा प्रतिवादी शोभा वादीसमेत भई १८ वर्षीया पीडित परिवर्तित नाम पानकुमारी रानालाई बिक्री गर्ने उद्देश्यले विदेश भारतको दिल्लीमा लगेको देखिएकोले निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) (क) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ) बमोजिम सजाय हुन र उक्त ऐनको दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत भराई दिन मागदाबी लिई वादी नेपाल सरकारका तर्फबाट सुर्खेत जिल्ला अदालतमा अभियोग पत्र दायर भएको पाइयो । यस मुद्दाका अन्य प्रतिवादीहरू विनोद नेपाली र जुठी भन्ने लिला वादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको मिति २०६९/२/२१ को फैसला अन्तिम भई बसेकोसमेत पाइयो । शोभा वादीको हकमा निज फरार रहेको भनी मुद्दा मुलतबी रहेकोमा अवधि नाघेपछि मुलतबीबाट जगाई निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(क) बमोजिमको कसुर गरेको भनी सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १० वर्ष कैद र रू. ५०,०००।– जरिवाना हुने, पीडित पानकुमारीले प्रतिकूल बकपत्र गरेको हुँदा निजलाई क्षतिपूर्ति भराउन नपर्ने भनी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०६९/२/३१ मा फैसला भएको देखियो । जिल्ला अदालतको उक्त फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परेकोमा पुनरावेदन अदालत सुर्खेतबाट २०७१/८/२४ मा सुरू फैसला सदर भएको देखिन्छ । पीडितलाई क्षतिपूर्ति भराई दिनु नपर्ने गरी भएको उक्त फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको पाइयो ।

मिति २०७६/२/४ मा यस इजलाससमक्ष छलफल भएको र मिति २०७६/४/९ गते निर्णय सुनाउने गरी तोकिएको प्रस्तुत मुद्दामा निम्नानुसारका प्रश्नहरू सम्बन्धमा निर्णय दिनु पर्ने हुन आएको छः

१. प्रतिवादी शोभा वादीले आरोपित कसुर गरेको भन्ने अभियोग दाबी प्रमाणबाट पुष्टि भएको छ वा छैन ?
२. सुरू सुर्खेत जिल्ला अदालतले प्रतिवादीउपरको अभियोग दाबी ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला कानूनअनुकूल छ वा छैन ?
३. प्रतिवादीका तर्फबाट पुनरावेदन पर्न नआएको अवस्थामा पनि प्रमाणको दृष्टिले न्यायको रोहमा प्रतिवादीउपर ठहर भएको सजाय फरक पर्ने वा उल्टिने गरी फैसला गर्न कानूनतः मिल्छ वा मिल्दैन?
४. वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ?

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी शोभा वादीका नाउँमा अदालतबाट जारी भएको म्याद निज फेला नपरेको भनी मिति २०६८/५/८ गते निजले बसोबास गरी आएको भनिएको छाप्रो (घर) मा टाँस गरी तामेल भएको देखियो । निज कहिले यो ठाउँ, कहिले अर्कै ठाउँमा बस्ने सुकुम्बासी भएको, निजको कुनै सम्पत्ति नभएको भनी अंश रोक्कासम्बन्धी मुचुल्का भएको देखिन्छ । निज शोभा वादी सुरूदेखि नै अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा उपस्थित नभएको हुँदा निजको कुनै बयान कागज हुने, निजका कुनै साक्षी प्रमाण बुझिने सन्दर्भ नै देखिएन । समग्र मिसिल प्रमाणको अवलोकन गर्दा निज शोभा वादीले प्रतिवादको अवसर प्रदान गरेको जानकारी पाएर पनि न्यायिक प्रक्रियामा नआएको भनी ढुक्क हुन सकिने अवस्था देखिँदैन । तथापि कानूनी रीत (औपचारिकता) पूरा गरी म्याद तामेल भएको हुँदा निजले सुरू म्याद गुजारी बसेको भनी मान्नु पर्ने भएको छ ।

३. सामान्यतया अभियुक्तको अनुपस्थितिमा फौजदारी कसुरसम्बन्धी मुद्दामा सुनुवाइ गर्ने कुरा (Trial in Absentia) लाई प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल मानिन्छ । मानव अधिकारसम्बन्धी विधिशास्त्रले यस विषयलाई विशेष संवेदनशील रूपमा हेर्नु पर्ने मान्यता राख्दछ । संयुक्त राष्ट्र संघको मानव अधिकार समिति तथा युरोपियन मानव अधिकार अदालतबाट यस विषयमा पटकपटक व्याख्या र विवेचना भएका छन् र एउटा विधिशास्त्रीय दृष्टिकोण निर्माण भएको छ । हाम्रो न्याय प्रणाली तथा कानूनी

विकासको परिवेश आफ्नै प्रकारको रहेको छ । फरारी अभियुक्तको सम्बन्धमा केही निश्चित कानूनी सर्तहरू पूरा गरी सुनुवाइ र निर्णय गरिने प्रचलन लामो समयदेखि प्रचलनमा रही आएको देखिन्छ । हाम्रो प्रयोगको पृष्ठभूमिमा हेर्दा प्रतिवादी शोभा वादीको सम्बन्धमा गरिएको एक पक्षीय सुनुवाइ कार्यलाई कानूनी दृष्टिले बेरीतको भनी ठान्न मिल्ने देखिँदैन । तथापि, सम्बन्धित अभियुक्तको अनुपस्थितिमा हुने वा गरिने सुनुवाइमा विशेष सावधानी, संवेदनशीलता र न्यायिक विवेकको उच्चतम प्रयोग वाञ्छनीय देखिन्छ ।

४. माथि उल्लेख गरिएका कुराहरूको पृष्ठभूमिमा अब प्रतिवादी शोभा वादीउपरको अभियोग दाबी प्रमाणबाट पुष्टि भएको छ, छैन भन्ने सम्बन्धमा विचार गर्नु सान्दर्भिक छ । पीडित भनिएकी पानकुमारीले सुरू जाहेरी दर्खास्त दिँदा मिति २०६८/२/२७ गते बिहान अं. ११.०० बजेको समयमा घरबाट सल्ली गएको, शोभा वादीसँग भेट भएको, बसमा चढी सँगै बबई गएको, त्यहाँ केरा खुवाई बेहोस बनाएको, त्यसपछि बबईबाट बसमा चढाई शोभा वादी र बिनोद वादीले भारतमा लगी दिल्लीको एउटा भान्सा कोठामा राखेको, त्यहाँ भएका दुईजना नेपाली केटीहरूले तिमी बेचियौ भन्ने कुरा गरेको, रोई कराई गर्दा निज प्रतिवादीहरूले दिल्लीबाट फर्काई ल्याएको भनी बेहोरा खुलाएको देखिन्छ । यो कथन स्वयम्मा विश्वसनीय देखिँदैन । अपरिचित मानिसले भन्नासाथ घर छाडी बबई जाने, केरा खानासाथ बेहोस हुने, तत्पश्चात् एकै पटक दिल्ली पुगेपछिका प्रसङ्ग खुलाउने, दिल्लीमा कुनै नाम, थर केही नखुलाइएका "दुईजना नेपाली केटीहरूले तिमी बेचियौ भन्ने कुरा" गरेपछि बेचिएको थाहा पाउने, किन्ने को हो ? किन्नेले के काममा लगायो भन्ने कुनै कुरा खुलाएको नदेखिने, "रोई कराई गरेपछि निज प्रतिवादीहरूले दिल्लीबाट फर्काई आफ्नो गाउँमा ल्याई छाड्ने" समेतका पीडितले खुलाएको घटनाक्रम विवरण तर्कपूर्ण र पत्यारलायक छैन । नेपालदेखि दिल्ली लगेर बेच्ने मानिसले (प्रतिवादीहरूले) केबल पीडित रोएको भन्ने कारणबाट नै पुनः सरक्क नेपालमा पीडितको घर गाउँ छेउमा पुऱ्याएर छाडेको कथावस्तु काल्पनिक हो भन्ने प्रतित हुन्छ । यो घटनाक्रम सामान्य समझको मानिसले विश्वास गर्ने किसिमको देखिँदैन ।

५. पीडितको जाहेरी बेहोरा अन्य कुनै प्रमाणबाट समर्थित भएको छ, छैन भन्ने कोणबाट विचार गर्दा निज जाहेरवालीले सुरू सुर्खेत जिल्ला अदालतमा बकपत्र गर्दा "मिति २०६८ साल असार ३ गते बर्दिया जिल्लामा फुपू तिला वादीको घरमा गएको, त्यहाँ प्रतिवादी विनोद नेपाली गई मलाई विवाह गर्छु भनेको, आफूले निज विनोदको घरमा श्रीमती छोराछोरी छन् भनी विवाह गर्न इन्कार गरेको, त्यसपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतमा आई "मलाई विनोद नेपालीले विवाह गर्छु भन्यो भनी मौखिक उजुरी गरेको, प्रहरीले जबरजस्ती विवाह गर्छु भन्ने विनोद नेपालीलाई मानव ओसारपसार तथा बेचबिखन मुद्दा लेखी मलाई सहिछाप गराएको" भनी उल्लेख गरेको पाइयो । निज पीडित भनिएकी जाहेरवालीले बकपत्र गर्दा "प्रतिवादीहरूले मलाई बेच्ने कार्य गरेका होइनन्, मिति २०६८ साल असार ७ गतेको जाहेरी र ९ गते भएको बयानको बेहोरा प्रहरीले नसुनाई लेखेका र सहिछाप गर भनेकोले उक्त कागजहरूमा ल्याप्चे सहिछाप गरिदिएको हो" भनी घटनाक्रम सिलसिला क्रमबद्ध रूपमा खुलाई प्रतिवादीहरूको निर्दोषिताको पक्षमा बेहोरा उल्लेख गरेकोसमेत पाइयो । यसरी स्वयम् पीडितको बकपत्र बेहोराबाट निजको सुरू जाहेरी बेहोरा खण्डित भएको देखिन्छ ।

६. सहअभियुक्त विनोद नेपाली र जुठी भन्ने लिला वादीले बयान गर्दा प्र. शोभा वादीउपर पोल गर्नसकेको देखिँदैन । निज सहअभियुक्तहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहरी भएको फैसला अन्तिम भएर बसेको देखिन्छ । अभियोजन पक्षका व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई प्रतिवादी शोभा वादीउपरको अभियोग दाबी समर्थित हुने गरी बकपत्र भएको देखिँदैन । अदालतमा बकपत्र गर्ने गोब्ली वादीले समेत प्र. शोभा वादीलाई कसुरदारको रूपमा उल्लेख गर्न सकेको देखिँदैन । मुद्दामा प्रमाणको रूपमा प्रस्तुत हुन आएका समग्र कुरा यही नै हो । उल्लिखित कुनै पनि कुरालाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने न्यायोचित कारण र तार्किक आधार देखिँदैन । प्रमाण ऐन, २०३१ बमोजिम प्रमाण लाग्ने अवस्थाका अन्य कुनै लिखित वा मौखिक प्रमाण पेस भएको पाइएन ।

७. उमेर वयस्क भइसकेकी पीडित भनिएकी व्यक्ति स्वयम् अदालतमा उपस्थित भएर प्रतिवादीको निर्दोषिताको पक्षमा बकपत्र गर्ने, निजले आफू बेचिएको होइन भनी जिकिर लिने; तर प्रहरीसमक्ष भएको एउटा अविश्वसनीय किसिमको कागजमा लेखिएको कुरालाई नै अन्तिम सत्य र निर्णायक प्रमाण मानेर अदालतले कसुरदार ठहर गर्ने हो भने न्याय नपर्ने सम्भावना बढेर जाने खतरा रहन्छ । कानून र कानूनी सिद्धान्तलाई एकातर्फ पन्छाएर प्रहरी अनुसन्धानको क्रममा तयार भएको कागजलाई नै सम्पूर्ण आधारको रूपमा ग्रहण गरेर कसुर ठहर गर्दैमा कुनै वैध अभीष्ट पूरा हुँदैन । हामीले अनुशरण गरी आएको फौजदारी न्यायको सिद्धान्तअनुसार "केबल शंकाको भरमा कसैलाई दोषी ठहर गर्नु हुँदैन", "शंकाको सुविधा अभियुक्तले पाउँदछ", वादी पक्षमा अभियोग दाबी प्रमाणित गर्ने भार रहन्छ" । यस अदालतबाट उल्लिखित सिद्धान्तहरूको अनुशरण गरिएका दृष्टान्तहरू प्रशस्तै छन् । यस पृष्ठभूमिमा अहिले कुन सैद्धान्तिक मान्यताका आधारमा शोभा वादीउपरको कसुर ठहर गर्न सकिने हो भन्ने कुरा न्यायिक विवेकभन्दा बाहिरको विषय देखिन्छ । केबल अभियुक्त अदालतमा उपस्थित हुन आएनन् भन्ने आधारमा कसुर ठहर गर्नुलाई न्यायिक प्रक्रियाको दुरूपयोग गरेको (miscarriage of justice) अथवा गम्भीर अन्याय (gross injustice) भएको अर्थमा बुझ्नु पर्ने हुन्छ । प्रतिवादी अदालतमा उपस्थित नभएको कुरालाई नै स्वयम्मा निर्णायक प्रमाण मान्ने र अभियोग दाबी

ठहर गर्ने कुरा अतार्किक, गैरकानूनी र अविवेकपूर्ण हुन जान्छ । प्रतिवादी शोभा वादीले आरोपित कसुर गरेको भन्ने अभियोग दाबी प्रमाणबाट पुष्टि भएको नदेखिएको हुँदा निजलाई कसुरदार ठहर गर्न सकिने अवस्था देखिएन । यसरी हेर्दा शोभा वादीलाई कसुरदार ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत सुर्खेतको फैसला कानूनअनुकूल र न्यायोचित देखिन आएन ।

८. अब निर्णय गर्नुपर्ने अर्को प्रश्नः "प्रतिवादीका तर्फबाट पुनरावेदन पर्न नआएको अवस्थामा पनि प्रमाणको दृष्टिले न्यायको रोहमा प्रतिवादीउपर ठहर भएको सजाय फरक पर्ने वा उल्टिने गरी फैसला गर्न कानूनतः मिल्छ वा मिल्दैन" भन्ने सन्दर्भमा विवेचना गर्नु पर्ने हुन आएको छ । सम्भवतः यो प्रश्न हामीले आजसम्म अपनाई आएको परिपाटीका सन्दर्भमा केही नौलो र पेचिलो पनि महसुस हुन सक्दछ । मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०५ नं. मा "एकै मुद्दामा हार्ने झगडियामध्ये कसैको पुनरावेदन उजुर परेकोबाट जाँचिदा इन्साफ वा सजाय उल्टिने भई सो इन्साफ सजाय उल्टाई फैसला गर्दा पुनरावेदन उजुर नदिने झगडियाका हकमा समेत इन्साफ सजाय उल्टिन जाने भयो भने त्यस्तोमा पुनरावेदन उजुर परेको छैन भनी सदर गरी दिनु हुँदैन । पुनरावेदन उजुर नदिनेका हकमा समेत पुनरावेदन उजुर दिनेसरह उल्टाई छिनिदिनु पर्छ" भन्ने व्यवस्था रहेको थियो । यो कानूनी प्रावधानका आधारमा एकै मुद्दामा हार्ने पक्षमध्ये कसैको पुनरावेदन उजुर परेको अवस्थामा इन्साफ वा सजाय उल्टिने भएमा र पुनरावेदन नगर्ने पक्षको हकमा समेत इन्साफ (सजाय) उल्टी हुने देखिएमा उल्टी गरी फैसला गर्ने गरिआएको देखिन्छ । हाम्रो न्यायिक प्रणालीमा यस प्रकारको अभ्यास गरिएका दृष्टान्त प्रसस्त छन् । तर एउटा पक्षको पुनरावेदन परेको र प्रतिपक्षको पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन गर्नेको दाबी प्रतिकूल तथा पुनरावेदन नगर्नेको हितअनुकूल हुने गरी फैसला उल्टी गर्ने परिपाटी वा प्रचलन रहेको देखिँदैन । साबिक मुलुकी ऐन लागू रहेको अवस्थाको सन्दर्भमा भन्ने हो भने यस मुद्दाका प्रतिवादी शोभा वादीको हकमा सुरू र पुनरावेदन अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिन मिल्ने अवस्था देखिन आउँदैन । तर अहिले समय, सन्दर्भ र कानून फेरिएका छन् । मुलुकी ऐन, अ.बं. २०५ नं. मा रहेको प्रावधानले आत्मसात् गरेको मान्यताकै परिधिमा मात्र अब यो सन्दर्भलाई सीमित राखेर हेर्नु मनासिब देखिँदैन ।

९. मुलुकी ऐनलाई प्रतिस्थापन गरी जारी भएको मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा १४४ मा निम्नानुसारको प्रावधान रहेको छः पुनरावेदन सुन्ने अदालतको अधिकारः (१) यस परिच्छेदबमोजिम पुनरावेदनउपर सुनुवाइ गर्दा पुनरावेदन सुन्ने अदालतलाई देहायबमोजिमको अधिकार हुनेछः

१. तल्लो अदालतको फैसला सदर वा बदर गर्ने वा उल्टी वा केही उल्टी गर्ने,

२. तल्लो अदालतले कसुरदारलाई तोकेको सजायको मात्रा घटाउने वा बढाउने, वा सजायमा परिवर्तन गर्ने,

३. बुझ्नु पर्ने प्रमाण नबुझी फैसला भएको रहेछ भने त्यस्तो प्रमाण आफैँले बुझ्ने वा बुझ्न तल्लो अदालतलाई आदेश दिने,

४. मुद्दामा ठहर गर्नु पर्ने विषयमा ठहर नभएको भए त्यस्तो विषयमा आफैँले ठहर गर्ने वा ठहर गर्न तल्लो अदालतमा लेखी पठाउने,

(२) तल्लो अदालतले गरेको फैसलाउपर कुनै खास कसुरदारको वा प्रतिवादीको मात्र पुनरावेदन परेको रहेछ र त्यस्तो पुनरावेदनको निर्णय गर्दा पुनरावेदन नगर्ने कसुरदार वा प्रतिवादीको हकमा तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन सुन्ने अदालतले सोको कारण खुलाई त्यस्तो कसुरदार वा प्रतिवादीको हकमा पनि उपदफा (१) मा उल्लिखित अधिकारको प्रयोग गरी कानूनबमोजिम फैसला गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतले तल्लो अदालतलाई भएको अधिकार आवश्यकताअनुसार प्रयोग गर्न सक्नेछ" ।

१०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ मा रहेको उपर्युक्त प्रावधानहरूमध्ये उपदफा (१) मा रहेको व्यवस्था न्याय प्रशासन ऐन, २०७३ को दफा १४ मा उल्लेख भएको व्यवस्थासँग लगभग मिल्दोजुल्दो देखिन्छ । उपदफा (२) मा रहेको प्रावधान साबिक मुलुकी ऐन, अ.बं. २०५ नं. मा रहेको प्रावधानको निरन्तरताको रूपमा केही सामान्य भाषिक परिमार्जन गरी व्यवस्थित गरिएको प्रावधान हो भन्ने देखिन्छ । उपदफा (३) मा रहेको प्रावधानको छुट्टै प्रयोजन रहेको छ । कार्यविधि संहिताको दफा १४४(१) मा पुनरावेदन सुन्ने अदालतको विविध अधिकारको सम्बन्धमा व्यवस्था गरिएको र उपदफा (२) मा साबिक मुलुकी ऐन, अ.बं. २०५ नं. मा रहेको प्रावधानलाई निरन्तरता प्रदान गरिसकेपछि उपदफा (३) मा उपर्युक्तअनुसारको थप प्रावधान किन राख्नु परेको हो भन्ने कुरा विचारणीय छ । उल्लिखित उपदफा (३) को प्रारम्भमा नै "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने वाक्यांश प्रयोग भएबाट यो प्रावधानलाई विधायिकाले विशेष महत्त्वका साथ अपवादस्वरूप संरक्षण प्रदान गर्न चाहेको देखिन्छ । उल्लिखित वाक्यांशपछि "पुनरावेदन सुन्ने अदालतले तल्लो अदालतलाई भएको अधिकार आवश्यकताअनुसार प्रयोग गर्न सक्नेछ" भनी उल्लेख भएको छ । तल्लो अदालतलाई भएका अधिकारहरू प्रयोग गर्ने सम्बन्धमा उपदफा (१) मा नै विविध अवस्थाहरू उल्लेख गरिसकेपछि उपदफा (३) मा पुनः अधिकार प्रयोगको विषयमा थप उल्लेख गर्नुको प्रयोजन वा विधायिकी अभिप्रायको पहिचान गर्न आवश्यक छ । यसका अतिरिक्त "तल्लो अदालतलाई भएको अधिकार आवश्यकताअनुसार प्रयोग

गर्न सक्ने" भनी उल्लेख हुनुबाट पुनरावेदन सुन्ने अदालतको अधिकारक्षेत्र विस्तारित वा थप खुकुलो पारिएकोसमेत देखिन आउँदछ । यसमा प्रयुक्त "आवश्यकताअनुसार" भन्ने वाक्यांशबाट पुनरावेदन सुन्ने अदालतले आवश्यक देखेमा तल्लो अदालतलाई भएको अधिकार प्रयोग गर्नेगरी अधिकार विस्तृत बनाएको छ। तथापि, यो "आवश्यकता" भन्ने शब्दको अर्थ हलुको वा खुकुलो रूपमा लगाइनु हुँदैन । उल्लिखित संहिताको दफा १४४(३) मा प्रयुक्त "आवश्यकताअनुसार" भन्ने शब्दावलीको अर्थ लगाउँदा तार्किक रूपमा लगाइनु पर्दछ र प्रतिवादीउपर गम्भीर अन्यायको परिणाम पैदा भएको देखिएको अवस्थामा मात्र अत्यन्त सावधानी र सतर्कतापूर्वक विशेष संवेदनशील भई यो अधिकारको प्रयोग गरिनु पर्दछ ।

११. अशिक्षा, अज्ञानता, गरिबी, न्यायमा पहुँचको समस्यालगायतका विविध कठिनाइहरूका कारणबाट यदाकदा मुद्दाका पक्षले पुनरावेदन गर्न नसकेको अवस्था हुन सक्दछ; कतिपय अवस्थामा प्रतिवादको लागि प्रदान गरिएको मौकाको जानकारी सम्बन्धित व्यक्तिले निजको कुनै व्यावहारिक कारणले थाहा नपाएको पनि हुन सक्दछ; उचित कानूनी सहायता प्राप्त हुन नसकेको वा न्यायिक प्रक्रियामा पहुँच नभएको कारणबाट प्रतिवाद गर्न नसकि गम्भीर अन्यायको परिणाम सामना गर्नु परेको पनि हुन सक्दछ; अथवा, कसैले जटिल स्वास्थ्य समस्याको कारणले वा अन्य कुनै भौतिक उपस्थितिसम्बन्धी कठिनाइको कारणबाट पनि प्रतिवादको अवसर गुमाएको हुन सक्दछ। यी र यस्तै उचित कारणबाट सशरीर अदालतमा उपस्थित भई प्रतिवाद गर्न नपाएको वा पुनरावेदन गर्न नपाएको अवस्थामा यदि प्रतिपक्षको पुनरावेदनको सन्दर्भमा माथिल्लो अदालतले क्षेत्राधिकार ग्रहण गरेको अवस्था छ भने तल्लो तहको अदालतको फैसलामा देखिएको गम्भीर कानूनी त्रुटि सच्याई न्याय दिनु आवश्यक हुन आउँदछ । त्यस प्रकारका परिस्थितिहरूको अनुभव विगतमा भएका छन् । वास्तवमा न्याय परास्त हुन नपाओस्, गम्भीर अन्यायको स्थिति कायम नरहोस र तल्लो तहका अदालतबाट यदाकदा अपवादस्वरूप हुन सक्ने त्रुटि सुधार गर्ने कानूनी मार्ग कायम रहोस् भन्ने अभिप्राय राखेर विधायिकाले मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा (३) मा विशेष प्रावधान समावेश गरेको हो। उल्लिखित प्रावधानको आधारमा प्रतिवादीका तर्फबाट पुनरावेदन पर्न नआएको अवस्था भएपनि प्रमाणको दृष्टिले न्यायको रोहमा प्रतिवादीउपर ठहर भएको कसुर र सजाय उल्टी नगर्दा गम्भीर अन्यायको स्थिति पैदा हुने वा गम्भीर कानूनी त्रुटि कायम रहने अवस्था देखिन आयो भने पुनरावेदन सुन्ने अदालतले मातहत अदालतको इन्साफ फरक पर्ने वा उल्टिने गरी फैसला गर्न मिल्ने नै हुन्छ। प्रक्रियागत रूपमा आफूसमक्ष पेस हुन आएको मुद्दामा अन्यायपूर्ण निर्णय भएको देखिएको अवस्थामा न्याय गर्न सकिने अवस्था खुल्ला रहोस्, केबल प्रक्रियागत कारणबाट गम्भीर अन्यायपूर्ण परिणाम कायम नरहोस् भन्ने उद्देश्यबाट विधायिकाले उल्लिखित व्यवस्था गरेको हो। तसर्थ, फौजदारी कार्यविधि संहिताको दफा १४४(३) को सन्दर्भमा हेर्दा प्रतिवादीमध्येका कसैको पुनरावेदन नपरेको भएपनि आफूले अधिकारक्षेत्र ग्रहण गरेको मुद्दामा मातहत अदालतबाट भएको फैसलाको परिणामस्वरूप न्यायको रोहमा गम्भीर अन्याय (Gross Injustice) भएको देखिन आएको अवस्थामा तल्लो अदालतबाट भएको फैसला फरक पर्ने वा उल्टिने गरी पुनरावेदन सुन्ने अदालतले फैसला गर्न सक्ने देखिन आयो ।

१२. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी शोभा वादीलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरमा दोषी ठहर गरी १० (दश) वर्ष कैद र रू. पचास हजार जरिवाना हुने गरी सुरू सुर्खेत जिल्ला अदालतले गरेको मिति २०७१/१/२३ को फैसला सदर हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत सुर्खेतको मिति २०७१/८/२४ को फैसला कानून प्रतिकूल देखिएको, न्यायपूर्ण नदेखिएको, यसबाट गम्भीर अन्याय हुने अवस्था देखिएको र सो फैसला कायम रहँदा न्यायिक प्रक्रियाको दुरूपयोग हुन पुगेको स्थिति कायम रहन पुग्ने देखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(३) समेतका कानूनबमोजिम उल्लिखित जिल्ला अदालत र पुनरावेदन अदालतका फैसलाहरू उल्टी गरिएको छ र परिणामस्वरूप प्रतिवादी शोभा वादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

प्रतिवादी शोभा वादीले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले सुरू सुर्खेत जिल्ला अदालत र पुनरावेदन अदालत सुर्खेतको फैसलाबमोजिम राखिएको १० (दश) वर्ष कैद र रू. ५०,०००।– (पचास हजार) जरिवानाको लगत कट्टा गरी दिनु भनी सुर्खेत जिल्ला अदालतमा लेखी पठाई दिनू १

फैसलाको प्रतिलिपि साथै राखी महान्यायाधिवक्ताको कार्यालयमा जानकारीका लागि लेखी पठाई दिनू १

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू १

उक्त रायमा सहमत छु ।

न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल श्रावण ९ गते ५ रोज शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला मिति : २०७६।२।१९
निर्णय नं. १०४१२
भाग: ६१ साल: २०७६ महिना: चैत्र अंक: १२
फैसला मिति :२०७६/०२/१९ ११३१

मुद्दा: मानव बेचबिखन

०७४-CR-१४२७

पुनरावेदक / वादी : परिवर्तित नाम हनुमानढोका (१) को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला काठमाडौं, दहचोक गा.वि.स. वडा नं. ४ बस्ने विनोद ढकालसमेत

फैसला

न्या.पुरूषोत्तम भण्डारी : नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा तत्कालीन न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको छ । प्रस्तुत फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ ।

सुरूको जाहेरी दरखास्त, घटना विवरण कागज, प्रतिवादीहरूको बयान, अभियोग पत्र, साक्षीहरूको बकपत्र, सुरू काठमाडौं जिल्ला अदालतको फैसला, वादी प्रतिवादी दुवैतर्फको पुनरावेदन पत्र र पुनरावेदन अदालत पाटनको फैसलासमेतको बेहोरा उक्त पुनरावेदन अदालत पाटनको मिति २०७३।०३।०७ को फैसलाबाट देखिने हुँदा यहाँ सो कुराको पुनरावृत्ति गरिएको छैन ।

यस अदालतको निर्णय

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री डम्बर काफ्लेले गर्नुभएको बहस सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा, प्रतिवादीहरू विनोद ढकाल, कृष्णबहादुर दर्जी तथा सार्की लामा तामाङसमेतको आपसी योजना, मिलेमतो, एवं संलग्नतामा पीडित हनुमानढोका (१) लाई ललाई फकाई प्रलोभन एवं झुक्यानमा पारी भारतको नयाँ दिल्लीस्थित सिंघानिया अस्पतालमा लगी अवैध रूपमा निज पीडितको बायाँतर्फको मृगौला झिक्ने कार्य भएको पुष्टि हुन आएकोले प्रतिवादीहरू विनोद ढकाल र कृष्णबहादुर दर्जीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत दफा ४(१)(ग) बमोजिमको कसुर हुँदा सोही कसुर अपराधमा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १५(१)(ग) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीहरूबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई यी प्रतिवादीहरूको उक्त कार्य नैतिक पतन गरेको फौजदारी कसुरसमेत हुँदा ऐ. ऐनको दफा २२ बमोजिम नैतिक पतनतर्फको कसुर कायम गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी भएकोमा प्रतिवादीहरू विनोद ढकाल र कृष्णबहादुर दर्जीले पीडितलाई ललाई फकाई भारतमा पुर्‍याई रू. दुई लाख दिई कानूनविपरीत मृगौला झिकेको देखिँदा यी प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१), ४(१)(ग) को विपरीतको कसुर अपराध गरेकोले यी प्रतिवादी विनोद ढकाल र कृष्णबहादुर दर्जीलाई सोही ऐनको दफा १५(१)(ग) बमोजिम जनही १०(दश) वर्ष कैदको सजाय तथा जनही दुई लाख रूपैयाँ जरिवाना हुने र सोही ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूलाई भएको जरिवानाको ५०% बराबरको रकम क्षतिपूर्तिबापत पीडितले प्रतिवादीबाट भराई पाउने तथा ऐनको दफा २२ अनुसार नैतिक पतन हुने फौजदारी कसुर गरेको अवस्था नदेखिँदा सोतर्फ अभियोग दाबी नपुग्ने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०७१।२।१८ मा फैसला गरेको देखिन्छ ।

काठमाडौं जिल्ला अदालतले गरेको उपर्युक्त फैसलामा चित्त नबुझाई प्रतिवादी विनोद ढकाल र कृष्णबहादुर दर्जीको तर्फबाट हामीहरूले आरोपित कसुर नगरेको हुँदा हामीहरूलाई आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भनी र वादी नेपाल सरकार तर्फबाट प्रतिवादीहरूलाई आरोपित कसुरमा अभियोग मागदाबीबमोजिम सजायसमेत भएकोमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २२ बमोजिम प्रतिवादीहरूको उक्त कसुरलाई नैतिक पतनतर्फको कसुर कायम गर्नुपर्नेमा सो नगरेकोले प्रतिवादीहरूको उक्त कसुरलाई नैतिक पतन हुने कसुर कायम गरिपाउँ भनी पनुरावेदन अदालत पाटनमा छुट्टाछुट्टै पुनरावेदन परेकोमा पुनरावेदन अदालत पाटनले सुरू काठमाडौं जिल्ला अदालतबाट भएको उक्त फैसला उल्टी गरी प्रतिवादीहरू विनोद ढकाल र कृष्णबहादुर दर्जीले पीडितको मृगौला झिक्ने कार्य गरेको नभई उक्त कार्य गराउन उत्प्रेरणा दिई मतियारको रूपमा दुरूत्साहन र षड्यन्त्र गरेकोसम्म देखिँदा निज

प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.एक लाख जरिवाना हुने र प्रतिवादीहरूले उक्त ऐनको दफा २२ बमोजिम नैतिक पतन देखिने फौजदारी कसुरसमेत गरेको ठहर गरी मिति २०७३।३।७ मा फैसला गरेको देखिन्छ ।

उक्त फैसलामा समेत चित्त नबुझाई वादी नेपाल सरकारतर्फबाट प्रतिवादी कृष्णबहादुर दर्जी र विनोद ढकालले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान तथा परिवर्तित नाम हनुमानढोका (१) को किटानी जाहेरी, प्रमाणित बयान, बुझिएका मानिस राजन भण्डारीको कागजसमेतबाट यी प्रतिवादीहरू पेसेवर कसुरदार देखिएको अवस्था छ । प्रतिवादीहरूले सोझासाझा मानिसलाई फकाई फुल्याई प्रलोभन देखाई मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्य पटकपटक गर्दै आएको भन्ने पुष्टि भएको र यी प्रतिवादीहरूले गाउँघरका सिधासाधा गरिब जनतालाई पैसाको लालसा देखाई विभिन्न प्रलोभनमा तथा आर्थिक प्रभावमा पारी भारतको दिल्ली पुर्‌याई अर्को गिरोहको जिम्मामा सुम्पिई, पीडितलाई अत्यन्तै थोरै रकम दिई आफूहरूले धेरै लाभ लिने गरेको पुष्टि भइरहेको अवस्थामा मतियारको कसुरसम्म गरेको भनी कम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ । मृगौला दिएमा लाखौं नगद रकम पाइने कुराको प्रलोभनमा पीडितलाई पारी सबै कार्यको बन्दोबस्त मिलाउने कसुरदारका हकमा पीडितको अंग झिक्ने कार्य प्रतिवादीहरूले नगरेका भनी मृगौला झिक्ने चिकित्सक नै मुख्य कसुरदार हुने अर्थ गरी कानूनको गलत अर्थ र व्याख्या गरी भएको फैसला त्रुटिपूर्ण छ । प्रतिवादीहरूउपरको अभियोग दाबीअनुसारको कसुर स्थापित हुने यथेष्ट प्रमाण हुँदाहुँदै दाबीभन्दा घटी सजाय हुने कसुर ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला कानूनत त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भनी यस अदालतमा प्रस्तुत पुनरावेदन परेको देखिन्छ ।

यसमा पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेको छ छैन ? तथा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू विनोद ढकाल र कृष्णबहादुर दर्जीलाई पीडितको मृगौला झिक्न मतियारको भूमिका निर्वाह गरेकोमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम जनही ५ वर्ष कैद र रू.एक लाख जरिवाना हुने र निजहरूले ऐ.ऐनको दफा २२ बमोजिम नैतिक पतन हुने कसुर गरेको ठहर गरी पुनरावेदन अदालत पाटनले गरेको फैसलाउपर यी प्रतिवादीहरूको पुनरावेदन परेको नदेखिँदा त्यसतर्फ विवेचना गरिरहन परेन ।

३. प्रतिवादी विनोद ढकालले समेत अदालतमा बयान गर्दा कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको भए तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, जाहेरवाली पीडित परिवर्तित नाम हनुमानढोका (१) को घर र मेरो घर एउटै गाउँमा भएकोले निजले म बेरोजगार भएँ, कहीँ काम पाइन्छ भने मलाई पनि काम लगाई दिनुपर्‌यो भनेको हुँदा मेरो चिनजानका साथी कृष्णबहादुर दर्जीले कोही गार्मेन्टमा काम गर्न सक्ने मानिस भए म काम लगाई दिउँला भनी मसँग भनेका हुँदा निज जाहेरवालीलाई कृष्णबहादुर दर्जीसँग भेटघाट गराई चिनजान गराइदिएको थिएँ र जाहेरवालीलाई कृष्णबहादुर दर्जीसँग भेट गराई दिएबापत कृष्णबहादुर दर्जीले मलाई रू.२,५००।- दिएका थिए । सो पछि के के भयो, थाहा भएन, तर पछि मैले थाहा पाएअनुसार निज जाहेरवालीलाई साथी कृष्णबहादुर दर्जीले भारतमा लगी देब्रे मृगौला निकाल्न लगाई जाहेरवालीको मृगौला बिक्री गराइदिएको थाहा पाएको हो भनी बयान गरेको देखिन्छ ।

४. त्यस्तै अर्को प्रतिवादी कृष्णबहादुर दर्जीले समेत अदालतमा बयान गर्दा कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको भए तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा म वनस्थली बालाजुमा रहेको मृगौलासम्बन्धी अस्पतालमा गएको अवस्थामा सार्की लामा तामाङ नाम बताउने व्यक्तिसँग चिनजान परिचय हुँदा निजले आफूलाई मृगौला फेर्नुपर्ने बताएका र मलाई त्यसरी मृगौला बेच्ने व्यक्तिलाई खोजी गर राम्रै रकम दिन्छु भनी बताएकाले सो कुरा मैले विनोद ढकाललाई जानकारी गराउँदा केही दिनपछि विनोद ढकालले यी जाहेरवाली आफ्नो मृगौला दिनेवाला छिन् भनेकाले मैले निज जाहेरवालीलाई भेटी मृगौला दिएमा रू.२,००,०००।- रकम आउँछ, तपाईंलाई कुनै अप्ठ्यारो पर्दैन भनी ललाई फकाई म र विनोद ढकाल दुवै भई सार्की लामालाई जानकारी गराई निजैले भनेबमोजिम स्वास्थ्य परीक्षण गरेपछि सार्की लामाले मलाई रू.१०,०००।- रकम दिएका थिए, सोमध्ये रू.२,५००।- मैले विनोद ढकाललाई दिई बाँकी रकम मैले लिएको थिएँ, मृगौला फेर्न प्राय: इन्डिया जानुपर्ने भएकाले मिति २०६९।८।२३ गतेका दिन इन्डिया जाने सरसल्लाह भएपछि सो दिन मैले सार्की लामासँग सम्पर्क गराई बौद्धमा जानु भनी पठाएको हो, त्यसपछि के के भयो थाहा भएन भनी बयान गरेको देखिन्छ ।

५. पीडित जाहेरवालीले म र प्रतिवादीमध्येका विनोद ढकालको बस्ने डेराकोठा एकै ठाउँमा भएकाले विनोद ढकाल मेरो डेराकोठामा आउने जाने गरेको र तपाईंलाई ऋण लागेको र पैसाको पनि खाँचो रहेछ, पैसा कमाउने काम भन्छु भन्दै स्वास्थ्य परीक्षणसमेत गर्न लगाई मिति २०६९।१०।१२ मा भारतको सिंघानिया अस्पतालमा पठाई मेरो मृगौला झिक्न लगाई प्रतिवादीहरूले मलाई झुक्यान र प्रलोभनमा पारी कानून प्रतिकूल अंग झिक्ने कार्य गरेकोले सजाय गरिपाउँ भनी जाहेरी दिएकी र सो जाहेरीबमोजिम बयान कागजसमेत गरेको भए पनि पीडित हनुमानढोका (१) अदालतमा उपस्थित भई बकपत्र गर्दा मेरो मृगौला दिल्लीको सिंघानिया अस्पतालमा मेरो इच्छाले नै रू.२,००,०००।- मा बेचेको हो । मिति २०६९।१०।१२ मा त्यसरी मृगौला झिक्दा मसँग मेरो श्रीमान्

पनि साथै हुनुहुन्थ्यो । प्रतिवादी कृष्णबहादुर दर्जीसमेतले मलाई मृगौला बेच्न लगाएको होइन भनी बकपत्र गरिदिएको देखिँदा पीडित जाहेरवालीले आफ्नो जाहेरी बेहोरालाई अदालतमा बकपत्र गर्दा समर्थन गर्न सकेको देखिन आएन । यस अवस्थामा पीडितको जाहेरी र बकपत्र परस्पर बाझिएको देखिँदा जाहेरवाली पीडितले दिएको जाहेरी दरखास्त विश्वासयोग्य देखिएन ।

६. जाहेरवाली पीडित उमेर पुगेकी सद्दे मानिस भएकीले शरीरको मृगौलाजस्तो अंग झिकेपछि स्वास्थ्यमा पर्ने प्रभावबारे थाहा छैन, थिएन भन्न मिल्ने अवस्था छैन । अदालतमा बकपत्र गर्दा आफ्नो लोग्नेको उपस्थितिमा आफ्नो मृगौला स्वेच्छाले बिक्री गरेको भनी उल्लेख गरिसकेपछि निजको बकपत्र अन्यथा नभएसम्म प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने नै हुन जान्छ ।

७. पीडित जाहेरवाली र प्रतिवादी विनोद ढकालको डेराकोठा एकै ठाउँ भएकोले पीडित गरीब र ऋण लागेको व्यक्ति भई निजको गरिबी दूर गर्ने उपायको रूपमा मृगौला बिक्री गरी आएको रकमले सहयोग हुन सक्छ भन्ने पीडितप्रति सहानुभूति चिताई प्रतिवादी विनोद ढकालले कृष्णबहादुर दर्जी र प्रतिवादी कृष्णबहादुर दर्जीले मृगौला रोगी सार्की लामासँग चिनजानसम्म गराई दिएको र सो कुरा प्रतिवादीद्वयको अधिकारप्राप्त अधिकारीसमक्ष बयान र पीडितको बकपत्रबाट खुल्न आएको देखिन्छ ।

८. जाहेरवालीले आफ्नो बायाँ मृगौला रोगीसँग रू.२,००,०००।- लिई भारत नयाँ दिल्लीको सिंघानिया अस्पतालमा आफ्नो इच्छाले बेचेको हो । उक्त अस्पतालमा मृगौला झिक्दा मेरो पति पनि सँगै रहेको भनी बकपत्र गरेबाट समेत जाहेरवालीले आफ्नो पतिको समेत सहमतिमा दुवै मृगौला फेल भएका बिरामीलाई आफ्नो एक मृगौला बेचेको हो भनी मान्नुपर्ने देखिन आयो ।

९. यी प्रतिवादीहरू जाहेरवालीको मृगौला झिकी मृगौला रोगीमा प्रत्यारोपण गर्न भारत नयाँ दिल्लीस्थित अस्पतालसम्म गएको देखिँदैन । यी प्रतिवादीहरू स्वयं जाहेरवालीको मृगौला झिक्न अस्पतालसम्म नगएको भए तापनि यी प्रतिवादीहरूले जाहेरवालीको गरिबी अवस्थादेखि आर्थिक फाइदासमेत देखाई जाहेरवालीलाई आफ्नो मृगौला बिक्री गर्न सल्लाह र सहयोग गरेकोसम्म देखिन आयो ।

१०. मानिसलाई जतिसुकै दुःख पीडा वा गरिबी भए पनि कसैले कसैलाई मृगौला बेच्न उत्प्रेरणा दिने तथा सहयोग गर्ने कार्य निश्चय नै उसको नैतिकता, सामाजिक जवाफदेहिता र कानूनको समेत बर्खिलाप भई त्यस्तो कार्य कानूनी अपराधको रूपमा परिभाषित हुन जान्छ र सो कार्य गरेबापत मानिस दण्डित पनि हुनैपर्दछ ।

११. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ग) मा "प्रचलित कानूनबमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुनेछ" भन्ने र सोही ऐनको दफा १५(१)(ज) मा "मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुनेछ ।" भन्ने व्यवस्था भएको देखिन्छ । मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादीद्वय विनोद ढकाल र कृष्णबहादुर दर्जीले पीडितको मृगौला झिक्ने कार्यमा संलग्न भई आरोपित कसुर गरेको नदेखिई निजले सो कार्य गराउन दुरूत्साहन, षड्यन्त्र र मतियारसम्मको कार्यमा संलग्न भएको देखियो ।

१२. यसरी यी प्रतिवादीद्वय विनोद ढकाल र कृष्णबहादुर दर्जीले उल्लिखित कानूनी व्यवस्थाको बर्खिलाप हुने गरी मृगौला झिक्ने कार्यमा संलग्न नभई पीडितको कोठामा आउने जाने र पीडितलाई पैसाको खाँचो छ भन्ने थाहा पाएर मृगौला बिक्री गरेमा पैसा पाइन्छ भन्ने सल्लाह दिई प्रतिवादी विनोद ढकालले प्रतिवादी कृष्णबहादुर दर्जीसँग पीडितको भेट गराइदिएको र प्रतिवादी कृष्णबहादुर दर्जीले मृगौला लिने मानिस सार्की लामासँग भेट गराई पीडितको मृगौला बिक्री गर्न र गर्न लगाउन दुरूत्साहन, षड्यन्त्र र मतियारसम्मको कार्यमा संलग्न भएको देखिँदा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसारको कसुरमा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१३. उपर्युक्त विवेचित आधार र कारणहरूबाट प्रतिवादी कृष्णबहादुर दर्जी र विनोद ढकाललाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम जनही ५(पाँच) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।३।७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत : अरूणकुमार कोइराला

इति संवत् २०७६ साल जेठ १९ गते रोज १ शुभम् ।

सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला मिति : २०७६।२।९

निर्णय नं. १०१८५

भाग: ६१ साल: २०७६ महिना: जेष्ठ अंक: २

फैसला मिति :२०७६/०२/०९ २३४७

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७५-AP-०५७४

निवेदक : वसन्त रावल

विरूद्ध

विपक्षी : नेपाल सरकार

आदेश

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : यस अदालतको संयुक्त इजलासको मिति २०७६।०२।०१ गतेको आदेशानुसार यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र अधिवक्ताद्वय श्री रमेशप्रसाद खनाल, श्री दृष्टि दाहाल तथा एमिकस क्यूरी (Amicus Curiae) को रूपमा नेपाल बार एसोसिएसनका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सतीशकृष्ण खरेल एवं सर्वोच्च अदालत बार एसोसिएसनका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरेले गर्नुभएको बहससमेत सुनियो।

मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा, यी निवेदक / प्रतिवादीउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर अपराधमा सोही ऐनको दफा १५(१)(च) बमोजिम सजाय गरिपाउँ भनी अभियोग मागदाबी रहेको देखिन्छ।

सुरू कञ्चनपुर जिल्ला अदालतबाट यी निवेदक / प्रतिवादीले अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर अपराध गरेकाले सोही ऐनको दफा १५(१)(च) बमोजिम कसुरको मात्राअनुसार २ वर्ष कैद हुने ठहर्‌याई मिति २०७२।०५।१३ मा फैसला भएको देखियो।

सुरू अदालतको उक्त फैसलाउपर चित्त नबुझी वादी नेपाल सरकार तथा यी निवेदक / प्रतिवादीसमेतको तर्फबाट दोहोरो पुनरावेदन परेकोमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सुरू फैसला केही उल्टी गरी यी निवेदक / प्रतिवादीलाई ३ वर्ष ६ महिना कैद हुने ठहर्‌याई मिति २०७३।१२।२१ मा फैसला भएको छ।

उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको उक्त फैसलाउपर यी निवेदक/ प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परेकोमा उच्च अदालतको फैसला सदर हुने ठहरी यस अदालतबाट मिति २०७६।०१।०४ मा अन्तिम फैसला भएको भन्ने देखिन्छ।

यस अदालतबाट मिति २०७६।०१।०४ मा भएको अन्तिम फैसलाको आधारमा यी निवेदक/ प्रतिवादीले साबिक मुलुकी ऐन, दण्डसजायको महलको ४१क. नं. बमोजिम फैसलाले लागेको कैदमा २० प्रतिशत मिन्हा दिई कैदमा बस्न पाउँ भनी (फैसला भएको मितिले ६० दिनभित्रै) मिति २०७६।०१।२३ मा यस अदालतमा निवेदन दिएको भन्ने देखियो।

उक्त निवेदनउपर कारबाही हुँदा निवेदकले माग दाबी गरेको साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. सहितको मुलुकी ऐन नै खारेज भइसकेको र यस अदालत पूर्ण इजलासबाट निवेदक/ प्रतिवादी हुसेन अलि मियाँ विरूद्ध नेपाल सरकार भएको नकबजनी चोरी मुद्दामा केही नेपाल संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क)(ग) को व्यवस्थाले मुलुकी ऐनको कार्यविधि अवलम्बन गरी दण्ड सजायको महलको ४१ नं. बमोजिमको सुविधा प्राप्त गर्न सक्ने भनी व्याख्या भएपछि मुलुकी

संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ को दफा ७(८) ले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (क) को व्यवस्था संशोधन भई संहिताको कार्यविधि अवलम्बन गर्ने भन्ने भएकोले साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. बमोजिम लागेको कैदमा २० प्रतिशत मिन्हा दिई सजाय कार्यान्वयन गर्न मिलेन भनी यस अदालतका सहरजिस्ट्रारबाट मिति २०७६।०१।२३ मा आदेश भएको देखियो।

सहरजिस्ट्रारको उक्त आदेश बदर गरिपाउँ भनी निवेदकले यस अदालतसमक्ष निवेदन दिई सो निवेदन इजलाससमक्ष पेस हुँदा "यसमा मुलुकी ऐन, दण्ड सजायको महलको ४१ (क) नं. मा भएको जरिवाना र कैद सजायमा बीस प्रतिशत (२०%) मिन्हा दिने व्यवस्था खारेज भएको र हाल लागू भएको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले सो कानूनी व्यवस्थालाई निरन्तरता दिएको नदेखिएको र यस अदालतको पूर्ण इजलासबाट मुलुकी ऐनबमोजिम दायर भएको नकबजनी चोरी मुद्दाको अन्तिम फैसला भएको ६० दिनभित्र जरिवाना र कैद भुक्तानीका लागि निवेदनसाथ यस अदालतमा उपस्थित भएको निवेदकलाई निवेदन मागबमोजिम दण्ड सजायको महलको ४१ (क) नं. बमोजिम सुविधा दिनुपर्ने भनी निवेदक हुसेन अलि मियाँ विपक्षी नेपाल सरकार भएको ०७५-AP-०२११ नं. को निवेदनमा मिति २०७५।०५।१३ मा आदेश भएको देखिन्छ। सो आदेशपश्चात् मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ को दफा ७(८) ले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (क) को व्यवस्था संशोधन भई "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भएपनि सोही अदालतबाट मुलुकी देवानी कार्यविधि संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ" भन्ने व्यवस्था गरेको छ। उपर्युक्त परिप्रेक्ष्यमा प्रस्तुत निवेदनमा साबिक मुलुकी ऐन, दण्ड सजायको ४१क. नं. मा भएको व्यवस्था सारवान् कानून हो वा कार्यविधि कानून हो ? साबिक मुलुकी ऐनअनुसार चलेको मुद्दाहरूमा अब दण्ड सजायको उपर्युक्त व्यवस्थाअनुसारको सुविधा दिन मिल्छ वा मिल्दैन ? लगायतका जटिल कानूनी प्रश्न उपस्थित भएको देखिएको र यस विषयमा एकरूपता कायम हुनुपर्ने" भन्ने आदेश भई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२)(ग) बमोजिम प्रस्तुत निवेदन यस इजलाससमक्ष पेस हुन आएको देखियो।

२. उपर्युक्त बहस एवं तथ्यगत अवस्था रहेको प्रस्तुत निवेदनमा सर्वप्रथम मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. मा भएको कानूनी व्यवस्था सारवान कानून हो वा कार्यविधि के हो ? भन्ने संयुक्त इजलासको पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा, दण्ड सजायको ४१क. मा "...जरिवाना वा कैदको सजाय लागेको व्यक्ति अन्तिम फैसला हुँदा अड्डामा उपस्थित भई जरिवाना बुझाउन वा कैदमा बस्न मन्जुर भएमा वा त्यस्तो सजाय हुने गरी फैसला भएको व्यक्ति फैसला भएको मितिले साठी दिनभित्र फैसला गर्ने वा लगत रहेको अड्डामा हाजिर भई जरिवाना तिर्न वा कैदमा बस्न आफैँ उपस्थित भएमा निजलाई भएको जरिवाना र कैदको सजायमा बीस प्रतिशत मिन्हा दिई बाँकीको मात्र लगत कायम गरी सजाय कार्यान्वित गरिनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

३. साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. मा भएको उक्त कानूनी व्यवस्था मूलतः फैसला कार्यान्वयनसँग सम्बन्धित छ। सामान्य अर्थमा सारवान् कानूनले हक अधिकारको सृजना गर्दछ भने कार्यविधि कानूनले त्यस्तो सिर्जित हक अधिकारको प्रचलनको लागि मार्गनिर्देश गर्दछ। कानूनको निर्माण हुँदा कतिपय अवस्थाहरूमा एउटै दफामा सारवान् तथा कार्यविधि कानूनका विषयवस्तुहरू समाहित हुने गरी कानूनको निर्माण भएको वा मुद्दाको फैसला भई कार्यान्वयन हुँदासम्म पनि व्यक्तिले उपभोग गर्न पाउने निश्चित प्रकारका हकाधिकार र सुविधा प्रदान गर्ने गरी कानूनमा व्यवस्था गरिएको पनि हुन सक्छ।

४. प्रस्तुत सन्दर्भमा उल्लिखित दण्ड सजायको महलको ४१क.नं. को कानूनी व्यवस्थामा एकातर्फ अदालतको फैसलालाई सम्मान गरी समर्पण गर्न आएको व्यक्तिले कुन प्रक्रिया र कहिलेसम्म अदालतमा उपस्थित हुनुपर्ने भन्नेसम्बन्धी कार्यविधि तोकेको छ भने अर्कोतर्फ सो कार्यविधिलाई स्वीकार गरी आउने व्यक्तिले लागेको कैद जरिवानामा बीस प्रतिशत (२०%) मिनाहा (waive) पाउने भनी निजले पाउने सुविधाको किटानी गरिएको छ। कानूनले प्रदान गरेको उक्त बीस प्रतिशत मिन्हा दिने सुविधा सारवान् सुविधा (statutory facility) सँग सम्बन्धित रहेको देखिन्छ। कानूनले दिएको यसप्रकारको सुविधा सम्बन्धित व्यक्तिका लागि सारवान् विषयसँग सम्बन्धित हक अधिकार सरह नै मान्नु पर्ने हुन्छ। वस्तुतः दण्ड सजायको महलको ४१क. मा भएको कानूनी व्यवस्था व्यक्तिले विना तजबिज, बिना भेदभाव, समानरूपमा सबैले प्राप्त गर्न सक्ने प्रकृतिको हक सुविधा रहेभएको देखिँदा यस्तो सुविधा फैसला कार्यान्वयनको क्रममा विना भेदभाव सबैको लागि समान रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। अदालतको फैसलाको सम्मान तथा परिपालना (respect and adherence to verdicts of court) हुने वातावरणको सिर्जना हुन सकोस् भन्ने उद्देश्यले विधायिकाबाट निर्मित सो कानूनको प्रावधानभित्र सारवान् तथा कार्यविधि कानूनका दुवै गुणहरू विद्यमान रहे भएको देखिन्छ। वस्तुतः २०७४ सालमा जारी भई २०७५ साल भाद्र १ गतेबाट प्रारम्भ भएका संहिताहरूले विषय

र प्रकृतिअनुसार देवानी तथा फौजदारी दुवै विषयसँग सम्बन्धित सारवान् तथा कार्यविधिसम्बन्धी व्यवस्था छुट्टाछुट्टै संहिताको रूपमा आएको पाइन्छ । तर सोपूर्व बहाल रहेको मुलुकी ऐनमा देवानी तथा फौजदारी दुवै विषय समावेश भई तत्सम्बन्धी सारवान् तथा कार्यविधिसम्बन्धी व्यवस्थालाई कतिपय अवस्थामा एउटै दफामा व्यवस्थित गरिएको पाइन्छ । सोहीबमोजिम दण्ड सजायको ४१ क. को व्यवस्थाको समुच्च अध्ययन गर्दा यसमा सारवान् तथा कार्यविधि कानूनका मिश्रित व्यवस्था रहेको देखिन आउँछ ।

५. मुलुकी ऐन खारेज भएको र हाल लागू भएको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. को कानूनी व्यवस्थालाई निरन्तरता नदिएको स्थितिमा कैद सजाय मिनाहा दिन मिल्छ वा मिल्दैन ? भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मिति २०७५।०५।०१ देखि लागू भई सो कानूनले साबिक मुलुकी ऐन, २०२० लाई खारेज गरेको भए तापनि प्रस्तुत मुद्दामा मुलुकी ऐन, २०२० बहाल रहेकै अवस्थामा घटित वारदातमा अभियोगपत्र दायर भई यी निवेदक / प्रतिवादीलाई कञ्चनपुर जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम दुई वर्ष कैद हुने ठहरी मिति २०७२।०५।१३ मा फैसला भएको र सो फैसलाउपर वादी / प्रतिवादीको तर्फबाट पुनरावेदन परी उच्च अदालत महेन्द्रनगरबाट सुरू फैसला केही उल्टी भई यी निवेदक / प्रतिवादीलाई ३ वर्ष ६ महिना कैद हुने ठहरी मिति २०७३।१२।२१ मा फैसला भएको भन्ने देखिन्छ । उच्च अदालतको उक्त फैसलाउपर मुलुकी ऐन, २०२० बहाल रहेकै अवस्थामा यी निवेदक स्वयंको यस अदालतमा पुनरावेदन परी मुद्दा विचाराधीन रहेको अवस्थामा मुलुकी ऐन खारेज भई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ जारी भएपछि अर्थात् मिति २०७६।०१।०४ गते यस अदालतबाट उच्च अदालतको उक्त फैसला सदर हुने ठहरी फैसला भएको अवस्था छ ।

६. कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ मा खारेजीको परिणामअन्तर्गत खण्ड (ग) मा "यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पर्ने छैन" भन्ने व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाको सन्दर्भबाट हेर्दा प्रस्तुत विवादमा तत्काल प्रचलित कानून विरूद्धको अपराधका सम्बन्धमा अभियोगपत्र दायर भई जिल्ला तथा पुनरावेदन अदालतबाट समेत फैसला भइसकेको र साबिक मुलुकी ऐन बहाल रहेकै अवस्थामा यिनै निवेदक / प्रतिवादी स्वयंको यस अदालतमा पुनरावेदन परी मुद्दा विचाराधीन रहेको अवस्थामा नयाँ कानून लागू भएपछि फैसला भएकै कारणले मात्र यी निवेदक/ प्रतिवादीले साबिक बहाल रहेको दण्ड सजायको ४१क. को सुविधा नपाउने भनी अर्थ गर्न मिल्ने देखिएन ।

७. त्यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ" भन्ने स्पष्ट व्यवस्था गरेको छ भने सो कानूनी व्यवस्थालाई मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ ले संशोधन वा खारेज नगरी हालसम्म पनि बहाल नै रहेको अवस्था छ । मुद्दाको प्रकृति र सन्दर्भका आधारमा कानून व्याख्या गतिशीलरूपमा गरिनु पर्ने र यसो गर्दा व्यक्तिको हित र सुविधालाई समेत मध्यनजर गरेर लाभदायी बनौट (Beneficial Construction) का आधारमा कानूनको व्याख्या गरी न्याय प्रदान गर्नु अपरिहार्य हुन्छ । कानून र न्यायको सारभूत उद्देश्य पनि यही हो । यो मान्यतालाई हाम्रो कानून प्रणाली एवम् अदालतबाट प्रतिपादित सिद्धान्तहरूले समेत आत्मसात् गरी आएको पाइन्छ । उच्च अदालत महेन्द्रनगरबाट मिति २०७३।१२।२१ मा भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परेको अवस्था छैन । कैद मिनाहा दिनेसम्बन्धी मुलुकी ऐनका प्रावधानहरू बहाल रहेकै अवस्थामा निवेदक / प्रतिवादीले यस अदालतमा पुनरावेदन गरेको स्थितिमा हाल नयाँ कानून लागू भए तापनि कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ भन्ने उक्त नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (ग) ले स्पष्ट रूपमा बोलेको अवस्थामा उक्त कानूनी व्यवस्था एवम् माथि उल्लिखित कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४(ग) समेतका आधारमा मुलुकी ऐन, दण्ड सजायको ४१क. बमोजिम प्रस्तुत मुद्दामा सजाय मिनाहा दिन मिल्ने नै देखिन्छ ।

८. त्यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (ग) मा "... तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन गरिनेछ" भन्ने कानूनी व्यवस्था गरी हाल लागू भएको कानूनले समेत सजायमा उदार दृष्टिकोण राखेको परिप्रेक्ष्यमा अदालतको फैसलाप्रति सम्मान गरी समर्पण गर्ने आउने यी निवेदक /

प्रतिवादीको हकमा मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. आकर्षित हुन सक्दैन भनी अर्थ गर्नसमेत न्यायोचित हुने देखिएन।

९. उच्च अदालत महेन्द्रनगरबाट मिति २०७३।१२।२१ मा भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन नपरेको र कैद मिनाहा दिनेसम्बन्धी मुलुकी ऐनका प्रावधानहरू बहाल रहेकै अवस्थामा सार्वजनिक कानूनले प्रदान गरेका हक अधिकार तथा सुविधाप्रति विश्वस्त भई यी निवेदकले यस अदालतमा सफाइ वा कम सजाय हुनका लागि पुनरावेदन गरेको स्थितिमा नयाँ कानून लागू भएपछि यस अदालतबाट फैसला भएकै कारणले मात्र सो कैद मिनाहाको सुविधाबाट यी निवेदकलाई वञ्चित गर्दा वैधानिक अपेक्षा (Legitimate Expectation) को सिद्धान्तसमेतको विपरीत हुन जाने देखियो। वैधानिक अपेक्षाको सिद्धान्तलाई कुमार पाण्डे वि. उर्जा मन्त्रालय, सिंहदरबारसमेत भएको ०७०-WO-०२२६ को उत्प्रेषण / परमादेशलगायतका मुद्दाहरूमा यस अदालतबाट बृहत् व्याख्या भई सो मान्यतालाई विभिन्न मुद्दाहरूमा हाम्रो न्याय प्रणालीले स्वीकार गरिसकेको छ।

१०. यसै प्रकृतिको विवादको सम्बन्धमा निवेदक हुसेन अलि मियाँ विपक्षी नेपाल सरकार भएको ०७५-AP-०२११ नकबजनी चोरी मुद्दामा यस अदालतको पूर्ण इजलासबाट २०७५।०८।१३ मा दण्ड सजायको ४१क. नं. बमोजिमको सुविधा पाउने आदेशसमेत भइसकेको पाइयो। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (ग) को कानूनी व्यवस्था हाल बहाल नै रहेको एवं सो अवस्था र परिस्थितिमा सैद्धान्तिक तथा कानूनीरूपमा आधारभूत परिवर्तन भएको अवस्थासमेत नरहेको स्थितिमा दण्ड सजायको महलको ४१क. नं. अनुसारको सुविधा दिन इन्कार गरेको सहरजिस्ट्रारको आदेश कानून एवं न्यायसम्मत मान्न मिलेन।

११. उल्लिखित आधार कारणहरूबाट यी निवेदक / प्रतिवादीउपर तत्कालीन कानूनी व्यवस्थाअनुसार मुद्दा चली तहतह फैसला भई यी निवेदकले यस अदालतमा पुनरावेदन गर्दासमेत मुलुकी ऐन बहाल नै रही यस अदालतबाट फैसला हुँदाको अवस्थामा मुलुकी ऐन खारेज भएको भए तापनि उल्लिखित आधारहरूबाट निवेदक / प्रतिवादीका सन्दर्भमा मुलुकी ऐन दण्ड सजायको महलको ४१ क. नं. को व्यवस्थालाई अवलम्बन गर्न बाधा पुग्ने देखिएन।

१२. तसर्थ न्यायिक सिद्धान्त, न्यायिक परम्परा, परिपाटी तथा समग्र कानूनी प्रावधानलाई दृष्टिगत गर्दा यी निवेदक / प्रतिवादीलाई मुलुकी ऐन, दण्ड सजायको महलको ४१क. नं. बमोजिमको सुविधा प्रदान गर्न मिलेन भनी यस अदालतका सहरजिस्ट्रारबाट मिति २०७६।०१।२३ मा भएको आदेश कानूनसङ्गत तथा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तसमेतको विपरीत देखिँदा सो आदेश बदर गरिदिएको छ। अब निवेदकलाई साबिक मुलुकी ऐन, दण्ड सजायको ४१क. बमोजिमको सुविधा प्रदान गरी कानूनबमोजिम फैसला कार्यान्वयन गर्नू।

न्या. टंकबहादुर मोक्तान

न्या. हरिप्रसाद फुयाल

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल

इति संवत् २०७६ साल जेठ ९ गते रोज ५ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७६।१।४
निर्णय नं. १०२६६
भाग: ६१ साल: २०७६ महिना: भाद्र अंक: ५
फैसला मिति :२०७६/०१/०४ १९९७

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७४-CR-००६४

पुनरावेदक / प्रतिवादी : जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका वडा नं. १२ ऐरी बस्ने वीरबहादुर रावलको छोरा वर्ष ४९ को वसन्त रावल

विरूद्ध

प्रत्यर्थी / वादी : तराई पहाड नाम परिवर्तन ७५ कञ्चनपुर ङ कुमारीको जाहेरीले नेपाल सरकार

फैसला

न्या.सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

मेरो घरको आर्थिक अवस्था कमजोर भएकोले बिगत १० वर्ष पहिलेदेखि जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका वडा नं. १२, ऐरी बस्ने प्रतिवादी वसन्त रावलले मलाई स्कुल पढाई दिन्छु भनी घरमा ल्याई स्कुल नपढाई कमलरीको रूपमा बसी काम गर्दै आएकोमा मिति २०६८ सालदेखि निज प्रतिवादीले मेरा संवेदनशील अंगहरू सुम्सुम्याउने, हात लगाउने गर्ने गर्दथ्यो । मिति २०७० साल वैशाख २ गतेका दिन घरमा प्रतिवादी र म मात्र भएको समयमा निज वसन्त रावलले आफ्नो कोठामा बोलाई जबरजस्ती करणी गरेको हो । मैले उक्त कुरा कहीँ भनेमा ज्यान मार्ने धम्कीसमेत दिएको थियो । मिति २०७१ साल जेष्ठ महिनामा प्रतिवादी वसन्त रावलले मलाई भारतीय नम्बरको गाडीभित्र राखी भारतको वनबासा लगी गएको र उक्त गाडीभित्र अन्य नचिनेका २ जना व्यक्तिसमेत रहेका थिए । भारतको वनबासामा पुगेपश्चात् मलाई गाडीभित्र प्रतिवादी र निजसँग भएका २ जनासमेतले पालैपालो करणी गरी सडकमा अलपत्र छोडी आएका र मलाई भारतको S.S.B ले Reeds संस्थाको जिम्मा लगाई दिएका थिए । उक्त कुरा मेरा बुबाले थाहा पाई मलाई भारतबाट ल्याएका हुन् । सोपश्चात् निज प्रतिवादीको श्रीमतीले मलाई फेरी बोलाई कपडा किनी दिन्छु भनी भारतको वनबासा लगी मलाई थाहा नदिई के कुन औषधि खुवाई मेरो पेट दुख्न लाग्दा मलाई निजहरूले उपक्षेत्रीय अस्पताल डडेल्धुरामा लगी अल्ट्रासाउन्ड गराउँदा पेटमा भ्रुण छ भनी बताएपश्चात् निजहरूले गर्भपतन गर्न लगाएका हुन् । निज प्रतिवादीले मलाई यौन शोषण गरी भारतीय गाडीमा ओसारपसार गरी अरूद्वारा समेत यौन शोषण गराई गर्भपतनसमेत गराएको हुँदा निज वसन्त रावललाई कारबाही गरिपाउँ भन्ने नाम परिवर्तन ७५ कञ्चनपुर ङ कुमारीको जाहेरी दरखास्त ।

मेरो घरको आर्थिक अवस्था कमजोर भई पालनपोषण गर्नसमेत समस्या भएको हुँदा बिगत १० वर्षदेखि जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका वडा नं. १२ ऐरी बस्ने वसन्त रावलको घरमा कमलरीको रूपमा काम गर्दै आएकी थिएँ । २०६६ सालमा निज प्रतिवादीले मलाई आफ्नो बहिनीज्वाइँको घरमा काम गर्न भनी काठमाडौंसमेत पठाएपश्चात् २०६८ सालमा म काठमाडौंबाट फिर्ता आई निज अन्यायी वसन्त रावलको घरमा काम गर्दथें । सोही मितिदेखि निज प्रतिवादी वसन्त रावलले मेरा संवेदनशील अंगहरूमा सुम्सुम्याउने, हात लगाउने गर्ने गर्दथ्यो । मिति २०७०।०१।०२ गतेका राति घरमा प्रतिवादी र म मात्र भएको समयमा निजले मलाई खुट्टामा मलम लगाउन भनी आफ्नो कोठामा बोलाई जबरजस्ती करणी गरेको हो । मैले उक्त कुरा कहीँ भनेमा ज्यान मार्ने धम्कीसमेत दिएको थियो । मिति २०७१ साल जेष्ठ महिनामा प्रतिवादी वसन्त रावलले भारतीय नम्बरको गाडीमा राखी भारतको वनबासा लगी त्यहाँ पुगेपश्चात् गाडीभित्र प्रतिवादी र निजसँग भएका अन्य २ जनासमेतले पालैपालो करणी गरी मलाई सडकमा अलपत्र अवस्थामा छोडी आएकोमा मलाई भारतको S.S.B. ले Reeds संस्थाको जिम्मा लगाई दिएका थिए । उक्त कुरा मेरा बुबाले थाहा पाई मलाई भारतबाट ल्याएका हुन् । सोपश्चात् निज प्रतिवादीको श्रीमतीले मलाई फेरी बोलाई कपडा किनी दिन्छु भनी भारतको वनबासा लगी मलाई थाहा नदिई के कुन औषधि खुवाई गर्भपतन गर्न लगाएका हुन् । निज प्रतिवादीले मलाई यौन शोषण गरी भारतीय गाडीमा ओसारपसार गरी अरूद्वारा

समेत यौन शोषण गराई गर्भपतनसमेत गराएको हुँदा निजलाई कारबाही हुनुपर्छ भन्ने पीडित नाम परिवर्तन कञ्चनपुर ङ कुमारीको बयान ।

२०६४ सालमा पीडित नाम परिवर्तन कञ्चनपुर ङ कुमारीको आमाबुबाले छोरीलाई पढाई लेखाई दिनु भनी पीडितलाई मेरो जिम्मा लगाई मेरो घरमा पठाएका हुन् । निज पीडितलाई मैले २०६४/२०६५ सालमा पूर्ण मा.वि., ऐरी विद्यालयमा नर्सरीमा भर्ना गरी सोही विद्यालयमा कक्षा २ सम्म अध्ययन गरेकी र पछि आफैंले विद्यालय जान नमानी घरायसी काममा लागेकी थिइन् । २०६७ सालमा जाहेरवाली स्वइच्छाले भागी काठमाडौं गएकी हुन् । निजलाई कामकाजको सिलसिलामा पठाएको होइन । २०६८ सालमा निज पीडित कञ्चनपुर ङ कुमारी काठमाडौंबाट आफैं घरमा फर्की आएकी र मेरो श्रीमतीसँग रू. ३,००,०००।- (तीन लाख) दिनुहोस्, म विवाह गर्छु भनी भन्दा श्रीमतीले म नगद रूपैयाँ दिन सक्दिन विवाह गरी दिन्छु भनी भनेकी हुन् । २०६८ साल फागुन महिनामा मेरी दिदी जिबुदेवी रावल मेरो घरमा आएको अवस्थामा निज पीडितसँग राम्रो चिनजान भएको र पछि दिदी आफ्नो घर काठमाडौं जाने क्रममा निज पीडित दिदी जिबुदेवी रावलसँग जान्छु भनी जिद्दी गरी आफैं काठमाडौं गएकी हुन् । निजलाई मैले कहिले पनि संवेदनशील अंगहरूमा समातेको, भारतीय नम्बरको गाडीमा भारत लगी करणी गरेको, मेरी श्रीमतीले कपडा किन्न भारतको वनबासा लगेको अवस्थामा औषधि खुवाएको र भारत लगी अलपत्र अवस्थामा छोडेको पनि होइन । निजले मेरो नाममा किटानी जाहेरी किन पेस गरेकी हुन् थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी बसन्ते भन्ने वसन्त रावलले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

पीडित परिवर्तित नाम ङ कुमारीको पिठ्युँमा दुवैतिर पुरानो कोतरिएको घाउ, स्तनमा देब्रेपट्टि २.३ से.मी. माथिल्लो भागमा चिथोरिएको पुराना दाग, खुट्टातिर ३/३ वटा घाउहरू, दाहिने हातमा पुराना घाउहरू, मानसिक अवस्था सामान्य रहेको, अन्दाजी उमेर १५/१६ वर्ष, योनिको झिल्ली फाटेको, स्तनको साइज उमेरभन्दा ठूलो जस्तो देखिएको र योनि जाँच्दा सेतो पानी भएको देखियो भन्नेसमेत बेहोराको परिवर्तित नाम पीडित ङ कुमारीको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

पीडित नाम परिवर्तन कञ्चनपुर ङ कुमारी मेरी छोरी हो । मेरो श्रीमती आजभन्दा ९/१० वर्षअगाडि पोइल गएकी हुन् । म बिगत २०६० सालदेखि प्रतिवादी वसन्त रावलको घरमा बसी निजको कुटानी पिसानी गर्ने मिलमा कामकाज गर्दै आइरहेको छु । मेरो २ ओटा छोरी पनि मसँगै बस्दै आइरहेका थिए । २०६८ सालमा वसन्त रावलकी दिदी जिबुदेवी रावल कञ्चनपुर विवाहमा आउँदा परिवर्तित नाम ङ कुमारीले म पनि काठमाडौं तपाईंको घरमा जान्छु भनी गएको हो । वसन्त रावलकी श्रीमती वसन्तीदेवी रावलले भारतको वनबासा लगी औषधि खुवाएको कुरा पनि मलाई थाहा छैन । परिवर्तित नाम कञ्चनपुर ङ कुमारी आफूखुसी घरबाट हिँडेकी र २०/२१ दिन हराएकी हुन् । पछि गड्डाचौकी स्थित के.आई. नेपाल नामक संस्थाबाट बुझी ल्याएको हुँ । सोपश्चात् मेरो आफन्तको घर डडेल्धुरामा पुर्‍याएको हुँ । निज प्रतिवादी वसन्त रावलले मेरी छोरीलाई जबरजस्ती करणी गरी भारत लगी अलपत्र छाडेको कुरा मलाई थाहा छैन भन्नेसमेत बेहोराको पीडितको बुबा .....ले गरेको घटना विवरण कागज ।

पीडित परिवर्तित नाम कञ्चनपुर ङ कुमारी मेरो सहोदर दिदी हो । मेरा बुबा .....प्रतिवादी वसन्त रावलको मिलमा काम गर्दथे । मेरो दिदी र म वसन्त रावलको घरमा बसी कक्षा २ सम्म निजले नै पढाई दिएको हो । मेरी दिदी वसन्त रावलको घरबाट आफूखुसी काठमाडौं गई एक वर्षजति बसी फिर्ता आएकी हुन् । प्रतिवादीको दिदी जीबुदेवी रावल कञ्चनपुरमा आउँदा दिदीसँगै आफूखुसी काठमाडौं गएको हो । एक दुई वर्षजति काठमाडौं बसी फिर्ता आई प्रतिवादीको घरमा बसेको हो । निज दिदीलाई प्रतिवादीले भारतीय नम्बरको गाडीमा राखी वनबासा लगी अन्य दुई तीनजनाले जबरजस्ती करणी गरी छाडेको कुरा निजले कसैलाई भनेकी थिइनन् । प्रतिवादी वसन्त रावलको श्रीमतीले पीडित दिदीलाई कपडा किनी दिन्छु भनी भारत वनबासा लगी औषधि खुवाएको पनि थाहा छैन । मिति २०७१ साल जेष्ठ महिनामा दिदी घरबाट आफूखुसी भागी गएकी र २०/२१ दिनपछि भारतको वनबासामा अलपत्र अवस्थामा फेला परी के.आई. नेपाल संस्थामार्फत बुबाले बुझेको हो । सोपछि निजलाई बुबाले डडेल्धुरास्थित आफन्तको घरमा पुर्‍याएको हो भन्नेसमेत बेहोराको .....ले गरेको घटना विवरण कागज ।

जिल्ला कञ्चनपुर भी.न.पा १२ ऐरी मदन टोलस्थित पूर्व डम्बरसिंह रावलको घर, पश्चिम पदमराज पाठकको जमीन, उत्तर र दक्षिण प्रकाशसिंह रावलको खेतबारी यति चार किल्लाभित्र पूर्व मोहडा भएको एक तले चार कोठाबिचमा ग्यालरी भएको वसन्त रावलको पक्की घर, उक्त घरको वसन्त रावल सुत्ने गरेको भनिएको कोठामा पीडित कञ्चनपुर ङ कुमारीलाई प्रतिवादी वसन्त रावलले जबरजस्ती करणी तथा यौनशोषण गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

पीडित प्रतिवादी वसन्त रावलकी दिदी जीबुदेवी रावल कञ्चनपुर आउँदा आफूखुसी काठमाडौं गएको हो । एक दुई वर्षजति काठमाडौं बसी फिर्ता आई प्रतिवादीको घरमा बसेको हो । २०७१ साल जेठ महिनामा निज पीडित आफूखुसी भागी गएकी र के.आई. नेपाल संस्थामार्फत निजको बुबाले बुझेको हो भन्नेसमेत बेहोराको छोटुका भन्ने सतराम चौधरीले गरेको घटना विवरण कागज ।

पीडित ८/९ वर्ष अगाडिदेखि प्रतिवादीको घरमा बस्दै आइरहेकी थिइन् । निज आफूखुसी हिँड्ने गरेकी थिइन् । निजलाई प्रतिवादी वसन्त रावलले काम लगाउन भनी काठमाडौं पठाएको होइन । प्रतिवादीले निज पीडितको संवेदनशील अंगमा सुम्सुम्याउने र जबरजस्ती करणी,

यौन शोषण गर्ने कार्य गरेकोमा विश्वास लाग्दैन । २०७१ साल जेठ महिनामा निज पीडित आफूखुसी भागी गएकी र गड्डाचौकीबाट निजको बुबाले बुझेको हो भन्नेसमेत बेहोराको जुग्री चौधरीले गरेको घटना विवरण कागज ।

निज पीडितलाई वनबासा S.S.B. ले Reeds नामक संस्थालाई बुझाएको र निजले आफ्नो घर जान नचाहेको भन्ने आफ्नो बयान दिएको भन्ने बेहोराको भारतस्थित Reeds नामक संस्थाको मिति ०४।०९।२०१४ को पत्र ।

पीडितको आर्थिक अवस्था कमजोर भएको कारण निजका आमाबुबाले निज पीडितलाई प्रतिवादी वसन्त रावलको घरमा छोडेको थियो । निजको बुबा हालसम्म पनि वसन्त रावलकै मिलमा कामकाज गर्छन् । पीडित आफूखुसी हिँड्ने गर्थिन् । पीडित २०६८ साल फागुन महिनामा मेरो बहिनीको विवाहको निम्तोमा आएकी मेरो कान्छी आमा जिबुदेवी रावलसँग आफूखुसी काठमाडौं गएकी हुन् । २०७१ साल जेठ महिनामा निज पीडित आफूखुसी भागी गएकी र गड्डाचौकीबाट निजको बुबाले बुझेको हो भन्नेसमेत बेहोराको संजीव भण्डारीले गरेको घटना विवरण कागज ।

पीडितका बुबा ..... हाम्रो कुटानी पिसानी गर्ने मिलमा कामकाज गर्दै आइरहेका छन् । पीडित कञ्चनपुर ङ कुमारी (नाम परिवर्तन) र निजको बहिनीसमेत मैरे घरमा बस्दै आइरहेका थिए । पीडितकी आमाले हाम्रो जग्गा जमिन छैन भनी समस्या दर्साई २०६४ सालमा निज पीडितसमेतलाई हाम्रो घरमा पालनपोषण गर्न छोडेको हो । प्रतिवादी वसन्त रावल मेरा श्रीमान् हुन् । पीडित स्कूल पढ्न नमान्ने र आफूखुसी हिँड्ने गर्दथिन् । निज पीडित काठमाडौं गई नाम, थर, वतन थाहा नभएको एक जना चन्दको घरमा एक वर्षसम्म बसी फिर्ता आएकी हुन् । २०६८ साल फागुन महिनाको २५ गते मेरी भान्जीको विवाहमा काठमाडौंबाट मेरो श्रीमान्को दिदी जिबुदेवी रावल आएकी थिइन् । पीडितले म पनि काठमाडौं जान्छु भनी आफूखुसी काठमाडौं गएको हो । मेरो श्रीमान्ले निजलाई जबरजस्ती करणी, यौन शोषण गरेकोमा विश्वास लाग्दैन । मैले निज पीडितलाई भारतको वनबासा लगी औषधि खुवाएको पनि होइन । २०७१ साल जेष्ठ महिनामा निज पीडित आफूखुसी भागी गएकी र गड्डाचौकीबाट निजको बुबाले बुझेको हो भन्नेसमेत बेहोराको वसन्तीदेवी रावलले गरेको घटना विवरण कागज ।

पीडित १० वर्षको उमेरदेखि वसन्त रावलको घरमा बस्दै आइरहेकी थिइन् । वसन्त रावलले आफ्नो बहिनीको घर काठमाडौंमा घरेलु कामकाजका लागि पठाएको हो । प्रतिवादी वसन्त रावलले पीडित परिवर्तित नाम कञ्चनपुर ङ कुमारीलाई जबरजस्ती यौन शोषण गरी निज पीडितले गर्भधारण गरेपश्चात् पीडककी श्रीमती वसन्तीदेवी रावलले निजलाई भारतको वनबासा लगी औषधि सेवन गराएको हो । प्रतिवादीले पीडितलाई भारतीय नम्बरको गाडीमा राखी भारतको वनबासा लगी पीडितलाई बेहोस अवस्थामा छोडेर आएको हो । भारतीय प्रहरीले अलपत्र अवस्थामा फेला पारी निजलाई Reeds नामक संस्थामा बुझाएको हो । सोपश्चात् गड्डाचौकीमार्फत के.आई. नेपाल संस्थामार्फत निजका बुबाले बुझेका हुन् । पीडितका बुबाले डडेल्धुराको अस्पतालमा लगी गर्भ सफाइ गराएको हो भन्नेसमेत बेहोराको हिरादेवी भट्टले गरेको घटना विवरण कागज ।

वसन्त रावलसँग मेरो साला नाता पर्छ । जिबुदेवी रावल मेरी श्रीमती हो । मेरी श्रीमती २०६८ साल फागुन महिनामा सालाको घरमा आएकी थिइन् । पीडित परिवर्तित नाम कञ्चनपुर ङ कुमारी मेरो श्रीमतीसँग जबरजस्ती काठमाडौं मेरो घरमा गएको हो । निजलाई मैले विद्यालयमा समेत भर्ना गरेको थिएँ । निज मेरो घरबाट चाउचाउ किन्न जान्छु भनी गई हराई बेपत्ता भएको हो । निजलाई ३ दिनपछि महाराजगञ्जमा प्रहरी चौकीले फेला पारेको हो । मैले निजलाई प्लेनको टिकट काटी धनगढी पठाएको हुँ । पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भन्ने कुरा झुट्ठा हो । निज आफूखुसी हिँड्ने गर्थिन् । पीडित प्रतिवादीको घरबाट आफूखुसी गई भारतको प्रहरीले फेला पारी निजलाई Reeds नामक संस्थालाई बुझाएको र उक्त संस्थाले के.आई. नेपाल नामक संस्थालाई बुझाई सो संस्थाबाट निज पीडितको बुबाले बुझेर ल्याएको हो भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको चक्रबहादुर रावलले गरेको घटना विवरण कागज ।

पीडितका आमाबुबाले पीडितलाई पालनपोषण गरी दिनु होला भनी प्रतिवादीको घरमा छोडेको हो । प्रतिवादीकी श्रीमतीले निज पीडितलाई भारतको वनबासा लगी औषधि सेवन गराएको कुरा हामीले थाहा पाएनौं । प्रतिवादीले पीडितलाई भारतीय नम्बरको गाडीमा राखी भारतको वनबासा लगी पीडितलाई बेहोस अवस्थामा छोडेर आएको, भारतीय प्रहरीले अलपत्र अवस्थामा फेला पारी निजलाई Reeds नामक संस्थामा बुझाएको र सोपश्चात् गड्डाचौकीमार्फत के.आई. नेपाल संस्थामार्फत निजका बुबाले बुझेको हो भन्ने कुरा सुनी थाहा पाएका हौं भन्नेसमेत बेहोराको रंगवीर भट्टसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी वसन्त रावलले पीडित वर्ष १४ की परिवर्तन नाम कञ्चनपुर ङ कुमारीलाई निरन्तररूपमा यौन शोषण गरी २०७१ साल जेठ महिनामा भारतीय नम्बर प्लेटको गाडीमा राखी भारत वनबासामा लगी अलपत्र छाडी दिएको र पीडितलाई घरमा कमलरीको रूपमा राखी शोषण गरेको साथै महेन्द्रनगरबाट विदेश भारत वनबासामा लगी पीडितलाई ओसारपसार गरेको र महेन्द्रनगरबाट काठमाडौंमा समेत पठाई मानव ओसारपसारको कसुर अपराध गरेको सप्रमाण पुष्टि भएकोले प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार

(नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर अपराधमा प्रतिवादी वसन्त रावललाई सोही ऐनको दफा १५(१)च) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी ।

नाम परिवर्तन कञ्चनपुर ङ कुमारीको बुबा मेरा कुटानी पिसानी मिलमा मिस्त्री काम २०६४ सालदेखि काम गरी आएका हुन् । निजको आयस्तर कमजोर भएकाले निजको छोरी पीडित भनेकीलाई पूर्ण मा.वि. ऐरी विद्यालयमा नर्सरीमा भर्ना गरी कक्षा २ सम्म अध्ययन गरेकी थिइन् । २०६७ सालमा निज स्वेच्छाले काठमाडौंमा भागी गएकी हुन् । २०६८ सालमा आफैँ घरमा आएकी हुन् । पुनः २०६८ साल फागुनमा काठमाडौं आफूखुसी गएकी हो । निजले गरेको बयान एवम् जाहेरी सम्पूर्ण बेहोरा झुट्टा हो । मैले निजका बुबाको आर्थिक अवस्था कमजोर भएकोले मेरो छोरी समान गरी स्कुलमा भर्ना गरी दिएको हो । निजले पछि स्कूल आफूखुसी छोडी आफ्नो मनपरीले घुम्ने गरेको हो । मैले त्यस्तो सानी बच्चीलाई जाहेरी एवम् बयानमा भनेअनुसार कुनै आपराधिक कार्य गरेको छैन । विभिन्न किसिमका संस्थाहरूले सिकाई मेरो इज्जतमाथि धक्का पुर्‍याउने षड्यन्त्रले जाहेरी एवम् बयान लेखाएको हो । मैले निजलाई करणी गर्ने, गराउने, भारतमा लगी छोड्ने, गर्भपतन गराउने कुनै कार्य गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी वसन्त रावलले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ को देहाय ५क १० नं. बमोजिम नगद रू.५०,०००।- (पचास हजार) बराबरको नगद वा जेथा लिई मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नु, सो नदिए अ.बं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय कञ्चनपुरमा पठाइदिनु भन्नेसमेत बेहोराको मिति २०७१।०६।०२ गतेमा सुरू अदालतका स्रेस्तेदारबाट भएको थुनछेक आदेश ।

यसमा यस अदालतका स्रेस्तेदारले मिति २०७१।०६।०२ गते थुनछेक आदेश गर्दा लिएका आधार प्रमाणबाट उक्त थुनछेक आदेश मिलेकै देखिँदा सदर गरिदिएको छ भन्नेसमेत बेहोराको मिति २०७१।०६।२४ गतेमा कञ्चनपुर जिल्ला अदालतका जिल्ला न्यायाधीशबाट भएको थुनछेक आदेश ।

प्रतिवादी वसन्त रावलले पीडितलाई वनबासा पनि लगेको होइन, काठमाडौं पनि लगेको होइन । अरूको उक्साहट र सिकावटमा लागि त्यस्तो लेखाएको होला भन्नेसमेत बेहोराको मौकामा कागज गर्ने जुग्री चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वसन्त रावलले मानव बेचबिखन तथा ओसारपसार कार्य गरेको छैन । निजउपर झुट्टा आरोप लगाएको हो । किन आरोप लगायो थाहा भएन भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने रंगवीर भट्टले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वसन्त रावलले पीडितलाई ओसारपसार मानव बेचबिखन, शोषण गर्‍यो भन्ने कुरा झुट्टा हो । वनबासा र काठमाडौं आफैँ भागेर गएकी हो । धेरै दिनपछि वनबासाबाट फेला परी उसको बुबाले बुझी लिएको हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका गीता खड्काले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वसन्त रावलले मेरी छोरी ङ कुमारीलाई कहीँ लगेको होइन । मानव बेचबिखन पनि गरेको होइन । निज छोरी आफैँ जहाँ मन लाग्यो त्यहीँ जाने गर्दथी । एकपटक पहिले आफैँ काठमाडौं भागेर गएकी हो । अर्को पटक महेन्द्रनगरबाट वनबासा र काठमाडौंसमेत आफैँ गएकी हो । कसैले लगेको होइन । हामीले भनेको मान्दिनथी जहाँ मन लाग्यो त्यहाँ जाने गर्दथी । भारत वनबासाबाट गड्डाचौकी जिम्मा लगाएपछि त्यहाँ गड्डाचौकीबाट बुझिलिएको हुँ, बुझाउने संस्थाको नाम मलाई थाहा छैन, वनबासाबाट बुझेर ल्याएपछि फेरि भागेर गएकी हो भन्ने बेहोराको मौकामा कागज गर्ने .....ले सुरू अदालतमा गरेको बकपत्र ।

पीडित ङ कुमारी (नाम परिवर्तन) मेरी दिदी हो । निजलाई भारत वनबासामा कसैले लगेको होइन । निज आफैँ वनबासा गएको हो । प्रतिवादी वसन्त रावलले पीडितलाई महेन्द्रनगरबाट काठमाडौं लगी मानव ओसारपसार कार्य गरेको होइन । निज आफैँ काठमाडौं गएकी हो भन्नेसमेत बेहोराको बुझिएका मौकामा कागज गर्ने .....ले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वसन्त रावल एकदम राम्रो चलन बानी व्यवहारको मानिस हो । उजुरकर्तालाई प्रतिवादीले भारत वनबासा पुर्‍याई मानव बेचबिखन कार्य गरेको तथा महेन्द्रनगरबाट काठमाडौं पुर्‍याई ओसारपसार कुनै पनि कार्य गरेको होइन । निजमाथिको आरोप झुट्टा हो । निज आफैँ काठमाडौं गएकी र आफैँ भारतबाट वनबासा गएकी हुन् । प्रतिवादीले पीडितलाई कुनै किसिमको शोषण, यौन व्यवहार, कमलरी आदि केही गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी राजेन्द्र विष्टले सुरू अदालतमा गरेको बकपत्र ।

पीडित र प्रतिवादी मेरा गाउँले हुन् । प्रतिवादी वसन्त रावलले पीडितलाई मानव बेचबिखन ओसारपसार गर्‍यो, यौन शोषण गयो भन्ने कुरा सम्पूर्ण झुट्टा हो । निज प्रतिवादी राम्रो आचरणका व्यक्ति हुन् । निजमाथि झुट्टा आरोप लगाई फसाउन र बेइज्जत गर्न खोजेको हो । पीडित आफैँ काठमाडौं गएकी र आफैँ भारतको वनबासा गएको हो । निज आफ्नै मनले यताउता गई राख्ने गर्दथिन् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी कृष्णसिंह देउवाले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वसन्त रावलले पीडितलाई बेचबिखन तथा ओसारपसार गरेको होइन । झुट्टा आरोप लगाएको हो भन्नेसमेत बेहोराको मौकामा कागज गर्ने संजीव भण्डारीले सुरू अदालतमा गरेको बकपत्र ।

मेरो श्रीमान् प्रतिवादी वसन्त रावलले पीडितलाई वनबासा र काठमाडौं लगेका होइनन् । झुट्ठा आरोप लगाएको हो । मानव बेचबिखन ओसारपसार गरेको भन्ने कुरा झुट्ठा हो भन्नेसमेत बेहोराको मौकामा कागज गर्ने वसन्तीदेवी रावलले सुरू अदालतमा गरेको बकपत्र ।

म प्रतिवादी वसन्त रावलको घरमा ६ वर्षको उमेरदेखि बसेकी हुँ । म काठमाडौं चक्रबहादुर रावलको घरमा भाँडा माझ्ने काममा गएकी हुँ । त्यहाँ म २ वर्ष बसेकी हुँ । त्यहाँबाट वसन्त रावलको घरमा फिर्ता आएकी हुँ । प्रतिवादी वसन्त रावलको घरमा बस्दा लगातार करणी गर्ने कार्य गर्दथ्यो, पेटमा गर्भ रहेको थियो । प्रतिवादी वसन्त रावलले खटिमा लगेर औषधि खुवाएको हो । गर्भ डडेल्धुरामा फालेको हो । प्रतिवादी वसन्त रावलले भारत वनबासामा गाडीमा लगेका हुन् । जाहेरी र अनुसन्धानमा गरेको बयान बेहोरासमेत ठीक हो भन्नेसमेत बेहोराको जाहेरवाली नाम परिवर्तन कञ्चनपुर ङ कुमारीले सुरू अदालतमा गरेको बकपत्र ।

पीडित नाम परिवर्तन कञ्चनपुर ङ लाई प्रतिवादी वसन्त रावलले भारततर्फ लगी यौन शोषण गरेको भन्ने कुरा झुट्ठा हो । प्रतिवादीले यस्तो कार्य गरेको छैन होइन, निज निर्दोष समाजसेवी मानिस हुन् भन्नेसमेत बेहोराको बुझिएका चक्रबहादुर रावलले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वसन्त रावलले त्यस्तो कार्य गरेको होइन, पीडितलाई घरेलु कार्यमा लगाई यौन शोषण गरी भारततर्फ लगी अलपत्र छोडेको पनि होइन, पीडित भनिएकी केटी आफैँ, आफूखुसी भारततिर घुम्न गएकी हुनुपर्छ भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस मोहनदेव भट्टले सुरू अदालतमा गरेको बकपत्र ।

आफ्नो संरक्षकत्वमा रहेकी नाबालिकाको शरीरमा यौन शोषणका स्पष्ट प्रमाणहरू मिसिल संलग्न Medical Report बाट देखिएको र यी प्रतिवादीउपर पीडितको किटानी जाहेरी / बयान र बकपत्र गरेको प्रतिवादीउपर उजुर गर्नुपर्ने स्वभाविक कारण नदेखिएको र प्रतिवादीले पीडितलाई शोषण गर्ने उद्देश्यले जबरजस्ती गरी, डर, त्रास, धम्की दिई आफूसमक्ष राख्ने, नियन्त्रणमा लिनेसमेतको कार्य गरी आरोपित कसुर गरेको पुष्टि हुँदा यी प्रतिवादी बसन्ते भन्ने वसन्त रावललाई आरोपित कसुरमा अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा सोही दफा १५(१)(च) बमोजिम कसुरको मात्राअनुसार २ वर्ष कैद हुने ठहर्छ । विदेश भारतमा समेत लगेको भन्ने हदसम्मको अभियोग दाबी पुग्न सक्तैन भन्नेसमेत बेहोराको मिति २०७२।०५।१३ मा सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला ।

प्रतिवादीले पीडित नाबालिकालाई नेपालबाट भारत वनबासासम्म ओसारपसार तथा शोषण गरेको सप्रमाण पुष्टि भएको अवस्थामा सुरू अदालतले प्रतिवादीलाई २ वर्ष मात्र कैद गरी विदेश भारत लगेको अभियोग दाबी पुग्न सक्दैन भनी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदर गरी प्रतिवादीलाई अभियोग माग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत बेहोराको ०७२-CS-००९८ नम्बरको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा परेको पुनरावेदनपत्र ।

मैले पीडित भनिएकी कञ्चनपुर ङ कुमारीउपर कुनै कसुर नगरेको र म स्वयम् लामो समयदेखि टि.वी. सुगरसमेतका विविध बिमारले ग्रसित व्यक्तिलाई दुःख दिन मेरो सम्पत्तिमा धावा पुर्‍याउन मउपर मानव बेचबिखन तथा ओसारपसारको झुट्ठा मुद्दा चलाएको कुरा तथ्यगत आधार, प्रमाणले पुष्टि भएको अवस्थामा पनि सुरू अदालतले मिसिलसंलग्न प्रमाणको न्यायोचित विवेचना र मूल्याङ्कन नगरी भएको फैसला उल्टी गरी पुनरावेदन जिकिरबमोजिम सफाइ पाउने गरी न्याय पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी वसन्त रावलले मिति २०७२।११।१८ मा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पेस गरेको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकार र प्रतिवादी वसन्त रावलको दोहोरो पुनरावेदन परेको देखिँदा पुनरावेदनपत्र एक आपसमा दुवै पक्षलाई परस्पर सुनाई नियमानुसार पेस गर्नु भन्ने उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको मिति २०७३।०१।०७ को आदेश ।

प्रतिवादीले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दासमेत कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको र पीडितका बाबु र भाइसमेतले प्रतिवादीको कसुरमा संलग्नता नरहेको भनी बकपत्र गरेको देखिए तापनि यी पीडित सानैदेखि प्रतिवादीको एवम् प्रतिवादीको बहिनी ज्वाइँको घरमा रहे बसेको कुरालाई प्रतिवादी स्वयंले स्वीकारेको अवस्था देखिन्छ । मिसिल संलग्न Medical Report बाट पीडितलाई यौनजन्य शोषण भएको तथा ultrasonogram बाट पीडित गर्भवती भएको देखिन्छ । यी पीडितले आफूलाई बारम्बार यौनशोषण गर्ने गरेको र गर्भसमेत रहेको भनी यी प्रतिवादीउपर किटानी जाहेरी दिएको र सो किटानी जाहेरीलाई समर्थन हुने गरी पीडितले मौकामा अदालतमा गरेको बयान अदालतबाट प्रमाणित भई मिसिलसंलग्न छ । अदालतमा बकपत्र गर्दासमेत पीडितले जाहेरी बेहोरामा मौकाको बयानलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ । यसरी Medical Report बाट नाबालक देखिएकी र Medical Report बाटै यौन शोषण भएको स्पष्ट देखिएको, यी पीडितले आफू रहे बसेकै घरको व्यक्तिलाई बिना आधार र कारण किटानी जाहेरी दिनुपर्ने अवस्था नपर्ने हुँदा प्रस्तुत मुद्दामा यी प्रतिवादीको कसुरमा संलग्नता रहेको भन्न सकिने अवस्था देखिन आउँछ । पीडितले आफूलाई यौनशोषण गरी प्रतिवादीले भारत लगेको भनी किटानी जाहेरी दिएको, त्यसलाई समर्थन गरी अदालतमा बयान र बकपत्र गरेको, पीडितलाई निजका बुबाले विदेश भारतबाट बुझी ल्याएको

कुरा निजको मौकाको कागज र अदालतको बकपत्रबाट समेत प्रस्ट देखिएकोले पीडितलाई भारत पुर्‍याएको कुरामा विवाद देखिन आएन । प्रतिवादी वसन्त रावलले पीडित ङ कुमारीलाई भारतको वनबासासम्म गाडीमा राखेर पुर्‍याएको भनी पीडितले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । यदि प्रतिवादीले पीडितलाई यौनशोषण गरी विदेशी मुलुक भारत नपुर्‍याएको भए प्रतिवादीकै मिलमा पीडितको परिवारले कामकाज गरिरहेको, आफूले समेत प्रतिवादीकै घरमा परिवारको सदस्यको हैसियतमा बसेकी पीडितले प्रतिवादीकै रोहबरमा बकपत्र गर्दा किटानी बकपत्रसमेत गरेकोले प्रतिवादीले अभियोग मागदाबीअनुसारको कसुर गरेको प्रस्ट देखिन आयो । तसर्थ उल्लिखित विवेचित आधार, प्रमाण तथा कारणहरूबाट प्रतिवादीले पीडितलाई शोषण गर्ने उद्देश्यले जबरजस्ती गरी डर, त्रास, धम्की दिई आफूसमक्ष राखेको भनी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (च) बमोजिम २ वर्ष कैद गर्ने गरी भएको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०७२।०५।१३ को फैसला नमिलेकोले सो हदसम्म केही उल्टी भई प्रतिवादीले पीडितलाई भारतको वनबासा पुर्‍याएको देखिएकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (च) बमोजिम प्रतिवादी वसन्त रावललाई ३ वर्ष ६ महिना कैद हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।१२।२१ को फैसला ।

पीडित भनेकी कञ्चनपुर (ङ) कुमारीले वसन्त रावलले आफूलाई जिपमा राखी भारत लगी गाडीमै आफू र अन्य २ जनाले समेत करणी गरी भारत वनबासामा छोडी आएका र काठमाडौं पनि पुर्‍याएको भनी बयान, बकपत्र गरे तापनि भारतीय Reeds संस्थाको २०-५-२०१४ र ०४-०९-२०१४ को पत्र बेहोरासमेतबाट तथा काठमाडौं आफूखुसी नै गएकी भनी पीडितले नै बकपत्र गरेबाट वसन्त रावलले भारत तथा नेपाल काठमाडौं ओसारपसार गरेको पुष्टि हुन नआएकोले सो हदसम्मको अभियोग दाबी पुग्न नसक्ने भनी स्वयम् सुरू अदालतको फैसलाले नै बोली सकेको प्रस्ट छ, सोबाट नै पीडितले लगाएको मानव बेचबिखन ओसारपसार गर्‍यो भन्ने आरोप झुट्टा भइसकेको स्वतन्त्र प्रमाणको महेन्द्रनगर इजलासबाट समेत फैसला गर्दा विवेचना गरिएन ।

पीडित भनिएकी कञ्चनपुर (ङ) कुमारीलाई निजका बुबाले डडेल्धुरा पुर्‍याएको निज आफूखुसी पहिला पनि काठमाडौं जाने गरेकी, अन्यत्र पनि जहाँ मन लाग्यो त्यहीँ जाने गरेकी, आफूखुसी भारततर्फ गएकी, बुबाले भनेको पनि नमान्ने गरेकी, म पुनरावेदकले कुनै किसिमले पनि शोषण नगरेको भन्ने कुराको पुष्टि पीडित भनिएकी (ङ) कुमारीको बुबा जयराज बिष्ट र निजको भाइ विमल बिष्टसमेतले गरेको अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बकपत्रबाट समेत पुष्टि भएको र निजको जन्म भएको मिति र उमेरको बारेमा समेत निजका बुबाले बकपत्रमा प्रस्ट गरेको छ । मौकामा कागज गर्ने रंगवीर भट्ट, गीता खड्का, जुग्री चौधरी, संजिव भण्डारी, वसन्ती रावल, चक्रबहादुर रावल, वस्तुस्थितिका मोहनदेव भट्टसमेतले गरेको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज बेहोरा र अदालतमा गरेको बकपत्र तथा मेरा साक्षी राजेन्द्र विष्ट, कृष्णसिंह देउवा, मोहनदेव भट्टसमेतको बकपत्रबाट पनि मैले कुनै कसुर नगरेको झुट्टा आरोप लागाएको भन्ने कुरा प्रस्ट भएको छ ।

वादीले अभियोग दाबीमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर माग दाबीमा ऐ. को दफा १५(१)(च) को सजायको माग भएकोमा दफा ४(२)(ख) को परिभाषित कसुर म पुनरावेदकबाट भएको मिसिलको कुनै पनि स्वतन्त्र प्रमाणले पुष्टि नगरेको र दफा १५(१)(च) को सजायको मागदाबीको हकमा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ लगेमा १ वर्षदेखि २ वर्ष कैद, विदेश लगेको ठहरिए २ वर्षदेखि ५ वर्षसम्म कैद भन्ने मात्र सजायको व्यवस्था गरिएकोमा सो दुवै कार्यसमेत मबाट नभएको भन्ने कुरा सुरू अदालतको ठहर खण्डले सो हदसम्मको दाबी नपुग्ने भनी ठहर गरिसकेपछि पनि मलाई कुनै दफाले के कसुर गरेको मिसिल प्रमाणले प्रमाणित गर्‍यो र मलाई सजाय गरियो सो नै कानूनी त्रुटिपूर्ण र अन्यायपूर्ण भएको छ ।

अतः म पुनरावेदकबाट पीडित भनिएकी कञ्चनपुर (ङ) कुमारीउपर कुनै कसुर नगरे नभएकोमा पनि अर्काको सिकलौटमा लागी म स्वयम् लामो समयदेखि टि.भी, सुगर आदिसमेतका विविध बिमारीबाट ग्रस्त व्यक्तिलाई दुःख दिन हैरानीमा पार्न क्षति पुर्‍याउनेसमेत गलत भावनाले मानव बेचबिखन ओसारपसारको झुट्टा मुद्दा चलाएको कुरा उपर्युक्त प्रकरणहरूमा उल्लिखित तथ्यगत आधार, प्रमाणले पुष्टि गरेको अवस्थामा उच्च अदालत दिपायल, इजलास महेन्द्रनगरबाट समेत मिसिलसंलग्न स्वतन्त्र प्रमाणको न्यायिक विवेचना तथा मूल्याङ्कन नै नगरी मलाई बिना प्रमाण ३ वर्ष ६ महिना कैदको सजाय ठहर गरेको फैसलाउपर चित्त नबुझी पुनरावेदन गरेको छु, मिसिल संलग्न प्रमाण कागजको न्यायिक मूल्याङ्कन तथा विवेचना गरी निर्दोषित घोषित गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी वसन्त रावलले मिति २०७४।४।३ मा दायर गरेको पुनरावेदनपत्र ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी वसन्त रावलका तर्फबाट उपस्थित वरिष्ठ विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री रमेशप्रसाद खनालले प्रस्तुत मुद्दामा पीडित भनेकी कञ्चनपुर (ङ) कुमारीलाई निजका बुबाले डडेल्धुरा पुर्‍याएको, आफूखुसी पहिला पनि काठमाडौं जाने गरेकी, निज अन्यत्र पनि जहाँ मन लाग्यो त्यहीँ

जाने गरेकी, भारततर्फ आफूखुसी गएको अवस्था छ, पीडितका बाबु, भाइ तथा मौकामा कागज गर्ने रंगवीर भट्ट, गीता खड्का, जुग्री चौधरी, संजिव भण्डारी, वसन्ती रावल, चक्रबहादुर रावल, मोहनदेव भट्टसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज बेहोरा तथा अदालतमा समेत आई गरेको बकपत्रले यी पुनरावेदक प्रतिवादीले पीडितलाई कुनै किसिमले पनि शोषण नगरेको र कसुर अपराध पनि नगरेको पुष्टि भएको अवस्था हुँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजालसको फैसला मिलेको छैन, अभियोग मागदाबीअनुसार यी प्रतिवादीले सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताको बहस सुनी मिसिल अध्ययन गरी हेरियो । अब, प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउनुपर्ने हो, होइन ? उच्च अदालत दिपायल, महेन्द्रनगर इजालसको मिति २०७३।१२।२१ मा भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, पीडित भनिएकी कञ्चनपुर (ङ) कुमारीलाई निजका बुबाले डडेल्धुरा पुर्‌याएको निज आफूखुसी पहिला पनि काठमाडौं जाने गरेकी, अन्यत्र पनि जहाँ मन लाग्यो त्यहीँ जाने गरेकी, आफूखुसी भारततर्फ गएकी, बुबाले भनेको पनि नमान्ने गरेकी, म पुनरावेदकले कुनै किसिमले पनि शोषण नगरेको भन्ने कुराको पुष्टि पीडित भनेकी (ङ) कुमारीको बुबा ..... र निजको भाइ .....समेतले गरेको अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बकपत्रबाट समेत पुष्टि भएको छ, मौकामा कागज गर्ने रंगवीर भट्ट, गीता खड्का, जुग्री चौधरी, संजिव भण्डारी, वसन्ती रावल, चक्रबहादुर रावल, वस्तुस्थितिका मोहनदेव भट्टसमेतले गरेको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज बेहोरा र अदालतमा गरेको बकपत्र तथा साक्षी राजेन्द्र विष्ट, कृष्णसिंह देउवासमेतको बकपत्रबाट पनि कुनै कसुर नगरेको प्रस्ट भएको हुँदा मलाई दुःख हैरानीमा पारी, क्षति पुर्‌याउनेसमेत गलत भावनाले मानव बेचबिखन ओसारपसारको झुट्टा मुद्दा चलाएको कुरा उल्लिखित तथ्यगत आधार, प्रमाणले पुष्टि गरेको अवस्थामा मिसिल संलग्न स्वतन्त्र प्रमाणको न्यायिक विवेचना तथा मूल्याङ्कन नै नगरी मलाई बिना प्रमाण ३ वर्ष ६ महिना कैदको सजाय ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला नमिलेको हुँदा निर्दोष घोषित गरी न्याय पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर लिएको देखियो ।

३. प्रतिवादी वसन्त रावलले मेरा संवेदनशील अंगहरू सुम्सुम्याउने, हात लगाउने गरेकोमा निजले मिति २०७०।१।२ गतेका दिन आफ्नो कोठामा बोलाई जबरजस्ती करणी गरेको हो, मैले उक्त कुरा कहीँ भनेमा ज्यान मार्ने धम्कीसमेत दिएको, मिति २०७१ साल जेठ महिनामा भारतीय नम्बरको गाडीभित्र राखी भारतको वनबासा लगी गाडीभित्र यी प्रतिवादी र निजसँग आएका अन्य २ जनासमेतले पालैपालो करणी गरी सडकमा अलपत्र छोडी आएकोमा भारतको S.S.B ले रिड्स महिला सुरक्षा एवम् पुनर्वास गृह Reeds वनबासा, जिल्ला चम्पारन उत्तराखण्ड भन्ने संस्थाको सन् २०.५.२०१४ मा जिम्मा लगाएको, सो कुरा बुबाले थाहा पाई मलाई भारतबाट ल्याएका हुन् । पछि निजहरूले उपक्षेत्रीय अस्पताल डडेल्धुरामा लगी अल्ट्रासाउण्ड गराउँदा पेटमा भ्रुण छ भनेकोले गर्भपतन गर्न लगाएका हुन् । प्रतिवादीले मलाई यौन शोषण गरी भारतीय गाडीमा ओसारपसार गरी अरूद्वारा समेत यौन शोषण गराई गर्भपतनसमेत गराएको हुँदा कारबाही गरिपाउँ भन्ने बेहोराको पीडित ङ कुमारीको किटानी जाहेरी दरखास्त परेको देखियो ।

४. पीडित ङ कुमारी १० वर्षको उमेरदेखि प्रतिवादी वसन्त रावलको घरमा बसी काम गर्दै आइरहेकी, निज प्रतिवादीले जबरजस्ती यौन शोषण गरी गर्भधारण गरेपश्चात् पीडककी श्रीमती वसन्तीदेवी रावलले निजलाई औषधि सेवन गराएको र प्रतिवादीले पीडितलाई भारतीय नम्बरको गाडीमा राखी भारतको वनबासा लगी बेहोस अवस्थामा छोडेर आएको, भारतीय प्रहरीले अलपत्र अवस्थामा फेला पारी निजलाई Reeds नामक संस्थामा बुझाएको र सोपश्चात् गड्डाचौकीमार्फत के.आई. नेपाल संस्थामार्फत निजका बुबाले बुझी नेपाल ल्याएका हुन् । डडेल्धुराको अस्पतालमा लगी गर्भ सफाइ गराएको भनी हिरादेवी भट्ट र रंगवीर भट्टले क्रमशः घटना विवरण कागज र वस्तुस्थिति मुचुल्कामा खुलाई दिएको पाइयो ।

५. म, प्रतिवादी वसन्त रावलको घरमा बस्दा निजले मलाई लगातार करणी गर्ने कार्य गर्दथ्यो, पेटमा गर्भ रहेको थियो । निज प्रतिवादीले मलाई खटिमा लगेर औषधि खुवाएको र डडेल्धुरामा लगी गर्भ फालेको हो । प्रतिवादी वसन्त रावलले भारत वनबासामा गाडीमा लगेका हुन् । जाहेरी र अनुसन्धानमा गरेको प्रमाणित बयान बेहोरासमेत ठीक हो भनी पीडित ङ कुमारीले मौकामा र अदालतमा बकपत्रसमेत गरेको देखियो ।

६. यी पीडितको Medical Report अनुसार पिठ्युँमा दुवैतिर पुरानो कोतरिएको घाउ भएको, स्तनको देब्रेपट्टि २.३. से.मी. को चिथोरिएको पुरानो दाग देखिएको, खुट्टातिर ३/३ वटा घाउहरू रहेको, उमेर १५-१६ वर्ष भएको देखिएको, योनिको झिल्ली फाटेको, स्तनको साइज उमेरभन्दा ठूलो जस्तो देखिएको र योनि जाँच्दा सेतो पानी भएको देखिएको भन्ने च.नं. १०३, मिति २०७१।०५।११ को महाकाली अञ्चल अस्पतालको स्वास्थ्य परीक्षण प्रतिवेदन Medical Report बाट देखिन आयो । त्यसैगरी

पीडितले Pregnancy Test गराएको डडेल्धुरा अस्पतालको पुर्जी र गर्भ रहेको भन्ने ultrasonogram को फोटोकपीसमेत मिसिलसंलग्न रहेको देखिन्छ । पीडितलाई यौन शोषण नभएको भए गर्भधारणको अवस्था नरहने र पीडितले यौन सम्बन्धलाई सहमति दिने उमेरमा पनि रहेको देखिँदैन । यस्तो अवस्थामा पीडितमाथि यौन शोषण भएको शारीरिक अवस्था तथा गर्भधारण एवम् गर्भपतनको अवस्थाहरूबाट पनि प्रमाणित भएको देखिन्छ ।

७. प्रस्तुत मुद्दामा जहाँसम्म पीडितको बाबु र भाइसमेतले यी प्रतिवादी वसन्त रावल कसुरमा सामेल नरहेको भन्ने बकपत्र रहेको यसरी पीडितको बाबु र भाइ नै Hostile हुँदा पनि प्रतिवादीले सफाइ पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर रहेकोमा पीडित आफ्नो बाबुसमेत प्रतिवादीको मिलमा काम गर्ने गरेको भन्ने भनाइमा प्रतिवादीले पनि स्वीकार गरेको देखिन्छ । आफू कहाँ काम गर्ने कामदारलाई सामाजिक तथा आर्थिक दबाबमा पारी विपरीत Hostile बयान दिन लगाउने सम्भावना रहन्न भन्न पनि सकिँदैन । गरिब वर्ग एकातिर हिंसाको अत्यन्त जोखिममा रहन्छन् भने अर्कोतिर त्यस्तो हिंसा विरूद्ध न्यायको पहुँच पनि गरिबको निमित्त सहज हुँदैन । कतिपय अवस्थामा गरिबीको कारणले र आर्थिक दबाबको कारणले पनि पक्षहरू Hostile हुने गर्दछन् । पीडितको प्रमाणित बयान रहेको तथा अन्य मिसिल संलग्न प्रमाणहरूलाई हेर्दा पीडितको परिवार Hostile हुँदैमा मात्र यी प्रतिवादी निर्दोष हुन् भन्न सकिने अवस्था रहँदैन ।

८. जहाँसम्म प्रतिवादीले पीडितलाई शोषण पनि नगरेको र ओसारपसारको स्थिति पनि नरहेकोले मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ बमोजिम कारबाही हुने होइन भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा मानव बेचबिखन ओसारपसार ऐन, २०६४ ले शोषणलाई पनि मानव बेचबिखन तथा ओसारपसारको प्रकारकै रूपमा मान्यता दिएको छ । सो ऐनको दफा ४(२)(ख) ले "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" कार्यलाई मानव ओसारपसारको परिभाषाभित्र राखेको छ । यसैगरी नेपाल पक्षधर भएको .....यो परिभाषाअनुसार मानव बेचबिखन भन्नाले शोषणको उद्देश्यले नाजुक अवस्थाको फाइदा लिई रकम दिई वा नदिई आफ्नो शक्तिको प्रयोग गरी एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउनुलाई समेत समेटिएको छ भने शोषण भन्नाले कुनै पनि किसिमको यौन शोषण हुन सक्दछ भन्ने परिभाषा गरेको छ ।

९. यसरी प्रस्तुत मुद्दामा पनि प्रतिवादी वसन्त रावलले यी पीडितालाई शोषण गरी आफूसँग राखेको अवस्था देखिएको र निज पीडिताको नाजुक स्थितिको फाइदा लिई यौन शोषण Sexual exploitation को कार्य गरेको सोको परिणाम पीडिता गर्भधारणसम्म भएको र निजले जबरजस्ती गर्भपतनसमेत गरेको प्रमाण मिसिलबाट देखिँदा प्रतिवादीको उक्त कार्य ओसारपसारको परिभाषाभित्र नै पर्ने देखिन्छ । साथै यी पीडिताका अभिभावक जो स्वयं प्रतिवादीका कामदार रहेको र यी पीडितालाई आफूसँग राख्ने, शोषण गर्ने र एक ठाउँबाट अर्को ठाउँमा र भारतको वनबासासम्म लगी शोषण गरी त्यहीँ छाडी आउने कार्य गरेको पीडिता स्वयम्को बयान तथा भारतबाट Reeds भन्ने संस्थाबाट यिनै पीडिताका बाबुले बुझी ल्याएको मिसिल संलग्न प्रमाण काजगजातहरूबाट नै पुष्टि भइरहेको देखिन्छ । यस्तो अवस्थामा शोषण गरेको तथ्य पीडितको शारीरिक अवस्था, भनाइ र मिसिल प्रमाणबाट स्थापित भएको नै देखिन्छ ।

१०. मानव बेचबिखन ओसारपसार ऐन, २०६४ को दफा १५(१)(च) मा शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) मा "नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद सजाय हुने" भन्ने व्यवस्थासमेत रहेको पाइन्छ । अब मानव बेचबिखन तथा ओसारपसारको मागदाबीअनुसार सो ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) र सुरू कञ्चनपुर जिल्ला अदालतले गरेको फैसलामा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासले सो फैसलालाई केही उल्टी हुने गरी सोही ऐनको दफा १५(१)(च) बमोजिम गरेको सजायमा विचार गर्दा यी प्रतिवादी वसन्त रावलले आफ्नै घरमा काम गर्ने पीडित नाबालिका ङ कुमारीलाई विभिन्न समयमा निजको इच्छा विपरीत पटकपटक जबरजस्ती करणी गरेको पीडिताले गर्भधारण गरेको, निजलाई गर्भपतनसमेत गराएको र दाससरह राखेको देखिन आएको तथा भारतीय ठाउँ वनबासामा लगी छाडेको भन्ने मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आएको छ ।

११. प्रतिवादीले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दासमेत कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको र पीडितका बाबु र भाइसमेतले प्रतिवादीको कसुरमा संलग्नता नरहेको भनी बकपत्र गरेको देखिए तापनि यी पीडित सानैदेखि प्रतिवादीको एवम् प्रतिवादीको बहिनी ज्वाइँको घरमा रहे बसेको कुरालाई प्रतिवादी स्वयंले स्वीकारेको अवस्था

देखिन्छ भने मिसिल संलग्न Medical Report बाट पीडितलाई यौनजन्य शोषण भएको तथा ultrasonogram बाट पीडित गर्भवती भएको र यिनै प्रतिवादीले निजको गर्भपतन गराएको भन्ने कुरा मिसिलबाट समेत देखिन आउँछ।

१२. प्रतिवादीउपर पीडितले किटानी जाहेरी दिएको र सो किटानी जाहेरीको बेहोरालाई समर्थन र पुष्टि हुने गरी मौकामा गरेको बयान तथा अदालतमा गरेको बकपत्रबाट समेत प्रमाणित भरहेको मिसिलबाट देखिएको छ। यसरी Medical Report समेतबाट पीडित नाबालक भएको तथ्य स्थापित भएको र निजउपर यौन शोषणजस्तो आपराधिक कार्य प्रतिवादी वसन्त रावलबाट नै भएको पीडितसमेतको बयानबाट देखिएको छ। यी पीडितले आफू रहे बसेकै घरको अभिभावक व्यक्तिलाई बिना आधार र कारण अभियोग लगाई किटानी जाहेरी दिनुपर्ने अवस्था नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी वसन्त रावलको कसुरमा संलग्नता रहेको नै देखिन आउँछ।

१३. पीडितले आफूलाई यौनशोषण गरी प्रतिवादीले भारत लगेको भनी किटानी जाहेरी दिएको, त्यसलाई समर्थन हुने गरी मौकामा बयान तथा अदालतमा आई बकपत्र गरेको र पीडितलाई प्रतिवादीले भारतको वनबासासम्म पुर्‍याई छोडेका, वनबासामा SSB ले फेला पारी उद्धार गरी Reeds भन्ने संस्थामा बुझाएको कुरा Reeds भन्ने संस्थाको पत्रबाट समेत देखिएको अवस्था छ। यस अवस्थामा प्रतिवादी वसन्त रावलले शोषणको उद्देश्यले ओसारपसार गरेको भन्ने पुष्टि भइरहेको छ। Reeds - Rural Environmental and Educational Developed Society भन्ने भारतीय संस्थाबाट पीडितलाई निजका बुबाले भारतको वनबासाबाट बुझी ल्याएको कुरा निजको मौकाको बयान र अदालतको बकपत्रबाट समेत प्रस्ट देखिएकोले पीडितलाई प्रतिवादीले विदेशमा (भारतसम्म) पुर्‍याएको कुरा प्रमाणित भएको देखिँदा प्रतिवादीले अभियोग मागदाबीअनुसारको कसुर गरेको प्रस्ट देखिन आयो।

१४. यसरी प्रतिवादी वसन्त रावललाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (च) बमोजिम शोषणको उद्देश्यले ओसारपसार गरेकोमा २ वर्ष कैद गर्ने गरी भएको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०७२।०५।१३ को फैसला नमिलेकोले सो हदसम्म केही उल्टी भई प्रतिवादीले पीडितलाई शोषणको उद्देश्यले भारतको वनबासासम्म पुर्‍याएको देखिएकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (च) बमोजिम शोषणको उद्देश्यले विदेशसमेत लगेको देखिएकोमा प्रतिवादी वसन्त रावललाई ३ वर्ष ६ महिना कैद सजाय हुने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला तथ्य, मिसिल, कानून र न्यायको रोहमा अन्यथा देखिन आएन।

१५. अतः उल्लिखित कानूनी व्यवस्था तथा मिसिल संलग्न आधार, कारणहरूसमेतबाट यी प्रतिवादी वसन्त रावलले अभियोग दाबीबमोजिम कसुर गरेको तथ्य प्रमाणित भएकोले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।१२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.केदारप्रसाद चालिसे

इजलास अधिकृत: मिनबहादुर कुँवर
इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

फैसला मिति : २०७५।११।२६

निर्णय नं. १०२४२

भाग: ६१ साल: २०७६ महिना: श्रावण अंक: ४

फैसला मिति :२०७५/११/२६ ४०००

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७२-CR-१०५१

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला शिखरबेसी गा.वि.स. वडा नं.३ घर भई हाल कारागार कार्यालय नुवाकोटमा रहेको वसन्त परियार

विरूद्ध

विपक्षी / वादी : : भैरवबहादुरको जाहेरीले नेपाल सरकार

०७२-CR-१९२४

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला शिखरबेसी गा.वि.स. वडा नं.३ घर भई हाल कारागार कार्यालय रसुवामा थुनामा रहेको कान्छा भन्ने रवि नेपाली

विरूद्ध

विपक्षी / वादी : : भैरवबहादुरको जाहेरीले नेपाल सरकार

०७२-CR-१९३१

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला उर्लेनी गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेको मनोज परियार

विरूद्ध

विपक्षी / वादी : : भैरवबहादुरको जाहेरीले नेपाल सरकार

फैसला

न्या.दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ:

तथ्य खण्ड

नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं.७ घर भई हाल नुवाकोट जिल्ला, थानसिङ गा.वि.स वडा नं.८ माइतीघरमा बस्दै आएकी मेरी बहिनी अं. वर्ष २७ की ..... र निजको छोरी तथा मेरा भान्जीहरू ..... र .....समेत जना ३ लाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारसमेत एकआपसमा मिली मिति २०६८।१२।१२ गते आफू बसेको स्थानबाट भारतमा लगी बिक्री गरेका हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने पीडितको सहोदर दाजु भैरवबहादुर नेपालीको जाहेरी दरखास्त।

मिति २०६९।०५।१६ गते (1st Sep 2012) राति २२:५६ बजेको समयमा ९१९६५४३६८४१९ नम्बरको भारतीय मोबाइलबाट पीडितकी दिदी नाता पर्ने सरस्वती नेपालीले प्रयोग गर्ने गरेको ९८०३९७९८२५ नम्बरको मोबाइलमा भएको कुराकानीको कल विवरण।

प्रतिवादीहरू वसन्त परियार र रवि नेपाली मेरा पहिलेदेखिका चिनजानका साथी हुन्। मिति २०६८ साल चैत्र महिनामा वसन्त परियारसँग कुराकानी हुँदा निजले गाउँमा कोही केटी भएमा भारतमा लगी बिक्री गर्ने कुरा बताएका थिए। मिति २०६८।१२।१० गते म र वसन्त परियार पीडित ..... को माइती घरमा गयौं र पीडितलाई भारत लगी राम्रो काममा लगाइदिने भनी ललाई फकाई गरेका हौं। मिति २०६८।१२।१२ गते नुवाकोटको रानीपौवा भन्ने स्थानमा वसन्त परियार, कान्छा भन्ने रवि नेपाली र ..... तथा निजका छोरीहरूसँग भेटी त्यहाँबाट एउटै गाडीमा गएमा मानिसहरूले शंका गर्छन् भनी हामीहरू छुट्टाछुट्टै बसबाट काठमाडौं गयौं।

सोको भोलिपल्ट अर्थात् मिति २०६८।१२।१३ गते हामीहरू सबैजना बसपार्कबाट महेन्द्रनगर जाने बसमा चढी अर्को दिन मिति २०६८।१२।१४ गते महेन्द्रनगरको होटलमा बसी भोलिपल्ट अं.१६:०० बजेतिर भारतको दिल्ली जाने गाडीमा चढी दिल्ली गएका थियौं । दिल्लीमा .....का बच्चाहरूलाई सिमला नाम गरेको एक जना महिलाको घरमा पुर्‍याएपछि सिमला र वसन्तबिच खासखुस कुराकानी भयो । त्यसपछि वसन्तले काम भयो, अब हामी जाउँ भनी हामीलाई दिल्लीको बसपार्कनजिक आनन्द बिहार भन्ने ठाउँमा लगी .....लाई बिक्री गरेबापत भा.रू. १०,०००।- लिएको छु भनी वसन्तले मलाई र कान्छा भन्ने रविलाई रू.२,५००।- का दरले रकम दिए । उक्त रकम म र मेरो साथी भारतबाट फर्कँदा सकियो । निज पीडित र पीडितका बच्चाहरूलाई मसमेतले भारतसम्म पुर्‍याई निजलाई बेचबिखन गरेका हौं भन्ने बेहोराको प्रतिवादी मनोज परियारले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको बयान ।

मलाई मिति २०६८।१२।११ गते अं.१४:०० बजेको समयमा मेरो साथी वसन्त परियारले फोन गरी आफू र मनोज परियार पीडितको माइतीघरमा गएका थियौं । अर्को दिन मिति २०६८।१२।१२ गते निज पीडितसँग नुवाकोटको रानीपौवामा भेटघाट गरी हामीहरू सँगै काठमाडौं जाने कुराकानी भएको छ, तिमी पनि जानुपर्छ भनी मलाई बताए । वसन्तले भनेबमोजिम २०६८।१२।१२ गते बिहान रानीपौवा बजारमा जाँदा वसन्त र ..... निजका स-साना छोरीहरू र मनोज परियारसँग भेटघाट भयो । हामीहरू एकै गाडीमा गएमा मानिसहरूले शंका गर्छन् भनी वसन्त परियारले बताएपछि हामीहरू छुट्टाछुट्टै गाडीबाट काठमाडौं गयौं । सोको भोलिपल्ट मिति २०६८।१२।१३ गते हामीहरू म, वसन्त, मनोज, पीडित र निजको छोरीहरू महेन्द्रनगर जाने बसमा चढी अर्को दिन २०६८।१२।१४ गते महेन्द्रनगरको होटलमा बस्यौं । सोको भोलिपल्ट अं.१६:०० बजेको समयमा भारतको दिल्ली जाने गाडीमा चढी दिल्ली गएका थियौं । उक्त स्थानमा पीडित र पीडितका छोरीहरूसमेतलाई सिमला नाम गरेकी एकजना महिलाको घरमा पुर्‍याएपछि निज महिलासँग वसन्तले खासखुस कुराकानी गरेका थिए । सोको केही समयपश्चात् मेरो सामुन्ने वसन्तले निज महिलासँग पैसा लिइसकेँ, अब हामी जाउँ, हाम्रो काम भयो भनी हामीहरूलाई बताए । वसन्तले म र मनोज परियारलाई दिल्लीको बसपार्क नजिक आनन्दबिहार भन्ने ठाउँमा लगी पीडित .....लाई बिक्री गरेको, सिमला भन्ने महिलासँग भा.रू.१०,०००।- रकम लिएको छु भनी बताई हामी २ जनालाई रू.२५००।- का दरले रकम दिएका हुन् । उक्त रकम म र मेरो साथी मनोज परियार भारतबाट घर आउँदा सकियो । निज जाहेरवालाकी बहिनी र निजका २ स-साना छोरीहरूलाई मसमेतले भारतसम्म पुर्‍याएर निजलाई बेचबिखन गरेको हो भन्ने बेहोराको प्रतिवादी कान्छा भन्ने रवि नेपालीले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको बयान ।

मिति २०६८।१२।१२ गते म काठमाडौंको ठमेलस्थित एभरेष्ट कलेजमा काम गरी बसेको थिएँ । उक्त दिन ..... तथा निजका स-साना २ जना छोरीहरू हराएका छन् । काठमाडौं आएका छन् कि छैनन् ? भनी गाउँबाट फोन गरेपछि घटनाबारे थाहा पाएकी हुँ । सोपश्चात् मैले आफन्तहरूसँग बुझ्दा कहीँकतै पनि फेला परेनन् र खोजतलासको लागि प्रहरीमा समेत खबर गरेकी हुँ । पछि आफन्तबाट सुनेअनुसार २०६८।१२।१२ गते मनोज परियार, वसन्त परियार र कान्छा भन्ने रवि नेपालीसमेत सँगै हिँडेको देखेको सुनेको हुँदा बुझ्नको लागि मनोज परियारको कोठामा जाँदा नभेटेको हुँदा कहीँकतै मनोज परियारसमेतका मानिसहरूले भवानीलाई नराम्रो गरेका छन् कि भनी बुझ्दै जाने क्रममा मिति २०६९।०५।१६ गते राति सुत्ने तरखर गरिरहेको बेलामा विदेशी नम्बर ९१९६५४३६८४१९ बाट मैले प्रयोग गरेको मोबाइल नम्बर ९८०३९७९८२५ मा फोन आयो र कुरा गर्दा टावरमा डिष्टर्ब भएको कारण स्पष्ट सुनिएन तर निजले "म ..... बोलेको हो । मलाई मनोज परियारसमेतका मानिसहरूले भारतमा पुर्‍याएको हो" भन्ने कुरा चाहिँ स्पष्ट सुनेको हुँ । हाल ..... हराएको सम्बन्धमा बुझ्दै जाँदा प्रतिवादीहरूसमेतले निज ..... र निजका छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतमा लगी बेचेको भन्ने बुझिन आयो । निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू सरस्वती नेपाली र सोही बेहोरासँग मिल्दोजुल्दो राजकुमार नेपाली, राजकुमार परियारसमेतले गरिदिएको एकैमिलानको घटना विवरण कागज ।

मिसिल संलग्न जाहेरी दरखास्तको बेहोरा, मोबाइल नम्बर ९८०३९७९८२५ को कल विवरण, प्रतिवादीहरूको बयान र बुझिएका मानिसहरूले गरिदिएको घटना विवरण कागजसमेतका कागजातहरूको अध्ययनबाट प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारले पीडित ..... र निजका दुईजना छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतसम्म ओसारपसार गरी सिमला तामाङको जिम्मा लगाई बिक्री गरेको पुष्टि हुनआएको हुँदा निज प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ३(१) विपरीत दफा ३(१), दफा ४(१) को (क) र दफा ४ को (२), दफा ४(२) को (क) अनुसारको कसुर भएकाले निजहरूलाई सोही ऐनको दफा १५(१) को (क)(ङ) तथा ऐ. दफा १५(१)(ङ) को (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई पाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी ।

जाहेरी दरखास्तको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ । वसन्त परियार र कान्छा भन्ने रवि नेपालीको घर पनि सिखरबेसी हो । वसन्त परियारले म काठमाडौंमा इनार खन्ने काम गरिरहेको अवस्थामा आएर ककनी जाउँ भनेपछि दुवै जना ककनी आयौँ र त्यहाँ रविसँग

भेट गरी म र वसन्त हराएको भनिएकी केटी भवानीको घरमा गयौं । एकरात त्यहीँ बसी भोलिपल्ट म ससुराली गई श्रीमतीलाई लिई काठमाडौं गएको हो । त्यसपछि मैले वसन्तलाई काठमाडौंमा नै भेटेको हो । केटीलाई वसन्तले ककनीमा बोलाएको रहेछ । म वसन्त र विशाल भन्ने दाइ ककनीमा आई म र पीडित, निजका छोरीहरू एउटा गाडीमा काठमाडौं गयौं । वसन्त र रवि अर्को गाडीमा डेढ घण्टापछि काठमाडौं आए । भोलिपल्ट वसन्त परियारले रविसँग रू.८०००।- लियो र वसन्तको सल्लाहबमोजिम बसमा चढी भारत जान भनी महेन्द्रनगर पुगेपछि त्यहीँ बस्यौं र त्यसपछि रिक्सा चढी बोर्डर पार गरेको हो । वनवासा भन्ने ठाउँमा पुगेपछि वसन्तले बसको टिकट काट्यो र बसमा चढेपछि आनन्दबिहार भन्ने ठाउँमा पुग्यौं । त्यहाँ उसको भाइको होटलमा

बस्यौं । त्यसदिन म, वसन्त र रवि दिनभरि घुम्न गयौं र त्यसको बेलुकातिर वसन्तले मलाई र रविलाई आकासे पुलमा छाडी भाइको होटलमा जान्छु भनी गए । २०-२५ मिनेटपछि फर्की हामीहरूलाई जनही रू.२५००।- रूपैयाँ दिई एकछिनपछि आउँछु भनी गयो । त्यसपछि वसन्त परियार आउँदै आएन । हामी अलपत्रमा पर्यौं र १ जना नेपाली मान्छेले हामीलाई ट्याम्पुमा राखी आनन्द बिहार भन्ने ठाउँमा ल्याई बस चढाई पठाएको हो । ..... र निजका छोरीहरूलाई मसमेत भई भारतसम्म सँगै गएको हो र वसन्तको भाइको होटलमा राखेको थियो । त्यहाँबाट कहाँ लग्यो के गर्‌यो थाहा भएन भनी प्रतिवादी मनोज परियारले सुरू अदालतमा गरिदिएको बयान कागज ।

जाहेरी दरखास्तको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ यसमा म ककनीमा ढुङ्गा फुटाउने काम गर्ने गरेको थिएँ । गाउँको छिमेकी वसन्त परियारलाई राम्ररी चिन्दछु । यस्तैमा निजले मलाई मैले विवाह गरी ल्याएको छु, मेरो भाइ भारतमा होटल गरी बसेको छ, त्यहाँ पुग्न पैसा भएन तिमीलाई त्यहाँ भारत पुगेपछि २-४ हजार थपेर दिन्छु भनेकोले चिनेको हुँदा साहुसँग ढुङ्गा फुटाएको रू.८०००।- मागेर त्यही पैसा वसन्तलाई दिएँ र घुम्न पनि पाइन्छ, पैसा बढी पनि पाइन्छ भनेकाले मैले नचिनेकी आइमाई १ र निजका बच्चाहरू २ जना र वसन्त म र मामाको छोरा मनोजसमेत ककनीबाट काठमाडौं गयौं । काठमाडौंमा एकरात बसी भोलिपल्ट नाइट बसमा इन्डिया गएका हौं । त्यहाँ पुगेपछि वसन्तले केटीहरू लिएर कहाँ गयो थाहा भएन पछि उसको भाइको होटेल भन्दथ्यो हो, होइन थाहा छैन । त्यहाँ एकछिन राखी एकछिनपछि निज वसन्त आयो र दिनभरि घुम्न लग्यो । बेलुका आकासे पुलमा हामीलाई छोडी निज वसन्त बेपत्ता भयो, हामी २ जनालाई रू.२५००।- का दरले रूपैयाँ दिएको थियो । सो रूपैयाँले नपुगेर ड्राइभरलाई मैले लगाएको कानको मुन्द्रा बेची घरमा आएको हो मैले पीडितलाई बिक्री गरेको होइन साथीसम्म गएको हो भनी प्रतिवादी रवि परियारले सुरू अदालतसमक्ष गरिदिएको बयान ।

जाहेरी दरखास्तको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ । उक्त समयमा म भारतको पारगञ्ज भन्ने ठाउँको क्यासिनोमा काम गर्थें । उक्त ठाउँमा मलगायत मेरा भाइबुहारीहरू पनि सँगै काम गर्थे । भारतमा बसी काम गरेको ३ वर्ष भइसकेको थियो । उक्त समयमा म नेपाल आएको थिइनँ । नेपाल फर्की आएको ३-४ महिना मात्र भएको हो । मैले गाउँमा गई केटीहरूलाई फकाई फुलाई गरेको होइन छैन । मनोज परियार र कान्छा भन्ने रवि परियार मेरै गाउँका मानिसहरू हुन् । मेरो उनीहरूसँग भेटघाट पनि भएको छैन । मैले जाहेरवालाकी बहिनी तथा भाञ्जीहरूलाई विदेशमा लगी बिक्री गरेको होइन छैन । किन त्यस्तो जाहेरी दिए मलाई थाहा छैन भनी वसन्त परियारले सुरू अदालतसमक्ष गरिदिएको बयान ।

मिसिल संलग्न मिति २०६९।०५।१९ को जाहेरी दरखास्तको बेहोरा मैले भनेबमोजिम लेखिएको ठीक हो । लागेको सहिछाप मेरो हो । प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी जाहेरवाला भैरवबहादुर नेपालीले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र ।

मिति २०६९।१०।१४ गतेको निवेदन पत्र म आफैंले भनेबमोजिम लेखिएको र त्यसमा लागेको सहिछाप मेरो भएको ठीक साँचो हो । मलाई प्रतिवादीमध्येका मनोज परियारले फकाएका थिए र भारत जाने क्रममा प्रतिवादीमध्येका तीनैजना साथमा थिए । प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी पीडित .....ले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र ।

प्रहरीमा मैले लेखाएको कागजको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ, बेहोरा मैले भनेबमोजिम लेखिएको ठीक साँचो हो । सहिछाप मेरो हो, प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी बुझिएका राजकुमार नेपाली, सरस्वती दर्जी र राजकुमार परियारसमेतले सुरू अदालतसमक्ष गरिदिएको एकैमिलानको बकपत्र ।

जाहेरी दरखास्तको बेहोरा झुट्टा हो । हालसम्म वसन्तले यस्तो कार्य गरेको नदेखिँदा मानव बेचबिखनको कार्य पनि गरेको होइन । अभियोग मागदाबीबाट छुट्कारा पाउनुपर्छ भनी वसन्त परियारको साक्षी विष्णु दमाईले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र ।

जाहेरी दरखास्तको बेहोरा झुट्टा हो । रवि नेपाली यस्तो खालको व्यक्ति नभएको हुँदा अभियोग मागदाबीबमोजिम सजाय नभई सफाइ पाउनुपर्ने हो भनी रवि नेपालीको साक्षी कृष्णबहादुर नेपालीले यस अदालतसमक्ष गरिदिएको बकपत्र ।

यी प्रतिवादीहरूले पीडित .....लाई ललाई फकाई भारतमा लगी बिक्री गरेको पुष्टि भई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विपरीत ऐ. ऐनको दफा ४(१) को (क) र दफा ४(२) को (क) अनुसारको कसुर गरेको

देखिएकाले प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियार नेपालीलाई सोही ऐनको दफा १५(१)(क) बमोजिम जनही २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने ठहर्छ । यी प्रतिवादीहरूले पीडित .....लाई बेच्ने उद्देश्यले विदेश भारतमा लगेको पुष्टि भएकाले यी प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियार नेपालीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरमा ऐ. ऐनको दफा १५(१) को (ङ) को (१) बमोजिम जनही १० (दश) वर्ष कैद र पचास हजार रूपैयाँ जरिवाना हुनेसमेत ठहर्छ । यी प्रतिवादीहरूले पीडितलाई बेच्ने उद्देश्यले भारतमा लगेबापत १० (दश) वर्ष कैद हुने ठहरेकोमा पीडितलाई भारतमा लगी बिक्री गरेबापत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) को (क) बमोजिम बीस वर्ष कैद र दुई लाख जरिवाना हुने ठहरिसकेको हुँदा दण्ड सजायको १० नं. बमोजिम ठूलो सजायमा सानो सजाय हुने खत नखापिने हुँदा पीडितलाई भारतमा बेच्ने उद्देश्यले लगेबापतको सजायतर्फ केही गरिरहनु परेन । यी प्रतिवादीहरूले पीडितलाई ललाई फकाई भारतमा लगी बिक्री गरेको पुष्टि भई सजाय हुने ठहरसमेत भएकाले उल्लिखित ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्ति पाउनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७०।१२।६ गतेको फैसला ।

जाहेरवाली बहिनी .....लाई हामीले भारतमा लगी बिक्री गरेको होइन । बिक्री गरी रकम लिएको छैन । हामीले अदालतमा पूर्ण इन्कार रही बयान बेहोरा लेखाएका छौं । भारतबाट सरस्वती नेपालीको मोबाइलमा मिति २०६९।५।१६ गते ०.०० सेकेन्ड कुराकानी भएको भन्ने Call Detail हुँदा सो हाम्रो विरूद्ध प्रमाणमा लाग्दैन । अधिकारप्राप्त अधिकारीसमक्षको बयान हामीले भनेबमोजिमको होइन । जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र एक अर्कामा खण्डित छ । निजले सुनी थाहा पाएको भनी शंकाको भरमा जाहेरी दिएका छन्, पीडितले अदालतमा बयान गर्दा २ जना छोरीहरूलाई पाल्न पर्ने हुँदा आफ्नो इच्छाले नै जि.वि. रोडमा गई वेश्यावृत्ति गर्न थालेको भनेको अवस्थामा सोको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ । पीडित आफूखुसी भारतमा गई स्वइच्छाले वेश्यावृत्तिको कार्य गरेकोमा हामीले कुनै फौजदारी दायित्व वहन गर्नुपर्ने होइन । प्रस्तुत मुद्दामा हामीहरूउपर न त आपराधिक मनसाय प्रमाणित भएको छ न त आपराधिक कार्य नै प्रमाणित छ । यसरी बिना आधार प्रमाण हामीलाई फौज्दारी दायित्व बहन गराउने गरी भएको फैसला बदरभागी छ, अतः हामी पुनरावेदक प्रतिवादीहरू बिल्कुल निर्दोष रहेकोमा मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको नुवाकोट जिल्ला अदालतको फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त स.अ.बु. (२०६६) अंक ४ पूर्णाङ्क ४०६ पृ.१८ नेपाल सरकार विरूद्ध कविन्द्र देव सिंहसमेतको मुद्दा कर्तव्य ज्यान, स.अ.बु. (२०६६) अंक ६ पूर्णाङ्क ४०८ पृ.१२ नेपाल सरकार विरूद्ध श्यामचन्द्र खड्का मुद्दा कर्तव्य ज्यान, ने.का.प. (२०४९) नि.नं.४५५३ पृ.५३४, श्री ५ को सरकार विरूद्ध हविव मिया, मुद्दा जिउ मास्ने ने.का.प. (२०५६) नि.नं.६६५६ पृ.४५, श्री ५ को सरकार विरूद्ध सोचिन्द्रप्रसाद यादवसमेत, ने.का.प. (२०६०) नि.नं. ७२८५ पृ.८३९ श्री ५ को सरकार विरूद्ध रामसुन्दर तेलीसमेत मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी वसन्त परियार र मनोज परियारको संयुक्त पुनरावेदन पत्र ।

जाहेरवाली बहिनी .....लाई मैले भारतमा लगी बिक्री गरेको होइन । बिक्री गरी रकम लिएको छैन । मैले अदालतमा पूर्ण इन्कार रही बयान बेहोरा लेखाएको छु । मेरो साक्षीले सो कुरालाई पुष्टि गराएका छन् । भारतबाट सरस्वती नेपालीको मोबाइलमा मिति २०६९।५।१६ मा ०.०० सेकेन्ड कुराकानी भएको भन्ने Call Detail हुँदा सो मेरो विरूद्ध प्रमाणमा लाग्दैन । अधिकारप्राप्त अधिकारीसमक्षको बयान मैले भनेबमोजिमको होइन जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र एक अर्कामा खण्डित छ । निजले सुनी थाहा पाएको भनी शंकाको भरमा जाहेरी दिएका छन्, पीडितले अदालतमा बयान गर्दा २ जना छोरीहरूलाई पाल्न पर्ने हुँदा आफ्नो इच्छाले नै जि.वि. रोडमा गई वेश्यावृत्ति गर्न थालेको भनेको अवस्थामा सोको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ । पीडित आफूखुसी भारतमा गई स्वइच्छाले वेश्यावृत्तिको कार्य गरेकोमा मैले कुनै फौजदारी दायित्व वहन गर्नुपर्ने होइन । प्रस्तुत मुद्दामा मउपर न त आपराधिक मनसाय प्रमाणित भएको छ । न त आपराधिक कार्य नै प्रमाणित भएको छ । यसरी बिना आधार प्रमाण मलाई फौज्दारी दायित्व बहन गराउने गरी भएको फैसला बदरभागी छ । म पुनरावेदक प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको नुवाकोट जिल्ला अदालतको फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त स.अ.बु. (२०६६) अंक ४ पूर्णाङ्क ४०६ पृ.१८ नेपाल सरकार विरूद्ध कविन्द्र देव सिंहसमेत मुद्दा कर्तव्य ज्यान, स.अ.बु. (२०६६) अंक ६ पूर्णाङ्क ४०८ पृ.१२ नेपाल सरकार विरूद्ध श्यामचन्द्र खड्का मुद्दा कर्तव्य ज्यान, ने.का.प. (२०४९) नि.नं.४५५३ पृ.५३४ श्री ५ को सरकार विरूद्ध हविव मिया मुद्दा जिउ मास्ने ने.का.प. (२०५६)

नि.नं.६६५६ पृ.४५ श्री ५ को सरकार विरूद्ध सोचिन्द्रप्रसाद यादवसमेत, ने.का.प. (२०६०) नि.नं. ७२८५ पृ.८३९ श्री ५ को सरकार विरूद्ध रामसुन्दर तेलीसमेत मुद्दामा प्रतिपादित सिद्धान्तसमेतले विपरीत हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्नेसमेत पुनरावेदक प्रतिवादी कान्छा भन्ने रवि नेपालीको पुनरावेदन पत्र ।

यसमा पीडित .....ले बकपत्र गर्दा दिल्लीमा बिक्री गरेको भन्न नसकी दिल्लीमा आफ्नो स्वइच्छाले बालबच्चा पाल्नु पर्ने हुँदा काम गरेको हो भनी उल्लेख गराएको परिप्रेक्ष्यमा सुरू नुवाकोट जिल्ला अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं.२०२ नं. प्रयोजनार्थ प्रस्तुत मुद्दाको पेसीको जानकारी पुनरावेदन सरकारी वकिल कार्यालय पाटनलाई दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।९।२२ को आदेश ।

यी प्रतिवादीहरूलाई जनही २० (बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) रूपैयाँ जरिवाना हुने साथै प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार) रूपैयाँ पीडितले क्षतिपूर्ति पाउनेसमेत ठहर गरी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०७०।१२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१७ मा भएको फैसला ।

म पुनरावेदकले जाहेरवालाकी बहिनी .....लाई भारतमा लगी बिक्री गरेको होइन । बिक्री गरी रकम लिएको पनि होइन भनी मैले सम्मानित नुवाकोट जिल्ला अदालतसमक्ष इन्कारी बयान गरेकै छु । अधिकारप्राप्त अधिकारीसमक्षको बयान बेहोरा प्रहरीले मलाई आफ्नो कब्जामा राखी मैले नभनेको कुरा लेखाई जबरजस्ती सही गर्न लगाएको हुँदा उक्त बयान बेहोरालाई प्रमाणमा लिनै नमिल्नेमा प्रमाणमा लिई गरेको फैसला यसै आधारमा पनि आत्मनिष्ठ छ वस्तुनिष्ठ छैन । त्यसैले उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाऊँ । जाहेरवालाको जाहेरी र जाहेरवालाको बकपत्र एक अर्कामा खण्डित भएको अवस्था छ किनकि जाहेरवालाले जाहेरी दिँदा सुनी थाहा पाएको भनी जाहेरी दिएका छन् भने पीडितले अदालतमा बयान गर्दा ठिक जाहेरी दरखास्तको बेहोरालाई खण्डन हुने गरी ३ जना छोरीहरूलाई पाल्नु पर्ने हुँदा आफ्नो स्वइच्छाले नै जि.वि. रोडमा गई आफूखुसी वेश्यावृत्ति गर्न थालेको हो भनी स्पष्ट र किटानीसाथ बयान गरेको हुँदा जाहेरवालाको प्रमाणित कागजलाई फैसला गर्दा सो कुराको कुनै विवेचना नै गरिएको अवस्था छैन । केबल गोश्वाराको रूपमा परेको जाहेरी दरखास्तलाई मात्र मुख्य आधार मानी भएको फैसला आत्मनिष्ठ छ, वस्तुनिष्ठ छैन । मउपर अभियोग मात्र लागेको छ तर त्यो अभियोगसिद्ध हुने प्रमाण अभियोजन पक्षले गुजार्न सकेको अवस्था नै छैन किनकि न त यस मुद्दामा मेरो मनसाय नै प्रमाणित भएको छ । न त आपराधिक कार्य नै प्रमाणित छ । यसरी बिना आधार प्रमाण मलाई जघन्य फौजदारी दायित्व बहन गराउने गरी भएको नुवाकोट जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला पटक्कै सत्यतामा आधारित छैन । केबल गोश्वाराका रूपमा दायर भएको अभियोग पत्र जुन अभियोगसिद्ध हुने खालका कुनै पनि प्रमाणको अभाव छ भने अर्कोतर्फ मेरा तर्फबाट बकपत्र गर्नेसमेतले यस कसुरमा मेरो कुनै पनि संलग्नता छैन भनी बकपत्र गरेका छन् भने मौकामा बुझिएका तथा घटना विवरणका व्यक्तिहरूसमेतले मैले आरोपित कसुर गरेको कुरामा मौन रही कागज गरेका आदि इत्यादि प्रमाणहरूबाट पनि मेरो यस कसुरमा कुनै पनि संलग्नता नहुँदा नहुँदैको अवस्था मिसिलबाट देख्दादेख्दै पनि पूर्वाग्रही ढङ्गबाट न्यायिक सन्तुलन नै बिग्रने गरी सुरू नुवाकोट जिल्ला अदालतबाट मलाई २० वर्ष कैद तथा रू.२,००,०००।- जरिवाना हुने ठहरी भएका फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला प्रचलित कानूनको विपरीत हुन गएबाट उक्त फैसलाहरू बदर गरी मलाई आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्ने वसन्त परियारको पुनरावेदन पत्र ।

म पुनरावेदक प्रतिवादीलाई पुनरावेदन अदालत पाटनबाट कसुरदार ठहर हुनेगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ बमोजिमको कसुर हुनका लागि सो अपराधको आपराधिक कार्य र आपराधिक मनसायको स्थापना हुनुपर्दछ । यी दुवै तत्त्वमध्ये कुनै एकको अभावमा वा दुवैको अभाव भएमा कसुर कायम एवम् ठहर गर्न मिल्दैन । निज पीडित आफूखुसी भारत गई बसेको हुँदा ममाथि लगाइएको आरोप झुट्ठा हो । फैसलाले ठहर गरेको कसुर अपराधलाई प्रमाण कागजातहरूले स्वतन्त्र र वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको छैन । अदालत स्वयम् वादी भई भावनात्मक एवं काल्पनिक रूपमा कसुर सजाय ठहर हुनेगरी गरेको उक्त फैसला फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको रायमा रहेको आपराधिक कार्य विना अपराध नहुने भन्ने सिद्धान्तसमेतले विपरीत रहेको छ । मिसिल संलग्न प्रमाण कागजातबाट अभियोग दाबी झुट्ठा भएको प्रमाणित हुन्छ । त्यस्तै नुवाकोट जिल्ला अदालतले गरेको फैसलालाई सदर कायम गरी पु.वे.अ. पाटनले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को कसुर गरेको भनी कसुरदार ठहर हुने गरी भएको फैसलामा गम्भीर त्रुटि र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको विपरीत हुने गरी गरेको उक्त फैसला बदरभागी छ । बदर गरी पूर्ण रूपमा सफाइ पाऊँ । म पुनरावदेक प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको पुनरावेदन अदालत पाटनको फैसला नेपालको संविधान, २०७२ को धारा २०(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत एवम् त्रुटिपूर्ण हुँदा मुलुकी

ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्ने रवि नेपालीको पुनरावेदन पत्र ।

म पुनरावेदक प्रतिवादीलाई पुनरावेदन अदालत पाटनबाट कसुरदार ठहर हुने गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ बमोजिमको कसुर हुनका लागि सो अपराधको आपराधिक कार्य र आपराधिक मनसायको स्थापना हुनुपर्दछ । यी दुवै तत्त्वमध्ये कुनै एकको अभावमा वा दुवैको अभाव भएमा कसुर कायम एवं ठहर गर्न मिल्दैन । निज पीडित आफूखुसी भारत गई बसेको हुँदा ममाथि लगाइएको आरोप झुट्ठा हो । उक्त फैसलाले ठहर गरेको कसुर अपराधलाई प्रमाण कागजातहरूले स्वतन्त्र र वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको छैन । मिसिल संलग्न प्रमाण कागजातबाट अभियोग दाबी झुट्ठा भएको प्रमाणित हुन्छ । त्यस्तै पुनरावेदन अदालत पाटनले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को कसुर गरेको भनी कसुरदार ठहर हुने गरी भएको फैसलामा गम्भीर त्रुटि र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतले विपरीत रहेको छ । दाबीबमोजिम बेचबिखन गरेको भए कहाँ के कसरी बेचबिखन गरिएको हो भन्ने तथ्यको अनुसन्धान गरी भारत विदेशमा अन्य कोही व्यक्तिले लगेको भए के कसरी लगी बेचबिखन गरेको भन्ने प्रमाण जुटाउने कोसिस वादी पक्षतर्फबाट नगरी केबल जाहेरी बेहोरालाई मात्र आधार मानी मानव बेचबिखन गरेको तथा ओसारपसार गरेको भनी अनुमान र शंकाको आधारमा मात्र अभियोग दायर गरेको देखिन आएबाट केबल शंकाको भरमा मात्र अभियोग ठहर गर्न नमिल्ने भनी स.अ.बु. (२०६७) चैत्र १६-३० पूर्णाङ्क ४५० पृ. १५ नेपाल सरकार विरूद्ध गोपाल मिश्र मुद्दा मानव बेचबिखन तथा ओसारपसार मुद्दामा प्रतिपादित सिद्धान्तसमेतले विपरीत हुने गरी गरेको उक्त फैसला बदरभागी छ । बदर गरी पूर्ण रूपमा सफाइ पाऊँ । अत: म पुनरावदेक प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको पुनरावेदन अदालत पाटनको फैसला नेपालको संविधानको धारा २०(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत विपरीत हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्ने मनोज परियारको पुनरावेदनपत्र ।

नियमबमोजिम आजको पेसी सूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक रवि नेपालीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री राजन अधिकारीले र पुनरावेदक वसन्त परियारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री भिमप्रसाद ढकालले कसुरमा मेरो पक्षको कुनै संलग्नता नभएको पुष्टि भइरहेको अवस्थामा सुरू जिल्ला अदालतबाट सोतर्फ विचार नै नगरी केबल शंकाको भरमा मात्र अभियोग ठहर गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विपरीत ऐजन ऐनको दफा ४(१) को (क) र दफा ४(२) को (क) अनुसारको कसुरमा सोही ऐनको दफा १५(१)(क) बमोजिम २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने ठहर्‌याई भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‌याई भएको पुनरावेदन अदालत पाटनको फैसला उल्टी गरी पूर्ण रूपमा अभियोग दाबीबाट सफाइ पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

विद्वान् अधिवक्ताहरूको बहस बुँदालाई मध्यनजर गरी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको के रहेछ ? पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारले पीडित ..... र निजका दुईजना छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतसम्म ओसारपसार गरी सिमला तामाङको जिम्मा लगाई बिक्री गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ३(१) विपरीत दफा ३(१) दफा ४(१) को (क) र ४(२) को (क) अनुसारको कसुर भएकाले निजहरूलाई सोही ऐनको दफा १५(१) को (क)(ङ) तथा ऐ. दफा १५(१)(ङ) को (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई पाउँ भन्ने अभियोग पत्र दायर भएकोमा सुरू अदालतबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४ (१)क र ४(२) क को कसुर अपराधमा ऐ. ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रतिवादीलाई २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने र ऐजन ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्ति पाउने ठहर्‌याई भएको सुरू जिल्ला अदालतको फैसलामा चित्त नबुझाई प्रतिवादीहरूको पुनरावेदन परेको देखिन्छ । कसुरमा कुनै संलग्नता नभएको पुष्टि भइरहेको अवस्थामा सुरू जिल्ला अदालतबाट सोतर्फ विचार नै नगरी प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी केबल शंकाको भरमा मात्र कसुर ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी भएको पुनरावेदन अदालत पाटनको फैसलामा चित्त नबुझाई उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भनी प्रतिवादीहरूको छुट्टाछुट्टै पुनरावेदन परेको देखियो ।

३. नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं.७ घर भई हाल नुवाकोट जिल्ला थानसिङ गा.वि.स वडा नं.८ माइतीघरमा बस्दै आएकी मेरी बहिनी अं. वर्ष २७ की ..... र निज .....का छोरी तथा मेरा भान्जीहरू ..... र .....समेत जना ३ लाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारसमेत एकआपसमा मिली मिति २०६८।१२।१२ गते आफू बसेको स्थानबाट भारतमा लगी बिक्री गरेका हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने भैरवबहादुर नेपालीको जाहेरी दरखास्त परेको देखिन्छ । यसरी नै जाहेरवालाले जाहेरी बेहोरालाई पुष्टि हुने गरी अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था उल्लेख भएको परिप्रेक्ष्यमा जाहेरवालाको बकपत्रलाई प्रमाणमा लिनुपर्ने हुन्छ ।

४. अनुसन्धानमा बयान गर्दा प्रतिवादीहरूले पीडित र पीडितका छोरीहरूसमेतलाई सिमला नाम गरेकी एकजना महिलाको घरमा पुर्‌याएपछि निज महिलासँग वसन्तले पैसा लिइसकैं, अब हामी जाउँ, हाम्रो काम भयो भनी हामीहरूलाई बताए । वसन्तले म र मनोज परियारलाई दिल्लीको बसपार्क नजिक आनन्द बिहार भन्ने ठाउँमा लगी पीडित .....लाई बिक्री गरेको सिमला भन्ने महिलासँग भा.रू.१०,०००।- रकम लिएको छु भनी बताई हामी २ जनालाई रू.२५००।- का दरले रकम दिएका हुन् भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दा प्रतिवादी वसन्त परियार आफू उक्त समयमा भारतमा नै रहेको म नेपाल आएको थिइनँ । मेरो उनीहरूसँग भेटघाट पनि भएको छैन । मैले जाहेरवालाकी बहिनी तथा भाञ्जीहरूलाई विदेशमा लगी बिक्री गरेको होइन छैन भनी alibi को जिकिर लिएको देखिन्छ भने ..... र निजका छोरीहरूलाई मसमेत भई भारतसम्म सँगै गएका हौं । वसन्तको भाइको होटलमा राखेको थियो त्यहाँबाट वसन्तले कहाँ लग्यो के गर्‌यो थाहा भएन । हामीले बिक्री गरेको होइन भनी प्रतिवादी मनोज परियार र कान्छा भन्ने रवि नेपालीले सुरू अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेपनि अनुसन्धानमा भएको साबितीलाई अन्यथा पुष्टि गर्न सकेको अवस्था देखिएन ।

५. मलाई प्रतिवादीमध्येका मनोज परियारले फकाएका थिए र भारत जाने क्रममा प्रतिवादीमध्येका तिनै जना साथमा थिए । मलाई दिल्लीको वसन्त परियारको भाइको होटल देखाई अर्को मानिसको घरमा छोडी गएका हुन् । प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी पीडित .....ले सुरू अदालतसमक्ष बकपत्र गरेको देखिन्छ भने ..... हराएको सम्बन्धमा बुझ्दै जाँदा प्रतिवादीहरूसमेतले निज ..... र निजका छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतमा लगी बेचेको भन्ने बुझिन आयो । प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी बुझिएका राजकुमार नेपाली, सरस्वती दर्जी र राजकुमार परियारसमेतले अनुसन्धान र अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ ।

६. यी पीडितसँगै तीनैजना प्रतिवादीहरू सँगसँगै भारतमा गएको भन्ने कुरा प्रतिवादीहरू मनोज र रवि नेपालीको बयान र पीडितको बकपत्रबाट समेत पुष्टि भएको पाइन्छ । प्रतिवादी वसन्तले विवाह गरेको बहाना गरी पीडितलाई यी ३ जना प्रतिवादीहरू मिली भारतमा लगेको उल्लिखित तथ्यबाट पुष्टि भएको पाइन्छ । मानव बेचबिखन तथा ओसारपसार जस्तो कार्य कुनै सामान ढुवानी गरी बिक्री गर्ने जस्तो विषय होइन । यस्तो कार्य सङ्गठित रूपमा विभिन्न व्यक्तिहरूको छुट्टाछुट्टै भूमिकाबाट अन्तमा कार्यमा परिणत हुने सङ्गठित अपराध हो । मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नेपाल पक्ष बनेको अवस्था छ । नेपालले प्रतिज्ञा गरेका यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूसमेतका आधारमा मानव बेचबिखन जस्तो सङ्गठित रूपमा गरिने मानवता विरूद्धका सङ्गठित अपराधले समाजमा दूरगामी असर पार्न सक्ने अवस्था हुँदा अन्य मिसिल संलग्न तथ्यबाट प्रतिवादीले कसुर गरेको देखिइरहेको अवस्थामा प्रतिवादीको इन्कारी बयान मात्रले प्रतिवादीले कसुरबाट उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था देखिँदैन ।

७. प्रतिवादीमध्येका वसन्त परियार नेपालीले सुरू अदालतसमक्ष बयान गर्दा घटना भएको भनिएको समयमा म भारतको पारगञ्ज भन्ने ठाउँमा थिएँ भनी Alibi को जिकिर लिएको पाइन्छ । प्रतिवादीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी alibi को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । त्यस्तो alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखित प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुनसक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिको विरूद्ध नै प्रमाण लाग्दछ । जाहेरी बेहोरा, पीडितको बकपत्र, सहअभियुक्तको पोललगायत अन्य परिस्थितिजन्य प्रमाणबाट समेत निजको alibi को जिकिर खण्डित भइरहेको देखिन आयो । यस्तो अवस्थामा यी तीनैजना प्रतिवादीहरूको आपसी सल्लाह र संलग्नतामा पीडित .....लाई भारत पुर्‌याई यी प्रतिवादीहरूबाट भारतमा बेचिएको भन्ने कुरा पुष्टि हुन आयो ।

८. यस सम्बन्धमा भएको कानूनी व्यवस्थालाई हेर्दा मानव वेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ मा "मानव बेचबिखन र ओसारपसार गर्न नहुने (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन। (२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी सोही ऐनको दफा ४ को उपदफा (१) मा कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ भनी देहाय (क) मा "कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने" भन्ने व्यवस्था रहेको देखिन्छ भने सोही ऐनको दफा ४ को उपदफा (२) मा "कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ" भनिएको र देहायको खण्ड (क) मा "किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रतिवादीले पीडितहरूलाई मानव बेचबिखन र ओसारपसार गरी पीडितहरूलाई विदेश भारतमा लगी बिक्री गर्ने कार्य गरेको देखिँदा निजको उक्त कार्यमा प्रस्तुत दफा आकर्षित हुने देखिन्छ।

९. प्रतिवादीहरूले उक्त कसुर गरेको अवस्थामा निजलाई के कस्तो सजाय गर्ने भन्नेतर्फ हेर्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा १ मा दफा ३ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ भनी र देहाय (ङ) मा किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई, (१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र देहाय (क) मा "मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना" को सजायको व्यवस्था रहेको छ। प्रतिवादीहरूले पीडितालाई बेच्नका लागि भारत लगेको र बिक्री गरेको पुष्टि भएको अवस्था देखिँदा निजहरूको कसुरका सम्बन्धमा ऐनका उल्लिखित दफाहरू आकर्षित हुने देखिन्छ।

१०. यस सम्बन्धमा यस अदालतबाट "घटनाबाट पीडित व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरा अदालतले प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने, आफूलाई बिक्री गरेको ठाउँबाट भागी काठमाडौं आई प्रहरीसमक्ष व्यक्त गरेको कुरा अदालतमा सनाखत गरी दिएको र पछि साक्षीसरह अदालतमा उपस्थित भई सोहीबमोजिम बकपत्र गरी दिएकोसमेत अवस्थामा निजको सो कथन प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ" (ने.का.प.२०६९ अंक १० नि.नं.९०६४) भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको र उक्त सिद्धान्त प्रस्तुत मुद्दामा समेत आकर्षित हुने देखिन्छ। मुद्दाको तथ्य एवं कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रतिवादीहरू कसुरदार रहेको पुष्टि भएको अवस्थामा निजहरूलाई कसुरदार ठहर्‌याई जनही २० वर्ष कैद र २ लाख जरिवानाको सजाय हुने र ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्ति पाउनेसमेत गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‌याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

११. अतः उल्लिखित तथ्य एवं कानूनी व्यवस्थाको रोहबाट हेर्दा किटानी जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धानका क्रममा गरेको साबिती बयान, जाहेरवाला एवम् पीडितको बकपत्रसमेतका आधार प्रमाणबाट मिति २०७०/१२/६ मा यी पुनरावेदक प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३, ४(१)(क) ४(२)(क) को कसुरमा ऐ, ऐनको दफा १५(१) (क) बमोजिम जनही २० वर्ष कैद र २ लाख रूपैयाँ जरिवानाको सजाय हुने र ऐजन ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्तिसमेत पाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‌याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या. टंकबहादुर मोक्तान

इजलास अधिकृत : राजकुमार दाहाल

इति संवत् २०७५ साल फागुन २६ गते रोज १ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

फैसला मिति : २०७५।९।२३

निर्णय नं. १०१९०

भाग: ६१ साल: २०७६ महिना: जेष्ठ अंक: २

फैसला मिति :२०७५/०९/२३ ५४२०

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०६९-CR-०७९५

पुनरावेदक / प्रतिवादी : रामेछाप जिल्ला, गोठगाउँ गा.वि.स., वडा नं. ६ गोठपानी घर भई हाल कारागार कार्यालय, रसुवा, धुन्चेमा कैदमा रहेको वेदबहादुर मगर

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम बालाजु (घ) को जाहेरीले नेपाल सरकार

०७०-CR-०५४२

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स., वडा नं. ३ घर भई हाल मध्यमाञ्चल क्षेत्रीय कारागार कार्यालय भिमफेदी, मकवानपुरको कैदमा रहेको समिर भन्ने वीरे तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम बालाजु (घ) को जाहेरीले नेपाल सरकार

फैसला

न्या. दीपककुमार कार्की : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन दर्ता भई हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

जाहेरी दरखास्त: २०६५ साल वैशाखदेखि काठमाडौंमा बसी आएकी, गाउँको श्याम भन्नेको डेरा पनि त्यहीँ भएको, श्यामलाई भेट्न समिर भन्ने वीरे तामाङ आई रहने गरेको, निजले मलाई सामान ओसारपसार गर्न बोर्डरमा गएमा एकपटकमा रू.३०,०००।- पाइन्छ भनी प्रलोभनमा पारेको, निजको विश्वासमा परी वेदबहादुरसमेतले मलाई काठमाडौंबाट, बुटवल सुनौली हुँदै भारतको पुनामा लगी बिक्री गरेकोमा त्यहाँबाट म भाग्न सफल भई यो जाहेरी दिएकी छु। प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसारमा कारबाही गरिपाउँ भन्ने जाहेरी दरखास्त तथा सोही बेहोराको निज जाहेरवाली तथा पीडित परिवर्तित नाम बालाजु (घ) को बयान।

प्रतिवादी वेदबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः जाहेरवालीलाई मैले बेचबिखन नगरेको हुँदा यस सम्बन्धमा मलाई केही थाहा छैन । मैले जाहेरवालीलाई बेचबिखन गरेको छैन र कसैसँग रकम लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी वेदबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

प्रतिवादी समिर भन्ने वीरे तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः जाहेरवालीलाई मैले ललाई फकाई बेचबिखन गरेको छैन, बेचबिखन गर्नुमा मेरो कुनै संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी समिर भन्ने वीरे तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

माया पाण्डे र रमिला खत्रीले गरिदिएको कागजः जाहेरवालीलाई प्रतिवादी समिर भन्ने वीरे तामाङ र वेदबहादुरले भारत पुनामा लगी बिक्री गरेको भन्ने निज जाहेरवाली त्यहाँबाट आएपछि बताएकी हुन्, निज प्रतिवादीहरूलाई कारबाही हुनुपर्दछ भन्ने बुझिएकी माया पाण्डे र रमिला खत्रीले गरेको पृथक–पृथक कागज।

अभियोग मागदाबीः जाहेरी दरखास्त तथा पीडितको बयान, प्रतिवादीहरूको बयान, बुझिएका मानिसले गरेको कागजसमेतबाट प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को (१)(क)(ख) र उपदफा(२)(क)(ख) बमोजिमको कसुर गरेको हुँदा ऐ. ऐनको दफा १५(१)(क) बमोजिम प्रतिवादीहरूलाई सजाय गरी ऐ. को दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भन्ने बेहोराको अभियोग दाबी ।

प्रतिवादी वेदबहादुर थापाले सुरू अदालतमा गरेको बयानः मैले जाहेरवालीलाई कहीँकतै लगी बिक्री नगरेको, झुठ्ठा जाहेरी दिई मलाई फसाउन खोजेको, अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी वेदबहादुरले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादी समिर भन्ने वीरे तामाङले सुरू अदालतमा गरेको बयानः मैले कुनै कसुर अपराध नगरेको र जाहेरवालीलाई बिक्री गर्न नलगेको हुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन, सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी समिर भन्ने वीरे तामाङले सुरू अदालतमा गरेको बयान ।

काठमाडौं जिल्ला अदालतको थुनछेक आदेशः प्रतिवादीहरूलाई पुर्पक्षको लागि थुनामा राख्नु भन्ने सुरू अदालतबाट मिति २०६६।०८।०३ मा भएको आदेश ।

सुरू अदालतमा भएको बकपत्रको बेहोराः

१. प्रतिवादीलाई अभियोग दाबीबमोजिम कारबाही हुनुपर्ने होइन भन्ने प्रतिवादी समिर भन्ने वीरे तामाङको साक्षी भक्तबहादुर लामाले गरेको बकपत्र ।

२. साथीभाइको रिसइवीले गर्दा यो मुद्दा परेको हो । निज एकदिन पनि हराएको मैले देखेको छैन भन्ने प्रतिवादी वेदबहादुरको साक्षी राजु पुलामीले गरेको बकपत्र ।

३. निजलाई फसाउनको लागि यस्तो मुद्दा गरिएको हो भन्ने प्रतिवादी वेदबहादुरको साक्षी रमेश लामाले गरेको बकपत्र ।

४. सामानहरू ओसारपसार गर्ने, महिनाको रू.३०,०००।- हुन्छ भनेर बुटवल भैरहवा हुँदै भारत लगेर बेचेको भन्ने बुझिएकी रमिला खत्रीले गरेको बकपत्र ।

५. प्रतिवादीले पीडितलाई बुटवल, भैरहवा हुँदै भारत जाउँ, महिनाको रू.३०,०००।- आउँछ, आधा–आधा बाँडौला भनी भारत लगी बिक्री गरेका हुन् भन्ने बुझिएकी माया पाण्डेले गरेको बकपत्र ।

काठमाडौं जिल्ला अदालतको फैसलाः प्रतिवादीहरूले जाहेरवाला एवं पीडितलाई विदेशमा बिक्री गर्न लगी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ) (१) अन्तर्गतको कसुर गरेको देखिँदा निजहरूलाई वारदातको स्वरूप, प्रकृति, परिस्थिति एवं कसुरको मात्राको आधारमा ऐ. ऐनको दफा १५(१) को (ङ) (१) अनुसार जनही १० वर्ष कैद र रू.६०,०००।- जरिवाना हुने, साथै पीडित एवं जाहेरवालीले प्रतिवादीहरूबाट रू.८०,०००।- क्षतिपूर्ति भराई पाउने ठहर्छ । प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्नेसम्म वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०६७।०१।२७ को काठमाडौं जिल्ला अदालतको फैसला ।

प्रतिवादी समिर भन्ने वीरे तामाङको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्रः जाहेरवालीले आफूलाई बिक्री गरेको भनी मउपर आरोप लगाए पनि निजले भारतमा लगी बिक्री गरेको भन्ने कुनै प्रमाण दिन सकेकी छैनन् । अदालतबाट निजलाई झिकाउँदा पनि उपस्थित भएकी छैनन् । म प्रहरीमा बयान गर्दा कसुरमा पूर्णतः इन्कार रहेको छु । त्यस्तैगरी सहअभियुक्त वेदबहादुर मगरले पनि मलाई पोल गरेको छैन । यो महत्त्वपूर्ण तथ्यलाई विचार नै नगरी मलाई कसुरदार ठहराई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ । बुझिएका रमा पाण्डे र रमिला खत्री प्रत्यक्षदर्शी होइनन् । सुनेको कुरा प्रमाणको लागि ग्रहण हुन सक्दैन । बनावटी जाहेरी र प्रमाणित बयानलाई आधार लिई मलाई कसुरदार ठहर्‍याउने काठमाडौं जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको समिर भन्ने वीरे तामाङको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र ।

वादी नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्रः पीडितले दिएको जाहेरीबाट निजलाई प्रतिवादीले ललाई फकाई गरी भारतको बम्बईमा एउटा मन्दिरजस्तो ठाउँमा पुर्‍याई जमुना भन्ने एक जना महिलाको जिम्मा लगाई आएको, पछि आफू बेचिएको थाहा पाएकी भनी जाहेरीमा उल्लेख छ । प्रतिवादीहरूले पाएको रकम पीडितलाई थाहा हुने अवस्था नरहेको हुँदा केवल रकम थाहा नपाएको कारणले मात्र बिक्री गरेको होइन, बिक्रीको लागि लगेकोसम्म भनाइ न्यायोचित नहुने हुँदा काठमाडौ जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ । बेच्नको लागि पीडितलाई प्रतिवादीहरूले विदेश लगेको भन्ने कुरालाई फैसलामा स्वीकार

गरिसकेको छ। प्रतिवादीहरूले अवैध धन्दामा लगाएको बेहोराहरूलाई किटानी जाहेरी दिएको र अदालतको प्रमाणित बयानसमेतबाट पुष्टि भइरहेको हुँदा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय नगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ङ) (१) बमोजिम जनही १० वर्ष कैद र ६० हजार जरिवाना तथा पीडितलाई रू.८०,०००।- क्षतिपूर्ति प्रतिवादीहरूबाट दिलाई भराई पाउने हदसम्म भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

प्रतिवादी वेदबहादुर मगरको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्रः जाहेरी दरखास्तमा उल्लिखित बेहोरा बयानलाई नै आधार मानी फौजदारी मुद्दामा कसुरदार ठहर गर्न फौजदारी न्यायको मान्य सिद्धान्त प्रतिकूल हुन जान्छ। मैले कोही कसैलाई बिक्री गर्ने मनसाय लिई योजना बनाई विदेश लगेको छैन। जाहेरीमा उल्लिखित भनाइ आधारहीन झुठ्ठा हो। बुझिएका भनिएका रमा पाण्डे र रमिला खत्री चश्मदिद गवाह होइनन्। निज बालाजु 'घ' को कथित कथनबाट भनेको सुनेको आधारमा बकपत्र गर्ने व्यक्ति हुन्। साथै, बालाजु 'घ' बाट निजको नाममा जारी म्याद घर दैलामा टाँस भई बुझेर पनि भौतिक उपस्थिति नहुनु र जाहेरी दरखास्त र कथित अनुसन्धान बयानलाई समर्थित हुने गरी स्वतन्त्र सनाखत गर्न नसक्नु स्वयंमा झुठ्ठा आरोप कथन हो। माथि उल्लेख गरेबमोजिम काठमाडौं जिल्ला अदालतको फैसला कानूनको मान्य सिद्धान्तविपरीत हुँदा फैसला त्रुटिपूर्ण छ। अभियोग दाबीबाट उन्मुक्ति पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी वेदबहादुर मगरको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

पुनरावेदन अदालत पाटनको आदेशः यसमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) को सजाय दाबी भएको प्रस्तुत मुद्दामा उक्त ऐनको दफा १५(१) को (ङ) (१) को सजाय, प्रतिवादीलाई सुरूले गरेको देखिन आयो। जाहेरवालीको प्रमाणित बयानमा आफूलाई कब्जामा लिनेले रू.८०,०००।- मा किनेको छु सो पैसा ले भनी आफ्नो दाजुलाई भनेको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। त्यसतर्फ ध्यान नदिई सुरूले गरेको फैसला फरक पर्न सक्ने भएकाले प्रस्तुत मुद्दामा दुवै थरीको पुनरावेदन परेकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. को प्रयोजनार्थ एक पक्षको पुनरावेदन नक्कल अर्का पक्षलाई दिई पेस गर्नु भन्ने बेहोराको मिति २०६९।०२।०२ मा पुनरावेदन अदालत पाटनबाट भएको आदेश।

पुनरावेदन अदालत पाटनको फैसलाः प्रतिवादीहरूले जाहेरवाला एवं पीडित बालाजु (घ) लाई विदेश भारतमा बेच्नको लागि लगी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ) (१) अन्तर्गतको कसुर गरेको देखिन आयो। तसर्थ सुरू जिल्ला अदालतले निज प्रतिवादीहरूले पीडित जाहेरवालीलाई विदेशमा बिक्री गर्नको लागि लगेको स्वरूप प्रकृति एवं परिस्थिति र प्रतिवादीहरूको कसुरको मात्राको आधारमा प्रतिवादीहरू वेदबहादुर मगर र समिर भन्ने वीरे तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ) (१) अनुसार जनही १०(दश) वर्ष कैद र रू.६०,०००।– जरिवाना गर्ने र पीडित जाहेरवालीले प्रतिवादीहरूबाट रू.८०,०००।– क्षतिपूर्ति भराई पाउने र दफा १५(१) (क) बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्नेसम्म वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहराई गरेको इन्साफ मिलेकै देखियो। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर र अभियोग माग दाबीबमोजिम प्रत्यर्थी प्रतिवादीहरूलाई हदैसम्म सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, यसमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।०१।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०३।२६ मा भएको फैसला।

प्रतिवादीहरू समिर भन्ने वीरे तामाङ र वेदबहादुर मगरले यस अदालतमा दायर गरेको पुनरावेदन पत्रः जाहेरी र निजको सुरूको कथन बेहोराबाहेक आरोप प्रमाणित हुने अन्य कुनै निर्विवाद तथ्ययुक्त प्रमाण वादीबाट पेस हुन सकेको छैन। म पुनरावेदकसमेतका प्रतिवादीहरूका अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान र अदालतसमक्षको बयानमा कसुरमा इन्कार रहेको तथ्य निर्विवाद छ। सो इन्कारी बयान बेहोरा म प्रतिवादीको तर्फबाट प्रस्तुत हुनुभएका मेरा साक्षीको बकपत्रले प्रमाणित भएको छ। जाहेरवालालाई अदालतमा आई बकपत्र गर्न निमित्त पटकपटक म्याद जारी हुँदा उक्त म्याद रीतपूर्वक तामेल हुँदासमेत अदालतमा उपस्थित नभई आफ्नो तथाकथितको जाहेरी बयानलाई पुष्टि गर्न नसक्नु भएको अवस्थामा समेत एकपक्षीय रूपमा शंकारहित, निर्विवाद प्रमाणको अभावमा विपक्षीको माग दाबीअनुसार सजाय हुने गरी भएको सुरूको फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसला बदरभागी छ। बुझिएका रमा पाण्डे र रमिला खत्रीले जाहेरवालाले भनेको भनी प्रहरीमा कागजसम्म गरेका छन्। तर निजहरू प्रत्यक्षदर्शी होइन। तसर्थ, बनावटी जाहेरी र प्रमाणित बयानलाई आधार लिई मलाई कसुरदार ठहर्‍याउने सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर भागी छ भन्नेसमेत बेहोराको यस अदालतमा प्रतिवादीहरू समिर भन्ने वीरे तामाङ र वेदबहादुर मगरको एकै मिलानको छुट्टाछुट्टै पुनरावेदन पत्र।

यस अदालतको आदेशः यसमा पीडित भनिएकी जाहेरवालीले आफूलाई बेचबिखन गरिएको होइन, नभएको बेहोरा खुलाई जाहेरी दरखास्तलगायतका कागजातमा सहीछाप गराई प्रतिवादीहरूलाई फसाउन खोजिएको हुँदा जाहेरी दरखास्त फिर्ता पाउँ भनी निजले अदालतमा निवेदन दर्ता गराएको देखियो। सो निवेदन सनाखत गराउनेलगायतको कार्य र सोसमेतको मूल्याङ्कन गरी फैसला गर्नुपर्नेमा सोतर्फ केही नबोली प्रतिवादीहरूलाई दोषी ठहर गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।३।२६ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. बमोजिम महान्यायधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७३।८।१३ मा भएको आदेश।

ठहर खण्ड

नियमबमोजिम निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी समिर भन्ने वीरे तामाङको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री राघवलाल वैद्य र विद्वान् अधिवक्ताहरू श्री ताराबहादुर सिटौला, श्री रामप्रसाद ढुङ्गेल, श्री दिनेशप्रसाद शर्मा तथा पुनरावेदक प्रतिवादी वेदबहादुर मगरको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री कुमारप्रसाद आचार्यले "पीडितले उजुरी दिएपश्चात् तत्काल बयान प्रमाणित गराइए तापनि निज पीडित जाहेरवाली अदालतमा आई आफ्नो जाहेरी दरखास्त र प्रमाणित बयानलाई पुष्टि गराउन सकेको अवस्था छैन। यसरी निज पीडित अदालतमा आई बयान गर्न असमर्थ रहेको तथा अन्य प्रमाणबाट दाबी पुष्टि नभएको अवस्थामा केवल प्रमाणित बयानको आधारमा मात्र कसुरदार कायम गरिनु न्यायोचित हुदैँन। प्रतिवादीहरू अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दा कसुरमा पूर्ण रूपमा इन्कार रहेको अवस्था छ। यस्तो अवस्था हुँदा हुँदै प्रतिवादीहरूलाई कसुरदार ठहर्‌याउने सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‌याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ हुनुपर्छ" भनी गर्नुभएको बहस सुनियो।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री लोकबहादुर कटुवालले "यस्तो कसुरका पीडितलाई दबाब, प्रभाव र अन्य कारणले गर्दा अदालतमा बकपत्रको लागि उपस्थित हुन नसक्ने अवस्था सृजना हुने प्रवल सम्भावना हुने हुँदा उजुरीको क्रममा पीडितको बयान तत्काल अदालतमा लगी प्रमाणित गरेको बयान प्रमाणमा लिन सक्ने कानूनी व्यवस्था रहेको छ। यी प्रतिवादीहरूले जाहेरवालीलाई भारतमा लगी बिक्री गरेको कुरा जाहेरी दरखास्त र पीडितको प्रमाणित बयानसमेतबाट पुष्टि भएको हुँदा केवल पीडित अदालतमा उपस्थित नभएको कारणबाट कसुरबाट उन्मुक्ति पाउनु पर्ने होइन। सुरू जिल्ला अदालतबाट प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ) (१) अनुसार जनही १०(दश) वर्ष कैद र रू.६०,०००।- जरिवाना गर्ने र पीडित जाहेरवालीले प्रतिवादीहरूबाट रू.८०,०००।- क्षतिपूर्ति भराई पाउने गरी भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला सदर हुनुपर्छ" भनी गर्नुभएको बहस सुनियो।

प्रस्तुत मुद्दा वेदबहादुरसमेतले काठमाडौंबाट बुटवल सुनौली हुँदै भारतको पुनामा लगी बिक्री गरेकोमा भाग्न सफल भई जाहेरी दिएकी छु, प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसारमा कारबाही गरिपाउँ भन्ने जाहेरी दरखास्त तथा सोही बेहोराको निज जाहेरवाली तथा पीडित परिवर्तित नाम बालाजु (घ) को प्रमाणित बयान बेहोराबाट मुद्दाको उठान भएको देखिन्छ। प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को (१)(क)(ख) र उपदफा (२)(क)(ख) बमोजिमको कसुर गरेको हुँदा ऐ. ऐनको दफा १५(१)(क) बमोजिम प्रतिवादीहरूलाई सजाय गरी ऐ. को दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भन्ने बेहोराको अभियोग दाबी रहेको देखिन्छ। सो सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ) (१) अन्तर्गतको कसुर गरेको देखिँदा निजहरूलाई ऐ. ऐनको दफा १५(१) को (ङ) (१) अनुसार जनही १० वर्ष कैद र रू.६०,०००।- जरिवाना हुने र साथै पीडित एवं जाहेरवालीले प्रतिवादीहरूबाट रू.८०,०००।- क्षतिपूर्ति भराई पाउने ठहर्छ भनी फैसला भएको देखियो। पुनरावेदन अदालत पाटनबाट फैसला हुँदा सोही फैसला सदर हुने गरी फैसला भएको देखियो। यसरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर चित्त नबुझी दुवै प्रतिवादीहरूको पुनरावेदन पर्न आएको देखियो।

उपर्युक्तबमोजिमको तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निर्णयको रोहमा हेर्दा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो।

१. मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडितको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा सो प्रमाणित बयानलाई कसुरदार कायम गर्ने प्रयोजनार्थ निर्णायक प्रमाणको रूपमा अदालतले ग्रहण गर्न मिल्ने हो वा होइन ?

२. पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ वा छैन ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ मा बयान प्रमाणित गराउनेसम्बन्धी कानूनी व्यवस्था हेरिनु पर्ने हुन्छ।

(१) ...उजुर पीडित आफैँले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ।

(३) ...बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ।

३. मानव बेचबिखन तथा ओसारपसारको कसुरमा पीडित नै कसुरको प्रमुख साक्षीको रूपमा रहेका हुन्छन्। उजुर गर्ने पीडितलाई अभियुक्त तथा बाह्य पक्षबाट विभिन्न दबाब, प्रभाव, सुरक्षालगायतका अन्य कारणहरूले गर्दा अदालतमा बकपत्रको लागि उपस्थित गराउन नसकिने प्रवल सम्भावना हुने कुरालाई मध्यनजर गरी त्यस्तो घटनाको सम्बन्धमा पीडितको अधिकारप्राप्त अधिकारीसमक्ष बयान भएपछि पीडितलाई तत्काल अदालतमा लगी त्यस्तो बयान प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ। यसरी प्रमाणित गरेको बयानलाई मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयानलाई अदालतले प्रमाणमा लिन सक्नेछ भन्ने उक्त कानूनी व्यवस्थाको विधायिकी मनसाय रहेको देखिन्छ। सो व्यवस्थालाई नियालेर हेर्दा, पीडितको प्रमाणित बयानलाई प्रमाणको रूपमा ग्रहण गर्नु पर्ने बाध्यात्मक प्रावधान नभई सो प्रमाणित बयानलाई अन्य प्रमाणहरूले समर्थन गरेमा महत्त्वपूर्ण प्रमाणको रूपमा लिन सकिने उक्त व्यवस्थाको उद्देश्य रहेको देखिन्छ। सोही सन्दर्भमा, यस अदालतबाट ने.का.प २०६६, निर्णय नं. ८०७३, अंक २, नेपाल सरकार वि. रवीन्द्र सिलवाल भएको जिउ मास्ने बेच्ने मुद्दामा "अदालतद्वारा प्रमाणित पीडित भनिएको व्यक्तिको कथन पुष्टि हुने अन्य समर्थित प्रमाण (corroborative evidence) मिसिलमा मौजुद रहेको अवस्थामा पीडित व्यक्ति अदालतमा बकपत्रको प्रयोजनार्थ उपस्थित नभए पनि सो भनाइलाई आधार मान्नुपर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसबाट सो प्रमाणित बयान आफैँमा एक महत्त्वपूर्ण प्रमाणको रूपमा रहे तापनि सो बयान अन्य प्रमाणबाट समर्थित हुनु पर्ने अनिवार्यता देखिन्छ। तसर्थ, पीडितको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा सो प्रमाणित बयानलाई कसुरदार कायम गर्ने प्रयोजनार्थ महत्त्वपूर्ण प्रमाण भए तापनि त्यसलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न मिल्ने देखिँदैन।

४. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा, प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा, सुरू अदालत तथा पुनरावेदन अदालतले प्रतिवादीहरूलाई कसुरदार ठहर गरी फैसला गर्दा पीडितको किटानी जाहेरी दरखास्त र मौकाको प्रमाणित बयानलाई मूल आधार बनाएको देखियो। बुझिएका माया पाण्डे र रमिला खत्रीले मौकामा कागज गर्दा तथा अदालतमा बकपत्र गर्दा, निजहरूले घटनाको बारेमा पीडितले बताएअनुसार सुनी थाहा पाएको भनी बेहोरा उल्लेख गरेको देखिन्छ। यसबाट निजहरू घटनाका प्रत्यक्षदर्शी नभई सुनेको आधारमा अदालतमा आई बकपत्र गरेको देखियो। सुनिजान्ने प्रमाण (hearsay evidence) लाई सामान्यतया गाह्य प्रमाणको रूपमा नलिइने भनी प्रमाण कानूनको सर्वमान्य सिद्धान्त रहेको छ। यसरी प्रत्यक्ष प्रमाणको अभावमा केबल सुनिजान्ने प्रमाणको आधारमा मात्र कसुरदार कायम गरिनु उचित देखिँदैन। सो सिद्धान्तलाई यस अदालतले ने.का.प २०६३, निर्णय नं. ७७६८, अङ्क ९, नेपाल सरकार विरूद्ध कलावती सुवेदीसमेतको मुद्दामा समेत आत्मसात् गरेको पाइन्छ। तसर्थ, जाहेरवाली जाहेरी बेहोराबमोजिम विदेशमा बेचबिखनमा परेको र सो आपराधिक कार्यमा प्रतिवादीहरूको संलग्नता रहेको भन्ने प्रमाणित गर्ने समर्थित प्रमाण पर्याप्त नरहेको प्रस्ट देखिन्छ।

५. अर्कोतर्फ, प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरेको देखियो। सोही बयान बेहोरालाई समर्थन हुने गरी प्रतिवादीहरूका साक्षी भक्तबहादुर लामासमेतले सुरू अदालतमा बकपत्र गरेको देखियो। पीडित जाहेरवालीलाई सुरू अदालतको आदेशबमोजिम अदालतमा आई बकपत्र गर्नका निम्ति म्याद जारी भई रीतपूर्वक घरदैलोमा तामेल हुँदासमेत अदालतमा उपस्थित भई जाहेरी बयानलाई पुष्टि गर्न सकेको देखिँदैन। यसरी प्रस्तुत मुद्दामा कारबाहीको सिलसिलामा पीडित बकपत्रको लागि अदालतमा उपस्थित नभएको अवस्था तथा पीडितको प्रमाणित बयान मिसिल संलग्न अन्य निर्विवाद प्रमाणहरूबाट पर्याप्त समर्थित हुन नसकेको अवस्थामा सोही प्रमाणित बयानलाई मात्र निर्णायक प्रमाण मानी कसुरदार ठहर्‌याउनु न्याय र कानूनको रोहमा मनासिब देखिन आएन।

६. तसर्थ, उल्लिखित आधार, कारण र प्रमाणसमेतबाट पीडितको जाहेरी बेहोरा तथा प्रमाणित बयानलाई समर्थन गर्ने अन्य प्रमाण मिसिलबाट नदेखिएको, प्रतिवादीहरूको इन्कारी बयान तथा सोलाई समर्थन गर्ने गरी निजका साक्षीहरूले अदालतमा गरेको बकपत्रबाट यी प्रतिवादीहरूलाई कसुरदार मान्न मिल्ने देखिन आएन । यस अवस्थामा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ) (१) अनुसार जनही १० (दश) वर्ष कैद र रू.६०,०००।– (साठी हजार रूपैयाँ) जरिवाना हुने, साथै पीडित एवं जाहेरवालीले प्रतिवादीहरूबाट रू.८०,०००।– (असी हजार रूपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहराई काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।०१।२७ मा भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०३।२६ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादीहरू वेदबहादुर मगर र समिर भन्ने वीरे तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत पाटनबाट भएको फैसला उल्टी भई प्रतिवादी वेदबहादुर मगर र समिर भन्ने वीरे तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोले निजहरूलाई थुनामुक्त गर्न यस अदालतबाट संक्षिप्त आदेश भइसकेको हुँदा थप केही गरिरहन परेन ---------- १

प्रस्तुत मुद्दाका प्रतिवादीहरूलाई सुरू काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालत पाटनको फैसलाबमोजिम लागेको जनही १० (दश) वर्ष कैद र रू.६०,०००।- (साठी हजार रूपैयाँ) जरिवाना हुने, साथै पीडितले प्रतिवादीहरूबाट रू.८०,०००।– (असी हजार रूपैयाँ) क्षतिपूर्ति भराई पाउने गरी कसिएको लगत कट्टा गरिदिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू ----------२

फैसलाको प्रतिलिपि साथै राखी महान्यायाधिवक्ताको कार्यालयलाई फैसलाको जानकारी दिनू ----------३

मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ----------४

उक्त रायमा सहमत छु ।

न्या. तेजबहादुर के.सी.

इजलास अधिकृतः दीपिका थापा मगर

इति संवत् २०७५ साल पौष २३ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

फैसला मिति : २०७५।५।२७
निर्णय नं. १००९०
भाग: ६० साल: २०७५ महिना: पौस अंक: ९
फैसला मिति :२०७५/०५/२७ २१४१

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७२-CR-०३९९

पुनरावेदक / वादी : बाबुराम परियारको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : गोरखा जिल्ला भुम्लीचोक गा.वि.स. वडा नं.७ बस्ने मिठे भन्ने ठगबहादुर सुनार

फैसला

न्या. दीपककुमार कार्की : पुनरावेदन अदालत पोखराको मिति २०७१।९।२१ को फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम वादी नेपाल सरकारका तर्फबाट पुनरावेदन दायर हुन आएको छ । प्रस्तुत फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ । मुद्दाको तथ्य पुनरावेदन अदालत पोखराबाट भएको मिति २०७१।९।२१ को फैसलाबाट देखिने हुँदा यहाँ सो फैसलाको पुनरावृत्ति गरिएको छैन ।

वादी नेपाल सरकारको पुनरावेदन जिकिर

नाम परिवर्तित वर्ष १५ की 'ख' कुमारीलाई प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले ललाई फकाई प्रलोभनमा पारी अभिभावकलाई थाहा नदिई घरबाट चितवन लगेकोले कारबाही गरिपाउँ भन्ने बाबुराम परियारको जाहेरी परेको छ । निज जाहेरवालाले अदालतमा बकपत्र गर्दा मौकाको जाहेरीमा लेखिएको बेहोरा ठीक हो भनी लेखाएबाट उक्त बेहोरा समर्थित भएको छ । प्रतिवादीले मलाई लुगा किनिदिन्छु भनी ललाईफकाई बागलुङ घुम्न जाउँ भनी नारायणगढ लगेको भनी पीडितले बयान गरी उक्त बयान अदालतबाट समेत प्रमाणित भएको देखिन्छ । प्रतिवादी मिठे भन्ने ठगबहादुर परियारले मौकामा बयान गर्दा आफूले पीडितलाई ललाई फकाई प्रलोभन देखाई धादिङ हुँदै चितवन लगेको कुरा लेखाएको छ । प्रतिवादीले अदालतको बयानमा लेखाएझैं विवाह गर्ने उद्देश्यले लगेको भए अभिभावकको मन्जुरी लिई लैजानुपर्नेमा अभिभावकको मन्जुरी बेगर नाबालिगलाई ललाई फकाई लगेको देखिएको र पीडितको बयानबाट विवाह गर्न भनी लगेको नभई घुम्न जाने बहानामा लगेको भन्ने देखिँदा प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन्छ । प्रतिवादीको विवाह भइसकेको र श्रीमतीसमेत रहेको भन्ने निजको बयानबाट खुलेको हुँदा प्रतिवादीले यी पीडितलाई विवाह गर्ने उद्देश्यले लगेको भन्ने भनाइ पनि विश्वासयोग्य देखिँदैन । त्यसरी नेपालको एक ठाउँबाट अर्को ठाउँमा लगेको कसुर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) अन्तर्गत पर्ने र उक्त कसुर गर्नेलाई सोही ऐनको दफा १५(२)(ङ)(२) बमोजिम सजाय हुनेमा सोअनुसार नगरेको फैसला सो हदसम्म त्रुटिपूर्ण छ ।

प्रतिवादीले पीडितलाई नेपालको एक ठाउँबाट अर्को ठाउँमा लगेको भन्ने कुरा दुवै तहका फैसलामा स्वीकार गरिएको छ । प्रतिवादीले आफू कसुर अपराधबाट बच्ने उद्देश्यले विवाह गर्न भनी लगेको भने पनि जाहेरी, पीडितको बयान र प्रतिवादीको मौकाको बयानबाट विवाह गर्न लगेको कुरा नदेखिने र घुम्न जाने बहानामा प्रतिवादीले बागलुङ भनी झुक्याई अन्यत्र लगेको भन्ने देखिन्छ । अदालतबाट प्रमाणित भएको पीडितको बयानलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) बमोजिम प्रमाणमा लिन सकिने कुरालाई फैसलामा इन्कार नगरिएको र प्रतिवादीले ऐनको दफा ९ बमोजिम निर्दोषिताको विश्वासयोग्य प्रमाण पुर्‍याउन नसकेको स्थितिमा मिसिल संलग्न प्रमाणसमेतबाट प्रतिवादीले अभियोग माग दाबीबमोजिमको कसुर गरको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीलाई अभियोग माग दाबीभन्दा फरक कसुर ठहर गरी कम सजाय गरेको हदसम्मको पुनरावेदन अदालत, पोखराको त्रुटिपूर्ण फैसला बदर गरी प्रतिवादीलाई सुरू अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको पुनरावेदन पत्र ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट

उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश कोइरालाले पीडित परिवर्तित नाम "ख" कुमारीलाई प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले ललाई फकाई प्रलोभनमा पारी अभिभावकको मन्जुरी नलिई, बागलुङ जाने भनी नारायणगढ लिई गएको अवस्था छ । जाहेरीलाई समर्थन हुने गरी पीडितको मौकाको बयान प्रमाणित छ, प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनार मौका र अदालतमा आरोपित कसुरमा साबित छन् । विवाह भइसकेको र श्रीमतीसमेत रहेको निज प्रतिवादीले पीडितलाई विवाह गर्ने उद्देश्यले लगेको भए अभिभावकको मन्जुरी लिएको हुनुपर्नेमा सोसमेत नगरेका आधारमा पुनरावेदन अदालत पोखराबाट प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारलाई अभियोग दाबी भन्दा फरक कसुर ठहर गरी कम सजाय गरेको फैसला सो हदसम्म नमिलेकोले प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गर्ने प्रयोजनका निम्ति प्रत्यर्थी झिकाउने आदेश गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले पीडित परिवर्तित नाम ख कुमारीलाई ललाई फकाई निजको घरबाट बागलुङ घुम्न जाने भनी नारायणगढ लगेकोले प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को देहाय ४(२)(ख) विपरीत भएकोले प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारलाई ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीमा सुरू गोरखा जिल्ला अदालतबाट प्रतिवादीलाई मानव बेचबिखन गर्ने उद्योग गरेको भनी पाँच वर्ष कैद हुने ठहर गरी फैसला भएको देखियो । सुरू अदालतको उक्त फैसलाउपर चित्त नबुझी निज प्रतिवादीको पुनरावेदन अदालत पोखरामा परेको पुनरावेदनमा उक्त अदालतबाट सुरू अदालतको फैसला केही उल्टी भई प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को देहाय ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(च) बमोजिम शोषण गर्ने उद्देश्यले लगेको ठहर गरी प्रतिवादीलाई २ वर्ष कैद सजाय गर्ने गरी फैसला भएको देखियो । पुनरावेदन अदालत पोखराको उक्त फैसलाउपर वादी नेपाल सरकारको चित्त नबुझी प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

मिसिल अध्ययन तथा उपरोक्तानुसारको बहस जिकिरका आधारमा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पोखराबाट भएको फैसला मिले, नमिलेको के छ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०७०।५।३ गते पीडित परिवर्तित नाम ख कुमारीलाई प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले नयाँ लुगा किनिदिने, बागलुङ घुम्न जाने भनी ललाई फकाई प्रलोभनमा पारी अभिभावकलाई थाहा नदिई नारायणगढ, चितवन लगेकोले प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको पीडितका बाबु बाबुराम परियारको किटानी जाहेरीबाट प्रस्तुत मुद्दाको कारबाही उठेको देखिन्छ । मिसिल संलग्न पीडित ख कुमारीको मौकाको प्रमाणित बयान हेर्दा प्रतिवादीले पीडितलाई, लुगा किनिदिने, बागलुङ घुम्न लैजाने भनी ललाई फकाई बस चढाई घरबाट चितवनस्थित प्रतिवादीको बहिनीको घरमा लगेको र त्यहाँ प्रतिवादीको बहिनीले किन यति सानो नानीलाई साथमा लिई हिँडेको भनेर गाली गरेपछि सोको भोलिपल्ट पीडितको काकाको घरमा लिई छाडेको भनी (स.ज ६) लेखाई दिएको देखिन्छ । प्रतिवादीले मौकामा कागज गर्दा पीडितलाई विवाह गर्ने उद्देश्यले घुम्न जाउँ भनी आफ्नो साथमा लिई गएको भनी लेखाई दिएका छन् भने निजले अदालतमा बयान गर्दा पनि आफूले पीडितलाई विवाह गर्न लगेको, केटीको राजीखुसीले बिहे गर्न लगेको (स.ज ६) भनी पीडितलाई चितवनसम्म पुर्‍याएकोमा साबिती बयान गरेको देखिन्छ । जाहेरवाला, पीडित एवं स्वयं प्रतिवादीको भनाइसमेतबाट प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले अभिभावकको मन्जुरी विना नै पीडितलाई नयाँ लुगा किनिदिने, बागलुङ घुम्न जाने भनी ललाई फकाई चितवन लगेकोमा विवाद देखिएन ।

३. यस अवस्थामा प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखियो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई, फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लाने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाको रोहबाट विचार गर्दा, जाहेरवाला, पीडित एवं स्वयं प्रतिवादीको भनाइ एवं पीडित फेला परेको स्थानसमेतलाई विचार गर्दा प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले पीडित ख कुमारीका अभिभावकको मन्जुरी विना नै घरबाट निजलाई नयाँ लुगा किनिदिने भनी ललाई फकाई गरी बागलुङ घुम्न जाने भनी बसमा चढाई घरबाट चितवनसम्म पुर्‍याएको देखियो ।

४. यसरी मानव ओसारपसार कार्यमा संलग्न रहेको देखिने निज प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरमा ऐ. ऐनको दफा १५(१)(ङ)(२) "किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एकलाखसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र

वर्षसम्म कैद र एकलाख जरिवाना हुने" भन्ने कानूनी व्यवस्था आकर्षित हुनुपर्नेमा अभियोग दाबीभन्दा फरक कसुर ठहर गरी कम सजाय गरेको पुनरावेदन अदालत पोखराको फैसला नमिलेकोले सो हदसम्मको फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादीले पीडितलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन निजलाई अपहरण गरी, बेहोस पारी, नाजुक स्थितिको फाइदा उठाई लगेको भन्ने अवस्था देखिँदैन। साथै निज प्रतिवादीले घरबाट लिई गएपछि आफूसँग शारीरिक सम्पर्क तथा यौन दुर्व्यवहार नगरेको कुरा (स.ज ८) अदालतबाट प्रमाणित पीडितको मौकाको बयानमा उल्लेख भएबाट पीडितलाई प्रतिवादीले किन्न, बेच्न वा वेश्यावृत्तिमा नै लगाउने उद्देश्यका लागि लगेको भन्ने तथ्य स्थापित हुन सकेको देखिँदैन र सोको वस्तुनिष्ठ प्रमाण पुर्‍याउने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोजन पक्षले पूरा गर्न सकेको स्थितिसमेत छैन। यद्यपि पीडितलाई घरबाट लगी चितवनसम्म पुर्‍याउने कार्य गरेकोमा विवाद नदेखिने र पीडितलाई चितवनसम्म पुर्‍याउनुपर्ने कारण के थियो भनी प्रतिवादीले स्पष्ट भन्न नसकेको स्थितिसमेतबाट पीडितलाई ओसारपसार गर्नेसम्मको कार्यमा प्रतिवादीको संलग्नता रहेको भन्ने देखिन्छ। अपराधशास्त्रमा अभियुक्तउपर लिइएको अभियोग दाबीबमोजिमको कसुर आधार, प्रमाणबाट पुष्टि भएमा मात्र कसुरको मात्रा, कसुरमा अभियुक्तको संलग्नतालगायतका समग्र पक्षहरूको विश्लेषणपश्चात् अभियुक्तलाई सो कसुर गरेउपर मौजुद रहे भएको कानूनी व्यवस्थाबमोजिम मात्र सजाय गर्नुपर्ने मान्यता स्थापित छ जुन कानूनी शासनको मकसदसमेत हो। कुनै पनि अभियुक्तउपरको कसुर स्थापित भइसकेपश्चात् सो कसुर गरेउपर रहेको कानूनी व्यवस्थाबमोजिम सजाय नगरी आफू खुसी सजाय निर्धारण गर्नु मान्य न्यायका सिद्धान्त विपरीतसमेत हुन जान्छ। यस स्थितिमा प्रतिवादीको कसुर कार्यमा रहेको संलग्नतालाई विचार गरी ऐ. ऐनको दफा १५(१)(च) मा भएको "शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड ख बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद" सजाय हुने भन्ने कानूनी व्यवस्था नै आकर्षित हुने देखियो। प्रतिवादीले पीडितलाई नेपालकै एक ठाउँबाट अर्को ठाउँ चितवनसम्म लगेकोमा प्रतिवादी स्वयंको स्वीकारोक्ति देखिएको अवस्था एवं बिहे भइसकेका र घरमा श्रीमतीसमेत रहेको बताउने निज प्रतिवादीले परिवर्तित नाम पीडित ख कुमारीलाई निजको अभिभावकको मञ्जुरी विना नै नेपाल सरहदको एक ठाउँबाट अर्को ठाउँ (चितवन) सम्म पुर्‍याएको देखिएको र पीडित चितवनमा रहेका निजका काकाको घरबाट फेला परेको देखिएको अवस्थामा पीडितलाई बिहे गर्ने उद्देश्यले नै चितवन लगेको भन्ने प्रतिवादीको जिकिर प्रतितलायक देखिएन। यस अवस्थामा आधार, कारण एवं विद्यमान कानूनी व्यवस्थासमेतको व्याख्या विश्लेषणबाट पीडितलाई प्रतिवादीले शोषण गर्ने उद्देश्यले लगेको ठहर गरी प्रतिवादीलाई दुई वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला अन्यथा नदेखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोराको विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

५. अतः उपर्युक्त तथ्य एवं घटनाक्रम रहेको प्रस्तुत वारदातमा उल्लिखित विवेचित आधार, प्रमाण तथा कारणबाट जाहेरी दरखास्त र सोलाई समर्थन गर्ने पीडितको बकपत्र, प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले पीडितलाई चितवनसम्म लैजान निजका अभिभावकको सहमति लिएको भन्ने पुष्टि हुन नसकेको र पीडित घरबाट चितवनसम्म पुगी निजका काकाको घरबाट फर्की आएको तथ्यमा विवाद नरहेको एवं पीडितलाई घरबाट लगी चितवन पुर्‍याएकोमा प्रतिवादीको अनुसन्धान र अदालतसमक्षको साबिती बयानलगायतका आधार, प्रमाणबाट प्रतिवादी मिठे भन्ने ठगबहादुर सुनारले शोषण गर्ने नै उद्देश्यले निज पीडितलाई चितवनसम्म ओसारपसार गरेको भन्ने अवस्था देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम दुई वर्ष कैद सजाय हुने ठहर गरी भएको पुनरावेदन अदालत पोखराको मिति २०७१।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुन्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या. टंकबहादुर मोक्तान

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भाद्र २७ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७५।३।२१
निर्णय नं. १००५२
भाग: ६० साल: २०७५ महिना: कार्तिक अंक: ७
फैसला मिति :२०७५/०३/२१ ३६२८

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०६९-CR-०३०५

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला सुन्दरादेवी गा.वि.स. वडा नं.५ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका दीपक भन्ने दीपेन्द्र पाठक

विरूद्ध

प्रत्यर्थी / वादी : मुना तामाङसमेतको जाहेरीले नेपाल सरकार

०६९-CR-०४८३

पुनरावेदक / वादी : मुना तामाङसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : नुवाकोट जिल्ला कालुका गा.वि.स. वडा नं.७ घर भई काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं.८ डेरा गरी बस्ने दीपक नेपालीसमेत

फैसला

न्या. सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई प्रतिवादी दीपेन्द्र पाठक र वादी नेपाल सरकारको तर्फबाट समेत गरी दोहोरो पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त टिपोट र ठहर यसप्रकार छः-

तथ्य खण्ड

जाहेरवालीहरू मध्ये म भीम कुमारीको सामाखुशीमा रहेको चिया होटलमा राजेश चिया खान आउँथे । एक दिन राजेशले भारतमा गएर जडिबुटीको व्यापार गरौं भनेर फकाउन थालेपछि मैले मेरो साथी मुनालाई बताएपछि निजले जान्न भनिन् । राजेशले मुनालाई भेटेर फकाएर गोपाल र कृष्णलाई लिएर आए । यी तीनै जना प्रतिवादीहरूले जडिबुटी बेच्न भारत जाने हो ३ दिनमा त घरमा फर्कन भ्याइन्छ, ३ दिनको ३०,०००।– दिन्छौं बाटोमा राम्रो ग्राहक भेटेमा ४०,०००।– नै दिन्छौं भनेपछि र दुवै जना जान तयार भई मिति २०६४।४।२ मा मुना, उसको १ छोरा, १ छोरी, भीमकुमारी, उनको छोरा, गोपाल, राजेश, कृष्ण भई माछा पोखरी छेउको गेस्ट हाउसमा गएर बस्यौं । धने, दीपक, कुमार, दीपेन्द्र, राजु र २ जना महिलाहरू पहिलादेखि नै गेस्ट हाउसमा बसेका रहेछन् । ऐ. ४ गतेका दिन साँझ हामी ४ जना महिलाहरूलाई १/१ पोका जडिबुटी हो भनेर बोक्न लगाइयो र लोकल बस चढी कलङ्की पुगी काँकडभिट्टा जाने बस चढी हामी ४ जना केटीहरू, हाम्रा ३ बच्चा र प्रतिवादीहरू भई भोलिपल्ट बिहान अं. ११ बजे काँकडभिट्टा पुगेर गेस्ट हाउसमा खाना खाएर दिनको ३/४ बजेतिर रिक्सा चढी बोर्डर पार गर्यौं । बाटामा कसैले सोधेमा पानी ट्याङ्की जाने भन्नु भनी सिकाए । बोर्डर पार गरी बस चढी १ घण्टाजति गएपछि नाइट बस चढी भोलिपल्ट दिनको ३ बजेतिर कोलकत्ता बसपार्क पुगी धरमताला भन्ने ठाउँमा गई बस्यौं । र आधा घण्टा हिँडाएर एउटा गेस्ट हाउसमा लगेर राखे र केही दिन बितेपछि मुनालाई धने, गोपाल, कुमार परियार भई गाडीमा राखेर २।३ घण्टासम्म लगे र नाम थाहा नभएको धनेको दिदी गंगा परियार, घरबाली र अर्को नाम थाहा नभएकी २ जना घरबालीहरू आई मसँग परिचय गराए र भोलिपल्ट मुनालाई जडिबुटीको पोको बोकाएर लैजान खोज्दा तिमीहरूले मलाई बेच्न लैजान लागेका हो की ? भन्दा गोपालले हामी तिमीहरूलाई छाडेर जान्छौ । तिमीहरूको बिचल्ली हुन्छ भनेपछि मुनालाई सबै भएर फकाएपछि म जान तयार भएँ । त्यसपछि म, मुना, गोपाल, कुमार, धने र मेरो छोरी भई गाडी चढेर हिजोको ठाउँमा गई पुगेपछि २ जना घरवालीहरू र एक जना बुढी महिलामध्ये बुढी महिलाले कति राम्री छोरी भनी बोकी अगाडि बढिन् र २ जना महिला बेपत्ता भए र प्रतिवादीहरू पनि बेपत्ता भए ती महिलाले म र मेरो छोरीलाई लिएर ट्याक्सीमा नाम थाहा नभएको ठाउँमा लगे । म बेचिएको मलाई ती २ घरवालीले किनेको थाहा पाएँ भन्नेसमेत बेहोराको मुना तामाङ र भीमकुमारी लामाले संयुक्त रूपमा पेस गरेको जाहेरी दरखास्त ।

मिति २०६४ साल श्रावण २ गते मसमेत मेरो १ छोरा, १ छोरी, भीमकुमारी लामाको १ छोरा र कृष्ण गिरी भन्ने कृष्ण नेपाली, गोपाल नेपाली, राजेश भन्ने कुमार परियार भई बालाजुको गेस्ट हाउसमा गई बस्यौं र २०६४ साल श्रावण ४ गते जडिबुटी जस्तो १।१ पोका लिई कलङ्कीसम्म लोकल गाडीमा चढी काँकडभिट्टाको बस चढी भोलिपल्ट ११ बजे पुगी रिक्सा चढी पार भएपछि बसमा चढाई कोलकत्ता पुर्‌याएर नाम थाहा नभएको गेस्ट हाउसमा राखे र हामीले किन यहाँ ल्याएको भनी सोध्दा जडिबुटी बिक्री गर्न मानिस खोज्न जान पर्‌यो भनी बाहिर जान्थे । यसै क्रममा भोलिपल्ट २ जना मानिसहरू आई परिचय गरी गए र ३ जना महिलाहरू नबोली बसे १ जना महिलाले जबरजस्ती छोरीलाई लिई भागेकीले म पनि निजसँगै कराउँदै गएँ । करिब २ घण्टा ट्याक्सीमा राखी निज महिलाले मलाई निजको घरमा लगिन् र त्यहाँ १०।१२ जना बच्चाहरू भएको ठाउँमा लगी मलाई किन यहाँ ल्याएको भनी जिद्दी गरेपछि मैले तिमीलाई एक लाखमा किनेको हो । तिमीलाई लिई आउने मानिसहरूले तिमीलाई बिक्री गरिसके भनी बताएपछि आफू बिक्री भएको भन्ने पूर्ण विश्वास भयो । र त्यहाँबाट भाग्ने योजना बनाई राति नै एउटा ट्याक्सीलाई अनुरोध गरी आफू पहिला बसेको गेस्ट हाउससम्म पुगें । त्यहाँबाट भारतीय मानिसहरूको सहयोगमा मेरो छोरी, भीमकुमारी लामा र निजको छोरालाई साथमा लिई भाग्न सफल भयौं भन्नेसमेत बेहोराको पीडित मुना थापा (तामाङ) ले अनुसन्धान अधिकृतसमक्ष दिएको बयान ।

निज पीडित मुना थापा (तामाङ) को बयानमा मेल खाने गरी अर्की पीडित भीमकुमारी लामाले अनुसन्धान अधिकृतसमक्ष दिएको बयान ।

मानव बेचबिखन तथा ओसार पसार मुद्दाका प्रतिवादीहरू डल्ले भन्ने कुमार नेपाली, गोपाल नेपाली, दीपक नेपाली, कुमार नेपालीलाई पक्राउ गरी यसै प्रतिवेदनसाथ दाखिला गरेका छौं भन्नेसमेत बेहोराको प्र.ना.नि. अमृतबहादुर श्रेष्ठसमेतको प्रतिवेदन ।

मिति २०६४।४।३ गते कृष्ण गिरी भन्ने कृष्ण नेपालीले बालाजुमा आउनु भनी बोलाए र बालाजु स्थित नाम थाहा नभएको गेस्ट हाउसमा आउँदा मुना तामाङ, भीमकुमारी तामाङ लामा, मुना तामाङको १ छोरा र १ छोरी, भीमकुमारीका १ छोरा, जाहेरीमा उल्लिखित प्रतिवादीहरू जम्मा भई परिचय गरी दीपक भन्ने दीपेन्द्र पाठकसमेतले प्लास्टिकमा पोको पारी जडिबुटी जस्तो बनाई ल्याएको पोकाहरू जाहेरवालीहरूलाई दिई भोलिपल्ट जाने भन्ने सल्लाह गरी ऐ.४ गते बिहान उक्त गेस्ट हाउसबाट जाहेरवालीहरू, निजकै बच्चाहरू र हामीहरू समेत १० जना भई बस चढी कलङ्कीसम्म गयौं । कलङ्कीबाट दिउँसो ३।४ बजेतिर काँकडभित्ता जाने रात्री बस चढी भोलिपल्ट मिति २०६४।४।५ गते अ.१०।११ बजे काँकडभित्ता पुग्यौं र नाम थाहा नभएको होटलमा खाना खायौं । त्यसपछि दिनको ३।४ बजेतिर रिक्सा चढी पानी ट्यांकी गयौं । त्यहाँबाट नाइट बसमा चढी कोलकत्ता पुगी एउटा गेस्ट हाउसमा कोठा लिई जाहेरवालीहरूलाई त्यहीँ राख्यौं । हामीसँगै गएका धने भन्ने धनबहादुर परियार, डल्ले भन्ने कुमार परियारसमेत ग्राहक खोज्न भनी गएका थिए । सो समयमा जाहेरवालीहरूले यहाँ किन ल्याएको भनी कराउन थालेकोमा हामीले धेरै सम्झाए पछि शान्त भई बसे । मुना तामाङ र भीमकुमारी लामालाई हेरी गए । निजहरूले मुनालाई भेटी भोलिपल्ट ल्याउनु भनेका थिए । अन्य ३ जना महिलाहरू आई हामीहरूको सल्लाहबमोजिम मुना तामाङको छोरीलाई तीन जना महिलाहरूले लिई गए । मुना तामाङ बच्चा लिई फर्किई आई भीम कुमारी लामालाई यिनीहरू १० जनाले हामीहरूलाई बेच्न ल्याएका रहेछन् भागौं भनेकीले निजहरू त्यहाँबाट भागी काठमाडौं आई जाहेरी दिएका रहेछन् । मसमेत भई जाहेरवालीहरूलाई भारतको कोलकत्तामा पुर्‌याएपछि सोही स्थानमा रहेको सञ्चालकहरूसँग सम्पर्क गरी जाहेरवाली मुना तामाङलाई देखाउँदा मुना तामाङलाई भा.रू.६०,०००।– दिने र भीम कुमारी लामाको पछि निर्णय गर्ने भएकोमा मुना तामाङलाई कोठीमा बिक्री गरिएकोमा कोठीबाट भागी आएको र भीमकुमारी लामाको बारेमा दलालसँग कुराकानी भइरहेको अवस्थामा मुना तामाङ भागी गेस्ट हाउसमा आइसकेपछि हाम्रो योजना असफल भएको हो भन्नेसमेत बेहोराको पक्राउ परेका प्रतिवादी दीपक नेपालीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

निज प्रतिवादी दीपक नेपालीको बयानमा मेल खाने गरी पक्राउमा परेको प्रतिवादीहरू राजेश भन्ने कुमार काले दमाई, गोपाल बहादुर नेपाली, डल्ले भन्ने कुमार परियार नेपाली, कृष्ण गिरी भन्ने कृष्ण परियार र हरि नेपाली (परियार) ले अधिकारप्राप्त अधिकारीसमक्ष दिएको बयान कागज ।

मिति २०६४।२।४ गते हामीहरूलाई बालाजु स्थित गेस्ट हाउसबाट जाँदा नाम थर वतन खुल्न नआएका २ जना महिलाहरू पनि थिए । निजहरू हामीसँगै गएका हुन् । निजहरू र हामीबीच केही कुराकानी भएन निजहरू अन्य व्यक्तिगत कामको लागि पनि गएको हुन सक्छ । भारतको कोलकत्तामा हामीहरूलाई राखिएको गेस्ट हाउसमा पनि निजहरूलाई देखेको हो । हामीहरू भागी फिर्ता भएपछि निजहरूसँग पछि भेट भएन, कहाँ गए थाहा भएन भन्नेसमेत बेहोराको जाहेरवाली मुना तामाङ र भीम कुमारी लामाले मौकामा गरेको कागज ।

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा फरार रहेका राजु परियारसमेतलाई खोज तलास गर्दा फेला नपरेको भन्नेसमेत बेहोराको प्र.ना.नि. रामबहादुर कार्कीको प्रतिवेदन ।

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जाहेरीमा उल्लेख भई पक्राउ नपरी फरार रहेका प्रतिवादीहरू मध्ये राजु परियार भन्ने अशोक परियार र दीपक भन्ने दीपेन्द्र पाठकको यकिन वतन खुलाई पेस गरेको प्रतिवेदन ।

प्रतिवादीहरू दीपक नेपाली, राजेश भन्ने कुमार काले दमाई, कृष्ण गिरी भन्ने कृष्ण परियार, हरि नेपाली (परियार), गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, दीपक भन्ने दीपेन्द्र पाठक, राजु परियार भन्ने अशोक परियारसमेतले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा १ को (क) (ख) र उपदफा २ को खण्ड (क) (ख) बमोजिमको कसुर अपराध गरेकोले निजहरू उपर सोही ऐनको दफा १५ (१)(क) बमोजिम सजाय हुन र ऐ.ऐनको दफा १७ बमोजिम निज प्रतिवादीहरूबाटै पीडितहरू मुना तामाङ र भीमकुमारी लामालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको अभियोग पत्र ।

जाहेरवालीहरू चिनजानका दिदीहरू हुन् । दिदीको होटल भएकोले निजको होटलमा खाने बस्ने काम गर्दै आएका थियौं । मिति २०६५ साल श्रावणमा जाहेरवाली मुना तामाङ र भीमकुमारीले सानो सामान बोकेर भारत कलकत्ता पुर्‍याएपछि रू.३०,०००।– ७/१० दिनभित्रमा पाइन्छ भनी भनिन् निजहरूलाई अर्का हामीले नचिनेका केटाहरू फरार भएका धने, अमृत, दीपेन्द्र पाठक भन्नेले बस चढ्नु भन्दा आधा घण्टा अगाडि सानो पोकामा १०० ग्राम जति सामान सेन्टसमेत छर्केर बोक्ने भनी दिए । हामी बसपार्कबाट काँकडभित्ताको रात्रीबसमा गयौं । त्यहाँबाट कलकत्ताको रात्री बसमा कलकत्ता पुगी हामी ४ जना र ४ जना केटीहरू समेतले बोकेको सामान ती फरार भएका केटाहरूले मागे एउटा होटलमा राखी सबैजनासँगै एउटै कोठामा बसेपछि केटीहरूलाई मात्र ती तीन जनाले लान खोजे हामीले दिदीहरू समेत ४ जनालाई ती केटाहरूसँगै जान नदिएपछि ती तीनजनासँग हामीहरूको झगडा भयो । हामीले पनि कुटियो । तिनिहरूले पनि कुटेपछि ती तीनजना हामीहरूलाई छोडी होटलमा बाहिरबाट चुकूल लगाई भागेर फरार भए । होटलवालाले राति १२ बजे ८ जनालाई निकाली राति प्लेट फार्ममा लगेकाले गयौं । त्यहाँ प्रहरीले चिट बनाई सिलगुडीको रेलमा चढाई हामी काँकडभित्ता पुगी एउटा होटलमा बसियो । हामी भोकै थियौं पैसा पनि थिएन त्यही पैसा आउँछ भनी खाना खाई ढाटेर रू.१०००।– रूपियाँ होटलवालासँग मागी ४ जना केटीहरूलाई गाडी चढाई काठमाडौं पठायौं । ४ जना केटाहरू होटलमा बसियो । राति होटलबाट भागी ट्रकमा चढेर हिँडी काठमाडौं पुगेपछि त्यहाँ हामीसँग गएको सृजना परियारसँग मैले विवाह गरे । हामी सबै जना भेट्ने बस्ने गरेको थियौं । अचानक मिति २०६५।२।३ गते प्रहरीले पक्रेको हो । यी जाहेरवालीले भने अनुसार मसमेतले भारत लगी बिक्री गरेको र बिक्री गर्न खोजेको होइन । जाहेरी गलत छ र जाहेरवालीहरूको बयानसमेत गलत हो । मैले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान झुट्टा हो । प्रहरीले आफैँ लेखी सही गराएका हुन् । मउपरको दाबी झुट्टा हो । मसमेतले जाहेरवालीलाई बिक्री गर्न लागेको होइन । यी जाहेरवालीहरूले नै थोरै समयमा धेरै पैसा आउँछ भनी निजहरूले नै दिएको सामान बोकी नेपालबाट भारत गएको र दु:ख पाई यी जाहेरवालीहरू समेतलाई बचाई नेपाल ल्याएको हो । बेचेको र बेच्न लगेको भन्ने दाबी झुट्टा हो । दाबीबमोजिम सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी राजेश भन्ने कुमार काले दमाईले सुरू अदालतमा गरेको बयान ।

निज प्रतिवादी राजेश भन्ने कुमार दमाईको बयानमा मेल खाने गरी प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार समेतले अदालतमा आई गरेको बयान ।

जाहेरवालीहरूलाई चिन्दिन । यी जाहेरवालीलाई भारत लगी मैले बिक्री पनि गरेको छैन । मुना तामाङ र भीमकुमारीको जाहेरी बेहोरा झुट्टा हो । मलाई मिति २०६५ वैशाखमा नेपालटारबाट प्रहरीले पक्राउ गरेको हो । अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान झुट्टा हो । प्रहरीले सहिछाप गर भनेकोले सहिछापसम्म गरिदिएको हुँ । मउपरको अभियोग झुट्टा हो । मैले कसैलाई पनि ललाउने फकाउने काम गरी भारत लगी अलपत्र पारी बिक्री गर्ने गरेको छैन । अभियोग दाबीबमोजिम मलाई सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी कृष्ण नेपाली भन्ने कृष्ण गिरीले सुरू अदालतमा गरेको बयान ।

जाहेरवालीहरूलाई चिन्दिन । जाहेरवालीहरूसँग २०६४ साल श्रावणमा भारत गएको छैन । यी जाहेरवालीहरूलाई मसमेतले बिक्री गरेको भन्ने कुरा गलत हो । मलाई मिति २०६५ वैशाखमा नेपालटारबाट प्रहरीले प्रक्राउ गरेको हो । अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान झुट्टा हो । प्रहरीले आफैँले लेखी राखेको कागजमा डर त्रास देखाई सहिछाप गराएका हुन् । मउपरको अभियोग झुट्टा हो । जाहेरवालीहरूलाई फकाई भारत लगी बिक्री गर्ने कार्यमा मेरो संलग्नता नभएकोले मलाई सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी हरि नेपालीले सुरू अदालतमा गरेको बयान ।

म कृष्ण गिरीलाई मात्र चिन्दथेँ । उनले कलकत्ता घुम्न जाउँ केटी साथी लिएर आइज रमाइलो हुन्छ भनेकोले मैले विमला भन्ने साथीलाई लिएर काठमाडौंबाट नाइट बस चढी ६ जना भई कलकत्ताको लागि घुम्न हिंड्यौं र कलकत्ता पुग्यौं । कृष्णले बसपार्कमा बस भनेर आफू र उसको धने भन्ने व्यक्ति घुम्न गएर आए । सँगै बस्नु हुँदैन । केटीलाई अन्तै राखौं भनी केटीहरूलाई एउटा दिदीको साथमा लागेर पठाइयो । केटी बेच्ने हिसाबले ल्याएको थाहा पाएर जान्न भने । मलाई त्यतिखेर केटीहरू बेच्न ल्याएको रहेछ भन्ने थाहा भयो । म चाहिं मेरो केटी लिएर फर्केर जान्छु भने । म र मेरो साथी विमलालाई लिएर कृष्ण गिरीले रू.३,०००।– दिएपछि नेपाल फर्कियौं । त्यसपछि मेरो कोहीसँग भेटघाट भएको छैन । म जाहेरवालीहरूलाई चिन्दिन, मलाई किन मुद्दा हाले थाहा भएन । मेरो साथी विमलासँग गएर सँगै नेपाल फर्केको हो । रिसइवीले गर्दा मलाईसमेत यस्तो मुद्दामा फसाएका हुन् । मैले कुनै केटीलाई बिक्री वितरण गर्ने काम गरेको छैन । सँगै घुम्न जाउँ भनी साथीले भनेकोले सँगै गएको र साथीलाई सँगै लिएर आएको हो । यस्तो कार्यमा मेरो संलग्नता नरहेकोले प्रस्तुत मुद्दामा फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दीपेन्द्र पाठकले सुरू अदालतमा गरेको बयान ।

वादीका साक्षी जाहेरवाली पीडित २ जना र प्रतिवादी राजेश भन्ने कुमार काले दमाईका साक्षी सृजना परियारसमेतले गरेको बकपत्र मिसिल सामेल रहेको ।

प्रतिवादी राजेश भन्ने कुमार काले दमाईको हकमा विचार गर्दा जाहेरवालीलाई फकाई लैजाने मूल रूपमा यिनै प्रतिवादी रहेको भन्ने जाहेरीमा तथा अन्य प्रतिवादीहरूको बयानमा समेत उल्लेख भएको देखिन आएबाट निज प्रतिवादी राजेश भन्ने कुमार काले दमाईले अभियोग दाबीअनुसार कसुर गरेको देखिन आएकोले निजलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम कैद वर्ष बीस र जरिवाना रू. दुई लाख हुने ठहर्छ । प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली तथा दीपेन्द्र पाठकको संलग्नता कागज प्रमाणबाट मतियारसरहको देखिन आएकोले यी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) ले हुने सजायको आधाले ऐ. ऐनको दफा १५(१)(ज) अनुसार जनही कैद वर्ष दश र जनही जरिवाना रू. एक लाखसमेत हुने ठहर्छ र जाहेरवाली पीडितहरूले ऐ. ऐनको दफा १७ अनुसार क्षतिपूर्तिसमेत भरी पाउने ठहर्छ । प्रतिवादीमध्ये राजु परियार भन्ने अशोक परियारको हकमा तामेलीमा राखी दिएको छ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१०।२४ मा भएको फैसला ।

म कुमार परियार गार्मेन्टमा काम गर्ने भएकाले जाहेरवालीसमेतले गार्मेन्टमा काम पाइन्छ कि भनी सोध्न आएका थिए । म कुमार परियारसमेतले गार्मेन्टमा काम छैन भन्दा जाहेरवालीहरूले नै हामीसँग एउटा काम छ ३० हजार जति पाइन्छ थोरै सामान बोकी भारत जानुपर्छ भनेकाले निजहरूले चिनेका ३ जना केटा हामी ४ जना केटा र ४ जना केटी मानिस भई भारत कलकत्ता गएका हौं । तीन जना केटाले हामीलाई ढोका लगाई थुनेपछि हामीले प्रहरीलाई खबर गरी ती ४ जना केटीहरूलाई काठमाडौं पठाएको हो । यसरी हामीले जाहेरवालीहरूलाई उद्धार गरी कलकत्ताबाट काठमाडौं पठाएको हो, बिक्री गर्ने मनसायले भारत लगेको होइन । प्रतिवादी म हरि नेपालीलाई त सो घटनाका सम्बन्धमा केही थाहा जानकारीसमेत छैन । कृष्ण गिरीसँग मेरो चिनजान भएको कारण प्रस्तुत मुद्दामा निज कृष्ण गिरीले मलाई पोलेका होलान् । तर, म हरि नेपालीले न त जाहेरवालीलाई चिन्दछु न त विदेश भारत लगेको छु । मलाई पक्राउ गरी मुद्दा दायर गर्न मिल्ने होइन । अपराध स्वीकार गर्नु र तथ्य स्वीकार गर्नु अलग पाटा हुन् । म कुमार परियारले तथ्य स्वीकार गरेको हो । अपराधका सम्बन्धमा मलाई थाहा छैन । हामीहरूले विदेश लगेको कुनै तरिकाले प्रलोभन दिएको नदेखिएको अवस्थामा हचुवाको भरमा हामीहरू समेतलाई जाहेरी दिँदैमा त्यसले मान्यता पाउन सक्दैन । यस स्थितिमा हामीहरूलाई सफाइ दिने गरी फैसला गर्नुपर्नेमा मतियार ठहर गरी सजाय गरेको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी कुमार परियार नेपाली र हरि नेपालीको पुनरावेदन अदालत पाटनमा परेको संयुक्त पुनरावेदनपत्र ।

प्रतिवादीहरू पीडितहरूको उद्धार गर्न भन्दा बिक्री गर्ने कार्यमा संलग्न रहेको तथ्य निजहरूकै अनुसन्धानको क्रममा भएको बयान, जाहेरवालीहरूको बयान र बकपत्रसमेतबाट पुष्टि भएकोले प्रतिवादीहरू बिक्री गर्ने कार्यमै संलग्न रहेको प्रमाणित भएको छ । त्यसैले प्रतिवादीहरू मतियार मात्र नभई मुख्य कसुरदार देखिएकाले मतियारसम्म ठहर गरेको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म फैसला बदर गरी प्रतिवादीहरू दीपक नेपाली, काले भन्ने गोपाल नेपाली, डल्ले भन्ने कुमार परियार नेपाली, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकसमेतलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ र अभियोग माग दाबीबमोजिम कसुर ठहर भएका राजेश भन्ने कुमार काले दमाई र तामेलीमा राखिएको राजु परियार भन्ने अशोक परियारको हकमा कुनै जिकिर लिइएको छैन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

जाहेरी दरखास्तमा गोश्वारा रूपमा नामसम्म उल्लेख गरेबाट सोलाई किटानी भन्न मिल्ले अवस्था छैन । जाहेरवालीहरूलाई मैले भारत कलकत्ता लगेको होइन । मैले बिक्री गर्नको लागिसमेत कुनै भूमिका निर्वाह गरेको छैन । प्रहरीसमक्ष गरेको बयान जबरजस्ती गराइएको बयान हो जो स्वतन्त्र प्रमाणबाट वा स्थापित तथ्यबाट समर्थित नभएसम्म त्यसलाई अदालतले विवादरहित प्रमाणको रूपमा ग्रहण गर्न सक्दैन । जाहेरवालीहरू मुना तामाङ र भीमकुमारी लामालाई मैले बिक्री गरेको होइन । मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नै नगरी हचुवा किसिमले अनुमान कै भरमा मलाई कसुरदार ठहराई गरिएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी गोपाल बहादुर नेपालीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

प्रहरीमा भएको साबिती बयानलाई स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गरी मलाई कसुरदार ठहर्‍याउने गरी भएको फैसला त्रुटिपूर्ण छ । प्रहरीले कुटपिट गरी उनीहरूले नै लेखी तयार गरेको कागजमा सहिछाप गराएको हो । मैले अदालतमा बयान गर्दा जाहेरवालीहरूलाई बिक्री गर्नका लागि कलकत्ता लिएर गएको होइन र बिक्री गर्न गराउन कुनै भूमिका छैन भनी बयान दिएको छु । जाहेरवालीहरूले अदालतमा बकपत्र गर्दा प्रतिवादी दीपक नेपालीले ललाई फकाई भारत लगेको र बिक्री गर्न भूमिका निर्वाह गरेको भनी भनेका पनि छैनन् । यस्तो स्थितिमा मलाई कसुरदार ठहराई मलाई १० वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दीपक नेपालीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

म पुनरावेदकसमेत भई जाहेरवालीहरूलाई बिक्री गर्न लगेको होइन । जाहेरवालीहरूले नै भारत लगी जडिबुटी बेच्दा धेरै पैसा आउँछ भनी गएका हुन् । अधिकारप्राप्त अधिकारीसमक्षको बयान कुटपिट गरी डर धाक धम्की दिएर गराइएको बयान हो । अदालत बाहिरको साबिती बयानलाई मूल निर्णयाधार बनाई सुरू काठमाडौं जिल्ला अदालतले म पुनरावेदकलाई सजाय गरेको फैसला बदर गरी अभियोग दाबीबाट फुर्सद दिलाइ पाउँ भन्नेसमेत बेहोराको राजेश भन्ने कुमार काले दमाईको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

जाहेरवालीहरूलाई चिन्दिन यी जाहेरवालीलाई भारत लगी मैले बिक्री पनि गरेको छैन । जाहेरी बेहोरा झुट्टो हो । अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान झुट्टा हो । प्रहरीले सहिछाप गर भनेकोले सहिछापसम्म गरिदिएको हुँ भनी मैले अदालतमा गरेको बयानभन्दा अदालतदेखि बाहेक अन्यत्र प्रहरीसमक्ष गराइएको बयानलाई अदालतले प्रमाण ग्राह्य मान्नु निर्दोषिताको सिद्धान्तविपरीत जानु हो । प्रहरीसमक्षको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन । यसरी प्रहरीको बयानको आधारमा मलाई कसुदार ठहर्‌याई सजाय गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी कृष्ण नेपाली भन्ने कृष्ण गिरीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

म पुनरावेदकसँग जाहेरवालीहरूको कुनै चिनजान नभएको र जाहेरवालीहरूलाई बिक्री गर्ने कुनै सरसल्लाह तथा फकाउने र लैजाने कार्य मबाट भएको छैन । सो तथ्यलाई जाहेरवालीहरूले स्वीकार गरेको छ । साथै वादी नेपाल सरकारले मेरो विरूद्धमा आफ्नो अभियोग दाबी पुष्टि गराउन कुनै पनि प्रमाण पेस गर्न सकेको छैन । म पुनरावेदकले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कारी बयान गरेको छु । मेरो उक्त इन्कारी बयान ग्राह्य प्रमाण हो । मेरा साक्षीहरूले मेरो निर्दोषिताबारे बकपत्र गरेका छन् । म पुनरावेदकको जाहेरवालीहरूसँग कुनै सरसल्लाह नभएकोले फकाई लैजाने कार्यमा संलग्नता नदेखिएको तथ्य स्वयम् जाहेरवालीको बकपत्रसमेतबाट निर्विवाद देखिएको हुँदाहुँदै सोतर्फ मूल्याङ्कन नगरी मतियारसरह सजाय गर्ने ठहराएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी झुट्टा अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दीपेन्द्र पाठकको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकारबाट CS-७९४ नं. को र प्रतिवादीहरूबाट पनि क्रमशः ०२३८, ०२८१, ०२८५, ०४५०, ०७३७ र ०९२८ नं. को पुनरावेदन परेको देखिँदा उक्त पुनरावेदनपत्रहरू मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनको लागि प्रत्यर्थीहरूलाई परस्परमा सुनाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।१७ मा भएको आदेश ।

प्रतिवादीहरू दीपक नेपाली, गोपाल बहादुर नेपाली, कुमार परियार, कृष्ण नेपाली भन्ने कृण गिरी, हरि नेपाली तथा दीपेन्द्र पाठकले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, निज प्रतिवादीहरूले जाहेरवालीहरूलाई उद्धार गरी ल्याएको हो बिक्री गरेको होइन भनी अदालतमा बयान गरे तापनि सोको प्रमाण पेस गर्न नसकेको अवस्था, जाहेरी दरखास्त, प्रमाणित बयान र पीडित जाहेरवालीहरूले गरेको बकपत्र तथा प्रतिवादी दीपेन्द्र पाठकको अदालतसमक्षको बयानसमेतबाट निजहरूलाई सुरूमा ललाई फकाई गरी भारत जान मनाउने कार्यमा मुख्य भूमिका यी प्रतिवादीहरूको रहेको भन्ने अवस्था नदेखिँदा निजहरूले मुख्य कसुरदार राजेश भन्ने कुमार काले दमाईसँगै आरोपित कसुरको मतियार भई आपराधिक कार्य गरेको पुष्टि हुन आएको देखिँदा निजहरूलाई मतियार ठहर गरी सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको इन्साफ मिलेकै देखियो । अतः प्रतिवादी राजेश भन्ने कुमार काले दमाईलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम २० (बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना गर्ने, प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकलाई उक्त दफा १५(१)(क) ले हुने सजायको आधा दफा १५(१)(ज) बमोजिम जनही १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना गर्ने र दफा १७ बमोजिम जाहेरवालीहरूले क्षतिपूर्ति भराई पाउने गरी मिति २०६७।१०।२४ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।१४ मा भएको फैसला ।

म पुनरावेदकउपर लगाएको अभियोग आरोप वस्तुनिष्ठ तवरबाट पुष्टि हुन सकेको छैन । जाहेरवालीले मिति २०६३।१२।१४ गतेको घटनाउपर मिति २०६५।१।२९ गते अर्थात् १ वर्ष डेढ महिनापछि मात्र जाहेरी परेको देखिन्छ । त्यसैगरी पीडित जाहेरवालीको बयान र अदालतबाट बुझिएकी पार्वती खतिवडा अनुमानको आधार थाहा पाएको भन्ने भनाइमा कुनै सत्यता नरहेको, सोको सबुद प्रमाण पेस गर्न नसकेको, जाहेरी एक आपसमा बाझिएको तथ्यहरू मेल नखाने, प्रमाणित बयान एक आपसमा बाझिएको, कुनै पनि कसुर स्थापित गर्ने आधार नभएको अवस्थामा ठोस सबुद प्रमाण बिना मलाई दोषी ठहर्‌याई जाहेरीमा प्रतिवादी बनाएकै भरमा म पुनरावेदकलाई मतियारलाई हुने सजाय गरी भएको फैसला ने.का.प.२०५४, नि.नं.६३४३, पृष्ठ १७९ मा प्रतिपादित सिद्धान्तसमेतका आधारमा त्रुटिपूर्ण छ । म पुनरावेदक अभियोग कसुर दाबीबमोजिम कसुरमा इन्कार रहेको, त्यस्तो कार्यमा संलग्नता नरहेको अवस्थामा पनि मेरो विरूद्धमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १५(१)(ज) बमोजिम सजाय हुने ठहराएको छ । मिसिल संलग्न प्रमाणहरूको स्वतन्त्रपूर्वक ग्रहण नगरी परीक्षणसमेत नगरी भएको जाहेरवालीको बयानकै आधारमा भएको सुरू अदालतको फैसला र पुनरावेदन अदालत पाटनको मिति २०६८।१२।१४ को फैसला त्रुटिपूर्ण र गैरकानूनीसमेत भएको हुँदा सो फैसला बदर गरी मलाई झुट्टा

अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दीपेन्द्र पाठकको यस अदालतमा दायर हुन आएको ०६९-CR-०३०५ नं. को पुनरावेदनपत्र।

पीडित जाहेरवालीहरूलाई विरूद्ध खण्डका प्रत्यर्थीहरू समेत भई फकाई भारतको कलकत्ता पुर्‌याई बेचेको भन्ने जाहेरवालीहरूको जाहेरी, प्रमाणित बयान र प्रतिवादीहरूकै बयानबाट पुष्टि भएको छ। पीडितहरूलाई सुरूमा ललाई फकाई प्रतिवादी काले दमाईले गरेको भनिए तापनि कसुरजन्य कार्यमा सुरूको चरणदेखि नै निजहरू समेत संलग्न रहेको कुरा स्वीकार गरेको अवस्था छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(२) मा कसुरदारको संलग्नताको क्रमअनुसार कसुरको गम्भीरता बढ्ने (Aggravating factor) वा घट्ने (Mitigating Circumstances) भन्ने कहींकतै उल्लेख भएको पाईँदैन। प्रतिवादी कुमार काले दमाई एक्लैले दुई जाहेरवालीलाई काठमाडौं माछापोखरीको गेस्ट हाउसबाट फकाएका नभई प्रतिवादी गोपाल र कृष्णसमेतले त्यहाँ लगेका र गेस्ट हाउसमा पहिला नै धने, दीपेन्द्र, दीपक कुमार, अमृत राजु र अन्य २ जना महिलासमेत भए रहेको पीडितहरूकै भनाइबाट समेत देखिन्छ र निजहरूको बकपत्रबाट सो पुष्टिसमेत भएको छ। तसर्थ, दुई महिला तीन बच्चालाई भारतमा एक मात्र प्रतिवादीले बेचेका हुन् भनी असम्भव तर्क गरी भारतमा पीडितलाई बेच्दासम्म सम्पूर्ण कार्यमा संलग्न भई मौद्रिक प्रतिफलसमेत लिएका प्रत्यर्थीहरूलाई कसुरको मतियार मात्र ठहर गरी कम सजाय गर्ने गरी भएको फैसला सङ्गठित अपराधमा संलग्न व्यक्तिहरूको चरित्र कार्य र अन्तरदेशीय मानव तस्करीको कसुरको व्याख्याको दृष्टिले त्रुटिपूर्ण देखिँदा बदरभागी छ। प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकले पीडितहरूलाई नेपालमा फकाउने, झुट्टा व्यापारको प्रलोभन देखाउने, झुक्याई सीमा पार गराउने, भारतभित्रै स्थानान्तरण गर्ने, अभिभावक, पीडितहरू र अबोध बालबालिका छुट्याई पैसामा मानव शरीर बेची आफूहरू नेपाल फर्किनेसम्मका सबै कार्य शृङ्खलाभर संलग्न रहेको देखिँदा देखिँदै निजहरूलाई मतियारसम्म मात्र ठहर गरी भएको त्रुटिपूर्ण फैसला सो हदसम्म बदर गरी प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको ०६९-CR-०४८३ नं. को पुनरावेदनपत्र।

यसमा वादी प्रतिवादीको दोहोरो पुनरावेदन परेकोले मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन एकअर्कालाई परस्पर सुनाई नेपाल सरकारको पुनरावेदनमा प्रत्यर्थी बनाइएका पुनरावेदन नगर्ने प्रतिवादीहरूलाई म्याद जारी गरी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७२।२।६ मा भएको आदेश।

प्रतिवादीमध्येका डल्ले भन्ने कुमार नेपाली परियारको तर्फबाट समेत यस अदालतमा ०६९-CR-०३०७ नं. को पुनरावेदन परेकोमा पछि निज प्रतिवादी स्वयंले आफूले लिएको दाबी जिकिर पुष्टि गर्न नसक्ने हुँदा उक्त पुनरावेदन फिर्ता गरिपाउँ भन्ने अ.ब. ९२ नं. बमोजिम दिएको निवेदनउपर कारबाही भई यस अदालतबाट मिति २०७४।९।२९ मा उक्त पुनरावेदन फिर्ता गरिदिएको भन्ने यस अदालतको आदेश।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी दीपक भन्ने दीपेन्द्र पाठकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भीमप्रसाद ढकालले निज प्रतिवादीले जाहेरवालीहरूलाई बिक्री गरेका होइनन्, प्रतिवादीउपरको दाबी शङ्कारहित तवरले पुष्टि भएको छैन। प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही गरेको बयानलाई प्रमाणमा लिइएको छैन। कसुरमा संलग्नता रहेको देखिने ठोस प्रमाणको अभावमा प्रतिवादीको अनुसन्धानको बयानलाई आधार लिई मानव बेचबिखन जस्तो गम्भीर प्रकृतिको अपराधको मतियार ठहराई सजाय गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छैन, अतः नमिलेको हदसम्म उक्त फैसला बदर गरी निज प्रतिवादीलाई आरोपित कसुरमा सफाइ हुनुपर्छ भनी बहस गर्नुभयो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री नारायण रिमाल र जाहेरवाली मुना तामाङसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री शोभा पोखरेल र श्री सन्तोष महर्जनले प्रतिवादी दिपेन्द्र पाठकसमेतको मिलोमतोमा जाहेरवालीहरूलाई भारतको कोलकत्तासम्म पुर्‌याई जाहेरवालीमध्येकी मुना तामाङलाई बेचबिखन गरी सकेपछिको अवस्थामा निज भाग्न सफल भएपश्चात् निजले अर्की जाहेरवालीसमेतलाई आफूहरूलाई प्रतिवादीहरूले बेचबिखनका लागि भारत पुर्‌याएको कुरा बताएपछि जाहेरवालीद्वय कष्ट, सकसका साथ नेपाल फर्केका हुन्। सो कुरा जाहेरवालीहरूको प्रमाणित बयान र प्रतिवादीहरूको आरोपित कसुरमा अनुसन्धानमा गरेको साबिती बयानबाट पुष्टि हुन्छ। प्रतिवादीहरूको समान संलग्नता रहेको देखिने मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराधमा प्रतिवादी राजेश भन्ने कुमार काले दमाईलाई मात्र अभियोग दाबीबमोजिम सजाय हुने र अन्य प्रतिवादीहरूलाई मतियारमा सजाय गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म नमिलेकोले मतियार ठहरिएका प्रतिवादीहरूलाई समेत अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादीहरू राजेश भन्ने कुमार काले दमाई, दीपक नेपाली, काले भन्ने गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली

भन्ने कृष्ण गिरी, राजु परियार भन्ने अशोक परियार, हरि नेपाली र दीपेन्द्र पाठकले पूर्व योजना र मिलेमतोमा पीडित जाहेरवालीहरू मुना तामाङ र भीम कुमारी लामालाई भारतको कोलकत्ता स्थित वेश्यालयमा बिक्री गरी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) (ख) र उपदफा (२) को खण्ड (क) (ख) बमोजिमको कसुर अपराध गरेकोले निजहरूलाई सोही ऐनको दफा १५ को (१) (क) बमोजिम सजाय हुन र ऐ. ऐनको १७ नं. बमोजिम निजहरूबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई भराई पाउँसमेतको अभियोग दाबीमा प्रतिवादी राजु परियार भन्ने अशोक परियारको हकमा मुद्दा तामेलीमा रहने र प्रतिवादी राजेश भन्ने कुमार काले दमाईलाई ऐनको दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र जरिवाना रू. दुई लाख गर्ने र प्रतिवादीहरू दीपक नेपाली, काले भन्ने गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकलाई सोही दफा १५ (१) (क) ले हुने सजायको आधा ऐ. ऐनको दफा १५(१)(ज) अनुसार जनही कैद वर्ष १० र जनही रू. एक लाख जरिवाना एवं जाहेरवाली पीडितहरूले ऐ. ऐनको दफा १७ अनुसार क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलाउपर मतियारमात्र कायम गरेका प्रतिवादीहरूको हकमा चित्त नबुझी वादी नेपाल सरकार र मतियार कायम गरेको मिलेन भनी प्रतिवादी दिपेन्द्र पाठकको छुट्टाछुट्टै पुनरावेदन परेको देखियो ।

उपर्युक्तानुसारको तथ्य, पुनरावेदन जिकिर र बहस बुँदासमेत रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? र पुनरावेदक वादी, प्रतिवादीहरूको पुनरावेदन जिकिरबमोजिम हुने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू राजेश भन्ने कुमार काले दमाई, दीपक नेपाली, काले भन्ने गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, राजु परियार भन्ने अशोक परियार, हरि नेपाली र दीपेन्द्र पाठकले पूर्व योजना र मिलोमतोमा पीडित जाहेरवालीहरू मुना तामाङ र भीम कुमारी लामालाई काठमाडौंबाट जडिबुटीको पोका भनिएको सामान ओसार गरेबापत पैसा दिन्छौं भनी ललाई फकाई भारतको कोलकत्ता स्थित वेश्यालयमा लगी बिक्री गरी प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विपरीतको कार्य गरेकोले कारबाही गरिपाउँ भनी दिएको पीडितहरूको किटानी जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालीहरूलाई भारतको कोलकत्तामा लगी बिक्री गर्ने योजना रहेको र जाहेरवालीमध्येकी मुना तामाङलाई भारतीय रू. ६०,०००।– मा कोठीमा बिक्री गरिसकेको र अर्की पीडित जाहेरवाली भीमकुमारी लामालाई बेच्नको लागि दलालसँग मोलमोलाई भइरहेको अवस्थामा सोनागाछीस्थित कोठीमा बेचिएकी मुना तामाङ उक्त स्थानबाट भागी आएको र निजले प्रतिवादीहरूले आफूहरूलाई बेच्न ल्याएको रहेछन, आफू बेचिएको र भागेर आएको भनी घटना वृत्तान्त अर्की पीडित जाहेरवाली भीमकुमारीलाई बताएपछि निजहरू फर्की आएको र आफूहरूले जाहेरवालीसमेतलाई बेच्ने नै उद्देश्यले कोलकत्ता लगेको भनी प्रतिवादीहरूले एकै बेहोराको साबिती बयान गरेको देखिन्छ । पीडित जाहेरवालीहरूले जाहेरी बेहोरालाई समर्थन हुने गरी अनुसन्धान क्रममा गरेको बयान अदालतबाट समेत प्रमाणित भएको देखिन्छ । साथै मौकामा कागज गरिदिएकी पार्वती खतिवडाले पनि प्रतिवादीहरूले पीडित जाहेरवालीसमेतलाई भारत कोलकत्तास्थित कोठीमा बेचेको भन्ने सुनेको भनी लेखाइदिएको देखिन्छ ।

३. मिसिल संलग्न किटानी जाहेरीमा जडिबुटीको पोका जस्तो सामान भारतमा बेचेबापत धेरै आम्दानी हुने भनी प्रतिवादी दिपेन्द्र पाठकसमेतले जाहेरवाली मुना तामाङसमेतलाई प्रलोभनमा पारी भारतको कलकत्तास्थित कोठीमा लगी ६०,०००।– भा.रू मा बेचेको र जाहेरवाली मुना तामाङ मौका मिलेको बेलामा भागी भारतीय प्रहरीको सहायता एवं कोलकत्ता स्थित नेपाली महावाणिज्य दूतावासको पहलमा माइती नेपाल शाखा कार्यालय, वीरगञ्जबाट उद्दार भएको भन्ने उल्लेख छ । प्रतिवादीहरू दिपेन्द्र पाठकसमेतले पीडित जाहेरवालीलाई ललाई फकाई, झुक्याई भारतको कोठीमा वेश्यावृत्तिका लागि बेचबिखन गरेकोमा अदालतमा इन्कारी बयान गरे तापनि पुनरावेदक प्रतिवादी दिपक भन्ने दिपेन्द्र पाठकले अदालतमा बयान गर्दा प्रतिवादी कृष्ण गिरीले एकजना केटी लिएर आइज घुम्न जाउँ रमाइलो हुन्छ भनी भनेकोले बिमलालाई लिएर कलकत्ता गएको र पछि बेचबिखनका लागि बोलाएको भन्ने थाहा पाएपछि बिमलासँग फर्केको भनी गएकोसम्म स्वीकार गरेका छन् । अर्का सहप्रतिवादी कृष्ण गिरीले समेत विमलाले रोई कराई गरी आफू गर्भवतीसमेत रहेको भनेकोले नबेचेर नेपाल फर्काएको, जाहेरवाली मुना तामाङसमेतलाई भारतस्थित कोठीमा बेचेको र बेच्ने उद्देश्यले नै लगेको हो भनी स्वीकारी बयान गरिदिएका छन् । जाहेरवालीहरूले दिपेन्द्र पाठकसमेत उपर किटानी जाहेरी दिएको अवस्था छ । साथै सहप्रतिवादी कृष्ण गिरीले जाहेरवालीहरूलाई आफू र प्रतिवादी दिपेन्द्र पाठकसमेत भई बेचेको र बिक्री गरेबापत धनबहादुरले रू.३०,०००।– लिएको, प्रतिवादीहरू हरि नेपालीले र दिपेन्द्र पाठकलाई समेत रकम दिएको कुरालाई अदालतमा समेत गरेको स्वीकार बयान प्रतिवादी दिपेन्द्र पाठकको बयानसँग मेल खाएको देखिन्छ ।

४. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को उपदफा (२) बमोजिम जाहेरीलाई समर्थन गर्ने पीडित जाहेरवालीहरूको प्रमाणित बयान मिसिल संलग्न देखिन्छ । ऐ. ऐनको दफा ६(३) मा, "बयान प्रमाणित गरिएकोमा त्यस्तो

पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभएपनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ" भन्ने कानूनी व्यवस्थाको रोहबाट समेत पीडित जाहेरवालीहरूको प्रमाणित बयान प्रमाणमा लिन सक्ने देखियो। मिसिल संलग्न नेपाली महावाणिज्य दूतावास, कोलकता (Consulate General of Nepal) को मिति २०६३।१२।२४ को अलपत्र परेको महिलाहरू पठाइएको सम्बन्धमा भनी जिल्ला प्रशासन कार्यालय, वीरगञ्ज, पर्सालाई लेखेको पत्र बेहोराबाट निज जाहेरवालीहरूको उद्दार भएको भनिएको जाहेरी र निजको प्रमाणित बयान थप पुष्टि हुन गएको देखियो।

५. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क) मा कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखन र ऐ. दफाको उपदफा २(क) मा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने (ख) "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य" गरेमा मानव ओसारपसार गरेको मानिने भन्ने कानूनी व्यवस्था छ। आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सजायबाट रिहाई पाउनुपर्ने जिकिर लिएका निज प्रतिवादीहरू उपरको किटानी जाहेरी, पीडित जाहेरवालीको अदालतबाट प्रमाणित बयान, जाहेरवालीले निज प्रतिवादीउपर किन र के कति कारणले पोल गरेका हुन् ? भन्ने कुराको वस्तुनिष्ठ आधार देखाउन नसकेको अवस्था एवं प्रतिवादी कृष्ण गिरीले केटी साथी लिएर आईज भनी बोलाएकोले आफू भारतसम्म गएको हुँ, बेचबिखनसम्बन्धी कुरा भारत पुगेपछि नै थाहा भएको हो, आफ्नो कसुरमा संलग्नता छैन भन्ने निजको जिकिर सबुद प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा निजको जिकिर प्रतितलायक देखिएन। अतः सहप्रतिवादीहरूको जाहेरवालीलाई जडिबुटीका पोका बेच्ने बहाना बनाई ललाई फकाई झुक्याई काठमाडौंबाट भारतको कोलकत्तास्थित कोठीमा लैजाने कार्यसम्ममा निज प्रतिवादी दिपेन्द्र पाठकसमेतको भूमिका रहेको भन्ने बेहोराको प्रतिवादी कृष्ण गिरीसमेतको पोललगायतका मिसिल संलग्न अन्य कागजातबाट आरोपित कसुरमा निज प्रतिवादीहरूको संलग्नता रहेनछ भनी मान्न सकिएन।

६. यस स्थितिमा प्रतिवादी दिपेन्द्र पाठकको आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सजायबाट रिहाई पाउनुपर्ने भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, सर्वप्रथम त निज प्रतिवादीसमेत उपर किटानी जाहेरी परेको अवस्था छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ" भन्ने कानूनी व्यवस्था छ। यस व्यवस्थाको मकसद मैले आपराधिक कार्य गरेको होइन अथवा मेरो उक्त आपराधिक कार्यमा संलग्नता छैन, मैले सजायबाट रिहाई पाउनुपर्छ भन्ने प्रतिवादी जिकिर रहेमा सोको पुष्टि सबुद प्रमाणबाट निजले नै गर्न सक्नुपर्दछ अनि मात्र निजको जिकिर प्रमाणयोग्य हुन्छ भन्ने हो। अपराधशास्त्रमा केवल आपराधिक कार्यमा आफ्नो संलग्नता छैन भन्ने तवरले लिइएको प्रतिवाद जिकिर प्रमाण जाँचको कसीमा औचित्यहीन हुन जान्छ। साथै यस व्यवस्थालाई थप विवेचना गर्दै "कतिपय सङ्गीन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिकासमेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो। अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर नै विधायिकाले कानूनको निर्माण गरेको हो। प्रमाण सङ्कलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नै नपुगोस् भन्ने नै विधायिकी मनसाय हुने भनी (ने.का.प. २०७२ अंक १ नि.नं ९३३३ प्रकरण नं.५ मा) यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ। उल्लिखित कानूनी व्यवस्था र प्रतिपादित नजिर सिद्धान्तसमेतका आधारमा आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सफाइ पाउनुपर्दछ भन्ने जिकिर प्रमाणित गर्ने भार प्रतिवादीमा रहने र निजहरूले आफ्नो जिकिर वस्तुनिष्ठ आधारमा पुष्टि गर्न नसकेको स्थितिमा निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

७. मानव बेचबिखन तथा ओसारपसार जस्तो संगीन अपराधमा पीडित सधैँ अभियुक्तहरूको नियन्त्रणमा रहने, आफू बेचिएको प्रमाणहरू राख्न असम्भव हुने, उनीमाथि भएको कसुरको उनीसँग हुने प्रमाण भनेको आफू / व्यक्ति स्वयं नै प्रमाण / साक्षीको रूपमा रहने हुँदा उनले दिएको जाहेरी र उनले गरेको बयानको प्रमाणमा धेरै ठूलो महत्त्व राख्दछ। बयानमा लेखिएका घटनाक्रमको

वर्णन र प्रतिवादीको बयानमा Chain of Incident बाट पनि अभियोगहरू स्थापित हुन्छ । यस्तो अवस्थामा घटनाक्रम गलत हो, लगाइएको आरोप गलत हो भनी सफाइको माग गर्दा सोको प्रमाण पुर्‍याउने भार प्रतिवादीमै रहन्छ ।

८. मानव बेचबिखन जस्तो आपराधिक कार्यमा समान भूमिकामा रहे भएका प्रतिवादीहरूलाई मतियारलाई हुने सजाय गरेको मिलेन, सम्पूर्ण प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको पाइयो । यसबाट प्रतिवादीहरू मुख्य अभियुक्त हुन् वा निजहरूले मुख्य अभियुक्तलाई सहयोगसम्म गरेको हुन् भन्ने कुराको व्याख्या विश्लेषण जरूरी देखिन आयो । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(क) को कानूनी व्यवस्था हेर्दा, "मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने" उल्लेख छ, जुन कुरा मुख्य अभियुक्तको हकमा लागू हुने देखिन्छ । ऐ. ऐनको को दफा १५(१)(ज) मा "मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुने" कानूनी व्यवस्था छ । यसरी कानून स्वयंले मानव बेचबिखन तथा ओसारपसारको अपराधमा मुख्य अभियुक्त र मतियारहरू समेत रहन सक्ने परिकल्पना गरेको छ ।

९. फौजदारी प्रकृतिको संगीन अपराधमा दोषी करार गर्न आपराधिक कार्यमा अभियुक्तहरूको संलग्नता, निजहरूले खेलेको भूमिका एवं निजले गरेको कार्यबाट सिर्जित परिणाममा रहेको आपराधिक मात्रासमेतलाई दृष्टिगत गरी मात्र कसुर निर्धारण गर्नुपर्ने मान्य न्यायको सिद्धान्त हो । प्रस्तुत मुद्दाका प्रतिवादीहरूले अदालतमा बयान गर्दा जाहेरवालीसँग आफू पनि भारत कलकत्ता गएको तथ्यलाई स्वीकार गरेको र सुरूमा भारतमा गएर जडीबुटीको व्यापार गरौं भनी फकाउने राजेश नेपाली हुन् भनी लेखाएको देखिन्छ र निज प्रतिवादी राजेश नेपालीले भारतमा ग्राहक खोज्नेलगायतका अन्य चाँजोपाँजो मिलाउने भूमिकासमेत खेलेको देखिन्छ । निजको उक्त कार्यमा रहेको संलग्नता एवं निजले खेलेको भूमिकासमेतलाई विश्लेषण गरी निजलाई मूल अभियुक्तलाई हुने सजायसमेत भएको देखिन्छ । साथै जाहेरी दरखास्त, जाहेरवालीको प्रमाणित बयान र प्रतिवादी दीपेन्द्र पाठकको अदालतसमक्षको बयानसमेतबाट पीडितहरूलाई ललाई फकाई भारत लैजाने कार्यमा प्रतिवादीहरूको मिलोमतो रहेको देखिए तापनि विरूद्ध खण्डका प्रतिवादीहरूको समेत जाहेरवालीहरूलाई बेचबिखन गर्ने योजना बनाउने, बेचबिखनको लागि ग्राहक खोज्नेलगायतका कार्यमा मुख्य भूमिका देखिएको भन्ने वादी दाबी पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीहरू पीडितसँगै भारतसम्म गएको अवस्था भए तापनि निज पीडितहरूलाई बेच्नका निम्ति ग्राहक खोज्नेलगायतका मुख्य कार्यमा सरिक नभई जाहेरवालीको रेकी, निगरानीसम्म गरेको देखिएको स्थितिमा निज प्रतिवादीहरूको कसुरमा रहेको संलग्नताको मात्रा एवं भूमिकासमेतको मूल्याङ्कन गरी आरोपित कसुरमा मतियारसम्म ठहर गरी सजाय गरेको सुरू अदालतको इन्साफ अन्यथा नदेखिएकोले सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा निज प्रतिवादीहरूलाई पनि मुख्य अभियुक्तसरह नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोराको विद्वान् उपन्यायाधिवक्ता एवं जाहेरवालीको तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । साथै प्रतिवादीले आफ्नो पुनरावेदन पत्रमा उल्लेख गरेको नजिर सिद्धान्तसमेत प्रस्तुत मुद्दाको तथ्यको सन्दर्भमा सान्दर्भिक हुने देखिएन ।

१०. अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीहरूउपरको किटानी जाहेरी दरखास्त र सोलाई समर्थन गर्ने पीडित जाहेरवालीको प्रमाणित बयान, प्रतिवादीहरूको अनुसन्धान क्रमको साबिती बयान, घटना विवरणका व्यक्तिको कागजलगायतका प्रमाणबाट प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण गिरी भन्ने कृष्ण नेपाली, हरि नेपाली र दीपेन्द्र पाठकले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) ले हुने सजायको आधा दफा १५(१)(ज) बमोजिम जनही १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना गर्ने र ऐ. ऐनको दफा १७ को "अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजहरूबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्नेछ" भन्ने कानूनी व्यवस्थाको रोहबाट जाहेरवालीले क्षतिपूर्ति भराई पाउने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादी दिपेन्द्र पाठक र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा मेरो सहमति छ ।
न्या.दीपककुमार कार्की

इजलास अधिकृतः कमलकान्त जोशी
इति संवत् २०७५ साल असार २१ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७४।९।२३
निर्णय नं. १००२५
भाग: ६० साल: २०७५ महिना: असोज अंक: ६
फैसला मिति :२०७४/०९/२३ ४१३४

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७१-CR-१२५८

पुनरावेदक / प्रतिवादी : सिन्धुपाल्चोक जिल्ला गाती गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय रामेछापमा थुनामा रहेका ताराबहादुर बस्नेत

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम बाह्रबिसे "वि" को जाहेरीले नेपाल सरकार

फैसला

न्या. ओमप्रकाश मिश्र : पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परी नियमानुसार पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ :-

मिति २०५८ साल भदौमा म १६ वर्षको हुँदा घरमा खेती किसानी गरी खान नपुग्ने भई दुःख भएको हुँदा विपक्षी ताराबहादुर बस्नेतले काठमाडौंमा काम लगाइदिन्छु सुख हुन्छ भनी फकाई म र फुलबहादुर तामाङको छोरी गाती गा.वि.स. वडा नं.१ बस्ने ..... लाई मिति २०५८ साल भाद्र २६ गते घरबाट काठमाडौंमा लगी एक जना नाम थर वतन नखुलेको प्रकाश भन्नेको जिम्मा लगाई होटेलमा काममा लगाइदिन्छु भनी म जाहेरवाली र .....लाई २ दिन काठमाडौं कोठामा बन्धक बनाई राखी त्यसपछि ताराबहादुर बस्नेतको मिलेमतोमा म र .....लाई भारतको बम्बई सहरअन्तर्गत कमान्ठीपुरा भन्ने स्थानमा लगी बिक्री गरेपछि मात्र मैले बिक्री भएको कुरा थाहा पाएँ, बिक्री भएपश्चात् मलाई भारतीय रूपैयाँ ५०,०००।– मा बिक्री गरेको भनी यौन व्यापार गर्ने मालिक्नीले भनेपछि मात्र थाहा पाएँ। उक्त कोठीमा मैले यौन व्यापार जस्तो घृणित नारकीय जीवन व्यतित गर्दैको अवस्थामा २०५९ साल अर्थात् बेचिएको १ वर्षपछि म जाहेरवाला बिरामी भएपछि कोठी मालिक्नीले अस्पतालमा लगेको अवस्थामा म र भारत बेङलोरकी कोठीमा काम गर्ने लक्ष्मी नामकी महिला औषधी किन्दै गर्दा मालिक्नीलाई झुक्याई भाग्न सफल भएका हौं। मलाई बिक्री गर्ने अपराधीलाई जिउ मास्ने बेच्नेसम्बन्धी ऐन र अन्य आवश्यक कानूनबमोजिम हदैसम्मको कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको वि. बाह्रबिसेको मिति २०६९।८।१ गतेको जाहेरी दरखास्त।

म लेखपढ गर्न नजान्ने भएकोले घरमै बसी खेतबारीको काम गर्दै आइरहेकोमा मेरो घरमा खेतीबारीको कमाइले वर्ष दिनसम्म खान लगाउन पुग्दैनथ्यो। मिति २०५८ साल भदौ २५ गते म र गाउँकै मेरो फुपू नाता पर्ने .....लाई गाती गा.वि.स. वडा नं. १ बस्ने गाउँकै ताराबहादुर बस्नेतले मेरो काठमाडौंमा होटल छ, होटलमा काम गर्ने मानिसहरू छैन, तिमीहरूलाई पैसा पनि दिउँला दशैंमा पनि तिमीहरूलाई घरसम्म ल्याइदिउँला तिमीहरू जान्छौ भन्दा हामीहरूले अहिलेसम्म काठमाडौं गएका छैनौं, हामीहरू नजाने भन्दा निजले तिमीहरू मेरो बहिनी हो, मसँग जाँदा केही फरक पर्दैन, धेरै पैसा आउँछ, गाउँमा जस्तो काम पनि गर्न पर्दैन भनेपछि हामीहरूले गाउँकै चिनेको दाजु भएकोले हुन्छ भन्यौं र निज ताराबहादुरले भोलि मेरो गाउँमा आउ भन्यो। म र .....ले सल्लाह गरी घरमा कसैलाई समेत थाहा नदिई भदौ २६ गते दिउँसो १.०० बजेको समयमा निज ताराबहादुर बस्नेतको घरमा गयौं र निजसँग बाह्रबिसे बजारबाट काठमाडौं जाने बस चढी काठमाडौं बसपार्कमा गयौं र निजले नाम थाहा नभएको १ जना प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाई तिमीहरू बस्दै गर म एकछिनमा आउँछु भनी उक्त स्थानबाट गए। निजले तिमीहरूलाई प्रकाश दाजुले काम लगाउने हो भनेका थिए र बेलुका भइसकेकोले निज प्रकाश भन्ने व्यक्तिले होटलमा लगी चिया खुवाउनु भयो र ताराबहादुर एकछिनपछि आउँछ हिँड मसँगै जाउँ भनेपछि निजले कोठामा लगे। कोठामा एकजना साथी र श्रीमतीसमेत रहेछन् र सो रात सोही स्थानमा सुतियो। भोलिपल्ट दिनभर पनि ताराबहादुर बस्नेत नआएपछि हामीहरूले हामीलाई होटलमा काम लगाइदिन्छु भनी ल्याएको अहिलेसम्म आएनन् भनी प्रकाश भन्ने व्यक्तिलाई सोध्दा आउँछ, होटलमा ताल्चा लगाई गएको छ भन्नुभयो र सो रात पनि निज प्रकाश भन्ने व्यक्तिको साथीको कोठामा बस्यौं र सोही बिहान ३.०० बजे उठायो र अब होटलमा काम नगर्ने, व्यापार गर्नुपर्छ, होटल बन्द गरेछन् भनी मलाई र .....

लाई प्रकाश, निजको नाम थाहा नभएको साथी र निजको श्रीमतीलगायत ५ जना भई जंगलै जंगल गई उज्यालो भएपछि बस चढाई लगे, के कुन स्थानमा लगे हामीलाई थाहा भएन, भारतको बम्बई सहर पुगिएछ र सो स्थानमा पुगेपछि एकजना महिला आएर निज प्रकाश र निजका साथीहरूले ऊ मेरो दिदी हो भनी तिमीहरू यहीँ दिदीसँग ट्याक्सीमा जाउ भनी हामी गयौं र निज अपरिचित महिलाले घरको कोठामा लगी राख्नुभयो र ३ दिनसम्म खाना खान दिने र कोठा बन्द गरी हामीहरूलाई कोठामा थुनेर सँगै राखी ३ दिनपछि अन्य हामीहरू जस्तै महिला भेटी सोध्दा तिमीहरूलाई यहाँ रू. ५०,०००।– मा बेचेको हो, यो बम्बईको कोठी हो अब यहाँबाट जान पाउँदैनौ, तिमीहरूलाई यहाँ यौन व्यवसायको लागि लिएर आएको हो भने र मसँग भएकी .....लाई १ महिला आई अन्यत्र के कुन स्थानमा लगिन् मलाई थाहा भएन र १ वर्ष उक्त कोठीमा बसी म बिरामी भएको बेलामा कोठी मालिक्नीले अस्पतालमा लगेको अवस्थामा म र भारत बेङलोरकी कोठीमा काम गर्ने लक्ष्मी नामकी महिला औषधी किन्दै गर्दा मालिकलाई झुक्याई भागेका हौं । म र .....लाई ताराबहादुर बस्नेतले ललाई फकाई प्रकाश भन्ने व्यक्तिलाई जिम्मा दिई बम्बईको कोठीमा लगी बचेको हो भन्नेसमेत बेहोराको बि. बाह्रबिसेले अनुसन्धानका क्रममा गरेको बयान ।

मिति २०५८ सालमा म काठमाडौंमा रिक्सा चलाउने काम गर्दथें । रिक्सा चलाउने क्रममा प्रकाश भन्ने व्यक्तिसँग भेटघाट भएको थियो । निज पनि रिक्सा चलाउने गर्दथ्यो । २०५८ सालको भदौ महिनामा निज प्रकाश भन्ने व्यक्तिले सधैँ खाना खाने गरेको धोबीचौरको होटलमा काम गर्ने कामदारहरू चाहिएको छ, तिम्रो गाउँमा भए खोजिदेउ भनेपछि मैले गाउँमा गएर सोध्नुपर्छ भनें, त्यसपछि प्रकाशले म पनि तिमीसँगै तिम्रो गाउँमा जान्छु, गाउँ घुमेर पनि आउँछु काम गर्ने कामदार पनि भेटेको खण्डमा लिएर आउँछु भनेर हामी दुवै जना २०५८ भदौ २५ गते काठमाडौंबाट मेरो घर सिन्धुपाल्चोक जिल्ला गाती १ कुखुरे भन्ने स्थानमा गयौं र गाउँकै नाम गोप्य राखी परिवर्तन गरिएकी बि. बाह्रबिसे र .....लाई भेटी निजलाई काठमाडौंमा हामीले खाना खाने होटलमा काम गर्ने कामदार चाहिएको छ, तलब पछि धेरै आउँछ तिमीहरू जाने भनी सोध्दा निजहरूले जान्छौं भनेपछि मिति २०५८।५।२६ गते मेरो घरमुनि बि. बाह्रबिसे र .....सँग भेटी बि. बाह्रबिसे, ..., प्रकाश र मसमेत ४ जना भई बाह्रबिसेबाट काठमाडौं जाने बस चढी काठमाडौंको पुरानो बसपार्कमा ओर्लिई निज बि. बाह्रबिसे र .....लाई म ट्वाइलेट गरेर आउँछु, तिमीहरू प्रकाश दाईसँग बस्दै गर भनें ट्वाइलेटमा गई १० मिनेटपछि निजहरू पहिले बसेको स्थानमा आउँदा निजहरू .....समेत सो स्थानमा रहेनछन् । मैले यता उता चारैतिर खोज्दासमेत फेला परेनन् । पछि निजहरू के कुन स्थानमा पुगे सो मलाई थाहा भएन निजको नाम गोप्य राखी परिवर्तन गरिएकी बि. बाह्रबिसे र .....लाई प्रकाश भन्ने व्यक्तिले ललाई फकाई भारतमा बम्बई भन्ने स्थानमा लगी बचेको हो भन्ने हाल आएर थाहा पाएँ । निज बि. बाह्रबिसे र .....लाई मैले बेचेको होइन । आफ्नै गाउँका चेलीबेटीलाई बेचबिखन गर्ने कार्य मेरो मिलेमतोमा भएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी ताराबहादुर बस्नेतले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

प्रकाश भन्ने व्यक्तिसँग बि. बाह्रबिसे र .....लाई मिति २०६९।५।२६ गते काठमाडौं पुरानो बसपार्कमा राखी म ट्वाइलेट गएर आउँदा निजहरूलाई निजले लगेको हो । देखाइएको फोटो निजै प्रकाश भन्ने व्यक्तिको हो भनी प्रतिवादी ताराबहादुरले फोटो सनाखत गरेको कागज ।

बि. बाह्रबिसे र गाउँकै .....लाई गाउँघरमा बसिरहेको अवस्थामा सिन्धुपाल्चोक जिल्ला गाती गा. वि. स. वडा नं. १ बस्ने ताराबहादुर बस्नेतले २०५८ साल भदौ २६ गते काठमाडौं होटलमा काम लगाइदिन्छु तलब पनि धेरै आउँछ, दशैंमा घरसम्म पुर्‍याइदिउँला भनी ललाई फकाई गरी निजलाई काठमाडौं लगी प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाई निजले बि. बाह्रबिसे र .....लाई भारतको बम्बई सहर कमाण्ठीपुरा भन्ने स्थानमा पुर्‍याई भारतीय रूपैयाँ पचास हजारमा बिक्री गरी उक्त स्थानमा वि. बाह्रबिसे १ वर्ष नरकीय जीवन बिताई कोठी मालिक्नीले उपचार गराउन लागेको अवस्थामा मालिक्नीको आँखा छली उक्त स्थानबाट भागी नेपाल आएपछि बि. बाह्रबिसेले भनेको सुनी थाहा पाएको हुँ । ..... हालसम्म बेपत्ता भएकी छिन् यसरी गाउँका चेलीबेटीलाई ललाई फकाई भारतको बम्बई भन्ने स्थानमा बेचबिखन गरी नारकीय जीवन बिताउन बाध्य बनाउने निजको साथी प्रकाश भन्ने व्यक्तिलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही र जेल सजाय होस् भन्नेसमेत बेहोराको सोमबहादुर तामाङ, राजेन्द्र तामाङ, पशुपति तामाङ, सितल तामाङसमेतले लेखाइदिएको एकैमिलानको घटना विवरण वस्तुस्थिति मुचुल्का ।

अभियुक्त ताराबहादुर बस्नेतले पीडित बि. बाह्रबिसेसमेतलाई पीडितको घरबाट होटलमा काम लगाइदिने भनी काठमाडौंमा लिई प्रकाशसँग सरसल्लाह गरी बम्बई पुर्‍याई बिक्री गरेको सप्रमाण पुष्टि हुन आएको र प्रस्तुत वारदात २०५९ सालको भएकोले अभियुक्तले तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ (क) को अपराध पुष्टि हुन्छ । हाल उक्त ऐन प्रचलनमा नरही खारेज भइसकेको अवस्थामा हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २० (२) मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐनअन्तर्गत भए गरेका मानिने छन् भनी उल्लेख भएको हुँदा प्रस्तुत अपराधमा अभियुक्तलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(१)(क) को अपराधमा सोही ऐनको दफा १५(१)(क) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग पत्र ।

मैले केटीहरू लगेको होइन, बि. बाह्रबिसे र ..... गाउँकै केटीहरू हुन् । निजहरू के कसरी इन्डिया पुगे मलाई थाहा भएन । मैले ललाई फकाई गरी लगी बेचेको होइन । प्रकाश भन्ने केटा देखेँ चिनेजानेको हो, निजसँग अरू कुनै सम्बन्ध नभएको, ठेगाना पनि थाहा नभएको हुँदा निजसँग लागि केटीहरूलाई ललाउने फकाउने गरेको होइन । प्रहरीमा भएको बयान बेहोरा मेरो होइन । मैले गाउँका चेलीबेटीलाई बेचबिखन गर्न लगेको नहुँदा दाबीबमोजिम सजाय हुनुपर्ने होइन, दाबी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी ताराबहादुर बस्नेतले सुरू अदालतमा गरेको बयान ।

ताराबहादुर बस्नेतले मिति २०५८ साल भदौ २६ गते २.०० बजे दिउँसो घरबाट होटेलको काम लगाइदिन्छु भनी मलाई काठमाडौं लगी सोही दिन बेलुका ७.०० बजेतिर प्रकाश भन्ने मानिसलाई म र मेरो .....लाई जिम्मा लगाई ताराबहादुर उक्त स्थानबाट गएका हुन् । प्रकाशको कोठामा निजको एकजना साथी र श्रीमतीसमेत रहेछन् । २ दिन उक्त कोठामा राखेपछि निज प्रकाशले हामीलाई काम लगाइदिन्छु भनी बस चढाई लगेको हो । मैले काठमाडौं ठूलो रहेछ भन्ठानेको थिएँ । ३।४ दिनपछि भारतको बम्बई कमान्ठीपुरा भन्ने ठाउँमा पुर्‍याएको रहेछ । ३ दिनपछि मात्र मैले बम्बई पुगेको कुरा त्यहाँको घर मालिक्नी विमला तामाङले तिमीहरूलाई यहाँ रू. ५०,०००।– मा बेचेको हो भनेपछि थाहा पाएँ । त्यसपछि मलाई हरेक दिन जबरजस्ती यौन धन्दामा लगाइयो । करिब १ वर्ष उक्त कोठीमा बसी म बिरामी भएको बेलामा कोठी मालिक्नीले अस्पतालमा लगेको अवस्थामा म र भारत बेङगलोरकी कोठीमा काम गर्ने लक्ष्मी नामकी महिला औषधी किन्दै गर्दा मालिकलाई झुक्याई भागेका हौं । म पनि लक्ष्मीसँगै बैङगलोर गई ५।६ वर्ष जति गारमेन्टमा काम गरी बसी २ वर्षअगाडि जति म नेपाल आएकी हुँ भन्नेसमेत बेहोराको बि. बाह्रबिसेले सुरू अदालतमा गरेको बकपत्र ।

जाहेरवाला बि. बाह्रबिसेलाई मेरो दाइले बिक्री गर्न लगेको होइन । दाई काठमाडौं एक्लै गएका थिए, म सानै थिएँ । अरू मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी कान्छा बस्नेतले सुरू अदालतमा गरेको बकपत्र ।

मेरो बहिनी बि. बाह्रबिसेलाई प्रतिवादी ताराबहादुर बस्नेतले तिम्रो दाजु र ममा कुनै फरक छैन म तिमीलाई काठमाडौं लगी काम लगाइदिन्छु र दशैं तिहारमा पनि सँगै ल्याइदिन्छु भनी निजले काठमाडौं लगी २ दिन कोठामा थुनी राखी इन्डिया लगी बेचेको हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुलकाका मानिस .....ले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी ताराबहादुर बस्नेतले जाहेरवाली बि. बाह्रबिसेलाई मिति २०५८।५।२६ गते काठमाडौं लगेको होइन । निज जाहेरवालीलाई प्रतिवादीले फकाएको पनि होइन । प्रतिवादीउपर लगाइएको आरोप एवं उजुरी झुट्टा हो । उक्त मितिमा मैले ताराबहादुरलाई काठमाडौं सोह्रखुट्टे प्रहरी चौकीमा भेटेको थिएँ । ऐ. २५ गते प्रहरीले निजलाई पक्राउ गरेका हुन् । प्रतिवादीउपर जाहेरवालीको कुनै लेनदेन, रिसइवी केही पनि थिएन । किन उजुरी गरे मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी शिवबहादुर बस्नेतले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०५८ साल भदौ २६ गते गाउँका बि. बाह्रबिसे र ..... घरमा नभएको खबर पाएँ । गाउँघरमा खोजतलास गर्दा ताराबहादुर बस्नेतले ललाई फकाई काम लगाइदिन्छु भनी काठमाडौं लगेको कुरा जानकारी भयो । त्यसपछि प्रतिवादीलाई खोजतलास गर्दा भेट भई बहिनीहरू खोई भन्दा मैले अर्को साथीको जिम्मा लगाएको छु भन्यो र निजलाई हामीले सोह्रखुट्टे प्रहरी बिटमा लग्यौं । मिति २०५८।५।२८ गते नै निजलाई महिला सेलमा लग्दा उसले तत्कालै निजको साथी प्रकाशको जिम्मा लगाएको र प्रकाशले बहिनीहरूलाई भारतमा लगेको कुरा स्वीकार गरेका थिए । तत्काल मुद्दा चलेपछि निजले बहिनीहरूलाई खोजेर ल्याउँछु भन्ने सर्तमा प्रहरीले थुनाबाट छाडेको हो । पीडितले स्वयं बेचिएको १०/११ वर्षपछि नेपाल फर्की आई निजलाई बेचबिखन गरेको कुरा भनेपछि ताराबहादुरले निजहरूलाई बेचेको कुरा थाहा भयो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस राजेन्द्र तामाङले सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीलाई वारदात हुँदाका बखत तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा ८(१) मा व्यवस्था भएबमोजिम अधिकतम २० वर्ष कैद सजाय हुने ठहर्छ । सबै पीडितले समानरूपले राहत पाउने उनीहरूको नैसर्गिक अधिकार हो । त्यसको सुनिश्चितताका लागि स्पष्ट कानूनी व्यवस्था गरी यही ऐनमा भएको कोषको दायरा बढाई परिचालन गर्ने हो वा छुट्टै कोषको कानूनी व्यवस्था गरी सबै पीडितले समान रूपमा न्याय माग्न आउनासाथ पहिलो ढोकामै सो राहत पाउने व्यवस्था गर्न समय सापेक्ष र न्यायसम्मत हुने देखिन्छ । त्यसरी उपलब्ध गराएको रकम मुद्दाको अन्तिम किनारा लागेपछि सो रकम सरकारी बाँकीसरह नेपाल सरकारले प्रतिवादीबाट असुल गर्ने व्यवस्था भएमा प्रभावकारी हुने देखिन्छ । मानव बेचबिखन तथा ओसार पसार विरूद्धको अभियान सञ्चालनका लागि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ३ बमोजिम गठित राष्ट्रिय समिति र ऐ. नियम ६ बमोजिम गठित जिल्ला समिति क्रियाशील रहेको वर्तमान समयमा सो विशेष कार्यका लागि गठित ती समिति तथा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष उल्लिखित कानूनी व्यवस्था गर्नु अत्यावश्यक भएकोले स्थानीय रूपमा क्रियाशील रहेको जिल्ला समितिलाई त्यसतर्फ पहल गर्न ध्यान आकृष्ट गराउनु

आफ्नो कार्यानुभवको आधारमा यो इजलास आफैँमा अन्तरनिहित दायित्वबोधसमेत गर्दछ । तसर्थः फैसलाको जनाउ सम्बन्धित निकायलाई जिल्ला सरकारी वकिल कार्यालयमार्फत दिनु भन्ने सुरू अदालतको मिति २०७०।२।२७ को फैसला ।

जाहेरवालीलाई भारत बम्बई लगी बिक्री गर्ने व्यक्ति प्रकाश हो भन्ने तथ्य निज जाहेरवालीको अनुसन्धानको क्रमको बयान बकपत्रसमेतबाट पुष्टि भइरहेको छ । मैले जाहेरवालीलाई बेचबिखन गर्ने उद्देश्यले काठमाडौं ल्याएको भन्ने तथ्य स्थापित भएको छैन । मैले निजहरूलाई होटलमा कार्य गर्नका लागि भनी मात्र काठमाडौं ल्याई प्रकाशको जिम्मा लगाएको हो । निजहरूलाई होटलमा बन्धक बनाउनेलगायतको कार्यमा मेरो संलग्नता पुष्टि भएको छैन । मैले निजहरूलाई बेचबिखन गर्ने उद्देश्य रहेको भए होटलमा बन्धक बनाउने कार्यमा समेत संलग्नता रहने थियो । जाहेरवालीलाई सिन्धुपाल्चोकबाट काठमाडौंसम्म ल्याउने कार्य र काठमाडौंबाट बम्बई लगी बिक्री गर्ने कार्य समान प्रकृतिको अपराध कायम हुने गरी मलाई अधिकतम सजाय गर्ने गरी भएको फैसलामा न्यायिक मन र विवेकको प्रयोग भएको छैन । अतः सुरू जिल्ला अदालतबाट भएको फैसला त्रटिपूर्ण हुँदा उल्टी गरी अभियोगदाबीबाट सफाइ पाउन वा न्यूनतम सजाय हुन अनुरोध छ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र ।

प्रतिवादीले पीडितलाई मानव बेचबिखनजन्य कार्य गरेको मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भई प्रतिवादीलाई सजाय गरेको अवस्था हुँदा पीडित बि. बाह्रबिसे अशिक्षित ग्रामीण महिला आफू भारतमा बेचिएको लामो समयपछि अनकौं दुःख र पीडा झेली उद्दार भई नेपाल फर्की आएको अवस्थाको भन्ने देखिन्छ । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐनअर्न्तगत भए गरेका मानिने छन् भन्ने व्यवस्था गरेको पाइन्छ । सजायको सम्बन्धमा Ex-Post Facto Law (अतित प्रभावी कानून) प्रयोग हुने सिद्धान्त आकर्षित भएपनि पीडितलाई क्षतिपूर्ति भराउनेसम्बन्धी व्यवस्था सजाय नभई पीडितको हित एवं उद्दारको लागि भएको हुँदा पीडित पक्षको कल्याणको लागि गरिएको कानूनी व्यवस्थालाई अतित प्रभावी कानूनको संज्ञा दिई पीडितको हितविपरीत व्याख्या एवं अर्थ गर्न मिल्ने होइन । सुरू अदालतबाट क्षतिपूर्तिको सम्बन्धमा दाबी गरिएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को व्यवस्था कार्यान्वयनको पाटो प्रभावकारी नभएको भन्ने अर्थ लगाई पीडितलाई क्षतिपूर्ति भराउनेतर्फ उदासिन भई गरेको फैसला कानूनको व्याख्या एवं Victim Justice को Prospective बाट समेत खण्डनीय भई बदरभागी देखिन आउँछ । Calder Vs. Bull को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले कुनै कार्य गर्दा अपराध नमानिएको र पछि बनेको कानूनले अपराध मानेको अपराध गर्दाको अवस्थामा भन्दा बढी गम्भीर बनाउने, गर्दाको समयमा भन्दा बढी सजाय तोक्ने र अपराध गर्दाको समयमा भन्दा कम वा फरक प्रमाण बुझ्ने गरी व्यवस्था भएको कानूनलाई मात्र अतित प्रभावी मानिने व्यवस्था गरेको जसभित्र सुविधा दिने, पीडितलाई राहत दिने कानून नपर्ने विश्वव्यापी मान्यता रही आएको सन्दर्भमा पीडितलाई पर्न गएको पीडाको मापन गरी क्षतिपूर्ति भराउनुपर्ने अन्तरनिहित विषयतर्फ न्यायिक दृष्टि नपुर्‍याई क्षतिपूर्ति पीडितलाई नदिलाउने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी देखिन आउँछ मागदाबीअनुरूप क्षतिपूर्ति भराउनु पर्नेमा नभराउने गरी सुरू अदालतबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी पीडितलाई अभियोग मागदाबीबमोजिम प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउन अनुरोध गरिन्छ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र ।

यसमा सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ एक अर्काको पुनरावेदन पत्र दुवै पक्षलाई परस्पर सुनाई प्रत्यर्थी झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।७।४ को आदेश ।

सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७०।२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७२।७।२५ को फैसला ।

जाहेरी दरखास्तको बेहोरा, पीडित बाह्रबिसे बि. ले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयान, म पुनरावेदक / प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका कागजातबाट पीडित बाह्रबिसे बि. लाई प्रकाशले भारत लगेको भन्ने देखिइरहेको र मेरो निर्दोषिता प्रमाणित र पुष्टि भइरहेको तथ्यलाई पूर्ण रूपमा बेवास्ता र बेमतलब गरी म प्रतिवादीले जाहेरवालीलाई बिक्री गरेको भनी केवल हचुवा र आशंकाको भरमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसुर कायम गरेको सुरू एवं पुनरावेदन अदालतको फैसलाहरू त्रुटिपूर्ण रहेको छ । यसैगरी तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुन्छ भन्ने कानूनी व्यवस्था गरेको छ र उक्त दफाबमोजिमको सजाय हुनका लागि कुनै पनि व्यक्तिले मानिसको बेचबिखन गरेको कार्यको शंकारहित तबरले पुष्टि र प्रमाणित भएको हुनुपर्दछ । पीडितको जाहेरी दरखास्तदेखि सम्मानित अदालतको फैसलाको सम्पूर्ण कागजातहरूको अध्ययन गर्दा जाहेरवालीलाई निजले भनेबमोजिम बेचबिखन गर्ने प्रकाशलाई कसुरअनुसार सजाय हुनुपर्नेमा सो नगरी स्वयं झुक्यानमा पर्ने म पुनरावेदकलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ (क) मा उल्लेख भएबमोजिमको कसुर अपराध गरेको भनी उक्त ऐनको दफा ८(१) बमोजिम अधिकतम हदैसम्म २० वर्ष कैद सजाय हुने गरी मिति २०७०।२।२७ मा सिन्धुपाल्चोक जिल्ला

अदालतबाट भएको फैसलालाई यथावत् सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।२५ मा भएको फैसला न्यायोचित र विवेकपूर्ण नभई त्रुटिपूर्ण रहेको हुनाले उक्त फैसला उल्टी गरी अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी ताराबहादुर बस्नेतको यस अदालतमा परेको पुनरावेदन ।

यसमा पीडित महिलालाई प्रतिवादी ताराबहादुर बस्नेतले सिन्धुपाल्चोकबाट काठमाडौंसम्म ल्याई प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाएको भन्नेसम्मको संलग्नता देखाइएको तथ्यगत सन्दर्भमा निजलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुर कायम गरी दफा ८(१) बमोजिम २० वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि मुलुकी ऐन अ.बं. २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।४।१७ को आदेश ।

उल्लिखित बेहोरा भएको प्रस्तुत मुद्दामा पुनरावेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुंगेलले यी प्रतिवादी / पुनरावेदकले बाह्रबिसे बि. लाई बेचबिखन गरेको भन्ने कहिँकतैबाट खुलेको अवस्था छैन । केवल सिन्धुपाल्चोकबाट काठमाडौंसम्म सँगै आएको भन्ने मात्र देखिएको छ । पीडितकै जाहेरी र बकपत्रबाट पनि भारत लैजाने र बिक्री गर्ने व्यक्ति प्रकाश हो भन्ने स्पष्ट भइरहेको अवस्था छ । यस्तो अवस्थामा मेरो पक्षलाई अलिकति पनि न्यायिक मन प्रयोग नगरी हदैसम्मको २० वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला विवेकपूर्ण नभई त्रुटिपूर्ण भएको हुँदा सो फैसला उल्टी हुनुपर्दछ र मेरो पक्षले सफाइ पाउनु पर्दछ भन्ने बेहोराको बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी विपक्षी / वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले यी प्रतिवादी / पुनरावेदक र प्रकाशको मिलेमतोबाट यी पीडित बाह्रबिसे बि. लाई भारत पुर्‌याई बिक्री गरिएको अवस्था छ । पीडितलाई सिन्धुपाल्चोकबाट काठमाडौं ल्याई प्रकाशको जिम्मा लगाउने काम यी पुनरावेदकले गरेको भन्ने स्पष्टै छ । विपक्षी पुनरावेदक र प्रकाश दुवै साथी साथी रहेका र मानव बेचबिखन गर्ने काम गर्ने व्यक्तिहरू भएका भन्ने देखिएको छ । विपक्षीले पीडितलाई बिक्री गर्ने सन्दर्भमा विभिन्न Step (चरण) मा भूमिका निर्वाह गरेको देखिएको अवस्थामा निज निर्दोष हो भन्न नमिल्ने हुँदा पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिएकाले उल्टी बदर हुनुपर्ने अवस्था छैन भनी बहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक / प्रत्यर्थीतर्फबाट प्रस्तुत भएको उल्लिखित बेहोराको बहस सुनी मिसिल अध्ययन गर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनले गरेको मिति २०७१।७।२५ को फैसला मिले नमिलेको के हो ? तथा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरअनुसार हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णय सम्बन्धमा विचार गर्दा यी पुनरावेदकले मिति २०५८।५।२६ गते काठमाडौंमा काम लगाइदिन्छु भनी पीडित बाह्रबिसे बि. लाई निजको घर सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म ल्याएको र काठमाडौंमा प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाएपछि निज प्रकाशले भारत बम्बई पुर्‌याई कोठीमा बिक्री गरेका रहेछन् । बिक्री भएको कुरा आफूलाई कोठी मालिक्नीले भनेपछि मात्र थाहा भएको र १ वर्षजति सोही कोठीमा काम गरेपछि बिरामी भई कोठी मालिक्नीले उपचार गराउन लगेको बेलामा औषधी किन्न जाँदा मालिक्नीलाई झुक्याइ भाग्न सफल भएकी हुँ । अतः मलाई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्तिहरूउपर कारबाही गरिपाउँ भनी मिति २०६९।८।१ मा जाहेरी परेको देखिन्छ । जाहेरी दरखास्त परेपछि अनुसन्धान भई यी पुनरावेदक / प्रतिवादीले तत्कालीन समयको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को अपराध गरेको र हाल उक्त ऐन प्रचलनमा नरही मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ प्रचलनमा रहिरहेकोले उक्त मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐनअन्तर्गत भए गरेका मानिने छन् भनी उल्लेख भएको हुँदा प्रस्तुत अपराधमा अभियुक्तलाई मानव बेचबिखन अथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(१)(क) को अपराधमा सोही ऐनको दफा १५(१)(क) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भनी सिन्धुपाल्चोक जिल्ला अदालतमा अभियोग दायर भएकोमा यी पुनरावेदक / प्रतिवादीलाई तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा ८(१) मा व्यवस्था भएबमोजिम अधिकतम २० वर्ष कैद सजाय हुने तथा क्षतिपूर्ति दिनको लागि आवश्यक कोष र कानूनी व्यवस्था गर्न नेपाल सरकारसमक्ष सम्बन्धित जिल्ला समितिमार्फत पहल गर्न ध्यानाकृष्ट गराउनु भनी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७०।२।२७ मा फैसला भएकोमा सो फैसलामा चित्त नबुझाई आफूलाई २० वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला बदर गरी सफाइ पाउँ भनी प्रतिवादी ताराबहादुर बस्नेतले र पीडितलाई क्षतिपूर्ति भराउनुपर्नेमा नभराई क्षतिपूर्ति सम्बन्धमा आवश्यक कोष र कानूनी व्यवस्था गर्न सम्बन्धित स्थानीय समितिमार्फत नेपाल सरकारको ध्यानाकृष्ट गराउनु भनी भएको फैसला सो हदसम्म नमिलेको हुँदा मागबमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई पाउँ भनी वादी नेपाल सरकारले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत पाटनले सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर हुने ठहर गरी मिति

२०७१।७।२५ मा फैसला गरेको देखिन्छ । पुनरावेदन अदालत पाटनले गरेको उक्त फैसला न्यायपूर्ण र विवेकपूर्ण नभएकोले सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भनी पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतको यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. प्रस्तुत घटनाको वारदात २०५८।५।२६ मा भएको भनी ०६९।८।१ मा जाहेरी परेको र मिति २०६९।८।२६ मा अभियोग दायर भएको देखियो । वारदात मिति२०५८।५।२६ भएकोमा तत्काल प्रचलनमा रहेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) मा कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय गरेको छैन भन्ने व्यवस्था रहेको देखिन्छ भने जाहेरी पर्दाका बखत प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) मा कुनैपनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी हाल प्रचलित नेपालको संविधानको धारा २०(४) ले पनि सो संवैधानिक व्यवस्थालाई निरन्तरता प्रदान गरेको देखिँदा कसुर गर्दाका बखत प्रचलनमा नरहेको कानूनबमोजिम कारबाही र सजाय गर्न नमिल्ने भन्ने संवैधानिक व्यवस्था रहेकोमा विवाद देखिएन ।

४. प्रस्तुत मुद्दामा पीडितलाई मिति २०५८।५।२६ मा भारतको बम्बैमा पुर्‌याई बिक्री गरी कसुर गरेको भन्ने देखिन्छ ।२०५८।५।२६ मा कसुर गरेको समयमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ प्रचलनमा रहेको थियो भने मिति २०६९।८।२६ मा जाहेरी पर्दाको बखत मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू रहेको देखिएकोले प्रतिवादीउपर कुन कानूनअन्तर्गत कारबाही र सजाय हुने हो भन्ने द्विविधा भएको र त्यस सन्दर्भमा विचार गर्दा साबिकको ऐनबमोजिमको कसुरमा हालको ऐनको कार्यविधि लागू हुने भनी प्रेमबहादुर मोक्तान विरूद्ध नेपाल सरकार (ने.का.प. २०६०, अंक ७/८, नि.नं. ७२६०) भएको जिउ मास्ने बेच्ने मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादित भई प्रकाशितसमेत भइरहेको पाइन्छ । उल्लिखित संवैधानिक व्यवस्था तथा अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा हेर्दा कानूनका दुई प्रकारमध्ये कार्य विधिगत कानूनको हकमा सम्बन्धित मुद्दाको कार्यविधि चल्दाको अवस्थामा प्रचलित कानून नै लागू हुने देखिन्छ भने Substantive कानूनको हकमा पश्‌चातदर्शी रूपमा कानूनको प्रयोग गर्न मिल्ने देखिँदैन ।

५. Substantive कानूनको प्रयोग पश्‌चातदर्शी रूपमा गर्न नमिल्ने संवैधानिक व्यवस्था भएपनि अपराध गर्दाको बखत प्रचलनमा रहेको कानूनको स्थानमा नयाँ कानून निर्माण भएको अवस्थामा कुन कानूनको आधारमा सजाय हुने हो भन्ने द्विविधाको समाधान अदालती व्याख्याबाट भएको पाइन्छ । यस सम्बन्धमा Calder Vs. Bull को मुद्दा (सन् १७९८) मा अमेरीकी सर्वोच्च अदालतले निम्न प्रकृतिको कानूनलाई अतीत प्रभावी हुने भनी व्याख्या गरेको देखिन्छः-

(१) कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछाडि बनेको कानूनले अपराध घोषित गर्ने गरी निर्माण गरिएको कानून (Every law that makes an action done before the passing of the law and which was innocent when done criminal and punishes that action.)

(२) कुनै कसुर गर्दाको अवस्थामा सानो र कम गम्भीर मानिएको कसुरलाई पछाडि ठूलो र बढी गम्भीर हुने गरी निर्माण गरिएको कानून (Every law that aggravates a crime or makes it greater than it was when committed.)

(३) कसुर गर्दाको समयमा कम सजाय हुने कुनै कसुरमा पछाडि सजाय परिवर्तन गरी बढी सजाय गर्ने गरी निर्माण गरिएको कानून (Every law that changes the punishment and inflicts a greater punishment than the law annexed to the crime when committed.)

(४) अपराध गर्दा अपराधीलाई कसुरदार ठहर गर्न आवश्यक पर्ने प्रमाणसम्बन्धी कानूनी नियमहरूमा फेरबदल गरी कसुर प्रमाणित गर्न कम प्रमाण भए पुग्ने गरी निर्माण गरिएको कानून (Every law that alters the legal rules of evidences and receives less or different testimony than the law required at the time of the commission of the offence in order to convict the offender.)

६. अतीत प्रभावी कानूनका सम्बन्धमा अमेरिकी सर्वोच्च अदालतले गरेको उल्लिखित व्याख्यालाई नेपालको सर्वोच्च अदालतबाट उत्तम लामा वि. श्री ५ को सरकार भएको जिउ मास्ने बेच्ने मुद्दा (ने.का.प. २०६१, अंक ९, नि.नं.७४३२) मा स्वीकार गरिएको पाइन्छ । उपर्युक्त व्याख्याको सन्दर्भमा प्रस्तुत मुद्दालाई हेर्दा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ र मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ दुवैले मानव बेचबिखन तथा ओसार पसारको कार्यलाई अपराध भनी मान्यता दिएको देखिन्छ । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) ले जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐनअन्तर्गत भए गरेको मानिने छन् भन्ने व्यवस्था गरेकोले जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ बहाल रहेको अवस्थामा भएको कसुरमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ अनुसार कारबाही चलाउन सकिने नै देखिन्छ ।

७. अमेरिकी सर्वोच्च अदालतले गरेको उल्लिखित व्याख्या र कानूनको अतित प्रभावी सिद्धान्तलाई प्रस्तुत मुद्दाको सम्बन्धमा विचार गर्दा प्रतिवादी / पुनरावेदक ताराबहादुर बस्नेत काठमाडौंमा बस्ने गरेकोमा निज आफ्नो गृह जिल्ला सिन्धुपाल्चोक गई पीडितसमेतलाई काठमाडौंमा काम लगाइदिन्छु, धेरै पैसा आउँछ भनी फकाई फुलाई प्रलोभनमा पारी निजहरूको घरपरिवारसँग सरसल्लाह नगरी परिवारको सहमति नलिई पीडितलाई निजको घर सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म ल्याई प्रकाश भन्ने व्यक्तिको साथमा (जिम्मामा) लगाएको भन्नेमा विवाद देखिएन । निज पुनरावेदक / प्रतिवादीले पीडितलाई आफ्नो चिनजानको साथी प्रकाशको जिम्मा लगाएपछि निज प्रकाशले पीडितलाई भारत बम्बईको कमान्ठीपुरामा पुर्‍याई कोठीमा बिक्री गरेको भन्ने निज पीडितको बयानबाट देखिनुका साथै प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडित बाह्रबिसे बि. र ..... गाउँकै केटीहरू हुन्, प्रकाश भन्ने व्यक्ति चिनजानको मान्छे भएकोले केही समय निजको साथमा बस्न भनेको हो, निजले भारत बम्बैमा लगी बेच्ला जस्तो लागेको थिएन भनी बयान गरेकोसमेत देखियो । यसप्रकार यी पुनरावेदक / प्रतिवादीको अदालतको बयानबाट समेत यिनले नै पीडितलाई सिन्धुपाल्चोकको निजको घर / गाउँदेखि ल्याई प्रकाश भन्ने व्यक्तिको जिम्मामा दिएको र प्रकाशले भारत बम्बई पुर्‍याई निज पीडितलाई बिक्री गरेको भन्ने देखिएको सन्दर्भमा सो बिक्री गर्ने कार्यमा यी पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतको कहिँकतै पनि सहयोग र संलग्नता थिएन भनी मान्न मिल्ने नदेखिई निजको सो कार्य जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ४ तथा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(३) अन्तर्गतको कसुर कायम हुने देखियो ।

८. उल्लिखित कसुरका प्रतिवादी / पुनरावेदकलाई हुने सजायको सम्बन्धमा विचार गर्दा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) अनुसार १० वर्षदेखि २० वर्षसम्म कैद सजाय हुने देखिन्छ भने मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) अनुसार पुनरावेदक / प्रतिवादीलाई २० वर्ष कैद र २(दुई) लाख जरिवाना हुने देखिन्छ । यसप्रकार वारदात हुँदाका बखत प्रचलनमा रहेको ऐनले उल्लिखित कसुरमा निर्धारण गरेको सजायभन्दा पछिल्लो ऐनले निर्धारण गरेको सजाय बढी रहेकोले प्रस्तुत वारदातका कसुरदारलाई पछि बनेको ऐन (मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४) अनुसार सजाय गर्दा बढी सजाय हुन जाने र त्यसो गर्नु अतित प्रभावी सिद्धान्त (Principle of Ex-Post Facto law) अनुसार नमिल्ने भएकाले प्रस्तुत मुद्दाका कसुरदार पुनरावेदक ताराबहादुर बस्नेतलाई जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ अनुसार सजाय गर्नुपर्ने देखियो । जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा "मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ" भन्ने उल्लेख भएको देखिँदा मानिस बेचबिखनको कसुरमा संलग्न हुने कसुरदारलाई संलग्नताको स्तर हेरेर विवेकशील निर्णय गर्न विधि निर्माणकर्ताले न्यायकर्तालाई पर्याप्त स्वविवेकीय अधिकार दिएको देखिन्छ । यसरी मानिस बेचबिखनको कार्यमा संलग्न कसुरदारलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने फैसला गर्न न्यायकर्ता सक्षम रहेपनि निर्णय गर्दा विवेकशील, न्यायोचित र औचित्यता हेरी निर्णय गर्नुपर्दछ, भने कसुरदारलाई गरिएको सजाय र कसुरको स्तरबीचमा औचित्यपूर्ण सम्बन्ध पनि देखिनुपर्दछ ।

९. प्रस्तुत मुद्दामा पुनरावेदक ताराबहादुर बस्नेतको आपराधिक कार्यमा संलग्नता रहेको देखिए पनि त्यस्तो संलग्नता सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म पीडित पक्षलाई ल्याउने कार्यमा सीमित रहेको देखिन्छ । काठमाडौंदेखि भारतको बम्बईको कमान्ठीपुरामा पुर्‍याई बिक्री गर्नेसमेतका कार्यमा निजको संलग्नता रहेको देखिँदैन । साथै पीडित बाह्रबिसे बि. लाई बम्बईको कोठीमा बिक्री गरेबापत प्राप्त रकम बाँडफाँड भएको तथा त्यस्तो रकमको बाँडफाँडबाट केही हिस्सा यी पुनरावेदकले लिई आर्थिक लाभ प्राप्त गरेको भन्नेसमेत कहिँकतैबाट खुल्न आएको देखिँदैन ।

१०. सिन्धुपाल्चोक बस्ने पीडित बाह्रबिसे बि. लाई सिन्धुपाल्चोकदेखि काठमाडौं हुँदै भारतको बम्बईसम्म पुर्‍याई बिक्री गर्ने कार्य पूरा गर्दा पूरा गर्नुपर्ने विभिन्न चरणहरूमध्ये पहिलो चरणको सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म ल्याउने कार्यमा संलग्न हुने यी पुनरावेदकलाई विधायिकाले कानून बनाउँदा निर्धारण गरेको सजायको उच्च स्तरको मात्रा प्रयोग गरी हदैसम्मको दण्ड दिनु न्यायोचित र विवेकसम्मत नहुने र न्यूनतम सजाय गर्दा पनि कानूनको मनसाय पूरा हुने देखिन्छ ।

११. अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रस्तुत मुद्दाका पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतलाई निजले पीडित बाह्रबिसे बि. लाई बेचबिखन गर्न निर्वाह गरेको भूमिकाको आधारमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम हदैसम्मको सजाय गर्नु न्यायोचित नदेखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।२५ मा पुनरावेदक/प्रतिवादी ताराबहादुर बस्नेतलाई २० वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसला सो हदसम्म उल्टी भई निजलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १०(दश) वर्ष कैद हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१२. प्रस्तुत मुद्दामा कानून (ऐन) द्वारा प्रतिवादीलाई तोकिएको सजायको दृष्टिकोणबाट जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लागू भएपनि मानव बेचबिखन ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) को कानूनी व्यवस्थाले जिउ मास्ने बेच्ने

कार्य (नियन्त्रण) ऐन, २०४३ लाई समर्थन गरेको अवस्था तथा सोही मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भन्नेसमेतको अभियोग दाबी भएको सन्दर्भमा पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसुर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधि शास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत सामञ्जस्यता नराख्ने हुँदा प्रस्तुत मुद्दामा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने देखियो।

१३. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिनुपर्ने भन्ने उल्लेख भए पनि प्रस्तुत मुद्दामा पीडितले प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउन सक्ने अवस्था मिसिलबाट देखिँदैन। साथै पीडित एच. आइ. भि. को संक्रमित रोगी भएकाले नियमित उपचार गर्नुपर्ने अवस्थामा रहेको तथा निजको आर्थिक अवस्थासमेत कमजोर रहेको भन्ने निजको बयान बेहोराबाट देखिन्छ। यसप्रकारको संवेदनशील रोग तथा कमजोर आर्थिक स्थितिको बिरामी (पीडित) ले कसुरदारबाट क्षतिपूर्ति भराई लिन पाउने अवस्था नभएको हुँदा निजको संरक्षकत्वको भूमिका निर्वाह गर्नबाट राज्य पन्छिन मिल्ने देखिएन।

१४. तसर्थः यस्तो अवस्थाका पीडितलाई क्षतिपूर्तिको व्यवस्थासमेत गर्न मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ मा व्यवस्था भएको पुनःस्थापना कोषबाट पीडितले रू.३,००,०००।- (तीन लाख) क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ। यस्तो रकम बैंक खाताबाट निकाल्न पीडितलाई सहज हुने गरी निजलाई पायक पर्ने सरकारी बैंकमा निज पीडितको नाममा खाता खोल्न लगाई यथाशीघ्र सो खातामा जम्मा गर्ने व्यवस्था गर्नु गराउनु भनी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। तपसिलबमोजिम गर्नू।

तपसिल

१. माथि इन्साफ खण्डमा ठहर भएबमोजिम पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसला केही उल्टी भई पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतलाई १०(दश) वर्ष कैद सजाय हुने ठहरेकाले सुरू जिल्ला अदालतको तपसिल खण्डको १ नं. को लगत कायम नरहने हुँदा सो लगत संशोधन गरी पुनरावेदक / प्रतिवादीलाई पक्राउ परेको मिति (२०६९।८।२) देखि गणना गरी १० वर्ष कैद असुल गर्न लगत कसी संशोधित कैदी पुर्जीसहितको जानकारीपत्र सम्बन्धित कारागारमा पठाई दिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू।

२. इन्साफ खण्डमा ठहर भएबमोजिमको रकम यथाशीघ्र पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई दिनू।

३. प्रस्तुत फैसलाको प्रति विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

फैसला मिति : २०७४।८।१३

निर्णय नं. १०११८

भाग: ६० साल: २०७५ महिना: माघ अंक: १०

फैसला मिति :२०७४/०८/१३ २८०४

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०६९-CR-०८५६

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला गाउँखर्क गा.वि.स. वडा नं.४ घर भई हाल, कारागार शाखा, नुवाकोटमा थुनामा रहेका नुर्वु भन्ने याङ्गचेन तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम नुवाकोट २ र ३ को जाहेरीले नेपाल सरकार

फैसला

न्या.डा.आनन्दमोहन भट्टराई : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत पाटनको फैसलाउपर प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छः-

मिति २०६८।०२।१२ गते नुवाकोट जिल्ला गाउँखर्क गा.वि.स. वडा नं.४ बस्ने याङ्गचेन तामाङ, म र गाउँकै बहिनी नाता पर्ने नाम परिवर्तित नुवाकोट ३ समेत भई मकै गोडी रहेको अवस्थामा निज प्रतिवादी याङ्गचेन तामाङले तिमीहरू किन गाउँमा दुःख गरी बस्छौ? काम गरी खान पुग्दैन । यहाँ नबस म तिमीहरूलाई इण्डिया भारतमा लगी होटलमा काम लगाई दिन्छु भनी म बट्टार बजार गई बस्छु तिमीहरू १४ गते आउनु भनी ललाई फकाई गरी हामीलाई भारतमा बिक्री गर्ने उद्देश्यले बोलाएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानूनी कारबाही गरिपाउँ भन्ने बेहोराको संयुक्त जाहेरी दरखास्त ।

मिति २०६८।०२।१२ गते म मेरो दिदीको बारीमा मकै गोड्न भनी गएको अवस्थामा हाल नाम परिवर्तित नुवाकोट २ र मलाई गाउँको मैले चिनेकी छिरिङ भन्ने तोक लामाको छोरी प्रतिवादी याङ्गचेन तामाङ हामीले काम गरेको ठाउँमा आई तिमीहरूलाई यहाँ गाउँमा काम गरेर खान पुग्दैन । म तिमीहरूलाई भारतमा लगी होटलमा काम लगाई दिन्छु । तिमीहरू दुवैजना मसँग हिडँ । यो कुरा घरपरिवारलाई नभन्नु भनेकोले निजको कुराप्रति विश्वास लागी निजको पूर्वसल्लाहअनुसार सो दिन म नुवाकोट २ को घरमा सुती मिति २०६८।०२।१४ गते बिहान हामीहरू दुवैजना सातबीसेबाट गाडी चढी बट्टार बजारमा आई याङ्गचेन तामाङलाई खोजतलास गरी पर्खी बसेको अवस्थामा प्रहरी कर्मचारीहरू आई सोधपुछ गर्दा म र मेरो साथीलाई निज प्रतिवादीले ललाई फकाई भारतमा लगी बिक्री गर्न लागेको कुरामा मलाई पूर्ण विश्वास लाग्यो भनी नाम परिवर्तन नुवाकोट ३ ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६८।०२।१२ गते बिहान बहिनी नाता पर्ने नाम परिवर्तन नुवाकोट ३ हाम्रो मकै बारीमा मकै गोड्न भनी गएकोमा हामीहरू दुवैजना मकै गोडी रहेको अवस्थामा मैरे गाउँकै मैले चिनेकी तोक लामा तामाङको छोरी याङ्गचेन तामाङ हामी भएको स्थानमा आई म तिमीहरूलाई भारतमा लगी राम्रो होटलमा काम लगाई दिन्छु भनी रू.३००।- बस भाडासमेत दिई तिमीहरू मिति २०६८।०२।१४ गते बट्टार बजार आउनु तर यो कुरा घर परिवारलाई नभन्नु भनी गएको हुँदा हामीले निजको विश्वासमा परी सोहीबमोजिम हामी दुवैजना सातबीसेको बस चढी बट्टार बजारमा ओर्लिई निज याङ्गचेनलाई खोजतलास गरी बसी रहेको अवस्थामा प्रहरी कर्मचारीहरू आई सोधपुछ गर्दा म र मेरो साथीलाई ललाई फकाई भारतमा लगी बिक्री गर्न लागेको कुरा मलाई पूर्ण विश्वास लाग्यो भनी अर्का जाहेरवाली नाम परिवर्तन नुवाकोट २ ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

म सानै छँदा मेरो आमाको मृत्यु भएको हुँदा बाबु तोक लामा तामाङको साथ बस्दै आउने क्रममा मेरो घरको आर्थिक अवस्था ज्यादै कमजोर भएको कारण मैरे गाउँको दावा देण्डुव शेर्पाले आजभन्दा १० वर्षअगाडि भारतको हिमाञ्चल प्रदेश भावनगरमा आफ्नो कपडा पसलमा राखी निजको घरमा काम गर्दै आएकोमा निज घरधनी दावा देण्डुको श्रीमती आफ्नो घर नुवाकोट गाउँखर्क आउने क्रममा म पनि निजको साथमा लागी गाउँ आएको थिएँ । सो क्रममा गाउँको हाल नाम परिवर्तन २ र ३ सँग गाउँमा पटकपटक सहर जाने क्रममा कुराकानी भइरहेको थियो । यसै क्रममा म फेरी आफूले काम गरेको स्थान भारतको हिमाञ्चल प्रदेश जाने सोच बनाई मैले मिति २०६८।०२।१२ गते जाहेरवालीहरू मकै गोडी रहेको स्थानमा गई म पहिले काम गरेको स्थानमा जाँदैछु । तिमीहरू पनि जाने भए म तिमीहरूलाई सहर लगी राम्रो काम लगाई दिन्छु, गाउँमा जस्तो घाँस दाउरा मेलापात गर्नु पर्दैन, मीठो खान पाइन्छ भनी बताएपछि निजहरू खुसी भए सोपश्चात् मैले निजहरूलाई म तिमीहरू भन्दा पहिला नै बट्टार बजारमा गई बस्छु । तिमीहरू दुवैजना सातबीसेबाट बस चढी बट्टार आउनु भनी निजहरूलाई बस भाडा भनी रू.३००।- दिएकी हुँ । सो कुरा दुवैजनालाई आफ्नो घर परिवारमा नभन्नु र तिमीहरू मध्ये नुवाकोट ३ ले आमाको मोबाइल पनि साथमा लिई आउनु भनी बताई उक्त दिन म आफ्नो दिदीको घर बट्टारमा आई बसे । सोहीअनुसार मिति २०६८।०२।१४ गते बट्टार बजार गई मैले निज जाहेरवालीहरूलाई पर्खिरहेकोमा निजहरूलाई अवेरसम्म पनि नदेखेपछि बट्टार काउन्टरमा गई सातबीसेबाट आउने बस आयो कि आएन भनी सोध्दा आइसक्यो भनेपनि मैले जाहेरवालीहरूलाई खोजतलास गर्दा फेला नपरेपछि म फर्की दिदीकोमा गई बसेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरेको हो । मैले निज जाहेरवालीहरू नाम परिवर्तन नुवाकोट २ र ३ लाई ललाई फकाई प्रलोभनमा पारी भारतमा लगी काममा लगाई दिने भनी फकाएकी हुँ भनी प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादी याङ्गचेन तामाङले जाहेरवालीहरूलाई भारतमा पुर्‍याई बेचबिखन गर्ने मनसायले ललाई फकाई गरी बट्टार बजारमा बोलाएकोमा मलाई पूर्ण विश्वास लाग्दछ भन्नेसमेत बेहोरामा बुझिएका रामबहादुर तामाङसमेतका मानिसले गरिदिएको कागज ।

मिसिल संलग्न किटानी जाहेरी दरखास्त, जाहेरवालीहरूको बयान कागज, प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङले गरेको बयान, बुझिएका मानिसहरू समेतको कागजसमेतको आधार प्रमाणबाट मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को (१) नं. को विपरीत ऐ. ४(२)(ख) नं. को कसुर अपराधमा ऐ.ऐन १५(१)(ङ)(२) बमोजिम सजाय र ऐ. १७(१) नं. अनुसार क्षतिपूर्तिसमेत भराई दिलाई पाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी ।

भारतको हिमाञ्चल कितोर जिल्ला भावनानगरमा मेरी मम्मी बस्नुहुन्छ । म त्यहीँ मम्मीकहाँ १० वर्ष बसेँ । हाल गाउँमा आएको थिएँ । यत्तिकैमा नाम परिवर्तन नुवाकोट २ र ३ जाहेरवालीहरूले हाम्रो यहाँ जबरजस्ती विवाह गर्न लागेका छन् । हामीलाई पनि तिमीसँगै काममा लगाई देउ भने, मैले काममा लगाउन सक्दिन भनेँ, म बट्टार दिदीको घरमा आउँदा हामीलाई पनि जसरी भएपनि लैजानु पर्‍यो । हामीहरू बट्टारसम्म जसरी भएपनि आउँछौं भने । उनीहरूलाई बट्टारमा मैले भेटेको होइन । गाउँमा केटीहरू हराएका छन् भनी प्रहरीले मलाई पक्राउ गरी ल्याएको हो । मैले नाम परिवर्तन नुवाकोट २ र ३ लाई फकाएको होइन, छैन । जाहेरी झुठ्ठा हो । म निर्दोष भएकाले झुठ्ठा जाहेरी दिनेलाई नै सजाय गरिपाउँ भन्ने बेहोराको प्रतिवादी याङ्गचेन तामाङले अदालतसमक्ष गरेको बयान ।

प्रतिवादीले जाहेरवालीहरूलाई बोलाएको होइन । ऊ सोझी गाउँले काम गर्ने महिला भएको हुँदा अरूहरूले नै उसलाई फसाउन झुठ्ठा आरोप लगाएको हो भनी प्रतिवादीको साक्षी काजीमान तामाङले अदालतसमक्ष गरेको बकपत्र ।

जाहेरवाला नुवाकोट २ र ३ ले याङ्गचेन तामाङले हामीलाई भारतमा राम्रो काम लगाई दिन्छु भनी फकाई आफू १ दिनअगावै बट्टारमा बसी, हामीलाई बाटो खर्चसमेत रू.३००।- छोडेकी हुन् । बट्टारमा याङ्गचेन तामाङसँग भेट भएको थियो । जाहेरी दरखास्तको बेहोरा ठिक हो भनी अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी याङ्गचेन तामाङले अभियोग दाबीअनुसारको कसुर अपराध गरेको देखिँदा निजलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १० वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना भई ऐ.ऐनको दफा १७ बमोजिम पीडितहरूलाई रू.५०,०००।- (पचासहजार) प्रतिवादीबाट क्षतिपूर्तिसमेत भराई दिने ठहर्छ भन्ने मिति २०६८।८।२८ को सुरू नुवाकोट जिल्ला अदालतको फैसला ।

अधिकारप्राप्त अधिकारीसमक्षको मेरो साबिती बयान मेरो स्वेच्छाबाट लेखिएको नभई मलाई पढी बाँची नसुनाई प्रहरीले आफूखुसी लेखी सहिछाप गराएको हो । अदालतसमक्षको मेरो बयानलाई सुरू अदालतले बेवास्ता गरेको छ । स्वयं जाहेरवालीहरूले सातबीसेबाट गाडी चढी बट्टार बजारसम्म आफूहरू मात्र आएको र प्रतिवादीलाई नभेटेको कुरा स्वीकार गरेबाट म निर्दोष रहेको कुरा पुष्टि हुन्छ । मैले जाहेरवालीहरूलाई फकाएको भनी लगाएको आरोप निराधार छ । निजहरू आफैँ मलाई काम लगाई दिनु पर्‍यो भनी फकाउन आएका र मैले निजहरूलाई काम लगाउन सक्दिन भनेको कारणबाट निजहरू मसँग रिसाई मेरो विरूद्ध भारतमा काम लगाई दिन्छु भनी फकायो

भनी जाहेरी दिएका हुन् । जाहेरी दरखास्तको बेहोरा झुठ्ठा हो भन्ने कुरा निज जाहेरवालीहरूले अदालतमा आई गरेको बकपत्रबाट पनि स्पष्ट हुन्छ । मिति २०६८/७/४ का दिन म याङ्गचेन तामाङलाई बट्टार बजारमा भेटेको भनी स.ज.२ र ३ मा उल्लेख गरेका छन् भने जाहेरी दरखास्त र अदालतको प्रमाणित बयानमा बट्टार बजारमा नभेटेको भनी लेखाएका छन् । जाहेरवालीहरूलाई मैले ललाई फकाई ल्याएको भए निजहरू मसँगै आउने थिए । गाउँखर्कबाट बट्टार बजारसम्म आइपुग्दा बाटोमा रहेको प्रहरी चौकीमा खबर पनि नगरेको, बजार आई पुगेपछि पनि निजहरू आफैँले खबर नगरी होटल मालिकले खबर गरी प्रहरीलाई जिम्मा लगाएको भनी निजहरूको बयानमा उल्लेख भएबाट निजहरू घरबाट सल्लाह नगरी भागी आएको र अवगालबाट बच्न निजहरूले मेरो विरूद्ध जाहेरी दिएको हुँदा सुरू नुवाकोट जिल्ला अदालतको फैसला फौजदारी कानूनका आधारभूत सिद्धान्त, प्रमाण ऐन, २०३१ को दफा २५ र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरसमेतको विपरीत हुँदा सो फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालत पाटनको पुनरावेदनपत्र ।

पुनरावेदिका प्रतिवादीले पीडितहरूलाई बिक्री गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको भन्ने तथ्य स्थापित हुनेसम्मको वस्तुनिष्ठ प्रमाण अभियोजन पक्षबाट पेस हुन नसकेको अवस्थामा पुनरावेदिकालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम सजाय गर्ने गरेको सुरूको फैसला प्रमाण मूल्याङ्कनको क्रममा फरक पर्नसक्ने देखिएकोले छलफलको लागि प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने मिति २०६९।४।१६ को पुनरावेदन अदालत पाटनको आदेश ।

प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङले आरोपित कसुर गरेको देखिँदा सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६८।८।२८ को फैसला मिलेकै देखिँदा सुरू फैसला सदर हुने ठहर्छ भन्ने मिति २०६९।०८।१२ को पुनरावेदन अदालत पाटनको फैसला ।

म प्रतिवादी र जाहेरवालीहरू एकै गाउँको भएकाले गाउँमा भेटघाट भएको, जाहेरवालीहरूले नै तिम्रो जस्तै काम लगाई देउ भनी जिद्दी गरेको र बट्टार बजार आउँदा एकदिनअघि आएको, बट्टारमा जाहेरवालीहरूलाई नभेटेको भनी मैले स्वीकार गरेको कुरालाई जाहेरवालीहरूलाई बट्टारमा भेट्ने सल्लाह भएको तथ्य पुष्टि भएको भनी एकतर्फी रूपमा मेरो विरूद्धमा प्रमाण लगाइएको छ । जाहेरवालीहरूले नै गाउँबाट आफूहरू मात्र बट्टार बजार आएको र बट्टार बजारमा म प्रतिवादीलाई नभेटेको भनी लेखाएको, बुझिएका मानिस इमानसिंह तामाङले नुवाकोट २ र ३ बट्टार बजारमा फेला पारेको हुँ अरू थाहा छैन भनी अदालतमा गरेको बकपत्रले स्पष्ट पारेको छ । जाहेरी दिने र अदालतमा जाहेरवालीहरूको बकपत्र गराउने कार्यभन्दा वादी पक्षले अन्य प्रमाण गुजार्न नसकेको अवस्थामा पनि नुवाकोट जिल्ला अदालतबाट मिति २०६८।०८।२८ गते मलाई आरोपित कसुरमा दोषी ठहर गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख) जरिवाना, ऐ.ऐनको दफा १७ बमोजिम पीडितहरूलाई रू.५०,०००।- (पचास हजार) प्रतिवादीबाट क्षतिपूर्ति भराई दिने ठहर्छ भनी भएको फैसलाउपर मेरो पुनरावेदन अदालत पाटनसमक्ष पुनरावेदन परी उक्त अदालतबाट समेत सुरू सदर हुने ठहराई मिति २०६९।०८।१२ गते भएको फैसला फौजदारी कानूनको आधारभूत सिद्धान्त, प्रमाण ऐन, २०३१ को दफा २५, सम्मानित सर्वोच्च अदालतबाट मानव बेचबिखन तथा ओसारपसार मुद्दामा प्रतिपादित नजिरसमेतको विपरीत भएकोले पुनरावेदन अदालत पाटनबाट सुरू सदर गर्ने गरी भएको फैसला बदर गरी अभियोग दाबीबाट म प्रतिवादीले सफाइ पाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दायर हुन आएको प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङको पुनरावेदन पत्र ।

पुनरावेदक प्रतिवादी र पीडितहरूबीच नुवाकोट जिल्लाको बट्टार बजारमा भेटसम्म भएको नदेखिएको अवस्थामा समेत प्रतिवादीले पीडितहरूलाई बिक्री गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको भन्ने आधारमा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।०८।१२ को फैसला प्रमाण मूल्यांकनको रोहमा फरक पर्नसक्ने देखिँदा मुलुकी ऐन, अ.वं.२०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई आदेशको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०७३।९।३ को यस अदालतको आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल अध्ययन गरियो । पुनरावेदक प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री मोतिलाल श्रेष्ठ र श्री बद्री पाठकले जाहेरवालाहरूलाई प्रतिवादीले काममा लगाइदिन्छु भनी बट्टार बजारमा बोलाएको भनी किटानी जाहेरीको बेहोरा र प्रतिवादीले पीडितहरूलाई काममा मात्र लगाउन बट्टार बजार बोलाएको भन्नेसम्म मौकाको बयान कागज रहेको छ । पीडितहरू आफैँ बट्टार बजार आएका छन् । पीडितहरूलाई प्रतिवादीले गाउँबाट लिएर आएको र बट्टारमा प्रतिवादीले भेट गरेको भन्ने मिसिल प्रमाणबाट प्रमाणित छैन । प्रतिवादीले पीडितहरूलाई

यौन शोषण गर्ने उद्देश्यले नै फकाएको हो भन्ने प्रमाणित वादी पक्षले गर्न सकेको पाइँदैन । बोलाएको ठाउँ बट्टारमा प्रतिवादी र पीडित सँगै पक्राउ परेको नपाएकोले प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी बहस गर्नुभयो ।

वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले जाहेरवालीहरूको किटानी जाहेरी र सो बेहोरालाई समर्थन हुने गरी अदालत र मौकामा प्रतिवादीले काम लगाइदिन्छु भनी फकाई बट्टारमा रू.३००।- खर्च दिई बोलाएको र प्रतिवादीले मौकामा पीडितहरूलाई काम लगाइदिन्छु भनी खर्चसमेत दिई बट्टारमा बोलाएको भनी साबित भई गरेको बयान बेहोरालगायतका प्रमाणलाई आधार लिई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला सदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

उक्त बहससमेत सुनी सुरू नुवाकोट जिल्ला अदालतबाट प्रतिवादी याङ्चेन तामाङलाई आरोपित कसुर गरेको ठहराई भएको फैसलालाई पुनरावेदन अदालत पाटनले सुरू सदर गर्ने गरी गरेको फैसला मिलेको छ वा छैन ? र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा परिवर्तित नुवाकोट २ र ३ ले प्रतिवादी नुर्वु भन्ने याङचेन तामाङउपर दिएको किटानी जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादी नुर्वु भन्ने याङचेन तामाङउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) क विपरीत ऐ.४(२)(ख) नं. को कसुर अपराधमा ऐ.ऐ. १४(१)(ङ)(२) बमोजिम सजाय र ऐ.१७(१) नं. अनुसार क्षतिपूर्तिसमेत भराई पाउँ भन्ने बेहोराको अभियोग माग दाबी रहेकोमा सुरू नुवाकोट जिल्ला अदालतले आरोपित कसुरमा निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना भई ऐ.ऐनको दफा १७ बमोजिम पीडितहरूलाई रू.५०,०००।- (पचास हजार) प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउने ठहर्याई भएको फैसलाउपर प्रतिवादीको पुनरावेदन अदालत पाटनसमक्ष पुनरावेदन परी उक्त अदालतले सुरू नुवाकोट जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरी भएको फैसलाउपर प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङको यस अदालतमा पुनरावेदन पत्र दायर हुन आएको देखियो ।

३. म पुनरावेदक प्रतिवादी र जाहेरवालीहरू एकै गाउँको भएको र निजहरूले नै मलाई काम लगाई देउ भनी जिद्दी गरी बट्टार आएका, बट्टारमा निजहरूलाई मैले नभेटेको अवस्थामा बट्टारमा भेट्ने सल्लाह भएको तथ्य पुष्टि भएको भनी प्रमाणमा लगाई आरोपित कसुर ठहराई सुरू नुवाकोट जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत पाटनबाट सदर गर्ने गरी भएको फैसला कानून तथा प्रतिपादित नजिर सिद्धान्तविपरीत भएकाले उक्त फैसला उल्टी गरी अभियोग मागदाबीबाट सफाइ पाउँ भनी पुनरावेदन जिकिर लिएको देखियो ।

४. यस सम्बन्धमा प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा जाहेरवालीहरूलाई काममा लगाई दिन्छु भनी बट्टारमा बोलाएको हो भनी साबित भएपनि अदालतसमक्ष गरेको बयानमा प्रहरीमा भएको बयान मेरो स्वइच्छाले भएको होइन । जाहेरवालीहरूले नै जसरी पनि काममा लगाई देउ बट्टार बजारमा आउँछौ भनेका हुन् । जाहेरवालीहरूलाई बट्टारमा मैंले भेटेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो । निजको बेहोरालाई समर्थन हुने गरी निजको साक्षी काजीमान तामाङले प्रतिवादीले जाहेरवालीहरूलाई बोलाएको होइन । निजलाई फसाउन झुठ्ठा आरोप लगाएको हो भनी अदालतसमक्ष बकपत्र गरेको देखियो ।

५. जाहेरवालाहरूको मौकाको जाहेरी बेहोरा हेर्दा प्रतिवादी नोर्वु भन्ने याङ्चेन तामाङ र हामी जाहेरवालाहरू समेत मकै गोडी रहेको अवस्थामा प्रतिवादीले भारतमा लगी होटलमा काम लगाइदिन्छु, म बट्टार बजार गई बस्छु तिमीहरू आउनु भनी ललाई फकाई गरी हामीलाई भारतमा बिक्री गर्ने उद्देश्यले बोलाएको हुँदा कारबाही गरिपाउँ भन्ने उल्लेख गरेको देखिन्छ । निजहरूले उक्त बेहोरा प्रमाणित गर्ने क्रममा अदालतमा आई बयान गर्दा प्रतिवादीले भारतमा लगी राम्रो होटलमा काम लगाई दिन्छु भनी रू.३००।- बस भाडासमेत दिई तिमीहरू बट्टार बजार आउनु भनी गएको, निजको विश्वासमा परी हामी दुवैजना बस चढी बट्टार बजारमा ओर्ली प्रतिवादीलाई खोजतलास गरी बसी रहेको अवस्थामा प्रहरी आई सोधपुछ गर्दा भारतमा लगी बिक्री गर्न लागेकोमा विश्वास लाग्यो । निज प्रतिवादीसँग बट्टारमा भेट भएन भन्ने उल्लेख गरेको देखिन्छ । तर निज जाहेरवालाहरूले यसरी मौकाको जाहेरी बेहोरा र अदालतमा प्रमाणित गरेको बयानमा समेत आफूहरूले प्रतिवादीलाई बट्टारमा भेट नगरेको भन्ने उल्लेख गरेकोमा सोको विपरीत अदालतसमक्ष गरेको बकपत्रमा प्रतिवादीसँग बट्टारमा भेट भएको थियो भनी बकपत्र गरेबाट जाहेरवालीहरूको उक्त जाहेरीको बेहोरा र अदालतमा गरेको बकपत्रमा गरेको भनाइमा एकरूपता रहेको पाइँदैन । यसबाट जाहेरी बेहोरा र अदालतको

बयान शंकास्पद देखिन आयो । प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम जाहेरवालीहरूको उक्त भनाईलाई ठोस प्रमाण मान्न सकिएन ।

६. प्रस्तुत मुद्दाको घटनाक्रम हेर्दा जाहेरवालीहरूलाई प्रतिवादीले काममा लगाई दिन्छु भनी जाहेरवालीहरू बट्टारमा आएको भन्नेसम्म देखिन्छ । प्रतिवादीले जाहेरवालीहरूलाई बोलाएको भनिएको ठाउँ बट्टारमा प्रतिवादी र जाहेरवालाहरू सँगै पक्राउ परेको भन्नेसमेत देखिएको छैन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा मानव बेचबिखन र ओसारपासार गर्नु गराउनु नहुने कुरा उल्लेख छ भने ४(२)(ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारको ललाई फकाई, प्रलोभनमा पारी झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, कारकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर त्रास, धाक धम्की दिई वा करकापमा पारी, कसैलाई बसिरहेको घर स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानामा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" भन्ने व्यवस्था रहेको देखिन्छ । साथै, ऐ. कसुर अपराधमा ऐ.ऐनको दफा १५(१)(ङ) मा "नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना" हुने व्यवस्था रहेको देखिन्छ ।

७. प्रस्तुत मुद्दामा विधायिकी कानूनले प्रमाणको भार प्रतिवादीमा राखेको हुँदा सो अवस्थामा वादी प्रतिवादीको प्रमाण पुर्‍याउने के कस्तो दायित्व रहने हो भन्ने सन्दर्भमा विचार गर्दा फौजदारी मुद्दामा सामान्यतया आफ्नो अभियुक्तको कसुर अपराध प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा रहन्छ । जसले दाबी गर्छ उसैले प्रमाणित गर्नुपर्छ भन्ने फौजदारी विधिशास्त्रको सामान्य सिद्धान्त रहेको छ । यो सिद्धान्तलाई प्रमाण, २०३१ को दफा २५ ले स्वीकार गरेको छ । तर कतिपय विशेष अवस्थामा फौजदारी मुद्दामा पनि प्रमाणको भार प्रतिवादीमा सार्न सकिने वा प्रतिवादीमा रहने (Shifting of burden of proof to the accused person) गरी विधायिकी कानून बन्न सक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइन्छ । खासगरी आफूसँग कब्जा (Possession) मा रहेको वस्तुको वैधता प्रमाणित गर्ने तथा मुद्दाको प्रकृतिअनुसार वादी पक्षलाई कसुर प्रमाणित गर्न अत्यन्त कठिन हुने प्रकृतिका यौनजन्यलगायतका अन्य अपराधमा प्रमाणको भार प्रतिवादीमा रहने गरी कानून निर्माण हुनसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको छ । यही सिद्धान्तको आधारमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रचलित कानूनमा जनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ भन्ने व्यवस्था गरी अभियोग लागेको कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण प्रतिवादीले पुर्‍याउनु पर्ने व्यवस्था गरिएको छ ।

८. सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात गरी सो आधारमा आफ्नो अभियुक्तको अभियोग निर्धारण गर्ने र अदालतमा मुद्दा दायर गर्ने दायित्व सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले वादी पक्षलाई दिएको छ । वादी पक्षको यो दायित्व विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले सीमित हुने वा समाप्त हुने होइन । यस अवस्थामा पनि वादी पक्षले आफ्नो अनुसन्धानको आधारमा आफूले तयार र दायर गरेको अभियोगपत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो, विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्दछ । अभियोगपत्रमा अपराधका तत्त्वहरूको उल्लेखन वास्तविक अर्थमा प्रतिवादीलाई प्रतिरक्षाको लागि सुनुवाइको मौका उपलब्ध गराउनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित रहेको छ । कुन कानूनले निषेध गरेको आपराधिक कार्य, कार्य गरेको अवस्थामा कानूनले निर्धारण गरेको तहको मनसायको संयोजन र सो कार्य गर्दा प्रतिवादीलाई कुनै छुट वा प्रतिरक्षा उपलब्ध थिएन भनी अभियोगपत्रमा स्पष्ट रूपमा दाबी लिइएको हुनुपर्छ । आपराधिक कार्य (Conduct element), आवश्यक मनसाय (Fault element) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को स्पष्ट उल्लेख गरी कसुर स्थापित गर्न र कानूनबमोजिम सजाय गर्न मागदाबी लिइएको अभियोगपत्र रहेको अवस्थामा विधायिकी कानूनले निर्दोषिताको प्रमाणित गर्ने भार प्रतिवादीमा राखेको भएमा प्रतिवादीले आफूले सफाइको जिकिर लिन्छ भने उसले आफ्नो निर्दोषिता आफैँले प्रमाणित गर्नुपर्ने हुन्छ । तर वादीले लिएको दाबीमा नै कानूनले अपराध हुनको लागि अनिवार्य रूपमा चाहिने आवश्यक तत्त्व (Mandatory constituent elements of crime) भनी उल्लेख गरेका तत्त्वहरूको आधार प्रमाणसहित उल्लेख नगरी ती तत्त्वहरूलाई स्थापित नगरी केवल कसुर गरिएकाले सजाय गरिपाउँ भन्नेसम्म दाबी लिएको र अपराधका सम्पूर्ण आवश्यक तत्त्वहरूको

संयोजनात्मक उपस्थिति (Concurrent presence) नभएको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीको पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न मिल्दैन। यदि निरपेक्ष रूपमा अर्थ गर्ने हो भने वादीको त्रुटिको दुष्परिणाम प्रतिवादीमा सर्ने हुन्छ, जुन विधायिकी मसनाय होइन।

९. प्रस्तुत मुद्दामा प्रतिवादी नुर्वु भन्ने याङ्गचेन तामाङउपर मानव बेचबिखन ऐन, २०६४ को दफा ३(१) र ४(२)(ख) को कसुर गरेको आरोप लगाइएको भए तापनि प्रतिवादीले पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाई फकाई वा झुक्याई, जालसाज प्रपञ्च मिलाई के कार्य गर्‌यो वा उक्त दफा (२) (ख) को कुन कार्य के कारण हुन गयो भन्ने अभियोगपत्रमा स्पष्ट खुल्न सकेको छैन, पीडितहरूको विरोधाभाषजन्य भनाइको अलावा अपराध कार्य पुष्टि हुने कुनै प्रमाण पेस हुन सकेको छैन। यी प्रतिवादीले पीडितहरूलाई बट्टार ल्याएको भन्ने छैन। बट्टारमा निजहरू भेट भएको भन्नेसम्म पनि छैन। प्रतिवादी आफैँ २२ वर्षीय महिला देखिन्छिन्। आफू भारतको हिमाञ्चल प्रदेश भावनगरमा कपडा पसलमा काम गर्ने र कामको सिलसिलामा घर आएको भन्नेसम्म छ। अर्को शब्दमा निजको आफ्नै अवस्था दिनहिन र दयनीय छ। निजले विगतमा मानव बेचबिखन वा ओसारपसार गर्‌यो भन्ने आरोप पनि छैन र मिसिल संलग्न कुनै साक्षी प्रमाण वा कागजबाट सो पुष्टि हुन सकेको अवस्था पनि छैन। यस स्थितिमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ४(२)(ख) को कुन अवस्था वा तत्त्व विद्यमान थियो भन्ने कुरा स्पष्ट खुलाउन नसकेको अवस्थामा प्रमाणको भार प्रतिवादीमा रहने भन्ने मात्र कुराले स्वच्छ सुनुवाइको कुनै सिद्धान्त नै अनुशरण गर्न नै नपर्ने जस्तो गरी प्रतिवादीलाई सजाय गर्न मिल्ने देखिएन। प्रतिवादीको कसुर प्रारम्भिक रूपमा (Prima facie) पुष्टि नै हुन नपर्ने गरी फगत प्रतिवादीले आफ्नो निर्दोषिता पुष्टि गर्न नसकेको भनी प्रमाणको भार सरेको भनी निर्णय निष्कर्षमा पुग्दा न्याय मर्न जान्छ।

१०. अतः उल्लिखित आधार कारणहरूबाट प्रतिवादी नोर्वु भन्ने याङ्गचेन तामाङले पीडितहरूलाई ललाई फकाई वेश्यावृत्तिमा लगाउन वा शोषण गर्ने उद्देश्य राखी पीडितहरूलाई नोकरी गर्न भनी विदेश लान लागेको हो भन्ने तथ्य मिसिलबाट वादी पक्षले स्थापित गरी प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीलाई मानव बेचबिखन ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना, सोही ऐनको दफा १७ बमोजिम पीडितहरूलाई रू.५०,०००।- (पचास हजार) प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउने ठहराई सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६८।८।२८ गतेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।८।१२ गते भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी नोर्वु याङ्गचेन तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अरू तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी नोर्वु भन्ने याङ्गचेन तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकोमा आज यस इजलासबाट निजलाई थुनामुक्त गरी दिनु भनी छुट्टै आदेश भएकोले केही गरी रहन परेन।

प्रतिवादी नोर्वु भन्ने याङचेन तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकाले सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६८।८।२८ को फैसलाले निजका नाउँमा राखेको १० वर्ष कैद र रू.१ लाख जरिवाना र क्षतिपूर्तिको लगत कायम नरहने हुँदा उक्त लगत कट्टा गर्नु भनी सुरू नुवाकोट जिल्ला अदालतमा लेखी पठाउनू।

फैसलाको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई पठाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृतः डिल्लीराम प्रसाई

इति संवत् २०७४ साल मंसिर १३ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

फैसला मिति : २०७४।५।२
निर्णय नं. १००७०
भाग: ६० साल: २०७५ महिना: मंसिर अंक: ८
फैसला मिति :२०७४/०५/०२ ५०९४

मुद्दा: मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी

०७२-CR-०८१०

पुनरावेदक / वादी : संकेत नाम बौद्ध ९५ को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सिन्धुपाल्चोक, गा.वि.स. पान्ताङ वडा नं.५ बस्ने प्रेम भन्ने शंकर वि.क.

फैसला

न्या.दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

काठमाडौ जिल्ला, बौद्ध स्थित मेरो बुबाले सञ्चालन गरेको तामाको भाँडा बनाउने पसलमा दुई वर्ष अगाडिदेखि काम गर्दै आएका प्रेम भन्ने शंकर वि.क. सँग बोलचाल हुँदै जाने क्रममा म तिमीलाई माया गर्छु विवाह गर्छु भन्दै नाटक गरी मायाजालमा पारी पटकपटक शारीरिक सम्पर्कसमेत गरेको र कसैलाई भने विष खाएर मर्छु भन्ने जस्ता कार्यहरू गरी विभिन्न नाटक गरी भारततर्फ जानुपर्छ भनी मिति २०६९।११।२५ गते मलाई शकंर वि.क.ले चाबहिलमा बोलाई काठमाडौं चाबहिलबाट स्वयम्भूमा लगी ऐ. २५ र २६ गतेसम्म स्वयम्भु स्थित गेष्टहाउसमा राखी शारीरिक सम्पर्क गरी ऐ. २७ गते काठमाडौं स्वयम्भुबाट सिधै भारत दिल्ली जाने रात्री बसमा मेरो नामथरसमेत फरक पारी छुट्टाछुट्टै दुईवटा टिकट काटी जाँदा नचिनेझैं गरी बस्ने भनी सिकाई त्यहाँबाट मलाई भारत दिल्ली लैजाने क्रममा काठमाडौं जिल्ला, नागढुङ्गामा प्रहरी र माइती नेपालका कर्मचारीहरूले सोधपुछ गर्दा विवाह गर्ने बहानामा शंकर वि.क.ले मलाई भारत दिल्ली लैजान लागेको भन्ने खुल्न आएकोले यसरी झुठ्ठा प्रलोभन देखाई बिक्री गर्न लैजाने शंकर वि.क.लाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको संकेत नाम बौद्ध ९५ को जाहेरी दरखास्त।

दुई वर्षअगाडि आई हाम्रो पसलमा काम गर्ने क्रममा प्रेम भन्ने शंकर वि.क.सँग चिनजान भएको हो। निज मेरो काका नाता पर्छ। पसलमा काम गर्ने क्रममा बोलचाल हुने गरेको थियो। २०६९ साल कार्तिक महिनाको दोस्रो साताितर म ट्वाइलेट गएको अवस्थामा मलाई जबरजस्ती समाउन थालेकोले म कराउँदा छाडी दिएका थिए। त्यसपछिका दिनमा म तिमीलाई माया गर्छु बिहे गर्छु नमानेमा विष खाएर मरिदिन्छु भन्ने जस्ता नाटक गरी मलाई बाध्यतामा पारी शारीरिक सम्पर्कसमेत गर्दै आएका थिए। बाबु आमासँग भनी दिन्छु भन्दा तिमीले चिन्ता लिनु पर्दैन विवाह गरी भारततर्फ लैजान्छु भन्दै फकाउँदै आएकामा मिति २०६९।११।२५ गते मलाई चाबहिलमा आउ भनी बोलाएको म त्यहाँ गई निजसँग भेट हुँदा भारततर्फ जाने हो भनी सो दिन स्वयम्भुमा लगी २६ गतेसम्म गेष्ट हाउसमा राखी शारीरिक सम्पर्कसमेत गरेको र ऐ. २७ गते भारत जाने भनी स्वयम्भुबाट भारत दिल्ली जाने रात्रीबसको टिकट काटी टिकटमा मेरो नाम थर फरक पारी छुट्टाछुट्टै टिकट काटी जाँदा बसमा चेकजाँच हुँदा नचिनेझैं गरेर जाने हो भनी मलाई सिकाई १५।१६ नं. को सिटमा सँगै बसी मलाई भारततर्फ लिई जाँदै गरेको अवस्थामा काठमाडौं जिल्ला, नागढुङ्गा पुग्दा प्रहरी र माइती नेपालका कर्मचारीहरूले हाम्रो गतिविधिमाथि शंका लागी सोधपुछ गर्दा म जाहेरवालालाई प्रेम भन्ने शंकर वि.क.ले विवाह गर्ने बहाना बनाई भारत स्थित दिल्लीमा लैजान लागेको भन्ने निज प्रतिवादीले भनेपछि थाहा भएको हो। यसरी मलाई शंकर वि.क.ले विवाह गर्ने बहाना गराई ललाई फकाई प्रलोभनमा पारी भारतमा लगी बिक्री गर्ने उद्देश्यले लैजान लागेकोले कारबाही गरिपाऊँ। बसको सक्कलै टिकटसमेत पेस गरेको छु, प्रमाण लगाई पाउँ भन्नेसमेत बेहोराको पीडित संकेत नाम बौद्ध ९५ को बयान।

वादी नेपाल सरकार प्रतिवादी प्रेम भन्ने शंकर वि.क. भएको मानब बेचबिखन तथा ओसार पसार मुद्दामा पीडितको व्यक्तिगत चरित्रमा असर पर्न सक्ने भएकोले निज पीडितको नामथर गोप्य राखी निजको नामथरको स्थानमा संकेत नाम बौद्ध ९५ दिइएको छ भन्नेसमेत बेहोराको पर्चा र मेरो नाम थर गोप्य राखी मेरो नामथरको स्थानमा बौद्ध ९५ दिएको कुरा मैले जानकारी पाएँ सोही संकेत नामबाट मलाई बोलाउने गरेमा मेरो मन्जुरी छ भन्ने बेहोराको पीडितले गरेको कागज।

मैले दुई वर्षअगाडिदेखि जाहेरवालीको बुबाले सञ्चालन गरेको तामा पित्तलको भाँडा पसलमा काम गर्दै आएको हुँ। जाहेरवालीको घरमा बस्ने निजहरूको घर परिवारसँग खाना खाने र त्यहिँ काम गर्ने सिलसिलामा जाहेरवाली पीडितसँग समेत बोलचाल हुँदै जाँदा

दुवैजना बीचमा माया प्रेम हुँदै गई दुवैजनाको सहमतिमा शारीरिक सम्पर्कसमेत हुन थाल्यो । माया बढ्दै गएपछि तिमी डराउनु पर्दैन मैले विवाह गर्छु भनी पीडितलाई भन्दै पनि आएको थिएँ । यस्तैमा २०६९ साल भदौ महिनामा गाउँमा आमाको मृत्यु भएकोले म घरमा गएँ, त्यतिखेर पनि फोन सम्पर्क भइरहेको थियो । आमाको काम सकिएपछि काठमाडौं आई घरमा आउने जाने गरिरहेको थिएँ । २०६९ साल फाल्गुण महिनामा मेरो श्रीमती सुत्केरी भएकीले म गाउँमा गएँ, सो अवस्थामा पनि पीडितसँग निरन्तर फोन सम्पर्क भइरहेको थियो । सो समयमा मैले पैसा जुटाउँदै छु, म आएपछि हामी भारततर्फ जाने हो भनेको थिएँ र मिति २०६९।११।२५ गते म काठमाडौंमा आई पीडितलाई भारत जानको लागि चाबहिलमा आउ भनी बोलाएँ । चाबहिलमा पीडितसँग भेट भएपछि दुवै जना स्वयम्भु गयौं, सो दिन र ऐ. २६ गते दिल्ली जाने टिकट पाइएन अनि २ दिनसम्म स्वयम्भुमा रहेको गेष्टहाउसमा बस्यौं, अनि ऐ. २७ गते स्वयम्भुस्थित सुमेरू टुर्स एण्ड प्रा.लि.बाट पीडितको नाम थर फरक पारी पीडित र मेरो छुट्टाछुट्टै गरी दुई ओटा बसको टिकट काटी १५ र १६ नं. सिटमा सँगै बसी स्वयम्भुबाट सो दिन साँझ अन्दाजी साढे ५ बजेतिर भारत दिल्ली जाने भनी गएकोमा काठमाडौं जिल्ला, नागढुङ्गामा पुगेपछि माइती नेपाल र प्रहरीको चेकिङमा हामीलाई सोधपुछ गरी भारत दिल्ली जानबाट रोकी फिर्ता पठाएका हुन् । पछि पीडितले भारतमा लगी बिक्री गर्न लैजान लागेको भनी मेरो विरूद्धमा जाहेरी दिएकी रहिछन् । यसरी पीडितसँग मेरो प्रेम सम्बन्ध रहेको र विवाह गर्ने भनी भारत दिल्लीमा गई १/२ वर्ष बसी पुनः नेपाल फर्कने भनी पीडितलाई लिई भारत दिल्लीमा जान लागेको हुँ । बिक्री गर्न भनी लिई जान लागेको होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रेम भन्ने शंकर वि.क.को अधिकारप्राप्त अधिकारीसमक्षको बयान ।

म माइती नेपाल शाखा कार्यालय नागढुङ्गामा कार्यरत छु । नेपालको काठमाडौंसमेतबाट सो नाका हुँदै नेपाली चेलीबेटीहरूलाई कसैले पनि अरू ठाउँ तथा अन्य देशमा लगी बिक्री गर्न नपाउन भन्ने हेतुले नागढुङ्गा नाकामा बसहरू चेक गर्ने गर्दछौं । यसै सिलसिलामा मिति २०६९।११।२७ गते दिउँसो १२ बजेदेखि साँझ ८ बजेसम्म म र मेरो साथी जिना के.सी. को बस चेकजाँच गर्ने ड्युटी थियो । साथी जिना के.सी. ले सो दिन साँझ पौने सात बजेतिर बसभित्र गई हेरी एकजना महिलालाई लिएर ओर्लिनु भयो अनी मैले सोधपुछ गर्दा म एक्लै भारत जान लागेको हो भारतमा दाजु हुनुहुन्छ भन्नु भएकोले विश्वास नलागी अन्य थप सोधपुछ गर्दा यसमा दाजु प्रेम भन्ने शंकर वि.क. पनि हुनुहुन्छ भन्ने कुरा खुलेपछि शंकर वि.क.लाई पनि सोधपुछ गर्दा पीडितको आमाबुबा नभएको भारतमा दाजु भएकोले भेटघाटको लागि लिई जान लागेको हो भनी झुठ्ठा बेहोरा बताएको तथा पीडित र आफूबीच पनि कतिखेर दाजु बहिनी हौं भन्ने कतिखेर श्रीमान् श्रीमती हौं भन्ने जस्ता द्विविधायुक्त कुराहरू गरेकोले पीडितलाई छुट्टै राखी सोधपुछ गर्दा पीडितको बुबाआमा काठमाडौं रामहिटीमा भएको, कसैलाई जानकारी नगराई प्रेम भन्ने शंकर वि.क.ले भारत जाउँ भनेकोले चाबहिलबाट स्वयम्भुमा ल्याई दुई दिनसम्म गेष्टहाउसमा राखी आज भारत जान लागेको हो । बाटोमा चेकजाँच हुँदा नचिनेझैं गरेर जानुपर्छ भनी शंकर वि.क.ले सिकाएका थिए भनेर पीडितले बताएकीले भारत जानबाट रोकी फिर्ता पठाएको हो भन्नेसमेत बेहोराको ज्ञानु गौतमको कागज ।

म माइती नेपाल शाखा कार्यालय नागढुङ्गामा कार्यरत छु । नेपालको काठमाडौंसमेतबाट सो नाका हुँदै नेपाली चेलीबेटीहरूलाई कसैले पनि अरू ठाउँ तथा अन्य देशमा लगी बिक्री गर्न नपाउन् भन्ने हेतुले नागढुङ्गा नाकामा बसहरू चेक गर्ने गर्दछौं । यसै सिलसिलामा मिति २०६९।११।२७ गते दिउँसो १२ बजेदेखि साँझ ८ बजेसम्म म र मेरो साथी ज्ञानु गौतमको बस चेकजाँच गर्ने ड्युटी थियो । सो दिन साँझ अं. पौने सात बजेतिर स्वयम्भुबाट भारत दिल्ली जाने ना.३ख ५६४१ नं. को बस आएकोले बस चेकजाँच गर्नका लागि म बसभित्र प्रवेश गरेँ, बसको १५ र १६ नं. सिटमा पीडित र प्रतिवादी प्रेम भन्ने शंकर वि.क. रहेछन् निजहरू नचिनेझैं गरेर बसेका थिए, मलाई शंका लागि पीडितलाई कहाँ जाने हो बहिनी ? भनी सोधपुछ गर्दा भारतमा दाजु हुनुहुन्छ भेटघाटको लागि एक्लै जान लागेको हो भनी बताएकोले झनै शंका लागी पीडितलाई बसबाट ओराली केही पर बिटमा लगी सोधपुछ गर्दा बसको सिटमा सँगै बसेको प्रेम भन्ने शंकर वि.क.ले भारत दिल्ली जाउँ भनी मलाई लिई जान लागेका हुन् बाटोमा चेकजाँच हुँदा नचिनेझैं गरेर बस्ने एक्लै भारत जान लागेको हो भनी बताउनु भनी शंकर वि.क. ले सिकाएकोले सुरूमा उक्त कुरा बताएकी हुँ भनी पीडितले भनेपछि शंकर वि.क.लाई समेत सोधपुछ गर्दा, कतिखेर श्रीमान् श्रीमती त कतिखेर दाजु बहिनी हुँ भन्ने जस्ता द्विविधायुक्त कुराहरू गरेका, पीडित र प्रतिवादीको नाम थर फरक पारी छुट्टाछुट्टै टिकट काटेको भए तापनि एकै ठाउँमा बसेको जस्ता शंकास्पद अवस्थाले गर्दा भारत लैजानबाट रोकी फिर्ता पठाएका हौं भन्नेसमेत बेहोराको बुझिएकी जिना के.सी.को कागज ।

पीडितको बुबाले सञ्चालन गरेको तामा चाँदीको भाडा बनाउने पसलमा बिगत दुई वर्षदेखि प्रतिवादी प्रेम भन्ने शंकर वि.क. ले काम गर्दै आएका थिए । प्रेम भन्ने शंकर वि.क. १३ दिने दाजुभाइ हुन्, काम गर्ने सिलसिलामा भाइकी छोरी पीडित बौद्ध ९५ सँग प्रतिवादी प्रेम भन्ने शंकर वि.क.ले बोलचाल गर्ने क्रममा कुदृष्टि कुविचार राखी माया गर्ने बहाना गरी नाटक गरी करणी गरेछन् । सो कुरा कसैलाई भने विष खाएर मरिदिन्छु भनी डरत्रासमा पारेका रहेछन् । निज पीडित र पीडकबीच काका र छोरीको नाता सम्बन्ध रहेकोले त्यस्तो नराम्रो सम्बन्ध बारेमा कसैलाई शंका उपशंका थिएन । तर निज प्रतिवादी प्रेम भन्ने शंकर वि.क.ले पीडितलाई विवाह गर्ने बहानामा भारत लगी बिक्री गर्ने उद्देश्य रहेछ । यसैअनुरूप प्रतिवादीको घरमा दुइओटा छोरासहितको श्रीमती छँदाछँदै पीडितलाई विवाह गर्ने बहाना बनाई मिति २०६९।११।२५ गते पीडितलाई चाबहिलमा बोलाई चाबहिलबाट स्वयम्भुमा लगी ऐ. २५ र २६ गतेसम्म गेष्ट हाउसमा राखी ऐ. २७ गते काठमाडौं स्वयम्भुबाट सिधै भारत दिल्ली जाने रात्रीबसमा नामथर फरक पारी टिकट काटी चेकजाँच गर्दा नचिनेझैं गरी जानुपर्छ भनी पीडितलाई सिकाई भारत दिल्लीतर्फ लैजाने क्रममा काठमाडौं जिल्ला नागढुङ्गामा माइती नेपाल र प्रहरी कर्मचारीहरूले सोधपुछ गरी भारत दिल्ली लैजानबाट रोकी फिर्ता पठाई दिएका रहेछन् यसरी प्रेम भन्ने शंकर वि.क.ले पीडित बौद्ध ९५ लाई विवाह गर्ने

बहानामा भारत लगी बिक्री वितरण गर्ने उद्देश्यले काठमाडौं चाबहिलबाट स्वयम्भु हुँदै काठमाडौं जिल्ला, नागढुङ्गा पुर्‍याएको अवस्था भएकोले प्रतिवादीलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको बुझिएको मानिस बुद्धिबहादुर सुनारले गरिदिएको कागज ।

मेरो .....को तामाको भाँडा बनाउने पसलमा बिगत दुई वर्षदेखि प्रतिवादी प्रेम भन्ने शंकर वि.क.ले काम गर्दै आएका थिए, निज १३ दिने दाजुभाइ नाताका व्यक्ति हुन् । .....को पसलमा काम गर्ने क्रममा दाजुकी छोरी वर्ष १७ की पीडित संकेत नाम बौद्ध ९५ सँग बोलचाल गर्ने सँगै खानेबस्ने क्रममा माया गर्ने विवाह गर्ने बहाना गरी प्रतिवादीले पीडितलाई करणी गर्ने कसैलाई भनेमा मारिदिन्छु आफूले पनि विष खाएर मारिदिन्छु भन्दै डरत्रासमा पार्ने बाध्यात्मक स्थितिमा पारेका रहेछन् । निजहरूबीचमा काका छोरीको नाता पर्ने भएकोले यस्तो सम्बन्धको बारेमा कसैलाई जानकारी भएन । यस्तैमा निज प्रतिवादीले आफ्नो घरमा दुईओटा छोराहरू भएको श्रीमती हुँदाहुँदै पीडितलाई विवाह गर्ने बहाना गरी झुठ्ठा प्रलोभन दिई भारत दिल्लीमा लगी राख्छु भनी भारतमा लगी बिक्री गर्ने उद्देश्यले मिति २०६९।११।२५ गते पीडितलाई चाबहिलमा बोलाई चाबहिलबाट स्वयम्भुमा लगी ऐ. २५ गतेसम्म गेष्ट हाउसमा राखी ऐ. २७ गते काठमाडौं स्वयम्भुबाट सिधै भारत दिल्ली जाने रात्रीबसमा नामथर फरक पारी टिकट काटी चेकजाँच गर्दा नचिनेझैं गरी जानुपर्छ भनी पीडितलाई सिकाई भारत दिल्लीतर्फ लैजाने क्रममा काठमाडौं जिल्ला, नागढुङ्गामा माइती नेपाल र प्रहरी कर्मचारीले सोधपुछ गरी भारत दिल्ली लैजानबाट रोकी फिर्ता पठाइदिएका रहेछन् । यसरी प्रेम भन्ने शंकर वि.क.ले पीडित बौद्ध ९५ लाई विवाह गर्ने बहानामा भारत लगी बिक्री वितरण गर्ने उद्देश्यले काठमाडौं चाबहिलबाट स्वयम्भु हुँदै काठमाडौं जिल्ला, नागढुङ्गा पुर्‍याएको अवस्था भएकोले प्रतिवादीलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको बुझिएका मानिस रिपलाल सुनारले गरिदिएको कागज ।

मिसिल संलग्न सुमेरू टुर्स सर्भिसको टिकटहरू, संकेत नाम बौद्ध ९५ को जाहेरी दरखास्त संकेत नाम बौद्ध ९५ को बयान, प्रतिवादी प्रेम भन्ने शंकर वि.क.को बयान, बुझिएका ज्ञानु गौतम र जिना के.सी.ले गरेको कागज, कल डिटेल, बुद्धिबहादुर सुनार र रिपलाल सुनारले गरिदिएको घटना विवरण कागजसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादी प्रेम भन्ने शंकर वि.क.ले पीडित संकेत नाम बौद्ध ९५ लाई बिक्री गर्न लिई हिँडेको अवस्थामा पक्राउ परेको वारदात स्थापित हुन आएकोले प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२) को कसुर अपराधमा सोही ऐनको दफा १५(१) (ङ)(१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम क्षतिपूर्ति दिलाई भराई पाउन साथै निज प्रतिवादीले पीडित वर्ष १७ की संकेत नाम बौद्ध ९५ लाई लामो समयदेखि डरत्रास देखाई जबरजस्ती करणी गर्दै आएको हुँदा निज प्रतिवादीको उक्त कसुर मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(४) नं. को कसुरमा सोही महलको ३(४) नं. बमोजिम सजाय गरी पीडितलाई पर्न गएको मानसिक असरसमेतको आधारमा ऐ. महलको १०(ग) नं. बमोजिम यिनै प्रतिवादीबाट पीडित बौद्ध ९५ लाई क्षतिपूर्ति दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र ।

मैले जाहेरवालीलाई बिक्री गर्नको लागी भारतमा लान खोजेको होइन । विपक्षी र मेरो बीचमा प्रेम भएको र मेरो श्रीमती र दुईवटा छोरा भएको कारणले नेपालमा बस्न नसक्ने भई निज जाहेरवालीले नै म घर गएको बेला बोलाई भारत जानको लागि टिकट काटेको हो । मेरो र जाहेरवालीको मन्जुरीमा नै मैले जाहेरवालीलाई करणी गरेको हो । मैले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन । मैले कसुर नगरेकोले मलाई सजाय हुने पनि होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रेम भन्ने शंकर वि.क.को सुरू काठमाडौं जिल्ला अदालतमा भएको बयान ।

तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादी निर्दोष छन् भन्न सक्ने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी ऐन अ.बं. ११८ को देहाय २ बमोजिम थुनामा राख्न स्थानीय कारागारमा पठाई दिनु भन्ने सुरू काठमाडौं जिल्ला अदालतबाट भएको आदेश ।

जाहेरवाली संकेत नाम बौद्ध ९५, बुझिएका मानिस रिपलाल सुनार, बुझिएका मानिस बुद्धिबहादुर सुनारले सुरू काठमाडौं जिल्ला अदालतसमक्ष गरेको बकपत्र मिसिल संलग्न रहेको ।

मिसिल संलग्न तथ्य प्रमाणबाट यी प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) तथा दफा ४(२)(क) बमोजिमको कसुर गरेको तथ्य प्रमाणित हुन आएकोले निज प्रतिवादीलाई ऐ.को दफा १५(१) ङ (१) बमोजिम बाह्र वर्ष कैद र रू. ७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने र ऐ. दफा १७ नं. बमोजिम जरिवाना रकम रू.७५,०००।- (पचहत्तर हजार) को पचास प्रतिशत बराबरको रकम रू.३७,५००।- (सैंतीस हजार पाँच सय) निज प्रतिवादीबाट पीडित बौद्ध ९५ लाई क्षतिपूर्तिबापत भराई दिने ठहर्छ । साथै यी प्रतिवादीले बौद्ध ९५ लाई जबरजस्ती करणीको १ नं. बमोजिम पीडितको मन्जुरीबेगर जबरजस्ती करणी गरेको तथ्य प्रमाणित भएकाले निजलाई जबरजस्ती करणीको ३(४) नं. बमोजिम सात वर्ष कैद हुने र ऐ. १० नं. ले पीडितलाई निज प्रतिवादीबाट एकमुष्ट रू. ४५,०००।- (पैतालिस हजार) रकम क्षतिपूर्तिबापत भराई दिने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।२० को फैसला ।

मैले पीडितलाई झुक्याउने कार्य गरेको छैन, म निजको भाँडा पसलमा काम गर्दा पीडितसँग चिनजान प्रेम सम्बन्ध भएकोले र विवाह गरी सँगै बसौंला, सुरूमा केही दिन अप्ठेरो पर्ने भएकोले मात्र दिल्ली जान लागेको, मैले पीडितलाई बिक्री गर्न लैजान लागेको होइन । म घर गएको समयमा पटकपटक फोन गरी बोलाएको हुँदा र मैले काठमाडौं आउँदिन भन्दा विष खान्छु भन्दै रून थालेपछि म घरबाट फर्की

आएँ र २५ गते आफ्नो सामान तयार गरी मलाई चाबहिलबाट स्वयम्भु गई टिकट नपाएकोले २७ गतेको टिकट काटी दुवैको सहमतिमा भारत जान लागेको हो तर मैले निजलाई सुरू जिल्ला अदालतको फैसलामा उल्लेख भए जस्तो करकापमा पारी झुक्याई ललाई फकाई जाउँ भनी लिएर जान लागेको होइन । मेरो पीडितलाई बेच्ने मनसाय थिएन न त अरूसँग नै यसबारेमा योजना र सरसल्लाह भएको थियो । जाहेरीमा उल्लेख भएअनुसार निज पीडितलाई बेच्ने उद्देश्य मेरो नभए तापनि यस सम्बन्धमा विचार नपुर्‍याई गरेको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र ।

यसमा जाहेरी दरखास्त, पीडितको बयान एवं जाहेरवालीले गरेको बकपत्रको विवेचना नगरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।२० को फैसला समग्र प्रमाण मूल्याङ्कनका रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ एवं पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलका लागि सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।८।९ को आदेश ।

प्रतिवादी काठमाडौं जिल्लाको नागढुङ्गामा पक्राउ परेको र निजले पीडितलाई बेचबिखन गर्ने उद्योग गरेको देखिएको तथा प्रतिवादीले गरेको कसुरको मात्राको आधारमा प्रतिवादीलाई जबरजस्ती करणीको ३(४) नं. बमोजिम न्यूनतम सजाय हुने देखिएको हुँदा प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम बाह्र वर्ष कैद र रू.७५,०००।– जरिवाना हुने र सोही ऐनको दफा १७ बमोजिम रू.३७,५००।– प्रतिवादीबाट पीडित बौद्ध ९५ लाई क्षतिपूर्तिबापत भराई दिने तथा प्रतिवादीलाई जबरजस्ती करणीको ३(४) नं. बमोजिम सात वर्ष कैद हुने ठहराएको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।२० को फैसला मिलेको नदेखिँदा सुरू अदालतको उक्त मितिको फैसला सो हदसम्म केही उल्टी भई प्रतिवादी प्रेम भन्ने शंकर वि.क.लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) अनुसार छ वर्ष कैद र रू.३७,५००।– (सैंतीस हजार पाँच सय रूपैयाँ) जरिवाना हुने तथा जबरजस्ती करणीको ३(४) नं. बमोजिम पाँच वर्ष कैद हुने र अरूमा सुरू अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सुरू अदालतको फैसला पूरै उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।९।२२ को फैसला ।

प्रतिवादी शंकर वि.क.ले संकेत नाम बौद्ध ९५ लाई ललाई फकाई भारतको दिल्ली लग्ने भनेर बसको टिकट काटी बसमा चढाई नागढुङ्गा पुर्‍याउँदा माइती नेपाल र प्रहरीले पक्राउ गरेको । प्रतिवादी शंकर वि.क.ले सुमेरू टुर सर्भिसबाट काठमाडौंबाट दिल्ली जाने दुईवटा टिकट लिएको । काठमाडौं स्वयम्भुबाट भारत दिल्ली जाने क्रममा ना. ३ ख ५६४१ नं. को बस नागढुङ्गामा चेकजाँच गर्दा प्रतिवादीसहित पीडित पक्राउ परेकोले प्रतिवादीले नै पीडितलाई लिएर भारततर्फ गएको भन्नेमा अन्यथा नरहेको अवस्थामा पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण छ । यिनै प्रतिवादी स्वयंले नै योजना बनाई पीडितलाई भारततर्फ लगी राखेको अवस्थामा माइती नेपाल र प्रहरीको अवरोध भई पक्राउ परेको हुँदा मुख्य कसुरदारलाई मतियारजस्तो बनाई पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण छ । पुनरावेदन अदालत पाटनबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम सजाय नगरी मागदाबीभन्दा फरक कसुर ठहराई भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल अध्ययन गरी विचार गर्दा पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ, छैन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो, होइन भनी निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी प्रेम भन्ने शंकर वि.क. उपर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२) को कसुरमा १५(१)(ङ)(१) बमोजिम सजाय गरी १७ नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन र मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(४) नं. बमोजिमको कसुरमा ऐ. को ३(४) नं. बमोजिम सजाय गरी १०(ग) नं. बमोजिम क्षतिपूर्ति दिलाई दिनसमेत मागदाबी लिई सुरू काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर भएकोमा सुरूबाट दाबीबमोजिम भएकोमा सोउपर परेको प्रतिवादीको पुनरावेदन-पत्रमा पुनरावेदन अदालत पाटनबाट निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ६ वर्ष कैद र ३७,५००।- जरिवाना हुने र जबरजस्ती करणीको ३(४) नं. बमोजिम पाँच वर्ष कैद हुने तथा अरूमा सुरू फैसला सदर हुने ठहरी फैसला भएउपर मानव बेचबिखनतर्फ अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन पर्न आएको रहेछ ।

३. पीडितको बुबाले सञ्चालन गरेको तामा पित्तलको भाँडा बनाउने पसलमा काम गर्ने गरेका प्रतिवादीले पीडितलाई प्रेमजालको नाटक गरी अनुचित प्रभावमा पारी जबरजस्ती करणी गरिसकेपछि पीडितलाई विवाह गर्ने बहानामा भारतमा लगी बिक्री गर्नको लागि निज पीडितको बसोबास रहेको स्थानदेखि छुटाई काठमाडौंको स्वयम्भुदेखि बसमा चढाई नागढुङ्गासम्म पुर्‍याएको अवस्थामा प्रहरीसमेतको चेकजाँचको क्रममा प्रतिवादी पक्राउ र पीडितको उद्धार भएको तथ्य घटनास्थल मुचुल्का र पीडितको

भनाईसमेतबाट एक आपसमा समर्थित भई पुष्टि भएको छ। पुनरावेदन अदालत पाटनको फैसलाबाट स्थापित उक्त तथ्यलाई वादी नेपाल सरकारको पुनरावेदन-पत्रमा समेत अन्यथा जिकिर लिन सकेको देखिँदैन र प्रतिवादीले पनि उक्त फैसलालाई चुनौती दिई पुनरावेदन गरेको अवस्था छैन।

४. अब उक्त स्थापित तथ्यअनुसारको प्रतिवादीको कसुरमा निज प्रतिवादीउपर अभियोग दाबी लिइएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) अनुसार वा पुनरावेदन अदालतबाट ठहर भएको ऐ.ऐनको दफा १५(१)(ज) अनुसारको कसुर कायम गरी सजाय हुने हो भन्ने नै मुख्य निरूपण हुनुपर्ने प्रश्न रहेको देखिन आयो।

५. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ मा "कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्न नहुने र गरेमा यस ऐनबमोजिमको कसुर मानिने" भन्ने उल्लेख हुँदै दफा १५ मा उक्त दफा ३ को कसुरका सम्बन्धमा सजायसम्बन्धी व्यवस्था गरिएको छ। यस मुद्दाको अभियोग दाबी लिइएको दफा १५(१)(ङ)(१) मा किन्न बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई सजायको व्यवस्था गरिएको छ भने दफा १५(१) (ज) मा मानव बेचबिखन वा ओसारपसार कसुरको उद्योगसमेतको कसुर गर्नेलाई सजायसम्बन्धी व्यवस्था गरिएको छ।

६. यस ऐनमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको उद्योगको परिभाषा गरिएको छैन । मानव बेचबिखन तथा ओसारपसारको कसुरको उद्योगको बारेमा बुझ्नको लागि अपराधको विभिन्न चरणबारे सङ्क्षेपमा चर्चा गर्न सान्दर्भिक हुने देखिन्छ। मुख्यतः अपराधका चारवटा चरणहरू हुन्छन्। पहिलो हो अपराध गर्ने मनसाय चरण; यस चरणमा कसैले कुनै अपराध गर्नेबारेमा सोच्दछ वा मनसायको उत्पत्ति गर्दछ। दोस्रो हो तयारी चरण; यसमा मनले सोचेको कुरालाई कार्य रूप दिनका लागि आवश्यक पूर्वाधारहरू तयार वा वातावरण निर्माण गरिन्छ। तेस्रो हो उद्योग चरण; यसमा अपराधको तयारीपश्चात् तयारीकर्ताले मनसायपूर्वक अपराध घटाउन वास्तविक कार्यमा उत्रन्छ तर केही अवरोधका कारणबाट अपराध पूरा हुन नपाई खाली पूर्ण अपराधको प्रयत्न मात्र हुन्छ। चौथो तथा अन्तिममा; यसरी अवरोध नआएको भए पूर्ण रूपमा आपराधिक कार्य सम्पन्न हुन्छ। यसबाट अभियुक्तलाई लगाइएको कसुरप्रति निजको अन्तिम प्रयास असफल भएको अवस्था नै आपराधिक उद्योग हो भन्ने स्पष्ट हुन्छ । यदि उद्योग सफल भएको भए उसको इच्छित अपराध पूरा हुने थियो भन्ने अवस्था नै अपराधको उद्योग हो । यसरी अपराधको उद्योग भन्नाले अपराध गर्नको लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हो।

७. अब आपराधिक उद्योगको कसुरको यो परिभाषालाई यस मुद्दाको स्थापित तथ्यसँग मिलाई हेर्दा यी प्रतिवादीले पीडितलाई भारतमा लगी बेचबिखन गर्ने मनसायअनुसार अपराधको तयारी स्वरूप माया प्रेमको जाल रची नजिक भई अनुचित प्रभावमा पारी शारीरिक सम्बन्ध कायम गरेको र विवाह गर्ने बहानामा भारत जान तयार गराइसकेपछि आफ्नो आपराधिक मनसायलाई कार्यान्वयन गर्नको लागि पीडित रहने बस्ने स्थानदेखि छुटाई भारततर्फ लैजानको लागि बसमा चढाई बाटोमा लैजाँदै गर्दा काठमाडौं नागढुङ्गामा प्रहरीसमेतको चेक जाँचको क्रममा प्रतिवादी पक्राउ र पीडितको उद्धार भएका कारण प्रतिवादीको पीडितलाई विदेश भारतमा लगी बेचबिखन गर्ने आपराधिक मनसायले पूर्णता पाउन नसकेको देखिन्छ । यसरी प्रहरीसमेतले अवरोध नगरेको भए प्रतिवादीको आपराधिक मनसायले पूर्णता पाउने निश्चित रहेको देखिन्छ।

८. यसरी प्रतिवादीले पीडितलाई भारतमा लगी बिक्री गर्नको लागि ओसारपसार गरी लैजाने क्रममा काठमाडौंको नागढुङ्गासम्म पुर्‍याएको अवस्थामा प्रतिवादीले पीडितलाई लगी रहेको बसबाट नै प्रतिवादीलाई पक्राउ र पीडितको उद्धार भएको देखिन्छ । प्रस्तुत सन्दर्भमा, प्रतिवादीउपरको अभियोग दाबी लिइएको दफा १५(१)(ङ)(१) अनुसार कसुर कायम हुन प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले ओसार पसार गरी विदेशी भूमिमा पुर्‍याएको तर बेचबिखन भने गरी नसकेको अवस्था हुनुपर्दछ। यी पीडितलाई विदेश भारतमा लगी बेचबिखन गर्न भारततर्फ लैजाँदै गर्दा बाटोमा लैजाँदै गरेको बसबाट नेपालमा नै पक्राउ परेको अवस्थामा यी प्रतिवादीले उक्त दफा १५(१) (ङ) (१) को कसुरको उद्योगको कसुर गरेको मान्नुपर्ने हुन्छ।

९. तसर्थ, प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ज) बमोजिमको कसुर कायम गरी सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।०९।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत् मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला।

उक्त रायमा सहमत छु।
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः महेश खनाल
इति संवत् २०७४ साल भदौ २ गते रोज ६ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७४।०४।२७
निर्णय नं. ९८६८
भाग: ५९ साल: २०७४ महिना: मंसिर अंक: ८
फैसला मिति :२०७४/०४/२७ ३३१८

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७२-CR-०८७९

पुनरावेदक / वादी : परिवर्तित नाम अप्सराको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं.१३ शान्ति वि.क.

फैसला

न्या. सपना प्रधान मल्ल : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पुनरावेदन अदालत, बुटवलको मिति २०७१/०७/१८ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट दोहोर्‌याई पाउँ भनी परेको निवेदनमा मिति २०७२।६।१४ मा निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

मिति २०६९।७।२ गते पुजा डाँगी घर्ती मगर र यमी डाँगीसमेतको मिलेमतोमा वैदेशिक रोजगारको लागी कुवेत पठाइदिन्छु भनी शान्ति वि.क.ले भारततर्फ लिई जाने क्रममा भैरहवा बसपार्क स्थित एवीसी नेपालको शाखा कार्यालय सूचना तथा परामर्श केन्द्रका कर्मचारीले सोधपुछ गर्दा प्रतिवादी शान्ति वि.क.ले मलाई छाडी भागेको हुँदा निज प्रतिवादीहरूले वैदेशिक रोजगारको बहाना बनाई भारतमा लगी बिक्री गर्न लिई आएको विश्वास लागेकोले निजहरूलाई कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको नाम परिवर्तित अप्सराको जाहेरी दरखास्त ।

आवश्यक कारवाहीको लागी मानिस पक्राउ गरी दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०६९।६।११ गते पुजा डाँगी घर्ती मगरले वैदेशिक रोजगारको लागि कुवेत पठाईदिन्छु भनी भनेकाले मिति २०६९।६।१२ गते पासपोर्ट बनाउन भनी निजसँगै पुष्पा भण्डारीसमेत भई काठमाडौं गई सो दिन महालक्ष्मी होटलमा राखी निज पैसा लिई आउँछु भनी तुलसीपुरतिर गएका हुन् । मिति २०६९।६।१४ गते पुजा डाँगी घर्ती मगर आई मसमेतलाई लिई पासपोर्ट बनाउन गएकोमा मिति २०६९।६।२१ गते पासपोर्ट बन्छ भनी भनेकाले पुन: हामी सोही होटलमा आई बसेका हौं र मिति २०६९।६।२८ गते म समेतले आ–आफ्नो पासपोर्ट लिई आएका हौं र यमी डाँगीले महिलाहरूलाई काठमाडौंबाट कुवेत पठाउन प्रतिबन्ध छ भारतको दिल्ली हुँदै जानुपर्छ भनी मसमेत भई निज यमी डाँगीसँग बुटवल आएको हुँ। बुटवल आई निज यमी डाँगीले मलाई शान्ति वि.क. को जिम्मा दिई निजले अन्यलाई लिई कहाँ गए थाहा भएन । मिति २०६९।६।२९ गते निज शान्ति वि.क. सँग भैरहवा हुँदै जाने क्रममा भैरहवा बसपार्क स्थित एवीसी नेपालको शाखा कार्यालय सूचना तथा परामर्श केन्द्रका कर्मचारीले सोधपुछ गर्दा प्रतिवादी शान्ति वि.क.ले मलाई छाडी भागेकोले निज प्रतिवादीहरूले मलाई वैदेशिक रोजगारको सिलसिलामा कुवेत पठाई दिन्छु भनी झुक्यानमा पारी भारतको दिल्लीमा लगी बेचबिखन गर्नको लागि लिई गएकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको पीडित नाम परिवर्तित अप्सराले गरेको बयान कागज ।

मिति २०६९।६।२० गते म आफ्नो माइती घरबाट पुजा डाँगी घर्ती मगरको घरमा बसी मिति २०६९।६।२८ गते बुटवलसम्म आउँदा निज पुजा डाँगी घर्ती मगरकी आमा यमी डाँगीले ९८१६२१४९३१ नं. बाट फोन गरी तिमी बुटवलमा नै बस्नु मैले केटीहरू लिई आएको छु सँगै जाउला भनी भनेकाले म सो दिन बुटवलमा नै बसेको हुँ। मिति २०६९।६।२९ गते निज यमी डाँगीले ४ जना केटीहरू लिई आई ३ जनालाई निजले नै लिई गई नाम परीवर्तित अप्सरालाई मैले लिई जाने क्रममा भैरहवा बसपार्कस्थित एवीसी नेपालको कर्मचारीहरूले हामी २ जनालाई रोकी सोधपुछ गर्दा म उक्त स्थानबाट भागी गएको हुँ। निज पुजा डाँगी घर्ती मगर, यामी डाँगीसमेतसँग मेरो साउदी जाने क्रममा चिनजान भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी शान्ति वि.क. ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६९।६।२९ गते पछि नाम थाहा भएका नाम परिवर्तित अप्सरालाई प्रतिवादी शान्ति वि.क.ले यमी डाँगी, पुजा डाँगी घर्ती मगरसमेतको मिलेमतोमा वैदेशिक रोजगारको बहाना गराई लैजाँदै गर्दा भैरहवा बसपार्कस्थित एवीसी नेपालको कर्मचारीहरूले सोधपुछ गर्दा प्रतिवादी शान्ति वि.क. भागी गएका हुन् । पीडितलाई निज शान्ति वि.क.समेतले वैदेशिक रोजगारको बहाना बनाई भारततर्फ बिक्री वितरण गर्न लिई गएको हुनुपर्दछ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

मिति २०६९।६।२९ गते नाम परिवर्तित अप्सरालाई तत्काल नाम थाहा नभएका महिलाले संकित अवस्थामा लिई आएको देखी निज अप्सरालाई रोकी सोधपुछ गर्दा निजलाई लिई आएकी प्रतिवादी शान्ति वि.क. भागी गएकी हुन् । निज अप्सरालाई सोधपुछ गर्दा यमी डाँगी र पुजा डाँगी घर्ती मगरले वैदेशिक रोजगारको लागि पठाई दिन्छु भनी निज शान्ति वि.क.को जिम्मा लगाई पठाई दिएको भनी बताई दिएकी हुँदा निज अप्सरालाई भारतको दिल्लीमा लगी बिक्री गर्न प्रतिवादी शान्ति वि.क. समेतले लिई गएकोमा शंका लाग्छ भनी एविसी नेपाल शाखा भैरहवाकी सहजकर्ता गीता जोशीले गरेको घटना विवरण कागज ।

प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ को दफा ३ को विपरीत दफा ४ (२) को (ख) बमोजिम कसुर अपराध गरेको हुँदा निजहरूलाई सोही ऐनको दफा १५ को उपदफा (२) को कसुर गरेकाले उक्त कसुरमा प्रतिवादी पुजा डाँगी मगर र यमी डाँगीलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम र प्रतिवादी शान्ति वि.क.लाई ऐ.को दफा १५(१)(ज) बमोजिम सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउँ साथै प्रतिवादी पुजा डाँगी घर्ती मगर र यमी डाँगी घर्ती मगरको नाममा म्याद जारी गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

नाम परिवर्तित अप्सरालाई चिनेको छैन, सहप्रतिवादीहरूलाई चिनेको छु, रिसइवी केही छैन, पहिला मैले सह-प्रतिवादी पुजा डाँगी र यमी डाँगीलाई चिनेको थिएँ, म विदेश जाने आउने गरेको थिएँ, म ४ महिना विदेश कुवेत बसी बिरामी भएर डेढ महिना पहिला नेपाल आएको थिएँ, पुनः मेरो साउदीमा भिसा आएपछि म भारतको बाटो साउदी जाने भनी तयारीसाथ हिँडेको छु, म यसरी बाहिर जाने कुरा पुजा डाँगीलाई थाहा थियो, बाहिर जाने क्रममा बुटवल देउराली होटलमा आई बसेकी थिएँ, पुजा डाँगीले म पनि जाँदैछु सँगै जाउँला भनेकीले फोन गरेर बसपार्क लिन आउँदा आमा यमी डाँगी र नचिनेका २ वटी केटी थिए, यमी डाँगीले तिमी र २ वटा केटी सँगै सुनौली पारी बसपार्क निर आउ त्यहीँ खाना खाएर जाउँला भन्नुभयो, २ वटी केटीसमेत बस चढी भैरहवा बसपार्कमा आउँदा एबिसी नेपालले मसमेत २ जनालाई समाए । मलाई जि.प्र.का.मा बुझाए, म वैदेशिक रोजगारीमा जान भनी हिँडेको छु, मेरो आरोपित कसुरमा कुनै संलग्नता र भूमिका छैन, मलाई किन जाहेरी दिए थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी शान्ति वि.क.ले सुरू अदालतसमक्ष गरेको बयान ।

मिति २०६९।६।२९ गते बिहान १० बजेको समयमा ड्युटीमा भैरहवा बसपार्कमा थिएँ सो समयमा शंकास्पद अवस्थामा दुईवटा केटीहरू देखेपछि सोधपुछ गर्दा परिवर्तित नाम अप्सरालाई भारतमा लगी बेचबिखन गर्ने उद्देश्यले शान्ति वि.क.ले लिएर आएको रहेछ, त्यसपछि पीडित अप्सरालाई हाम्रो संस्थामा राखी शान्ति वि.क.लाई सोधपुछ गर्दा हामी सुनौली बजार जाने हो भनेकी थिइन्, निजलाई सोही दिन प्रहरीसमक्ष बुझाएका हौं भन्नेसमेत व्यहोराको ए.वि.सी नेपालकी कर्मचारी गिता जोशीले सुरू अदालतसमक्ष आई गरेको बकपत्र ।

मिसिल संलग्न किटानी जाहेरी, पीडितलाई शान्ति वि.क.समेतले वैदेशिक रोजगारीको बहाना बनाई भारततर्फ बिक्री वितरण गर्न लिई गएको हुनुपर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का, घटना विवरण कागज, पीडितको प्रमाणित बयानसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी शान्ति वि.क.लाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्छ । पीडितलाई क्षतिपूर्ति भराई पाउँ भन्ने हदसम्मको वादी नेपाल सरकारको अभियोग दाबी रहेकोमा मूल योजनाकार प्रतिवादीहरूको वतनसमेत नखुलाई यी प्रतिवादीको सम्पत्तिसमेत नखुलाई मूल योजनाकारकै सन्दर्भमा निजहरूको हकमा तामेलीमा रहेको परिप्रेक्ष्यसमेतबाट वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन । फरार प्रतिवादीहरू पुजा डाँगी र यमी डाँगीको हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९ क ४ अनुसार तामेलीमा राखिदिने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा भएको फैसला ।

पीडित भनिएकी अप्सराले दिएको जाहेरीमा कुनै सत्यता छैन । मैले निजलाई बिक्री गर्ने उद्देश्यले लिई हिँडेको होइन । पुजा डाँगीसमेतले भैरहवा बसपार्कसम्म पुर्‍याई दिनु भनेकाले त्यहाँसम्म आफू जाँदा सँगै लगी दिएको हो । जाहेरवालीले के कुराको सल्लाह गरी पुजा र यमीका साथमा आएकी हुन् । निजले नै जान्ने कुरा हो । स्पष्टरूपमा सल्लाह षड्यन्त्रमा म सामेल भएको पुष्टि हुने अवस्था नहुँदा र मेरो व्यक्तिगत स्वार्थसमेत प्रमाणित हुने अवस्था नरहेको स्थितिमा केवल सँगै गएको कारणले मात्र म दोषी प्रमाणित हुने होइन । बनावटी जाहेरी र प्रमाणित बयान मेरो विरूद्ध प्रमाण लाग्ने होइन । म पुनरावेदिका पटक पटक विदेश गएकी हुँदा मेरो साथमा पासपोर्टसमेतका कागज नहुने कुरै हुँदैन । अधिकारप्राप्त अधिकारीको बयान प्रमाणमा लिने र सो बयानमा पटक पटक विदेश गएको कुरा लेखिएकोमा त्यस्तो व्यक्तिसँग पासपोर्ट हुन्छ भन्ने अनुमान गर्न नसकेको, वस्तुस्थितिका कुनै पनि व्यक्तिले अदालतमा बकपत्र नगरेको हुँदा प्रमाण ऐन, २०३१ ले त्यस्ता कुरा प्रमाणमा लिन मिल्दैन । मौकामा कागज गर्ने ए.वि.सी. नेपालकी गिता जोशीले बकपत्र गर्दा घटना मिति २०६९।६।२ मा भएको र मलाई सोही दिन प्रहरी कार्यालयमा बुझाएको भनी उल्लेख गरेकी छन् । मौकाको कागजमा घटना २०६९।६।२९ मा भएको भन्ने र अदालतमा २०६९।६।२ मा घटना भएको भन्ने व्यहोरा उल्लेख गरी परस्पर बाझिएको कागज र बकपत्रलाई आधारमानी भएको फैसला गम्भीर त्रुटिपूर्ण हुँदा रूपन्देही जिल्ला अदालतको उक्त फैसला बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी शान्ति वि.क.को पुनरावेदन पत्र ।

प्रतिवादी शान्ति वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत गरेको बयानबाट पीडितलाई सहप्रतिवादीहरूको मिलोमतोमा बुटवलबाट भैरहवा बसपार्कसम्म ल्याई सोधपुछको क्रममा भागेको देखिँदा वारदातमा निजको संलग्नता रहेको पुष्टि हुन्छ । फरार सहप्रतिवादीहरूको भनाईमा लागेर आफूले नचिनेका पीडितलाई भैरहवासम्म लैजानु पर्ने कुनै कारण रहेको भन्न नसक्ने प्रतिवादीउपरको आरोपित कसुर ठहर भई सजायसमेत भइसकेको यस्तो स्थितिमा क्षतिपूर्ति भराउने तर्फको दाबी नपुग्ने गरी सुरू अदालतबाट भएको फैसला कानूनसङ्गत छैन । फैसलामा मूल प्रतवादीहरूको वतन र यी प्रतिवादीको सम्पत्ति नखुलेको कारण देखाई क्षतिपूर्तितर्फको दाबी पुग्दैन भनिएको छ । क्षतिपूर्तिको अन्य प्रतिवादीहरूको वतन वा सम्पत्तिसँग कुनै सम्बन्ध हुँदैन । क्षतिपूर्तिको रकम ऐनमा व्यवस्था भएबमोजिम अदालतले कसुरदारलाई भएको जरिवानाको ५०% मा नघट्ने गरी कसुरदारबाट पीडितलाई भराई दिनुपर्ने हुन्छ । सुरूले यी प्रतिवादीलाई कसुरदार ठहर्‌याई दाबीबमोजिम सजाय गरी सकेपछि ऐनमा भएको व्यवस्थाअनुसार भएको जरिवानाको ५०% मा नघट्ने गरी क्षतिपूर्ति निर्धारण गरी भराई दिनुपर्नेमा सो नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकाले बदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७०।५।२४ को फैसला उपर प्रतिवादी शान्ति वि.क.को तर्फबाट ०७०-CS-०३७५ नं. को पुनरावेदनपत्र र वादी नेपाल सरकारका तर्फबाट ०७०-CS-०३७५ नं. को पुनरावेदनपत्र दर्ता भई दोहोरो पुनरावेदन परेको देखिँदा नेपाल सरकारबाट परेको पुनरावेदन प्रतिवादीलाई सुनाई र प्रतिवादीबाट परेको पुनरावेदनको जानकारी वादी नेपाल सरकारलाई दिई अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०७१।५।२९ को आदेश ।

प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।–(पच्चीस हजार) जरिवाना हुने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी शान्ति वि.क.को पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०७१।७।१८ को फैसला ।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) मा अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको रकम भराई दिनुपर्ने कानूनी व्यवस्था रहेकोमा सुरू अदालतले यी प्रतिवादीलाई कसुरदार कायम गरी सकेपछि क्षतिपूर्ति दिलाउनु पर्ने भन्ने कानूनी व्यवस्था रहेको र मुख्य कसुरदारबाट मात्र क्षतिपूर्ति भराउने व्यवस्था नभएको तथा कसुरदारलाई वर्गीकरणसमेत नगरेको अवस्थामा प्रतिवादी शान्ति वि.क.को आर्थिक स्थिति खुलाई दाबी गर्न नसकेको आधारमा क्षतिपूर्ति नभराउने गरी पुनरावेदन अदालत बुटवलबाट फैसलाको भएको छ । ऐनको दफा १७ मा अभियोग दाबी लिँदा प्रतिवादीको आर्थिक स्थितिसमेत खुलाउनु पर्ने स्पष्ट व्यवस्था नभएको र उक्त कानूनमा पीडितका लागि प्रदान गरिने क्षतिपूर्ति रकम कसुरदार भएको जरिवाना रकमबाट भराउने स्पष्ट व्यवस्था भएको हुँदा कैद जरिवाना गर्ने तर जरिवानाको रकमबाट क्षतिपूर्ति प्रदान नगर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।७।१८ को फैसला त्रुटिपूर्ण हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोर्‌याई हेरी सो हदसम्म बदर गरी पीडितलाई अभियोग माग दाबीबमोजिम क्षतिपूर्ति भराइ पाउँ भन्ने वादी नेपाल सरकारको निवेदन पत्र ।

यसमा प्रतिवादीलाई दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर भएकोमा सोही ऐनको दफा १७ बमोजिम समेत भराई दिनुपर्नेमा सो नगरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।७।१८ को फैसलामा उक्त ऐनको दफा १५(१)(ङ)२, ऐ. १७ नं. तथा प्रमाण ऐन, २०३१ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोर्‌याई हेर्ने निस्सा प्रदान गरी दिएको छ । नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।६।१४ को आदेश ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहालले प्रतिवादीहरू पुजा डाँगी घर्ती मगर र यमी डाँगीको हकमा मुद्दा तामेलीमा रहेको र प्रतिवादी शान्ति वि.क.लाई कसुर ठहर गरेपछि ठहरेको जरिवानाको कम्तिमा पनि आधा क्षतिपूर्ति पीडितलाई भराउनु पर्ने कानूनी व्यवस्थाविपरीत भएको त्रुटिपूर्ण हुँदा उल्टी गरी क्षतिपूर्ति भराउने गरी फैसला हुनु पर्दछ भनी गर्नुभएको बहससमेत सनियो ।

प्रस्तुत मुद्दामा सुरू, रेकर्ड र पुनरावेदनसहितको सक्कल मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ३ को विपरीत दफा ४ (२) को (ख) बमोजिम कसुर अपराध गरेको हुँदा निजहरूलाई सोही ऐनको दफा १५ को उपदफा (२) को कसुर गरेकाले उक्त कसुरमा प्रतिवादी पुजा डाँगी मगर र यमी डाँगीलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम र प्रतिवादी शान्ति वि.क.लाई ऐ.को दफा १५(१)(ज) बमोजिम सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भन्ने अभियोग माग दाबी रहेकोमा प्रतिवादी शान्ति वि.क.लाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने पीडितलाई क्षतिपूर्ति भराई पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन । फरार प्रतिवादीहरू पुजा डाँगी र यमी डाँगीको हकमा जिल्ला

अदालत नियमावली २०५२ को नियम १९क (४) अनुसार तामेलीमा राखिदिने ठहर्‌याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा फैसला भएकोमा सो फैसलाउपर प्रतिवादी शान्ति वि.क. र वादी नेपाल सरकारको पुनरावेदन परेकोमा प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र प्रतिवादी शान्ति वि.क.को पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।१८ मा फैसला भएको र सो फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोर्‌याई हेरी पाउँ भन्ने निवेदन परी यस अदालतबाट मिति २०७२।६।१४ मा मुद्दा दोहोर्‌याई हेर्ने निस्सा प्रदान भई प्रस्तुत मुद्दा पेस हुन आएको देखियो।

उल्लिखित बहस जिकिर र तथ्य भएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।१८ मा भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. सो सन्दर्भमा हेर्दा, नेपालको संविधानको धारा २१(२) ले "अपराध पीडितले कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ।" भन्ने मौलिक हकको व्यवस्था गरेको छ।

३. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा क्षतिपूर्ति सम्बन्धमा निम्न व्यवस्था रहेको छः

"दफा १७(१) अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ।"

"दफा १७(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसुरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ।"

४. नेपालको संविधानले नै पीडितमुखी न्याय प्रणालीको परिकल्पना गरेको देखिन्छ। न्याय गरेर मात्र हुँदैन, गरेको जस्तो पनि देखिनु पर्छ भन्ने न्यायको सिद्धान्त र मर्मलाई पनि न्यायकर्ताले हेक्का राख्नु पर्ने हुन्छ। पीडकलाई सजाय दिएर मात्र न्यायको सुनिश्चितता हुन सक्दैन भनी दण्डनात्मक न्याय प्रणाली (Retributive justice system) सँगै अब पुनःस्थापकीय न्याय प्रणाली (Restorative justice system) तिर हाम्रो न्याय प्रणाली उन्मुख भइरहेको छ। सोही अनुसार हाल मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी ऐन, २०६४ तथा मुलुकी ऐन, जबर्जस्ती करणीको महलमा संशोधनहरू भएर गरिएको छ। यसले गर्दा, अब न्यायको सुनिश्चितताको निम्ति पीडितलाई प्रमाणको साक्षीको रूपमा मात्र हेर्ने पद्तिलाई परित्याग गर्नु आवश्यक छ। मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी ऐन, २०६४ को दफा १७ ले कसुरदारबाट क्षतिपूर्ति भराउने व्यवस्था गरेको छ भने अनुसन्धान गर्ने निकायले अदालतलाई "मनासिब माफिकको क्षतिपूर्ति" भराउनको लागि आवश्यक सूचनाहरू उपलब्ध गराउनु पर्छ। जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी क्षतिपूर्ति भराउने भन्नुको अर्थ जरिवानाबाटै क्षतिपूर्ति भराउने भन्ने होइन। यो जरिवानाको अतिरिक्त भराइनु पर्ने कुरा हो। जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी भनेर विधायिकाले न्यूनतम रकमको सीमा औंल्याउन खोजेको हो। पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनु पर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्छ। विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ। सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्दछ।

५. न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ। जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो। जरिवाना राज्यको कोषमा जान्छ। अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति चाहीँ पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो। क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नु पर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो। क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हो।

६. माथि उल्लिखित कानूनी व्यवस्थाको सम्बन्धमा प्रस्तुत मुद्दामा हेर्दा, प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्‌याई सुरू र पुनरावेदन अदालतबाट फैसला गरिएको छ। तर अभियोग दाबीबमोजिमको प्रतिवादी शान्ति वि.क.बाट निजलाई गरिएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराउने गरी फैसला गर्नुपर्नेमा सो गरिएको पाइएन। यदि कसुरदारको आर्थिक हैसियत कमजोर भएको कारणबाट भराउन नसक्ने अवस्था भएमा मानव बेचबिखन तथा

ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ बमोजिम स्थापना भएको राज्यको कोषबाट ऐ. ऐनको दफा १७(१क) बमोजिम क्षतिपूर्ति भराउने गरी फैसला गर्न सक्ने कानूनी व्यवस्था हुँदाहुँदै सोतर्फ विचार नगरी प्रतिवादी शान्ति वि.क.को आर्थिक स्थिति खुलाई दाबी गर्न नसकेको भन्ने आधारमा क्षतिपूर्ति नभराउने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला कानून र न्याय सङ्गत देखिएन।

७. अतः माथि विवेचित आधार, प्रमाणसमेतबाट प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्‌याई सकेपछि ऐ. ऐनको दफा १७(१) र १७(१क) बमोजिम निज प्रतिवादीलाई ठहरेको जरिवानाको पचास प्रतिशतमा नघटाई पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने गरी फैसला गर्नुपर्नेमा क्षतिपूर्तितर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्‌याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१/०७/१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) बमोजिम प्रतिवादी शान्ति वि.क.बाट पीडितले क्षतिपूर्तिबापत रू.१५,०००।– भराई लिन पाउने र त्यसरी भराउनु पर्ने क्षतिपूर्तिको रकम कसुरदारको आर्थिक हैसियत कमजोर भएको कारणबाट भराउन नसक्ने अवस्था भएमा ऐ. ऐनको दफा १७(१क) बमोजिम पुनर्स्थापना कोषबाट पीडित दिने ठहर्छ।

८. अनुसन्धान र अभियोजनको दौरानमा क्षतिपूर्तिको सुनिश्चितता गर्ने सन्दर्भमा खुलाउनु पर्ने कुराबारे स्पष्ट कानूनी व्यवस्था भएको नदेखिएकाले त्यस सम्बन्धमा आवश्यक कानून बनाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ। संसद्‌बाट कानून नबनाएसम्म निम्न निर्देशिकालाई आधार मानी मुद्दाको अनुसन्धान तथा अभियोजन गर्नसमेत आदेश जारी गरिदिएको छ। सोको जानकारी सबै मुद्दा अनुसन्धान गर्ने प्रहरी कार्यालयहरू, सरकारी वकिल कार्यालयहरूलाई गराउन भनी महान्यायाधिवक्ताको कार्यालयलाई र सबै अदालतहरूलाई जानकारी गराउनु भनी यस अदालतका रजिष्ट्रारलाई फैसलाको प्रतिलिपिसहित जानकारी गराउनु। अरू तपसिलबमोजिम गर्नू।

अनुसन्धान र अभियोजनको प्रक्रियामा नै पीडितलाई सामाजिक, मानसिक र शारीरिक रूपमा परेको हिंसा वा क्षतिको उल्लेख गर्नुका साथै पुनर्स्थापनाका आवश्यकताबारे समेत उल्लेख गरिनु पर्ने।

अनुसन्धान र अभियोजनको क्रममा नै पीडक वा अभियुक्तको आर्थिक हैसियत खुल्ने विवरणहरू खुलाई अभियोगपत्रमा स्पष्ट गरिनु पर्ने।

कसुरदारको आर्थिक हैसियत कमजोर रही क्षतिपूर्ति भराउन नसक्ने अवस्थामा के कति क्षतिपूर्ति कसुरदारबाट र के कति क्षतिपूर्ति दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट भराउने हो? फैसलामा उल्लेख गर्नुपर्ने।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम क्षतिपूर्तितर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्‌याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१/०७/१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) बमोजिम प्रतिवादी शान्ति वि.क.बाट पीडितले क्षतिपूर्ति बापत रू.१५,०००।–भराई लिन पाउने र त्यसरी भराउनु पर्ने क्षतिपूर्तिको रकम कसुरदारको आर्थिक हैसियत कमजोर भएको कारणबाट भराउन नसक्ने अवस्था देखिन आएमा ऐ. ऐनको दफा १७(१क) बमोजिम पुनर्स्थापना कोषबाट पीडितलाई भराई दिनू.....१

प्रस्तुत फैसला अन्तिम भएकाले पीडितलाई यो फैसलाको जानकारी दिई पीडितले प्रतिवादी शान्ति वि.क.बाट भराई लिन पाउने ठहरेको उक्त क्षतिपूर्ति रकम निज प्रतिवादीबाट भराई दिन सकिने भए निजबाट भराई दिनु र निजबाट भराउन नसक्ने भए पुनर्स्थापना कोषबाट भराई दिन भनी महिला तथा बालबालिका कार्यालय, रूपन्देहीमा लेखी पठाउनु भनी सुरू अदालतमा लेखी पठाउनू.....२

प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू.....३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू.....४

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत : शिवलाल पाण्डेय
इति संवत् २०७४ साल श्रावण २७ गते रोज ६ शुभम्।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७४।४।२२
निर्णय नं. ९९५८
भाग: ६० साल: २०७५ महिना: जेष्ठ अंक: २
फैसला मिति :२०७४/०४/२२ ३८९०

मुद्दा: मानव बेचबिखन

०७२-CR-०६००

पुनरावेदक / प्रतिवादी : जाजरकोट जिल्ला, पजारू गाउँ विकास समिति वडा नं. ८ घर भई कपिलवस्तु जिल्ला, चनई गाउँ विकास समिति वडा नं. ७ खरेन्द्रपुरमा बद्रीनाथ ७ नं. होटल एण्ड रेष्टुरेन्ट सञ्चालक रही हाल कारागार कार्यालय नेपालगञ्जमा थुनामा रहेको करवीर शाही

विरूद्ध

प्रत्यर्थी / वादी : 'क' कुमारी समेतको जाहेरीले नेपाल सरकार

०७२-CR-०७९७

पुनरावेदक / प्रतिवादी : कपिलवस्तु जिल्ला, चनई गाउँ विकास समिति वडा नं. ९ घर भई हाल कारागार कार्यालय पाल्पामा थुनामा रहेको माया भन्ने सुकुमारी लामासमेत

विरूद्ध

प्रत्यर्थी / वादी : 'क' कुमारी समेतको जाहेरीले नेपाल सरकार

फैसला

न्या. सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

जिल्ला कपिलवस्तु चनई गा.वि.स.वडा नं. ८ वनकट्टी स्थित महेन्द्र राजमार्ग सडक खण्डमा मिति २०७०।५।२ गते "क" कुमारी र "ख" कुमारीलाई बिक्री गर्ने उद्देश्यले लैजान थालेको अवस्थामा निरा भन्ने निर्मला परियारलाई पक्राउ गरेको र "क" कुमारी र "ख" कुमारीलाई उद्धार गरिएको भन्ने मिति २०७०।५।२ को घटनास्थल प्रकृति मुचुल्का ।

प्रतिवादी निरा भन्ने निर्मला परियार हामीहरूको दिदी पर्ने एवं पहाड घर एकै ठाउँमा भएकोले निज पहाड गएको बेला तराइमा राम्रो काम र पैसा पाइन्छ भनी फकाउने गरेकीमा हामीहरू सो लोभमा परी मिति २०७०।४।२९ गते घरबाट हिँडी निर्मला परियारलाई हामी आयौं भनी फोन गरेकोमा प्रतिवादीहरू निर्मला परियार र सुकुमारी लामा हामीलाई लिन बुटवल पुगी हामीहरू ४ जना भई सुकुमारी लामाको घरमा पुगेका र निजहरू २ जनाले भारत बैंङ्लोर लगी जागिर लागाइदिन्छौं भनेकोमा हामीहरूले नमानेपछि मिति २०७०।४।३० गते बद्रीनाथ नं. ७ होटल एण्ड रेष्टुरेन्टमा लगी हिन्दी भाषी केटाहरूसँग निजहरूले कुरा गरी हामीलाई बियर पिउन भनेका र हामीले सो नमानी होटल बाहिर निस्केकोमा सुकुमारीले दुवैलाई गाली गरी "ख" कुमारीलाई हातपातसमेत गरी निर्मला परियारको घरमा लगेका, अर्को दिन ३२ गते निजहरू २ जनाले बद्रीनाथ गेष्ट हाउसको साहु करवीर शाहीले राम्रो काम लगाइदिने भनी बोलाएको छ, हिँड् भनेकोले म "क" कुमारी निजको होटलमा गएकोमा निर्मला परियार र सुकुमारी लामाले हिन्दी भाषीसँग के के कुरा गरी मलाई सो होटलको कोठामा छोडी बाहिर निस्केका र त्यसपछि हिन्दी भाषी भारतीय मूलको मानिसले कोठामा पसी निर्मला परियारले तिमीलाई करणी गर्न रू.१५००।– लिएको छ भनी मलाई जबरजस्ती करणी गरेको र निज बाहिर गएपछि अर्को आएकोमा मैले प्रतिकार गरी म बाहिर निस्किएँ । म बाहिर निस्किएपछि निर्मला परियार र होटल सञ्चालक करवीर शाहीसमेतले काम नगर्ने भए किन आएको भनी गाली गलौज गरे । पुनः भदौ २ गतेसमेत हामी दुईलाई एकछिन होटलमा बसी जाउँला भनेका थिए । यसरी होटल सञ्चालक करवीर शाही, निर्मला परियार र सुकुमारी लामाले हामीलाई जबरजस्ती वेश्यावृत्तिमा लगाएको हुँदा निज प्रतिवादीहरूलाई कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको "क" कुमारी र "ख" कुमारीको जाहेरी दरखास्त र प्रमाणित बयान ।

चनई गा.वि.स. वडा नं. ८ वनकट्टीस्थित महेन्द्र राजमार्गदेखि दक्षिणतर्फ उत्तर मोहडा भएको २ तले टिका कुँवरको घर भएको, सो घरमा करवीर शाहीले सञ्चालन गर्दै आएको बद्रीनाथ होटलको पूर्वतर्फको बीच कोठामा सुकुमारी लामा र निर्मला परियारले "क"

कुमारीलाई होटल सञ्चालकसमेतको मिलेमतोमा जबरजस्ती करणी गराएको भन्नेसमेतको घटनास्थल प्रकृति मुचुल्का ।

पीडितलाई होटलमा अपरिचित व्यक्तिसँग करणी गराउन बाध्य पारिएको भनी बताएकी, दायाँ तिघ्रामा भुत्ते हतियार (blunt object) को चोटको निलडाम रहेको र यौन आक्रमण (sexual assault) को विशेषता देखिएको भन्नेसमेतको पीडित "क" कुमारीको शारीरिक परीक्षण प्रतिवेदन ।

बद्रीनाथ होटल एण्ड रेष्टुरेन्ट ७ नं. का सञ्चालक करवीर शाही र निजको श्रीमती विष्णु नेपालले मलाई यौन कार्य गराएमा पैसा पाइन्छ भनी बताएकी र म मेरो माइती गएको बेला राम्रा केटी ल्याउनु भनेकोले मैले मेरो गाउँका "क" कुमारी र "ख" कुमारीलाई मधेशमा राम्रो काम र पैसा धेरै पाइन्छ भनेकी र म फर्की आएपछि निजहरूले फोन गरी हामी आउँदै छौं भनी फोन गरेकाले म र सुकुमारी लामाले सल्लाह गरी बुटवलसम्म गई निजहरूलाई सुकुमारीको घरमा ल्याएको हो । साउन ३० गते पनि करवीर शाही र निजको श्रीमती विष्णु नेपालले पुलिस आएको बेला भाँडा माँझे जस्तो गर्ने र अरू बेला वेश्यावृत्ति गर्ने केटी चाहिएको छ भनेका थिए, सो राति "क" कुमारीलाई सुकुमारी, करवीर शाही र विष्णु नेपालले जबरजस्ती वेश्यावृत्तिमा लगाएका रहेछन्, अर्को दिन ३२ गते "क" कुमारी र सुकुमारीसँग २ जना मानिसले करणी गरेका हुन्, सोबापत "क" कुमारीलाई रू.१,५००।– दिने भनेपनि दिएका होइनन्, भदौ २ गते पुनः पीडितहरू र मसमेत होटलतर्फ जाँदै गर्दा पीडितलाई उद्धार र हामीलाई पक्राउ गरेका हुन् भन्नेसमेतको प्रतिवादी निरा भन्ने निर्मला परियारको बयान ।

निर्मला परियारको आग्रहबमोजिम मिति २०७०।४।२९ गते निजको बहिनीहरू "क" कुमारी र "ख" कुमारीलाई लिन बुटवल गई निजहरू २ जनालाई लिई ४ जना मेरो घरमा बसेको हो । बद्रीनाथ होटल एण्ड रेष्टुरेन्टको करवीर शाही र विष्णु नेपालले नयाँनयाँ कस्टमरसँग यौनक्रिया गरेमा तिमीहरू र हामीलाई फाइदा हुन्छ, राम्रा केटी भए ल्याउनु, पुलिस आएको बेलामा भाँडा माझे जस्तो गर्नुपर्छ भनेको र ३० गते कस्टमर आएकाले होटलमा लगी मैले र "क" कुमारीले सो होटलभित्र यौनक्रिया गरेका हौं, त्यसपछि अर्को दिन पनि "क" कुमारीलाई होटलमा लगि यौनक्रिया गराएको हो भन्ने सुकुमारी लामाले गरेको बयान ।

प्रतिवादीहरू निरा भन्ने निर्मला परियार र सुकुमारी लामा एवं पीडित "क" कुमारी र "ख" कुमारी मिति २०७०।४।३० र त्यसपछि खाजा खान आइ बियर मासुसमेत खाई बसेका हुन्, निजहरूलाई वेश्यावृत्तिमा मैले लगाएको होइन, श्रीमतीले के गरिन् मलाई थाहा भएन भन्नेसमेतको प्रतिवादी करवीर शाहीले गरेको बयान ।

निर्मला परियारले "क" कुमारी र "ख" कुमारीलाई गुल्मीबाट बोलाई सुकुमारी लामा, बद्रीनाथ होटल एण्ड रेष्टुरेन्टका सञ्चालक करवीर शाही र विष्णु नेपालको मिलेमतोमा सो होटलमा मिति २०७०।४।३२ समेतमा "क" कुमारीलाई आर्थिक प्रलोभन देखाई जबरजस्ती यौन कार्य गर्न लगाएको भन्ने हामीले थाहा पाएका हौं भन्नेसमेतको बुझिएका मानिस कमला वि.क., पुष्पा राना र वस्तुस्थिति मुचुल्काका मानिसहरू बाटुली परियार, कमला परियार र बसन्ती परियारले लेखाइदिएको बेहोरा ।

करवीर शाहीले प्रयोग गरेको मोबाइल नं. ९८१९५५९७३६ नं. को फोनबाट निर्मला परियारले प्रयोग गरेको ९८११५७३५०५ नं. को फोनमा सन् २०१३–८–१ तद्अनुसार साउन १७ मा एकपटक फोन गरेको सन् २०१३–८–७ (साउन २३) मा एकपटक सन् २०१३–८–१६ (साउन ३२) मा २ पटक फोन गरेको कल डिटेलबाट देखिएको भन्नेसमेतको कल डिटेल विवरण ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, पीडितहरूको प्रमाणित बयान, प्रतिवादीहरूले गरेको बयान कागज, कल डिटेल, बुझिएका मानिसहरूको कागज र वस्तुस्थिति मुचुल्काका मानिसहरूले लेखाइदिएको बेहोरासमेतका प्रमाणहरूबाट प्रतिवादी बद्रीनाथ होटल एण्ड रेष्टुरेण्टका सञ्चालक करवीर शाही र विष्णु नेपाल शाहीले प्रतिवादी निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामालाई आर्थिक फाइदा लिई वेश्यावृत्तिमा लगाएको एवं निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामामार्फत परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीलाई गुल्मीबाट बोलाई आर्थिक फाइदा लिई वेश्यावृत्तिमा लगाएको र प्रतिवादीहरू निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामाले गुल्मी जिल्लाबाट परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीलाई राम्रो काम र धेरै पैसा पाइन्छ भनी चन्द्रौटा बोलाई बुटवलसम्म लिन गई प्रतिवादी बद्रीनाथ होटल एण्ड रेष्टुरेण्टका सञ्चालक करवीर शाही र विष्णु नेपाल शाहीको आग्रहबमोजिम सो होटलमा लगी जबरजस्ती आर्थिक फाइदा लिने उद्देश्यले वेश्यावृत्तिमा लगाएको पुष्टि भई निज प्रतिवादीहरू करवीर शाही, विष्णु नेपाल शाही, निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा (४) को उपदाफा (१) खण्ड (ख) को कसुर अपराध गरेको देखिएकोले निज प्रतिवादीहरू निरा भन्ने निर्मला परियार, माया भन्ने सुकुमारी लामा, करवीर शाही र विष्णु शाहीलाई उक्त ऐनको दफा १५ को उपदफा (१) खण्ड (ख) बमोजिम सजाय हुन र निज चारैजना प्रतिवादीहरूबाट पीडितहरू "क" कुमारी र "ख" कुमारीलाई उक्त ऐनको दफा १७ बमोजिम मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराई पाउन भन्नेसमेतको अभियोग मागदाबी ।

"क" कुमारी र "ख" कुमारी मेरो घरमा बस्थे निजहरूले नराम्रो काम गर्ने र राति ९।१० बजे रक्सी खाई आउने गर्थे, मैले निजहरूलाई मेरो बेइज्जत गराउँछौं भनी १।२ थप्पड हानेको रिसइवीका कारण जाहेरी दिएका हुन् । मैले निजहरूलाई बुटवल लिन गएको पनि होइन । मैले

कुनै कसुर गरेको छैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागजको बेहोरा मैले भनेअनुसार लेखिएको होइन भन्नेसमेतको प्रतिवादी निरा भन्ने निर्मला परियारले सुरू अदालतमा गरेको बयान ।

जाहेरवालाहरूले ममाथि किन जाहेरी दिए,मलाई थाहा छैन, मैले कुनै कसुर गरेको छैन,निर्मला परियार घर छिमेकी हुँदा र करवीरको होटल हुँदा निजसँग सामान्य चिनजान छ, अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागजको बेहोरा मैले भनेअनुसार लेखिएको होइन भन्नेसमेतको प्रतिवादी सुकुमारी लामाले सुरू अदालतमा गरेको बयान ।

विष्णु नेपाल मेरो श्रीमती हुँदा चिन्छु, निर्मला परियार र सुकुमारीलाई सामान्य चिन्छु । म मिति २०७०।४।३० नेपालगञ्ज गई ऐजन भदौ २ गते चन्द्रौटा आएको हो । जाहेरी बेहोरा झुठा हो । मैले मेरो होटलमा कुनै अभद्र व्यवहार गर्ने गरेको छैन । मैले कुनै कसुर नगरेको हुँदा सजाय हुनुपर्ने होइन, अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागजको बेहोरा मैले भनेअनुसार लेखाएको होइन भन्नेसमेतको प्रतिवादी करवीर शाहीले गरेको बयान ।

फरार प्रतिवादी विष्णु नेपाल (शाही) को नाउँमा वारेन्टसहितको म्याद जारी भएकोमा निज आफ्नो सुरू म्यादै गुजारी थाम्ने थमाउने अवधि व्यतित गरेको ।

२०७०।५।२ गते जाहेरी र सोमा भएको सहिछाप मेरो हो । निरा परियार मेरो घरमा गई तिमीहरूलाई सुर्ती फ्याक्ट्रीमा जागिर लगाई दिन्छु भनेकी थिइन् । हामीहरूलाई फोन गरी बोलाएकीले २०७० साल साउन महिनाको अन्त्यमा बुटवल आएका थियौं । निजको कपिलवस्तुमा घर भएको थाहा नभएकोले हामीहरूलाई लिन निर्मला र सुकुमारी लामाले बुटवल आई घरमा राखी अर्को दिन बुटवल घुम्न जाउँ भनी झुक्याई हामीहरूलाई होटलको कोठाभित्र लगे त्यहाँ २ जना केटाहरू थिए ती केटाहरूले हामीलाई समाती खाटमा पल्टाउन लागेकोमा लात्ती र मुक्काले हानेर म बाहिर उभिएकीमा निरा भन्ने निर्मलाले पुनः कोठामा आइज भनेकीले म केही गरी भित्र नगएकीले निजले घर जाउँ भनी हामीहरूलाई आफ्नो घरमा नलगी सुकुमारी भन्नेको घरमा लगी राखी अर्को दिन घर जाउँ भनी हामीहरूलाई झुक्याई भारतमा बेच्न भनी लान लागेको अवस्थामा बाटोमा गाडी पर्खेर बसिरहेको अवस्थामा प्रहरीको गाडी आएको देखेपछि प्रहरीको गाडी रोकाई सबै कुरा बताएपछि त्यस दिन साथी संस्थामा बसी अर्को दिन प्रहरीमा जाहेरी दिएको हो भनी जाहेवाली परिवर्तित नाम "ख" कुमारीले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०७०।५।१६ गते वस्तुस्थिति मुचुल्कामा गरेको सहिछाप मेरो हो । सुकुमारी मुख्य व्यक्ति हुन् । अरू कसैको बारेमा थाहा छैन । सुकुमारी र निर्मलाबाहेक अरूको कुनै संलग्नता छैन भनी वादी पक्षका साक्षी बाटुली परियारले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादीमध्ये निरा भन्ने निर्मला परियार तथा पीडितहरू परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीको पहाड घर एकै ठाउँमा पर्ने भएकाले प्रतिवादीहरू पहाड घर गएको बेला तराईमा राम्रो काम पाइन्छ, जसबाट पैसा पनि राम्रो पाइन्छ भनी हामीहरूलाई उक्साइ हामीहरू मिति २०७०।४।२९ गते घरबाट हिँडी आफूहरू आयौं भनी निर्मला परियारलाई फोन गरेकामा प्रतिवादीहरू निर्मला परियार र सुकुमारी परियार हामीलाई लिन बुटवल पुगी हामी चारैजनासँग साथै सुकुमारी लामाको घरमा आयौं र निजहरूले राम्रै पैसा कमाउन भारतको बैंङ्गलोरमा जागिर लगाई दिन्छौं भन्दा भारत जान नमानेपछि मिति २०७०।४।३० गते बद्रीनाथ ७ नं. होटल एण्ड रेष्टुरेण्टमा लगी हिन्दी भाषी केटाहरूसँग निजहरूले कुरा गरी हामीलाई बियर पिउन भनेका र हामीले बियर पिउन नमान्दा सुकुमारीले गाली गरी म "ख" कुमारीलाई हातपातसमेत गरी निर्मला परियारले घरमा लगेको, अर्कोदिन साउन ३२ गते निजहरू २ जनाले बद्रीनाथ गेष्ट हाउसका साहु करवीर शाहीले राम्रो काम लगाइदिने भनी बोलाएको छ भनी म "क" कुमारीलाई निजले होटलमा लिएर गएको र निर्मला परियार र सुकुमारी लामाले हिन्दी भाषामा के के कुरा गरी मलाई होटलको कोठामा छाडी बाहिर निस्केका र त्यसपछि भारतीय मूलका मानिसहरू कोठाभित्र पसी निर्मला परियारले तिमीलाई करणी गर्न भनी रू.१५००।- लिएको छ भनी मलाई जबरजस्ती करणी गरेका र निजले करणी गरी बाहिरगएपछि अर्को व्यक्ति कोठामा आएकोमा प्रतिकार गर्दै बाहिर निस्किएपछि निर्मला परियार र होटल सञ्चालक करवीर शाहीसमेतले काम गर्ने नभए किन आएको भनी भनेका थिए । निजहरूलाई कारवाही गरिपाउँ भनी परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीको किटानी जाहेरी रही अदालतसमक्ष प्रतिवादी निर्मलाले बोलाएकोले आएकी हुँ, प्रतिवादी सुकुमारीको घरमा बसी अर्को दिन बुटवल घुम्न जाउँ भनी झुक्याई हामीलाई होटलको कोठाभित्र लगे, त्यहाँ २ जना केटाहरू थिए । तिनीहरूले हामीलाई एक एकवटाले समाती खाटमा पल्टाउन लाग्दा लात्ति र मुक्काले हानी हामी बाहिर निस्कन सफल भएका हौं, पुनः निर्मला परियारले कोठाभित्र बोलाउँदै गरेकी र होटल मालिक करवीर शाहीले यस्तो कार्य नगर्ने भए किन आएको भनी गाली गरेका थिए । उक्त दिन पुनः सुकुमारीको घरमा बसी भोलिपल्ट भारतमा बेच्न लागिरहेका अवस्थामा बाटामा गाडी पर्खेर बसेको अवस्थामा प्रहरीको गाडी रोकाई सबै कुरा भनेपछि यी प्रतिवादीहरूलाई पक्राउ गरेका हुन भनी जाहेरवाली परिवर्तित नाम "ख" कुमारीले बकपत्र गरी दिएको पाइन्छ ।

मौकाको कागज र जाहेरवालीको बकपत्र एकअर्कासँग मिल्दोजुल्दो नरही एकापसमा बाझिएको पाइन्छ । पीडित "क" कुमारीको दायाँ तिघ्रामा Blunt injury को चोटको निलडाम रहेको पाइए तापनि स्वयं "ख" कुमारीले आफूलाई खाटमा पल्टाउन खोज्ने लाई लात्ती र मुक्काले हिर्काई बाहिर निक्लने क्रममा चोट लागेको भनी बकपत्र गरेबाट समेत मौकाको कागजको बेहोरा र बकपत्रमा विरोधाभास

देखिन्छ । वादीका साक्षी बाटुली परियारले यी प्रतिवादी सुकुमारी र निर्मला परियारले जाहेरवालीका आमाबुबालाई रू.२०।२० हजार दिई लिएर आएका हुन् भनी सुनेकी हुँ, यिनै २ जना प्रतिवादीहरू आरोपित कसुरका मुख्य व्यक्तिहरू हुन् भनी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । प्रतिवादीमध्ये सुकुमारी र निर्मला परियारले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुर स्वीकारी अदालतसमक्ष इन्कारी बयान गरेको पाइन्छ भने प्रतिवादीमध्येका करवीर शाही अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । जाहेरवालीको अदालत र मौकाको कागजमा भिन्नभिन्न भनाई रहेको एकातिर पाइन्छ भने अर्कोतिर "क" र "ख" कुमारीसँग वेश्यागमन गर्ने को हुन्, नामसम्म उल्लेख गर्न सकेको पाइँदैन । अर्कोतिर जाहेरवालीहरूको जबरजस्ती करणी भएको भनेको दिनको वारदातपश्चात् पनि यिनै प्रतिवादीसँग एकसाथ रहेको र यथा समयमा वेश्यागमन गराएको भन्नेबारे जाहेरी दिनसमेत सकेको पाइँदैन, रकम बरामद भएको अवस्था छैन, वेश्यागमन गराएको भन्ने वारदात स्थलबाट यी प्रतिवादीहरू पक्रेको भन्ने पनि देखिँदैन । यसरी जाहेरवालीको भनाइ विरोधाभास भई वेश्यागमन गराउने कार्यमा प्रतिवादीहरूको संलग्नता रहेको नपाइँदा वेश्यावृत्तिमा सजाय गर्न मिलेन प्रतिवादीमध्ये निर्मला परियार र सुकुमारी लामाले नै बुटवल गई यी जाहेरवालीलाई आफ्नो साथमा लिएर आई प्रतिवादी सुकुमारीले साथमा राखेको देखिन्छ । घटनास्थल मुचुल्कामा मिति २०७०।५।२ गते अ. ६.१५ बजेको समयमा प्रतिवादीमध्येकी निर्मला परियार जाहेरवालीलाई पक्राउ गरेको साथै पीडितको उद्धार गरेको भन्ने पाइन्छ । प्रतिवादीहरू निर्मला परियार र सुकुमारीले बुटवल घुम्न जाउँ भनी लगी होटलको कोठाभित्र लगेका र २ जना केटाहरूले आफूलाई जबरजस्ती गर्न खोजेपछि लात्तीले र मुक्काले प्रहार गरी बाहिर भाग्न सफल भएपछि पुनः आफूहरूलाई सुकुमारीको घरमा राखी अर्को दिन घरजाने बहानमा हामीलाई झुक्याई भारततर्फ लान लागेको अवस्थामा प्रहरीको गाडी देखी रोकी सबै कुरा बताएपछि त्यस दिन साथी संस्थामा बसी जाहेरी दिई यी प्रतिवादीहरूलाई पक्राउ गराएका हौं भनी जाहेरवाली परिवर्तित नाम "ख" कुमारीले अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । प्रतिवादी सुकुमारी र निर्मला परियारको संलग्नता छ, सोबाहेक अरूको संलग्नता छैन, सुकुमारी मुख्य व्यक्ति हुन् भनी वादी पक्षका साक्षी बाटुली परियारले यस अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । प्रतिवादीमध्येकी निर्मला परियार जाहेरवाली घटनास्थलबाट नै साथै पक्राउ परेकी देखिन्छ । जसबाट यी प्रतिवादीहरूको मिलेमतोमा जाहेरवालीलाई गुल्मी जिल्लाबाट बोलाई बुटवलसम्म सँगै साथैमा लिएर आई सुकुमारीको घरमा राखी भारतमा पुर्‍याइसकेको अवस्था नदेखिए पनि गुल्मीबाट बुटवल हुँदै कपिलवस्तुमा बोलाई ल्याई अन्यत्रै लैजान लागेको अवस्थामा पक्राउ परेको पाइँदा नेपालको एक ठाउँबाट अर्को ठाउँमा लैजाने गरेको कार्य कानूनसम्मत छ, असल नियतले सदासयताले गरेका हुन् शोषण गर्ने उद्देश्यले गरेका होइनन् भन्न मिलेन । तसर्थ यी प्रतिवादीहरू करवीर शाही, मिरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामालाई अभियोग दाबीबमोजिम सजाय गर्न नमिली मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम जनही २ (दुई) वर्ष दरले कैद सजाय हुने ठहर्छ । साथै प्रतिवादीमध्ये विष्णु नेपाल शाहीको हकमा अ.बं.१९० नं. बमोजिम मुलतबीमा राखिदिएको छ भन्नेसमेत बेहोराको सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।५।२४ मा भएको फैसला ।

पीडितहरूले मौकामा आफूहरूलाई प्रतिवादीहरूमध्येकी निरा भन्ने निर्मला परियार र सुकुमारी लामाले फकाई गुल्मीबाट बुटवल हुँदै कपिलवस्तुमा करवीर शाहीको होटलमा पुर्‍याई कोठा थुनी ग्रहकहरूसँग वेश्यावृत्तिमा लगाएको भनी किटानी जाहेरी दिएकी र सोहीबमोजिम निजहरूले गरेको बयान प्रमाणित भइरहेकोमा पछि पीडितले अदालतमा प्रतिकूल बकपत्र गरे तापनि प्रमाणित बयानलाई प्रमाणमा ग्रहण गरी फैसला गर्नुपर्ने सम्बन्धमा "मौकामा जिल्ला न्यायाधीशसमक्षको प्रमाणित बयान प्रतिकूल पीडितले अदालतमा बकपत्र गर्दा अन्यथा भन्नुले खास असर पाइँदैन । मिसिल संलग्न प्रमाण एवं मिसिल संलग्न तथ्यले देखाएको परिस्थितिले प्रतिवादीउपरको अभियोग पुष्टि हुने अवस्था देखा पर्दछ भने साक्षीले प्रतिकूल भनाइ राखे पनि फौजदारी न्यायको उद्देश्यलाई अनदेखागरी निर्णय गर्न नहुने" भन्ने ने.का.प.२०६६ अंक ६ नि.नं.८१६६ मा सिद्धान्त प्रतिपादन भइरहेकोमा सो सिद्धान्तलाई बेवास्ता गरी बकपत्र र कागज बाझिएको भनी पीडितको स्वास्थ्य परीक्षणमा देखिएको sexual assault तथा तिघ्रामा लागेको चोटको विश्लेषण नै नगरी गरिएको फैसला त्रुटिपूर्ण छ । पीडितहरूलाई शोषण गर्ने उद्देश्यले ओसारपसार गरी ल्याएको तथ्यमा सहमत भएको इजलास होटलमा वेश्यावृत्ति गर्न लगाएको तथ्यलाई पुष्टि हुने पीडितको स्वास्थ्य परीक्षणलाई अन्यथा भन्न मिल्ने होइन । प्रतिवादीहरूले वेश्यावृत्तिमा लगाई आर्थिक लाभ लिने स्पष्ट देखिएकोमा शोषण गर्ने उद्देश्यले ओसारपसार गरेको भनी तथ्यविपरीत पृथक कसुर ठहर गरी भएको फैसला कानूनसङ्गत छैन । फैसलामा प्रतिवादीहरूले पीडितलाई नेपालको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य शोषण गर्ने उद्देश्यले गरेका होइनन् भन्न मिलेन भनी ऐनको दफा ४(२)(ख) बमोजिम नेपालको एकठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्तिलाई ऐनको दफा १५(१)(च) बमोजिम सजाय गरिएको छ । जुन मिसिलको समग्र तथ्यविपरीत छ । प्रस्तुत मुद्दाको वारदात सन्दर्भमा पीडितहरूलाई दास तुल्याउने, बाधा बनाउने वा निजहरूको शरीरको कुनै अंश झिक्ने उद्देश्यले गुल्मीबाट बुटवल हुँदै वेश्यावृत्तिमा लगाउने उद्देश्यले ओसारपसार गरेको प्रस्टै देखिँदा आरोपित कसुर ठहर गरी दाबीको दफा १५(१)(ख) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी वारदातको प्रकृतिविपरीत असङ्गत दफा प्रयोग गरी भएको सुरू फैसला त्रुटिपूर्ण रहेकाले बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरी पीडितहरूलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत वादी नेपाल सरकारले पुनरावेदन अदालत बुटवलमा गरेको पुनरावेदन पत्र ।

अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मैले कोही कसैलाई डरधाक देखाई वेश्यावृत्ति गर्न लगाएको होइन, मिति २०७०।४।३२ गते म दिनभर होटलमा थिइन। साँझ घर फर्कदा होटलमा कोही थिएनन् भनी लेखाएको छु। अदालतमा बयान गर्दासमेत कसुरमा इन्कारी बयान गरेकोमा सो बयानलाई प्रमाणमा नलिई उक्त वारदातमा मेरो कुनै संलग्नता नरहेको अवस्थामा २ वर्ष कैद गर्नेगरी गरेको फैसला त्रुटिपूर्ण छ। क र 'ख' कुमारीले मसमेत उपर दिएको जाहेरीको प्रकरण ३ मा मिति २०७०।४।३० गते हामीलाई होटलमा हिन्दीमा कुरा गर्ने २ जना मानिसहरूसँग सुकुमारी र निर्मलाले नमालुम के कुरा गरेका र हामीलाई रक्सी बियर पिउन भनेकाले होटलभित्र नपसी बाहिरै बसेको भनी लेखाएका छन्। मौकामा कागज गर्दासमेत सोही कुरा लेखाएका छन्। तर सम्मानित अदालतमा आई बकपत्र गर्दा, स.ज.६ को जवाफमा बुटवल घुम्न जाउँ भनी होटलको कोठाभित्र लागी २ जना केटाले हामीलाई समाती खाटमा पल्टाउन लागेकोमा हात खुट्टाले हानी भागेको भनी लेखाएका छन्। यसरी जाहेरी मौकाको कागज र बकपत्र एक आपसमा बाझिएको छ। सहप्रतिवादीहरूले अनुसन्धानमा मलाई पोलगरी बयान गरे तापनि अदालतमा सो पोल बयानलाई खण्डित हुने गरी बयान गरेका छन्। वादीका साक्षी बाटुली परियारले अदालतमा बकपत्र गर्दा करवीर शाहीको उक्त मुद्दामा कुनै संलग्नता छैन भनी लेखाएबाट म निर्दोष भएको प्रस्ट छ। कल डिटेल्सलाई मेरो विरूद्धको प्रमाण भनी पेस गरिएको छ। ९८१९५५९७३६ नं. को सिम मेरो नभएकोमा मैले प्रयोग नै नगरेको फोनलाई मैले गरेको भनी मेरो विरूद्ध प्रमाणमा लिन मिल्ने होइन। मैले जाहेरवालाहरूलाई चिने जानेको छैन। मैले निजहरूलाई बोलाएको, गुल्मी गई लिएर आएकोसमेत छैन। निजहरू मेरो होटलबाट पक्राउ परेका छैनन्। पक्राउ हुँदा म साथमा छैन। यसरी जाहेरवालाहरूलाई मैले नचिनेकोमा शोषण गर्ने उद्देश्यले नेपालको एक ठाउँबाट अर्को ठाउँमा लैजान लागेको भनी २ वर्ष कैद हुने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत प्रतिवादी करवीर शाहीको पुनरावेदन अदालत बुटवलमा परेको पुनरावेदन पत्र।

प्रतिवादीमध्येका करवीर शाहीसमेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम सजाय गरेउपर चित्त नबुझाई प्रतिवादी करवीर शाहीको र प्रतिवादीहरूलाई अभियोग दाबीभन्दा न्यून सजाय गरेउपर वादी नेपाल सरकारको पुनरावेदन पर्न आएको र पीडितले मौकामा जिल्ला न्यायाधीशसमक्ष प्रमाणित बयानमा उल्लिखित तथ्य र पीडितहरूको शारीरिक परीक्षण गर्दा तिघ्रामा लागेको चोट देखिएकोमा सो तथ्यलाई विश्लेषण नै नगरी अभियोग दाबीभन्दा पृथक सजाय गर्ने गरी सुरूले गरेको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा वादी नेपाल सरकार तथा प्रतिवादी करवीर शाहीको तर्फबाट पर्न आएका पुनरावेदन पत्रहरू एक आपसमा जानकारी गराउनु र पुनरावेदन नगरेका निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामालाई मुलुकी ऐन, अ.बं.२०२नं. तथा पुनरावेदन अदालत नियमावली, ०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा सोको अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१२।१७ को आदेश।

प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्नुपर्नेमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम जनही २ वर्ष कैद सजाय गर्ने गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।५।२४ को फैसला नमिलेकाले उल्टी भई पुनरावेदक प्रतिवादी करवीर शाही तथा प्रतिवादीहरू निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामालाई अभियोग दाबीबमोजिम उक्त ऐनको दफा ३,४(१)(ख) को कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ख) बमोजिम जनही १० वर्ष कैद र रू.५०,०००।- का दरले जरिवाना हुने ठहर्छ। साथै उक्त ऐनको दफा १७ बमोजिम पीडितहरू परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीले जनही रू.२५,०००।- (पच्चीस हजार) क्षतिपूर्तिबापत प्रतिवादीहरूबाट भराई पाउनेसमेत ठहर्छ भन्ने मिति २०७२।०३।१५ पुनरावेदन अदालत बुटवलबाट भएको फैसला।

म निर्मला र म सुकुमारीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा साबिती रही पोल गरी बयान गरे तापनि अदालतमा आई बयान गर्दा उक्त अनुसन्धान अधिकारीसमक्ष भएको बयान हामीलाई पढी बाची नसुनाई जबरजस्ती सहिछाप गराएको हो भनेर बयान गरेका छौं। अदालतमा आई कसुरबाट इन्कार रही अनुसन्धानको पोल बयानलाई खण्डित हुने गरी बयान गरेबाट अनुसन्धानमा गरेको बयान खण्डित भएको छ। यस्तो खण्डित बयान हाम्रो विरूद्ध प्रमाण लाग्ने होइन।

मौकामा कागज गर्ने व्यक्ति पुष्पा सुनार, कमला वि.क. र विकास कुवरले गाउँ घरमा हल्ला सुनेर थाहा पाएको भनी लेखाएका छन भने वस्तुस्थिति मुचुल्कामा बाटुली परियार, कमला परियार र वसन्ती परियारले समेत सो वेश्यावृत्तिको कसुर गरे गराएको कुरा किटानी गरी लेखाउनु सकेको छैनन्। वादीको साक्षी बाटुली परियारले सम्मानित अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरू निर्दोष छन् भनी प्रस्ट बकपत्र गरेका छन्।

मिसिल संलग्न प्रमाणलाई हेर्दा क र 'ख' कुमारीसँग वेश्यागमन गर्ने पुरूष को हो नखुलेको, ऊ पक्राउ नपरेको, उसको नाम वतनसम्म खुल्न नसकेको, के कति रूपैयाँ लेनदेन भयो उक्त रूपैयाँ बरामद नभएको र दशीको रूपमा पेस हुन नसकेको भनिएको वारदात स्थलमा वेश्यावृत्ति कार्य सम्पन्न भएको भन्ने चिह्न अवशेषहरू फेला नपरेको, पीडित भन्ने जाहेरवालीका बयान र बकपत्रमा एकरूपता नभएको। निजले मौकामा नै मलाई वेश्यावृत्तिमा लगाएको भनी जाहेर गर्न नसकेको। प्रतिवादी वारदात स्थलबाट पक्राउ नपरेको, "क" कुमारी शरीरको जाँचबाट जबरजस्ती वेश्यावृत्ति गराएको भनी देखिने अवशेषहरू नदेखिएको, वारदात स्थलमा वेश्यावृत्ति कार्य सम्पन्न भएको देख्ने प्रत्यक्षदर्शी नभएको, मौकामा जबरजस्ती वेश्यावृत्ति भएको भए हार गुहार गर्नुपर्ने सो नगरिएको, उक्त होटलमा वेश्यावृत्ति

गराउने कोठा स्थान वातावरण नभएकोसमेतका आधार प्रमाणबाट हामीलाई वेश्यावृत्तितर्फको कसुरमा सजाय गरिएको कानून र न्यायको दृष्टिले समेत मिलेको छैन । अतःउक्त फैसला त्रुटिपूर्ण भएको हुँदा सो फैसला उल्टी गरी अभियोग दाबीबाट पूर्णरूपमा सफाइ दिलाई इन्साफ पाउँ भन्ने सुकुमारी लामा र निर्मला परियारको यस अदालतमा पर्न आएको संयुक्त पुनरावेदन पत्र ।

पुनरावेदकले कसुर अपराध नगरेको कुरा मौकाको बयान र अदालतमा भएको बयानमा नै उल्लेख गरेको छु । होटलमा आई अन्य मानिसहरूसँग बसी बियर खाएको तथ्यलाई उजागर गर्नु अपराधको स्वीकारोक्ति होइन । तथ्यको स्वीकारोक्ति कसुरदार ठहर गर्ने आधार बन्न सक्दैन । कसुरदार ठहरिनको लागि आपराधिक मन र आपराधिक कार्य भएको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिनु पर्दछ । यस्तो अवस्था नदेखिनुको साथै मेरो इन्कारीलाई अदालतमा उपस्थित भई बकपत्र गर्न वादीका साक्षी बाटुली परियारले बकपत्र गरी पुष्टि गरिदिएको छन् । निजले अदालतमा उपस्थित भई बकपत्र गर्दा सुकुमारी र निर्मलाबाहेक अरूको कुनै संलग्नता छैन भनी किटानी बकपत्र गरिदिएको अवस्थामा म पुनरावेदकको मौकाको तथा अदालतको इन्कारीलाई पुष्टि नभएको भनी निर्णयाधार बनाई गरेको फैसला मुखाकृतिबाटै बदरभागी हुनुको साथै यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मौकामा कागज गर्नेहरूको अदालतसमक्ष बकपत्र र प्रतिवादीका साक्षीहरूसमेत यी पुनरावेदकलाई निर्दोष देखाएको पाइन्छ । केवल जाहेरी दरखास्तमा नाम उल्लेख गर्दैमा फौजदारी अपराधमा सजाय गर्न उपयुक्त हुने देखिँदैन । सो जाहेरी पुष्टि गर्ने अन्य प्रमाणहरूसमेत मालाकाररूपमा प्रमाणित भएर वादी पक्षले देखाउन सक्नु पर्ने (स.अ.बु. २०६८, पृ. ४५८, पृ. ४०) भनी प्रतिपादित सिद्धान्तविपरीत समेत भएकाले बदरभागी छ ।

पीडित जाहेरवालीमध्येकी 'ख' कुमारीले प्रतिवादीको बद्रीनाथ नं.७ होटलमा मिति २०७०।४।३० गतेको दिनमा नचिनेको व्यक्तिहरूसँग यौनसम्पर्क गर्न लगाउँदा प्रतिवादीहरू निर्मला, सुकुमारी तथा होटलवाला करवीर शाहीले कुटपिट गरी विभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गरेका भनी मौकाको प्रमाणित बयानमा लेखाएको तथा पीडित 'क' कुमारीको प्रमाणित बयानबाट समेत सोही तथ्यको घटनाक्रम भए गरेको देखिएको भन्ने निर्णयाधार बनाई म पुनरावेदकलाई कसुरदार ठहर गरिएको छ । पीडित जाहेरवालीहरूले जाहेरी दरखास्त तथा मौकाको प्रमाणित बयानमा मिति २०७०।४।३० गते यौनसम्पर्क गर्न लगाउँदा प्रतिवादीहरूले कुटपिट गरी विभिन्न अपशब्द प्रयोग गरी गाली गरेको भन्ने बेहोरा उल्लेख गरेको छैन । उक्त निर्णयाधार अदालत आफैँले सृजना गरेको निर्णयाधार हो । यस्तो अदालतले सृजना गरेको निर्णयाधारको आधारमा कसुरदार ठहर गर्न नमिल्ने हुनुको साथै मिसिल संलग्न सम्पूर्ण कागजातबाट म पुनरावेदकले कसुर गरेको पुष्टि नहुनुको साथै मेरो मौकाको तथा अदालतको इन्कारीलाई वस्तुस्थिति मुचुल्काका मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा पुष्टि गरी दिएको अवस्थामा निर्दोषिता पुष्टि नभएको भन्ने आधारमा म पुनरावेदकलाई कसुरदार ठहर गर्ने गरी भएको फैसला निराधार एवं त्रुटिपूर्ण भएकोले बदरभागी छ ।

पीडित जाहेरवाली 'ख' कुमारीले अदालतसमक्ष गरेको बकपत्रबाट समेत प्रतिवादीहरूले जाहेरवालीहरूलाई वारदातस्थल होटलमा लगेको पहिलो दिनमा दुवैलाई होटलको कोठाभित्र लगी त्यहाँ अपरिचित व्यक्तिहरूले पीडितहरूसँग यौन कार्य गर्न खोजेको र हामीले त्यसो गर्न नमान्दा करवीर शाही र निजकी श्रीमतीले त्यस्तो गलत काम नगर्ने भए किन आएको भन्दै कुटपिट गरेको हुन् पीडित 'क' कुमारीले आफ्नो प्रमाणित बयानमा लेखाएअनुसारको तथ्य उल्लेख गरी बकपत्र गरेको देखिँदा सो बकपत्रसमेतबाट प्रतिवादीहरू उपरको आरोपित कसुरको अभियोग दाबी पुष्टि भएको देखिन्छ भन्ने निर्णयाधार नै गलत छ । जाहेरवाली 'क' कुमारीको जाहेरी दरखास्त तथा प्रमाणित बयानमा होटलमा लगेको पहिलो दिन यौन कार्य गर्न खोजेको भनी कुनै कथन उल्लेख गरेको छैन । साथै गलत कार्य नगर्ने भए किन आएको भनी भन्दै कुटपिट गरेको भन्ने कथन नै जाहेरी दरखास्त तथा मौकाको बयानमा उल्लेख नै नभएको काल्पनिक कथन अदालतले सृजना गरी कसुरदार ठहर गरी भएको सुरू फैसला तथा पुनरावेदन अदालतको फैसलासमेत निराधार, त्रुटिपूर्ण तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएकोले उक्त फैसलाहरू बदर गरी अभियोग दाबीबाट सफाइ पाउने गरी न्याय निरूपण गरिपाउन सादर अनुरोध छ भन्ने करिवर शाहीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा आफ्नो इच्छाविपरीत करणी गर्न बाध्य पारिएको भन्ने पीडित 'क' कुमारीको भनाई रहेकोमा मौकाको जाहेरीलाई समर्थन गरी अदालतमा बकपत्र गर्न नसकेको, पीडित 'ख' कुमारीको अदालतसमक्ष भएको बकपत्र र जाहेरी बेहोरा एक आपसमा बाझिएको देखिएकोमा प्रतिवादीहरूले पीडितहरूलाई जबरजस्ती वेश्यावृत्तिमा लगाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा १ को खण्ड (ख) को कसुर गरेको भन्ने ठोस सबुद प्रमाणको अभावमा प्रतिवादीहरूलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।३।१५ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. बमोजिम विपक्षी झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत मिति २०७३।११।१० को यस अदालतको आदेश ।

यस अदालतको ठहर

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारीले पीडितहरूले मौकामा यी प्रतिवादीहरूले गुल्मीबाट बोलाई कपिलवस्तु स्थित करवीर शाहीको होटलमा पुर्‍याई ग्राहकहरूसँग वेश्यावृत्ति गर्न लगाएको भनी किटानी जाहेरी दिएका र

सोहीबमोजिम गरेको मौकाको बयान प्रमाणित भएको अवस्था छ। प्रतिवादीहरूले अदालतमा अन्यथा बकपत्र गरेपनि मौकामा साबिती बयान गरेको प्रमाणमा लिन मिल्ने हुन्छ। प्रतिवादीहरूले आरोपित कसुर गरेकोले प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरेको फैसला मिलेको हुँदा सदर गरिपाउँ भनी बहस गर्नुभयो। पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटा, विद्वान् अधिवक्ता श्री मुकुन्द न्यौपाने र विद्वान् अधिवक्ता श्री गोविन्द शर्मा वन्दीले 'क' कुमारीको अदालतमा बकपत्र नभएको, 'ख' कुमारीको बकपत्रबाट निजलाई वेश्यावृत्ति गराइएको भन्ने तथ्य नखुलाइएको, 'ख' कुमारीसँग कोही कसैको शारीरिक सम्पर्क नभएको, मेरो पक्ष प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर अपराध नगरेका, सहमतिले रोजगारीमा आएको र सहमतिले वेश्यावृत्ति गरेकोलाई बेचबिखन भन्न नमिल्ने, कसुर के हो तथ्यबाट समेत हेर्नुपर्ने हुँदा पुनरावेदन अदालतको फैसला तथ्य प्रमाणविपरीत हुँदा सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

प्रतिवादी करवीर शाही र विष्णु नेपाल शाहीले प्रतिवादी निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामामार्फत "क" कुमारी र "ख" कुमारीलाई गुल्मीबाट बोलाई आर्थिक फाइदा लिई वेश्यावृत्तिमा लगाएको हुँदा निज प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा (४)(१)(ख) को कसुर अपराधमा उक्त ऐनको दफा १५(१)(ख) बमोजिम सजाय हुन र पीडितहरूलाई उक्त ऐनको दफा १७ बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत अभियोग मागदाबी भएको प्रस्तुत मुद्दामा सुरू कपिलवस्तु अदालतबाट जाहेरवालीहरूलाई वेश्यागमन गराउने कार्यमा प्रतिवादीहरूको संलग्नता रहेको नपाइँदा वेश्यावृत्तिमा सजाय गर्न मिलेन, जाहेरवालीहरूलाई गुल्मीबाट ल्याई सुकुमारीको घरमा राखी भारतमा पुर्‌याई सकिएको अवस्था नदेखिए पनि गुल्मीबाट कपिलवस्तुमा बोलाई अन्यत्रै लैजान लागेको अवस्थामा पक्राउ परेको पाइँदा शोषण गर्ने उद्देश्यले नेपालको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य गरेकोले प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम जनही २ वर्ष कैद सजाय हुने ठहरी भएको फैसलाउपर चित्त नबुझी वादी नेपाल सरकारको तथा प्रतिवादी करवीर शाहीको तर्फबाट पुनरावेदन अदालतमा पुनरावेदन परेकोमा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्नुपर्नेमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १५(१)(च) बमोजिम जनही २ वर्ष कैद सजाय गर्ने गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।५।२४ को फैसला नमिलेकाले उल्टी भई पुनरावेदक प्रतिवादी करवीर शाही तथा प्रतिवादीहरू निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामालाई अभियोग दाबीबमोजिम उक्त ऐनको दफा ३, ४(१)(ख) को कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ख) बमोजिम जनही १० वर्ष कैद र रू.५०,०००।- का दरले जरिवाना हुने ठहर्छ। साथै उक्त ऐनको दफा १७ बमोजिम पीडितहरू परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीले जनही रू.२५,०००।- (पच्चीस हजार) क्षतिपूर्तिबापत प्रतिवादीहरूबाट भराई पाउनेसमेत ठहर्छ भन्ने मिति २०७२।०३।१५ पुनरावेदन अदालत बुटवलबाट भएको फैसलाउपर प्रतिवादी करवीर शाही र सुकुमारी लामा निर्मला परियारको यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ।

अब पुनरावेदन अदालतको फैसला मिलेको छ छैन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले आफूहरूले आर्थिक फाइदा लिने उद्देश्यले जाहेरवालीहरू परिवर्तित नाम 'क' कुमारी र 'ख' कुमारीलाई प्रतिवादी करवीर शाहीको होटलमा लगी जबरजस्ती वेश्यावृत्तिमा लगाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(१)(ख) द्वारा परिभाषित कसुर गरेको हो होइन भन्ने तथ्यको निरूपण गर्नुपर्ने देखिन आएको छ। पुनरावेदक प्रतिवादी करवीर शाहीले आरोपित कसुर गरेकोमा प्रहरीमा र अदालतमा आफू इन्कार रहेको र जाहेरवाली "क" कुमारीले अदालतसमक्ष बकपत्र गर्दा होटलको कोठाभित्र २ जना केटाहरूले जाहेरवालीहरूलाई समाती खाटमा पल्टाउन लागेकोमा हात खुट्टाले हानी भागेको भनी लेखाएबाट जाहेरी, मौकाको कागज र बकपत्र एक आपसमा बाझिएको छ भन्दै सो कुरालाई आफूले आरोपित कसुरबाट सफाई पाउनु पर्ने मुख्य आधारको रूपमा पुनरावेदन जिकिर लिएको पाइन्छ।

३. प्रतिवादीहरूमध्येकी नीरा भन्ने निर्मला परियार एउटै गाउँ ठाउँकी मानिस भएकीले पूर्व चिनजान भएकोमा निजले पीडित जाहेरवालीहरूलाई राम्रो काम छ भनी बारम्बार फोन गरी बोलाएकीले जाहेरवाली दुवै दिदीबहिनी मिति २०७०।४।२९ गते गुल्मीबाट बुटवल आएको, निजहरूलाई लिन बुटवल आएका निर्मला परियार र सुकुमारी लामाले निज सुकुमारी लामाको घरमा लगी राखेको, भारतको बैंगलोरमा राम्रो काम पाइन्छ जानुपर्छ भनेको र जाहेरवालीहरूले जान इन्कार गर्दा त्यसो भए यही राम्रो काममा लगाउँछौ भनी मिति २०७०।४।३० गते वारदातस्थल कपिलवस्तु, चनई-८ स्थित प्रतिवादी करवीर शाही र निजकी श्रीमती विष्णु नेपाल शाहीको बद्रीनाथ नं.७ होटलमा लगी त्यहाँ भारतीय जस्तो हिन्दीमा कुरा गर्ने दुईजना केटाहरूसँग प्रतिवादीहरू सुकुमारी लामा र निर्मला परियारले के कुराकानी गरी जाहेरवालीहरूलाई रक्सी पिउनभन्दा निजहरूले रक्सी पिउन नमानेकोले गाली गलौज हातपातसमेत गरेको र मिति २०७०।४।३१ गते जाहेरवालीहरू निर्मला परियारको घरमा बसेको, मिति २०७०।४।३२ गते जाहेरवालीहरू मध्ये 'क' कुमारीलाई पुनः उक्त होटलमा लगी त्यहाँ भारतीय मूलको जस्तो मानिसले तिम्रो साथीले रू.१५००।- लिएको छ भनी जबरजस्ती करणी गरेकोले प्रतिवादीहरूलाई जाहेरवाली 'क' कुमारी र नाबालिका 'ख'

कुमारीलाई जबरजस्ती वेश्यावृत्तिमा लगाएको कसुरमा हदैसम्मको कारवाही गरिपाउँ भन्ने बेहोराको घटना विवरण उल्लेख गरी प्रतिवादीहरू उपर किटानी जाहेरी दिएको देखिन्छ । मौका अनुसन्धान तहकिकातको सिलसिलामा निज पीडितहरूले वेश्यावृत्तिमा लगाउने प्रयास / उद्योग गरिएको बयान गरी दिएको र निजहरूको बयान मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(२) बमोजिम सुरू कपिलवस्तु जिल्ला अदालतबाट प्रमाणित भएको देखिन्छ ।

४. मिति २०७०।५।२ मा गरिएको "क" कुमारीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको बाँया साँप्रामा घाउ चोट लागेको र निजउपर यौन हिंसा भएको भनी विशेषज्ञले उल्लेख गरेको देखिँदा जाहेरवालीहरूलाई प्रतिवादीहरूले हातपातसमेत गरेको भन्ने मौका अनुसन्धानको प्रमाणित बयानमा लेखाएको तथ्य घाजाँच प्रतिवेदनबाट समर्थित भइरहेको देखिन आउँछ । उक्त स्वास्थ्य परीक्षण प्रतिवेदनमा Bluish injury mark over right front thigh by blunt object (Victim says due to strike to door while attempting to run from incident.) Findings consistent with sexual assault भन्ने विशेषज्ञको रायबाट प्रतिवादीहरूले पीडितउपर हातपात गर्न खोजेको र भाग्न कोसिस गर्दा निज पीडित "क" कुमारीलाई चोट लाग्न गएको देखिँदा प्रतिवादीहरूले पीडित जाहेरवालीहरूलाई हातपात कुटपिटसमेत गरेको पुष्टि भएको देखिन्छ ।

५. प्रतिवादी करवीर शाहीले मौकामा गरेको बयानमा पीडितहरूलाई वेश्यावृत्तिमा लगाएको होइन, मेरी श्रीमती विष्णु नेपालले मेरो होटलमा कोही कसैलाई बोलाई कस्टमरसँग यौन कार्य गराए गराएनन् मलाई थाहा छैन, निज विष्णु नेपाल हाल के कहाँ छिन् मलाई थाहा भएन भनी आरोपित कसुरमा इन्कार रहेको देखिए पनि मिति २०७०।४।३० गते प्रतिवादीहरू सुकुमारी र निर्मला परियार तथा पीडितहरू 'क' कुमारी र 'ख' कुमारी निजको होटलमा आई अपरिचित कष्टमरहरूसँगै बसेर मासु बियर खाएको भन्ने कुरालाई प्रतिवादीले उक्त बयानमा स्वीकार गरेको देखिन्छ । अदालतसमक्ष बयान गर्दा उक्त मितिमा अर्थात् साउन ३० गते नेपालगञ्ज गई भदौ २ गते मात्र फर्केको हुँ भन्दै आरोपित कसुरमा इन्कार रहेपनि निज प्रतिवादीले आफ्नो इन्कारी जिकिरलाई प्रमाणित गर्न साक्षी प्रमाण पेसगर्न सकेको देखिँदैन । प्रतिवादीहरू मध्ये सुकुमारी लामा र निर्मला परियारले करवीर शाही तथा उनको पत्नी विष्णु नेपालले नै केटीहरू होटलमा चाहिएको छ ल्याउनु भनी पठाएको भनी मौकामा एकरूपको कागज गरेको, पीडित जाहेरवालीमध्येकी 'ख' कुमारीले प्रतिवादी बद्रीनाथ नं. ७ होटलमा मिति २०७०।४।३० गतेको दिनमा नचिनेका व्यक्तिहरूसँग यौनसम्पर्क गर्न प्रतिवादीहरू निर्मला, सुकुमारी तथा होटलवाला करवीर शाहीसमेतले अपशब्द प्रयोगगरी गाली गलौज गरेका र हातपात गरेको भनी मौकाको प्रमाणित बयानमा लेखाएको देखियो ।

६. पीडित जाहेरवाली 'ख' कुमारीले अदालतसमक्ष गरेको बकपत्रबाट समेत प्रतिवादीहरूले जाहेरवालीहरूलाई वारदातस्थल होटलमा लगेको पहिलो दिनमा दुवैलाई होटलको कोठाभित्र लगी त्यहाँ अपरिचित व्यक्तिहरूले पीडितहरूसँग यौन कार्य गर्न खोजेको र हामीले त्यसो गर्न नमान्दा करवीर शाही र निजकी श्रीमतीले त्यस्तो गलत काम नगर्ने भए किन आएको भन्दै कुटपिट गरेका हुन् भनी अर्की पीडित 'क' कुमारीले आफ्नो प्रमाणित बयानमा लेखाए अनुसारको तथ्य नै उल्लेख गरी बकपत्र गरेको देखिन्छ । सो बकपत्रबाट समेत प्रतिवादीहरू उपरको आरोपित कसुरको अभियोग दाबी पुष्टि भएको देखिन्छ । प्रतिवादीहरू निर्मला परियार र सुकुमारीका साक्षी विष्णुबहादुर वि.क.ले प्रतिवादीहरू माथि लागेको मुद्दा झुठ्ठा हो भनी बकपत्र गरेपनि निज साक्षीहरू वारदात स्थलमा उपस्थित रहेका व्यक्तिहरू नभई अनुमानित आधारमा लेखाई दिएको उक्त बकपत्रले प्रतिवादीको ईन्कारी जिकिरलाई पुष्टि गरेको मान्न मिलेन । यस अवस्थामा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

७. पीडितहरूकै बयानबाट "क" र "ख" कुमारी सहमति मै रोजगारीको लागि आए तापनि "ख" कुमारी नाबालिग नै रहेको देखिन्छ । साथै निजहरूलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाई फकाई ल्याएको देखिन्छ । यस्तो अवस्थामा सहमतिमै रोजगारीमा आएको भए तापनि पीडितमध्ये "ख" कुमारी नाबालिग रहेकोले सहमतिको कुनै अर्थ नरहने र 'क' कुमारीले रोजगारीको लागि सहमति दिँदैमा वेश्यावृत्ति गराउने उद्देश्यले ल्याएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ४(१)(ख) आकर्षित नै हुने । जहाँसम्म मानव बेचबिखन ओसारपसार वा वेश्यावृत्तिमा लगाइएको कुन कानूनअन्तर्गत सजाय गर्ने प्रश्नको सन्दर्भमा ओसारपसारको उद्देश्य वेश्यावृत्तिमा लगाउने भन्ने तथ्य पीडितको बयान तथा अभियुक्तको मौकाको कागजबाट नै स्पष्ट भएको सन्दर्भमा १५(१)(क) अन्तर्गतको सजाय मिल्ने नै देखिने । आर्थिक प्रलोभन दिई ललाई फकाई सहमति कै आधारमा वेश्यावृत्ति गराउन पाउने हो कि होइन भन्ने प्रश्नमा गरिबी र बेरोजगारीमा रहेकाले आफैँले आफूलाई बेच्न शोषण गर्न तयार हुँदैमा वेश्यावृत्तिमा लगाउन पाइन्छ भन्ने कदापि होइन र यो कानूनको मनसाय पनि होइन । कानूनले स्पष्टरूपमा कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको अवस्था छ ।

८. जहाँसम्म "क" कुमारी अदालतसमक्ष उपस्थित भई बकपत्र गर्न नआएको हुँदा मौकाको कागजको आधारमा मात्र आरोप प्रमाणित गर्न नसकिने बहसको सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ ले जिल्ला अदालतमा

बयान प्रमाणित रहेको अवस्थामा प्रमाणित बयानलाई अदालतले प्रमाणमा लिन नै सक्ने देखिन्छ । यसै सन्दर्भमा ने.का.प. २०६६ नि.नं. ८१६६ को मुद्दामा प्रमाणित बयानमा उल्लिखित तथ्य मिसिलको तथ्य, परिस्थिति र प्रमाणबाट समर्थित भएकोमा प्रमाणको रूपमा पेस गरिएको त्यस्तो बयान प्रतिकूल पीडितले नै अदालतमा आई बकपत्र गरेपनि फौजदारी न्यायको उद्देश्यलाई अनदेखा गर्न नहुने सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित भइसकेको र यस मुद्दामा दुवै जाहेरवाली पीडितले मौकामा गरेको कागज २०७०।५।३ मा अदालतमा प्रमाणित भएको स्थित छ र एकजना जाहेरवाली पीडित 'ख' कुमारी अदालतसमक्ष पनि उपस्थित भई बकपत्र गरेको अवस्था रहेकोमा उक्त प्रमाणित बयानलाई समेत प्रमाणको रूपमै ग्राह्य हुने ।

९. मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर मानवता विरूद्धको अपराधमा पीडितहरू त्रसित कमजोर र हतोत्साही अवस्थामा रहने र एकजना पीडित बालिका नै रहेको अवस्थामा घटनाको परिस्थिति र घटनाको असरहरूमा फरक बयान नरहेको अवस्थामा पीडितहरूको बयानमा कतै घटनाको क्रमबद्ध रूपमा वर्णन नभएकोले केही विरोधाभास देखिन्छ भन्ने आधारमा मात्र पीडितहरूको बयानलाई अन्यथा भन्न मिलेन । जहाँसम्म सजायको हकमा १५(१)(ख) आकर्षित हुने वा नहुने प्रश्नमा पीडितहरूकै बयानबाट वेश्यावृत्ति गर्न खोज्दा भागी उम्किन सफल भएको भन्ने जिकिर लिएकाले कार्य पूरा भइसकेको नदेखिँदा उद्योगमात्र भएको देखिन्छ । तसर्थ पुनरावेदन अदालत बुटवलको मिति २०७२।३।१५ को फैसला केही उल्टी भई प्रतिवादीहरू करवीर शाही, निरा भन्ने निर्मला परियार र सुकुमारी लामालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(ख) बमोजिमको कसुरको उद्योग गरेको देखिँदा दफा १५(१)(ख) बमोजिम सजाय गरेको नमिलेकोले दफा १५(१)(ज) बमोजिम आधा अर्थात् जनही ५(पाँच) वर्ष कैद र रू.२५०००।– पच्चीस हजारका दरले जरिवाना भई प्रतिवादीहरूबाट पीडितहरूलाई रू.४०,०००।– को दामासाहीका हिसाबले हुने रकम दफा १७ बमोजिम क्षतिपूर्तिसमेत भराइ दिने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

पुनरावेदक प्रतिवादी करवीर शाही तथा प्रतिवादीहरू निरा भन्ने निर्मला परियार र माया भन्ने सुकुमारी लामालाई अभियोग दाबीबमोजिम उक्त ऐनको दफा ३,४(१)(ख) को कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ख) बमोजिम जनही १० वर्ष कैद र रू.५०,०००।- का दरले जरिवाना गरी उक्त ऐनको दफा १७ बमोजिम पीडितहरू परिवर्तित नाम "क" कुमारी र "ख" कुमारीले जनही रू.२५,०००।- (पच्चीस हजार) क्षतिपूर्तिबापत प्रतिवादीहरूबाट भराई पाउने ठहर्‌याई पुनरावेदन अदालत बुटवलबाट २०७२।०३।१५ मा फैसला भएकोमा सो फैसला केही उल्टी भई प्रतिवादीहरू करवीर शाही, निरा भन्ने निर्मला परियार र सुकुमारी लामालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ४(१)(ख) बमोजिमको कसुरको उद्योग गरेको देखिँदा दफा १५(१)(ख) बमोजिम हुने सजायमा दफा १५(१)(ज) बमोजिम आधा अर्थात् जनही ५(पाँच) वर्ष कैद र रू.२५०००।– पच्चीस हजारका दरले जरिवाना भई प्रतिवादीहरूबाट पीडितलाई रू.४०,०००।– को दामासाहीका हिसाबले हुने रकम दफा १७ बमोजिम क्षतिपूर्तिसमेत भराइ दिने ठहरी फैसला भएकोले कानूनबमोजिम लगत कसी असुल गर्ने गरी संशोधित कैदी पुर्जी दिई सम्बन्धित कारागार कार्यालयहरूमा लेखी पठाउनु भनी सुरूमा लेखी पठाइ दिनू ---------- १

माथि ठहर खण्डमा लेखिएबमोजिम पीडितहरू परिवर्तित नाम 'क' कुमारी र 'ख' कुमारीले प्रतिवादीहरूबाट जनही रू.४०,०००।– क्षतिपूर्ति भराइ पाउने ठहरेकाले प्रतिवादीहरूबाट पीडितहरूलाई कानूनबमोजिम फैसलाले ठहर भएको क्षतिपूर्ति नियमानुसार भराई दिनु भनी सुरू अदालतमा लेखी पठाइ दिनू ----------२

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ----------३

उक्त रायमा सहमत छु ।

न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल साउन २२ गते रोज १ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

फैसला मिति : २०७४।२।९
निर्णय नं. ९९३५
भाग: ६० साल: २०७५ महिना: बैशाख अंक: १
फैसला मिति :२०७४/०२/०९ ६५९२

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७०-CR-१४३२

पुनरावेदक / वादी : झापा जिल्ला सुरूङ्गा गाउँ विकास समिति वडा नं. ९ बस्ने मन्जुकुमारी ठटालको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला पाँचथर, प्राङ्बुङ्ग-२ माइतीघर र जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका सामाखुसी घर भई झापा दमक नगरपालिका वडा नं. १४ बस्ने सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ)

०७१-CR-०००५

पुनरावेदक / प्रतिवादी : श्यामलाल डंगोलको श्रीमती काठमाडौं जिल्ला चण्डेश्वर गाउँ विकास समिति वडा नं. १ सामाखुशी घर भई हाल जिल्ला कारागार कार्यालय भद्रपुर, झापामा थुनामा रहेकी वर्ष ३१ की सानुमाया राई (डंगोल)

विरूद्ध

प्रत्यर्थी / वादी : मन्जुकुमारी ठटालको जाहेरीले नेपाल सरकार

फैसला

न्या. सारदाप्रसाद घिमिरे : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

म जाहेरवाली सामान्य काम गरी जीविकोपार्जन गरी आएको छु, झापा दमक नगरपालिका बस्ने सोनिया राई (श्रेष्ठ) सँग चिनजान भएकोले गफगाफ गर्ने क्रममा निजले मलाई पटकपटक आर्थिक प्रलोभनमा पारी ललाई फकाई राम्रो कामको लागि विदेश लगी दिने भनी ढाँटी निज तथा निजको श्रीमान् ज्वाइँसमेतको मिलेमतोमा मिति २०६८।१।२९ गते घरबाट लगी भारतमा छाडी आएको र सो स्थानको व्यवहारसमेतबाट मलाई बेचबिखन गरेको भन्ने थाहा भएको हुँदा कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको मन्जुकुमारी ठटालको जाहेरी दरखास्त।

जिल्ला झापा सुरूङ्गा बस्ने सम्झना बस्नेत मेरो साथी हुन्, निजसँग कुराकानी हुँदा निजले विदेश जाने कुरा गरेकी र म पनि जाने भन्दा झापा दमक बस्ने सोनिया राई (श्रेष्ठ) सँग चिनजान गराई मिति २०६८।१।२९ गते रोजगारको लागि लाने भनी सोनिया राईको ज्वाइँ सुभाष राईले झापा सुरूङ्गामा बोलाई गाडीमा हाली लगी झापा काँकडभिट्टाभन्दा अर्को बाटो हुँदै भारतको नक्साल हुँदै भारतको मुम्बइमा लगी आएको र मलाई विभिन्न धाक धम्की दिई यौन शोषणसमेत गरिरहेको अवस्थामा सो स्थानबाट अन्यत्र लाने भन्ने थाहा पाई म भागी आएको र मलाई निजै सोनिया राईको ज्वाइँ सुभाष राईसमेतले भारतमा लगी बेचबिखन गरेको हो कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको मन्जुकुमारी ठटालको बयान।

मेरो श्रीमान्को घर काठमाडौं भए पनि हाल झापा दमकमा बसोबास छ। म पहिला आफैँ रोजगारको लागि विदेश गएको थिएँ। सोही कारण रोजगारको लागि बाहिर जाने मानिसहरू चिनजानको कोही भए सरसल्लाह गर्न आउने गर्दथे। मैले जानेको कुराहरू भनी दिने क्रममा सम्झना बस्नेत भन्ने सम्झना वि.क.ले रोजगारको बारेमा सल्लाह दिन भनी निजको साथी भन्दै मन्जुकुमारी ठटाललाई मेरो घरमा लिएर आएकी हुँदा चिनजान गरी रोजगारको लागी जाने सल्लाह दिएको मात्र हो। सोपछि निज को कससँग रोजगारमा गईन भन्ने कुरा मलाई केही थाहा छैन। मैले निजलाई लिएर गएको छैन भन्नेसमेत व्यहोराको सोनिया राई (श्रेष्ठ) को बयान।

जिल्ला झापा दमक बस्ने सोनिया राई श्रेष्ठ पहिला विदेश गएर आएकी मानिस हुन् र झापा सुरूङ्गा बस्ने मन्जु कुमारी ठटाललाई रोजगारको लागि जाने कुरामा सल्लाह दिएकी र निज मन्जुकुमारी ठटाल आफ्नो राजीखुशीका साथ विदेश जान भनी हिँडी फिर्ता

आएको भन्ने सुनेको हो निजलाई अन्य कसैले जबरजस्ती लगेको होइन भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने प्रकाश चन्द्र राईले गरेको कागज ।

मेरो छोरी मन्जुकुमारी ठटालको विवाह भइसकेको र ज्वाइँसमेतको सल्लाहअनुसार माइतीघरमा नै बसी आएको अवस्थामा के कसरी हो झापा दमक बस्ने सोनिया राई (श्रेष्ठ) सँग चिनजान भएको र निजले मलाई फकाई रोजगारमा लाने भनी लगी भारतमा यौन कार्यमा संलग्न गराएको भनी खबर गरेकी हुँदा म आफैँले पहल गरी ल्याएको हो । त्यसरी अभिभावकसमेतलाई जानकारी नगराई रोजगारको नाममा भारतमा लगी बेचबिखन गर्नेउपर कारबाही होस् भन्नेसमेत व्यहोराको घटना विवरण कागजका कुसुमकुमारी चौधरीले गरेको कागज ।

उक्त वारदात मितिमा म घर, गाउँमै थिएँ । निज सोनिया राई (श्रेष्ठ) समेतले जाहेरीमा उल्लिखित मितिमा मन्जुकुमारी ठटाललाई काकडभिट्टाको वर्मेली टोल हुँदै सिमाना पार गराई मुम्बईसम्म पर्‌याई बेचबिखन गरेको सम्बन्धमा यकिनसाथ भन्न सक्तिन । निज प्रतिवादी सोनिया राईसमेतले कोही कसैलाई विदेश पठाउने काम गर्ने गरेकोसमेत थाहा छैन भन्नेसमेत व्यहोराको घटना विवरण कागजका रामलाल साहले गरेको कागज ।

पीडिता जाहेरवाली मन्जुकुमारी ठटाललाई हाल पक्राउ परी आएका सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) ले वैदेशिक रोजगारका लागि भनी आर्थिक प्रलोभनमा पारी भारतको मुम्बईमा लगी बिक्री गरी मानव बेचबिखन तथा ओसारपसारको कसुर गरेको भन्ने पीडिताले सुनाउँदा थाहा पाएको हुँ । निज प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) र अन्य फरार रहेका श्याम श्रेष्ठ र सुवास राईले पीडितालाई बेचबिखन गरेकोमा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस कृष्ण शिवाकोटीसमेतले गरिदिएको कागज ।

प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ), श्याम श्रेष्ठ, सुवास राईको मिलेमतोमा जाहेरवाली मन्जु कुमारी ठटाललाई विदेश पठाई दिन्छु भनी विभिन्न आर्थिक प्रलोभन देखाई भारतको मुम्बई पुर्‌याई एउटा घरमा राखी यौन कार्यमा संलग्न गराई यौन शोषण गराएको भन्ने पुष्टि हुन आएकोले प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ), श्याम श्रेष्ठ, सुवास राईले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क)(ख) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ), श्याम श्रेष्ठ, सुवास राईलाई ऐ.ऐनको दफा १५ को उपदफा १ को देहाय (ङ)(१) बमोजिम सजाय हुन र ऐ. दफा १७ बमोजिम पीडितालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको मिति २०६८।४।२९ मा दर्ता भएको अभियोगपत्र ।

म मन्जुकुमारी ठटाल, सुवास राई, श्याम श्रेष्ठलाई चिन्दिन, मेरो पतिको नाम श्याम डंगोल हो, एक जना गौरी भन्ने महिलाले मलाई फोन गरी विनायक होटलमा बोलाई कोठामा थुनी २ लाख रूपैयाँ १५ दिनमा तिर्ने कागज गराई १५ दिनभित्र तिर्न नसक्दा मलाई यो मान्छे बेच्ने अभियोग लगाई पक्राउ गरेको हो, अभियोग झुठ्ठा हो, अनुसन्धानको बयान व्यहोरा मेरो होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) ले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) लाई पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.बं.११८ को देहायको दफा २ बमोजिम थुनुवा पुर्जी दिनु भन्ने सुरू अदालतको थुनछेक आदेश ।

वस्तुस्थिति मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरै हो । सोनिया श्रेष्ठ, श्याम श्रेष्ठ र सुवास राई यी तिनै जनाले मन्जुकुमारी ठटाललाई लगेको हो । सानुमाया राईको नाम नै सुनेको थिइँन भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस हरिनारायण चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६८।४।२० मा भएको मुचुल्काको व्यहोरा र सहिछाप मेरै हो, प्रतिवादी सोनिया श्रेष्ठले जाहेरवालालाई विदेश लान्छु भनेर नेपालबाट मुम्बई लगेकी हुन् पासपोर्ट थिएन । २०।२२ दिन मुम्बईमा राखेपछि बिक्री गर्छ भन्ने कुरा थाहा पाएर मुम्बईबाट भागेर घर आएपछि मलाई सुनाएकोले मैले थाहा पाएको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस लिला चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

मेरो छोरी भागेर विदेश जाने भयो । लाने श्याम श्रेष्ठ, सुभाष राई, सोनिया श्रेष्ठले दिल्ली मुम्बईबाट लान्छु भनेको छोरीको मुखबाट सुनेको हो, विदेश लाँदा विना पासपोर्ट लगेका हुन् । बिक्री गर्छ भनेर छोरी भागेर घर आएको कुरा छोरीले भनेपछि मैले सुनेको हो । उक्त घटना विवरण कागजको व्यहोरा र सहिछाप मेरै हो सोनिया राई र सानुमाया राई अलगअलग मानिस हुन् पक्राउ परेकी सानुमाया राईलाई यही अदालतमा आजै देखेको हो, सानुमाया निर्दोष मानिस हुन् भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने कुसुमकुमारी चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

म विदेश जान्छु भनी श्याम श्रेष्ठलाई भनेँ, श्याम श्रेष्ठ, सुभाष राई, सोनिया श्रेष्ठसमेतले मसमेत ५ जनालाई काकडभिट्टा हुँदै मुम्बई लगे मुम्बई गएपछि पैसामा किनबेच गर्छ भन्ने कुरा मैले सुनी त्यहाँबाट म भागी घर सुरूङ्गा आई पुगेकी हुँ । मिति २०६८।४।३ गतेका दिनको जाहेरी र २०६८।४।४ मा गरेको बयानको व्यहोरा र सहिछाप मेरै हो । मिति २०६८।५।१९ गतेको निवेदनको व्यहोरा र सहिछाप मेरै हो । मलाई बेचबिखन गर्ने मानिसहरू अहिलेसम्म पक्राउ परेको छैन । मलाई बजारतिर जाँदा धम्की दिन्थे । बचाउका लागि उक्त

निवेदन दिएको हो । मलाई प्रतिवादी सानुमाया राईले बेचबिखन गरेको होइन । सोनिया श्रेष्ठ, श्याम श्रेष्ठ, सुभाष राईले बेचबिखन गरेको हो भन्नेसमेत व्यहोराको जाहेरवाली मन्जुकुमारी ठटाललले सुरू अदालतमा गरेको बकपत्र ।

म विगत ४।५ वर्ष अगाडिदेखि प्रतिवादी सानुमाया राईलाई चिन्दछु निजको उपनाम छैन । प्रतिवादी सानुमाया राई काठमाडौंको सामाखुशीबाट दमक आई डेरा गरी बसेका हुन् त्यस्तो घृणीत कार्य सानुमाया राईबाट हुन सक्दैन । वारदातको समयमा प्रतिवादी काठमाडौंमा नै थिइनँ । सानुमाया राईको वास्तविक नाम सानुमाया राई हो सोनिया भन्ने मलाई थाहा छैन । सानुमाया राईको वास्तविक श्रीमान् श्यामलाल डंगोल हो । श्याम श्रेष्ठ चाहिँ होइन भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी प्रकाशचन्द्र राईले सुरू अदालतमा गरेको बकपत्र ।

फरार प्रतिवादी श्याम श्रेष्ठको अंश रोक्का भई मुचुल्का मिसिल सामेल रहेको ।

प्रतिवादी श्याम श्रेष्ठ फरार रहेको देखिँदा निजको हकमा अ.बं.१९० नं. बमोजिम मुलतबीमा रहने ठहर्छ । अर्का प्रतिवादी सोनिया भन्ने सानुमाया (श्रेष्ठ) राईको हकमा विचार गर्दा, पीडिताको मौकामा प्रमाणित बयानमा प्रतिवादी सोनिया भन्ने सानुमाया (श्रेष्ठ) राईसमेतको संलग्नतामा पीडितालाई भारतको मुम्बइमा वारदातको मितिमा नेपाल सरहदबाट लगी बिक्री गर्ने कार्य नभएको वा अभियोगको विरूद्ध खण्डमा उल्लेख भएको व्यक्ति नभएको भनी जिकिर लिए पनि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ बमोजिम सोको जिकिर (प्रमाण ऐन, २०३१ को दफा २७समेत) पुष्टि गर्नसकेको नदेखिँदा प्रतिवादीले सोही ऐनको दफा ३ र दफा ४(२)(क)(ख) बमोजिम कसुर गरेको ठहरेकाले प्रतिवादी सोनिया भन्ने सानुमाया राई श्रेष्ठलाई ऐ.ऐनको दफा १५(१)(ङ)(१) बमोजिम कैद वर्ष १०र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने ठहर्छ र पीडिताले दफा १७ बमोजिम क्षतिपूर्तिसमेत भरी पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू झापा जिल्ला अदालतको मिति २०६९।१।१०।१ को फैसला ।

पीडिताले अदालतमा बयान गर्दा प्रतिवादीलाई चिन्दिन आजै देखेको हो । निज प्रतिवादी मैले भनेको सोनिया श्रेष्ठ होइन अर्को व्यक्ति हो भनी सनाखत गरी रहेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्ने कुरा उल्लिखित आधार प्रमाणहरूबाट पुष्टि भइरहेको हुँदा मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ९ को गलत र भ्रामक अर्थ लगाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीको जिकिर पुष्टि भइरहेको अवस्थामा सो कुरालाई विश्लेषण नै नगरी प्रमाण ऐन, २०३१ को दफा ३, ५४, १०, १८ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६, ९ समेतको व्याख्यात्मक एवं प्रयोगात्मक त्रुटि गरी विद्यमान कानूनी व्यवस्था एवं विधायिकी भावनाविपरीत गरेको सुरू झापा जिल्ला अदालतको मिति २०६९।१।१०।१ को त्रुटिपूर्ण फैसला बदर गरी पुनरावेदन जिकिरबमोजिम अभियोग दाबीबाट सफाई गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी सानुमाया राई (श्रेष्ठ) को पुनरावेदन अदालत, इलाममा परेको पुनरावेदन पत्र ।

यसमा प्रतिवादी सोनिया राई श्रेष्ठको अनुसन्धान अधिकारीसमक्षको बयान व्यहोरा तथा जाहेरवाली पीडिताको प्रमाणित बयान व्यहोरा तथा निजहरूले सुरू अदालतसमक्ष गरेको बयान बकपत्रको परिप्रेक्ष्यमा सुरू फैसला फरक पर्नसक्ने देखिँदा छलफलका लागि मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०६९।११।२१।२ गतेको पुनरावेदन अदालतको आदेश ।

पीडित मन्जुकुमारी ठटालको प्रमाणित बयानमा पुनरावेदक प्रतिवादीले विदेश जान पठाएकी हुन् भन्नेसमेतको आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ज) बमोजिम सजाय गर्नुपर्नेमा ऐ.ऐ.दफा १५(१)(ङ)(१) बमोजिम सजाय गरेको सो हदसम्म सुरू झापा जिल्ला अदालतबाट भएको फैसला नमिलेकोले सो फैसला बदर भई यी प्रतिवादी पुनरावेदक सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) लाई ऐ.ऐनको दफा १५(१)(ङ)(१) का आधारमा ऐ.ऐ.१५(१)(ज) बमोजिम कैद वर्ष ७(सात) महिना ६(छ) र रू.५०,०००।– (रू. पचाहजार) जरिवाना हुने तथा पीडितले सोको आधा क्षतिपूर्तिसमेत भराई पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत, इलामको मिति २०७०/५/१० गतेको फैसला ।

जाहेरवालीले जाहेरी दर्खास्त र प्रमाणित बयानबाट निजलाई लोभ लालच र प्रलोभनमा पारी विदेश पठाउने सोनिया राईलाई चिनेको देखिन्छ । रात सँगै बसेका छन् तर जाहेरवालीले बकपत्र गर्दा प्रतिवादीलाई चिन्दिनँ भनेकी छन् । रात सँगै बसेकी व्यक्ति भएकी भए निजले नचिन्ने प्रश्न नै आउँदैन । जाहेरवाली पीडिता मन्जुकुमारी ठटाललले अदालतमा बकपत्र गर्दा सोनिया राई (श्रेष्ठ) र सानुमाया राई अलगअलग हुन् भनेकी छन् । सानुमायाले बेचबिखन गरेको होइन । सोनिया, श्याम श्रेष्ठ र सुभाष राईले हो भनेकी छन् । घटना विवरण कागजका रामलाल साह, प्रकाशचन्द्र राई, कुसुम कुमारी, वस्तुस्थिति मुचुल्काका लीला चौधरी, हरिनारायण चौधरीसमेतले म पुनरावेदिका कसुरदार नभएर अलग व्यक्ति भएको भनी बकपत्र गरेका छन् । अभियोग लगाएकी व्यक्ति म होइन भनी आफ्नो प्रमाण प्रस्तुत गरेको अवस्थामा मुख्यरूपमा पहिचानको प्रश्न उठेपछि सोको निर्णय गर्नुपर्नेमा नगरी मलाई दोषी ठहर गरी गरिएको फैसला बदर गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सानुमाया राईको यस अदालतमा परेको पुनरावेदन पत्र ।

प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) ज बमोजिम सजाय गर्दा प्रतिवादीको कार्य दुरूत्साहन, षड्यन्त्र वा मतियार कुन कसुर हो स्पष्ट आधार कारण नखुलाई मनोगत आधारमा दाबीभन्दा घटी सजाय गरेको त्रुटिपूर्ण छ । यी प्रतिवादीले पीडितालाई विदेश पठाइदिन्छु भनी आर्थिक प्रलोभनमा पारी आफ्नो घरमा बोलाई मोबाइलसमेत दिई पठाएको र विदेश जानको लागि आवश्यक खर्च रू.३५,०००।– समेत पछि कमाएर दिने सल्लाह सोनियाको घरमै भएको भनी पीडितको मौकाको प्रमाणित बयानमा उल्लेख गरेको र जाहेरी र प्रमाणित बयानलाई सनाखतसमेत गरेको अवस्था छ । प्रतिवादीसमेतको मिलेमतोमा पीडितालाई बेचबिखन गर्ने उद्देश्यले भारत मुम्बई पुर्‍याएको अवस्थामा पुनरावेदन अदालत, इलामले यी प्रतिवादीले मतियारको भूमिका मात्र निर्वाह गरेको मानी गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकार र प्रतिवादी सानुमाया राई दुवै पक्षको पुनरावेदन परेको देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ पुनरावेदनको जानकारी परस्पर एक अर्कोमा गराई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७३/५/१६ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री रजितभक्त प्रधानाङ्ग र विद्वान् अधिवक्ता श्री सिताराम अधिकारीले जाहेरीमा पोल गरेको पीडितले बयानमा उल्लेख गरेकी व्यक्ति यी पुनरावेदक प्रतिवादी होइनन् । सोनिया राई श्रेष्ठ र सानुमाया राई (डंगोल) भन्ने व्यक्ति छुट्टाछुट्टै हुन् । पीडित जाहेरवालीले यी प्रतिवादीलाई प्रत्यक्ष देखेको छैन । साक्षी बकपत्र गर्न अदालतमा उपस्थित भएको अवस्था पीडितले मलाई बिक्री गर्न लाने सोनिया राई भन्ने व्यक्ति यी प्रतिवादी होइनन्, निजलाई म चिन्दिनँ भनी बकपत्र गरिसकेको अवस्था छ । प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण पेस गरिसकेको स्थितिमा सो प्रमाणलाई नजरअन्दाज गरी कसुर ठहर गरेको पुनरावेदन अदालत, इलामको फैसला मिलेको छैन । प्रतिवादीले पूर्णरूपमा सफाई पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो । पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले प्रतिवादी सोनिया राई (श्रेष्ठ) र सानुमाया राई फरक व्यक्ति होइनन् । अनुसन्धानको क्रममा गरेको बयानमा प्रतिवादीले पीडितलाई भेटी वैदेशिक रोजगारीमा जाने सल्लाह दिएको, निजको पतिको नाम श्याम श्रेष्ठ र निजको घर काठमाडौंमा रहेको भनी उल्लेख गरेकी छन् । उक्त बयानमा म सोनिया राई (श्रेष्ठ) होइन भनी जिकिर लिएकी छैनन् । मानव बेचबिखन जस्तो मुद्दामा प्रतिवादीले आफ्नो निर्दोषिता आफैँ प्रमाणित गर्नु पर्दछ । पीडितको जाहेरी र मौकामा गरेको प्रमाणित बयान र प्रतिवादीको बयान तथ्यगतरूपमा मिलेकोले यी प्रतिवादी नै सोनिया राई (श्रेष्ठ) भएको पुष्टिहुन्छ । प्रतिवादीले आफैँ पीडितालाई ललाई फकाई विदेश पठाउने कार्य गरेको, यसमा निजका पति र ज्वाईँ नाताका व्यक्ति प्रत्यक्ष संलग्न रहेको र सामूहिक रूपमा प्रतिवादीहरूले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले भारतको मुम्बई पुर्‍याएको हुँदा मतियारको रूपमा मात्र प्रतिवादीलाई सजाय गरेको फैसला नमिलेको हुँदा उल्टी गरी अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

उक्त बहससमेत सुनी प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, इलामको फैसला मिलेको छ, छैन? र पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, झापा दमक नगरपालिका बस्ने सोनिया राई (श्रेष्ठ) सँग चिनजान भएकोले निजले मलाई आर्थिक प्रलोभनमा पारी ललाई फकाई राम्रो कार्यको लागि विदेश लगिदिने भनी ढाँटी निज, निजको श्रीमान्, ज्वाइँसमेतको मिलेमतोमा मिति २०६८/१/२९ गते घरबाट भारत मुम्बई लगी छोडी आएको र सो स्थानको व्यवहारसमेतबाट मलाई बेचबिखन गरेको थाहा भएको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेतको मन्जु कुमारी ठटालको जाहेरी दर्खास्त परेपश्चात् अनुसन्धान प्रारम्भ भई प्रतिवादी सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ), श्याम श्रेष्ठ र सुवास राईले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क)(ख) बमोजिमको कसुर गरेकोले निजहरूलाई १७ नं. बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्ने व्यहोराको अभियोगपत्र प्रस्तुत भएकोमा सुरू झापा जिल्ला अदालतबाट प्रतिवादी सुवास राईको हकमा अभियोगपत्र दरपिठ भएको र प्रतिवादी श्याम श्रेष्ठको हकमा अ.बं. १९० नं. बमोजिम मुलतबी रहेको तथा प्रतिवादी सोनिया राई भन्ने सानुमाया राई (श्रेष्ठ) को हकमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क)(ख) को कसुरमा ऐ. दफा १५ १)(ङ)(१) बमोजिम कैद वर्ष १० र रू.५०,०००।– जरिवाना र पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर भई भएको फैसला केही उल्टी भई सो दफा १५(१)(ज) बमोजिम ७ वर्ष ६ महिना कैद र रू.५०,०००।– जरिवाना हुने ठहर भएको फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको देखियो ।

३. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले आफू पीडितलाई भारत लगी बिक्री गर्ने सोनिया राई नभई आफ्नो नाम सानुमाया राई भएको र आफूले पीडितलाई भारतमा लगी बिक्री गर्ने कार्य नगरेकाले निर्दोष व्यक्तिलाई कसुरदार ठहराई सजाय गरेको सुरू र पुनरावेदन तहको फैसला त्रुटिपूर्ण भएकोले उल्टी भई आफूले सफाई पाउनु पर्ने भनी पुनरावेदन पत्रमा मुख्य रूपमा जिकिर लिएकाले सर्वप्रथम सोही सम्बन्धमा विचार गर्नुपर्ने देखिएको छ ।

४. पीडित मन्जुकुमारीले आफूलाई आर्थिक प्रलोभन देखाई वैदेशिक रोजगारमा पठाइदिने भनी भारत मुम्बईमा पुर्‍याई १०/१५ दिनसम्म मुम्बईको कोठामा थुनामा राखी प्रतिवादी सोनिया राई श्रेष्ठ, श्याम श्रेष्ठ र शुभाष राईले मलाई देखाई बिक्री गर्न लागेको निजहरूको हाउभाउ र व्यवहारबाट थाहा पाई त्यहाँबाट उम्की आएको भनी जाहेरी दिई सोही व्यहोरा प्रमाणित हुने गरी बयान गरेको देखिन्छ । प्रतिवादी सोनियाँ राई श्रेष्ठले मौकामा बयान गर्दा आफ्नो नाम सोनिया भनी उल्लेख गरे पनि पीडितले जाहेरीमा उल्लेख गरेको नाम सोनीया राई श्रेष्ठ म होइन । मेरो नाम सानुमाया राई हो भनी आफू सोनिया नभएको भनी मिति २०४०/५/२५ मा जिल्ला प्रशासन कार्यालयबाट लिएको नागरिकताको प्रतिलिपि र अन्य कागजात पेस गरेको देखिन्छ । पीडितले आफूलाई बिक्री गर्न विदेश भारत लग्ने प्रतिवादी सोनिया भन्ने यी सानुमाया हुन् भनी किटान हुने गरी बकपत्र गर्न सकेको देखिँदैन, अदालतमा जाहेरवालीले प्रतिवादीको रोहबरमा बकपत्र गर्दा आफूलाई बिक्री गर्ने व्यक्ति यी प्रतिवादी होइन, निजलाई चिन्दिन, निजले मलाई बेचबिखन गरेको होइन भनी स्पष्टरूपमा लेखाएको देखिन्छ । प्रस्तुत मुद्दामा पीडितले नै प्रतिवादीलाई सनाखत गर्न सकेको देखिँदैन । अदालतमा बकपत्र गर्दा आफूलाई भारत लगी बिक्री गर्ने सोनिया राई भन्ने व्यक्ति यी नभएको भनी जाहेरवाला एवं पीडितले आफैँले बताएको अवस्था छ । पीडितको उक्त बकपत्रको व्यहोराबाट वादी पक्षको अभियोजन दाबी अनुमान र शंकाको भरमा दायर भएको भन्ने यी प्रतिवादी सानुमायाको पुनरावेदन जिकिर समर्थित हुन आएको देखिन्छ ।

५. पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सरकारी वकिलले मानव बेचबिखन गम्भीर प्रकृतिको फौजदारी अपराध भई विधायिकी कानूनले नै प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण आफैँ पुर्‍याउन पर्ने भई प्रमाणको भार अभियोजन पक्षबाट प्रतिवादीमा नै सारिएको हुँदा यी प्रतिवादीले नै आफ्नो निर्दोषिताको प्रमाण पुर्‍याउनु पर्ने अवस्था रहेको भनी बहसमा जिकिर लिनुभएको सन्दर्भमा प्रस्तुत मुद्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गत दायर भएको र ऐनको दफा ९ ले प्रमाणको भार वादीबाट प्रतिवादीमा सारेको अवस्था हुँदा यस्तो प्रकृतिको मुद्दामा वादी प्रतिवादीको प्रमाण पर्‍याउने के कस्तो दायित्व रहने हो भन्ने सन्दर्भमा विचार गर्नुपर्ने अवस्था देखियो ।

६. फौजदारी मुद्दामा सामान्यतया आफ्नो अभियुक्तको कसुर अपराध प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा रहन्छ । जसले दाबी गर्छ उसैले प्रमाणित गर्नुपर्छ भन्ने फौजदारी विधिशास्त्रको सामान्य सिद्धान्त रहेको छ । यो सिद्धान्तलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्वीकार गरेको छ । तर कतिपय विशेष अवस्थामा फौजदारी मुद्दामा पनि प्रमाणको भार प्रतिवादीमा सार्न सकिने वा प्रतिवादीमा रहने (Shifting of burden of proof to the accused person) गरी विधायिकी कानून बन्नसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइन्छ । खासगरी आफूसँग कब्जा (Possession) मा रहेको वस्तुको वैधता यौनजन्यलगायतका अन्य अपराधमा प्रमाणको भार प्रतिवादीमा रहने गरी कानून निर्माण हुनसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको छ । यही सिद्धान्तको आधारमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ भन्ने व्यवस्था गरी अभियोग लागेको कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण प्रतिवादीले पुर्‍याउनु पर्ने व्यवस्था गरिएको छ ।

७. वस्तुतः सरकारवादी फौजदारी मुद्दाको आपराधिक कार्यमा संलग्न अभियुक्तको यकिन गरी निजउपर अनुसन्धान तहकिकात गरी सो आधारमा आफ्नो अभियुक्तको अभियोग निर्धारण गर्ने र अदालतमा मुद्दा दायर गर्ने मुख्य जिम्मेवारी अभियोजन पक्षको रहने कुरामा दुईमत हुन सक्दैन । के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजन पक्षले नै शंकारहित तवरले (Beyoard the doubt) पुष्टि गरेको हुनुपर्छ । विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त हुने होइन । आफ्नो निर्दोषिता प्रमाणित गर्ने काम प्रतिवादीको हुने भए पनि यस अवस्थामा पनि वादी पक्षले आफ्नो अभियुक्त यकिन गर्ने र अनुसन्धानको आधारमा आफूले तयार पारी दायर गरेको अभियोग पत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो भनी विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्यरूपमा उल्लेख गरेको हुनुपर्दछ । अभियोग पत्रमा अपराधका तत्त्वहरूको उल्लेखन वास्तविक अर्थमा प्रतिवादीलाई प्रतिरक्षाको लागि सुनुवाइको मौका उपलब्ध गराउनुपर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित रहेको छ । वादी पक्षले आफ्नो अभियोग पत्रमा स्पष्टरूपमा कसुर स्थापित गरी कसुरवालालाई कानूनबमोजिम सजाय गर्न मागदाबी लिइएको अभियोगपत्र रहेको अवस्थामा विधायिकी कानूनले निर्दोषिताको प्रमाणित गर्ने भार प्रतिवादीमा राखेको भए प्रतिवादीले आफूले निर्दोष रहेको जिकिर लिन्छ भने आफ्नो निर्दोषिता आफैँले प्रमाणित गर्नुपर्ने हुन्छ । तर वादी पक्षले आफ्नो अभियुक्त भनी प्रतिवादी बनाएको व्यक्ति आफू नभई अन्य व्यक्ति भएको वा आफू अभियोजित व्यक्ति नभएको भनी जिकिर लिई आफ्नो नागरिकताको प्रमाणपत्रसमेत पेस गरेको, निजले पाएको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नाम अभियोजन

पक्षले दाबी गरेबमोजिम नाम नभई प्रतिवादीको जिकिरबमोजिमको देखिएको अवस्थामा निज आफ्नो अभियुक्त हो भन्ने दाबी पुर्‍याउने भार पनि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रतिवादीमा सारेको भन्न मिल्ने हुँदैन । वादीले प्रतिवादी यकिन गरी अभियोग दाबी लिएको अवस्थामा प्रतिवादीको पहिचानमा विवाद नभएमा मात्र उक्त ऐनको दफा ९ ले प्रतिवादीमा प्रमाणको भार सारेको मान्नुपर्ने हुन्छ अर्थात् वादीले आफ्नो मुद्दाको प्रतिवादी यी हुन् भनी गरेको दाबी प्रमाणित गरेपछि मात्र अभियोग अस्वीकार गर्ने प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार बहन गर्नुपर्ने हुन्छ । अभियोजन पक्षले प्रतिवादी नै प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको वा सरेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीले पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न मिल्दैन । उल्लिखित कानूनी व्यवस्थालाई निरपेक्षरूपमा अर्थ गर्न मिल्ने हुँदैन । त्यसो गर्दा अभियोजन पक्षले आफ्नो दायित्व पूरा नगरेको त्रुटिको दुष्परिणाम प्रतिवादीमा सर्ने हुन्छ जुन विधायिकी मनसाय होइन ।

८. प्रस्तुत मुद्दामा प्रतिवादीले आफू कसुरदार नभएको, आफ्नो नाम नै फरक रहेको भनी लिएको जिकिरलाई निजले पेस गरको नागरिकताको प्रमाण पत्रले पुष्टि गरेको अवस्था एकातिर छ भने स्वयं पीडितले अदालतमा उपस्थित भई आफूलाई भारतमा बिक्री गर्न लैजाने व्यक्ति यी प्रतिवादी नभई अरू नै व्यक्ति रहेको भनी किटान गरी बकपत्र गरको अवस्थामा वादी पक्षको दाबी शंकारहित देखिन आएन । केवल उक्त ऐनको दफा ९ को व्यवस्थाको आधारमा प्रतिवादीलाई कसुरदार ठहराउन न्याय र कानूनी व्यवस्थाको रोहमा समेत मनासिब देखिन आएन ।

९. तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट अभियोजन पक्षले वास्तविक कसुरदार पहिचान नगरी छुट्टै नाम र पहिचान भएको व्यक्तिलाई प्रतिवादी बनाई अभियोग पत्र दायर गरेको जाहेरी दरखास्त र अभियोग पत्रमा उल्लेख गरिएको सोनिया राई (श्रेष्ठ) भन्ने व्यक्ति यिनै सानुमाया राई (डंगोल) भन्ने कुरा वादी पक्षले शंकारहित तबरमा पुष्टि गराउन नसकेको र पीडित स्वयम्ले आफूलाई भारत लगी बिक्री गर्ने व्यक्ति यी प्रतिवादी सानुमाया नभएको भनी अदालतका आई बकपत्र गरेको तथ्यहरूको पृष्ठभूमिमा यी प्रतिवादीलाई कसुरदार मान्न मिल्ने देखिन आएन । यस अवस्थामा यी प्रतिवादीलाई सुरू जिल्ला अदालतले ऐनको दफा ३ र दफा ४(ख) को कसुरमा कायम गरी दफा १५(१)(ङ) बमोजिम सजाय गर्ने गरेको फैसला नमिलेको भनी ऐ. ऐनको दफा १५ (१) (ङ) १ का आधारमा ऐ.ऐनको१५(१) को (ज) बमोजिम कैद ७ वर्ष ६ महिना र ऐ.को ६(६) बमोजिम रू.५०,०००।– (पचास हजार) जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०/५/१० को फैसला त्रुटिपूर्ण देखिएकोले उल्टी भई प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ । अन्य कुरामा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी सानुमाया राईले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले यस अदालतको मिति २०७४।२।९ को संक्षिप्त आदेशबाट निज थुनामुक्त भइसकेको देखिँदा थप केही गरिरहन परेन ----------१

प्रस्तुत मुद्दाका प्रतिवादी सानुमाया राई श्रेष्ठको हकमा पुनरावेदन अदालत, इलामको फैसलाले लागेको कैद वर्ष ७ (सात) ६ महिनाको कैद र रू.५०,०००।– जरिवानाको लगत कट्टा गर्नु भनी सुरू झापा जिल्ला अदालतमा लेखी पठाउनू ----------२

दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ----------३

उक्त रायमा सहमत छु ।

न्या. तेजबहादुर के.सी.

इजलास अधिकृतः जीवनकुमार भण्डारी

इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७३।५।१६।५
निर्णय नं. ९६४३
भाग: ५८ साल: २०७३ महिना: कार्तिक अंक: ७
फैसला मिति :२०७३/०५/१६ २६६९

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७०-CR-११६३

पुनरावेदक / वादी : नाम परिवर्तित कालिमाटी (श १) को जाहेरीले वादी नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स. वडा नं. ८ बस्ने रामबहादुर तामाङको छोरी पुष्पा तामाङसमेत

फैसला

न्या.विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) बमोजिम परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

प्रतिवादीहरूमध्ये पुष्पा तामाङले भारत जाने बसको टिकट काट्दा नियोजितरूपमा अर्का प्रतिवादी ठुलीमाया तामाङका नाममा टिकट काटेको देखिएको, जाहेरवालाहरूलाई झुक्यानमा पारी विश्वास दिलाई काठमाडौंमा काम लगाउने भनी भारतमा वेश्यावृत्तिमा लगाउन बेचबिखन गर्ने उद्देश्यले ओसारपसार गरेको खुलेको, भारतमा बेचबिखन गर्न प्रतिवादी पुष्पा तामाङले मोक्तान लामासमेतसँग भारतमा पटकपटक फोन सम्पर्क गरेको खुल्न आएकोसमेतबाट प्रतिवादीहरू पुष्पा तामाङ र ठुलीमाया तामाङले पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने तथा बेचबिखन गर्नेसमेतको उद्देश्यले ओसारपसार गरेकोले प्रतिवादीहरूको उक्त कार्य मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र दफा ४(२) (ख) विपरीतको कसुर भएकोले प्रतिवादीहरू पुष्पा तामाङ र ठुलीमाया तामाङलाई उक्त कसुरमा ऐ.ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम पीडितहरूलाई प्रतिवादीहरूबाट क्षतिपूर्ति भराई ऐ.ऐनको दफा २२ बमोजिम प्रस्तुत कसुरलाई नैतिक पतन देखिने फौज्दारी कसुर ठहर गरिपाउँ भन्ने मागदाबी रहेको मिति २०६९/१/१८ मा दायर भएको अभियोग पत्र ।

पीडितहरूको मौकाको अदालतबाट प्रमाणित भएको बयान, प्रतिवादीहरूउपर पीडितहरूको किटानी जाहेरी, प्रतिवादीहरूसमेत दिल्ली जान लागेकोमा नागढुङ्गाको चेकजाँचबाट फिर्ता भई पक्राउ परेको भन्ने स्वीकार गरी गरेको बयानलगायतबाट यी प्रतिवादीहरूउपरको अभियोग शंकारहित तवरले पुष्टि भएको देखिएकोले प्रतिवादी ठुलीमाया तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १५(१)(ङ)(२) अनुसार १० (दश) वर्ष कैद र रू.५०,०००।– (पचासहजार रूपैयाँ) जरिवाना हुने ठहर्छ । जाहेरवालीहरूले यी प्रतिवादी ठूलीमाया तामाङबाट रू.२५,०००।– (पच्चीसहजार रूपैयाँ) ऐ.ऐनको दफा १७ अनुसार क्षतिपूर्ति पाउँछन् । अर्की प्रतिवादी पुष्पा तामाङउपरको अभियोग सहप्रतिवादीको समान अवस्था रहेकोले यी प्रतिवादीउपर समेत ऐ.ऐनको दफा १५ (१)(ङ)(२) अनुसार १० (दश) वर्ष कैद र रू.५०,०००।–(पचास हजार रूपैयाँ) जरिवाना र रू.२५,०००।– (पच्चीसहजार रूपैयाँ) पीडितलाई क्षतिपूर्ति दिने ठहर हुनुपर्नेमा यी प्रतिवादी पुष्पा तामाङ १६ वर्ष नपुगेकी नाबालक भएको देखिएकोले पीडितहरूलाई दिल्ली पुर्‍याउँदा निज प्रतिवादी स्वयम् पीडित बन्न सक्ने अवस्था देखिएको तथा बालबालिकासम्बन्धी ऐन, २०४८को दफा११(३) अनुसार चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालकले कसुर गरेमा उमेर पुगेका व्यक्तिलाई हुने सजायमा आधा सजाय हुने कानूनी व्यवस्थाअनुसार यी प्रतिवादी पुष्पा तामाङलाई ५(पाँच) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्छ । प्रतिवादी पुष्पा तामाङसमेत दिल्ली पुगेको भए पीडित बन्न सक्ने रहेकोसमेतबाट बालबालिका ऐन, २०४८ को दफा ५०(२) अनुसार यी प्रतिवादीको जरिवाना रू.२५,०००।– र क्षतिपूर्ति भराउन पर्ने र.२५,०००।– सजाय स्थगन गरिदिएको छ भन्ने व्यहोराको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९/३/२५ को फैसला ।

काठमाडौं जिल्ला अदालतले म पुनरावेदिका नाबालिका पुष्पा तामाङको स्थितिसमेत पीडितहरूसरह नै रहेको कुरा फैसला गर्दा स्वीकार गरेको छ । पीडितहरू कालिमाटी श२ र कालिमाटी श१ ले समेत हामी तीनै राम्रो कामको खोजीमा थियौँ र दिल्लीमा राम्रो काम

पाइन्छ भनेर नै हामी दिल्ली जान थालेका हौ भनी अदालतमा आई बकपत्र गरेका छन् सोबाट पनि मैले कसैलाई बेच्ने उद्देश्य नभएर आफूसमेत राम्रो काम पाउने प्रलोभनमा परी दिल्ली जान लागेको भन्ने कुरा पुष्टि हुन्छ । जसबाट अभियोजन पक्षले म पुनरावेदिकाउपर लगाएको अभियोगदाबी पुष्टि हुन नसकेकोले सोअनुसार सजाय गर्नु त्रुटिपूर्ण रहेको छ । अतः काठमाडौं जिल्ला अदालतबाट प्रमाणको सही मूल्याङ्कन नगरी, वादी पक्षले प्रमाणको भार पूरा नगरेको अवस्थामा पनि मलाई आरोपित कसुरमा बिना आधार कसुरदार ठहर गर्ने गरी गरेको फैसला बदर गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी पुष्पा तामाङले पुनरावेदन अदालतमा चढाएको पुनरावेदन पत्र ।

प्रतिवादी ठुलीमाया तामाङ र पुष्पा तामाङलाई अभियोग मागदाबीबमोजिम मानव ओसारपसार तथा बेचबिखनको कसुरदार ठहर भइसकेपछि उक्त कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर ठहर नगरिएको हदसम्मको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा सो हदसम्म बदरभागी छ । साथै प्रतिवादी पुष्पा तामाङले मौकामा बयान गर्दा आफ्नो उमेर १६ वर्ष भनी लेखाएको तथा आफू कम उमेरको भन्ने प्रमाणित गर्न कुनै कागजातहरू पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीलाई बालबालिका ऐन, २०४८ बमोजिमको उन्मुक्ति दिन मिल्दैन । सुरू जिल्ला अदालतले निज प्रतिवादीहरू ठुली माया तामाङ र पुष्पा तामाङका हकमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २२ बमोजिम ठहर नगरेको एवं प्रतिवादी पुष्पा तामाङका हकमा बालबालिका ऐन, २०४८ को प्रयोग गरेको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदन पत्र ।

पीडितहरूले गरेको किटानी जाहेरी, प्रतिवादी पुष्पाले अनुसन्धानको क्रममा गरेको बयान तथा रत्ना सुनुवार, सिता लोहनी र जाहेरिवाला पीडितहरूले अदालतमा गरेको बयानसमेतबाट यी प्रतिवादी पुष्पा अभियोग दाबीबमोजिमको कसुरदार होइन भन्न सकिने अवस्था देखिँदैन । नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मिसिल संलग्न रहेको जन्मदर्ताको प्रतिलिपि हेर्दा निज पुष्पा तामाङको जन्म मिति २०५३/९/१४ देखिन्छ । निजले अदालतमा बयान गर्दा १५ वर्ष भएँ भनी गरेको बयानलाई उक्त प्रमाणपत्रले समर्थन गरेको देखिँदा सुरू जिल्ला अदालतले निजलाई नाबालक मानी गरेकै फैसलालाई अन्यथा भन्न मिलेन । नैतिक पतन देखिने ठहर गर्नुपर्ने भन्नेसम्बन्धमा सजाय भइसकेपछि सो नभनिएकै आधारमा मात्र जिल्ला अदालतको फैसला नमिलेको भन्ने देखिएन । सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७०/७/५ को फैसला ।

प्रतिवादी ठुलीमाया तामाङ र पुष्पा तामाङलाई अभियोगबमोजिम मानव बेचबिखन तथा ओसारपसारमा सजाय ठहर भइसकेपछि उक्त कसुर मागदाबीबमोजिम उल्लिखित ऐनको दफा १२ बमोजिम नै नैतिक पतन देखिन फौजदारी कसुर ठहर गर्नुपर्नेमा सो नगरिएकोले सो हदसम्म बदरभागी छ । प्रतिवादी पुष्पा तामाङले मौकामा बयान गर्दा आफ्नो उमेर १६ वर्ष भनी लेखाएकोमा अदालतसमक्षको बयानमा १५ वर्ष भनी लेखाए तापनि सो भनाईलाई पुष्टि गर्ने कागज पेस गर्न सकेको अवस्था नहुँदा निज प्रतिवादीलाई १६ वर्ष नपुगेको भनी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) तथा ५०(२) बमोजिमको सुविधा दिन मिल्ने होइन । अतः प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुर ठहर गरी मागदाबीबमोजिम नैतिक पतन हुने फौजदारी अपराध ठहर नगरेको र प्रतिवादी पुष्पा तामाङलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) तथा ५०(२) को सुविधा दिने गरी भएको सुरू अदालतको फैसलालाई पुनरावेदन अदालत, पाटनले सदर गरेको हदसम्म बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरी पाउन सादर अनुरोध छ । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ख) बमोजिम प्रस्तुत पुनरावेदन पत्र सम्मानित अदालतको क्षेत्राधिकारभित्र पर्दछ भन्ने व्यहोराको वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

नियमबमोजिम पेसी सुचीमा चढी निर्णयको लागि यस इजलासमा पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकुमार पोख्रेलले प्रतिवादीहरूलाई अभियोगदाबीबमोजिम कसुरदार ठहर गरेपश्चात् मागदाबीबमोजिम नैतिक पतन हुने फौजदारी अपराध ठहर नगरी भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला नैतिक पतन नठहरेको हदसम्म नमिलेको हुँदा सो हदसम्म बदर हुनुपर्छ भनी बहस गर्नुभयो ।

प्रतिवादीहरू पुष्पा तामाङ र ठुलीमाया तामाङले जाहेरवालीहरूलाई वेश्यावृत्तिमा समेत लगाउने बेच्ने उद्देश्यले भारतमा लैजान ओसारपसार गरेको अवस्थामा पीडितहरूको उद्धार भई आएको वारदात पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी ऐ.ऐनको दफा १७ बमोजिम पीडितहरूलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई ऐ.ऐनको दफा २२ बमोजिम प्रस्तुत कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर ठहर गरिपाउँ भन्ने अभियोगदाबी रहेछ ।

प्रतिवादीहरूउपरको अभियोग शंकारहित तवरले पुष्टि भएको देखिएकोले प्रतिवादी ठुलीमाया तामाङलाई ऐ. ऐनको दफा १५(१)(ङ)(२) अनुसार १० वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहर्छ। जाहेरवालाले यी प्रतिवादी ठुलीमाया तामाङबाट रू.२५,०००।– ऐ.ऐ को दफा १७ अनुसार क्षतिपूर्ति पाउँछ। अर्का प्रतिवादी पुष्पा तामाङ १६ वर्ष नपुगेकी नाबालक भन्ने देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा ५ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने ठहर्छ। प्रतिवादी पुष्पा तामाङसमेत दिल्ली पुगेको भए पीडित बन्न सक्ने रहेकोसमेतबाट बालबालिकासम्बन्धी ऐनको दफा ५०(२) अनुसार प्रतिवादीको जरिवाना र क्षतिपूर्ति भराउन पर्ने रू.२५,०००।– सजाय स्थगन गरी दिएको छ भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा फैसला भएको पाइयो।

सो सुरू जिल्ला अदालतबाट भएको फैसलामा प्रतिवादीहरू ठुलीमाया तामाङ र पुष्पा तामाङका हकमा अभियोग मागबमोजिम नैतिक पतन देखिने फौजदारी कसुर ठहर नगरेको हदसम्म र प्रतिवादी पुष्पा तामाङलाई कम उमेर भएको भनी बालबालिकासम्बन्धी ऐन, २०४८ प्रयोग गरी कम सजाय गरेको हदसम्म मिलेन सो हदसम्म बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन पत्र परेको देखिन्छ।

आफूसमेत राम्रो काम पाउने प्रलोभनमा परी दिल्ली जान लागेको र वादीले दाबी प्रमाणित गर्न नसकेकोमा पनि मलाई कसुरदार ठहर गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला बदर गरी सफाई पाउँ भनी प्रतिवादी पुष्पा तामाङको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेको रहेछ।

प्रतिवादीमध्ये ठुलीमाया तामाङले सुरू जिल्ला अदातलबाट भएको फैसलाउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेको देखिएन।

पुनरावेदन अदालत, पाटनले सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा भएको फैसला सदर हुने ठहर्‌याई वादी र प्रतिवादी पुष्पा तामाङको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी मिति २०७०।७।५ मा फैसला गरेको पाइन्छ।

सो पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।७।५ मा भएको फैसलाउपर फैसलाको सूचना प्राप्त मितिभित्र वादी नेपाल सरकारले प्रस्तुत पुनरावेदन दर्ता गराएको देखिन्छ।

उक्तअनुसार भएको फैसलाको आधारबाट वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन दर्ता हुन सक्ने हो, होइन? तथा यस अदालतको क्षेत्राधिकारभित्र पर्ने हो वा होइन भन्ने कानूनी प्रश्नमा नै सर्वप्रथम विचार गर्नुपर्ने देखियो।

२. जुनसुकै मुद्दाको कारवाही र किनारा गर्दा अधिकारक्षेत्रको प्रश्न प्रारम्भिक प्रश्नको रूपमा रहेको हुन्छ। अदालतले आफूमा निहित न्यायिक अधिकारको प्रयोग गर्दा संविधान र कानूनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही गर्नुपर्छ। न्यायिक उपचार प्रदान गर्दा जसलाई जे गर्न भनि तोकिएको छ, उसले त्यति मात्र उपचार प्रदान गर्न सक्छ। आफूलाई प्राप्त नभएको अधिकारको प्रयोग गर्नु वा आफूलाई प्राप्त भएको भन्दा बढी अधिकारको प्रयोग गर्दा त्यसले अधिकारक्षेत्रको त्रुटि भई त्यसरी गरिएका निर्णय र आदेश निष्प्रभावी र निरर्थक हुन पुग्छ। कानूनले दिएको अधिकारक्षेत्र नाघेर कारवाही गर्दै जाने हो भने त्यसले न्यायिक अराजकता निम्तन पुग्छ जसले गर्दा न्यायिक अन्योल सिर्जना भई स्वेच्छाचारी कार्यले प्रश्रय पाउन पुग्छ। विधिको शासनमा यस प्रकारको प्रवृत्तिको कल्पनासम्म पनि गर्न सकिँदैन। कुनै पनि मुद्दामा अधिकारक्षेत्रको प्रश्न आधारभूत प्रश्न भएको कारणले यसको सम्बन्धमा पक्षले प्रश्न नउठाएपनि जुनसुकै तहमा अदालतले विचार गर्न सक्छ र अधिकारक्षेत्रबाहिरको भएमा मुद्दाको सुनुवाइ गर्न इन्कार गर्न सक्छ। यस प्रकारको अधिकार न्यायिक निकायको अवशिष्ट अधिकार हो। हाम्रो कानूनी व्यवस्था हेर्दा मुलुकी ऐनको अदालती बन्दोबस्तको महलको ३५ नं. मा गैरअड्डाले कानूनबमोजिम हेर्न हुने मुद्दाबाहेक अरू मुद्दा हेर्न हुँदैन, हेरेको छिनेको भए पनि बदर हुन्छ भन्ने व्यवस्था रहेको छ। त्यसैगरी यस अदालतबाट समेत गौरी शंकर विरूद्ध सिंगेश्वर राय यादव भएको जग्गा स्रेस्ता कायम गरी दाखिल खारेज गरिपाउँ भन्ने मुद्दामा (ने.का.प. २०५३ नि.नं ६२३२ अंक ७ पृष्ठ ५९२) अधिकारक्षेत्रको प्रश्न कानूनी प्रश्न भएकोमा विवाद छैन। अधिकारक्षेत्रको प्रश्न विशुद्ध कानूनी प्रश्न भएकोले त्यस्तो कानूनी प्रश्नको सम्बन्धमा अदालत आफैँले जानकारी लिई कानूनबमोजिम जो हुनुपर्ने हो यथोचित निर्णय गर्न सक्छ भनी व्याख्या भएको छ।

३. अतः पुनरावेदन अदालत पाटनबाट सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको फैसलाउपर चित्त नबुझाई यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र पर्छ वा पर्दैन भन्नेसम्बन्धमा विचार गर्दा न्याय प्रशासन ऐन, २०४८ को व्यवस्था हेरिनुपर्छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) मा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ।

(१) पुनरावेदन अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दा,

(२) दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा,

(३) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।

त्यसैगरी सोही ऐनको दफा ९(२) मा सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

४. प्रस्तुत मुद्दामा जिल्ला अदालतबाट दश वर्ष र रू.५० हजार जरिवाना हुने ठहर्‌याएका प्रतिवादी ठुली तामाङको हकमा सो ठहर्‌याएको कैद जरिवानाको बारेमा पुनरावेदन अदालत, पाटनमा वादी नेपाल सरकारको तर्फबाट र निज ठहर भएका प्रतिवादी ठुलीमाया तामाङको पुनरावेदन परेको देखिँदैन । अभियोग दाबीअनुसार नै प्रतिवादी ठुलीमाया तामाङलाई भएको उक्त सजायको हकमा जिल्ला अदालतको फैसला नै अन्तिम भएको पाइन्छ । पुनरावेदन अदालत, पाटनले जिल्ला अदालतबाट प्रतिवादी ठुलीमाया तामाङलाई ठहर भएको उक्त कैद र जरिवानाको हकमा कुनै फैसला अन्तिम आदेश गरेको पाइएन । वस्तुतः प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को अवस्था नै रहेको छैन ।

५. अब अर्का प्रतिवादी पुष्पा तामाङलाई सुरू काठमाडौं जिल्ला अदालतबाट कैद ५ वर्ष र जरिवाना २५ हजार ठहर्‌याएको फैसला पुनरावेदन अदालत, पाटनले सदर गरी फैसला गरेको देखिन्छ । तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना भएको सुरू अदालतको निर्णयमा पुनरावेदन अदालतले पुनरावेदनको रोहबाट निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा यस अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) ले गरेको छ ।

६. प्रस्तुत मुद्दामा प्रतिवादी पुष्पा तामाङ र वादी नेपाल सरकार दुवै पक्षबाट पुनरावेदन अदालत, पाटनमा सुरू काठमाडौं जिल्ला अदालतको फैसलाउपर पुनरावेदन परेकोमा निज प्रतिवादी पुष्पा तामाङलाई ५ वर्ष कैद र २५ हजार जरिवाना गर्ने गरी सुरू अदालतबाट भएको निर्णय सो पुनरावेदनहरूको रोहमा निर्णय गर्दा केही वा पुरै उल्टी भएको छैन । अतः प्रतिवादी पुष्पा तामाङको हकमा पनि पुनरावेदन अदालत, पाटनबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार सुरू अदालतको निर्णय केही वा पूरै उल्टी नभई सुरू जिल्ला अदालतको फैसला सदर भएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार यस अदालतमा पुनरावेदन लाग्ने अवस्था पनि देखिन आएन । दश वर्ष वा सोभन्दा बढी सजाय गरी पुनरावेदन अदालतले फैसला गरेकोमा र तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवानासमेत भएको सुरू जिल्ला अदालतको निर्णय पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी भएकोमा मात्र यस अदालतमा पुनरावेदन लाग्ने देखियो ।

७. प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को अवस्था सुरू अदालतबाटै अन्तिम भएको देखिन्छ । पुनरावेदन अदालतबाट सोसम्बन्धमा कुनै निर्णय भएको देखिएन । ऐ.ऐन को ऐ. दफा ९(१)(ग) को अवस्था पनि विद्यमान रहेको पाइएन भने वादी नेपाल सरकारलाई पुनरावेदन अदालत, पाटनको फैसलामा पुनरावेदनको म्यादसमेत जारी भएको देखिँदैन ।

८. वस्तुतः वादी नेपाल सरकारको तर्फबाट दायर भएको प्रस्तुत पुनरावेदन यस अदालतमा लाग्नै नसक्ने उक्त कानूनी प्रबन्धहरूबाट स्पष्ट भएको हुँदा लाग्नै नसक्ने पुनरावेदन जिकिरको अन्य तथ्यतर्फ प्रवेश गरिरहन नपरी प्रस्तुत पुनरावेदन अ.बं. १८० अनुसार खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत : सन्देश श्रेष्ठ

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.

फैसला मिति : २०७३।२।२४

निर्णय नं. ९६७७

भाग: ५८ साल: २०७३ महिना: पौस अंक: ९

फैसला मिति :२०७३/०२/२४ २९५८

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०६८-CR-१२०३

पुनरावेदक / प्रतिवादी : धनमाया नागवंशीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला झापा, चन्द्रगढी गा.वि.स. वडा नं. ४ घोडामारा घर भई हाल जिल्ला कारागार भद्रपुर झापामा थुनामा बस्ने सोमबहादुर तामाङ

०६८-CR-१२२५

प्रत्यर्थी / वादी : जिल्ला झापा, चन्द्रगढी गा.वि.स. वडा नं. ४ घोडामारा घर भई हाल जिल्ला कारागार भद्रपुर झापामा थुनामा बस्ने सोमबहादुर तामाङ

विरूद्ध

पुनरावेदक / प्रतिवादी : धनमाया नागवंशीको जाहेरीले नेपाल सरकार

फैसला

न्या. देवेन्द्र गोपाल श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

जिल्ला झापा भद्रपुर न.पा.–४ बस्ने सुरेश नागवंशीकी श्रीमती वर्ष २४ की धनमाया नागवंशीलाई मिति २०६७।१।३१ गते विवाह गरी सोमबहादुर तामाङले भारतमा काम गरी बस्ने भनी भारतको पूरानो दिल्लीस्थित चाँदनी चोकमा लगी बेचेको भन्ने कुरा खुल्न गएकोले निज अभियुक्तलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको साना हातहरू नेपाल नामक संस्थाको मिति २०६७।२।३१ गतेको पत्र ।

सोमबहादुर तामाङले मलाई मिति २०६७।१।३१ गते विवाह गरी भारतमा काम गरी बस्ने भनी लगी भारतको पूरानो दिल्लीस्थित चाँदनी चोकमा लगी बेचेर फरार भई नेपाल आएछ । म भाग्न सक्षम भई नेपाल आई साना हातहरू नेपालमार्फत निजलाई कार्वाही गरिपाउँ भनी निवेदन पेस गरेको छु भन्नेसमेत व्यहोराको धनमाया नागवंशीको निवेदन ।

मिति २०६७।१।३१ गते सोमबहादुर तामाङले मलाई विवाह गरी भारतमा काम गरी बस्ने भनी भारतको पूरानो दिल्लीस्थित चाँदनी चोकमा लगी बेची फरार भई नेपाल आएछ । म पनि भाग्न सक्षम भई काँकडभिट्टा नेपाल आएँ । मलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले झुक्काई भारतमा लगी बिक्री गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ विपरीतको कसुर गरेकोले निज प्रतिवादीलाई सजाय गरी क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको धनमाया नागवंशीको जाहेरी दरखास्त ।

प्रतिवादी सोमबहादुर तामाङले मलाई जागिर लगाई दिने र मलाई विवाह गरी दिल्लीमै बसोबास गर्ने आश्वासन दिई विवाह गर्छु भनी शारीरिक सम्पर्कसमेत गरेपछि म मिति २०६७।१।३१ गते पति छोराछोरीलाई छोडी बजारका मान्छे, माइती नेपाल र सुरक्षाकर्मीले समेत शंका गर्छन् भनी म अगाडि गई पछि प्रतिवादी आई गल्लीको बाटो रिक्सामा बसपार्क पुगी भारतको गलगलियाबाट गाडीमा चढी इस्लामपुरसम्म पुग्यौँ । त्यहाँबाट नयाँ दिल्लीमा साँझको समयमा पुगेका हौँ । प्रतिवादी मलाई नयाँ दिल्लीमा रेल्वे स्टेशनमा छाडी पिसाब फेर्न जान्छु भनी १ घण्टा हराए । पछि प्रतिवादी फर्की आएपछि खाना खाई पहिलेको ठाउँमा छाडी रातको ३.१५ बजे दिसा गर्न जान्छु भनी हिँडेकोमा आउँदै नआएकोले एउटा बुढी महिलाले घरमा लगी झ्याल नभएको कोठामा राखिन् । ती बुढी महिलाको छोराले मादकपदार्थ सेवन गरी मेरो कपडाहरू सबै खोली जबरजस्ती यौन सम्पर्क गर्‌यो । निजले तिमीलाई किनी सकेका छौँ, तिमीले सहनै पर्छ, तँ वेश्या होस भनी धम्काउथ्यो । पछि इशा नाम गरेकी महिलाले ढोका

खोली दिएपछि म रेल्वे स्टेशनमा पुलिसमा गई नेपाल जाने ट्रेनमा चढी भागी नेपाल आउन सफल भएकी हुँदा प्रतिवादीलाई हदैसम्म सजाय होस् भन्नेसमेत व्यहोराको पीडिता धनमाया नागवंशीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

जाहेरवाली र मेरो घर नजिकै पर्छ । मैले उनीलाई विबाहको प्रस्ताव राख्दा इन्कार गरेकीले भारतको नयाँ दिल्लीमा बस्नुपर्छ भनी फकाई शारीरिक सम्पर्क गरी मिति २०६७।१।३१ गते भद्रपुरबाट भारतको गलगलिया हुँदै भारतको इस्लामपुर गई अनि दिल्ली ट्रेनबाट गयौं । ट्रेनबाट जाने क्रममा ट्रेनको डिब्बाको सिटमा बस्ने एक मानिसले कहाँ जाने भनी सोधेकोमा काम गर्न हिँडेका हौं भन्दा निजले चाँदनी चोकमा मेरो घर छ भनी होटलमा पुर्‍याएको हो । मलाई डर लागेकोले फेरी रेल्वे स्टेशनमा फर्केर आयौं । म एकछिन दिसा गर्न जान्छु भनेर जाहेरवालीलाई भनी अलिक पर पुग्ने बित्तिकै ४ जना इन्डियन व्यक्तिहरूले समातेर तपाईंले ल्याएको केटी कहाँ छ हामीलाई दिनुहोस् भनी चाँदनी चोकमा पुर्‍याई कोठामा थुनी राखे । मिति २०६७।२।१ गते म भाग्न सफल भई रेल्वे स्टेशनमा आई जाहेरवालीलाई खोजतलास गर्दा फेला नपरेकोले सिलगढी हुँदै मिति २०६७।२।२ गते काँकडभिट्टाबाट घरमा आएको हुँ । मैले बेच्ने उद्देश्यले लगेको होइन । मैले कसैलाई जानकारी नगराएकोले मलाई शंका गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

वारदातको दिन जाहेरवाली, भद्रपुर नाकामा आएकी थिइन् । भोलिपल्ट जाहेरवालीको पतिले श्रीमती हराइन् भनी हाम्रो सानाहातहरू नामक संस्थामा जानकारी गराउनुभएको थियो । प्रतिवादी सोमबहादुर तामाङले विवाह गर्छु भनी भारतको नयाँ दिल्लीमा लगी बेचेको कुरा स्पष्ट खुल्न आएकोले निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार ऐनबमोजिम कडाभन्दा कडा कार्वाही होस् भन्ने व्यहोराको सानाहातहरू नेपाल नामक संस्थामा काम गर्ने विश्वास तामाङसमेतले करिब एकै मिलान हुने गरी मौकामा लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

पीडित नेपाल आएर मेची अञ्चल अस्पतालमा आफ्नो स्वास्थ्य स्थिति चेक जाँच गराउँदा Provisional diagnosis मा PTD (Pelvic Inflammantory disease) STD-sexually transmitted disease) रोग देखिएको, सोको असरले गर्दा Lower abdominal pain, foul smelling p/w discharge with itching burning micluration history of contact+ve देखिएकोले औषधि किन्नु भनी मेची अस्पताल आकश्मिक कक्षको पत्रमा लेखिएको व्यहोरा ।

प्रतिवादी सोमबहादुर तामाङले जाहेरवाली पीडितालाई ललाई, फकाई प्रलोभनमा पारी नेपालको भद्रपुर नाकाबाट भारतको गलगलिया, इस्लामपुर हुँदै ट्रेनमा चढाई भारतको नयाँ दिल्लीमा पुर्‍याई बेचेको पीडितको मौकाको बयान, जाहेरी दरखास्तसमेतबाट पुष्टि भएकोले निज प्रतिवादी सोमबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ३ र दफा ४ को उपदफा १ को खण्ड (क) को कसुर अपराध गरेकामा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी जाहेरवालीलाई सोही ऐनको दफा १७ बमोजिम क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

मिति २०६७।१।३१ गते जाहेरवाली पीडित धनमाया नागवंशीलाई विवाह गरी भारतमा लगी बिक्री गरेको होइन । जाहेरवाली पहिला पनि २।३ चोटि हराएकी हुन् । म भारत नगई घरमै छु । मौकामा भएको बयानको व्यहोरामा कुटपिट गरी जबरजस्ती सहिछाप गराएको हो । मैले जाहेरवालीको बुढालाई पिटी दिएकोले पोल गरेको होला । मैले जाहेरवालीलाई नलगेकाले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङले अदालतमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं.११८ को देहाय २ नं. बमोजिम प्रतिवादीलाई पूर्पक्षको निमित्त थुनामा राख्नु भन्ने मिति २०६७।३।२५ को आदेश ।

प्रतिवादी सोमबहादुर तामाङले आफूलाई भारतको नयाँ दिल्लीमा लगी बेचेको र त्यहाँ आफूलाई अनैतिक कार्य गर्न लगाएको पीडितले बताएकी हुन् । वस्तुस्थिति मुचुल्काको व्यहोरा र सहिछाप मेरै हो भन्नेसमेत व्यहोराको करूणा खत्रीले अदालतमा गरेको बकपत्र ।

वस्तुस्थिति मुचुल्काको व्यहोरा पढी बाची सुनें । सो कागजमा भएको सहिछाप र व्यहोरा मेरो हो । पीडितको अवस्था नाजुक थियो । निजको मेडिकल जाँचसमेत गराएको र डाक्टरको रिर्पोटसमेत अनुसार बेचिएको भनी शंका लाग्छ भन्नेसमेत व्यहोराका विश्वास तामाङले अदालतमा गरेको बकपत्र ।

वस्तुस्थिति मुचुल्काको व्यहोरा पढी बाची सुनें, सो व्यहोरा र सहिछाप मेरो हो । पीडिताले दिएको जाहेरी र बयानले दिल्लीमा बेचिएको भन्ने कुरा थाहा भयो भन्नेसमेत व्यहोराको सन्तकुमार सेलिङ्ग सुब्बाले अदालतमा गरेको बकपत्र ।

अभियोग र जाहेरी झुट्ठा हो । ललाई फकाई भारतमा लगेर प्रतिवादीले बेचेको होइन । उक्त दिन सोमबहादुर तामाङ नेपालभित्रै छन भन्नेसमेत व्यहोराका प्रतिवादीको साक्षी धर्म राईको अदालतमा गरेको बकपत्र ।

यसमा यी प्रतिवादी सोमबहादुर तामाङले पीडिता जाहेरवालीलाई भारतको नयाँदिल्ली पुर्‍याई मानव बेचबिखन ओसार पसार गरेको हो भनी बकपत्रमा उल्लेख गरेको, पीडिता जाहेरवालीलाई यी प्रतिवादी सोमबहादुर तामाङले भारतको नयाँ दिल्लीमा पुर्‍याई अलपत्र पारी छाडी आफूले यौन शोषणको सिकार हुनु परेको कुरा पीडितले लेखाएकोबाट समेत अभियोग दाबी पुष्टि भइरहेको देखिँदा निज प्रतिवादी

सोमबहादुर तामाङले अभियोग दाबी अनुसारको कसुर गरेको ठहर्छ । तसर्थ निज प्रतिवादी सोमबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन,२०६४ को दफा १५ को उपदफा (१) को खण्ड(क) अनुसार २० (बीस) वर्ष कैद र रू.२,००,०००।– (दुई लाख) जरिवाना हुने र ऐ.ऐनको दफा १७(१) बमोजिम पीडितले रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ भन्ने सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।१।१३।३ मा भएको फैसला ।

जाहेरी र जाहेरवालीको बयान अत्यन्त बनावटी र काल्पनिक मात्र हो । वस्तुस्थिति मुचुल्काका मानिसले समेत अदालतमा बकपत्र गर्दा प्रतिवादीले जाहेरवालीलाई मानव बेचबिखन ओसारपसार गरेको भनी लेखएको पनि झुठ्ठा हो । निजहरूले किटानको रूपमा यस प्रकारले यसरी यस ठाउँबाट लगी बेचबिखन गरेको भनी लेखाउन सकेको छैन । यो अवस्थामा म निर्दोष पुनरावेदकलाई कैद र जरिवानासमेत गर्ने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङको पुनरावेदनपत्र ।

यसमा मुख्य गबाहको रूपमा रहेकी जाहेरवाली एवं पीडित धनमाया नागवंशीलाई प्रमाणका तवरबाट बुझ्दै नबुझी प्रस्तुत मुद्दामा सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।१।१३।३ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय देखिन आएकोले मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुन पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई पेसीको सूचना दिई नियमबमोजिम गरी पेस गर्नु भन्ने मिति २०६८।९।३ मा यस अदालतबाट भएको आदेश ।

प्रतिवादी सोमबहादुर तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्‌याई निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र रू.२,००,०००।– (दुई लाख) रूपैयाँ जरिवाना गर्ने गरी सुरू झापा जिल्ला अदालतबाट भएको मिति २०६८।१।१३।३ को फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निज प्रतिवादी सोमबहादुर तामाङले ऐ. ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरसम्म गरेको देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख मात्र) जरिवाना हुने ठहर्छ । पीडितलाई प्रतिवादीबाट ऐ.ऐनको दफा १७(१) बमोजिम क्षतिपूर्तिबापत रू. १,००,०००।- (एकलाख) भराई दिने गरेको सुरूको फैसला सदर कायम रहने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, इलामको मिति २०६८।११।१६ को फैसला ।

प्रतिवादीले पीडितलाई बिक्री गर्न दिल्ली पुर्‌याई बिक्रीसमेत गरी पीडितलाई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेकोमा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरेको सुरू फैसला केही उल्टी गरी गरेको पुनरावेदन अदालत, इलामको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेतको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

तथ्ययुक्त ठोस सबुद प्रमाणको अभावमा केवल शंकाजनक जाहेरी एवं अनुमानको भरमा प्रतिवादीउपर आरोपित कसुर ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत भएकाले मैले सफाइ पाउनु पर्नेमा मलाई कसुरदार ठहराई भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रमा पराजुलीले पीडितको किटानी जाहेरी दरखास्त दिई सोको समर्थनमा अदालतमा बकपत्र गरिदिएको, प्रतिवादी स्वयम्ले कसुर स्वीकारी मौकामा बयान गरिदिएको, अन्य बुझिएका व्यक्तिले जाहेरीकै व्यहोराको समर्थनमा लेखाइदिएको अवस्थामा पीडितलाई बेच्ने उद्देश्यले भारत लगे पनि बेच्न नसकेको भनी सुरू फैसला केही उल्टी गरी गरेको पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

यसरी बहससमेत सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नको निरूपण गरी निर्णयमा पुग्नु पर्ने देखियो ।

१. प्रतिवादीले जाहेरवाली धनमाया नागवंशीलाई बिक्री गर्ने उद्देश्यले भारत लगी गएका हुन् वा होइनन् ? तथा भारत लगेको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन?

२. यदि बिक्री गर्ने उद्देश्यले भारत लगेको हो भने बिक्रि गरेको हो होइन? तथा बिक्री गरेको हो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन?

३. सुरू फैसला केही उल्टी हुने ठहराई गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन?

२. यसमा प्रतिवादी सोमबहादुर तामाङले जाहेरवालीलाई प्रलोभनमा पारी भारतको नयाँ दिल्लीमा पुर्‌याई बेचेको पुष्टि भएकोले निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ३ र दफा ४ को उपदफा १ को खण्ड (क) को कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी जाहेरवालीलाई ऐ. को दफा १७ बमोजिम

क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्ने अभियोगपत्र माग दाबी भएकोमा सुरू जिल्ला अदालतबाट अभियोग दाबी पुग्ने गरी फैसला भएको पाइन्छ । सो फैसलाउपर फैसला त्रुटिपूर्ण भएकाले बदर गरी सफाइ पाउँ भनी प्रतिवादीको पुनरावेदन अदालत इलाममा पुनरावेदन परी पुनरावेदन अदालतले सुरू फैसला केही उल्टी गरी निज प्रतिवादीले ऐ. ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरसम्म गरेको ठहराई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख मात्र) जरिवाना हुने गरी र पीडितलाई प्रतिवादीबाट ऐ. ऐनको दफा १७(१) बमोजिम क्षतिपूर्ति बापत रू. १,००,०००।- (एकलाख) भराई दिने गरेको सुरूको फैसला सदर गरी फैसला गरेको पाइयो । सो फैसलाउपर अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने भनी वादी नेपाल सरकारको र सफाइ पाउँ भनी प्रतिवादीको यस अदालतमा पुनरावेदन परेको देखिन्छ ।

३. प्रस्तुत मुद्दामा निर्णयका लागि सर्वप्रथम प्रतिवादीले जाहेरवाला धनमाया नागवंशीलाई बिक्री गर्ने उद्देश्यले भारत लगी गएका हुन् वा होइनन् ? तथा भारत लगेको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा सोम तमाङले मलाई अनेक आश्वासन दिई विवाह गरी सँगै सिलगुडीमा बसौँला भनी निजले मलाई सिलगुडीबाट नयाँ दिल्लीको चाँदनी रेल्वे स्टेसनमा पुर्‍याई आफू दुई घण्टा बेपत्ता भई पुनः आई त्यहीँ होटेलमा खाना खुवाई रातको ३.०० बजे डर धाक देखाई मलाई रेल्वे स्टेसनमा छाडी गई त्याहाँ पुनः फर्की नआएकोले म रोई कराई गर्दा एक जना महिलाले लगी निजको घरमा राखेकोमा निजको छोराले तँलाई हामीले किनेको भनी शारीरिक मानसिक पीडा दिई जबरजस्ती यौन सम्पर्कसमेत गर्ने गरेकोले पछि इसा नाम गरेकी बहिनीले त्याहाँबाट भगाएकोले भारतीय प्रहरीको सहयोगमा काँकडभिट्टासम्म आई बाँच्न सफल भएकोले निजलाई कारवाही गरिपाउँ भनी पीडित धनमाया नागवंशीले जाहेरी दिएको देखिन्छ । सोही जाहेरी दरखास्तको समर्थन हुने गरी पीडिलले अनुसन्धान अधिकृतसमक्ष बयान गरिदिएको पाइन्छ । प्रतिवादीले आफ्नो अनुसन्धान अधिकृतसमक्षको बयानमा पीडित र आफ्नो घर नजिकै भएकाले आउने जाने गर्दा गर्दै माया प्रेम बसी आफूले जबरजस्ती शारीरिक सम्पर्कसमेत गरी पछि भारत जाने र विवाह गर्ने प्रस्ताव राखी २०६७।१।३१ गतेका दिन हामी दुवै दिल्लीतर्फ गएका हौँ। जेठ १ गते राति १२ बजे दिल्लीमा पुगियो । रेलबाट ओर्लिदा एक जना अपरिचित व्यक्तिले चाँदनी चोकमा मेरो होटेल छ खान बस्न सुविधा छ चिन्ता लिनु पर्दैन भनी हामीलाई होटेलमा लग्यो । त्याहाँ ७।८ जना इन्डियन आई याहाँ खाना बस्नको सुविधा छ भनी भन्दा मलाई डर लागी हामी खाना नखाई पुनः रेल स्टेसनमा आयौँ। त्याहाँ म पानी लिन एक घण्टा जति बाहिर गएको र पछि खाना खाई दुवै बसिरहेको अवस्थामा त्यहाँ मानिस हाम्रो वरिपरि घुम्न थालेपछि म अलि पर दिशा गर्न भनी जाँदा ४ जना व्यक्तिले मलाई समाती तपाईले ल्याएको केटी हामीलाई दिनुपर्छ भनी मलाई फेरि चाँदनी चोकमा पुर्‍याई केटी दिएमा मात्र छोड्ने नत्र मारिदिने भनी मलाई एउटा कोठामा थुनी राखेकोमा पछि घर धनी बाहिर गएको मौका छोपी भागी रेल स्टेसनमा गई निज जाहेवालीलाई खोज तलास गर्दा फेला नपरेपछि म २०६७।२।२ गते साँझ घरतिर फर्केको हुँ। घरमा मलाई कसैले केही नसोधेकोले चुपचाप बसेको हुँ भनी जाहेरी दरखास्त र पीडितको बयानसँग मिल्ने भिड्ने व्यहोरा आफ्नो बयानमा लेखाई दिएपनि निजले पीडितले भने जस्तो बेच्न लगेको नभई विवाह गरी उतै काम काज गरी बस्ने भनी लगेको भनी लग्नुको उद्देश्य भने फरक पारी लेखाइदिएका छन् ।

४. यसरी जाहेरीको व्यहोरा, सोही व्यहोराको समर्थनमा गरी दिएको पीडितको मौकाको बकपत्र र प्रतिवादीको मौकाको बयान हेर्दा प्रतिवादीले यी पीडितलाई नयाँ दिल्ली लगी निजलाई त्यहीँ छोडी आफू घर फर्केको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा भारत लगेको कुरालाई इन्कारी गरी अनुसन्धानमा आफूलाई कुटपिट गरी जबरजस्ती बयानमा सही गराएको भनी लेखाए पनि के कसरी जबरजस्ती गराएका हुन् भनी भन्न नसकेको र कुटपिट गरी जबरजस्ती गरेको कुनै चोटपटक पनि केही देखाउन सकेको अवस्थासमेत छैन । त्यसै गरी यी पीडित भारत गएको कुराको पुष्टि साना हातहरू नेपाल नामक संस्थामा काम गर्ने विश्वास तामाङ, सन्तकुमार सेलिङ्ग सुब्बा, जोन सिंह बि.क.,करूणा खत्री र सन्तबहादुर लिम्बूले अनुसन्धानका क्रममा वस्तुस्थिति मुचुल्कामा लेखाइदिएकोबाट र सोकै समर्थनमा अदालतमा समेत बकपत्र गरिदिएबाट पनि थप पुष्टि हुन जान्छ । निजहरूले करिब एकै मिलान हुने गरी जाहेरवाली सञ्चो नभएकोले उपचार गर्न ठाकुरगञ्ज जाने भनी मेची भञ्सार नाकाबाट गएकीमा भोलिपल्ट निजको श्रीमान् खोज तलास गर्दै आएकोमा प्रहरी कार्यालयमा उजुरी दिन भनेको हो । पछि बुझ्दै जाँदा प्रतिवादीले ललाई फकाई गरी जाहेरवालीलाई दिल्ली पुर्‍याई अलपत्र पारी बेची आएको भन्ने सुनेको हो । सो कुराको पुष्टि जाहेरवाली स्वयम् हाम्रो संस्थामा आई जानकारी गराएकीले यकिन भएको हो । निज पीडितको अवस्था दयनीय छ भनी लेखाई अदालतमा समेत सोही व्यहोराको समर्थनमा बकपत्र गरिदिएको देखिन्छ । साना हातहरू नामक संस्था सीमामा बसी महिला बेचबिखन विरूद्ध अभियान चलाउने र पीडितलाई संरक्षण गर्ने संस्था भएकोले यो संस्थामा काम गर्ने यी व्यक्तिहरू सीमामा बसी निगरानी गरीरहने हुँदा सिमानाका गतिविधिसम्बन्धमा थाहा हुने हुन्छ । यिनीहरूले भारत जान देखेको, दोस्रो दिन खोज तलासमा यी पीडितका पति आएर निजहरूसँग सोधपुछ कुराकानीसमेत भएको र पछि पीडित स्वयम्ले नै उक्त संस्थामा जानकारी गराएकोबाट निजहरूको अनुसन्धानमा र अदालतको भनाइलाई अन्यथा भन्न मिल्दैन । निजहरूले नभएको कुरा भन्नु पर्ने अवस्था पनि केही देखिँदैन ।

५. यसरी पीडितलाई प्रतिवादीले भारत लगि छोडेर आएको पुष्टि भएपश्चात् प्रतिवादीले अनुसन्धानमा बयान गर्दा बिक्री गर्न लगेको नभई विवाह गर्न लगेको हुँ भनी लेखाएतर्फ हेर्दा यी प्रतिवादीले अनुसन्धानमा विवाह गर्न लगेको भनेपनि अदालतमा भारत लग्दै नलगेको भनी बयान गरिदिएबाट प्रतिवादीको आफ्नै भनाइ एक आपसमा बाझिएको छ र भारत नलगेको भनाइ अन्य कागज प्रमाण र वस्तुगत प्रमाणबाट समर्थन पनि भएको देखिँदैन । यस्तो आपसमा बाझिने भनाइलाई अन्य प्रमाणबाट समर्थनसमेत नभएको अवस्थामा सत्य मान्न सकिँदैन । पीडितलाई भारत लगेको पुष्टि भइरहेको अवस्थामा भारत लग्नुको उद्देश्य सम्बन्धमा यी प्रतिवादी घरमा श्रीमती केटाकेटी भएका व्यक्ति र यी पीडितको पनि श्रीमान् र केटाकेटी भएको देखिएको छ । यस्तो अवस्थामा अर्काकी केटाकेटीसमेत भएकी श्रीमतीलाई नै विवाह गर्न र त्यसमा पनि भारतनै लैजानु पर्ने अवस्था रहे भएको केही देखिँदैन । पारिवारिक वातावरण बिग्रिई तथा अन्य कुनै कारणले अर्को विवाह नै गर्नु पर्ने अवस्था रहेको पनि केही देखिँदैन । विवाह नै गर्न लगेको हो भने सो कुरालाई प्रतिवादीले अदालतमा भन्न सक्नु पर्नेमा अदालतमा लग्दै नलगेको भनी बयान गरिदिएको तथा यस अदालतमा र पुनरावेदन अदालतमा समेत विवाह गर्न लगेको सम्बन्धमा केही जिकिर नलिई लग्दै नलगेको भनेरमात्र जिकिर लिएको पाइएको छ । प्रतिवादीले यी पीडितलाई सिलगुडी बस्ने भनेर लगेको, लग्दा अरूले देख्लान् र शंका गर्लान् भन्ने आशंका गरी अलग अलग लुकी छिपी सहायक बाटोबाट गएको, दिल्ली पुर्‌याई दिल्ली रेलवे स्टेसनमा पनि बेलाबखत यी पीडितलाई छोडी हराउने जस्ता शंकास्पद व्यवहार गरेको र पछि निजलाई एक्लै छोडी आफू नेपाल फर्केर आएको पीडितको जाहेरी, निजको मौकाको बयान र प्रतिवादी स्वयम्को मौकाको भनाइबाट नै देखिन्छ । यदि विवाह गर्न नै लगेको भए निजले एक ठाउँ भनी अर्कोतिर लैजानु पर्ने, शंकास्पद व्यवहार देखाउनु पर्ने र त्यसरी अलपत्र छोडी आफू नेपाल फर्कनु पर्ने थिएन । आफूले दुःख पाएर पनि पीडितलाई बचाउनु पर्ने हुन्थ्यो । ४।५ जना व्यक्ति आई वरिपरि घुमिरहेकोमा डर लागि अलिपर दिसा गर्न भनी जाँदा ती व्यक्तिहरूले समाते भनी प्रतिवादीले भनेकोमा विवाह गर्न भनी पीडितलाई लगेको भए डर लागी आफू पर जाँदा दिसा गर्ने भनी ढाँटी जानु पर्ने र एक्लै छोडी जानु पर्ने थिएन । निजलाई पनि सँगै लैजानु पर्दथ्यो । सामान्यतया एउटा लोग्ने मानिसले अर्काकी श्रीमतीलाई एक्लै विदेश लैजानुको अन्य कारण पनि केही हुँदैन । त्यस्तै भारतबाट नेपाल फर्की आएपछि पीडितको अवस्था नाजुक भएकाले साना हातहरू नेपाल नामक संस्थाले उपचार गर्न मेची अञ्चल अस्पतालमा पठाई निजको स्वास्थ्य स्थिति चेक जाँच गराउँदा Provisional diagnosis मा PID (Pelvic Inflammantory disease) STD-sexually transmitted disease) रोग देखिएको, सोको असरले गर्दा Lower abdominal pain, foul smelling p/w discharge with itching burning micluration history of contact+ve देखिएकोले औषधि किन्नु भनी लेखिएको पाइन्छ । यसबाट पनि पीडितलाई भारत लगी अलपत्र छोड्दा निजमाथि चरम यौन शोषण भएको पुष्टि हुन जान्छ । यसरी मिसिल संलग्न यी प्रमाणहरू हेर्दा प्रतिवादीले विवाह गर्न भनी ललाई फकाई पीडितलाई बिक्री गर्ने उद्देश्यले नै भारत लगेको प्रस्ट हुन्छ ।

६. यी प्रतिवादीले पीडितले दिल्ली गएको आएको टिकट पेस गर्न नसकेको, दिल्लीमा कहाँ के भएको भनी यथार्थ भन्न नसकेको अवस्थामा र पीडिलाई अदालतमा बुझ्दै नबुझी गरेको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर लिएको सम्बन्धमा हेर्दा यी पीडित भारत कहिल्यै नगएकी, एक अवला अप्ठ्यारोमा परेकी महिलाले दिल्ली गए आएको टिकट राख्नुपर्छ भनी जान्ने तथा होस पुर्‌याउने पर्ने अवस्था नै रहेको देखिँदैन साथै कहिल्यै नगएको दिल्ली जस्तो सहरको यथार्थ विवरण भन्न सक्ने अवस्था पनि रहँदैन । त्यस्तै मानव बेचबिखन तथा ओसार पसार जस्तो गम्भिर मुद्दामा पीडितलाई प्रलोभनमा पारी, डर त्रास देखाई तथा अन्य कुनै कारणले प्रतिकूल (Hostile) मा बोल्न बाध्य पारिन सक्छ तथा प्रतिवादी आफ्नै शारीरिक मानसिक अवस्थाका कारण र बदनाम तथा लोक लज्जाका कारण पनि अदालतमा उपस्थित भई बकपत्र नगर्न सक्छन् भनेर मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ६ मा पीडित आफैँले उजुरी दिएमा प्रहरी कार्यालयले निजको तुरून्त बयान गराई बयान नजिकको अदालतबाट प्रमाणित गराउनु पर्ने र यसरी प्रमाणित गराएकोमा त्यस्तो पीडित मुद्दा कारवाहीको सिलसिलामा अदालतमा उपस्थित नभएपनि त्यसलाई अदालतले प्रमाणमा लिन सक्ने भन्ने व्यवस्था गरेको छ । प्रस्तुत मुद्दामा पनि पीडितको मौकाको बयान अदालतबाट प्रमाणित भइसकेको देखिँदा प्रतिवादी अदालतमा आई बकपत्र नगरी दिएपनि अदालतले प्रमाणमा लिन सक्ने नै देखिन्छ ।

७. सामान्यतः सरकार वादी भई चल्ने फौजदारी कसुरमा प्रतिवादीको कसुर शंकारहित तवरले प्रमाणित गर्ने भार वादी नेपाल सरकारको हुने भए तापनि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‌याउनु पर्नेछ" भन्ने उल्लेख भएबाट यदि आफूले कसुर गरेको नभए सोको विश्वासयोग्य प्रमाण यी प्रतिवादीले पुर्‌याउनु पर्नेमा सो पुर्‌याएको देखिँदैन । प्रतिवादीको आफ्नै भनाइको व्यहोरा आपसी बाझिरहेको छ । प्रतिवादीका साक्षीले प्रतिवादी उक्त दिन नेपालमै भएको र पीडिललाई भारत नलगेको भनी अदालतमा गरेको प्रतिवादीको बयानलाई समर्थन गरे पनि सो कुरा अन्य कहीँ कतैबाट समर्थित भएको पाइँदैन ।

८. तसर्थ पीडितलाई भारत लगेको पुष्टि भइरहेको अवस्थामा साना हातहरू नामक संस्थाको मिति २०६७।२।३१ को पत्र, जाहेरी दरखास्त र सो सो पत्र र जाहेरी दरखास्तकै समर्थन हुने गरी प्रतिवादीले गरिदिएको मौकाको बयान, वस्तुस्थिति मुचुल्काका व्यक्तिले मौकामा र अदालतमा गरिदिएको बकपत्रबाट भारत लगेर शंकास्पद व्यवहार गरी अलपत्र छोडी आफू नेपाल फर्की आएको कुरा पुष्टि भइरहेको, भारत लग्नुको अन्य उद्देश्य केही नदेखिएको र प्रतिवादी आफूले बेच्न नलगेको प्रमाण शंकारहित तरिकाले पुर्‍याउन नसकेकोबाट प्रतिवादी सोमबहादुर तामाङले यी पीडित धनमाया नागवंशीलाई बिक्री गर्ने उद्देश्यले भारत लगेको देखिन आयो । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीको भारत लगेको होइन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

९. बिक्री गर्ने उद्देश्यले भारत लगेको देखिएको यस अवस्थामा भारत लगी बिक्री गरेको हो होइन ? तथा बिक्री गरेको हो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्नु पर्ने हुन आयो । यससम्बन्धमा विचार गर्दा प्रतिवादीले पीडितलाई छोडी भागेपछि यी पीडितको बुढी मानिससँग कुरा भई बुढी मानिसले आफ्नो घरमा लगेको र त्याहाँ सोही घरको मानिसले निजको यौन शोषण गरेको पीडितको भनाइबाट देखिए पनि यी प्रतिवादी अगाडि नै भागी सकेकाले ती बुढी मानिसलाई भेटेको, कुराकानी गरेको, पैसा लिएको तथ्य मिसिलबाट खुलेको देखिँदैन । साथै अन्य कुनै ठाउँमा गई मोलमोलाई गरी पीडितलाई बेचेको र सो बेचेबापत यति पैसा लिएको भनेर पुष्टि हुन सक्ने अवस्था पनि छैन । यस्तो अवस्थामा बिक्री गर्न प्रतिवादीले पीडितलाई भारत लगेको भए पनि बिक्री नै गरिसकेको भनी भन्न सकिँदैन ।

१०. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन भनी मानव बेचबिखन र ओसार पसार गर्ने कार्यलाई आपराधिकीकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४ (१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव ओसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी तोकिदिएको अवस्था छ । त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ । यसरी कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ । प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपूरक भने होइनन् । ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएको नै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसार पसार भने गरेको नै मानिन्छ । प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचिबखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भए पनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन । यस्तो पीडितलाई भारतसम्म पुर्‍याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नु पर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन ।

११. अतः माथि विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी सोमबहादुर तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहराई निजलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) (क) बमोजिम २० वर्ष कैद र २,००,०००। जरिवाना गर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीले ऐ. ऐनको दफा ४ (२)(ख) बमोजिमको कसुर गरेको ठहराई निजलाई ऐ. ऐनको दफा १५ (१) (ङ) (१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख) मात्र जरिवाना र पीडित धनमाया नागवंशीले यी प्रतिवादीबाट ऐ. ऐनको दफा १७ (१) बमोजिम क्षतिपूर्ति बापत रू. १,००,०००।- (एक लाख) भराई दिने गरी भएको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी सोमबहादुर तामाङको सफाइ पाउँ भन्ने र वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन । मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः यदुराज शर्मा

इति संवत् २०७३ साल जेठ २४ गते रोज २ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

फैसला मिति : २०७२।१०।२१
निर्णय नं. ९७४१
भाग: ५९ साल: २०७४ महिना: बैशाख अंक: १
फैसला मिति :२०७२/१०/२१ ५१३२

मुद्दा: परमादेश

०७१-WO-०७५३

निवेदक : ललितपुर जिल्ला ल.पु.उ.म.न.पा. वडा नं. ५ मानभवन बस्ने अधिवक्ता पुण्यशिला दवाडी घिमिरेसमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

आदेश

स.प्र.न्या. कल्याण श्रेष्ठ : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।

हामी निवेदकहरूलाई प्रस्तुत विषयमा निवेदन गर्न नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ बमोजिम नेपाली नागरिक भएको नाताले प्रत्येक नेपाली नागरिकलाई प्रदान गरेअनुरूपको हकदैया प्राप्त नै छ। मानव अधिकार एवं मौलिक हक प्रचलनको लागि नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ द्वारा प्रदत्त संवैधानिक उपचारको हक प्राप्त नै छ। तदनुरूप नै यौन हिंसाबाट पीडित हुने महिला तथा बालिकाहरूलाई न्याय खोज्न सबलिकृत गर्नका लागि तत्काल अन्तरिम राहत उपलब्ध गराउने व्यवस्था गरी लैङ्गिक न्यायको प्रवर्द्धन गर्ने जस्तो संवेदनशील सार्वजनिक सरोकारको विवादलाई लिएर सम्मानित अदालतसमक्ष आएको व्यहोरा निवेदन गर्दछौं।

बलत्कार तथा मानव बेचबिखनलगायतका महिला विरूद्धका यौनजन्य हिंसा घोर अमानवीय, असामाजिक तथा अनैतिक कार्य मात्रै नभई विश्वव्यापीरूपमा नै निन्दनीय र निषेधित आपराधिक कार्य भएको निर्विवाद छ। यही बुझाइलाई आत्मसात गर्दै नेपालको अन्तरिम संविधानको धारा २० मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने प्रत्याभूति दिँदै महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरेमा त्यो कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरिएको छ। त्यसैगरी महिला विरूद्धका सबै प्रकारका भेदभावहरू उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) लगायतका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताअन्तर्गत हिंसाजन्य कार्यबाट स्वतन्त्र हुन पाउनु प्रत्येक महिला तथा बालबालिकाको अहरणीय मौलिक मानव अधिकारको विषयको रूपमा स्वीकारिएको छ। तसर्थ मानव बेचबिखन, बलत्कार, यौनजन्य हिंसालगायतका महिला विरूद्धका हिंसाजन्य कार्यहरूबाट सुरक्षित भई समाजका अन्य नागरिकहरू सरह, स्वतन्त्रता, समानता र सम्मानपूर्वक बाँच्न पाउने मौलिक मानव अधिकार निर्वाधरूपमा उपभोग गर्नसक्ने वातावरणको सिर्जना गर्न आवश्यक उपायहरू अवलम्बन गर्नु राज्य तथा यसका जिम्मेवार निकायहरूको बन्धनकारी दायित्व हो। तथापि व्यवहारमा भने लैङ्गिक हिंसा तथा भेदभावको दुश्चक्रबाट महिला र बालिकाहरू मुक्त हुन सकिरहेको अवस्था छैन। बलत्कारलगायतका यौनजन्य अपराधका साथै विभिन्न कुप्रथाको आडमा गरिने अन्य लैङ्गिक हिंसाजन्य कार्यबाट पीडित भइरहनु परेको छ।

हिंसापीडित महिलाको न्यायमा पहुँचको कानूनी प्रत्याभूति र व्यावहारिक यथार्थताबीचको खाडललाई साँघुर्याउन विगतदेखि केही उपायहरू अवलम्बन नभएका होइनन्। महिला तथा बालबालिका कार्यालयअन्तर्गत २३ जिल्लामा सञ्चालित घरेलु हिंसा तथा मानव बेचबिखन प्रभावितहरूका लागि बास र सुरक्षालगायतका सेवा प्रदान गर्ने सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रहरू, लैङ्गिक हिंसा निवारण कोषको स्थापना तथा परिचालन, लैङ्गिक हिंसा विरूद्ध एकीकृत सेवा प्रदान गर्न अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालनको सुरूवातलाई उदाहरणको रूपमा लिन सकिन्छ। तथापि समस्याको गम्भीरताको तुलनामा उक्त प्रयासहरू प्रयाप्त छैनन्।

हिंसा पीडित महिलाले तत्काल राहत स्वरूप आर्थिक सहायता प्राप्त गर्ने कुरा कल्याणकारी अवधारणाको विषय नभएर मानव अधिकारकै विषय हो। यसलाई अधिकारमुखी दृष्टिबाट हेरिनु आवश्यक छ। न्यायमा पहुँच सिर्जना गर्नको लागि हिंसा पीडित महिलालाई प्रारम्भिक

अवस्थामा नै अन्तरिम राहत तथा अन्य आवश्यक सामाजिक सहायताको व्यवस्था अन्यत्र पनि अभ्यास भई आएको देखिन्छ। विभिन्न देशको तुलनात्मक अनुभवले पनि यसको आवश्यकता र औचित्यतालाई समर्थन गर्दछ। यौनजन्य अपराधबाट पीडितलाई तत्काल तथा दीर्घकालमा आउन सक्ने जोखिम तथा स्वास्थ्यमा परेको प्रतिकूल असरलाई ध्यानमा राख्दै विभिन्न मुलुकहरूले पीडितलाई तत्काल राहत दिने व्यवस्था गरेको देखिन्छ।

तसर्थ बलत्कारलगायतका यौनजन्य अपराध विरूद्ध जाहेरी नै नपर्ने र परिहाले पनि आर्थिक सामाजिक कारणले गर्दा पीडित त्यसप्रति उदासिन भई न्यायिक प्रक्रियामा सक्रिय सहभागी हुन नसक्ने हुँदा दण्डहिनताको स्थिति सिर्जना हुने र पुनः समाजमा अपराधको पुनरावृत्ति हुने अवस्थाको अन्त्य गरी बलत्कारलगायतका यौनजन्य अपराधका पीडित महिलाहरूको न्यायिक उपचारको अधिकारको व्यावहारिक कार्यान्वयनलाई सहज बनाउनका लागि अपराधको सूचना प्राप्त हुनासाथ यौन तथा लैङ्गिक हिंसाजन्य अपराधमा पीडितको पहिचान गरी जाहेरी पर्ने बित्तिकै तत्काल उपयुक्त "अन्तरिम राहत रकम" उपलब्ध गराउने प्रबन्ध मिलाउनु भन्ने परमादेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०७१।१२।१७ को यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको आदेश।

घरेलु हिंसा र महिलाउपर हुने अन्य विभेदजन्य कार्यलाई निरूपण गर्ने उद्देश्यले नेपाल सरकारले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४, कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ समेतका ऐनहरू निर्माण गरी लागू गरेको छ। ऐनमा भएका व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने उद्देश्यले घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ एवं मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ समेत निर्माण भई लागू गरिएको छ भने हालै मात्र जारी भएको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी भविष्यमा सोको नियमावलीसमेत निर्माण गरिने व्यहोरा सम्मानित अदालतलाई अवगत गराउँदछु। यस अतिरिक्त महिलाउपर हुने दुर्व्यवहार एवं हिंसाजन्य कार्यलाई मुलुकी ऐन, २०२० को लोग्ने स्वास्नीको महल, हाडनाता करणीको महल कुटपिटको महल एवं गाली र बेइज्जती ऐन, २०१६समेतले कसुर कायम गरी सजाय गरेको पाइन्छ। यसरी नै महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि एवं सोको इच्छाधीन आलेखको समेत नेपाल पक्ष राष्ट्र रहेको छ।

उपर्युक्त कानूनी व्यवस्थाहरूको कार्यान्वयनको लागि नेपाल सरकारले लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८, एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड २०७१, निर्माण गरी कार्यान्वयन गर्दै आएको छ। उल्लिखित कोषहरूले लैङ्गिक हिंसा विरूद्ध परेका, बेचबिखनमा परेका, महिला, बालबालिका, एकल महिलाहरूलाई उद्धार, राहत, क्षतिपूर्तिसमेतको व्यवस्था गरेको छ। देशका विभिन्न १७ स्थानमा सेवा केन्द्र र ८ स्थानमा पुनर्स्थापना केन्द्र सञ्चालन गरी लैङ्गिक हिंसामा परेका महिलाहरूलाई सेवा केन्द्र र बेचबिखनमा परेका महिलालाई पुनर्स्थापना केन्द्रमा राखी विभिन्न सेवा, सुविधाहरू समेत प्रदान गरिँदै आएको छ। दीर्घकालीनरूपमा संरक्षणमा रहनुपर्ने महिलाहरूलाई दृष्टिगत गर्दै चालु आ.व. बाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मंगला-साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने तयारी गरी रहेको छ। यसका साथै लैङ्गिक हिंसा, बेचबिखन विरूद्ध ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालयहरूमार्फत विभिन्न कार्यक्रमहरू निरन्तररूपमा सञ्चालन गरिँदै आएको छ।

त्यसैगरी बोक्सी आरोपसम्बन्धी विधेयक व्यवस्थापिका संसद्मा पेस भई कानून बन्ने प्रक्रियामा रहेको छ। सम्मानित अदालतबाट विभिन्न रिट निवेदनहरू भएको आदेशअनुसार महिलालाई विभेद गर्ने विभिन्न सामाजिक कुरीतिहरूका बारेमा समेत कानून मस्यौदा भई रहेको छ। अतः उल्लिखित आधार र कारणसमेतबाट महिलाउपर हुने विभिन्न खालका विभेद र हिंसाजन्य कार्यहरू हटाई लैङ्गिक समानतामा आधारित समाज निर्माण गर्ने दिशामा विभिन्न कानूनी संस्थागत व्यवस्था हुनुको साथै नीति एवं कार्यक्रमहरू समेत सञ्चालन गरिँदै आएको व्यहोरा सम्मानित अदालतलाई अवगत गराउँदै विपक्षी रिट निवेदनको मागबमोजिमको आदेश जारी हुन नपर्ने भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

यौन तथा लैङ्गिक हिंसाजन्य अपराधका पीडितका सम्बन्धमा नेपाल सरकार सक्दो संवेदनशील रहँदै आएको छ। पीडितको न्यायमा सहज पहुँच होस् भन्ने उद्देश्यले आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानूनी सहायता उपलब्ध गराउन नेपाल सरकारले कानूनी सहायतासम्बन्धी ऐन, २०५४ जारी गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको तथा स्वयम् सम्मानित अदालतबाट समेत वैतनिक कानून व्यवसायी नियुक्त गरी निःशुल्क कानूनी सहायता प्रदान

गर्दै आएको छ । नेपाल सरकारले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ समेतका कानूनमा पीडितलाई अन्तरिम राहत स्वरूप विभिन्न सुविधा प्रदान गरेको अवस्था छ । साथै, यस विषयलाई थप सम्बोधन गर्न नेपाल सरकारले अपराध संहिता विधेयक व्यवस्थापिका संसद्मा प्रस्तुत गरिसकेको र कसुर पीडित संरक्षण विधेयक तर्जुमा गर्नको लागि यस मन्त्रालयबाट अवधारणापत्र बनाउने कार्य भइरहेको तथा अदालतको आदेशपश्चात् अन्तरिम राहत उपलब्ध गराउने व्यवस्था मौजुदा कानूनमा भएकोले प्रस्तुत रिट निवेदन निरर्थक देखिँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कानून तथा न्याय मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिलाको हकसम्बन्धी व्यवस्था छ । उक्त धाराअनुसार महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव नगरिने व्यवस्था छ । साथै सोही धाराको उपधारा (३) मा कुनै पनि महिला विरूद्ध शारीरिक मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था छ । उक्त धारा २० ले महिला विरूद्ध हुने सबै खालका शारीरिक, मानसिक वा अन्य हिंसालाई कसुरजन्य कार्यको रूपमा लिएबाट पनि महिलाको हक अधिकार संविधानले सुरक्षित गरेको छ । बलत्कारलगायतका यौनजन्य अपराधको रोकथाम प्रभावकारी अनुसन्धान तहकिकात तथा पीडित महिलाहरूको संरक्षण तथा क्षतिपूर्तिको लागि नेपाल सरकारले विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरू गरिआएको छ । आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्यस्ता थप व्यवस्थाहरू गर्दै लगिने छ । यौनजन्य हिंसाको जाहेरी पर्नासाथै क्षतिपूर्तिको व्यवस्था गर्दा त्यसको दुरूपयोग हुनसक्ने कुराहरू प्रति पनि सचेत हुनु आवश्यक छ । यौनजन्य हिंसाका पीडितको संरक्षणको लागि अन्य संस्थागत र नीतिगत व्यवस्था भइरहेको हुँदा थप व्यवस्था गर्नु आवश्यक छैन । तसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गृह मन्त्रालयका तर्फबाट परेको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनाले देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गरेको छ । महिलाको लागि स्वास्थ्य, शिक्षा र रोजगारीको लागि विशेष व्यवस्था गर्ने नीति, महिलाको लागि सामाजिक सुरक्षाको नीति, महिलाको लागि सकारात्मक विभेदको नीति, र विषयगत कानूनहरू बालबालिकासम्बन्धी ऐन, २०४८, मानव बेचबिखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, आपत्कालीन बालउद्धार कोष सञ्चालन नियमावली, २०६७, एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०, कार्यस्थलमा हुने यौन दुर्व्यवहार नियन्त्रण ऐन, २०७१ लगायतका कानूनी व्यवस्था गरिनुका साथै मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९, यातना तथा अन्य क्रूर, अमानवीय, १९८९ र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को पक्ष राष्ट्र भएको नाताले नेपाल सरकार अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूमा अन्तर्निहित दायित्वहरूको परिपालना गरेर न्यायमा पहुँचको अवस्था सिर्जना गर्न प्रतिवद्ध रहेकोमा विवाद हुन सक्दैन ।

जहाँसम्म बलत्कारलगायतका यौनजन्य हिंसाका घटनाहरूमा पीडितलाई सहजरूपमा न्याय दिलाउनका लागि अपराधको सूचना प्राप्त गर्नासाथ जाहेरी पर्ने बित्तिकै तत्काल अन्तरिम राहत रकम उपलब्ध गराउन प्रबन्ध मिलाउनु भन्नेसम्बन्धी विषय छ, तत्सम्बन्धमा लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, आपत्कालीन बाल उद्धार कोष सञ्चालन नियमावली, २०६७, एक महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० बाट राहत उपलब्ध गराउँदै आएको अवस्था हुँदा यसै विषयमा थप आदेश जारी गरिरहनु पर्ने अवस्था छैन । अतः उपर्युक्त आधार र कारणसमेतबाट रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट परेको लिखित जवाफ ।

कानूनको निर्माण गर्ने अधिकार यस कार्यालयलाई नभएको र अख्तियार प्राप्त निकायबाट निर्माण गरिएको कानूनको पालना गर्ने गराउने जिम्मा यस कार्यालयको रहेको साथै त्यसरी निर्मित कानूनको पालना प्रहरी प्रधान कार्यालयबाट नभएको भनी रिट निवेदन जिकिरसमेत नभएको हुनाले निवेदकले यस कार्यालयसमेतलाई विपक्षी बनाई दायर गरेको उल्लिखित रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रधान कार्यालय नक्सालको तर्फबाट परेको लिखित जवाफ ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदक विद्वान् अधिवक्ता श्री पुण्यशिला दवाडी घिमिरे, विद्वान् अधिवक्ता श्री राजु चापागाईंले हाम्रो समाजमा बलत्कारलगायतका यौनजन्य अपराध विरूद्ध जाहेरी नै नपर्ने र परिहाले पनि आर्थिक सामाजिक कारणले गर्दा पीडितले जाहेरी नै नदिने कारणले गर्दा न्यायिक प्रक्रियामा सक्रिय सहभागी हुन नसक्ने हुँदा दण्डहिनताको मौलाउँदै जाने गरेको देखिन्छ । विश्वका कतिपय मुलुकमा यौनजन्य अपराधबाट पीडित महिलाहरूका लागि न्यायिक उपचारको अधिकारको व्यावहारिक कार्यान्वयनलाई सहज बनाउन जाहेरी पर्ने बित्तिकै तत्काल उपयुक्त अन्तरिम राहत कार्यक्रमको व्यवस्था गरेको पाइन्छ । हाम्रो सन्दर्भमा पीडितका लागि केही राहतका कार्यक्रमहरू भएपनि प्रभावकारी हुन नसकेको,

पीडितले राहत पाउने प्रक्रियासमेत अत्यन्त झन्झटिलो भएको कारणले त्यस्ता अपराधको सूचना प्राप्त हुने बित्तिकै अन्तरिम राहत रकम दिलाउने व्यवस्था हुनका लागि विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरिपाउँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेलले महिलाका लागि संविधानले छुट्टै मौलिक हकको व्यवस्था गरेको छ । घरेलु हिंसा र महिलाउपर हुने अन्य विभेदजन्य कार्यलाई निरूपण गर्ने उद्देश्यले नेपाल सरकारले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ कार्यस्थलमा हुने यौनजन्य दुव्यर्वहार (निवारण) ऐन, २०७१ समेतका ऐनहरू निर्माण गरी ऐनमा भएका व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न नियमावलीहरूको समेत व्यवस्था गरेको र लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८, एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड २०७१, निर्माण गरी कार्यान्वयन गर्दै आएको छ । उल्लिखित कोषहरूले लैङ्गिक हिंसा विरूद्ध परेका, बेचबिखनमा परेका, महिला, बालबालिका, एकल महिलाहरूलाई उद्धार, राहत, क्षतिपूर्तिसमेतको व्यवस्था गरेको छ । विभिन्न १७ स्थानमा सेवा केन्द्र र ८ स्थानमा पुनर्स्थापना केन्द्र सञ्चालन गरी आएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ताहरू तथा विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसमेत सुनी मिसिल संलग्न रिट निवेदनलगायत लिखित जवाफसहितका मिसिल संलग्न कागजातहरू समेत अध्ययन गरी प्रस्तुत रिट निवेदनमा रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. तत्सम्बन्धमा हेर्दा, महिला विरूद्धका यौनजन्य हिंसा जो बलत्कार तथा मानव बेचबिखनलगायतका छन सो अमानवीय, असामाजिक, अनैतिक कार्य मात्रै नभई विश्वव्यापीरूपमा नै निन्दनीय र निषेधित आपराधिक कार्य भएकोमा कुनै विवाद छैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने प्रत्याभूति दिँदै महिला विरूद्ध शारीरिक मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरेमा सो कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरिएको छ । यसैगरी महिला विरूद्धका सबै प्रकारको भेदभावहरू उन्मूलनसम्बन्धी महासन्धि (CEDAW)लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौताअन्तर्गत हिंसाजन्य कार्यबाट स्वतन्त्र हुन पाउनु प्रत्येक महिला तथा बालबालिकाको अहरणीय मौलिक मानव अधिकारको विषयको रूपमा स्वीकार गरिएको छ । त्यसकारण मानव बेचबिखन, बलत्कार, यौनजन्य हिंसालगायतका महिला विरूद्धका हिंसाजन्य कार्यहरूबाट सुरक्षित भई समाजका अन्य नागरिकहरू सरह स्वतन्त्रता, समानता, सम्मानपूर्वक बाँच्न पाउने मौलिक मानव अधिकार निर्वाधरूपमा उपभोग गर्न सक्ने वातावरणको सिर्जना गर्न आवश्यक उपायहरू अवलम्बन गर्नु राज्य र त्यसका जिम्मेवार निकायहरूको बाध्यकारी दायित्व हो ।

३. यद्यपी व्यवहारमा भने लैङ्गिक हिंसा तथा भेदभावको दुष्चक्रबाट महिला र बालबालिकाहरू मुक्त हुन सकिरहेको अवस्था छैन । बलत्कारलगायतका यौनजन्य अपराधका साथै विभिन्न कुरीति कुप्रथाको आडमा गरिने लैङ्गिक हिंसाजन्य कार्यबाट पीडित भइरहनु परेको छ । केही ऐन नियमहरूको व्यवस्था अपराध, घरेलु हिंसा, बलत्कार घटनाहरू दिनानुदिन भइरहेको अवस्था छ । तसर्थ कसैलाई पनि यौनजन्य अपराधको सिकार हुन नपर्ने वातावरणको सिर्जना गर्नु राज्यको प्रथातित दायित्व हो । कोही पनि नागरिक आफ्नो क्षेत्राधिकारभित्र यौन अपराधको पीडित हुनु भनेको राज्य आफ्नो अभिभावकीय र संरक्षकीय दायित्वबाट चुक्नु हो । यस्तो अवस्थामा राज्यले पीडितको कानूनी उपचारको हकको कार्यान्वयनका लागि भरमग्दुर प्रयास गर्नुपर्दछ ।

४. न्यायमा पहुँचलाई सहज बनाउनका लागि राज्यले यथोचित उपायहरू अवलम्बन गर्नुपर्दछ । प्रारम्भदेखि नै पीडितले राज्यको रेखदेख र संरक्षणको अनुभूति गर्ने वातावरणको सिर्जना हुनुपर्दछ बलत्कार र तथा मानव बेचबिखनका कारण मानसिक, शारीरिक मनोवैज्ञानिक तथा भावनात्मक चोट तथा पीडाबाट प्रमाणित रहन बाध्य पीडित महिलाहरू न्यायिक उपचारको लागि अग्रसर हुन रोक्ने अन्य सामाजिक तथा सांस्कृतिक कारणहरू भए सोलाई पनि रोक्नेतर्फ लाग्नुपर्ने हुन्छ । साथै परिवार तथा समाजमा महिलाहरूको कमजोर सामाजिक तथा आर्थिक अवस्था र पारिवारिक दबाबका कारण उजुरी गर्न नै हतोत्साहीत गरिने अवस्थालाई निरूत्साहित गरिनुपर्दछ ।

५. घरपरिवारभित्र नाता सम्बन्धका व्यक्तिहरूबाट भएका यौनजन्य हिंसा भोग्न बाध्य महिलाको तर्फबाट उजुरी गर्दा पीडित मात्र होइन उनलाई सहयोग गर्ने आफन्तसमेत विस्थापित हुनुपर्ने अवस्थासमेत सिर्जना हुनुहुँदैन । त्यसैगरी लोग्ने र घरपरिवारका अन्य सदस्यहरूबाट भएका यौनजन्य हिंसा र घरेलु हिंसासमेत प्रकाशमा नआएका घटनाहरू सुनिन आएका छन् यसले महिलाको समग्र विकासमा चुनौती खडा गर्दछ । त्यसतर्फ राज्यले ध्यान दिनैपर्दछ र हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँच हुनु जरूरी देखिन्छ । पीडितलाई न्यायमा सहज वातावरण सिर्जना गर्नका लागि अन्तरिम राहत, क्षतिपूर्ति तथा अन्य संरक्षणात्मक तथा सहायतायुक्त कार्यक्रम तथा उपायहरूलाई विस्तार गर्नुपर्ने तथा प्रभावकारी बनाउनु पर्दछ ।

६. नेपाल सरकारले हिंसा पीडित महिलाको न्यायमा पहुँचको लागि महिला तथा बालबालिका कार्यालयअन्तर्गत २३ जिल्लामा सञ्चालित घरेलु हिंसा तथा मानव बेचबिखन प्रताडितहरूका लागि बास र सुरक्षालगायतका सेवा प्रदान गर्ने सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रहरू, लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा परिचालन, लैङ्गिक हिंसा विरूद्ध एकीकृत सेवा प्रदान गर्न अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालनको सुरूवात गरेको र विभिन्न ऐन कानूनको निर्माण भएको लिखित जवाफबाट खुल्न आएको पाइन्छ। तर ती ऐन कानून नीतिहरू सबै जिल्लालाई समेट्ने गरी आएको देखिँदैन।

७. सबै जिल्लामा सुरक्षित घर तथा सेवा केन्द्रको व्यवस्था हुन नसकेको र भएकोमा पनि त्यसको सीमित क्षमता र दुरावस्थाका कारणले पनि पीडितले न्यायमा पहुँचका लागि व्यवधानहरू भोग्नुपरेको अवस्था देखिन्छ। त्यस्तो सेवा सुविधाहरू प्राप्त गर्न नसक्नेहरूका लागि समानताको दृष्टिबाट पनि वैकल्पिक सुविधाहरू उपलब्ध गराउनु पर्दछ। अर्थात् उजुरी गर्दाकै अवस्थामा तत्काल अन्तरिम राहत दिलाउने प्रावधान भएमा न्याय खोज्नमा पीडितलाई सहयोग पुग्न जाने र पीडितले उजुरी गर्नबाटै हतोत्साहित भएर लाचार अवस्थामा बस्न नपर्ने अवस्थाको सिर्जना हुन जान्छ। पीडितलाई न्याय खोज्नका लागि सबलिकृत गर्न प्रारम्भमा नै अन्तरिम राहत प्याकेजको आवश्यकता पर्ने देखिन्छ। यस्तो सहायता कल्याणकारी अवधारणाको विषय नभएर मौलिक मानव अधिकारकै विषय भएको कारण न्याय खोज्नबाट हतोत्साहित भई अन्याय सहेर बस्ने स्थिति सिर्जना हुँदा पीडित महिलाका संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकारलगायतका सन्धि सम्झौता प्रदत्त हक अधिकारको उपभोगमा आघात पर्न जाने देखिन्छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने प्रत्याभूति दिँदै महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरेमा त्यो कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरिएको पाइन्छ। साथै धारा २०(१) मा सबै प्रकारका लैङ्गिक हिंसा विरूद्ध कानूनी संरक्षण प्राप्त छ भने धारा १३ ले कानूनको समान र विशेष संरक्षणको हक प्रत्याभूत गरेको छ।

८. नेपालको अन्तरिम संविधान २०६३ ले प्रदान गरेको समानताको हकअन्तर्गत लिंगका आधारमा भेदभाव नगरिने प्रतिवद्धता गरेको छ भने महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने प्रतिवद्धता व्यक्त गर्दै कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको भेदभाव नगरिने प्रतिवद्धता व्यक्त गर्दै कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्यलाई दण्डनीय बनाएको छ। त्यसैगरी सामाजिक न्यायको हकले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलासमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको देखिन्छ। यसरी लैङ्गिक न्याय र लैङ्गिक मैत्री कायम हुने किसिमबाट संविधानले आत्मसात गरेका प्रावधानहरूको व्यावहारिकरण गर्नु राज्यको कर्तव्य हुन आउँछ।

९. महिला विरूद्ध भेदभाव गराउने प्रकृतिका कुनै पनि नियम, कानून, परम्परा तथा प्रचलनलाई सुधार गर्ने वा हटाउने गरी कानून बनाउनेलगायतका उपायहरूको अवलम्बन गर्ने दायित्व सरकारको हो। त्यस्तै नेपाल सरकार पक्ष बनेको अन्तर्राष्ट्रिय महासन्धिले सिर्जना गरेको राष्ट्रिय दायित्वबाट राज्य पछि हट्न मिल्दैन। कुनै पनि सभ्य समाज र राज्यले निवेदकले उठाएका विषयवस्तुबाट पछि हट्न मिल्दैन। कानूनको चरित्र भनेको गतिशिलता हो, आधुनिक समाजले अपेक्षा गरेअनुसार कानूनलाई समसामयिकरूपमा परिमार्जन गर्दै लैजानु पर्दछ। राज्य स्वयम् पनि कानूनको समयानुकूल संशोधन र परिमार्जनको प्रक्रियामा संलग्न रहनुपर्दछ। साथै अदालतले पनि न्यायिक पुनरावलोकनमार्फत राज्यलाई समयानुकूल कानून बनाउन उत्प्रेरित गर्नुपर्दछ। राज्यको मूल कानूनले व्यक्त गरेको प्रतिबद्धता र अन्तर्राष्ट्रिय दस्तावेजले गरेको अपेक्षालाई राज्यले नजरअन्दाज गरी महिलाहरू र बालिकाहरूको भेदभावको अनुभूति गर्ने खालका कानूनी प्रावधानहरूलाई निरन्तरता दिन मिल्दैन।

१०. यौन हिंसाका पीडितको न्यायमा पहुँच प्रचलित अन्तर्राष्ट्रिय कानूनमा पनि संरक्षित अधिकारको विषय हो। कानूनी उपचार सुनिश्चित गर्ने कार्य न्यायमा पहुँचको एउटा महत्त्वपूर्ण भाग हो। घटनाबाट पीडित भएपश्चात् पीडितले न्याय प्रणालीमार्फत उपचारको खोजी तथा प्राप्त गर्ने सामर्थ्य गुमाएको अवस्थामा न्यायको पहुँचबाट वञ्चित भएको मानिन्छ। साथै यस्तो अवस्था सिर्जना हुनु भनेको कानूनी अधिकार उपभोग गर्नबाट वञ्चित हुनु हो। यसकारण चेतनाको कुनै लिज हुँदैन। हामी मानव जो जेरूपमा प्राकृतिकरूपमा जन्मिएका छौं हामी लिङ्ग रोजेर जन्मिएका पनि होइन तसर्थ समान अधिकारको प्रत्याभूति राज्यले आम नागरिकलाई प्रदान गर्नु राज्यको अभिभावकीय दायित्व हुन आउँछ।

११. मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा ८ ले प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा आफूलाई प्रदत्त मौलिक अधिकारको उल्लङ्घन गर्ने कार्यका लागि अधिकारप्राप्त राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी कानूनी उपचार प्राप्त गर्ने अधिकार हुन्छ भनी व्यवस्था गरेको पाइन्छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा पनि कानूनी उपचारको अधिकारलाई प्रत्याभूत गरिएको छ। यसको धारा २(३)(क) ले कुनै पनि व्यक्तिको यहाँ स्वीकार गरिएका अधिकार र स्वतन्त्रता उल्लङ्घन भएको भए उसलाई प्रभावकारी कानूनी उपचार प्राप्त गर्ने अधिकार हुन्छ भनी व्यवस्था गरेको देखिन्छ।

त्यसैगरी महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा २ ले राज्यले महिला विरूद्ध हुने भेदभाव अन्त गर्नको लागि सबै प्रकारका उपायहरू अवलम्बन गर्नुपर्ने दायित्व तोकेको पाइन्छ ।

१२. हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक परिपाटी भएको मुलुकको कारण महिलाहरू आर्थिकरूपमा परनिर्भर हुनुपरेको सन्दर्भमा राज्यले विशेष कानूनी संरक्षणको व्यवस्था नगर्ने हो भने कानूनी उपचार खोज्न अग्रसर हुनसक्ने अवस्था बन्दैन । साथै महिलाहरूलाई थप हिंसा र विभेद सहन बाध्य बनाइन मिल्दैन । महिला अधिकारसम्बन्धी महासन्धिअन्तर्गतका सिड समितिको सामान्य सिफारिस नं. १९ मा पनि महिला विरूद्धका हिंसा अन्त्यका लागि राज्यले अवलम्बन गर्नुपर्ने विभिन्न संरक्षणात्मक उपायहरूको बारेमा सिफारिस गरेको देखिन्छ । जसअन्तर्गत राज्यले क्षतिपूर्ति दिलाउने तथा हिंसाका पीडितलाई आवश्यक सहायतायुक्त सेवाहरू उपलब्ध गराउने व्यवस्थाहरू पर्दछन् ।

१३. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले हिंसा पीडित बालबालिकाहरूको न्यायमा पहुँच तथा कानूनी उपचारको अधिकारलाई सुनिश्चित गरेको छ । जसको धारा ३ मा हिंसा पीडित बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर राज्यले यथोचित उपायहरू अपनाउनुपर्ने हुन्छ भने धारा ३९ ले हिंसाबाट पीडित कुनैपनि बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापना प्रवर्द्धन गर्न सबै समुचित उपायहरू अपनाउने तथा बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने दायित्व तोकिएको पाइँदा सोको व्यावहारिक परिपालनाका लागि राज्य मुकदर्शक बन्न मिल्दैन। साथै बालबालिकाको बेचबिखन बालवेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धमा भएको बाल अधिकारको स्वेच्छिक प्रोटोकल २००० को धारा ८(ख) ले पनि पीडित बालबालिकाहरूको क्षतिपूर्तिलगायतका विभिन्न उपचारको अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्ने दायित्व तोकेको पाइन्छ । पीडितका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अधिकार मापदण्डहरूको लागि संयुक्त राष्ट्रसंघले ग्रहण गरेको अपराध तथा शक्ति दुरूपयोगका पीडितहरूको न्यायका सिद्धान्तसम्बन्धी घोषणा १९८५ ले पनि न्यायमा सहज पहुँच एवं यथोचित क्षतिपूर्ति तथा सामाजिक सहायता राज्यबाट प्राप्त गर्नु अपराध पीडितको अधिकार भएको भनी स्पष्ट पारेको अवस्था देखिन्छ ।

१४. नेपालमा सम्माननीय प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायमा पहुँच आयोग गठन भएको अवस्था छ । सरल, सहज र प्रभावकारी तरिकाले न्याय पाउनु सबैंको मानव अधिकार हो, सबै नागरिकलाई आफू अन्यायमा परेको अवस्थामा सक्षम र निष्पक्ष निकायबाट विना कुनै अवरोध न्याय माग्ने तथा पाउने अधिकार हुन्छ । सक्षम निकायमा न्याय माग गर्न तथा प्राप्त गर्नका लागि सबै नागरिकलाई सहज वातावरण बनाउने दायित्व राज्यको हो । तर व्यावहारिकरूपमा सबै नागरिकको न्यायसम्म पहुँच पुग्न सकेको छैन । आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएका वर्ग वा समुदाय खास गरी महिला विपन्न, असहाय र असक्तहरूको अधिकारमा आघात परेको अवस्थामा विविध कारणले ती समुदायको न्याय प्रदायक निकायसम्म पहुँच रहेको पाइँदैन । संविधान र कानूनले व्यवस्था गरेका हकहरूको उपभोग गर्न सबै व्यक्ति समानरूपले सक्षम रहेका हुन्छन् भन्न सकिँदैन । तसर्थ सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवादी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक सीमान्तीकृत, किसान, श्रमिक युवा, बालबालिका श्रेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाको व्यक्ति, अशक्त असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न आर्यलगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम रोक लगाएको मानिने छैन भन्ने संवैधानिक व्यवस्थासमेत रहेको देखिन्छ ।

१५. तसर्थ यौन हिंसाका पीडितहरूको न्यायिक उपचारको लागि लामो समय लाग्न सक्ने र त्यतिन्जेल पीडितहरूको व्यवस्था केही पनि नभएमा पछिबाट अदालतबाट न्याय नै प्राप्त भएमा पनि भोग्न नसक्ने गरी निरर्थक अवस्था सिर्जित हुने हुनाले यौनहिंसाबाट पीडित भनी पहिचान भइसकेपछि मुद्दामा अनुसन्धान वा न्याय निरूपणको प्रक्रिया जारी रहे वा नरहेपनि वा सोको टुंगो लाग्दासम्मको लागि पीडितको स्वास्थ्य, शिक्षा, राहत, न्यायिक एवं कानूनी सहायता तथा संरक्षणको लागि चाहिने व्यवस्थाको लागि लैङ्गिक हिंसासम्बन्धी कोषको व्यवस्था गर्न, स्थापित कोषबाट तदनुकूल सुगम ढंगले उपयोग गर्न सक्ने कार्यविधिसमेत निर्धारण गरी पीडितको राहतमा पहुँच अभिवृद्धि गर्नेलगायतको छुट्टै कार्यक्रम सरोकारवालाहरूको आवश्यकताअनुसार परामर्श गरी लागू गर्न तथा मुद्दाको किनारा नभएसम्मका लागि अन्तरिम राहत व्यवस्थापन गर्नसमेत नेपाल सरकारको नाममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसमेतको नाममा निर्देशात्मक आदेश जारी हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या. देवेन्द्र गोपाल श्रेष्ठ

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री दीपकराज जोशी

फैसला मिति : २०७२।५।३०।४
निर्णय नं. ९४९६
भाग: ५७ साल: २०७२ महिना: फागुन अंक: ११
फैसला मिति :२०७२/०५/३० २७५८

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार ।

०६७-CR-०४६९

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला, रालुका देवी गा.वि.स. वडा नं.२ घर भै हाल कारागार कार्यालय भद्रबन्दी गृह जगन्नाथदेवलमा थुनामा रहेका लाक्पा तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : ज्ञानबहादुर लामाको जाहेरीले नेपाल सरकार

फैसला

न्या. गिरीश चन्द्र लाल : पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादी लाक्पा तामाङको तर्फबाट यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छः-

का.जि.का.म.न.पा वडा नं. १६ बालाजु माछापोखरीस्थित नुवाकोट त्रिशुली आप्रा रेष्टुरेन्टमा काम गर्दै आएको परिवर्तित नाम क कुमारी मिति २०६४।८।२९ गते आफ्नो घर जान्छु भनि हिँडेकी थिइन् । निजले घरमा पुगेर फोन गर्छु भनेकीमा फोन नगरेपछि उनको मोबाइलमा सम्पर्क गर्दा सम्पर्क हुन नसकेको हुँदा हराएको शङ्का लागि खोजतलास गरिपाउँ भन्नेसमेत व्यहोराले ज्ञानबहादुर लामाले महानगरिय प्रहरी वृत्त बालाजुमा दिएको निवेदन ।

यस कार्यालयबाट खोजतलास गर्दा परिवर्तित नाम क कुमारीलाई नुवाकोट जिल्ला रालुका गा.वि.स. वडा नं. २ घर भै हाल का.जि. मनमैजु बस्ने लाक्पा तामाङसमेतले ललाई फकाई विभिन्न प्रलोभनमा पारी काकडभिट्टाको बाटो हुँदै भारतमा लगि बिक्री गरेको भन्ने कुरा गोप्यरूपमा बुझिन आएको र निज लाक्पा तामाङ केही सार्वजनिक अपराधमा पक्राउ परि अनुसन्धान भै रहेको हुँदा निजलाई आवश्यक कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

परिवर्तित नाम क कुमारी मिति २०६४।८।२९ गते बुवा बिरामी भएकाले घर जान्छु भनि हिँडेकी थिइन् । घर पुगेपछि फोन गर्छु भनेको थियो । घर जाने समयमा मैले एउटा स्वीटर पनि किनिदिएको थिएँ । निजले फोन नगरेकाले निजको फोनमा मैले फोन गर्दा अर्कै केटा मानिसले फोन उठाएको कारण शङ्का लागि खोजतलास गर्न यसअघि यस कार्यालयमा निवेदन दिएको थिएँ । पछि बुझ्दै जाँदा नुवाकोट जिल्ला रालुका गा.वि.स. वडा नं. २ बस्ने लाक्पा तामाङले भारतको सिलगुडितर्फ लगि फर्काई पुन: काकडभिट्टाको बाटो हुँदै ललाई फकाई भारतको बेश्यालयमा बिक्री गरेको भन्ने खुल्न आएकाले निज र अन्य संलग्नलाई आवश्यक कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराले ज्ञानबहादुर लामाले दिएको जाहेरी दरखास्त ।

म समय समयमा काठमाडौं आउँदा का.जि. बालाजु माछापोखरीस्थित नुवाकोट त्रिशुली आप्रा रेष्टुरेन्टमा खाना खान्थेँ । त्यसैक्रममा परिवर्तित नाम क कुमारीसँग चिनजान भयो । त्यसपछि म प्राय: सो रेष्टुरेन्टमा जाने र निजसँग कुराकानी गर्ने गर्थें । क कुमारीको चिनजानको मानिस अर्जुन लामासँग पनि उनीले नै मलाई चिनजान गराएको हो । त्यसपछि अर्जुन लामा र मेरो सामान्य चिनजान भयो । अर्जुन लामाले सो रेष्टुरेन्टमा म केही दिनभित्रै भारतको दार्जिलिङ घुम्न जाँदैछु । तिमीहरू पनि दार्जिलिङ घुम्न जाने भए सँगै जाऔं भनेका थिए । निजले सो कुरा भनेपछि क कुमारीले मलाई पनि दार्जिलिङ घुम्न ईच्छा छ, तर घरमा बुवा बिरामी हुनुहुन्छ । खर्च पनि छैन । त्यसैले तत्काल जान सक्दिन भनेपछि अर्जुन लामाले म अहिले जान्छु । तिमीहरूलाई पछि फोन गरौंला भनेका थिए । पछि क कुमारीलाई अर्जुन लामाले फोन गरि मिति २०६४।९।१ गते बेलुकीसम्म काकडभिट्टा आइपुग्नु भनेको रहेछ । सो कुरा क कुमारीले मिति २०६४।८।२९ गते मलाई भनेपछि त्यसो भए जाउँन त भनेर क कुमारी र म सोही दिनको साँझ काठमाडौंबाट बसमा गई भोलिपल्ट काकडभिट्टा पुगि त्यहाँ अर्जुनको खोजतलास गर्दा भेट भई चिया खाँदै गर्दा अर्जुनले मलाई सुटुक्क क कुमारीलाई भारतमा लगि बिक्री गर्छु । तपाईं यहींबाट फर्कनुस्, बिक्रीबाट आएको रकम बाँडि खाउँला भनेको थियो । अर्जुनले भनेको कुरामा म सहमत भई तपाईंहरू दुईजना दार्जिलिङ घुम्न जानुस्, म काठमाडौं फर्कनु पर्ने भयो । म यहींबाट फर्कन्छु भन्दा क कुमारीले पनि हुन्छ भनेकाले निजका लुगा कपडा, मोबाइल र लेडिज सामानहरू समेत मैले लिएर आई ती सामानहरू मनमैजु हिलेडोलमा बस्ने मेरो भाइको कोठामा राखेको छु भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

का.जि. मनमैजु गा.वि.स. वडा नं. १ हिलेडोलको पूर्व, उत्तर खाली जग्गा, पश्चिम शेखरनाथ खनालको घर र दक्षिण नेपालटार क्याम्पसबाट गोंगबु पूलतर्फ निस्कने कच्ची बाटो यति चारकिल्लाभित्र तेजप्रसास घिमिरेको पक्की घरमा लाक्पा तामाङ बस्ने गरेको कोठाबाट निलो रंगको US Army लेखेको झोला -१, सिमसहितको कालो रंगको नोकिया मोबाइल सेट-१, पिंक कलरमा पहेँलो थोपा जस्तो बुट्टा भएको लेडिजले लगाउने घाँटीमा V आकार भएको पहेलो रंगको कुर्था -१, सेतो लेडिज ट्राउजर-१, गुलावी, कालो, सेतो, पहेँलो, रंगको बुट्टे लेडिज सुरूवाल-१, सल १, बुट्टे लेडिज खाली पर्स-१, नोटबुक-१ र सानो अर्को नोटबुक फेला परेको भन्नेसमेत व्यहोराको खानतलासी बरामदी मुचुल्का ।

मिति २०६४।८।२५ गते साँझ ७ बजेतिर लाक्पा तामाङ मेरो रेष्टुरेन्टमा आएका थिए । क कुमारीसँग केही समय मेरो रेष्टुरेन्टमा कुराकानी गरि फर्किएका हुन् । हाल निजको कोठाबाट बरामद भएका सामानमध्ये झोलाको बारेमा मलाई थाहा भएन । अरू बरामद भएका सामानहरू क कुमारीका हुन् । मोबाइलको सिम मैले चलाउन दिएको हो, हेरि पहिचान गरि सनाखत गरेको छु भन्नेसमेत व्यहोराको चुडाबहादुर श्रेष्ठले गरेको सनाखत कागज ।

बरामद भएका भनि देखाइएका सामानहरू क कुमारीका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला ज्ञानबहादुर लामाले मौकामा लुगा कपडा हेरि चिनी गरेको सनाखत कागज । क कुमारीलाई प्रतिवादी लाक्पा तामाङले मिति २०६४।९।१ गते काकडभिट्टा पुर्‌याई भारतको बेश्यालयमा बिक्री गर्न अर्जुन भन्ने मानिसको जिम्मा लगाई आफू फर्किएको भन्ने कुरा प्रतिवादीको बयान, प्रतिवादीको कोठाबाट क कुमारीले लगाउने गरेका कपडा र मोबाइलसमेतका सामानहरू बरामद भएको कुरा बरामदी मुचुल्काबाट देखिई ती कपडाहरू र मोबाइलसमेतका सामानहरू क कुमारीको हो भनि जाहेरवाला ज्ञानबहादुर लामा र मौकामा कागज गर्ने चुडाबहादुर श्रेष्ठको कागजसमेतका प्रमाणबाट देखिएको हुँदा प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क) र २(क) को कसुर हुँदा प्रतिवादीलाई ऐ. ऐनको दफा १५(१)(क) बमोजिम कारवाही गरि दफा १७ बमोजिम पीडित क कुमारीलाई क्षतिपूर्ति पनि दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मौकाको मेरो बयान स्वेच्छाको होइन । अनुसन्धानमा संलग्नहरूले आफैँले तयार पारेको कागजमा डर, धाक र धम्की दिई सहिछाप गराएका हुन् । मैले कोठा लिएको छैन । मेरो कोठाबाट बरामदी मुचुल्कामा उल्लिखित कपडासमेत बरामद भएको होइन । बरामदी मुचुल्का झुठ्ठा हो । मौकामा चुडाबहादुर श्रेष्ठले गरेको कागज पनि झुठ्ठा हो । तसर्थ अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराले प्रतिवादी लाक्पा तामाङले काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादीका साक्षी रामसिंह तामाङ, बरामदी मुचुल्काका मानिसहरू निरञ्जन खनाल, भुवनबहादुर खड्का, ताराबहादुर खड्का र जाहेरवाला ज्ञानबहादुर लामाले गरेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

प्रतिवादी लाक्पा तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम सजाय गरि पाउन माग दाबी लिएकामा यी प्रतिवादीले क कुमारीलाई नेपाल सरहदको काकडभिट्टासम्म पुर्‌याई अर्जुन भन्ने मानिसलाई जिम्मा लगाएको देखिँदा निजले ऐ. दफा ४ को कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीलाई ऐ. को दफा १५(१)(क) बमोजिम सजाय नभई दफा १५(१)(ङ) को खण्ड (३) नं. बमोजिम १० वर्ष कैद सजाय भई प्रतिवादीले पीडित क कुमारीलई रू.५०,०००। क्षतिपूर्ति पनि भराई दिने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको मिति २०६५।८।१ को फैसला ।

मैले क कुमारीलाई भारतमा लगि बिक्री गरेको होइन । तर सुरू अदालतले मलाई आरोपित कसुर गरेको ठहर गरि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) को सजाय माग दाबी भएकामा माग दाबीभन्दा फरक दफा १५(१)(ङ) को खण्ड (३) बमोजिम १० वर्ष कैद सजाय र क्षतिपूर्तिसमेत तिर्नु पर्ने गरि फैसला गरेको छ । कानूनतः माग दाबीभन्दा फरक दफा लगाएर सजाय गर्न मिल्दैन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट सिद्धान्त पनि प्रतिपादन भएसमेतका आधार र कारणबाट आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा तामाङले पुनरावेदन अदालत, पाटनमा गरेको पुनरावेदन पत्र ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मिति २०६४।४।८ मा प्रमाणीकरण भई लागू भएको हो । उक्त ऐनमा सुरू अदालतको फैसलामा उल्लेख गरेको दफा १५(१)(ङ)(३) भन्ने उपखण्ड छैन । दफा १५(१)(ङ)(१) र (२) मात्र हो । भूलवस सो दफा लेखिएको हो भन्नलाई पनि सोबमोजिम सजाय गरिएको छैन । आरोपित कसुर गरेको ठहर भएपछि मागदाबीमा सजाय गर्नुपर्ने हुन्छ । त्यसैगरि जरिवानाको आधा रकम क्षतिपूर्ति दिलाई दिनु पर्नेमा सो पनि गरिएको छैन । रू. ५०,०००।– क्षतिपूर्ति कुन दफाबमोजिमको हो भन्ने कुरा पनि फैसलामा उल्लेख भएको छैन । तसर्थ सुरू अदालतको फैसला सो हदसम्म नमिलेको हुँदा बदर गरि अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा गरेको पुनरावेदनपत्र ।

मिसिल संलग्न रहेका प्रमाण कागजातहरूबाट प्रतिवादी लाक्पा तामाङले क कुमारीलाई बिक्री गर्नेसमेतका उद्देश्यले नेपाल र भारतको सीमा नाकामा अवस्थित नेपाल सरहदको काकडभिट्टासम्म पुर्‌याएको तथ्य पुष्टि भएबाट निजले आरोपित कसुर गरेको देखिन्छ । आरोपित कसुरमा सुरू अदालतले कैद सजाय र क्षतिपूर्ति बापत रकम भराई दिने गरेको फैसला मिलेको देखिँदा सो हदसम्म मिलेकै देखियो । तर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १५(१)(ङ) (२) मा जरिवाना पनि गर्नुपर्ने व्यवस्था

भएकामा जरिवाना नगरेको हदसम्म काठमाडौं जिल्ला अदालतको मिति २०६५।८।१ को फैसला सो हदसम्म बदर भई प्रतिवादीलाई रू. १,००,०००।– जरिवाना पनि हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन । प्रहरीले व्यहोरा मिलाई बयान गराएको हो । झुठ्ठा प्रहरी प्रतिवेदनको आधारमा तयार भएको अभियोगपत्रबाट सजाय गर्न मिल्दैन । मिसिल संलग्न रहेको प्रमाणहरूको यथोचित मूल्याङ्कन गरिएको छैन । शङ्कास्पद प्रमाणको आधारमा कसुरदार ठहर गर्दा फौजदारी न्याय मर्न जान्छ र निर्दोष व्यक्तिले सजाय पाउने अवस्था आउँछ । तसर्थ म निर्दोष व्यक्तिलाई पुनरावेदन अदालत, पाटनले कसुरदार ठहर्‌याई मिति २०६६।११।११ मा गरेको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण हुँदा बदर गरि सफाई पाउँ भन्नेसमेत व्यहोराले प्रतिवादी लाक्पा तामाङले यस अदालतमा पेस गरेको पुनरावेदनपत्र ।

यसमा प्रतिवादी लाक्पा तामाङले पीडितलाई विदेश लगि बिक्री गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिँदैन । भारतमा क कुमारीलाई लैजाने भनिएका अर्जुन लामाको वतनसमेत खुल्न सकेको देखिँदैन । पीडित क कुमारीकै आग्रहमा काकडभिट्टा गएको भन्ने देखिन्छ । यी पुनरावेदक प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यबाट क कुमारीलाई भारत पुर्‌याएको भन्ने समर्थित नभएको अवस्थामा प्रतिवादीलाई १० वर्ष कैद र जरिवानासमेत हुने ठहर्‌याएको पुनरावेदन अदालत, पाटनको फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।७।५ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरि वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले प्रतिवादीले पीडित क कुमारीलाई बिक्री गर्ने उद्देश्यले लिएर गएको भन्ने कुरा बरामदी मुचुल्का, जाहेरी दरखास्त, निजको कोठाबाट बरामद भएका कपडासमेतका सामानहरू पीडितको हो भनि जाहेरवाला ज्ञानबहादुर लामा र चुडाबहादुर श्रेष्ठको सनाखत कागजबाट पुष्टि भएको हुँदा आरोपित कसुरमा सजाय, जरिवाना गरि क्षतिपूर्तिसमेत दिलाउने भनि गरेको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्तबमोजिमको बहससमेत सुनि पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादीले पीडित क कुमारीलाई आर्थिक प्रलोभनमा पारी ललाई फकाई भारतका बेश्यालयमा बिक्री गर्ने उद्देश्यले मिति २०६४।९।१ गते नेपाल र भारतको पूर्वी सीमा नाका काकडभिट्टामा पुर्‌याई अर्जुन भन्ने मानिसलाई जिम्मा लगाई आफू काठमाडौं फर्किएको कुरा निजको बयानसमेतका तथ्यगत सबुद प्रमाणबाट देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ३ विपरीत ऐ. दफा ४(१)(क) र (२)(क) बमोजिमको कसुर अपराधमा ऐ. दफा १५(१)(क) बमोजिम सजाय गरि दफा १७ बमोजिम क्षतिपूर्तिसमेत भराई पाउँ भन्ने व्यहोराले वादी नेपाल सरकारले काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र पेस गरेको देखिन्छ । सो अदालतले प्रतिवादीलाई दफा १५(१)(ङ) को खण्ड (३) बमोजिम १० वर्ष कैद सजाय र प्रतिवादीले पीडितलाई रू.५०,०००।– क्षतिपूर्ति भराई दिने ठहर्‌याई फैसला गरेको देखिन्छ । सो फैसलाउपर वादी प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनले सुरू अदालतले गरेको कैद र क्षतिपूर्तिको हकमा सदर गरि जरिवानाको हकमा उल्टी गरि प्रतिवादीलाई रू. १,००,०००।- जरिवाना हुने ठहर्‌याई गरेको फैसलाउपर प्रतिवादीले यस अदालतमा पुनरावेदन गरेको देखिन्छ ।

३. प्रस्तुत मुद्दा प्रतिवादीले क कुमारीलाई बिक्री गर्ने उद्देश्यले काकडभिट्टा हुँदै भारतका बेश्यालयमा पुर्‌याएको भन्नेसमेतका तथ्यगत जाहेरी एवम् प्रहरी प्रतिवेदनको आधारमा उठान भएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम कारवाही प्रक्रियामा जाने देखिन्छ । उक्त ऐन मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षणसमेत गर्ने उद्देश्यले बनेको तथ्यमा विवाद छैन । सो ऐनको दफा ३ ले मानव बेचबिखन तथा ओसारपसार गरेमा कसुर हुने, दफा ४ को उपदफा (१) ले बेश्यागमन गर्ने कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्नेसमेतका कार्यलाई मानव बेचबिखन गरेको मानिने र उपदफा (२) ले बेश्यावृत्तिमा लगाउने... उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी... नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजानेसमेतका कार्यलाई मानव ओसारपसार गरेको मानिने व्यवस्था भएको देखिन्छ ।

४. आरोपित कसुर गरेको छैन भन्ने प्रमाण पुर्‌याउने भार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ९ ले प्रतिवादीको हो । मौकामा यी पुनरावेदक प्रतिवादी बसेको डेरा कोठाबाट निलो रंगको US Army लेखेको एउटा झोला, १६०० मोडेलको कालो रंगको नोकिया सेट, सोमा प्रयोग भएको सिम, पिंक कलरमा पहेँलो थोपा जस्तो बुट्टा भएको घाँटीमा V आकारको पहेलो रंगको एउटा लेडिज कुर्ता, सेतो कलरको लेडिज ट्राउजर, गुलावी, कालो, सेतो र पहेँलो रंगको बुट्टे लेडिज सुरूवाल, सल, लेडिज खाली पर्स, अङ्ग्रेजीमा ADDRESS लेखेको-१ र FABR लेखेको सानो नोट बुक बरामद भएको देखिन्छ । उक्त सामानहरूको सम्बन्धमा यी पुनरावेदक प्रतिवादीले मौकामा पीडितले लिएर गएकी र निजलाई अर्जुन भन्ने मानिसले लिएर जाने भएपछि काकडभिट्टाबाट आफूले लिएर आएको भनि बयान गरेको देखिन्छ । निजले अदालतमा सो बरामदी मुचुल्का झुठ्ठा हो भन्नेसमेतका व्यहोराले इन्कारी रहेको देखिन्छ ।

५. उक्त इन्कारी बयानलाई प्रतिवादीले समर्थन गर्ने प्रमाणहरू पेस गर्न सकेको देखिँदैन । आफ्नो मुलुकबाट अर्को मुलुकमा बिक्री भएकी पीडित महिलाले लगाएको कपडा र प्रयोग गरेका अन्य सामानहरू त्यसरी अन्यत्रको सामान्य चिनजानको मानिसको डेरा कोठामा फेला पर्नु कसुर अपराधको प्रमाणसँग सम्बन्धित हो । कसुर अपराध गर्ने व्यक्तिले आफूले गरेको कसुर अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन जहिले पनि झुठ्ठो बयान गर्ने हुँदा त्यसलाई सङ्कलित प्रमाणहरूबाट विश्लेषण र मूल्याङ्कन गरि न्याय निरूपण गर्नुपर्ने हुन्छ । प्रतिवादीको डेरा कोठाबाट बरामद भएका कपडा, मोबाइल, नोटबुक र लेडिज पर्ससमेतका सामानहरू पीडित क कुमारीका हुन् भन्ने व्यहोराले जाहेरवाला ज्ञानबहादुर लामाले मौकामा सनाखत गरेको कुरा मिसिलबाट देखिन्छ ।

६. बरामदी मुचुल्का प्रतिवादीसमेतको रोहवरमा प्रहरी नायब निरीक्षक भुवनबहादुर खड्का, प्रहरी हबलदार निरन्जन रावल र ताराबहादुर खड्काले तयार गरेको देखिन्छ । सो बरामदी मुचुल्का तयार गर्ने उल्लिखित प्रहरी कर्मचारीले अदालतमा साक्षीसरह उपस्थित भै ज्ञानबहादुर लामाले सनाखत गरेका बरामदी मुचुल्कामा उल्लिखित कपडा तथा सामानहरू प्रतिवादी लाक्पा तामाङको डेरा कोठाबाट बरामद भएको हो भनि बरामदी मुचुल्काको व्यहोरा समर्थन गरि बकपत्र गरेको देखिन्छ । प्रतिवेदक तथा जाहेरवालाको उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिँदा बरामदी मुचुल्का झुठ्ठा हो भन्ने पुनरावेदन जिकिर मनासिब देखिन आएन ।

७. पुनरावेदक प्रतिवादीले मिति २०६४।८।२९ गते पीडितलाई काठमाडौंबाट लिएर गई भोलिपल्ट २०६४।९।१ गते काकडभिट्टा पुर्‍याएको भनि बयान गरेको देखिन्छ । निजका साक्षीले बकपत्र गर्दा प्रतिवादी खेती किसानी गर्ने र गाडीमा खलासी काम गर्छन् । उल्लिखित मिति समयमा प्रतिवादी घरमै थिए भन्ने व्यहोरा लेखाएको देखिन्छ । तर प्रतिवादीले आफूले बयान गर्दा सो समयमा घरमा थिएँ भनि भन्न नसकेकोबाट पनि प्रतिवादी र निजका साक्षीको भनाई आफैँमा विरोधाभाषपूर्ण देखिन आएको समेतका आधार र प्रमाणबाट प्रतिवादीले पीडित क कुमारीलाई काठमाडौंबाट काकडभिट्टासम्म पुर्‍याएको तथ्य मिसिलबाट समर्थित हुन आयो । प्रतिवादीले पीडित क कुमारीको आग्रहमा नै काकडभिट्टासम्म पुर्‍याएको कुरा मिसिलबाट देखिन आएको छैन । अर्जुन भन्ने मानिसको वतन नखुलेको भए तापनि यी प्रतिवादीले मौकामा आफूले काकडभिट्टासम्म पुर्‍याएको भनि गरेको बयान अन्यथा हुन सकेको देखिँदैन । यसरी प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काकडभिट्टासम्म पुर्‍याएको देखिएको र कानूनले पनि बिक्री समेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याएको कार्यलाई कसुर मानेको हुँदा यस अदालतबाट मिति २०७१।७।५ मा भएको आदेशसँग सहमत हुन सकिएन । प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसुर गरेको देखिन आयो ।

८. अब प्रतिवादीलाई के कस्तो सजाय हुने हो भन्ने सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारले यी प्रतिवादीलाई सो ऐनको दफा १५(१) को खण्ड (क) बमोजिम सजाय गरि पाउन माग दाबी लिएको देखिन्छ । सुरू अदालतले दफा १५(१)(ङ) अन्तर्गत १० वर्ष कैद सजाय गरि रू.५०,०००।– पीडितलाई भराई दिने ठहर्‍याई फैसला गरेको देखिन्छ । दफा १५(१)(ङ) को खण्ड (२) मा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचासहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेसमेतको व्यवस्था भएको देखिन्छ । आरोपित कसुर गरेको ठहर भएपछि जरिवाना पनि गर्नु पर्ने तथ्यमा विवाद छैन । प्रस्तुत मुद्दामा सुरू अदालतले उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादी लाक्पा तामाङलाई जरिवाना गरेको देखिँदैन । ऐनको दफा १७ को कानूनी व्यवस्था हेर्दा जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरि निजबाट मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्नेसमेतको व्यवस्था भएको देखिँदा कानूनबमोजिम जरिवाना पनि गर्नु पर्नेमा सुरू अदालतले जरिवाना नगरेको हदसम्म केही उल्टी गरि १० वर्ष कैद सजाय, एकलाख रूपैयाँ जरिवाना र पीडितले प्रतिवादीबाट ५०,०००।- रूपैयाँ भराई लिन पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार गरि बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.दीपकराज जोशी

इजलास अधिकृत : भीमबहादुर निरौला

इति संवत् २०७२ साल भदौ ३० रोज ४ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

फैसला मिति : २०७२।४।२९।६
निर्णय नं. ९५२५
भाग: ५८ साल: २०७३ महिना: बैशाख अंक: १
फैसला मिति :२०७२/०४/२९ ५२०४

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार ।

०६९-CR-०१७२

पुनरावेदक / प्रतिवादी : जिल्ला काभ्रेपलान्चोक, चलाल गणेशस्थान गा.वि.स.वडा नं.३ घर भई हाल जिल्ला कारागार कार्यालय पर्सा वीरगञ्जमा कैदमा रहेको योगबहादुर लामा

विरूद्ध

प्रत्यर्थी / वादी : कोड नाम एल.डि. ६/०६७/०६८, एस.टि.सि. ७/०६७/०६८ र पि.एल. ८/०६७/०६८ समेत जना ३ को संयुक्त जाहेरीले नेपाल सरकार

२०६९-CR-०२६९

पुनरावेदक / प्रतिवादी : जिल्ला नुवाकोट, गणेशस्थान गा.वि.स.वडा नं.१ घर भई हाल जिल्ला कारागार कार्यालय नख्खुमा थुनामा रहेको दिनेश भन्ने सूर्यबहादुर तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : कोड नाम एल.डि. ६/०६७/०६८, एस.टि.सि. ७/०६७/०६८ र पि.एल. ८/०६७/०६८ समेत जना ३ को संयुक्त जाहेरीले नेपाल सरकार

फैसला

न्या.जगदीश शर्मा पौडेल : पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।१७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादीहरूको तर्फबाट यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

हामी पीडितहरू विभिन्न स्थानमा घर भई विभिन्न स्थानमा काम गर्दैआएका बखत टुपी भन्ने र सूर्यबहादुर तामाङले भारतको रक्सौल पुगी त्यहाँबाट मालसामान लिई आएपछि तिमीहरूलाई जनही बिस बिस हजार दिने भनेका र बिनिता तामाङसमेतले म पनि सँगै जान्छु, डराउनु पर्दैन उताबाट सँगै फर्की आउँला भनी नगदसमेत दिई रक्सौलतर्फ लाँदै गरेको अवस्थामा हेटौंडामा प्रहरीले सोधपुछ गर्दा निज बिनिता र सूर्यबहादुरले हामीहरूलाई दिल्लीको वेश्यालयमा बिक्री गर्न लाँदै गरेको व्यहोरा थाहा हुन आएको हुँदा निजहरू उपर मानव बेखबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गत कारबाही गरिपाउँ भन्नेसमेत व्यहोराको एस.टि.सि.समेतको मिति २०६७।६।३ को संयुक्त जाहेरी दरखास्त ।

प्रतिवादी सूर्यबहादुर तामाङको साथबाट निजको सक्कलै नागरिकता प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, भा.रू.५,५००।-, नेपाली रू.६००।- र पर्सभित्र रहेको ओमशक्ति यातायातको बिनोद लेखिएको बस टिकटसमेत बरामद भएको हो भन्नेसमेत व्यहोराको मिति २०६७।६।३ को बरामदी मुचुल्का ।

मिति २०६७।६।३ मा मेरो ड्युटी भएको अवस्थामा काठमाडौंबाट वीरगञ्ज जान आएको ना.३ ख.७८१३ नं. को रात्री बसमा सो बसमा वीरगञ्ज जान यात्री नभएका कारण वीरगञ्ज जानको लागि अर्को बसमा चढी जान लाग्दाको अवस्थामा १ जना पुरूष र ४ जना केटी मानिस भएको, निज केटीहरूको अभिभावक कोही नभएको कारण सोधपुछ गर्दा जाहेरवाली ३ जनाले हामीलाई वीरगञ्जको रक्सौलबाट एउटा सामान ल्याई दिएबापत जनही रू.२०,०००।- दिने भनी प्रलोभनमा पारी सूर्यबहादुर तामाङ र बिनिता तामाङले ल्याएका हुन् भनी बताएको हुँदा निज प्रतिवादीहरूले पीडित ३ जनालाई भारतको वेश्यालयमा बिक्री गर्न लान लागेको कुरा खुलेको र सूर्यबहादुर तामाङको साथमा भा.रू.५,५००।-, नेपाली रू.६००।- समेत फेला परेकाले कारबाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्र.स.नि. मेनबहादुर पाख्रिनको प्रतिवेदन ।

प्रतिवादीहरू विनिता तामाङ, सूर्यबहादुर तामाङ, टुपी दाइ भन्नेसमेत भै हामी जाहेरवाला ३ जनालाई प्रलोभनमा पारी एउटा सामान भारतको रक्सौल गई ल्याएमा बिस बिस हजार दिने भनी झुक्याई भारतको रक्सौल लैजान लाग्दा हेटौंडामा प्रहरीले चेक

जाँच गरी बिचैमा प्रतिवादीहरूलाई पक्राउ गरी हामीहरूलाई उद्धार गरेकाले हामी बेचिनबाट बचेका हौं भन्नेसमेत व्यहोराको पीडित एल.डि.६/०६७/०६८ को बयान ।

मिति २०६७।५।३१ गते टुपी भन्नेले हामीलाई भेटी पैसा कमाउने भए एउटा काम छ, मानिस चिनाइदिन्छु भनी १० बजेतिर काठमाडौंको चाबहिल चोकमा भेट भएपछि सूर्यबहादुर तामाङ र बिनिता तामाङले वीरगञ्ज नजिकै गई सामान लुकाएर ल्याएमा जनही बिस बिस हजार दिने र राम्रोसँग काम सम्पन्न भएपछि तिस हजारसम्म मिल्छ भनी पटकपटक फोनसमेत गरी बोलाएर २०६७।६।२ गते रात्री बसमा चढाई बसको टिकट, खानाको पैसासमेत तिरी मसमेतलाई प्रलोभनमा पारी भारतको रक्सौलमा लगी बिक्री गर्न लादा हेटौंडा बसपार्कमा नै उक्त कुरा खुल्न आएको हुँदा कारबाही गरिपाउँ भन्नेसमेत व्यहोराको पीडित पि.एल.८/०६७/०६८ को बयान ।

सूर्यबहादुर तामाङ, बिनिता र टुपी दाइसमेतको मिलोमतोमा वीरगञ्ज नजिकैबाट एउटा सामान ल्याएमा जनही रू.२०,०००।- दिने भनी प्रलोभनमा पारी जान्न भन्दा पटकपटक फोन गरी बोलाई वीरगञ्ज जान लाग्दा हेटौंडामा प्रहरीले सोधपुछ गर्दा निज सूर्यबहादुर र बिनिताले भारतको वेश्यालयमा बिक्री गर्न लगेकोमा बिचैमा निजहरू पक्राउ परेका हुन् भन्नेसमेत व्यहोराको पीडित एस.टि.सी.७/०६७/०६८ को बयान ।

सूर्यबहादुर तामाङले हाल जाहेरवाली पीडितहरू ३ जनालाई भारत बम्बैमा पुर्‍याउन तिमीले सहयोग गर, नगरेमा तिम्रो छोरा र तिमीलाई समेत मारी दिने धम्की दिएका कारणबाट मैले आफूसमेत बच्नको लागि जाहेरवालाहरूलाई म १/२ पटक भारत गएको छु । अहिले म पनि सँगै जाने हो । भारतबाट सामान ल्याएर फाइदा हुन्छ भनेकी हुँ । निज सूर्यबहादुरको सामान किन्ने भनेको कुरा बनावटी हो । मलाई निज सूर्यबहादुरले ३ जना केटीहरूलाई बेच्छ भन्ने कुरा थाहा थियो तर मैले डरको कारण भनेकी थिइन । मिति २०६७।६।२ गते रात्री बसमा वीरगञ्ज जाने क्रममा ऐ.३ गते हेटौंडा बसपार्कमा प्रहरीले चेक गरी पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी बिनिता तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जाहेरवालीहरू ३ जनालाई भारतको व्यापारीसम्म पुर्‍याउन बिनिता तामाङको सहयोग लिई मिति २०६७।६।२ गते ४ जनाको टिकट लिई ५ जना यात्रा गर्न पाउने सहमतिमा काठमाडौंबाट वीरगञ्ज जान हिंडेकोमा हेटौंडामा पुग्दा प्रहरीले पक्राउ गरेको हो । ती केटीहरूलाई बम्बैको व्यापारीलाई जिम्मा दिई सोबापत प्रति महिला रू.५०,०००।- लिने सर्तमा सो स्थानमा नपुग्दै पक्राउ गरिएको हो । काममा सहयोग गरेबापत बिनितालाई मैले थप रू.२०,०००।- र उनीबाट मैले लिएको ने.रू.७,०००।- समेत काम सफल भएपछि दिने सल्लाह भएको थियो भन्नेसमेत व्यहोराको प्रतिवादी सूर्यबहादुर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६७।६।३ गते हेटौंडा बसपार्कमा चेक जाँच गर्दा पक्राउ परेका प्रतिवादी बिनिता तामाङ र सूर्यबहादुर तामाङ भई काठमाडौंमा ड्राइभर गर्ने टुपी भन्नेले सम्पर्क गराइदिएका ३ जना जाहेरवाली केटीहरूलाई काठमाडौंबाट वीरगञ्ज हुँदै भारतसम्म लान लागेको अवस्थामा बिनिता तामाङ र सूर्यबहादुर तामाङले जनही रू.२०,०००।– दिने प्रलोभनमा पारी ललाई फकाई ल्याएको अवस्थामा पक्राउ परेका हुन् भन्नेसमेत व्यहोराको माइती नेपाल हेटौंडाका संयोजक माया लामासमेतले लेखाई दिएको घटना विवरण ।

प्रतिवादीहरू सूर्यबहादुर तामाङ र बिनिता तामाङसमेतले जाहेरवालीहरूलाई भारतमा लगी बिक्री गर्ने उद्देश्यबाट काठमाडौंबाट हेटौंडासम्म बसमा ल्याउँदै गर्दा बिच बाटोमा नै जाहेरवालीहरूलाई उद्दार गरिएको कारण निजहरूलाई बिक्री गर्ने कार्य सम्पन्न हुन नपाएको भए तापनि बिक्री गर्ने मनसायले ओसारपसार गरेको देखिँदा निज प्रतिवादीहरू दिनेश भन्ने सूर्यबहादुर तामाङ र बिनिता तामाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२)(ख) विपरीत कसुर गरेकोमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १५ को उपदफा (१) को (ङ)(२) अनुसार सजाय गरी र पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले बेच्न लागेको देखिँदा सो सजायमा थप सोही दफा १५ को उपदफा (१) को खण्ड (ख) अनुसारको सजाय र सोही ऐनको दफा १५ को उपदफा (२) को खण्ड (ग) अनुसार गरी पीडितहरूलाई सोही ऐनको दफा १७ अनुसार क्षतिपूर्तिसमेत भराई पाउँ र प्रस्तुत मुद्दालाई सोही ऐनको दफा २२ अनुसार नैतिक पतन हुने फौजदारी कसुर कायम गरिपाउँ साथै टुपी भन्ने व्यक्तिको पछि नाम थर वतन स्पष्ट खुली आएमा पूरक अभियोग पेस गरिने छ भन्नेसमेत व्यहोराको मिति २०६७।६।१९ को अभियोग माग दाबी ।

म र काभ्रे जिल्ला, चिलाउने गा.वि.स.वडा नं.३ बस्ने लामा (टुपी) भन्ने एउटै कम्पनीमा काम गर्ने दाइले मलाई र चार जना बहिनीहरूलाई भारतको रक्सौलबाट दशैंको लागि साडी ल्याउँदा फाइदा हुन्छ, भन्सार छलाउन महिलाहरूलाई सजिलो हुन्छ भनी काठमाडौंबाट हामी पाँच जना (म, बिनिता र जाहेरवालीहरू) को टिकट काटी बेलुका बसमा चढाई म बेलुका आउँछु तिमीहरू जाओ भनी पठाए र मैले तथा मसँग आउने केटीहरूले रक्सौल देखेको चैन भन्दा म आउँछु, जाउ भनी भने । मैले बिनिताबाहेक अन्य जाहेरवालीहरूलाई चिनेकोसमेत थिएन । काठमाडौंबाट हेटौंडा आई मैले निज टुपी दाइलाई फोन गर्न भनी बसबाट झरी फोन गर्न लाग्दा प्रहरी आई मसमेतलाई पक्राउ गरेको हो । भारतको रक्सौलबाट साडी काठमाडौं पुर्‍याएबापत १ जनालाई रू.२०,०००।- दिन्छु भनेका थिए । सोही कारण म आएको हुँ । मैले जाहेरवालीहरूलाई भारतमा लगी बिक्री गर्ने उद्देश्यले ल्याएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सूर्यबहादुर तामाङले मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।६।२ गते मसँग पक्राउ भएको प्रतिवादी सूर्यबहादुर तामाङले मलाई मेरो साथी छ टुपी भन्ने दाइले रक्सौलबाट साडी ल्याउनु छ। साडी र अन्य कपडासमेत काठमाडौंमा ल्याएपछि रू.२०,०००।- दिन्छु भनेको छ। दशैंको लागि खर्च हुनेछ भनेपछि सोही मिति २०६७।६।२ का दिन बेलुका कलंकी आई बसिरहेको अवस्थामा जाहेरवालीहरू, टुपी भन्ने र निजको साथी तथा सूर्यबहादुरसमेत आए। मैले जाहेरवालीहरूलाई चिनेको छैन। टुपी र निजको अर्को साथीलाई समेत चिनेको छैन। निज टुपी भन्ने र साथी गई जाहेरवालीहरू ३ र सूर्यबहादुर र मसमेत गरी ५ जनाको टिकट काटी तिमीहरू जाँदै गर, हामी पछि आउँछौं भनी हामीलाई बसमा चढाई गए। हामी कहिल्यै पनि नआएको हुँदा हेटौंडामा आई सूर्यबहादुरले निज टुपीलाई फोन गर्दा नलागेको र केही बेरपछि पुनः फोन गर्दा प्रहरीले मसमेतलाई पक्राउ गरेको हो। मैले जाहेरवालाहरूलाई डर, त्रास प्रलोभनमा पारी बिक्री गर्न लान लागेको होइन। मैले कपडा लगिदिएबापत रू.२०,०००।– पाउने र दशैँ नजिक आएको हुँदा खर्च हुने भन्ने कुरा गरी म आएको हुँदा मलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बिनिता तामाङले मकवानपुर जिल्ला अदालतमा गरेको बयान।

तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादीहरू कसुरदार हुन् भनी विश्वास गर्ने मनासिब आधार देखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम गर्ने गरी हाल मुलुकी ऐन, अ.बं.११८ को देहाय (२) एवं मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखिँदा कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा राख्न कारागार कार्यालय पर्सामा पठाइदिनु भन्ने मकवानपुर जिल्ला अदालतको मिति २०६७।६।२० को आदेश।

मिति २०६७।६।२ गते काठमाडौं कलंकीबाट म र साथीहरू ३ जनालाई निज टुपी भन्ने योगबहादुर लामा, सूर्यबहादुर तामाङ र बिनिता तामाङसमेत भई भारततर्फ बिक्री गर्नको लागि गएका हुन्। निज टुपी भन्ने योगबहादुर लामालाई देखाउँदा चिनी अ.बं.१७३ नं. बमोजिम सनाखत गरी दिए भन्नेसमेत व्यहोराको पीडित पि.एल.को सनाखत कागज।

पक्राउ परेका सूर्यबहादुर तामाङले मैले चलाउने गरेको गाडीमा खलासी काम गर्ने हुँदा निजलाई चिनेको छु। बिनितालाई चिन्दिन। पीडित भनिएका केटीहरू एकै घरमा डेरा गरी बस्ने हुँदा निजहरूलाई राम्रोसँग चिन्दछु। मिति २०६७।६।२ गते निजहरूसँग भेटघाट भई मैले हाँक्ने गरेको बसमा चढी चाबहिलसम्म गई ओर्लिएका थिए। मैले निजहरूलाई भारतमा पठाउने सम्बन्धमा कुनै सहयोग तथा कुरा मिलाई दिने कार्य गरेको छैन। जाहेरी सम्बन्धमा निजहरू नै जानून्। किन फसाए, मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी टुपी भन्ने योगबहादुर लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

प्रतिवादी टुपी भन्ने योगबहादुर लामाले प्रतिवादीहरू सूर्यबहादुर र बिनिता मिली पीडितहरूलाई बिक्री गर्ने उद्देश्यले ओसारपसार गर्ने कार्यमा प्रमुख संलग्नता देखिई निजसमेतले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (३)(१) र (४)(२)(ख) विपरीत कसुर गरेकोमा निज प्रतिवादी टुपी भन्ने योगबहादुर लामालाई सोही ऐनको दफा १५ को उपदफा (१)(ङ)(२) अनुसार सजाय गरी पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले बेच्न लागेको देखिँदा सो सजायमा थप सोही दफा १५ को उपदफा (१) खण्ड (ख) अनुसार सजाय गरी सोही ऐनको दफा १५ को उपदफा (२) को खण्ड (ग) अनुसार गरी पीडितहरूलाई सोही ऐनको दफा १७ अनुसार क्षतिपूर्ति भराई प्रस्तुत मुद्दालाई सोही ऐनको दफा २२ अनुसार नैतिक पतन हुने फौजदारी कसुर कायम गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६७।७।२८ को पूरक अभियोग माग दाबी।

मेरो घर जिल्ला काभ्रेपलाञ्चोक भए पनि हाल म जिल्ला ललितपुर, ग्वार्को इमाडोलमा बसोबास गरी पाटन ढोकाको इन्डियन गार्डेन इङ्ग्लिस बोर्डिङ स्कुलमा ड्राइभिङ काम गर्दै आएको छु। जाहेरवालाहरू र अन्य प्रतिवादीहरूलाई मैले चिनेको छैन। अभियोग दाबीअनुसार मानव बेचबिखन तथा ओसारपसार कार्यमा मेरो संलग्नता छैन। मैले अभियोग दाबीअनुसारको कसुर गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी टुपी भन्ने योगबहादुर लामाले मकवानपुर जिल्ला अदालतमा गरेको बयान।

तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादीहरू कसुरदार हुन् भनी विश्वास गर्ने मनासिब आधार देखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम गर्ने गरी हाल मुलुकी ऐन, अ.बं.११८ को देहाय (२) एवं बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने देखिँदा कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा राख्न कारागार कार्यालय, पर्सामा पठाई दिनु भनी मकवानपुर जिल्ला अदालतको आदेश।

मिति २०६७।६।३ को जाहेरी दरखास्त र प्रहरीको बयानमा भएको व्यहोरा र त्यसमा लागेको सहिछाप मेरो हो भनी पीडित जाहेरवाला पि.एल.८/०६७/०६८ ले मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले हामीलाई बेच्न लगेको कुरा प्रहरीले समाती सोधपुछ गर्दा थाहा पाएका हौं। जाहेरी र बयान व्यहोरा र त्यसमा लागेको सहिछाप मेरो हो भनी एस.टि.सि. ७/०६७/०६८ ले मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०६७।६।३ को जाहेरी दरखास्त र प्रहरीको बयानमा भएको व्यहोरा र त्यसमा लागेको सहिछाप मेरो हो भनी पीडित जाहेरवाला एल.डि.६/०६७/०६८ ले मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी टुपी भन्ने योगबहादुर लामा केटी बेच्ने काम गर्ने मान्छे होइनन्। ड्राइभरको काम गर्छन् भनी प्रतिवादी टुपी भन्ने योगबहादुर लामाको साक्षी गणेशबहादुर लामाले मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

जाहेरवालाहरूलाई प्रतिवादी सूर्यबहादुर तामाङले बेचबिखन गर्न लगेका होइनन्। रक्सौलबाट सामान ल्याउन लगेका हुन् भनी प्रतिवादी सूर्यबहादुर तामाङको साक्षी धनबहादुर खड्काले मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

जाहेरवालाहरूलाई प्रतिवादीहरूले बेचबिखन गर्नको लागि लगेका होइनन् भनी प्रतिवादी सूर्यबहादुर तामाङ र बिनिता तामाङको साक्षी गणेशबहादुर अधिकारीले मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

पीडितहरूको किटानी जाहेरी दरखास्त र सोही मिलानको बयान तथा सोलाई प्रमाणित गर्ने गरी अदालतमा उपस्थित भई बकपत्र गरेका छन्। तसर्थ, प्रतिवादीहरू सूर्यबहादुर तामाङ, बिनिता तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) अनुसार जनही १० (दश) वर्ष कैद र रू.५०,०००।- जरिवाना भई ऐ.ऐनको दफा १७ नं. अनुसार पीडितहरूलाई प्रतिवादीहरूबाट रू.५०,०००।- क्षतिपूर्ति भराई दिने ठहर्छ। प्रतिवादीहरूले पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यबाट सो कार्य गर्न लागेको भन्ने सम्बन्धमा वादी पक्षबाट यकिन प्रमाण पेस हुन आएको नदेखिँदा ऐ.ऐनको दफा १५(१)(ख) अनुसार र ऐ.ऐनको दफा १५(२) को (ग) बमोजिमसमेत सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ। प्रतिवादी टुपी भन्ने योगबहादुर लामालाई यिनै पीडितहरूले चिनी सनाखत गरी दिएकोसमेत देखिँदा अभियोग दाबीको कसुरमा यी प्रतिवादीको संलग्नता थिएन, निज निर्दोष हुन् भन्न मिल्ने देखिँदैन। तसर्थ निजले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी टुपी भन्ने योगबहादुर लामालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) अनुसार १० (दश) वर्ष कैद र रू.५०,०००।- जरिवाना भई ऐ.ऐनका १७ नं. अनुसार पीडितहरूलाई रू.२५,०००।- निजबाट क्षतिपूर्तिसमेत भराइ दिने ठहर्छ। सोही ऐनको दफा १५ को उपदफा (१) खण्ड (ख) र ऐ. को दफा १५ को उपदफा (२) को (ग) अनुसारको सजायको मागदाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू मकवानपुर जिल्ला अदालतबट मिति २०६७।११।३० मा भएको फैसला।

प्रतिवादीहरूले जाहेरवाली पीडितहरूलाई विभिन्न प्रलोभनमा पारी भारतको वेश्यालयमा बिक्री गर्न लान लागेको खुलेको भनी जाहेरवालीहरूलाई सँग साथमा लिई जाने क्रममा पक्राउ परी पीडितहरूको उद्धार भएको अवस्था छ। तत्काल पक्राउ परेका प्रतिवादीहरूको बयानबाट यी पीडितहरूलाई भारत मुम्बईको व्यापारीलाई जिम्मा दिई सोबापत प्रति महिला रू.५०,०००।- लिने सर्त भएको भन्ने खुलेको र सो बयानलाई मिसिल संलग्न अन्य सम्पूर्ण प्रमाणहरूबाट थप समर्थन भएको अवस्थामा यी प्रतिवादीहरूबाट भएको आपराधिक कार्य एवं कसुर र वारदातसँग सम्बन्धित काम कारबाहीबाटै उद्देश्य पत्ता लगाउनु पर्ने हुन्छ। यी अबोध किशोरीहरूलाई बिक्री गर्ने प्रयोजनार्थ भारतको मुम्बईमा लाने भनिन्छ भने प्रस्तुत वारदातको प्रकृति एवं त्यसमा संलग्न व्यक्तिहरूको अवस्थाबाटै वेश्यावृत्तिमा लगाउने उद्देश्यले बिक्री गर्न खोजिएको भन्ने स्पष्ट हुनेमा त्यसतर्फ ध्यान नै नदिई प्रतिवादीहरूले नैतिक पतन देखिने फौजदारी कसुर गरेको भनी दाबी लिएको अवस्थामा सोतर्फ पूर्णरूपमा मौन रही भएको सुरू फैसला अ.बं.१८६ तथा १९२ नं. समेतको विपरीत भएकोले सो हदसम्म बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

मुद्दाको एक पक्षको रूपमा रहेका विपक्षी वादीलाई मूलतः प्रमाण ऐन, २०३१ को दफा २५ द्वारा निर्दिष्ट प्रमाणको भार बहन गर्नुपर्ने अनिवार्य दायित्वबाट अवैध र आधारहीन उन्मुक्ति दिई यति गम्भीर फौजदारी मुद्दामा, मिसिल संलग्न कागजातहरूमा प्रस्टै उजागर भएको तथ्य र प्रमाणहरूको निष्पक्ष, कानूनसम्मत, विवेकपूर्ण र न्यायपूर्ण विश्लेषण विवेचना नै नगरी, सर्वमान्य फौजदारी विधिशास्त्रीय मान्यता, प्रचलित कानून र संस्थापित नजिर सिद्धान्तहरू समेतको बर्खिलाफ गरी म पुनरावेदक प्रतिवादीउपर जाहेरवालीको आत्मनिष्ठ मौखिक कथनमात्र पक्री आधारहीन अभियोजनकै मात्र आधारमा कसुरदार ठहर गरी भएको फैसला बदर गरी अभियोग मागदाबीबाट पूर्णतः सफाई दिलाई न्यायपूर्ण फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सूर्यबहादुर तामाङको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदनपत्र।

म पुनरावेदिकाले अभियोग दाबीबमोजिम कसुर गरेको देखिने कुराहरू प्रस्तुत मिसिलबाट प्रमाणित भइरहेको अवस्था छैन। यस्तो परिस्थितिमा मलाई सजाय गर्नसमेत हरहालतमा मिल्ने होइन। मैले कसुर अपराध नगरेको कुरा पूर्णरूपमा पुष्टि भइरहेकोमा त्यसतर्फ न्यायकर्ताले कुनै ध्यान दृष्टिसमेत नदिनु भई कसुरदार ठहर गर्ने आधार प्रमाणबेगरै सुरू मकवानपुर जिल्ला अदालतबाट कसुरदार ठहर गरी भएको फैसला मुलुकी ऐन, अ.बं.१८४(क) र १८५ नं. समेतको विपरीत हुँदा सो फैसला बदर गरी सुपथ न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी बिनिता तामाङको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

म पुनरावेदक टुपी भन्ने रिङरोडमा बस चलाउने मानिस होइन। मेरो नाम योगबहादुर लामा हो। मैले अभियोग दाबीबमोजिम सजाय हुन जाहेरवालाहरू र मौकामा पक्राउ परेको प्रतिवादीहरूको र मेरोबिच उक्त पक्राउमा परेको मिति २०६७।६।२ गते वा सो मितिदेखि केही अगाडि र पछाडिको मितिहरूमा मेरो मोबाइलमा निजहरूले कल गरी कुराकानी भएको मोबाइलको कड डिटेल पेस गरिएको अवस्था छैन। मेरो साक्षीले मेरो इन्कारी बयानलाई पूर्णरूपमा समर्थन गरी बकपत्र गरिएको अवस्था विद्यमान छ। हामीलाई सूर्यबहादुरसँग रक्सौलसम्म जाउ भनी फकाउने व्यक्ति यिनै हुन् भनी किटानीसाथ जाहेरवालाहरूले भन्न र बकपत्र गर्न सकेको पाइँदैन। यस्तो परिस्थितिमा म पुनरावेदकलाई सजाय गर्नसमेत हरहालतमा मिल्ने होइन। मैले कसुर अपराध नगरेको कुरा पूर्णरूपमा प्रमाणित भइरहेकोमा त्यसतर्फ न्यायकर्ताले ध्यानसमेत नदिई कसुरदार ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला मुलुकी ऐन,

अ.बं.१८४(क) र १८५ नं. समेत विपरीत हुँदा सो फैसला बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी योगबहादुर लामाको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र ।

मानव बेचबिखनको उद्देश्यले हेटौंडासम्म लगेको तर बेचबिखन गरी नसकेको अवस्थामा मानव बेचबिखन गरेको ठहर गरी सुरूले गरेको सजाय फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. को प्रयोजनका लागि परेको प्रतिवादीहरूको पुनरावेदन वादी नेपाल सरकारलाई जानकारी दिई र नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन प्रतिवादीहरूलाई सुनाई नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको मिति २०६८।७।२९ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेश ।

प्रतिवादीहरू सूर्यबहादुर तामाङ र बिनिता तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) अनुसार जनही १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना र ऐ.ऐनका दफा १७ नं. अनुसार पीडितहरूलाई निज प्रतिवादीहरू जना २ बाट रू.५०,०००।- क्षतिपूर्ति भराई दिने र प्रतिवादी टुपी भन्ने योगबहादुर लामालाई ऐ.ऐनको दफा १५(१)(ङ)(२) अनुसार १० (दश) वर्ष को र रू.५०,०००।– (पचास हजार) जरिवाना र ऐ.ऐनको दफा १७ नं. बमोजिम पीडितहरूलाई निजबाट रू.२५,०००।- (पच्चीस हजार) क्षतिपूर्तिसमेत भराई दिने ठहर्‌याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६७।११।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।१७ को फैसला ।

पुनरावेदन अदालतको फैसलमा चित्त बुझेन । म प्रतिवादी योगबहादुर लामाले ललितपुरको इन्डियन गार्डेन बोर्डिङ स्कुलको बस चलाउने कार्य गरी आएको छु । मलाई पोल गर्ने सहअभियुक्त सूर्यबहादुर तामाङले बयान गर्दा काठमाडौंको रिङरोडमा बस चलाउने सन्जय लामा (टुपी) ले जाहेरवालाहरूलाई रक्सौलबाट दशैंको साडी ल्याउँदा फाइदा हुन्छ भनी जाहेरवालालाई लिई जाने क्रममा हेटौंडामा पक्राउ परेको भनेका छन् । जाहेरवालाहरूले पनि टुपी भन्ने रिङरोडमा बस चलाउने व्यक्ति भनेका छन्, स्कुलको बस चलाउने म योगबहादुर लामाको नाम उल्लेख नै नगरेको र मैले कुनै कसुर नगरेको अवस्थामा मलाई कसुरदार ठहराएको फैसला त्रुटिपूर्ण भएकाले उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी योगबहादुर लामाको यस अदालतमा परेको पुनरावेदन पत्र ।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन । जाहेरवालाहरूले जाहेरी दिई अदालतमा बकपत्र गर्दैमा मउपरको कसुर साबित हुन सक्दैन । जाहेरी दरखास्त र पीडितको अदालतको बकपत्र एक आपसमा बाझिएको छ । मसँगबाट बसको टिकट र भारतीय रूपैयाँ पाँच हजार पाँच सय बरामद हुनाले मात्र मानव बेचबिखनको लागि हो भन्न मिल्दैन । मैले जाहेरवालाहरूलाई बेच्न लान लगेको होइन । उनीहरू मसँग सल्लाह गरी व्यापार गर्नको लागि गएकोमा झुठ्ठा आरोप लगाएको हो । उनीहरूलाई लाँदा साडी ल्याउँदा लाग्ने भन्सार छल्न सजिलो हुन्छ भनी लान लागेको हो । मलाई कसुरदार ठहराएको फैसला त्रुटिपूर्ण भएकाले उल्टी गरी सफाई पाउँ भन्ने प्रतिवादी दिनेश भन्ने सूर्यबहादुर तामाङको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो । पुनरावेदक प्रतिवादी सूर्यबहादुर तामाङतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद अर्यालले मानव बेचबिखनको कसुर स्थापित हुनका लागि बेचबिखनको उद्देश्यले लगेको हुनु पर्ने अनिवार्य तत्त्व हो । जाहेरवाला र यी प्रतिवादीहरूले रक्सौलबाट साडी लिएर आई व्यापार गर्नका लागि रक्सौल जाने सल्लाह भएबमोजिम जान लागेको कुरा प्रतिवादीले स्वीकार गरेको भए पनि बेचबिखनको लागि जाहेरवालाहरूलाई लगेको भन्ने तथ्यमा पूर्ण इन्कार रहेका छन् । प्रतिवादीउपर अनुमान र शङ्काको भरमा कसुरदार ठहराएको सुरू र पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकाले उल्टी गरी प्रतिवादीले सफाई पाउनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

उक्त बहससमेतलाई सुनी प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसारको कसुरमा कसुरदार ठहर गरेको सुरू र पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले जाहेरवालीहरूलाई भारतमा वेश्यावृत्तिको लागि लैजाँदै गरेको अवस्थामा पक्राउ परेकाले निज प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२)(ख) विपरीत कसुर गरेकोमा सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले बेच्न लगेको हुँदा दफा १५(१) को खण्ड (ख) बमोजिम थप सजायसमेत गरी दफा १५(२) को खण्ड (ग) बमोजिम पीडितहरूलाई क्षतिपूर्तिसमेत दिलाई दफा २२ बमोजिम प्रस्तुत मुद्दालाई नैतिक पतन हुने फौजदारी कसुर कायम गरिपाउँ भन्ने अभियोग माग दाबी रहेको पाइन्छ । प्रतिवादीहरू सूर्यबहादुर तामाङ, बिनिता तामाङ र योगबहादुर लामालाई मानव बेचबिखनको कसुरदार ठहराई उक्त ऐनको दफा १५(१)(ङ)(२) बमोजिम जनही दश वर्ष कैद र रू.पचास हजार जरिवाना हुने तथा दफा १७ बमोजिम प्रतिवादी सूर्यबहादुर तामाङ र बिनिता तामाङबाट रू.पचास हजार एवं प्रतिवादी योगबहादुर लामाबाट रू.पच्चिस हजार पीडितहरूलाई क्षतिपूर्तिसमेत भराइदिने र ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) र दफा १५ को उपदफा (२) को खण्ड (ग) बमोजिमको दाबी पुग्न नसक्ने ठहराएको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत, हेटौंडाको फैसलाउपर प्रतिवादी सूर्यबहादुर तामाङ र योगबहादुर लामाको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको रहेछ ।

३. प्रतिवादी योगबहादुर लामाले यस अदालतमा पुनरावेदन गर्दा आफ्नो नाम योगबहादुर लामा भई आफूले स्कुलको बस चलाउने काम गरेको तर सहअभियुक्त र पीडितहरूले टुपी भन्ने व्यक्तिलाई पोल गरी निज टुपी भन्ने व्यक्ति रिङरोडमा बस चलाउने ड्राइभर भएको भन्ने उल्लेख गरेकाले आफूले जाहेरवालाहरूलाई बेचबिखन गर्ने कसुर नगरेको हुँदा सफाई पाउनु पर्छ भन्ने जिकिर लिएको पाइन्छ भने प्रतिवादी सूर्यबहादुरले जाहेरवालीहरूसँग भारत रक्सौलमा गई साडी किनेर ल्याउने सल्लाह भई त्यसतर्फ गएको हुँदा जाहेरवालीहरूलाई बेचबिखन गर्न नलगेको हुँदा सफाई पाउनु पर्छ भन्ने जिकिर लिएको पाइन्छ । सुरू र पुनरावेदन अदालतबाट कसुरदार ठहरिएको प्रतिवादी बिनिताको यस अदालतमा पुनरावेदन परेको नदेखिँदा निजको हकमा प्रस्तुत फैसलामा केही विचार गरिरहन परेन ।

४. यस सम्बन्धमा पुनरावेदक प्रतिवादी सूर्यबहादुर तामाङको हकमा प्रस्तुत मुद्दाको मिसिल संलग्न तथ्यगत अवस्थालाई हेर्दा प्रतिवादीहरूले पीडित जाहेरवालीहरूलाई भारत रक्सौलमा गई सामान किनी लुकाएर ल्याउनको लागि जनही रू.२०,०००।- दिने प्रलोभन देखाई काठमाडौंबाट रात्री बसमा वीरगञ्जतर्फ जाँदै गर्दा हेटौंडा बसपार्कमा प्रहरीले सोधपुछ गर्दा प्रतिवादी सूर्यबहादुर भाग्न खोजेकोमा समातिएपछि प्रतिवादीहरूले जाहेरवालीहरूलाई बिक्री गर्ने उद्देश्यले भारत लगेको थाहा भएकाले कारबाही गरिपाउँ भनी पीडितहरूको किटानी जाहेरी परेको देखिन्छ । पीडितहरूले आफ्नो जाहेरी व्यहोरालाई समर्थन गर्दै अनुसन्धानको क्रममा कागज गरी अदालतमा उपस्थित भई जाहेरी दरखास्तको व्यहोरा पुष्टि गर्दै बकपत्र गरेको देखिन्छ । प्रतिवादीहरूलाई जाहेरवालीहरूको साथमा बसबाट वीरगञ्ज जान लाग्दा पक्राउ गर्ने प्रतिवेदक मेनबहादुर पाख्रिनले मौकामा दिएको प्रतिवेदन व्यहोराबाट जाहेरवालीहरूको उक्त व्यहोरा समर्थित भएको देखिएको छ । प्रतिवादी दिनेश भन्ने सूर्यबहादुर तामाङले मौकामा अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालीहरूलाई भारत लगी व्यापारीको जिम्मामा दिई प्रति व्यक्ति पचास हजार रूपैयाँ लिने सर्तमा प्रतिवादी बिनिता तामाङ र जाहेरवालीहरूसमेत भई काठमाडौंबाट रात्री बसमा वीरगञ्जतर्फ जाने क्रममा हेटौंडामा पक्राउ परेको भन्ने उल्लेख गरेको पाइन्छ । त्यस्तै मौकामा पक्राउ गर्ने प्रतिवादी बिनिता तामाङले अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादी सूर्यबहादुर तामाङले केटी बेच्ने कुरा आफूलाई पहिले नै थाहा भएको र जाहेरवालीहरूलाई भारत बम्बईमा पुर्‍याउन सहयोग गर भनेकाले आफूले जाहेरवालीहरूलाई बिस हजार रूपैयाँको प्रलोभन देखाई आफूसमेतसँगै गई जाहेरवालीहरूलाई विश्वासमा पारी वीरगञ्जतर्फ जाँदै गर्दा पक्राउ परेको भनी बयान गरेको पाइन्छ ।

५. यी प्रतिवादी सूर्यबहादुर तामाङले अदालतमा बयान गर्दा जाहेरवालीहरूलाई भारतमा लगी बिक्री गर्ने उद्देश्यले काठमाडौंबाट वीरगञ्जतर्फ जाँदै गरेको तथ्यमा इन्कार रहे पनि प्रतिवादी टुपी र बिनिता तामाङसँग सल्लाह गरी भारतबाट साडी ल्याउँदा भन्सार छलाउन सजिलो हुन्छ भनी पीडित जाहेरवालीहरूलाई भारततर्फ लाँदै गर्दा हेटौंडामा पक्राउ परेको र प्रतिवादी टुपीले जाहेरवालीहरूलाई बसमा साथ लिई जानु भनी बसमा चढाई पठाएको भन्ने तथ्यमा साबित भएको देखिन आउँछ । त्यसका अतिरिक्त सहअभियुक्त बिनिता तामाङले समेत अदालतको बयानमा टुपी र सूर्यबहादुर भई बसको टिकट काटी जाहेरवालीहरू र सूर्यबहादुरसँगै बसमा चढी आउँदा हेटौंडामा पक्राउ परेको भन्ने कुरा स्वीकार गरेको देखिन आउँछ ।

६. वस्तुतः प्रतिवादी सूर्यबहादुर तामाङले आफूले जाहेरवालीहरूलाई भारतमा बिक्री गर्ने उद्देश्यले लगेको नभई साडीको व्यापार गर्ने प्रयोजनका लागि सँगै लिई गएको भन्ने जिकिर लिएको भए पनि यी जाहेरवालीहरूलाई वीरगञ्जतर्फ जाने रात्री बसमा सँगै लिएर जाँदै गरेको अवस्थामा हेटौंडामा पक्राउ परेको भन्ने तथ्यलाई अदालतको बयानमा पनि स्वीकार गरेको स्थिति छ । अदालतको बयानमा जाहेरवालीहरूलाई बिक्रीको लागि लगेको तथ्यमा इन्कार रहेको देखिए पनि मौकामा यी प्रतिवादी सूर्यबहादुर तामाङले बयान गर्दा जाहेरवालीहरूलाई भारतको बम्बईमा प्रति महिला रू.पचास हजारमा बिक्री गर्ने सर्तमा व्यापारीलाई जिम्मा लगाउने गरी जाहेरवालीहरूलाई अर्का प्रतिवादी बिनिता तामाङको सँगसाथ आफूसमेत भई काठमाडौंबाट वीरगञ्ज जान लाग्दा हेटौंडामा पक्राउ परेको भनी बयान गरेको पाइन्छ । सहअभियुक्त बिनिता तामाङले समेत मौकाको बयानमा आफू कसुरमा साबित भई यी प्रतिवादीलाई पोल गरेको देखिएको र पीडित जाहेरवालीहरूले आफ्नो जाहेरी दरखास्तको समर्थन गरी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिएकोले प्रतिवादीको अदालतको इन्कारी बयानलाई प्रमाणमा लिन मिल्ने देखिएन ।

७. प्रमाण ऐन, २०३१ को दफा १०(१) को कानूनी व्यवस्थाअनुसार कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने वा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिनु पर्ने व्यवस्था रहेको पाइन्छ । त्यसका अतिरिक्त सोही ऐनको दफा १८ मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल काननबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिनु पर्ने व्यवस्था रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रस्तुत घटनाबाट पीडित जाहेरवालीहरूले मौकामा दिएको जाहेरी व्यहोरालाई पुष्टि गर्दै अदालतमा आई बकपत्र गरी प्रतिवादीउपरको अभियोग दाबीलाई समर्थन गरेको देखिएकाले पीडित जाहेरवालीहरूले व्यक्त गरेको तथ्यलाई अदालतले ठोस प्रमाणको रूपमा लिनुपर्ने देखिन आयो । उल्लिखित अवस्थामा यी प्रतिवादीसमेतको मिलोमतोमा पीडित जाहेरवालीहरूलाई बेच्नको उद्देश्यले नै लैजान

लागेको देखिएकाले प्रतिवादीको अदालतको इन्कारी बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन । आफू निर्दोष रहेको भन्ने प्रतिवादी सूर्यबहादुर तामाङको पुनरावेदन जिकिर मनासिब देखिएन ।

८. अब अर्का पुनरावेदक प्रतिवादी योगबहादुर लामाको पुनरावेदन जिकिरतर्फ हेर्दा निजले आफू मानव बेचबिखनको अपराधमा संलग्न नरहेको, आफ्नो नाम योगबहादुर लामा भएकाले टुपी भनी पोलिएको व्यक्ति आफू नभएकाले सुरू र पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको उल्टी भई सफाई पाउनु पर्ने भन्ने जिकिर लिएको पाइन्छ ।

९. वस्तुतः यी प्रतिवादीलाई टुपी उपनाम गरी सहअभियुक्त सूर्यबहादुर तामाङ र बिनिता तामाङले पोल गरेको देखिएको छ । जाहेरवाली पीडितहरूले पनि जाहेरी दरखास्त एवं बकपत्रमा टुपी भन्ने व्यक्तिले काठमाडौंबाट गाडी चढाएको भन्ने उल्लेख गरेको पाइन्छ । आफ्नो नाम टुपी नभएको भन्ने यी पुनरावेदकको जिकिर रहेको भए पनि मौकामा अनुसन्धानको क्रम यी प्रतिवादीले बयान गर्दा जाहेरवालीहरू र यी प्रतिवादी एउटै घरमा डेरा गरी बसेको, प्रतिवादी सूर्यबहादुर गाडीमा खलासी काम गर्दा चिनेको र मिति २०६७।६।२ मा जाहेरवालीहरू निजैले चलाउने गरेको बसमा चढी चावेलसम्म आएको कुरा स्वीकार गरेको देखिएको छ । अदालतको बयानमा यी प्रतिवादी योगबहादुर तामाङले अन्य प्रतिवादीहरू र जाहेरवालाहरूलाई नचिनेको भन्ने जिकिर लिएको भए पनि टुपी भन्ने व्यक्ति यिनै प्रतिवादी योगबहादुर लामा भएको भनी पीडितहरूले यी प्रतिवादीलाई चिनी अ.बं.१७३ नं. बमोजिम सनाखतसमेत गरी दिएको देखिन्छ । आफूहरूलाई भारत जाउँ भनी ललाई फकाई गर्ने, प्रलोभन देखाउने एवं काठमाडौं कलंकीबाट बसमा चढाई पठाउने टुपी भन्ने व्यक्ति यिनै योगबहादुर लामा भएको भनी पीडितहरूले सनाखत गरेको देखिएको र सहअभियुक्तहरूले समेत यी प्रतिवादीलाई पोल गरेको देखिएको अवस्थामा आफू टुपी भन्ने व्यक्ति नभएको र कसुरमा आफ्नो संलग्नतासमेत नभएको भन्ने प्रतिवादी योगबहादुर लामाको जिकिर मनासिब देखिन आएन ।

१०. वस्तुतः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीउपर रहने गरी विशेष व्यवस्था गरेको पाइन्छ । सो दफामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । सो ऐनको उक्त विशेष व्यवस्थाअनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेको प्रतिवादीले तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गराउन सक्नुपर्नेमा यी प्रतिवादीहरूले आफू निर्दोष रहेको तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन । ऐनको उक्त व्यवस्थाबमोजिम पीडितहरूको किटानी जाहेरी दरखास्त, प्रतिवादीहरूले मौकामा एक अर्कालाई पोल गरेको साबिती बयान, पीडित एवं जाहेरवालीहरूले जाहेरी व्यहोरा पुष्टि गर्दै अदालतमा आई गरेको बकपत्र र पीडितलाई साडीको व्यापार गर्न भारत लैजान लागेको कुरामा अदालतमा समेत साबित भई प्रतिवादीहरू सूर्यबहादुर तामाङ र बिनिता तामाङले बयान गरेको देखिएबाट निजहरूको अदालतको इन्कारी बयानबाट मात्र कसुरदार नभएको भन्न मिल्ने नदेखिँदा उक्त इन्कारी सफाइको आधारमा हुन सक्ने देखिएन । यस अवस्थामा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिमको सजाय गरी दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितहरूलाई क्षतिपूर्तिसमेत दिलाई दिन ठहराएको फैसला मनासिब देखिन आएको छ ।

११. तसर्थ उल्लिखित आधार एवं कारणसमेतबाट प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम जनही दश वर्ष कैद र रू.पचास हजार जरिवाना गरी दफा १७ बमोजिम प्रतिवादी सूर्यबहादुर तामाङ र बिनिता तामाङबाट पीडितहरूलाई रू.पचास हजार र प्रतिवादी योगबहादुर लामाबाट पीडितहरूलाई रू.पच्चिस हजार क्षतिपूर्तिसमेत भराई दिने ठहराएको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन । फैसलाको जानकारी थुनामा रहेका प्रतिवादीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

स.प्र.न्या.कल्याण श्रेष्ठ

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

फैसला मिति : २०७१।१२।११

निर्णय नं. ९८२४

भाग: ५९ साल: २०७४ महिना: असोज अंक: ६

फैसला मिति :२०७१/१२/११ ५५६५

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार ।

०६६-CR-०८४८

पुनरावेदक / प्रतिवादी : सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स., वडा नं.१ घर भई हाल कारागार कार्यालय, उदयपुरमा थुनामा रहेका खड्ग बहादुर दाहालका छोरा राजेश भन्ने भगीरथ दाहाल

विरूद्ध

प्रत्यर्थी / वादी : .....को जाहेरीले नेपाल सरकार

०६७-CR-०५२७

पुनरावेदक / प्रतिवादी : सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स., वडा नं.१ बस्ने खड्गबहादुर दाहालकी बुहारी भगीरथ दाहालकी पत्नी श्रीमती निर्मला राई दाहाल

विरूद्ध

प्रत्यर्थी / वादी : ..... को जाहेरीले नेपाल सरकार

०७०-CR-१३०४

पुनरावेदक / प्रतिवादी : .....को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स., वडा नं.१ बस्ने राजेश भन्ने भगीरथ दाहालको श्रीमती निर्मला राई दाहाल

फैसला

न्या. गोपाल पराजुली : पुनरावेदन अदालत, राजविराजको मिति २०६६।८।१० को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम वादी प्रतिवादीहरूको तर्फबाट यस अदालतमा बेग्लाबेग्लै पुनरावेदन पत्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ ।

१. .....को जाहेरी दरखास्त

अन्यायी मेरी भदैनी निर्मला राई मेरो घरमा आई फूपु तपाइँ कामको खोजीमा हुनुहुन्छ भन्ने सुन्नमा आयो । तपाइँ जस्तो महिलाले स्वदेशमा के काम गर्नुहुन्छ, विदेश कुवेतमा बेबि केयरमा जानु बच्चा हेर्ने काम मात्र गर्नुपर्छ, मासिक रू.२०,०००।- तलब हुन्छ जानुहुन्छ भने म मेरो श्रीमान राजेश भन्ने भगिरथ दाहालसँग कुरा गरी दिन्छु । वहाँको म्यान पावर कम्पनी इण्डियाको बम्बईमा छ, त्यहाँबाट सिधै दुबई, कतार, कुवेतलगायतका विभिन्न देशहरूमा रोजगारको लागि पठाउने काम गर्नुहुन्छ, कतिलाई विदेश पठाई सक्नु भएको छ भनी विभिन्न किसिमको प्रलोभन देखाई मिति ०६४।३।१५ गते बेलुका काठमाडौ पुर्‍याई अन्यायी भगिरथ दाहालले त्यहाँबाट काँकडभिट्टाको नाका हुँदै जल्पायगुढीमा लगेर राखी बाटो खर्चको लागि बोकेको अमेरिकन डलर रू.३०।- भा.रू.५००।- समेत अरूले चोर्छन भनेर झुक्याई मबाट पैसासमेत लिई रेलमा चढाएर बम्बईमा पुर्‍याएर १२-१५ दिनपछि तपाइँको कुवेतको भिषा आयो एयरपोर्टमा झर्ने बित्तिकै तपाइँको साहु आउँछन र काममा लगाई दिन्छन भनी मलाई पठाएकोमा कुवेत नभई साउदीमा उडाइएको रहेछ । साउदी अरबमा मलाई काम गरेबापतको कुनै तलब भत्तासमेत नदिएर वेश्यावृतिमा लगाइएको, इन्कार गर्दा गोरूलाई हिर्काए झै हिर्काएकाले ५ महिनापछि त्यस घरबाट भाग्न सफल भई सर सहयोगबाट नेपाल फर्किन सफल भएकोले अन्यायीलाई जीउ मास्ने बेच्ने मुद्दामा सजाय गरी पाउन जाहेरी दरखास्त साथ उपस्थित भएकी छु । निज अभियुक्तले मिलेमतो गरी मलाई २ वर्षका लागि बेचेर रकमसमेत लिइसकेको कुरा साउदीको घरधनीबाट थाहा भएकोले अन्यायीलाई पक्राउ गरी यस कार्यमा संलग्न अन्य अभियुक्तहरूलाई समेत खोज तलास गरी कानूनबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको .....को मिति २०६४।८।२ को जाहेरी दरखास्त ।

२. पीडित .....को बयान

मेरी भदैनी निर्मला राई मेरो घरमा आएर मेरो श्रीमान् राजेश भन्ने भगिरथ दाहालले मानिस विदेश पठाउने काम गर्नुहुन्छ बच्चा हेर्ने काम गरेमा महिनाको रू.२०,०००।- तलब हुन्छ । तपाईं विदेश जानुहोस म मेरो श्रीमान्लाई भनेर विदेश पठाई दिन्छु भनी प्रलोभन देखाई गएको केही दिन पछि भगिरथ दाहाल आएर सोही कुरा बताई रू.४०,०००।- मा कुवेत पठाई दिने ढुक्क गरेपछि एक हप्तापछि काठमाडौं जाँदा रू.४५,०००।- लाग्ने भयो इन्डियाबाट जानु पर्छ भनेपछि मेरो दाई भेष बहादुर राईले रूपैयाँ दिएपछि मेरो भदैनी पर्ने मन कुमारी राई र मलाई काँकडभिट्टा हुँदै रेल चढाएर बम्बईमा लगी १५ दिन जति राखे पछि भिसा आयो भनेर जहाज चढाएर साउदी अरबमा पठायो । साउदीको एयरपोर्टमा २ दिन बसेपछि साहु आएर आफ्नो घरमा लगी काममा लगाएको ३ दिनदेखि त्यस घरमा भएका २५-३० वर्षका ४ जना केटा मानिसहरूले मलाई पालै पालो जबरजस्ती छुरा देखाएर बलत्कार गरे मैले चिच्याएर कराउँदा कोही कसैले केही सहयोग गरेनन् । मैले त्यस घरको मेडमलाई भन्दा पनि केही सहयोग गरिनन् । मैले त्यहाँ काम गरेबापतको रूपैयाँ माग्दा तँलाई हामीले रू.२,००,०००।- मा किनेका हौं, तेरो सबै पैसा एजेन्टले लगि सकेको छ, तलब पाउँदिनस् भनेर बताए । यसरी प्रतिवादीहरूले मलाई कुवेतमा बच्चा हेर्ने काममा मासिक रू.२०,०००।- तलबमा लगाइदिने प्रलोभन देखाई साउदी अरवमा लगेर वेश्यावृत्तिमा लगाई रू.२,००,०००।- मा बेचेको हुँदा प्रतिवादीहरूलाई हदैसम्मको कारवाही होस भन्नेसमेत व्यहोराको पीडित ..... को मिति २०६४।८।२ को बयान मिति २०६४।८।३ मा उदयपुर जिल्ला अदालतबाट प्रमाणित भएको ।

३. प्रतिवादी राजेश भन्ने भगिरथ दाहालको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान

मिति २०६४ साल असार महिनामा पीडित ..... र निजको दिदी दक्षीसरा राई काठमाडौंको मेरो डेरामा आएर .....लाई विदेशमा पठाई दिनु पर्‌यो । हामीले रू.१०,०००।- ल्याएका छौं भनेकाले मैले रू.२०,०००।- लाग्छ भन्दा बम्बई पुगेर दिउँला भनी रू.१०,०००।- दिएपछि अर्की मनकुमारी राईका मानिसले पनि रू.२०,०००।- दिएपछि दुवै जनालाई मैले नेपालको कांकडभिट्टाको नाका हुँदै बम्बई लगेर साम्रिन मेनपावरको मार्फत कुवेत पठाउन लाग्दा ..... को मेडिकल फेल भएर कुवेत पठाउन नसकेपछि बम्बईमा १२ दिन बसेर साउदी भएपनि जाने भनेकीले साउदी अरबमा पठाएको हुँ । मैले मासिक रू.२०,०००।- तलब हुन्छ भनेको हैन । नेपाली रूपैयाँ लगभग रू.८,०००।- जति तलब हुन्छ भनेको हुँ । मैले जाहेरवालीलाई दुई लाख रूपैयाँमा बेचेको पनि होइन घरको काम गर्न भनेर पठाएको हुँ । मैले १० जना मानिसलाई विदेश पठाई सकेको छु, मसँग मानिस विदेश पठाउने लाइसेन्स छैन । निजलाई पठाएबापतको बाँकी रू.१०,०००।- मेरी सासुमार्फत मैले पछि पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजेश भन्ने भगिरथ दाहालको मिति २०६४।८।६ मा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

४. प्रतिवादी निर्मला राई दाहालको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान

२०६४ सालको जेष्ठ महिनाको अन्तिम तिर म मेरा श्रीमान राजेश भन्ने भगिरथ दाहालसँग काठमाडौंको डेरामा बसेका बेला जाहेरवाली ..... र निजको दिदी दक्षीसरा राईले मेरो मोबाइलमा फोन गरेर ज्वाईले विदेश पठाउने काम गर्नु भएको छ, छैन हामीलाई विदेश पठाई दिनु पर्‌यो भनेपछि मैले अहिलेसम्म त काम गर्दै हुनुहुन्छ भनेपछि मेरा श्रीमान् पनि आई पुग्नु भएकाले मैले फोन श्रीमान्लाई दिएँ त्यसपछि के के कुरा भयो मलाई थाहा भएन, त्यसको १५-२० दिनपछि ..... र दक्षिसरा राई दुवै जना मेरो डेरामा आएर हामीलाई भेटी श्रीमान्सँग विदेश जाने कुराकानी हुँदा नातामा राम्रो होस, राम्रो काम पायो भने म पनि जान्छु र अरू मानिस पनि ल्याउछु भनेर दक्षीसरा राईले भन्नुभयो । ..... र मनकुमारी राईलाई श्रीमान्ले बम्बई तिर लिएर जान लागे पछि मैले म आठ महिनाको गर्भवती छु अहिले नजानु भन्दा म छिट्टै पुर्‌याएर आउँछु भनेर जानु भएको थियो । २४-२५ दिनपछि श्रीमान् आउनु भएकोले उडाउनु भयो भनी सोध्दा फुपुको मेडिकल फेल भएर कुवेत नभई साउदी अरबमा उडाएँ भन्नुभयो । मैले निजको घरमा गएर रू.२०,०००।- तलब हुन्छ भनेर प्रलोभन देखाएकी होइन उनीहरूले नै फोन गरेर सोध्दा मेरा श्रीमान मानिस विदेश पठाउने काम गरी रहनु भएको छ भनेर भनी दिएको चाँही हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राई (दाहाल) को मिति २०६४।८।७ मा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

५. बुझिएका भेषबहादुर राईले गरिदिएको कागज

भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले मानिस विदेश पठाउने भएकोले म विदेश जानका लागि आएकी छु भनेर बहिनी ..... ले फोन गरेपछि मैले भगिरथ दाहाललाई भेटी कुराकानी हुँदा बच्चा हेर्ने काममा कुवेत पठाउँछु ४५,०००।- रूपैयाँ लाग्छ भनेकाले मैले रू.४५,०००।- दिई बहिनीलाई समेत टेलिफोन गर्नु भनेर भा.रू.५००।- अमेरिकन डलर रू.३० दिएपछि भगिरथले बहिनी ..... लाई लिएर बम्बई तिर गएका थिए । तिहारको समयमा बहिनी ..... आएकी छिन गणेश थानमा लिन जानु भनेर बालुबाटरबाट दिवस राईले फोन गरेकाले बहिनी ..... लाई कोठामा ल्याएर सोछपुछ गर्दा प्रतिवादी भगिरथ दाहालले .....लाई कुवेत नपठाई साउदी अरबमा पठाएको, साउदीमा काम गर्न लगाएकोमा घरमा ४ जना पुरूषले छुरी देखाई जबरजस्तीसँग बलत्कार गर्ने गरेकाले घर जान्छु भन्दा काम गर्ने गरेको घरको मानिसले तँलाई हामीले

रू.२,००,०००।- मा किनेको भनेका हुँदा भगिरथ दाहालले मलाई बेचेको रहेछ भन्ने कुरा थाहा पाई त्यहाँबाट भागी एक जना झापाको नेपाली दिदीलाई भेटी निजले नै सबै कुरा मिलाई नेपाल पठाई दिएको भनी बहिनीले भनेपछि सो कुरा घरमा फोन गरेर जानकारी गराउँदा दक्षीसरा पनि घरमा आई सकेको थाहा पाई घरमा आई दिदी बहिनीसँग सबै कुरा बुझदा भगिरथ दाहाल र निजकी श्रीमती निर्मला राई (दाहाल) ले प्रलोभन देखाई ..... र दक्षीसरासँग पैसा लिई कुवेतमा काममा लगाई दिन्छु भनी ..... लाई बेच्न सफल भएको र दक्षीसरालाई बेच्न बम्बईसम्म लगेको कुरा थाहा पाएको हुँ निजहरूलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको भेषबहादुर राईले मिति २०६४।८।१८ मा अनुसन्धान अधिकारीसमक्ष गरी दिएको कागज।

६. वस्तुस्थिति मुचुल्का कागज

..... वैदेशिक रोजगारको लागि कुवेत गएकी भन्ने कुरा थाहा पाएका थियौं। उनी पाँच महिना बसी विदेशबाट फर्किई आएकोमा भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले विदेशमा लगेर बेचेको कुरासमेत थाहा पाई .....सँग बुझ्दा महिनाको बिस हजार तलब हुन्छ बच्चा हेर्ने काम गर्नुपर्छ कुवेतमा जानुपर्छ भनी लगेकोमा कुवेत नलगी साउदी अरबमा लगेको, त्यहाँ काम गरेको ठाउँमा विभिन्न यातना दिई यौन सम्पर्क गर्ने गरेको, यौन सम्पर्क गर्न इन्कार गर्दा कुटपिट गर्ने गरेको र तँलाई तेरो एजेन्टले २ लाखमा बेची सकेको छ र २ वर्षसम्म काम गरेको तेरो पारिश्रमिक पाउँदिनस भनेकाले बेचिएकी रहिछे भनेर त्यहाँबाट भागि एक जना नेपाली दिदीको सहयोगले नेपाल फर्किएको हुँ भनेर पीडित ..... ले भनेको सुनेको हुँदा प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले .....लाई कुवेतमा बच्चा हेर्ने काममा लगाई दिने, बीस हजार मासिक तलब पाउने प्रलोभन देखाएर साउदी अरबमा लगेर बेचेकोमा विश्वास लाग्छ भन्नेसमेत एकै मिलान व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिसहरू तिर्थबहादुर राई, डिकबहादुर राई, शोभा राई, प्रतिक्षा राईसमेतले मिति २०६४।८।१८ मा गरिदिएको कागज।

७. अभियोग मागदाबी

मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले विभिन्न प्रलोभन देखाई कुवेतमा बच्चा हेर्ने काम लगाई दिन्छु भनी पीडित .....लाई झुक्याई साउदी अरब लगी रू.२ लाखमा बेची तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ३ र ४(क) को कसुर अपराध गरेको र उक्त कसुरलाई हाल बहाल रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ तथा ४ (१)(क) ले निरन्तरता दिएको हुँदा प्रतिवादीहरूलाई कसुर हुँदाका बखत प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम सजाय गरी ऐ.ऐनको दफा ८(५) बमोजिम थैलीको बिगोबमोजिम जरिवाना हुने व्यवस्थालाई हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) ले निरन्तरता दिएकोले सोही दफाबमोजिमको सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकारको तर्फबाट परेको मिति २०६४।८।२३ को अभियोग पत्र।

८. प्रतिवादी निर्मला राई दाहालले अदालतमा गरेको बयान

२०६४ साल जेष्ठ महिनामा फुपु दक्षीसरा राईले हामी काठमाडौं रहेको बेला फोनमा कुरा गरी मेरो श्रीमान्को मानिस विदेश पठाउने नपठाउने कामको सम्बन्धमा बुझ्नु हुँदा मैले विदेश पठाउँदै हुनुहुन्छ भनेपछि मेरो श्रीमानसँग फोनमा कुरा गर्नुभयो। त्यसपछि ०६४ साल असार महिनामा ..... र दक्षिसरा राई काठमाडौं मेरो कोठामा आई हप्ता दिन जति बसे म बिरामी भई सुतेकाले वहाँहरू बीच के के कुरा भयो मलाई थाहा भएन। दक्षीसरा राईले ..... लाई कुवेत पठाई दिनु भनेको र आफ्नो नातामा राम्रो होस, राम्रो काम पाए अरू मानिस पनि खोज्छु र म पनि जान्छु भनी मेरा श्रीमान्सँग भनेको सम्म सुनेको हुँ। मेरा श्रीमान् भगिरथ ..... र मन कुमारी हामी जान्छौं भनी हिँडेको र १२-१३ दिनपछि ..... र मनकुमारीलाई साउदी अरब पठाएँ भनी मेरा श्रीमान्ले फोन गर्नुभएको थियो र २४-२५ दिनपछि फर्की आउनु भएको हो। मैले जाहेरवालीलाई प्रलोभनमा पारी साउदी अरब लगी बेचेको होइन, जाहेरवालीको बयान र प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाई अनुसार जाहेरवालीलाई फकाई बिक्री गर्ने काम मैले नगरेको हुँदा अभियोग दाबीअनुसार सजाय हुने होइन सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राई (दाहाल) को मिति २०६४।८।२४ मा अदालतमा भएको बयान।

९. प्रतिवादी राजेश भन्ने भगिरथ दाहालले अदालतमा गरेको बयान

म श्रीमतीसँग काठमाडौंमा डेरा गरी बसी रहेकोमा गाईघाटबाट दक्षीसरा राईले ०६४ साल जेष्ठ अन्तिम तिर फोन गरी रोजगारीका लागि मानिस विदेश पठाउनुहुन्छ अरे मसँग १-२ जना मानिस छन भनी बोलाए पछि ७-८ दिनपछि दक्षीसरा राईको घरमा गई रू.२०,०००।- सम्ममा कुवेत पठाई दिने सम्बन्धमा कुरा भएपछि म आफ्नै वैदेशिक रोजगारीको काममा लागें। २०६४ असार ७-८ गतेतिर दक्षीसरा राई र ..... मेरो कोठामा आई करिब १ हप्ता मैरै कोठामा बसे। त्यसपछि बम्बई गई साम्रिन इन्टरनेशनल ओभरसिजमा मेडिकल गर्दा ..... को कुवेतका लागि पास नभएपछि साउदी अरब जान राजी भएपछि मैले साउदी अरब पठाई दिएको हो। मैले वैदेशिक रोजगारीका लागि मानिस पठाउने इजाजत पत्र लिएको छैन तैपनि विभिन्न कम्पनीबाट मानिस पठाउँछु। नेपालबाट

कुवेत जान महिलालाई अनुमति नभएकाले बम्बईबाट पठाएको हो । जाहेरीलगायतका प्रहरीमा कागज गर्ने मानिसहरूको व्यहोरा झुट्ठा हो । मैले जाहेरवालीलाई बिक्री गरेको नभई उनी स्वेच्छाले गएकीले अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको मिति २०६४।८।२५ मा अदालतसमक्ष भएको बयान ।

१०. उदयपुर जिल्ला अदालतबाट भएको थुनछेक आदेश

पीडितलाई नेपालबाट बम्वई लगी साउदी अरव लगेको भन्ने कुरामा प्रतिवादीहरू साबितै देखिँदा प्रस्तुत मुद्दामा पछि ठहरेबमोजिम हुने नै हुँदा हाल मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ८ बमोजिम निज प्रतिवादीहरू निर्मला राई दाहाल र भगिरथ दाहाललाई पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु भन्नेसमेत व्यहोराको उदयपुर जिल्ला अदालतका श्रेस्तेदारबाट मिति २०६४।८।२५ मा भएको आदेश जिल्ला न्यायाधीशबाट मिति २०६४।९।४ मा सदर भएको ।

११. प्रतिवादी निर्मला राई दाहालको साक्षी पृथ्वीबहादुर राईले अदालतमा गरेको बकपत्र

प्रतिवादी निर्मला राईले जाहेरवालीलाई फकाउने बेच्ने लैजाने र बेच्ने काम गरेको होइन । यस अगाडी पनि त्यस्तो काम गरेकी थिइनन भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राईको साक्षी पृथ्वीबहादुर राईले मिति २०६४।९।२३ मा अदालतमा गरेको बकपत्र ।

१२. प्रतिवादी भगिरथ दाहालको साक्षी दुर्गबहादुर राईले अदालतमा गरेको बकपत्र

प्रतिवादी भगिरथ दाहालले जाहेरवालीलाई बेचबिखन गरेको होइन जाहेरवाली राजिखुसीले नै विदेश गएकी हुन । जाहेरवाली सँगै गएको मेरी छोरी मन कुमारी राई हाल साउदी अरवमा काम गरी पैसा पठाई आएकी छिन । प्रतिवादी भगिरथ दाहालले जाहेरवालीलाई बेचेको नहुँदा कसुरदार होइनन र प्रतिवादीले सजाय पाउने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको साक्षी दुर्गबहादुर राईले मिति २०६४।९।२३ मा अदालतमा गरेको बकपत्र ।

१३. प्रतिवादीहरूको साक्षी हस्तबहादुर मगरले अदालतमा गरेको बकपत्र

प्रतिवादीहरू निर्मला राई दाहाल र भगिरथ दाहालले जाहेरवालीलाई बिक्री गरेको होइन छैन । ..... को जाहेरी झुट्ठा हो । प्रतिवादी भगिरथ दाहालले आफूसँग सम्पर्क भएको मेनपावरमार्फत मानिस पठाउने गरेको हुँदा बिक्री गरेको होइन । रोजगारीको लागि विदेश पठाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका साक्षी हस्तबहादुर मगरले मिति २०६४।९।२४ मा अदालतमा गरेको बकपत्र ।

१४. वस्तुस्थिति मुचुल्काका तिर्थबहादुर राई र डिकबहादुर राईले अदालतमा गरेको बकपत्र

मिति २०६४।८।१८ को वस्तुस्थिति मुचुल्कामा लेखाएको व्यहोरा र सहिछाप मेरै हो । जाहेरवाली ..... लाई प्रतिवादीहरू भगिरथ दाहाल समेतले बिक्री गरेको हो भन्नेसमेत एकै मिलान व्यहोराको वस्तुस्थिति मुचुल्काका तिर्थबहादुर राई र डिकबहादुर राईको मिति २०६५।५।८ मा अदालतमा भएको बकपत्र ।

१५. जाहेरवाली ..... ले अदालतमा गरेको बकपत्र

प्रतिवादीमध्येका निर्मला मेरै घरमा आएर फकाई महिनाको रू.२०,०००।- तलब हुन्छ भनी प्रलोभन देखाई कुवेत भनेर लगेको साउदीमा लगेर बेचेको हो भन्नेसमेत व्यहोराको आफ्नो जाहेरीलाई समर्थन गर्दै गरेको जाहेरवाली ..... को मिति २०६५।५।१० मा अदालतमा भएको बकपत्र ।

१६. उदयपुर जिल्ला अदालतबाट भएको फैसला

जाहेरवालीले आफूलाई प्रतिवादीले बिक्री गरेको भनेको र सो कुरा को खण्डन प्रतिवादीबाट विश्वसनिय ढंगले हुन सकेको समेत नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेनन् भन्न सकिने अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन आएन । तसर्थ प्रतिवादी राजेश कुमार दाहाल भन्ने भगिरथ दाहालले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई सोही ऐनको दफा ८(१) बमोजिम १२ वर्ष कैद र बिगोबमोजिम रू.२,००,०००।– दुई लाख जरिवाना हुने ठहर्छ । प्रतिवादी मध्येकी निर्मला राई (दाहाल) लाई सोही ऐनको दफा ४(घ) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम ३ वर्ष कैद हुने ठहर्छ भन्ने उदयपुर जिल्ला अदालतको फैसला ।

१७. प्रतिवादी भगिरथ दाहालको पुनरावेदन अदालत राजविराजमा परेको पुनरावेदन पत्र

जाहेरवालीको परस्पर बाझिएको भनाई, जाहेरवाली तथा अभिभावकको मन्जुरीबाट वैदेशिक रोजगारमा गएको स्पष्ट भई वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतको कार्यलाई बङ्ग्याई खारेज भइसकेको ऐनअनुसार मुद्दा दर्ता भई खारेजी ऐनअनुसार नै भएको फैसला र मुक्तक संस्थामा पुर्‌याउने महिलाको नाम थर हैसियतसमेत खुलाउन नसक्नु र मुक्तक भन्ने संस्था छ, छैन भए के कस्तो कार्य गर्दछ सो संस्थामा पुर्‌याउने महिलासमेत नबुझि नहुने प्रमाण भएको सो प्रमाण अनुसन्धानको सिलसिलामा बुझ्न नसक्नु तथा सम्मानित अदालतबाट चासो नदेखाउनु समेतबाट अमुक कुरा नाम उल्लेख भएबाट समेतका आधारहरूबाट म पुनरावेदक निर्दोष रहेको पुष्टि

भइरहेको अवस्थामा अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको उदयपुर जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको पुनरावेदन अदालत, राजविराजमा परेको मिति २०६६।१।२३ को पुनरावेदन पत्र।

१८. वादी नेपाल सरकारको पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन पत्र

प्रतिवादीहरू उपर जाहेरवालीको किटानी जाहेरी परेको र जाहेरी व्यहोरा समर्थित हुने गरी गरेको बयान अदालतबाट प्रमाणित भएको, त्यसै गरी वादी पक्षका डिकबहादुर राई र तिर्थबहादुर राईसमेतले यी प्रतिवादी निर्मला राई (दाहाल) समेतको संलग्नतामा यी पीडितलाई विदेशमा लगी बेचेको पुष्टि भइरहेको अवस्था छ भन्ने प्रस्तुत मुद्दामा कुनै स्वास्नी मानिसलाई निजको अभिभावक वा निजको नातेदारबाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्ने वा वेश्यावृतिमा लगाउने उद्देश्यले लगेको होइन भन्ने प्रमाण अभियुक्तले पुर्‍याउनु पर्ने तथा अदालतद्वारा प्रमाणित बयान झुट्ठा हो भन्ने प्रमाण पनि अभियुक्तले नै पुर्‍याउनुपर्ने कानूनी व्यवस्थासमेत रहेको अवस्थामा यी प्रतिवादीले आफूउपरको अभियोग खण्डन गर्नसमेत सकेको नदेखिँदा अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि भइरहेको अवस्थामा समानस्तरका अभियुक्त यी प्रतिवादीका पति भगिरथ दाहाललाई अभियोग दाबीबमोजिम नै सजाय भइसकेकोसमेतका आधारमा यी विपक्षी प्रतिवादी निर्मला राई (दाहाल) समेतलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्नेमा प्रतिवादी निर्मला राई (दाहाल) को हकमा कम सजाय गर्ने गरी भएको फैसलाको हदसम्म सुरू फैसला बदर गरी यी प्रतिवादीलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन।

१९. पुनरावेदन अदालत राजविराजबाट भएको फैसला

प्रतिवादी राजेश भन्ने भगिरथ दाहालले तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिम कसुर गरेको देखिँदा ऐनको दफा ८(१) बमोजिम १२ बाह्र वर्ष कैद र बिगोबमोजिम २,००,०००। दुई लाख जरिवाना तथा प्रतिवादी निर्मला राई (दाहाल) लाई सोही ऐनको दफा ४(घ) को कसुरमा दफा ८(४) बमोजिम ३ वर्ष कैद गर्ने ठहर्‍याएको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६५।९।२० को फैसला मनासिब नै देखिँदा सदर हुन्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।८।१० को फैसला।

२०. प्रतिवादी भगिरथ दाहालको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र

जाहेरवालीलाई निजको इच्छाअनुसार नै कानूनबमोजिम भिषा प्राप्त गरी विदेश पठाएको हो। निजले ४-५ महिना काम गरी घरमा पैसासमेत पठाएको निजसँगै गएकी मन कुमारी राईसमेतका व्यक्तिहरू अहिले पनि साउदीमा काम गरी रहेको निजले विदेशमा काम गर्न नसकेको वा काम नपाएको वा काम गर्न कठिनाई भएको वा विदेशी संस्था वा व्यक्तिले निजलाई राम्रो काम नदिएको वा निजलाई विदेशमा बस्ने इच्छा नभएको जुनसुकै मेरो कावुबाहिरको परिस्थितिका कारणले स्वदेश फर्की आएको भए तापनि उक्त विषयको रिस वा झोकमा वदला लिने भावनाले प्रेरित भई पुर्वाग्रह किसिमले निजले मलाई फसाउन दिएको जाहेरीको आधारमा वैदेशिक रोजगारको विषयमा आकर्षण नै नहुने साबिक जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को हाल प्रचलित मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन प्रयोग गरी लगाइएको अभियोगमा सजाय गरेको उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावदेन अदालत, राजविराजको फैसला नमिलेकाले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको मिति २०६७।३।२० मा यस अदालतमा परेको पुनरावेदन पत्र।

२१. प्रतिवादी निर्मला राई दाहालको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र

जाहेरवालीलाई म पुनरावेदक प्रतिवादीले विदेश पठाएको नभई निज आफ्नै राजिखुसीले मेरा श्रीमान भगिरथ दाहालसँग सहयोग मागी विदेश गएका हुन। निजले ४-५ महिना काम गरी घरमा पैसासमेत पठाएको निजसँगै गएकी मन कुमारी राईसमेतका व्यक्तिहरू अहिले पनि साउदीमा काम गरी रहेको निजले विदेशमा काम गर्न नसकेको वा काम नपाएको वा काम गर्न कठिनाई भएको वा विदेशी संस्था वा व्यक्तिले निजलाई राम्रो काम नदिएको वा निजलाई विदेशमा बस्ने इच्छा नभएको जुनसुकै मेरो कावुबाहिरको परिस्थितिका कारणले स्वदेश फर्की आएको भए तापनि उक्त विषयको रिस वा झोकमा वदला लिने भावनाले प्रेरित भई पुर्वाग्रह किसिमले निजले मलाई फसाउन दिएको जाहेरीको आधारमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन प्रयोग गरी लगाइएको अभियोगमा सजाय गरेको उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावदेन अदालत, राजविराको फैसला नमिलेकाले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राई दाहालको मिति २०६७।८।२६ मा यस अदालतमा परेको पुनरावेदन पत्र।

२२. वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र

प्रतिवादी निर्मला राई दाहाल उपर जाहेरवालीको किटानी जाहेरी परेको साथै उक्त जाहेरी दरखास्तलाई समर्थित हुने गरी अदालतसमक्ष

बकपत्र गरेको जाहेरवालीलाई विभिन्न प्रलोभनमा पारी फकाउने तथा उक्साउने काम गरी विदेश जान तत्पर बनाउने कार्यमा प्रतिवादी निर्मला राई दाहालको महत्त्वपूर्ण भूमिका रहेको मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको र प्रस्तुत मुद्दामा कुनै स्वास्नी मानिसलाई निजको अविभावक वा निजको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण पुर्‍याउने भार प्रतिवादीमा रहकोमा यी प्रतिवादीले आफूउपरको अभियोग खण्डन गर्नसमेत नसकी अभियोग दाबीबमोजिमको कसुर पुष्टि भइरहेको अवस्थामा समान स्तरका अभियुक्त भगिरथ दाहाललाई अभियोग दाबीबमोजिम सजाय भइसकेको आधारमा यी प्रतिवादी निर्मला राई दाहाललाई समेत सजाय हुनुपर्नेमा कम सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको मिति २०७०।१२।२१ को पुनरावेदन पत्र।

२३. यस अदालतबाट भएको विपक्षी झिकाउने आदेश

वैदेशिक रोजगारको सिलसिलामा जाहेरवालीलाई कुवेत पठाउन नसकेपछि साउदी अरेविया पठाएको भन्ने प्रतिवादी भगिरथ दाहालको बयानबाट देखिन्छ। आफूलाई वैदेशिक रोजगारको लागि साउदी अरेविया पठाएको र घरायसी काम गरी बस्दा सोही घरका मानिसले बलात्कार गरेको भन्ने जाहेरवालीको मौकाको बयानबाट देखिन्छ। वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेविया पठाएको र गएको कुरामा मुख मिलेको अवस्थामा सो कार्यमा मानव बेचबिखन तथा ओसार पसारको कसुरअन्तर्गत पर्ने वा नपर्ने भन्ने प्रश्न अन्तरनिहित रहेको देखिई पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने देखिएकोले अ.बं.२०२ नं.बमोजिम छलफलको निमित्त महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने व्यहोराको यस अदालतबाट भएको मिति २०६९।३।२७ को आदेश।

नियमबमोजिम निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता भोजेन्द्रबहादुर खत्रीले वैदेशिक रोजगार ऐनअन्तर्गतको कार्य सोही ऐनअन्तर्गत कारवाही हुनुपर्ने हो। मेरो पक्षले पीडितलाई छाडेर अलपत्र पारेको अवस्था होइन। मेरो पक्षले जाहेरवालीलाई निजले इच्छा गरेको देशमा वैदेशिक रोजगारीका लागि जानको निमित्त आवश्यक सहयोग गरेकोसम्म हो। ने.का.प. २०३४ नि.नं. १०५१ पृष्ठ-१६ मा अपराध मा साबित हुनु र तथ्यमा साबिक हुनु फरक कुरा हो भनी सिद्धान्त प्रतिपादित भइरहेको स्थितिमा कसुरदार ठहर गरेको फैसला नमिलेकोले मेरो पक्षलाई अभियोग माग दाबीबाट फुर्सद दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनालले जाहेरवालीलाई ललाई फकाई गरी मेरो श्रीमान् विदेश पठाउने काम गर्नु हुन्छ, महिनाको तलब रू.२०,०००/- पाइन्छ, बेबी केयरमा काम गर्न पाइन्छ भनी प्रलोभनमा पारी झुक्याई कुवेत पठाई दिने भनी साउदी अरब पठाई बलात्कारमा परि विभिन्न यातना खपी बलात्कृत हुन परेको स्थिति देखिन्छ। निज प्रतिवादी निर्मलाकै उक्साहट, फकाईमा परि विदेश जान बाध्य पारेको स्थितिमा प्रतिवादी निर्मला राई दाहाललाई समेत भगिरथ दाहाल समान सजाय हुनुपर्नेमा कम सजाय गरेको फैसला उल्टि गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा तपाईं कुवेतको बेबी केयरमा काम गर्न जानुभयो भने रू.२०,०००/- तलब हुन्छ र काम पनि सजिलो हुन्छ। विदेश पठाउन मेरो श्रीमान्को बम्बईमा म्यान पावर कम्पनी छ त्यहाँबाट सिधै पठाउनु हुन्छ भनी भनेकोमा मैले म नेपालबाटै विदेश जान्छु भन्दा नेपालबाट बढी समय लाग्छ भनी बम्बई पुर्‍याई १२/१५ दिन पछि तपाईंको भिसा लाग्यो एयरपोर्टमा पुर्‍याई झर्ने बित्तिकै बेबी केयर सेन्टरको साहु आई पुग्छन भनेकोमा मलाई कुवेतको सट्टा साउदी उडाई साउदी अरब पुगी २ दिनसम्म भोकै बसेपछि बेबी केयरको लागि लिन आएको मानिसले मलाई लिई गई खान पिउन बस्नसमेत नदिई बलपूर्वक वेश्यावृत्ति गर्न बाध्य पारी सो कार्य गर्न नमान्दा शारीरिक पाशविक यातना दिइरहेको अवस्थामा ५ महिना जति बसे पश्चात बन्द पर्खाल गेटबाट लुकी भागी शहरमा भौतारिई रहेको अवस्थामा त्यही शहरमा काम गर्ने नाम थाहा नभएको महिलासँग गुहार गरी वहाँले सरसहयोग बटुली हवाई टिकट काटी नेपाल फर्काई सहयोग गरेकी हुन्। मलाई २ वर्षका लागि बेचेर रकमसमेत लिई सकेको कुरा साउदीको घरधनीबाट थाहा भएकाले प्रचलित कानूनबमोजिम अभियुक्तहरूलाई कारवाही गरी मेरो शारीरिक तथा मानसिक यातनाका कारण स्वास्थ्यको अवस्थासमेत नाजुक भइसकेकाले स्वास्थ्य उपचारको साथै, विदेश जाँदा लागेको खर्च रू.४५,०००/- र विदेशमा काम गर्दा मासिक रू.२० हजार नपाएकाले ५ महिनाको रू.१ लाखसमेत दिलाई भराई पाउँ भन्ने ..... को जाहेरी देखिन्छ।

जाहेरवालीले अनुसन्धान अधिकारीसमक्ष गरेको अदालतद्वारा प्रमाणित बयानमा समेत जाहेरीमा जस्तै मलाई भदैनी नाताकी निर्मला राई मेरो श्रीमान्ले विदेश पठाउनु हुन्छ बच्चा हेर्ने काम गर्नुपर्छ महिनाको रू.२०,०००/- तलब हुन्छ विदेश जानुहोस भनी प्रलोभन देखाई रू.४०,०००/- मा पठाइ दिने ढुक्क गरेपछि एक हप्ता पछि काठमाडौं जाँदा रू.४५,०००/- लाग्ने भयो इण्डियाबाट जानुपर्छ भनेपछि मसँगै गएका दाईले पैसा दिएपछि मनकुमारी राई र मलाई रेल चढाएर बम्बई लगे पछि १५ दिन जति पछी साउदी अरब पठाइयो। साउदीको एयरपोर्टमा २ दिन बसेपछि मालिक आएर लगे पछि १ महिना ९ दिनसम्म राखेर घरको सरसफाई गर्ने कपडा धुने,

ट्वाइलेट सफा गर्ने काम लगायो । काम गर्न थालेको ३ दिन पछि त्यही घरमा भएका चार भाई २५/३० वर्षका मानिसले जबरजस्तीसँग बलत्कार गर्न खोजे पछि मैले इन्कार गर्दा मलाई छुरी देखाई डर, त्रास देखाए पछि मैले चिच्याएर कराउँदा कोही कसैले सहयोग गरेनन चारै जनाले पालै पालोसँग बलत्कार गरेरै छाडे । त्यसपछि पनि पटकपटक बलत्कार गरी रहेकाले मैले त्यस घरमा मेडमलाई भन्दा कुनै वास्ता गरिनन् । एक महिना ९ दिनपछि मलाई त्यहाँबाट मेडमको घरमा ल्याइयो । मेडमको घरमा बस्दा कसैले बलत्कार गरेन । फेरि पहिलेकै ठाउँमा लगे त्यहाँ फेरि बलत्कार गरी नै रहे ।

२०६४ सालको कार्तिक २२/२३ गते तिर म बसेको घर मालिक र मालिकनी दुवैजना आफ्ना बच्चा लिएर स्कुल गएको अवस्थामा त्यहाँबाट भागेर एक जना दिदीलाई भेटी सबै कुरा बताएपछि सो दिदीले आफूसँग ३ दिन राखी अरेवीयनहरूसँग कुराकानी गरी मेरो पासपोर्ट झिकाई हवाई टिकट मिलाई दिएकीले कार्तिक २७ गते काठमाडौं आएपछि २८ गते घर आएको हो भनी बयान गरेको पाइयो ।

प्रतिवादी भगिरथ दाहालले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा मिति २०६४ साल असार महिनामा पीडित ..... र निजको दिदी दक्षीसरा राई काठमाडौंको मेरो डेरामा आएर ..... लाई विदेशमा पठाई दिनु पर्‌यो । हामीले रू.१०,०००।- ल्याएका छौं भनेकाले मैले रू.२०,०००।- लाग्छ भन्दा बम्बई पुगेर दिउँला भनी रू.१०,०००।- दिएपछि अर्की मनकुमारी राईका मानिसले पनि रू.२०,०००।- दिएपछि दुवै जनालाई मैले नेपालको काँकडभिट्टाको नाका हुँदै बम्बई लगेर साम्रिन मेनपावरको मार्फत कुवेत पठाउन लाग्दा ..... को मेडिकल फेल भएर कुवेत पठाउन नसकेपछि बम्बईमा १२ दिन बसेर साउदी भएपनि जाने भनेकीले साउदी अरबमा पठाएको हुँ । मैले मासिक रू.२०,०००।- तलब हुन्छ भनेको हैन । नेपाली रूपैयाँ लगभग रू.८,०००।- जति तलब हुन्छ भनेको हुँ । मैले जाहेरवालीलाई दुई लाख रूपैयाँमा बेचेको पनि होइन घरको काम गर्न भनेर पठाएको हुँ । मैले १० जना मानिसलाई विदेश पठाई सकेको छु, मसँग मानिस विदेश पठाउने लाइसेन्स छैन । निजलाई पठाएबापतको बाँकी रू.१०,०००।- मेरी सासुमार्फत मैले पछि पाएको हुँ भनी बताएको देखिन्छ ।

अर्का प्रतिवादी निर्मला राई दाहालको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा २०६४ सालको जेष्ठ महिनाको अन्तिम तिर म मेरा श्रीमान् राजेश भन्ने भगिरथ दाहालसँग काठमाडौंको डेरामा बसेका बेला जाहेरवाली ..... र निजको दिदी दक्षीसरा राईले मेरो मोबाइलमा फोन गरेर हामीलाई विदेश पठाई दिनु पर्‌यो भनेपछि मैले फोन श्रीमानलाई दिएँ त्यसपछि के के कुरा भयो मलाई थाहा भएन, त्यसको १५-२० दिनपछि ..... र दक्षिसरा राई दुवै जना मेरो डेरामा आएर हामीलाई भेटी श्रीमान्सँग विदेश जाने कुराकानी हुँदा नातामा राम्रो होस, राम्रो काम पायो भने म पनि जान्छु र अरू मानिस पनि ल्याउछु भनेर दक्षीसरा राईले भन्नुभयो । ..... र मनकुमारी राईलाई श्रीमान्ले बम्बई तिर लिएर जान लागे पछि मैले म आठ महिनाको गर्भवती छु अहिले नजानु भन्दा म छिट्टै पुर्‌याएर आउँछु भनेर जानु भएको थियो । २४-२५ दिनपछि श्रीमान् आउनु भएकोले उडाउनु भयो भनी सोध्दा फुपुको मेडिकल फेल भएर कुवेत नभई साउदी अरबमा उडाएँ भन्नु भयो । मैले निजको घरमा गएर रू.२०,०००।- तलब हुन्छ भनेर प्रलोभन देखाएकी होइन उनीहरूले नै फोन गरेर सोध्दा मेरा श्रीमान् मानिस विदेश पठाउने काम गरी रहनु भएको छ भनेर भनी दिएको चाँही हुँ भनी बताएको देखिन्छ ।

बुझिएका भेषबहादुर राईले गरी दिएको कागजमा भगिरथ दाहाललाई मैले रू.४५,०००/- दिई बहिनीलाई समेत टेलिफोन गर्नु भनेर भा.रू.५००/- अमेरिकन डलर रू.३०/- दिएपछि भगिरथले ..... लाई लिएर बम्बई गएका थिए । पछि बहिनी आएपछि सोधपुछ गर्दा प्रतिवादीले बहिनीलाई कुवेत नपठाई साउदी अरबमा पठाएको, त्यहाँ बलत्कारमा परेको, रू.२ लाखमा तँलाई हामीले किनेको भनेको हुँदा भगिरथ दाहालले मलाई बेचेको रहेछ भन्ने कुरा थाहा पाई भागेर एक जना दिदीले व्यवस्था गरी नेपाल पठाई दिएको भनी बहिनीले बताएको तथा दक्षीसरा भने बम्बईबाट फर्केर आएको हुँदा प्रतिवादीहरूले बेच्न लगेको थाहा पाएको हुँ भनी अनुसन्धान अधिकारीसमक्ष कागज गरी दिएको देखिन्छ ।

वस्तु स्थिति मुचुल्काका तिर्थबहादुर राई, डिकबहादुर राई, शोभा राई, प्रतिक्षा राईसमेतले गरी दिएको कागजमा कुवेतमा बच्चा हेर्ने काम गर्नुपर्छ महिनाको बीस हजार तलब हुन्छ भनी लगेकोमा कुवेत नलगी साउदी लगी काम गर्ने ठाउँमा विभिन्न यातनाका साथै यौन सम्पर्क गर्न बाध्यसमेत पारी रू.२ लाखमा २ वर्षका लागि बेचेको भनी घर मालिकले भनेको र विभिन्न यातना सही एकजना नेपाली दिदीको सहयोगमा नेपाल फर्किएको भनेर पीडित .....ले भनेका सुनेकाले प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राईले .....लाई कुवेतमा बच्चा हेर्ने काममा लगाई दिने, २०,०००/- मासिक तलब हुने भनी लगेर बेचेकोमा विश्वास लाग्छ भनी गरिदिएको एकै व्यहोराको वस्तुस्थिति मुचुल्का रहेको देखियो । प्रस्तुत मुद्दामा प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले विभिन्न प्रलोभन देखाई कुवेतमा बच्चा हेर्ने काम लगाई दिन्छु भनी पीडित .....लाई झुक्याई साउदी अरब लगी रू.२ लाखमा बेची तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ३ र ४(क) को कसुर अपराध गरेको र उक्त कसुरलाई हाल बहाल रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ को दफा ३ तथा ४ (१) (क) ले निरन्तरता दिएको हुँदा प्रतिवादीहरूलाई कसुर हुँदाका बखत प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम सजाय गरी ऐ.ऐनको दफा ८(५) बमोजिम थैलीको बिगोबमोजिम जरिवाना हुने व्यवस्थालाई हाल प्रचलनमा

रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(क) ले निरन्तरता दिएकोले सोही दफाबमोजिमको सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी रहेको देखिन्छ ।

सुरू अदालतबाट भएको फैसलामा प्रतिवादी राजेशकुमार दाहाल भन्ने भगिरथ दाहालले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई सोही ऐनको दफा ८(१) बमोजिम १२ वर्ष कैद र बिगोबमोजिम रू.२,००,०००।– दुई लाख जरिवाना हुने ठहर्छ । प्रतिवादीमध्येकी निर्मला राई (दाहाल) लाई सोही ऐनको दफा ४(घ) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम ३ वर्ष कैद हुने ठहराई फैसला भएकोमा सो फैसला उपर पुनरावेदन परेकोमा पुनरावेदन अदालत, राजविराजबाट सुरू सदर हुने ठहराई फैसला गरेकोमा चित्त नबुझाई प्रतिवादी राजेश भन्ने भगिरथ दाहाल र निर्मला राईले बेच्ने बेचाउने, ललाई फकाई गर्ने कार्य नगरि वैदेशिक रोजगारीमा पठाउनेसम्म कार्य गरेको हुँदा हामीलाई दिइएको सजाँयबाट फुर्सद गराई पाउँ भनी छुट्टाछुट्टै पुनरावेदन गरेको देखिन्छ भने वादी नेपाल सरकारका तर्फबाट भगिरथ दाहाललाई कसुर पुष्टि भई अभियोग माग दाबीबमोजिम सजाय भएको स्थितिमा अर्का प्रतिवादी निर्मला राईलाई ३ वर्ष मात्र कैद सजाय हुने ठहर गरी गरेको फैसला नमिलेकाले उल्टि गरी निज प्रतिवादी निर्मला राई दाहाल समेतलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी नेपाल सकारको तर्फबाट पुनरावेदन पर्न आएको देखियो ।

यस अदालतबाट विपक्षी झिकाउने आदेशमा वैदेशिक रोजगारको सिलसिलामा जाहेरवालीलाई कुवेत पठाउन नसकेपछि साउदी अरब पठाएको भन्ने प्रतिवादी भगिरथ दाहालको बयानबाट देखिन्छ । आफूलाई वैदेशिक रोजगारको लागि साउदी अरेविया पठाएको र घरायसी काम गरी बस्दा सोही घरका मानिसले बलात्कार गरेको भन्ने जाहेरवालीको मौकाको बयानबाट देखिन्छ । वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेविया पठाएको र गएको कुरामा मुख मिलेको अवस्थामा सो कार्यमा मानव बेचबिखन तथा ओसार पसारको कसुरअन्तर्गत पर्ने वा नपर्ने भन्ने प्रश्न अन्तरनिहित रहेको देखिई पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने देखिएकोले भनी भएको आदेशसमेतको अध्ययन गरियो ।

२. निर्णयतर्फ विचार गर्दा, कुवेतमा बेबी केयरमा काममा लगाई दिने भनी बम्बई लगेपछि बम्बइमै केही दिन राखेर कुवेत नपठाई साउदी अरव उडाएको कुरामा प्रतिवादी साबित देखिन्छन् । यसरी उदयपुर जलजलेबाट काँकडभिट्टा हुँदै बम्बईसम्म पुर्‌याई त्यहाँबाट साउदी पठाएको कुरामा प्रतिवादीको समेत मुख मिलेको देखिँदा जाहेरवालीलाई प्रतिवादीले बम्बईबाट साउदी पठाएको तथ्य शंकारहित तवरवाट स्थापित हुन आयो ।

३. जाहेरवालीले साउदी अरबबाट फर्केपछि दिएको जाहेरी, जाहेरी अनुरूपकै अनुसन्धान अधिकारीसमक्ष गरिएको अदालतबाट प्रमाणित बयान र अदालतमा आएर गरेको बकपत्रसमेतबाट आफूलाई कुवेत पठाउन लगिएकोमा साउदी पुर्‌याइएको २ दिनसम्म एयरपोर्ट मै बस्नु परेको २ दिन पछि घर मालिक आएर घरमा लगेको घरमा गएको २, ३ दिन पछि ४ जना युवाहरूबाट लगातार यौन शोषणमा परेको भनेर लेखाई दिएको पाइन्छ । एक महिलाले आफ्नो इज्जतमा धावा बोलेको कुरालाई सामाजिक चुनौती मोलेर जाहेरी, अनुसन्धानको बयान र अदालतको बकपत्रसमेतमा आफूले भोगेको पीडा उल्लेख गरी व्यक्त गरेको अवस्था देखिन्छ । जिउ मास्ने बेच्ने नियन्त्रण ऐन, २०४३ को दफा ७ (१) ले प्रमाणको भार प्रतिवादीमा रहने भन्ने व्यवस्था गरेको हुँदा सोअनुसार प्रतिवादीले आफू निर्दोष भएको कुराको तथ्य र प्रमाणले पुष्टि गराउन सक्नु पर्दछ । जीउ मास्ने बेच्ने जस्तो मुद्दामा प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक पीडित जाहेरवालीको भनाईलाई विश्वास प्रद मान्नु पर्ने हुन्छ भनी ने.का.प. २०५४ मा सिद्धान्त प्रतिपादित भएको देखिन्छ ।

४. बिना आधार जाहेरी दिएको कुराको तथ्ययुक्त, वस्तुनिष्ठ प्रमाण प्रतिवादीले पेस गर्न सक्नु पर्दछ । जलजलेबाट काँकडभिट्टा हुँदै बम्बई पुर्‌याएको बम्बईबाट साउदी उडाएको तथ्यमा साबित हुँदाहुँदै गोश्वाराूपमा निर्दोष छु भनेको कारणले मात्र प्रतिवादीले सफाई पाउने स्थिति रहँदैन । तथ्य स्थापित भई साउदीमा पुर्‌याई यौन शोषणमा परेको स्थितिमा जाहेरवालीले बिना आधार रिसइवी आदि मात्र कारणले प्रतिवादी विरूद्ध जाहेरी दिइन भनी मान्न नसकिने । ने. का. प. २०४७ वाङछेन लामाको मुद्दामा जाहेरवाला तथा पीडितले झुट्टा पोल गर्नुपर्ने कारण देखाउन सक्नुपर्ने भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । त्यस्तै पीडित व्यक्तिको कथन अदालतबाट प्रमाणित भएपछि प्रमाणमा ग्राह्य हुने विशेष कानूनी व्यवस्था रहेकोमा त्यस्तो प्रमाण खण्डन गर्न प्रतिवादीले ठोस प्रमाण प्रस्तुत गर्नुपर्ने भन्ने गणेश प्रकाश खतिवडाको मुद्दामा सिद्धान्तसमेत प्रतिपादन भएको स्थितिमा पीडितको भनाईलाई निज प्रतिवादीले स्पष्टरूपमा खण्डन गर्न सकेको देखिँदैन ।

५. पुनरावेदक प्रतिवादी भगिरथ दाहालले आफूले वैदेशिक रोजगारमा पठाएको तर मुद्दा जीउ मास्ने बेच्नेअन्तर्गत चलेको भन्ने आधार पुनरावेदन जिकिरमा लिएको तथा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा पनि सोही वैदेशिक रोजगार सम्बन्धि पृष्ठभूमिमा आदेश भएको देखिँदा सो सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दामा पीडितलाई भएको शोषण, प्रतिवादीले स्वदेशबाटै वैधानिक निकायबाट पठाएको नदेखिएको तथा निज वैदेशिक रोजगारसम्बन्धी आधिकारिक व्यक्ति नभई निजको कार्य जीउ मास्ने बेच्ने

ऐनले स्पष्ट परिभाषित कसुर भएको हुँदा प्रतिवादीको जिकिर तथा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा उल्लिखित वैदेशिक रोजगार ऐन आकर्षित हुने देखिँदैन । कसुर र तथ्य दुवै स्थापित भएको स्थितिमा तथ्यमा साबित हुनु र कसुरमा साबित हुनु फरक हो भनी ने.का.प. २०३४ तथा अन्य नजिरहरू पेस गरेपनि प्रस्तुत मुद्दाका सन्दर्भमा सान्दर्भिक हुन आएको देखिएन ।

६. मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्त्वहरू देखिन्छन् । यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन् । परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित गर्न सकिन्छ ।

७. प्रतिवादीलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८ (१) बमोजिम १२ वर्ष कैद सजाय गरेको तर्फ विचार गर्दा निजले गरेको कसुरमा निजको संलग्नता दिल्लीबाट कुवेत नपठाई साउदी अरवमा पठाएको कुरामा प्रतिवादीले साबित भई गरेको बयानसमेतको आधारलाई दृष्टिगत गर्दा निजलाई १२ वर्षभन्दा १० वर्ष कैद सजाय गर्न उपयुक्त देखिँदा प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई सोही दफाबमोजिम १० वर्षमात्र कैद सजाय गर्दा मनासिब हुने देखिन आयो ।

८. अर्का प्रतिवादी निर्मला राईलाई भगिरथ दाहाललाई अभियोग दाबीबमोजिम सजाय भई कसुर स्थापित भएकोमा निर्मलालाई कम सजाय गरे उपर नेपाल सरकारले गरेको पुनरावेदन सन्दर्भमा निर्मलाको संलग्नता मेरो श्रीमान्ले विदेश पठाउने कार्य गर्छन भनी सहयोगीको सम्म भूमिका निर्वाह गरेको देखिँदा निर्मला राईको भूमिका Accessory offender को रूपमा देखिई निजलाई सुरू अदालतबाट भएको सजाय परिवर्तन गर्नुपर्ने कुनै आधार देखिन आएन ।

९. पुनरावेदक प्रतिवादी निर्मलाको पुनरावेदन सन्दर्भमा हेर्दा, निर्मलाले सुरू फैसलामा चित्त बुझाई पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गरेको देखिएन । पुनरावेदन गर्न नसकी चित्त बुझाई बसेकी निर्मला उपर निजलाई प्रतिवादी भगीरथ सरह नै सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन परेकोमा सुरू अदालतलकै फैसला मनासिब ठहर्याई पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको पाइयो । यस अवस्थामा सुरू अदालतको फैसला उपर पुनरावेदन नगरी बसेकी यी प्रतिवादी निर्मलाले सुरू फैसला सदर गरेको पुनरावेदनको फैसला उपर यस अदालतमा दिनु भएको पुनरावेदन न्यायको रोहमा ग्रहण योग्य देखिन आउँदैन ।

१०. उदयपुरबाट बम्बई पुगी कुवेत पठाउने भनी साउदी अरब पठाइएकोमा साउदीमा अमानवीय पाशवीक तवरले खेपेको यातनाको मूल्य जति भए पनि कम नै हुन जान्छ । साउदीमा जाहेरवालीले व्यक्त गरेअनुसारको यातना मानवीय संस्कार भन्दा वाहिरको नै हो । यस्तो यातना आउँदा दिनहरूमा अरूले नपाउन विदेश जाँदा सुरक्षित, सजिलो काम पाउने तथा कानूनी आधार पूरा गरेर मात्र जानु वाञ्छनीय हुन जान्छ । समाजले विदेशमा गएका चेलीहरूको अवस्था बुझ्न सके यस्ता घटनाहरू नदोहोरिने तथा वैदेशिक रोजगारीको नाममा हुने मानव बेचबिखन तथा ओसार पसारको अन्त्यको लागि वैदेशिक रोजगारीसम्बन्धी, वास्तविक सूचना एवं जानकारी सरोकारवालाले प्राप्त गर्नु महत्त्वपूर्ण हुन जान्छ ।

११. देशको फौजदारी कानूनले प्रतिवादीलाई जतिसुकै जेल सजाय वा दण्ड दिएपनि पीडित महिलाको जीवन सामाजिक सोच र व्यवहारले गर्दा सदा पीडामा नै रहन जाने र पीडितले न्याय पाएको अनुभूत गर्न नसक्ने स्थिति सिर्जना हुन जाने हुँदा यस्ता अति संवेदनशील पीडितको जीवनसँग सम्बन्धित मुद्दाहरूका सन्दर्भमा अभियोजन एवं अनुसन्धान पक्ष सँधै सजग, सचेत र समझरूपले पीडित राहत मुखी बन्नु उपयुक्त हुन जान्छ ।

१२. मानवीय जीवनको sanctity लाई बचाउन तथा यसलाई अझ मूल्यवान् बनाउन राज्यको ठूलो भूमिका रहन्छ । व्यक्तिको अस्तित्व अझ ओजपूर्ण बनाउन र पीडितले समाजमा आफूलाई सम्मानपूर्वक बाँच्ने स्थिति हुनका लागि राज्यका हरेक अंगहरू र समाजसमेत समझ सचेत र सक्षम हुनुपर्छ । पीडितको राहतको निमित्त कानून निर्माता, कानूनका व्याख्याता, कानूनका कार्यान्वयनकर्ता तथा न्यायका उपभोक्ताहरू समेत पीडितमुखी हुन जरूरी देखिन्छ ।

१३. पीडितलाई एकातिर छाडेर अपराधीको पछाडि मात्र हिँडेर फौजदारी न्यायको मक्सद पूरा हुन सक्दैन । पीडितले पनि न्यायको अनुभूति गर्न सकेमा त्यस्तो कानून प्रणाली सक्षम र सफल मान्न सकिन्छ । जुन पीडित राहतशास्त्रको अवधारणाबाट अगाडि बढन जरूरी देखिन आउँछ । पीडित राहतशास्त्र (Victimology) शब्दको पहिलो पटक प्रयोग रोमानियन (Romanian) वकिल Beniamin Mendelsohn ले सन् १९४७ मा गरेका थिए । उनैले पीडित राहतशास्त्रको अवधारणालाई विज्ञानको रूपमा "victimity" को विकास गरेका थिए । यीनै वकिलको अवधारणाबाट पीडित राहतशास्त्रले औपचारिक विधाको रूपमा जन्म लिएको देखिन्छ । उनले पीडितहरू निकै निर्दोष, सम्मान गुमाएका तथा राज्य प्रणालीबाट abused रहेको पहिचान गरेका थिए ।

१४. Victimology is an academic scientific discipline which studies data that describes phenomena and causal relationships related to victimizations. This includes events leading to the victimization, the victim's experience, its aftermath and the actions taken by society in response to these victimizations.

Therefore, victimology includes the study of the precursors, vulnerabilities, events, impacts, recoveries, and responses by people, organizations and cultures related to victimizations. पीडित राहतशास्त्रको परिभाषामा victimology is the study of victimization including the relationships between victims and offenders. It is interaction between victims and criminal justice system संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले पहिलो पटक Victim Impact Information सन् १९८७ मा Booth v Maryland को मुद्दामा गरेको पाइन्छ । यो मुद्दाबाट Victim Impact Statements को सुरूवात गरिएको थियो । जसले पीडितको व्यक्तिगत विशेषताको पहिचान एवं व्याख्या तथा अपराधको संवेगात्मक प्रभावको वारेमा विश्लेषण गरिन थालेको थियो । त्यसैगरि Payne v. Tennessee को मुद्दामा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले सजाय गर्नुपूर्व Victim Impact Statement गरेको पाइन्छ । Payne v. Tennessee मुद्दामा अदालतले यसको औचित्यतामा Victim impact evidence is simply another form or method of informing the sentencing authority about the specific harm caused by the crime in question, evidence of a general type long considered by sentencing authorities भनी व्याख्या गरेको पाइन्छ । Victim Impact Statements मा पीडितलाई हुन पुगेको भौतिक क्षति, पीडितलाई हुन पुगेको मानसिक क्षति, पीडितलाई भएको आर्थिक क्षति, पीडित तथा पीडितको परिवारलाई आवश्यक परेको मेडिकल तथा मनोवैज्ञानिक उपचारको स्थिति, अदालतको आदेशद्वारा प्रतिवादीबाट पीडितलाई अपराधको स्थति अनुसार भराउनु पर्ने खर्च, पीडितको अपराध तथा प्रतिवादी प्रतिको विचार वा प्रतिकृया, प्रतिवादीलाई गरिनु पर्ने सजायको बारेमा पीडितको विचार आदि समेतको अध्ययन विश्लेषण गर्ने गरिन्छ ।

१५. संयुक्त राज्य अमेरिकामा Crime Victims' Rights Act, 2004. 18 U.S.C. § 3771 मा पीडितका अधिकारहरूलाई यसरी व्यवस्थित गरेको देख्न सकिन्छ ।

The right to be reasonably protected from the accused.
The right to reasonable, accurate, and timely notice of any public court proceeding, or any parole proceeding, involving the crime or of any release or escape of the accused.
The right not to be excluded from any such public court proceeding, unless the court, after receiving clear and convincing evidence, determines that testimony by the victim would be materially altered if the victim heard other testimony at that proceeding.
The right to be reasonably heard at any public proceeding in the district court involving release, plea, sentencing, or any parole proceeding.
The reasonable right to confer with the attorney for the Government in the case.
The right to full and timely restitution as provided in law.
The right to proceedings free from unreasonable delay.
The right to be treated with fairness and with respect for the victim's dignity and privacy.

१६. यसका साथै अरू देशहरूले समेत पीडितको अधिकारलाई व्यवस्थित गर्न कानूनहरू लागू गरेको देखिन्छ । नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिहरूले व्यक्तिको जीवनको अधिकारलाई संरक्षण गर्न जोड दिएको पाइन्छ । International Covenant on Civil and Political Rights, १९६६ को धारा ६(१) मा प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ । कानूनद्वारा यस अधिकारको संरक्षण गरिने छ । स्वेछाचारीरूपले कसैको पनि जीवन हरण गरिने छैन् भन्ने व्यवस्था गरेको पाइन्छ । Convention on the Elimination of all forms of Discrimination Against Women, १९७९ को धारा ६ मा पक्ष राष्ट्रहरूले महिलाको सबै प्रकारको बेचबिखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने छन् भन्ने व्यवस्था गरेको देखिन्छ । जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ को प्रस्तावनामा वेश्यावृत्ति तथा वेश्यावृत्तिको उद्देश्यको लागि जीउ मास्ने बेच्ने कार्यमा सन्निहित खराबी मानव मात्रको प्रतिष्ठा तथा मूल्यसँग असङ्गत भएको र त्यसले व्यक्ति, परिवार तथा समुदायको कल्याणलाई नै संकटमा पार्ने भएकाले भनी उल्लिखित भइरहेको देखिन्छ ।

UN Declaration of Basic Principles of Justice for victims of crime and abuse of power, 1985 पीडितको हितको लागि सम्पन्न भएको देखिन्छ । प्रस्तुत घोषणा पत्रको धारा १२ र १३ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था रहेको छ । घोषणा पत्रको धारा १२ मा When compensation is not fully available from the offender or other sources, States should endeavor to provide financial compensation to:

Victims who have sustained significant bodily injury or impairment of physical or mental health as a result of serious crimes;

The family, in particular dependants of persons who have died or become physically or mentally incapacitated as a result of such victimization.

धारा १३ मा The establishment, strengthening and expansion of national funds for compensation to victims should be encouraged. Where appropriate, other funds may also be established for this purpose, including those cases where the State of which the victim is a national is not in a position to compensate the victim for the harm. भनी घोषणा पत्रमा उल्लेख गरेको पाइन्छ। संयुक्त राष्ट्र संघले ५ December २००९ मा UN Convention on Justice and Support for Victims of Crime and Abuse of Power Draft Convention तयार गरेकोसमेत देखिन्छ । जुन मसौदा महासन्धिको धारा ११ मा Compensation शीर्षकमा निम्न व्यवस्था रहेको देखिन्छ ।

When restitution is not fully available from the offender or other sources, State Parties shall endeavor to provide financial compensation to:
victims who have sustained significant bodily injury or impairment of physical or mental health as a result of intentional violent crime;
the victims' family, in particular dependants of persons who have died (or become physically or mentally incapacitated) as a result of such victimization.
Compensation shall be provided for:
treatment and rehabilitation for physical injuries;
pain and suffering and other psychological injuries caused to victims;
State should also consider compensation for loss of income, funeral expenses and loss of maintenance for dependants.
The establishment, strengthening and expansion of national, regional or local funds for compensation to victims should be encouraged. State Parties may consider providing funds through general revenue, special taxes, fines, private contributions, and other sources.
These funds shall guarantee fair, appropriate and timely compensation. They should also allow for emergency and/or interim payments. Special care should be taken to make the funds accessible. This requires, inter alia, extensive dissemination of information on the eligibility criteria and the procedure to be followed. State should also consider other means to raise public awareness of the existence of these funds.
Where appropriate, other funds may also be established for this purpose, including in those cases where the State of which the victim is a national is not in a position to compensate the victim for the harm.
In cases of cross border victimization, the State where the crime has occurred should pay compensation to the foreign national, subject to the principle of reciprocity.

१७. विदेशी कानून, विदेशी नजिर, महासन्धि, मसौदा महासन्धि, घोषणा पत्रलगायतका साधनहरूले पीडितको राहतमा जोड दिइरहेको अवस्था छ । कानून, अन्तराष्ट्रिय सन्धिहरूले मानव sanctity मा जोड दिइरहेको परिप्रेक्ष्यमा मानवलाई नसुहाउने व्यवहार प्रदर्शन हुन जानु निकै पिडादायी हो । यस्तो स्थितिमा समाजले मानव मूल्यको पुन: परिभाषा खोज्न जरूरी भएको देखिन्छ । विधायिकी कानूनले मात्र सँधै समाजको न्यायिक मूल्य प्राप्त गर्न नसक्ने हुन सक्छ । अदालतको काम मूल्यको खोजी एवं पहिचानसमेत गर्नु हो । जुन मूल्यले मानवको आदर्श एवं सम्मानलाई कम हुन नदिई उचो गराउन प्रयत्नशील हुन जरूरी देखिन्छ । विधायिकी कानून नैतिकता कै पक्षमा प्रकट हुने भएपनि अदालत सदासर्वदा त्यसको पक्षमा प्रयत्नशील र अभ्यस्त रहन्छ । न्याय गतिशील प्रक्रिया हो । न्यायको सटिक परिभाषा गर्न सजिलो छैन । यसलाई नाप्ने yardstick पहिचान नभएर नै न्याय सापेक्ष (relative) मानिएको हो । न्याय समयअनुसार परिभाषित हुँदै अगाडि बढ्दछ र मानव मूल्यलाई संरक्षण गर्दछ । यो मानव मूल्यको व्याख्यासमेत समयअनुसार परिस्कृत हुँदै जानु पर्छ र मानवको जीवनको पवित्रताले स्थान पाउन जरूरी छ ।

१८. नेपाल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष बनेको छ र सन्धिअनुरूपका व्यवस्थाहरूलाई आन्तरिकिकरण गर्ने प्रक्रियासमेत चलिरहेको देखिन्छ । पीडित राहतमुखी विधिशास्त्रको समेत विस्तारै विकास भइरहेको छ । पीडितको पक्षमा मानवीय कानूनको सन्दर्भमा सर्वोच्च अदालत बुलेटिन वर्ष १७ अंक ९ मा सरकारको जिम्मेवार निकायहरूबाट मानवीय कानूनको उल्लङ्घन गरी निर्दोष नागरिकहरूको हत्याको सम्बन्धमा पीडितशास्त्रीय दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहीनताको अन्त गर्नुका साथै यस प्रकृतिका विवादहरूमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि comprehensive law बनाउनेतर्फ यथाशीघ्र पहल गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा परमादेशको आदेश जारी भएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ऐन), २०६४ को दफा १७ को उपदफा १ मा अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघटने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ भन्ने क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था रहेको देखिन्छ ।

१९. ०६७-CR-१२८८ को सर्वोच्च अदालतबाट फैसला भएको मुद्दामा अब उपरान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी बिगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त देखिँदा नेपाल सरकारसमेतबाट सोसम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुन जरूरी रहेको भनी आदेशसमेत भएको देखिन्छ ।

२०. अभियोग पत्र दायर गर्दा प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था नभएकोले अभियोग माग दाबी नभए पनि पीडितलाई केही हदसम्म भए पनि न्याय दिन अदालत अगाडि सर्नु पर्ने नै हुन्छ । अदालतले न्यायिक प्रक्रियामा मुद्दा पिच्छे मूल्यको (value) पहिचान गर्नुपर्दछ । जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्व को value judgement भइराखेको हुन्छ । अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भअनुसार कानूनको व्याख्या एवं प्रयोग गर्नुपर्दछ ।

२१. Ronald Dworkin Analytical positivism का कट्टर समर्थक हुन् । उनले judges are constrained by the law: there is no law beyond the law भनी कानूनलाई पूर्ण मान्दछन । उनको कानून प्रतिको धारणामा gapless legal universe भनी भन्दछन् । उनी कडा analytical positivist हुँदाहुँदै पनि व्यक्तिलाई अधिकार दिने कुरामा सिद्धान्त (Principle) लाई समातेर अधिकार दिन सकिनेमा जोड दिन्छन् । Judges who accept the interpretive ideal of integrity decide hard cases by trying to find in some coherent set of principles about people's rights and duties the best constructive interpretation of the political structure and legal doctrine of their community. They try to make that complex structure and record the best there can be. भन्ने विचार मननीय देखिन्छ ।

२२. यसरी जीउ मास्ने बेच्ने ऐनमा क्षतिपूर्ति सम्बन्धमा व्यवस्था नगरे पनि सो ऐनको successor ऐनले क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको अवस्थामा पीडितलाई राहतको रूपमा क्षतिपूर्ति दिनुपर्ने नै देखिन आयो ।

२३. पीडितलाई केही हदसम्म क्षतिपूर्ति रकम उपलब्ध गराउन सर्वोच्च अदालतमा निहित न्यायिक इच्छा शक्ति (Residuary Power) को समेत प्रयोग गर्नुपर्ने देखियो । पीडितलाई के कस्तो क्षति भयो भन्ने आकलन गरेर सजाय दिँदा पीडितले राहत महसुस गरेको हुन्छ । आर्थिक प्रलोभनमा पारेर राम्रो रोजगारी दिलाइदिने आशा जगाएर गरिएको शोषणबाट उत्पन्न पीडितको उपचार के हो त ? भन्ने पनि न्यायको दृष्टिकोणबाट हेरिनु पर्दछ । न्यायले कानूनको सुनौला अक्षरको व्याख्या मात्र गर्दैन की पीडितले न्याय पाएको अनुभूति गराउन पनि त्यतिकै वान्छनिय हुन्छ । जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिन पर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न मिल्दैन । संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिँदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पनि पीडितलाई उचित क्षतिपूर्ति बिना न्यायको महसुस पीडितले पाउन सक्दैन भन्ने निष्कर्षमा इजलास पुगेको छ । व्यक्तिको पवित्रता तथा पीडित राहत शास्त्रको सार नै judgment law भएको पाइएकाले पीडित शास्त्रको भावनालाई समेट्दै प्रतिवादी भगीरथ दाहालबाट रू.दुई लाख पीडित .....लाई क्षतिपूर्ति भराई दिने ठहर्छ ।

२४. पीडितले क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा अनुगमन गर्न तथा पीडितले क्षतिपूर्ति नपाएमा ०६७-CR-१२८८ को मुद्दामा भएको आदेशबमोजिम राज्य पक्षबाट क्षतिपूर्तिको प्रक्रिया अगाडी बढाउने कार्यमा पहल गर्नु भनी यसै अदालतको फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशकको नाउँमा निर्देशन जारी गरी दिएको छ ।

२५. तसर्थ, माथि विवेचित राष्ट्रिय र अन्तराष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका सन्धि सम्झौता सम्मिलनले पीडितलाई उचित क्षतिपूर्ति भराउन बाधा पर्ने नदेखिएकाले पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६/८/१० मा भएको फैसला केही उल्टि भई पुनरावेदक प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई दश वर्ष कैद र पीडित .....लाई रू. दुई लाख क्षतिपूर्ति भराई दिने ठहर्छ । पुनरावेदक प्रतिवादी भगिरथको अन्य पुनरावेदन जिकिर तथा पुनरावेदक प्रतिवादी निर्मला राई र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नु होला ।

तपसिल

यसमा सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६/०८/१० को फैसला केही उल्टि हुने ठहरेकाले निम्नानुसार गर्नु होला ।

पुनरावेदक प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई १२ वर्षको सट्टा १० वर्ष कैद सजाय हुने ठहरेकोले सुरू फैसलाको तपसिल खण्डको १ नं. मा उल्लिखित प्रतिवादीमध्येका भगिरथ दाहालका नाउँको १२ वर्ष कैदको लगतको सट्टा १० वर्ष कैदको लगत राख्नु भनी सुरू उदयपुर जिल्ला अदालतमा लेखी पठाउनु १

बिगोबमोजिम रू.२ लाख जरिवानाको सट्टा रू. २ लाख पीडित .....लाई क्षतिपूर्ति भराई दिने ठहरेकाले प्रतिवादी राजेश भन्ने भगिरथ दाहालका नाउँको रू.२ लाख जरिवानाको लगत कट्टा गरी निज प्रतिवादीबाट पीडित .....लाई क्षतिपूर्ति रकम रू.२ लाख नियमानुसार भराई दिनु भनी सुरू उदयपुर जिल्ला अदालतमा लेखी पठाउनु २

प्रस्तुत मुद्दाको फैसलाको जानकारी जाहेरवाली .....लाई आफ्नो ठेगानामा तथा पुनरावेदक प्रतिवादीहरू भगिरथ दाहाल र निर्मला राईलाई सम्बन्धित कारागार कार्यालयमार्फत दिनु ३

प्रस्तुत फैसलाको प्रतिलिपी फैसला कार्यान्वयन निर्देशनालय र महान्यायाधिवक्ताको कार्यालयलाई दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नु होला ५

उक्त रायमा सहमत छु ।
न्या. गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत:- रामप्रसाद पौडेल
इति संवत् २०७१ साल चैत्र ११ गते रोज ४ शुभम् ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

फैसला मिति : २०७१।१०।१९।२
निर्णय नं. ९३४६
भाग: ५७ साल: २०७२ महिना: जेष्ठ अंक: २
फैसला मिति :२०७१/१०/१९ ६३६२२

मुद्दा: मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी

०६७-CR-१२८८

पुनरावेदक / प्रतिवादी : जिल्ला भोजपुर कोट गा.वि.स. वडा नं. ६ घर भै हाल जिल्ला कारागार कार्यालय झापामा थुनामा रहेका लोकबहादुर कार्कीसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : झापा जिल्ला दुवागडी गा.वि.स. वडा नं. ५ बस्ने "ख" कुमारी (नाम परिवर्तन गरिएको) को जाहेरीले नेपाल सरकार

आदेश

न्या.सुशीला कार्की : न्याय प्रशास ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्रको भई पुनरावेदन अदालत, इलामको मिति २०६७।०६।०६ को फैसलाउपर दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

जाहेरीको सङ्क्षिप्त व्यहोरा

मेरो छोरी विगत केहिवर्षदेखि झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ४ बस्ने रन्जना सुब्बाको घरमा काम गर्दै बसेकी र विगत २/३ वर्ष अगाडिदेखि आफूखुसी सो घरबाट हिडी हराई बेपत्ता भएकिमा मिति २०६४।५।२८ गते छोरी इलाका प्रहरी कार्यालय, अनारमनीमा पक्राउ परेको भन्ने थाहा पाई निजसँग बुझ्दा झापा शनिश्चरे ८ बस्ने सोमकान्त भट्टराईको घरमा काम गर्न बस्दा सोही घरमा काम गर्ने लोकबहादुर सार्कीले ललाई फकाई विवाह गरी सोपश्चात् जबर्जस्ती करणी गरी लक्ष्मीमाया वि.क. समेत भई बेचबिखनको लागि अर्जुनधारा हुँदै भारततर्फ लैजादै गर्दा पक्राउ गरी छोरीको उद्धार गरेका रहेछन् । निज लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क. समेतले नाबालिका छोरीलाई जबर्जस्ती विवाह गराई बेचबिखन गर्न लाने काम गरको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको "ख" कुमारीको जाहेरी दरखास्त ।

पीडितको सङ्क्षिप्त बयान

म जिल्ला झापा शनिश्चरे ८ बस्ने सोमकान्त भट्टराईको घरमा काम गर्न बस्दा सोही घरमा काम गरी बस्ने लोकबहादुर सार्कीले विभिन्न प्रलोभन देखाई राम्रो खान लाउन दिने पढाई दिने भनी ढाँटी झुक्याई धरानसम्म लगेको र धरान बस्ने भुमा वि.क.को घरमा लगी म कार्की हुँ भनी थरसमेत ढाँटी मैले नमान्दा नमान्दै पनि लक्ष्मीमाया वि.क. समेतले विवाह गराई दिई जबर्जस्ती सिन्दुर पोतेसमेत गरी विवाह गरेपछि जबर्जस्ती करणीसमेत गरेको र सो पश्चात् मिति २०६४।५।२६ गते लक्ष्मीमाया वि.क.को घरमा ल्याई भारत सिक्किमतर्फ जाने बाटोमा कसैले सोधे भने हामी बुढाबुढी हौँ १८ वर्षकी भएँ भनी भन्नु भनेकाले मलाई डर लागि स्थानीय नाम थाहा नभएका २ जना महिलालाई भेनको हुँदा मलाई लोकबहादुर सार्कीले र लक्ष्मीमाया वि.क. समेतले भारततर्फ बेचबिखन गर्न लाँदै गर्दा स्थानीय मानिसहरूले फेला पारी उद्धार गरेका हुन् र मेरो विवाह गराउने कार्यमा लक्ष्मीमाया वि.क., निजको छोरी भुमा वि.क., निज भुमा वि.क.को श्रीमान्समेतको संलग्नता रहेको र बेचबिखन गर्न भारततिर लानेमा लक्ष्मीमाया वि.क. र लोकबहादुर सार्की नै मुख्य हुन निजहरूलाई कानूनबमोजिम होस भनी पीडित "क कुमारी" (नाम परिवर्तन गरिएको) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको प्रमाणित बयान ।

प्रतिवादीहरूको बयानसमेतको सङ्क्षिप्त व्यहोरा

लोकबहादुर सार्की मेरो भाइ नाताको मानिस हो । निज झापा शनिश्चरेमा बसोबास गर्दै आएकामा मिति २०६४।५।१६ गते निजले र मेरो छोरी भुमा वि.क.ले मलाई धरान बोलाएको हुँदा म धरान जाँदा लोकबहादुर सार्कीले राधिका गुरूङ्गलाई विवाह गर्ने तयारी गरेका रहेछन् र मैले पनि सोधखोज गरी मिति २०६४।५।१८ गते "क" कुमारी र लोकबहादुर सार्कीबीच विवाह गराई टिकाटालो गरी दिएकोसम्म हो । सोपश्चात् निजहरू दुवैजना मेरो घरमा आए । मेरो छोरी भारत सिक्किममा रहेकी र सोतर्फ हामी जान लाग्दा बेचबिखन गर्न लान लाग्यो भनी स्थानीय मानिसहरूले पक्राउ गरेका हुन् । तर बेचबिखन गर्ने उद्देश्य होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीमाया वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

"क" कुमारीलाई मैले विवाह गरी श्रीमती बनाई राखेको हुँ। विवाह गरेपछि करणी नगर्ने भन्ने कुरै भएन। मिति २०६४।०५।१९ गते मात्र २ पटक करणी गरेको हुँ। लक्ष्मीमाया वि.क.ले पनि टिका लगाई दिइन। निजकै छोरी भुमा वि.क.का घरमा विवाह गरेको हुँ। पछि "क" कुमारी पहिला बसेको सोमकान्त भट्टराईको घरमा बस्न नमानेपछि भारत सिक्किममा नै बसी काम गर्नुपर्छ भनी सल्लाह गरी मिति २०६४।०५।२६ गते लक्ष्मीमाया वि.क. को घरमा आएको थिएँ। मिति २०६४।०५।२८ गते सिक्किमतर्फ जाँदै गर्दा पक्राउ परेको हुँ। बेचबिखन गर्न लगेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लोकबहादुर सार्कीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज। लोकबहादुर सार्कीसँग राम्रो चिनजान आवतजावत छ। तर मेरो घरमा निजले निजकी श्रीमती "क" कुमारीलाई ल्याएको छैन। विवाह गरी बेचबिखन गर्न लाँदै गर्दा फेला परेको हो भन्नेसम्म सुनेको हुँ भन्नेसमेत व्यहोराको हेम भन्ने रामबहादुर सिवाको कागज।

बस्तुस्थिति मुचुल्काको व्यहोरा

जिल्ला झापा दुवागडी बस्ने "ख" कुमारीको छोरी नाबालीका वर्ष १४ कि "क" कुमारीलाई प्रतिवादी लोकबहादुर सार्कीसमतले बालविवाहसमेत गरी बेचबिखन गर्न लाँदै गर्दा पक्राउ परेको भन्ने सुनि थाहा पाएका हौँ। घटनाबारे बुझ्दै जाँदा पीडित "क" कुमारी झापा शनिश्चरे -८ बस्ने सोमकान्त भट्टराईको घरमा बसेकी र सोही घरमा काम गर्ने लोकबहादुर सार्कीले ललाई फकाई धरान स्थित भुमा वि.क.को घरमा लगी लक्ष्मीमाया वि.क. समेत भई बालविवाह गरी गराई जबर्जस्ती करणीसमेत गरी मिति २०६४।५।२८ गते भारततर्फ लैजाँदै गर्दा फेला परेको भन्ने सुनी थाहा पाएको हो। लोकबहादुर सार्की पहिला पनि जेलमा बसेका रहेछन्। निज लोकबहादुर सार्कीले बालविवाह गरेको र बालविवाह गराउने कार्यमा भुमा वि.क., निजका श्रीमान् तथा लक्ष्मीमाया वि.क. समेतको हात रहेको र लोकबहादुर सार्की तथा लक्ष्मीमाया वि.क.ले बेचबिखन गर्न लाँदै रहेछन् कारवाही हुनुपर्दछ भन्नेसमेत व्यहोराको रन्जना सुब्बासमेतको एकै मिलानको वस्तुस्थिति मुचुल्का।

अभियोगपत्रको व्यहोरा

पीडितलाई प्रतिवादी लोकबहादुर सार्कीले बालविवाह गरेको र प्रतिवादीमध्येका लक्ष्मीमाया वि.क., किशोर विश्वकर्मा र भुमा विश्वकर्माले निज पीडितालाई जबर्जस्ती विवाह गराएको, प्रतिवादी लोकबहादुर सार्कीले नाबालिका वर्ष १४ की पीडितालाई जबर्जस्ती करणी गरेको तथा प्रतिवादी किशोर विश्वकर्मा र भुमा विश्वकर्माको सहमतिमा प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.ले पीडितालाई बेचबखिन गर्न भारततर्फ लाँदै गर्दा बाटैमा निजहरू पक्राउ गरी पीडिताको उद्धार गरिएको वारदात पुष्टि भएकाले निज प्रतिवादीमध्येका लोकबहादुर सार्कीलाई मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय ३ नं. विपरीतको कसुर तथा ऐ. ऐनको जबर्जस्ती करणीको महलको १ नं. र ३ को देहाय (३) बमोजिमको कसुर गरेको र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४ को उपदफा २ को देहाय (क) को कसुर गरेको अभियोगमा मुलुकी ऐन, विहावारीको महलको २ नं. देहाय (३) बमोजिम सजाय गरी ऐ. मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (३) बमोजिम सजाय गरी ऐ. ऐनको जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को देहाय (ङ) को खण्ड (१) बमोजिम सजाय गरी पाउन र प्रतिवादी लक्ष्मीमाया वि.क. लाई मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय (३) विपरीतको कार्य कसुर गरेकामा ऐ. ऐनको ऐ. महलको २ नं. को देहाय (३) बमोजिम सजाय गरिपाउनको साथै प्रतिवादी लक्ष्मीमाया वि.क. लाई मुलुकी ऐन, विहावारी महलको २ नं. को देहाय (३) विपरीतको कार्य कसुर गरेकामा ऐ. ऐनको ऐ. महलको २ नं. को देहाय (३) बमोजिम सजाय गरी पाउँनका साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा १ को देहाय (ङ) को खण्ड (१) बमोजिम सजाय गरी पाउने मागदावी लिइएको तथा प्रतिवादीहरू किशोर विश्वकर्मा र भुमा विश्वकर्मालाई मुलुकी ऐन, विहावारी महलको २ नं. को देहाय ३ नं. विपरीतको कार्य कसुर गरेको साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा १५ को उपदफा १ को देहाय (ज) बमोजिमको कार्य कसुर गरेको अभियोगमा मुलुकी ऐन, विहावारी महलको २ नं. को देहाय ३ बमोजिम सजाय गरी पाउनको साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय गरिपाउँनको साथै पीडितालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र।

प्रतिवादीहरूको अदालतमा भएको बयान

पहिला लालबहादुर विश्वकर्माको बहिनीलाई जबर्जस्ती करणी गरेको अभियोगमा ५ वर्ष कारागारमा बस्दा प्रतिवादी मध्येकी लक्ष्मीमाया वि.क.सँग चिनजान भएकाले मैले निजसँग भाइटीका लगाई दिदी मानेको छु। म कारागारबाट छुटेपछि सोमकान्त भट्टराईको खेत अधियामा कमाई खेती गर्न थाले। "क" कुमारीसमेत सोही सोमकान्तको घरमा बस्ने गरेको र मसँग चिनजान हुँदा म १७ वर्षकी भएँ। म तिमीसँग विवाह गर्छु भनेकी र म सार्की हुँ भन्ने कुरा निज पीडितलाई थाहा
थियो। राजिखुसीका साथ विवाह गर्ने भनी २०६४।५।६ गते हामी विवाह गर्न भनी धरान लक्ष्मीमाया वि.क.को छोरी भुमा वि.क. को घरमा गई घर मालिकले जम्मा रू.१७,०००।– दिएकाले सोही पैसाले विवाहका सामान किनी २०६४।५।१८ गते कृष्णअष्टमीको दिन विवाह गरेका हौँ। घर मालिकले नै विवाहको साइत हेरी बताई दिएका हुन्। राजिखुशीले विवाह गरेकाले करणी गर्ने काम भयो। मैले फकाई थर ढाटी विवाह गरेको नभई निजको राजिखुशीले विवाह गरी करणी गरेको हो। विवाहमा मैले लक्ष्मीमाया वि.क.लाई फोनबाट बोलाई निज लक्ष्मीमाया धरानमा गई हामीलाई टिका लगाई दिएकी हुन्। प्रतिवादी भुमा वि.क. र किशोर वि.क.ले पीडितलाई

फकाई मसँग विवाह गराई दिएको नभई निजको राजिखुसीले विवाह गरी करणी गरेको हो । जबर्जस्ती करणी गरेकोसमेत होइन । विवाहपूर्व करणी गरेको थिएन । धरानबाट म पीडित र भुमाको पति किशोर वि.क. समेत मिति २०६४।५।२६ गते झापा अर्जुनधारामा आयौँ । किशोर वि.क. भोलिपल्ट धरान फर्केका हुन् । म खेती भएको ठाँउ सोमकान्तको घरमा जाउँ भन्ने र पीडितले नमान्ने भएकाले लक्ष्मीमाया वि.क.की कान्छी छोरी बिन्दा (बिनु) विश्वकर्माको घर भारतको सिक्किम हुँदा सो ठाउँमा जान खर्च मैले बेहोर्ने गरी म पीडित र लक्ष्मीमाया वि.क. सिक्किमतर्फ जान भनी मिति २०६४।५।२८ गते घरबाट हिँडेकामा झापा शनिश्चरेको मिलडाँडामा गाउँलेहरूले केटीलाई बेच्न लगेको हो भनी पक्राउ गरी मलाईसमेत कुटपीट गरेका हुन् । मैले पीडितलाई बेच्नको लागि लगेको होइन । काम गरी खानको लागि सिक्किमतर्फ जाँदै गर्दा पक्राउ गरेको हो । मलाई फसाउन पीडितले झुठा कुराको बयान गरेकी हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी लोकबहादुर सार्कीले अदालतमा गरेको बयान ।

मेरो पति बलात्कार मुद्दामा थुनामा कारागार शाखा झापामा रहेको अवस्थामा लोकबहादुर सार्की पनि कारागारमा थुनामा नै रहेको रहेछ । सोही अवस्थामा पतिलाई भेट गर्न जाँदा निज प्रतिवादी लोकबहादुर सार्कीसँग चिनजान भएको र भाइटीका लगाई दिएको थियो । निज लोकबहादुर सार्की कारागारबाट छुटेपछि मेरो घरमा गई अर्को घरमा बसी खेती गर्दथ्यो । मैले पीडितलाई देखेको थिएन । निज लोकबहादुरले पीडितालाई फकाई विवाह गर्न भनी धरान मेरो छोरीको घरमा लगी मलाई फोनबाट बोलाएकाले म धरानमा गई निजहरूले विवाह गरेकाले टिका लगाई दिई म आफ्नै घर फर्किएकी हुँ । निज लोकबहादुर सार्की मेरो जेठा ज्वाई र पीडित एक हप्तापछि मेरो घरमा आए । ज्वाँई भोलीपल्टै धरान फर्केका हुन् । निज लोकबहादुर सार्की र पीडितले मेरो कान्छी छोरी सिक्किममा भएकाले निजहरूले सिक्किम पुर्‍याई दिनुभन्दा मैले पैसा छैन भनेकामा निजहरूले हामी लान्छौ भनेकाले मैले छोरीको घर सिक्किममा पुर्‍याई दिन मिति २०६४।५।२८ गते निजहरूसँग जाँदै गर्दा बाटोमा गाउँलेहरूले पीडितलाई बेच्न लगेको भनी पक्राउ गरी मलाईसमेत पानी खन्याउँदै कुटपीट गरेका हुन् । मैले पीडितलाई ललाई फकाई प्रतिवादी लोकबहादुर सार्कीसँग विवाह गराई दिएको पनि होइन र बेच्नको लागि लान खोजेको पनि होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीमाया वि.क.ले अदालतमा गरेको बयान ।

झापा जिल्ला अदालतको आदेश

प्रतिवादी लक्ष्मीमाया वि.क. र लोकबहादुर सार्कीले पीडितलाई बेचबिखन गर्न भनी भारततर्फ लाँदै गरेको अवस्थामा पक्राउ परेको पुष्टि भएकाले तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क. कसुरदार देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने झापा जिल्ला अदालतबाट भएको आदेश ।

सुरू अदालतको आदेशानुसार वादी प्रतिवादीका साक्षी उपस्थित गराउनु भनी पत्राचार भएकामा वादी प्रतिवादीहरूका साक्षी उपस्थित नगराएको ।

झापा जिल्ला अदालतको फैसला

यसमा प्रतिवादी किशोर विश्वकर्मा र भुमा विश्वकर्माका हकमा तत्काल अंश रोक्का गरी निजहरू फेला परी पक्राउ परेका बखत वा हाजिर हुन आए वा कानूनको अवधि नाघेपछि बाँकी काम कारवाही गर्ने गरी अ.बं. १९० नं. बमोजिम मुलतबीमा रहने ठर्हछ । अन्य प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.ले अभियोग दावीबमोजिम कसुर गरेको ठहरेकाले प्रतिवादीमध्येका लोकबहादुर सार्कीको हकमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ को उपदफा (२) को देहाय (क) को कसुर अपराधमा सोही ऐनको दफा १५ को उपदफा (१) को देहाय (ङ) को खण्ड (१) बमोजिम पीडित वर्ष १४ की नाबालिका देखिँदा प्रतिवादीलाई कैद वर्ष १६(सोह्र) र जरिवाना रू.१,००,००० (एक लाख) हुने ठहर्छ । अर्को अभियोगदावीको सम्बन्धमा निज उपर जबर्जस्ती करणीको महलको १ र ३ नं. को देहाय (३) बमोजिम कसुर गरेको ठहर्दा निजलाई सो कसुरमा कैद वर्ष ६ (छ) हुने ठहर्छ । यी प्रतिवादीलाई माथि उल्लिखित मानव बेचबिखन ओसारपसार मुद्दामा कैद वर्ष १६ ठहरेकाले दण्ड सजायको महलको १० नं. ले खत नखापिने हुँदा थप सजाय गरी रहन परेन । यी प्रतिवादीलाई मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय (३) को कसुर अपराधमा अभियोग दावी लिएकामा निजले सो कसुर अपराध गरेको पुष्टि हुँदा उक्त कसुरमा ६ महिना कैद र रू.१०,०००।– (दशहजार) जरिवाना हुनेमा मानव बेचबिखन ओसारपसारको अभियोगमा १६ वर्ष कैद र रू.१,००,०००।– (एकलाख) जरिवाना हुने ठहरेकाले प्रस्तुत वारदातको खत दण्ड सजायको महलको १० नं. ले सोही खतमा गाभीन जाने हुँदा थप सजाय गरी रहनु परेन । अर्का प्रतिवादी लक्ष्मीमाया वि.क. को हकमा वारदातमा संलग्नता पुष्टि हुन आएकाले निजले अभियोग दावीबमोजिम कसुर गरेको ठहरेकाले निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ को उपदफा (२) को देहाय (क) को कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को देहाय (ङ) को खण्ड (१) बमोजिम १६ (सोह्र) वर्ष कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना हुने ठहर्छ । निजउपर विहावारीको महलको २ नं. को देहाय (३) विपरीतको कसुरमा निजलाई ६(छ) महिना कैद र रू.१०,०००।– जरिवाना हुनेमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ बमोजिम १६ वर्ष कैद र रू.१,००,०००।– जरिवाना भएको हुँदा दण्ड सजायको १० नं. ले ठूलो सजाय भएकामा सानो सजाय खाप्न मिल्ने नदेखिँदा यस कसुरमा थप सजाय गरी रहन परेन भन्नेसमेतको झापा जिल्ला अदालतबाट भएको फैसला ।

पुनरावेदन अदालतमा परेको प्रतिवादीहरूको पुनरावेदन

पुनरावेदकहरूले अभियोग दावीबमोजिम कुनै कार्य गरेको छैनौँ भनी अधिकारप्राप्त अधिकारी तथा अदालतसमेतमा सत्य तथ्य व्यहोरा लेखाएको, "क" कुमारी आफैँले प्रतिवादी लोकबहादुर सार्कीसँग विवाह गर्न मन्जुर गरेकी र पीडित र प्रतिवादी बसेकै घरमा विवाह गरौँ भन्दा निज पीडित "क" कुमारी नमानेकाले दुवै जनाको सहमतिले धरानमा गई विवाह गर्नको लागि बसोबास गरेको, घर मालिकसँग पैसा मागी धरानस्थित लक्ष्मीमाया वि.क.को छोरी कहाँ गई "क" कुमारीसमेत भई विवाहको सामान किनी विवाह गरिएको अवस्थामा पछि निज "क" कुमारीले षडयन्त्र मुलक ढङ्गले पुनरावेदक प्रतिवादीहरूलाई फसाउनको निमित्त जबर्जस्ती विवाह बेचबिखन गर्न सिक्किमतर्फ जान खोजेको भनी झुठो बयान दिएको अवस्था एवम् पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेकामा सो इन्कारी बयानलाई साविती बयानको हवाला दिई अन्य मिसिल संलग्न प्रमाणको समुचित मूल्याङ्कन नगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ को उपदफा (२) को देहाय (क) को कसुर अपराधमा सोही ऐनको दफा १५ को उपदफा १ को देहाय (ङ) को खण्ड (१) बमोजिम जनही कैद वर्ष १६ र जरिवाना रू.१,००,०००।– गर्ने गरी गरिएको सुरू झापा जिल्ला अदालतको त्रुटिपूर्ण फैसला बदर गरी अभियोग दाबीबाट पुनरावेदक प्रतिवादीहरूलाई सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादीहरू मध्येका लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क. को पुनरावेदन अदालत, इलाममा दायर भएको संयुक्त पुनरावेदनपत्र ।

पुनरावेदन अदालतमा परेको वादीको पुनरावेदनपत्रको सङ्क्षिप्त व्यहोरा

यसमा प्रतिवादी लोकबहादुर सार्कीले करणी गरेको ठहर भएकाले मुलुकी ऐन, जबर्जस्ती करणीको १० नं. बमोजिम पीडितालाई क्षतिपूर्ति र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम पीडित नाबालिकलाई प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क. लाई भएको जरिवानाको ५० प्रतिशत बराबरको रकममा नघट्ने गरी मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्नेमा सो सम्बन्धमा केही नबोलेकाले सुरू झापा जिल्ला अदालतको फैसला सो हदसम्म बदर गरी क्षतिपूर्ति दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, इलाममा परेको पुनरावेदनपत्र ।

पुनरावेदन अदालतको आदेश

यसमा स्वयम् पीडितको अदालतमा भएको प्रमाणित बयानको स.ज. ४ र १३ समेतबाट प्रतिवादी लोकबहादुरसमेतले निजलाई बिक्री गर्ने उद्योगसम्म गरेको भन्ने देखिएको अवस्थामा सोको एकिन नगरी भएको सुरूको फैसला विचारणीय भै फरक पर्न सक्ने देखिँदा छलफल निमित्त अ.बं. २०२ नं. र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, इलामको आदेश ।

यसमा प्रत्यर्थी प्रतिवादीहरूले दिएको पुनरावेदन उपर मिति २०६७।०२।११ मा प्रत्यर्थी झिकाउने आदेश भएपश्चात् वादी नेपाल सरकारको तर्फबाट मिति २०६७।०३।२४ मा पुनरावेदन दायर भएको देखिँदा उक्त वादी नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदनपत्रको जानकारी प्रत्यर्थी प्रतिवादीहरूलाई दिई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, इलामको आदेश ।

पुनरावेदन अदालतको फैसला

प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४ को उपदफा २ को देहाय (ख) को कसुरमा ऐ. ऐनको दफा १५ को उपदफा (१) देहाय (ङ) को खण्ड (२) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम क्षतिपूर्ति भराई दिनुपर्नेमा सो नगरी ऐ. दफा १५ को उपदफा (१) देहाय (ङ) को खण्ड (१) बमोजिम सजाय हुने ठहर्‌याएको सो हदसम्मको सुरू झापा जिल्ला अदालतको मिति २०६६।५।३१ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहर्छ । प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.ले सो मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४ को उपदफा २ को देहाय (ख) को कसुर गरेको देखिँदा पीडित १४ वर्षकी बालिका रहेको देखिँदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १५ को उपदफा (१) देहाय (ङ) को खण्ड (२) बमोजिम कैद वर्ष १२ (बाह्र) र जरिवाना रू. १,००,०००।–(एक लाख) हुने ठहर्छ । क्षतिपूर्तीको हकमा प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क. बाट ऐ. ऐनको दफा १७ बमोजिम जनही रू. ५०,०००।– (पचास हजार) र प्रतिवादी लोकबहादुर सार्कीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. बमोजिम रू. २५,०००।– (पच्चीस हजार) पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर्छ । अन्य अभियोग दावीको सम्बन्धमा प्रतिवादी लोकबहादुर सार्कीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय (३) को कसुरमा ऐ. ऐन महलको ३ नं. को देहाय (३) बमोजिम कैद वर्ष ६ (छ) र मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय (३) बमोजिम ६ महिना कैद र रू.१०,००० (दश हजार) जरिवानासमेत ठहर हुनेमा यी प्रतिवादीलाई सोही मानव बेचबिखन तथा ओसारपसार मुद्दामा कैद वर्ष १२ (बाह्र) र जरिवाना रू. १,००,०००।- (एकलाख) हुने ठहरेकाले मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. ले खत खापिने नहुँदा थप सजाय गरिरहन परेन । अर्का प्रतिवादी लक्ष्मीमाया वि.क. लाई मुलुकी ऐन, विहावारी महलको २ नं. को देहाय (३) बमोजिम कैद महिना ६ (छ) र जरिवाना रू.१०,०००।– (दश हजार) ठहर हुनेमा सोही मानव बेचबिखन तथा ओसारपसार मुद्दामा कैद वर्ष १२ (बाह्र) र जरिवाना रू.१,००००।– (एक लाख) हुने ठहरेकाले मुलुकी ऐन, दण्डसजायको महलको १० नं. ले खत खापिने नहुँदा थप सजाय गरी रहन परेन भनी सो हदसम्म सुरू झापा जिल्ला अदालतबाट सोही मिति २०६६।०५।३१

मा भएको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ । अभियोग दावीबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, इलामको फैसला ।

यस अदालतमा परेको प्रतिवादीहरूको पुनरावेदन

"क" कुमारी र म प्रतिवादीमध्येको लोकबहादुर सार्की शनिश्चरे स्थित सोमकान्त भट्टराईकामा काम गर्ने क्रममा विवाह गर्ने सल्लाह भई सो ठाउँमा विवाह गर्न "क" कुमारीले नमानेकी हुँदा धरान स्थित लक्ष्मीमाया वि.क. की छोरी भुमा वि.क.का घरमा गई विवाह गरेको हो । म लक्ष्मीमाया वि.क. लाई पनि विवाहको निम्ता दिदा विवाहमा सहभागी भएकी हुँ । विवाह पश्चात् "क" कुमारी पुनः फर्कि आएर सोमकान्त भट्टाराईका घरमा काम गर्न नमानेकी हुँदा लक्ष्मीमाया वि.क.की कान्छी छोरी सिक्किममा बस्ने भएकाले त्यही गई बस्ने सल्लाहा बमोजिम म लक्ष्मीमाया वि.क.ले सिक्किममा पुर्‍याउनको लागि मात्र गएको हुँ । बेच्ने उद्देश्ययले सिक्किम लान खोजिएको होइन । पीडित भनिएकी "क" कुमारी र म लोकबहादुर एकै घरमा २ वर्षदेखि काम गरी आएकाले मेरो आनिबानी, चालचलन, चरित्रका बारेमा सबै कुरा "क" कुमारीलाई थाहा थियो । लामो समयसम्म छोरीसँग कुनै सम्पर्क नै नभएकी "क" कुमारीकी आमा "ख" कुमारीले सत्य, तथ्य र सबै कुराको गहिराई नबुझी अरूको कुरा सुनी हामीउपर झुट्ठो जाहेरी दिएको हो । बेच्ने उद्देश्य नै थियो भनेर वादी पक्षले मिसिल संलग्न कुनै ठोस सबुत प्रमाण पेस गर्न सकेको छैन । प्रमाणको भार प्रतिवादीमा भएपनि पीडित र जाहेरवालाको झुट्ठो बयानले मात्र सजाय गर्न पर्याप्त भयो भन्ने अर्थमा प्रमाणको भार प्रतिवादीहरूउपर हुने व्यवस्था गरिएको होइन । अभियोग लाग्ने बित्तिकै वादी पक्ष चुपचाप बस्ने र प्रतिवादीले प्रमाणको भार वहन नगर्ने बित्तिकै सजाय गरिहाल्नु पर्छ भन्ने अर्थमा ऐनको निर्माण भएको होइन । त्यसैले बेच्ने उद्देश्यले पीडितलाई लान खोजिएको होइन । केही समयसम्म आफन्तकामा बस्नका लागि सिक्किम जानेसम्मको तयारी गर्न लागेको अवस्थामा अभियोग लागेको हुँदा केवल जाहेरी र पीडितको बयानकै आधारमा मात्र सजाय गर्ने गरी गरिएको पुनरावेदन अदालत, इलामको फैसला त्रुटिपूर्ण छ । राजिखुशी र स्वेच्छाले "क" कुमारीसँग म लोकबहादुरको विवाह भएको हुँदा बहुविवाह र जबर्जस्ती करणीमा सजाय गर्न मिल्दैन । "क" कुमारीको स्वेच्छामा विवाहको निम्तो मान्न गई टिका लगाई दिएको हुँदा म लक्ष्मीमाया वि.क.लाई बहुविवाहमा सजाय गर्न मिल्ने होइन । तसर्थ पुनरावेदन अदालत, इलामले हामीलाई हराउने गरी गरेको फैसला उल्टी गरी सफाई पाउँ भनी यस अदालतमा परेको प्रतिवादीहरूको संयुक्त पुनरावेदन ।

यसमा क्षतिपूर्ति भराउँदा प्रतिवादीको हैसियत के हो, कुन सम्पत्तिबाट भराउने हो ? फैसलाले त्यसलाई विवेचना गरिएको नपाइनुको साथै पीडित अदातलमा आई बकपत्रसमेत गरेको नदेखिएको परिप्रेक्ष्यमा सुरू तथा पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश ।

यस अदालतको फैसला

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन जिकिरसहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी निम्नबमोजिमको बहससमेत सुनियो ।

पुनरावेदक प्रतिवादीहरूको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री भोजेन्द्रबहादुर खत्री, श्री रामप्रसाद अर्याल र श्री तारा खनालले पीडित भनिएकी "क" कुमारीको उमेर १४ वर्षको बालिका भनिए तापनि निजको उमेर कही कतैबाट प्रमाणित भएको अवस्था छैन, पीडितको प्रमाणित बयानमा निजले आफूलाई बेचबिखन गर्न लान लागेको शङ्का लागेको भनी शङ्काको आधारमा मात्र जाहेर दिएको देखिन्छ, जाहेरी दरखास्तमा मानव बेचबिखन गर्न लागेको भनी उद्योगको रूपमा जाहेरी दिएको र उक्त जाहेरीमा लोकबहादुर सार्कीलाई मात्र अभियुक्तको रूपमा उल्लेख गरिएको छ भने लक्ष्मीमायाको हकमा जाहेरीमा नाम उल्लेख गरिएको छैन । अभियोगपत्रमा पनि किन्ने बेच्ने उद्देश्यले काम हुन खोजेको भन्ने मात्र उल्लेख गरिएको छ, यसरी बेचबिखनको काम सम्पन्न भई नसकेको अवस्थामा मानव बेचबिखनको कार्य सम्पन्न भइसकेको भनी प्रतिवादीहरूलाई सजाय गरेको फैसला नमिलेकाले सो फैसला उल्टी गरी अभियोग दावीबाट प्रतिवादीहरूलाई सफाई होस भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट विद्वान् उप-न्यायाधिवक्ता श्री पुष्कर सापकोटाले प्रतिवादीहरूबाट कसुर नभएको भन्दा पनि कम सजायको दावी गरिएको छ । कानूनले नै जरिवानाको आधा क्षतिपूर्ति गर्ने व्यवस्था गरेको अवस्थामा मानव बेचबिखनमा प्रतिवादीको आर्थिक अवस्था हेर्नुपर्ने आवश्कता हुदैन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १७ ले क्षतिपूर्ति भराउने व्यवस्थामात्र गरेको छ, के कसरी भराउने भन्ने कुराको उल्लेख नगरेको अवस्थामा विपक्षी झिकाउने आदेशमा लिइएका आधारहरू मिलेको देखिँदैन । तसर्थ पीडितले क्षतिपूर्ति पाउने कानूनी अधिकार हो, प्रतिवादीको हैसियत भए वा नभए पनि पीडितको क्षतिपूर्ति पाउने अधिकार कुण्ठित हुन सक्दैन, ऐ. ऐनको दफा ६(१) मा पीडितको तत्काल बयान गरी प्रमाणित गराउन नजिकको जिल्ला अदालतमा लैजानु पर्ने र यस्तो अवस्थामा पीडित अदालतमा गई बयान नगरे पनि अदालतले प्रमाणमा लिन सक्ने भन्ने उल्लेख गरेकाले पीडित अदालतमा आई बकपत्र गरिरहनु पर्दैन । प्रतिवादीले पीडितसँग विवाह गरी करणी लिनु दिनु भएको र भारतको सिक्किममा जान भनी हिडेको भनी अदालतमै आएर स्वीकार गरेको अवस्थामा मानव बेचबिखन तथा ओसारपोसारको उद्योग मात्र भएको मान्न मिल्ने देखिँदैन । ऐनको दफा ९ ले यो कसुरलाई strict liability अन्तर्गत राखेकाले कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण अभियुक्तले नै पुर्‍याउनु पर्ने कानूनी व्यवस्था भएकामा प्रतिवादीहरूले आफ्नो पक्षमा साक्षी प्रमाणसमेत पेस

गर्न नसकेको अवस्थामा पुनरावेदन अदालतको फैसला मुनासिव देखिँदा सो फैसला सदर हुनुपर्दछ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो ।

उपरोक्तबमोजिमको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो ।

१. वारदातको समय अर्थात् मिति २०६४ साल भाद्रमा पीडितको उमेर कति थियो ?
२. प्रतिवादीहरूको कार्य मानव बेचबिखन तथा ओसारपोसारको कसुर हो वा होइन ?
३. नाबालिकसँग विवाह गरी करणीसमेत गरेकामा निजको मन्जुरी भए पनि बालविवाह तथा जबर्जस्ती करणीको अपराध हुने हो वा होइन ?
४. मानव बेचबिखन तथा ओसारपोसार मुद्दामा पीडितले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारवाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा समेत त्यस्तो प्रमाणित बयान अदालतले प्रमाणमा लिन मिल्ने हो वा होइन ?
५. अपराध पीडितको क्षतिपूर्तिको अवधारणा, यससम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान एवम् अभ्यासको अवस्था के कस्तो रहेको छ ?
६. मानव बेचबिखन एवम् जबर्जस्ती करणी मुद्दामा अदालतबाट कसुर ठहर भएको अवस्थामा पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति कसरी भराउँदा उपयुक्त हुन्छ ?
७. पुनरावेदन अदालत, इलामको फैसला मिलेको छ वा छैन ?

यसमा प्रतिवादीमध्येका लोकबहादुर सार्कीलाई मुलुकी ऐन, विहावारी महलको २ नं. को देहाय ३ नं. तथा ऐ. जबर्जस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय (३) एवम् मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को देहाय (क) को कसुरमा मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय (३), जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (३) बमोजिम सजाय र जबर्जस्ती करणीको महलको १० नं. र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को देहाय (ङ) को खण्ड (१) बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई दिने र प्रतिवादी लक्ष्मीमाया वि.क. लाई मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय (३) विपरीतको कसुरमा ऐ. को २ नं. को देहाय (३) बमोजिम साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा १ को देहाय (ङ) को खण्ड (१) बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई दिने तथा प्रतिवादीहरू किशोर विश्वकर्मा र भुमा विश्वकर्मालाई मुलुकी ऐन, विहावारी महलको २ नं. को देहाय (३) नं. विपरीतको कसुर गरेको साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा १५(१) को देहाय (ज) बमोजिमको कसुरमा मुलुकी ऐन, विहावारीको महलको २ नं. को देहाय ३ बमोजिम साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय साथै पीडितलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम क्षतिपूर्तिसमेतको अभियोग दावी रहेको प्रस्तुत मुद्दामा फरार रहेका प्रतिवादीहरू किशोर विश्वकर्मा र श्रीमती भुमा विश्वकर्माका हकमा अंश रोक्का राखी निजहरूपछि फेला परी पक्राउ परेका बखत वा हाजिर हुन आए वा कानूनको अवधि नाघेपछि बाँकी काम गर्ने गरी अ.बं. १९० नं. बमोजिम मुल्तबीमा राखी प्रतिवादीमध्येका लोकबहादुर सार्की र लक्ष्मी वि.क. को हकमा जनही १६ (सोह्र) वर्ष कैद र रू.१,००,००० (एक लाख) जरिवाना हुने ठहर गरी झापा जिल्ला अदालतबाट भएको फैसलाउपर वादी प्रतिवादीको दोहोरो पुनरावेदन परेकामा प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क. लाई १२ (बाह्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र क्षतिपूर्तिको हकमा प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.बाट जनही रू.५०,०००।- (पचास हजार) र प्रतिवादी लोकबहादुर सार्कीबाट थप रू.२५,०००।- (पच्चीस हजार) गरी जम्मा रू.१,२५,०००।- (रू.एकलाख पच्चीस हजार) क्षतिपूर्ति पीडितलाई भराई दिने गरी सुरू फैसला केही उल्टी हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट भएको फैसलाउपर यस अदालतलमा प्रतिवादीहरूको पुनरावेदन परेको देखिन आयो ।

प्रस्तुत मुद्दामा फरार रहेका प्रतिवादीहरू किशोर विश्वकर्मा र भुमा विश्वकर्माका हकमा अंश रोक्का राखी निजहरूपछि फेला परी पक्राउ परेका बखत वा हाजिर हुन आए वा कानूनको अवधि नाघेपछि बाँकी काम गर्ने गरी अ.बं. १९० नं. बमोजिम मुल्तबीमा राखेको देखिँदा सो सम्बन्धमा केही बोलिरहन परेन ।

२. सर्वप्रथम पहिलो प्रश्नको रूपमा रहेको वारदातको समय अर्थात् मिति २०६४ साल भाद्रमा पीडितको उमेर कति थियो भन्नेतर्फ विचार गर्दा जाहेरी दरखास्तमा पीडितको जन्म २०५० सालतिर भएको भनी उल्लेख भएको देखिन्छ । सो जाहेरी दरखास्त मिति २०६४।०५।३० मा परेको देखिन्छ । जाहेरी दरखास्तमा उल्लेख भएबमोजिम सो वारदातको समयमा निज पीडितको उमेर १४ वर्षमात्र भएको देखिन्छ । त्यसैगरी पीडितको प्रमाणित बयानमा समेत निजले आफू १४ वर्षकी भएको भन्ने उल्लेख भएको देखिन्छ । प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मौकाको बयानमा पीडित नाबालिक भएको नभएको सम्बन्धमा आफूलाई थाहा नभएको भनी पीडित उमेर पुगेको बालिग व्यक्ति हुन् भनी प्रस्टरूपमा उल्लेख गर्न सकेको देखिँदैन । यसैगरी वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू रञ्जना सुब्बासमेतले पीडित १४ वर्षकी भएको उल्लेख गरेको देखिन्छ । यसरी मिसिल संलग्न जाहेरी दरखास्तसमेतबाट पीडितको उमेर वारदातको समयमा १४ वर्ष रहेको पुष्टि भएको र सो तथ्यलाई प्रतिवादीहरूले वस्तुनिष्ठ प्रमाणद्वारा खण्डन गर्न सकेको नदेखिँदा अन्यथा भन्न मिलेन । तसर्थ, वारदातको समयमा

पीडितको उमेर पूरा भई बालिग भइसकेको थियो भन्ने पुनरावेदक प्रतिवादहरूको तर्फबाट लिएको बहस जिकिरसँग सहमत हुन सकिएन।

३. अब प्रतिवादीहरूको कार्य मानव बेचबिखन तथा ओसारपोसारको कसुर हो वा होइन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा मानव बेचबिखन तथा ओसारपोसारको कसुरलाई प्रचलित कानूनमा गरिएको परिभाषाको अवलोकन गर्नु सान्दर्भिक देखिन आयो। मानव बेचबिखन तथा ओसारपसारको परिभाषासम्बन्धमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को देहाय (ख) र दफा १५(१) को देहाय (ङ) को खण्ड (२) मा व्यवस्था रहेको छ। सो ऐनको दफा ३ को उपदफा (१) मा "कसैले पनि मानव बेचबिखन तथा ओसारपोसार गर्नु गराउनु हुँदैन" भन्ने र उपदफा २ मा "कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ" भन्ने व्यवस्था रहेको छ। त्यसैगरी दफा ४(२) को खण्ड (ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" भनी मानव बेचबिखन तथा ओसारपोसारको कार्यको परिभाषा गरिएको छ।

४. उपरोक्त व्यवस्थाबाट कसैले मानिसलाई वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसारपोसारको कसुर हुने भनी प्रस्ट व्यवस्था गरेको छ।

५. प्रस्तुत मुद्दामा पीडित आफ्नो घरको नाजुक आर्थिक अवस्थाका कारण अरूको घरमा बसी घरायसी काममा सघाउने कार्य गर्दै आएकी र पुनरावेदक प्रतिवादीमध्येका लोकबहादुर सार्की पनि सोही घरमा त्यस्तै प्रकृतिको कार्य गर्दै आएको देखिन्छ। सोही क्रममा लोकबहादुर सार्कीले पीडितलाई मीठो खान र राम्रो लाउन दिने, पढाई दिने र भविष्यमा सुखी राख्ने जस्ता प्रलोभन देखाई आफूसँग विवाह गर्न बाध्य बनाएको भन्ने तथ्य निजको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको स.जवाफ नं.८ मा उल्लेख भएको देखिन्छ। सो तथ्यलाई निजको अदालतमा भएको बयानबाट समेत पुष्टि भएको देखिन्छ। माथि उल्लिखित ऐनको दफा ४(२) को खण्ड (ख) बमोजिम कसुर हुनको लागि कुनै पनि व्यक्तिको बेचविखन एवम् ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन। सो उद्देश्यको लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर, स्थान तथा व्यक्तिबाट छुटाई नेपालभित्रको एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुर्‍याउन बाँकी रहेको अवस्थामा समेत सो कसुर भएको मानिन्छ।

६. प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पीडितलाई विवाहरूपी नाटक मञ्चन गरी भारतमा लगी बेस्यावृत्तिमा लगाउने उद्देश्यले निजले काम गरिराखेको झापा स्थित घरबाट छुटाई, भगाई झापाबाट धरान लगी धरानबाट पुनः झापा हुदै भारतको सिक्किमतर्फ लैजाने प्रयास गरिरहेको अवस्थामा झापामा पक्राउ परेको तथ्य प्रतिवादीहरूको बयानसमेतबाट प्रस्ट हुन्छ। तसर्थ प्रतिवादीहरूको उक्त कार्य ऐनको दफा ४ को देहाय (२) खण्ड (ख) को परिभाषा भित्रको कसुर भएको पुष्टि हुन आएको देखिँदा पुनरावेदक प्रतिवादीहरूका तर्फबाट मानव बेचबिखन तथा ओसारपोसारको अपराध भई नसकेको सोको उद्योग मात्र भएको हो भनी लिइएको बहस जिकिर कानूनसम्मत रहेको देखिन आएन।

७. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा उमेर पुगेकी महिलासँग विवाह एवम् करणी गरेको हुँदा बालविवाह र जबर्जस्ती करणी हुन नसक्ने भन्ने पुनरावेदकहरूको जिकिर रहेको देखिन्छ। प्रस्तुत सन्दर्भमा माथि उल्लिखित प्रश्न नं. १ मा भएको तथ्य एवम् विवेचनासमेतको आधारमा पीडितको उमेर वारदातको समयमा १४ वर्षमात्र रहेको पुष्टि हुन आएको छ। अब कस्तो अवस्थामा बाल विवाहको वारदात हुन्छ भन्नेसम्बन्धमा प्रस्ट गर्नुपर्ने देखिन्छ। प्रस्तुत सन्दर्भमा मुलुकी ऐन, विहावरीको महलको २ नं. सान्दर्भिक रहेको देखिन्छ। सो २ नं. मा "विहावरी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन" भन्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार विहावरी गर्दा संरक्षकको मन्जुरीलाई आधार बनाएर महिला र पुरूषको विवाह गर्ने उमेरको हद तोकिएको देखिन्छ। संरक्षकको मन्जुरी भएमा महिला र पुरूष दुवैको उमेर १८ र संरक्षकको मन्जुरी नभए २० वर्ष उमेर नपुगी विवाह गर्न गराउन नहुने देखिन्छ। प्रस्तुत मुद्दामा पीडित र प्रतिवादी लोकबहादुर सार्कीको बीचमा विवाह भएको भन्ने जिकिर लिइएको देखिन्छ। उक्त व्यवस्थाअनुसार विवाह हुँदा न त पीडितको संरक्षकको मन्जुरी थियो भन्ने प्रतिवादीहरूको जिकिर छ नत पीडितको उमेर २० वर्ष पुगिसकेको थियो भन्ने जिकिर लिन र सो पुष्टि हुने प्रमाण प्रस्तुत गर्न नै सकेको पाइन्छ। माथि उल्लेख भए अनुसार वारदातको समयमा पीडितको उमेर १४ वर्षमात्र रही वैध विवाहको लागि चाहिने उमेर पूरा भएको नदेखिँदा पीडित र प्रतिवादीको बीच भएको उक्त विवाह वैध विवाह नभई बालविवाह भएको तथ्य पुष्टि हुन आयो।

८. प्रस्तुत सन्दर्भमा प्रतिवादी लक्ष्मीमाया वि.क. को हकमा विचार गर्दा निजले प्रतिवादी लोकबहादुर सार्की र पीडितको विवाह आफूसमेत सामेल भई गराएको कुरा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा स्वीकार गरेको देखिन्छ। सो कुरालाई

विवाहको क्रममा खिचिएका मिसिल संलग्न तस्विरहरूले समेत पुष्टि गरेको अवस्थामा प्रतिवादी लक्ष्मीमाया वि.क. ले मुलुकी ऐन, विहावरीको महलको २ नं. विपरीतको कसुर गरेको पुष्टि हुन आयो । तसर्थ पुनरावेदन जिकिर तथा पुनरावेदकको तर्फबाट वैध विवाह गरेको बालविवाह गरेको होइन भनी लिइएको पुनरावेदन एवम् बहस जिकिरसँग सहमत हुन सकिएन ।

९. अब १४ वर्षको बालिकासँग करणी गरेमा जबर्जस्ती करणी हुने वा नहुने सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. मा रहेको जबर्जस्ती करणीको परिभाषा अवलोकन गर्नु सान्दर्भिक देखिन्छ । उक्त १ नं.मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुसार कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको मान्नु पर्दछ । प्रस्तुत मुद्दामा पीडितको उमेर वारदात हुँदा १४ वर्षमात्र रहेको र निज पीडित र प्रतिवादीको बिचमा करणी भएको तथ्यमा कुनै विवाद रहेको देखिँदैन । पीडितको उमेर वारदातको बखत १६ वर्षभन्दा कम रहेको अवस्थामा पीडितसँग प्रतिवादीले विवाह गरेको वा पीडितले करणीको लागि सहमति जनाएको भन्ने जस्ता तर्कले कानूनी मान्यता प्राप्त गर्न सक्ने अवस्था रहँदैन । तसर्थ उल्लिखित व्यवस्था, तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी लोकबहादुर सार्कीले पीडितलाई जबर्जस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा जबर्जस्ती करणी गरेको होइन भन्ने पुनरावेदन जिकिर एवम् प्रतिवादीको तर्फबाट लिइएको बहस जिकिरसँग सहमत हुन सकिएन ।

१०. यसरी पीडित वारदातको समयमा १४ वर्षको मात्रै रहेको र निजलाई ललाई फकाई विवाह गरी करणीसमेत लिनु दिनु भएको कुरा स्वयम् प्रतिवादी लोकबहादुर सार्कीबाट आफ्नो बयानको क्रममा अधिकारप्राप्त अधिकारी र अदालतमा स्वीकार गरेको, पीडितको उमेर १४ वर्ष रहेभएको अवस्थामा बालिकासँग भएको विवाहलाई वैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानूनसम्मत नभई जबर्जस्ती करणी हुने हुँदा उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतबाट प्रतिवादी लोकबहादुर सार्कीले बालविवाहको साथै जबर्जस्ती करणीसमेतको कसुर र प्रतिवादी लक्ष्मीमाया वि.क.ले मुलुकी ऐन, विहावरीको महलको २ नं. विपरीतको बालविवाहको कसुर गरेको पुष्टि हुन आयो ।

११. अब चौथो प्रश्नको रूपमा रहेको मानव बेचबिखन तथा ओसारपोसार मुद्दामा पीडितले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारवाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभए पनि त्यस्तो प्रमाणित बयान अदालतले प्रमाणमा लिन मिल्ने वा नमिल्ने के हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरूका विरूद्ध किटानी जाहेरी परेको देखिन्छ । पीडितलाई भारतको सिक्किम पुर्‍याउने क्रममा स्थानीय भद्र भलाद्मीले मौकामा शङ्का गरी रोकेर प्रहरीमा बुझाएको अवस्था छ । प्रतिवादीहरूको क्रियाकलापबाट विवाह भएकी भनेकी पीडित सिक्किम जाने र विवाह भएका प्रतिवादी लोकबहादुर सार्की भने नेपालमा आफूले अधियाँ जोतेको जग्गाधनीको घरमा बस्ने जस्ता विवादास्पद कुराहरू उल्लेख हुनुका साथै प्रतिवादीहरूको सावितीे बयान, मौकामा कागज गर्ने व्यक्तिहरूको कथन र पीडितको अधिकारप्राप्त अधिकारीसमक्ष भएको अदालतबाट प्रमाणित बयान एवम् उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतबाट अभियोग दावीबमोजिमको घटना वारदातको पुष्टि भएको देखिन्छ ।

१२. प्रस्तुत मुद्दामा पीडितले अदालतमा बकपत्र गर्न नआएकाले निजको बयान प्रमाणमा लिन नमिल्ने भन्ने प्रतिवादीहरूको कानून व्यवसायीहरूको जिकिर रहेको देखिन्छ । सो सन्दर्भमा मानव बेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(१) मा भएको व्यवस्थालाई अवलोकन गर्नु सान्दर्भिक देखिन्छ । सो दफा ६(१) मा "दफा ५ बमोजिमको उजुर पीडित आफैँले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनुपर्नेछ" भन्ने व्यवस्था छ । त्यसैगरी ऐ. को दफा ६(२) मा "प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भनेबमोजिम लेखिएको भए सोही व्यहोरा र भनेबमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनुपर्नेछ" भन्ने र ऐ. दफा ६(३) मा "उपदफा (२) बमोजिम बयान प्रमाणित गराएकामा त्यस्तो पीडित मुद्दाको कारवाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ" भन्ने व्यवस्था रहेको छ ।

१३. उक्त व्यवस्था अनुसार मानव बेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको कसुरबाट पीडित स्वयम् आफैँले उजुर दिएकामा प्रहरी कार्यालयले निजको तत्काल बयान गराउनु पर्ने, सो बयान प्रमाणित गराउनको लागि निजलाई यथाशीघ्र नजिकको जिल्ला अदालतमा लैजानु पर्ने र मुद्दाको कारवाहीको सिलसिलामा पीडित व्यक्ति अदालतमा उपस्थित नभए पनि त्यस्तो प्रमाणित बयानलाई अदालतले प्रमाणको रूपमा लिन सक्ने देखिन्छ ।

१४. प्रस्तुत मुद्दामा पीडितको आमाले इलाका प्रहरी कार्यालय, अनारमनी, झापामा दिएको जाहेरी मिति २०६४।०५।३० मा दर्ता भएको र जाहेरी दरखास्त दर्ता भएको भोलिपल्ट अर्थात् मिति २०६४।०५।३१ मा पीडितको अधिकारप्राप्त अधिकारीसमक्ष

बयान भएको र सोही दिन झापा जिल्ला अदालतबाट सो बयानलाई प्रमाणित गराइएको देखिन्छ । ऐनको शाब्दिक व्यवस्था अनुसार घटनाको जाहेरी पीडित आफैँले दिएको अवस्थामा भन्ने उल्लेख भएकाले यो प्रावधानअनुसार अदालतमा उपस्थित नहुने पीडितको मौकाको अभिव्यक्ति प्रमाणको रूपमा लिनको लागि त्यस्तो अभिव्यक्ति व्यक्त गर्ने पीडित आफैँ उजुरवाला हुनु अनिवार्य हुने हो कि भन्ने जस्तो देखिन्छ । तर प्रमाण ऐन, २०३१ को दफा १८ ले गरेको कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने प्रमाण ग्राह्यतासम्बन्धी सामान्य कानूनी प्रावधानको अपवादको रूपमा मानव बेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ मा प्रहरी कार्यालयले तत्काल पीडितको बयान गराई त्यस्तो बयान प्रमाणित गराउनका लागि निजलाई तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्ने कार्यविधिगत व्यवस्था गर्नुका साथै उक्त दफा ६ को उपदफा (३) मा यस दफा बमोजिम बयान प्रमाणित गरिएकामा त्यस्तो पीडित मुद्दाको कारवाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने गरी प्रमाणको ग्राह्यता सम्बन्धमा लचिलो व्यवस्था गरेको पाइन्छ । मानव बेचविखन जस्तो अमानवीय र क्रूर अपराधको पीडामा परेको व्यक्ति स्वयम् अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएको अवस्थामा त्यस्तो अपराधको अनुसन्धान गर्ने प्रहरी अधिकृतले तत्कालै पीडितको बयान गराउनुपर्ने र पीडितलाई तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराई निजको उक्त बयान प्रमाणित गराउनुपर्ने भन्ने उक्त ऐनको दफा ६ को भाषा संयोजनमा उल्लेख भएको "तत्काल" "तुरून्त" र "नजिकको जिल्ला अदालत" जस्ता शब्दहरूले पीडितको संरक्षणको लागि कानून निर्माताले दिएको विशेष महत्व र प्राथमिकतालाई प्रस्ट गर्दछ । पीडितको संरक्षण, सुरक्षा र न्यायमा सहज पहुँचसमेतलाई दृष्टिगत गरेर नै कानून निर्माताले प्रमाण ऐन, २०३१ भन्दा पछाडि बनेको मानव बेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ मा उपर्युक्त विशेष व्यवस्था गरेको प्रस्ट हुन्छ । ऐनको यो विशिष्ट प्रावधानको सान्दर्भिकता अनुसन्धानको क्रममा संकलन गरिएको कुनै तथ्य स्वयम्को अभिव्यक्ति हो वा त्यस्तो अभिव्यक्ति पीडितबाहेक अरू कसैको हो भन्ने तथ्यको विश्लेषणमा खोजिनु पर्दछ । पीडित स्वयमले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर अपराधको सम्बन्धमा बयान गरेकी छन र त्यस्तो बयान तुरून्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितकोसो बयानको व्यहोरा मानव बेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐनको दफा ६(३) बमोजिम प्रमाणमा लिन मिल्ने हुन्छ । पीडित मौकामा अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर घटनाको बारेमा बयान मात्र दिइन् वा त्यस्तो घटनासँग सम्बन्धित कसुरको अनुसन्धान प्रक्रिया अगाडि बढाउन निजले नै जाहेरी वा उजुरी दिएकी हुन होइनन् भनी खोजिनीति गरिरहनु पर्ने र पीडित स्वयम्को उजुरी नभई पीडित बालिकाका माता-पिता वा संरक्षकले उजुरी वा जाहेरी दरखास्त दिएको कारणले मात्र मौकामा पीडितले गरेको प्रमाणित बयानको प्रमाणिकता शुन्य हुने वा त्यस्तो बयान प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भनी साँघुरो अर्थ गर्नसमेत न्यायको रोहमा मिल्ने देखिन आउँदैन ।

१५. मानव बेचबिखन तथा ओसारपोसारको कार्य विशेष प्रकृतिको कसुर भएको र यस्तो कसुरका पीडितलाई अभियुक्तहरूबाट हुने दवाव, प्रभाव र अन्य कारणले गर्दा भनेको समयमा अदालतमा बकपत्रको लागि उपस्थित गराउन नसकिने हुँदा त्यस्तो घटनाको सम्बन्धमा पीडितको अधिकारप्राप्त अधिकारीसमक्ष बयान भएपछि पीडितलाई तत्काल अदालतमा लगी त्यस्तो बयान प्रमाणित गराउनु पर्ने र यसरी प्रमाणित गरेको बयानलाई मुद्दाको कारवाहीको सिलसिलामा पीडित अदातलमा उपस्थित नभए पनि अदालतले प्रमाणमा लिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको छ । यसै सन्दर्भमा यस अदालतबाट माइला भन्ने विवेक दोङ वि. नेपाल सरकार भएको जीउ मास्ने बेच्ने मुद्दा (स.अ. बुलेटिन, २०६६, जेठ १-१५ पृष्ठ २) मा जीउ मास्ने बेच्ने मुद्दा खास प्रकृतिको मुद्दा भई अदालतले खोजेका समयमा पीडित फेला पर्न नसक्ने अवस्थालाई महसुस गरी पीडित उपलब्ध भएमा मौकामा नै पीडितको बयान अदालतबाट प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्था राख्नु परेको विधायिकी मनसाय पनि हो । भए गरेका घटनाक्रमको यथार्थता खुलाई अदालतमा गरेको बयान प्रमाणित भएपछि पीडित बकपत्र गर्न अदालतमा उपस्थित नहुनुले खास असर पार्न सक्ने अवस्था पनि देखिन आउँदैन भन्ने र नेपाल सरकार वि. रवीन्द्र सिलवाल भएको जिउ मास्ने बेच्ने मुद्दा (स.अ. बुलेटिन, २०६६, जेठ १६-३१ पृष्ठ ३) मा अदालतद्वारा प्रमाणित पीडित भनिएको व्यक्तिको कथन पुष्टि हुने अन्य समर्थित प्रमाण (Corroborative Evidence) मिसिलमा मौजुद रहेको अवस्थामा पीडित व्यक्ति अदालतमा बकपत्रको प्रयोजनार्थ उपस्थित नभए पनि सो भनाइलाई आधार मान्नुपर्ने र अदालतबाट प्रमाणित बयान झूठो हो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार अभियुक्तको हुने भनी सिद्धान्त प्रतिपादन भएको छ ।

१६. उपरोक्त दफा ६(१) मा पीडित आफैँले उजुर दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनुपर्नेछ भन्ने व्यवस्था छ भने पीडितबाहेक अन्य व्यक्तिले उजुरी दिएको अवस्थामा पीडितको बयान लिई सोबमोजिम प्रमाणित गर्न नमिल्ने भन्ने व्यवस्था रहेको पाइँदैन । उक्त दफा ६(२) मा प्रहरी कार्यालयले उजुरी परेपछि पीडितको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउन पीडितलाई समेत लिएर जिल्ला अदालतमा जानु पर्ने र जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान पीडितलाई पढी बाँची सुनाई प्रमाणित गरिदिनुपर्नेछ भन्नेसमेत व्यवस्था छ । सो व्यवस्थाले एकातिर पीडितले नै उजुरी दिनुपर्छ भनी बाध्यात्मक व्यवस्था गरेकोसमेत

देखिँदैन भने अर्कोतर्फ पीडित स्वयम् बालिका भएको अवस्थामा निजको घरमा निजको माता-पिता वा संरक्षकले उजुरी दिएको कारणले मात्र पीडित बालिका उपरोक्त विशेष कानूनी संरक्षण वा सुविधाबाट बञ्चित हुने गरी कानूनको व्याख्या गर्न मिल्नेसमेत देखिँदैन ।

१७. मानव बेचविखन तथा ओसारपोसारको अपराधको सम्बन्धमा पीडितको बयान प्रमाण ग्राह्य बनाउन बेचविखन तथा ओसारपोसार अपराधको उजुरी पीडित वा अरू कसले दियो भन्ने कुराभन्दा पीडितको बयान अदालतबाट प्रमाणित भयो वा भएन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । सो व्यवस्थाको मूल मर्म पीडितको बयानलाई प्रमाण ग्राह्य बनाउन अदालतबाट प्रमाणित हुनुपर्ने भन्ने नै हो । उजुरी जसले दिए पनि पीडितको प्रमाणित बयानलाई प्रमाणमा लिन उक्त कुनै व्यवस्थाले रोकेको देखिन आएन । तसर्थ पीडित बालिका आफैँले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट प्रमाणित भएको पीडितको बयान व्यहोरालाई पीडितले अदालतमा पुन: उपस्थित भई बकपत्र नगरेको भनी उक्त ऐनको दफा ६(३) को कानूनी प्रावधान प्रतिकूल हुने गरी अस्वीकार गर्न मिल्ने देखिन आएन । यस्तो अवस्थामा पीडित आफैँले उजुरी नदिएको भए तापनि मौकामा पीडितले बयान गरेको र सो बयान अदालतबाट प्रमाणित भएको छ भने त्यस्तो प्रमाणित बयानलाई मुद्दाको कारवाहीको सिलसिलामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन आएकाले यस अदालतबाट विपक्षी झिकाउने आदेशमा लिइएको आधारसँग सहमत हुन सकिएन ।

१८. प्रस्तुत मुद्दामा पीडितको मौकाको बयानलाई कसुर प्रमाणित गर्ने मुख्य प्रमाणको रूपमा लिएको भन्ने सम्बन्धमा विचार गर्दा मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ अनुसार मानव बेचबिखन तथा ओसारपोसारको कार्य कठोर दायित्व (Strict Liability) भित्रको अपराध हो । यस्तो अपराधमा प्रमाणको भार प्रतिवादीमा रही शङ्काको सुविधा अभियुक्तले नपाउने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसारको कार्य गर्न पीडितलाई निज बसिरहेको घर वा स्थानबाट अन्यत्र लगेको होइन भन्ने कुराको वस्तुनिष्ठ प्रमाण निजहरूले नै पुर्‍याउन सक्नुपर्ने हुन्छ, तर त्यस्तो प्रमाण प्रतिवादीहरूको तर्फबाट पेस हुन सकेको पाइँदैन । पीडितको मौकाको बयानलाई अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको भनाइसमेतका अन्य स्वतन्त्र प्रमाणबाट समेत प्रतिवादीहरूले गरेको अभियोग दावी बमोजिमको कसुर पुष्टि भइरहेको देखिन्छ । तसर्थ प्रतिवादीहरूको तर्फबाट बहसको क्रममा पीडित अदालतमा बकपत्रको लागि उपस्थित नभएको हुँदा मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको पीडितको बयानलाई मुख्य प्रमाणको रूपमा लिएकाले सो गर्न नमिल्ने भन्ने बहस जिकिरसँग समेत सहमत हुन सकिएन ।

१९. अब पाँचौ प्रश्नको रूपमा रहेको अपराध पीडितको क्षतिपूर्ति सम्बन्धी अवधारणा, यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान एवम् अभ्यासको अवस्था के कस्तो रहेको छ भन्ने सम्बन्धमा विचार गर्दा अपराध पीडितको१ क्षतिपूर्ति सम्बन्धी अवधारणा सम्बन्धमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । अपराध पीडितको क्षतिपूर्ति (Crime Victim Compensation) भनेको पीडितमाथि परेको मानसिक वा शारीरिक आघात, पीडा वा आर्थिक क्षतिको परिपूरण हो । Black's Law Dictionary मा क्षतिपूर्तिको परिभाषा यसप्रकार गरेको पाइन्छ 'Compensation is a payment of damages, or any other act that a court orders to be done by a person who has caused injury to another.'२ John PJ Dussich ले क्षतिपूर्तिको परिभाषा दिदै "Victim Compensation" is a formal administrative procedure provided by law which provides only money to victims for "out of pocket" real expenses directly resulting from the victimization to be paid by the state after the victim is found to qualify according to specific criteria determined by the respective state or federal law"३ भनेका छन् । यसरी क्षतिपूर्ति क्षतिपूर्‍याउने पक्षबाट क्षति पुग्नेपक्षलाई भएको क्षतिको आर्थिक परिपूर्ति हो जुन अदालतको आदेशबाट भराइन्छ भनी क्षतिपूर्तिको परिभाषा दिएको पाइन्छ । क्षतिपूर्तिको मुख्य उद्देश्य भनेको पीडितको पूर्वावस्थाको प्राप्ति (Victim Recovery) नै हो ।

२०. क्षतिपूर्ति पाउने पीडितको हकलाई Reparative or Restorative Justice को रूपमा समेत लिने गरेको पाइन्छ । Reparation को समान्य अर्थ अपराधबाट पीडितलाई भएको क्षतिको परिपुरण गर्नु भन्ने हो । Black's Law Dictionary अनुसार Reparation is an 'Act of restoring; restoring to its rightful owner; the act of making good or giving equivalent for any loss, damage or injury; and indemnification.'४ "Restorative Justice" is a systematic formal legal response to crime victimization that emphasizes healing the injuries that resulted from the crime and affected the victims, offenders and communities. This process is a departure from the traditional retributive form of dealing with criminals and victims which traditionally have generally perpetuated the conflict which resulted in the original crime.५ यो अवधारणा अपराधीले राज्यलाई जरिवाना तिर्नु मात्र पर्याप्त नभई पीडित, पीडितको परिवार र समाजलाई समेत क्षतिपूर्ति गर्नु पर्छ भन्ने सिद्धान्तमा आधारित छ । यसले पीडितलाई अपराध हुनुपूर्वको अवस्थामा ल्याउनु भन्ने बुझाउँछ ।६ अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुर्‍याउनु वा पुनस्थापना गर्न सक्नु पर्छ । तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएरमात्रै हुदैन, सो कानून आफैँमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको

प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुन्छ ।

२१. अपराध पीडितले क्षतिपूर्ति पाउने विषयलाई सामान्यरूपमा लिन मिल्दैन किनकी सो क्षतिपूर्ति पीडितको जीवन-मरणसँग गाँसिएको हुन्छ । पीडितले यथासमयमा उपयुक्त क्षतिपूर्ति पाएमा पुन: जीवनयावन गर्न सक्षम हुन्छ र यथासमयमा उपयुक्त क्षतिपूर्ति७ नपाएमा आर्थिक, सामाजिक, शारीरिक, मनोवैज्ञानिक कारणले पीडित जिउँदै मरेतुल्य हुन सक्छ । तसर्थ हाम्रो सन्दर्भमा हेर्दा प्राय: निम्न वर्गका गरीब एवम् असहाय महिला एवम् बालबालिकाहरू जबर्जस्ती करणी र मानव बेचविखन एवम् ओसारपसार, घरेलु हिंसाजस्ता अपराधबाट पीडित हुने गरेको देखिँदा त्यस्ता पीडितहरूको लागि क्षतिपूर्तिको अझ बढी महत्त्व रहेको हुन्छ ।

२२. अपराध पीडितको क्षतिपूर्तिसम्बन्धी व्यवस्थाको अवलोकन गर्दा यससम्बन्धमा बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention on the Rights of the Child,१९८९) को धारा ३ (२) मा States Parties undertake to ensure the child such protection and care as is necessary for his or her well-being, taking into account the rights and duties of his or her parents, legal guardians, or other individuals legally responsible for him or her, and, to this end, shall take all appropriate legislative and administrative measures भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी सोही महासन्धिको धारा १९ मा States Parties shall take all appropriate legislative, administrative, social and educational measures to protect the child from all forms of physical or mental violence, injury or abuse, neglect or negligent treatment, maltreatment or exploitation, including sexual abuse, while in the care of parent(s), legal guardian(s) or any other person who has the care of the child भन्ने उल्लेख गरी पक्ष राष्ट्रहरूलाई बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नुपर्ने तथा बाबुआमा, कानूनी संरक्षक वा अन्य व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकामाथि हुने सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, शोषण, यौन दुर्व्यवहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनु पर्ने गरी दायित्व तोकेको पाइन्छ । नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो दायित्वबाट विमुख हुन मिल्ने देखिँदैन ।

२३. Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power १९८५ को प्रकरण १२ मा जघन्य अपराधबाट पीडित व्यक्तिलाई कसुरदार वा र अन्य स्रोतबाट पूर्ण क्षतिपूर्ति उपलब्ध गराउन नसकेको अवस्थामा राज्यले त्यस्तो पीडितलाई आर्थिक क्षतिपूर्ति उपलब्ध गराउनको लागि विभिन्न प्रयासहरू गर्नुपर्ने उल्लेख गरिएको छ ।८ त्यसैगरी प्रकरण १३ मा अपराधबाट पीडित व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि राष्ट्रिय कोष निर्माण गर्ने र त्यस्तो कोषलाई मजबुद र बलियो बनाउनको लागि उत्प्रेरित गर्नुपर्ने भन्ने उल्लेख भएको पाइन्छ ।

२४. त्यसैगरी European Forum for Victim Services ले जघन्य अपराधबाट पीडितउपर भएको शारीरिक तथा आर्थिक क्षतिको तत्काल पुर्तालको लागि अपराधी पत्ता नलागे पनि सार्वजनिक कोषबाट पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गर्नको लागि आफ्ना सदस्य राष्ट्रहरूलाई अनुरोध गरेको देखिन्छ । Council of Europe ले Convention on the Compensation of Victims of Violent Crimes, १९८८ को निर्माण गरेको छ, जसले अपराध पीडितहरूको राहत तथा क्षतिपूर्तिको लागि विभिन्न किसिमका मापदण्डहरूको निर्माण गरेको छ ।

२५. अपराधबाट पीडितलाई प्रदान गरिने महत्त्वपूर्ण राहत र सहयोग भनेको अपराधबाट हुन गएको क्षतिको परिपुरण नै हो । अपराधबाट पीडितको क्षतिपूर्तिको सम्बन्धमा अन्यत्रको अभ्यास हेर्ने हो भने क्षतिपूर्तिको पहिलो माध्यम र तरिकाको रूपमा आर्थिक सहयोगलाई अबलम्बन गर्ने गरिएको पाइन्छ । यस्तो आर्थिक क्षतिपूर्ति प्रदान गर्ने क्रममा विभिन्न देशले आ-आफ्नै तरिका र विधि अपनाएको पाइन्छ । उदाहरणको रूपमा पोल्याण्डले विशेष सार्वजनिक क्षतिपूर्ति कोषको रूपमा Foundation for Assisting Victims of Crime स्थापना गरेको छ । त्यसैगरी फ्रान्समा जघन्य अपराधबाट पीडितलाई अदालतबाट त्यस सम्बन्धमा अन्तिम निर्णय भइनसकेको अवस्थामा पनि आपतकालिन आर्थिक सहयोग प्रदान गरिने व्यवस्था रहेको पाइन्छ ।

२६. भारतमा अपराध पीडितको क्षतिपूर्तिलाई भारतीय संविधानको धारा २१ अन्तर्गत बाँच्न पाउने हक (Right to Life) र स्वतन्त्रताको हक (Right to Liberty) को अभिन्न अंश (Integral Part) को रूपमा मान्यता दिइएको छ ।११ भारतमा१२ जबर्जस्ती करणीसमेतका अपराधहरूमा राज्यले१३ समेत क्षतिपूर्ति दिने गरेको देखिन्छ ।१४ बंगलादेशमा पनि अपराधबाट पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धी व्यवस्था र अभ्यास रहेको पाइन्छ ।

२७. अपराधबाट पीडितको क्षतिपूर्तिसम्बन्धी जापानको कानूनी व्यवस्था र अभ्यास उल्लेखनीय रहेको छ । सोसम्बन्धी व्यवस्था Crime Victim Assistance Act ले गरेको छ ।१६ जापानमा पीडितले प्रतिवादीबाट एवम् सरकारबाट क्षतिपूर्ति पाउने व्यवस्था छ । पीडितलाई सरकारले प्रदान गरेको क्षतिपूर्तिको रकम सरकारले प्रतिवादीबाट असुलउपर गर्ने व्यवस्था रहेको छ ।

२८. बेलायतको अभ्यास हेर्दा बेलायतमा अपराधबाट पीडितको क्षतिपूर्तिको सम्बन्धमा Criminal Injuries Compensation Authority जिम्मेवार रहेको देखिन्छ ।१८ सन् १९९६ देखि अपराध पीडितलाई तोकिएको रकम क्षतिपूर्ति स्वरूप राज्यको

तर्फबाट दिन थालियो ।१९ अपराधको कारणले पीडितलाई AIDS हुन गएमा बढी क्षतिपूर्ति दिने गरेको पाइन्छ ।२० बेलायतले सन् १९९० मा European Convention on Victims of Violent Crimes को अनुमोदन गरिसकेको छ । क्यानाडामा Crime Victim Compensation सम्बन्धमा विभिन्न व्यवस्था रहेको पाइन्छ । The Ontario Compensation for Victims of Crime Act, १९९० ले Criminal Injuries Compensation Board को स्थापना गरेको छ । पीडितलाई उक्त बोर्डले तोकेबमोजिमको क्षतिपूर्ति दिने गरिन्छ ।२१ संयुक्त राज्य अमेरिका र अस्ट्रेलियामा मिल्दोजुल्दो व्यवस्था रहेको छ । अमेरिकाका धेरैजसो संघीय राज्यहरूमा अपराधीहरूलाई लगाइएको जरिवाना तथा शुल्क एउटा अपराध पीडित कोष (Crime Victims' Fund) मा जम्मा हुने र उक्त कोषको रकम अपराध पीडितहरूलाई दिइने क्षतिपूर्तिको लागि प्रयोग गर्ने गरिएको पाइन्छ ।२२ अस्ट्रेलिया (Western Australia) मा The Criminal Injuries Compensation Act, 2003 को आधारमा पीडितले क्षतिपूर्तिको दावी गर्न पाउने देखिन्छ ।

२९. उल्लिखित विभिन्न मुलुकहरूको व्यवस्था, अभ्यास एवम् विवेचनासमेतको आधारमा पीडितलाई दिइने क्षतिपूर्तिको रकम के कसरी जुटाउने भन्ने सन्दर्भमा अन्तराष्ट्रिय स्तरमा निम्न दुईवटा विधिहरू अवलम्बन गरिएको देखिन आयो ।
१. अपराधीबाट भराइने शुल्क तथा जरिवानाबाट पीडितलाई क्षतिपूर्ति भराइने ।
२. सरकारी बजेटबाट स्थापना गरिएको कोषको रकमबाट पीडितलाई क्षतिपूर्ति भराइने ।

३०. उपरोक्त विधिहरूमध्ये दोस्रो विधि संसारमा बढी प्रचलनमा रहेको देखिएको छ । यस्तो विधिको सहजता भनेको पीडितको क्षतिपूर्ति अपराधीको आर्थिक हैसियतमा भर नपर्ने हुन्छ र अपराध पीडितले तत्काल क्षतिपूर्ति पाउने अवस्था रहन्छ । यो विधि बढी प्रभावकारी रहेको छ ।

३१. उल्लिखित व्यवस्था, अभ्यास एवम् विवेचनासमेतको आधारमा नेपालमा समेत उपर्युक्त दोस्रो विधि अवलम्बन गर्नु उपयुक्त देखिन्छ । तसर्थ अब उप्रान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी बिगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिँदा नेपाल सरकारसमेतबाट सो सम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुनु जरूरी रहेको देखिन आयो ।

३२. अब छैठौ प्रश्नको रूपमा रहेको नेपालमा मानव बेचविखन तथा ओसारपसार र जबर्जस्ती करणी मुद्दाका पीडितलाई कस्तो क्षतिपूर्तिको व्यवस्था रहेको छ र सो उपयुक्त छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा स्वतन्त्रताको हक अन्तर्गत" प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ२५ र कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन" भन्ने व्यवस्था रहेको छ ।२६ त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० मा "प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ" भन्ने व्यवस्था छ । उक्त व्यवस्थासमेतको आधारमा अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई नेपालको अन्तरिम संविधानको धारा १२ अन्तर्गतको बाँच्न पाउने हकको अभिन्न अंश (Integral Part) को रूपमा राख्नुपर्ने हुन्छ । तसर्थ नेपालको सन्दर्भमा अपराध पीडितको क्षतिपूर्तिको हक उक्त धारा १२ अन्तर्गतको बाँच्न पाउने हक अन्तर्गत सम्बोधन गरिनु पर्ने विषय हो भन्ने प्रस्ट हुन्छ ।

३३. मानव बेचविखन तथा ओसारपसार ऐन, २०६४ को दफा १७ मा "अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्नेछ" भने व्यवस्था छ । त्यसैगरी मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. मा "कसैले कुनै महिलालाई जबर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराइ दिनुपर्नेछ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रृत नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा १० मा "पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ" भन्ने व्यवस्था छ ।

३४. उपरोक्त व्यवस्थाबाट हाम्रो न्यायप्रणालीले समेत पीडितले पीडकबाट क्षतिपूर्ति भराई पाउने व्यवस्थालाई पीडितको कानूनी हकको रूपमा अंगिकार गरेको पाइन्छ । यस परिप्रेक्ष्यमा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले अपराधबाट भोग्नु परेको पीडाको प्रकृति वा पीडाको कठोरता वा क्रूरतालाई नै क्षतिपूर्ति मापनको आधार बनाइनु पर्ने हुन्छ । पीडकको आर्थिक हैसियत वा क्षमताले त्यस्तो क्षतिपूर्तिमा निर्णायक स्थान प्राप्त गर्ने वा निर्णयको आधार बन्ने अवस्था सिर्जना गरिनु हुँदैन । अन्यथा पीडक पहिचान हुन नसकेको, फरार रहेको, आर्थिक अवस्था कमजोर रहेको वा कम उमेरको रहेको भन्ने जस्ता तर्कहरू अगाडि ल्याएर पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित वा सङ्कुचित हुन जाने हुन्छ । यस्तो अवस्था सिर्जना हुन गएमा पीडित बाँच्न पाउने

हकबाट नै वञ्चित भई पीडितको न्यायमा पहुँचसमेत स्थापित हुन सक्तैन । यस्तो अवस्थामा पीडितको बाँच्न पाउने मौलिक हक र आधारभूत मानव अधिकारले न्यायिक संरक्षणसमेत प्राप्त गर्न नसक्ने हुन्छ । तसर्थ न्यायको रोहमा यस्तो अप्रिय अवस्था सधैं अमान्य एवम् अस्वीकार्य हुन्छ ।

३५. प्रस्तुत सन्दर्भमा Justice Krishna Ayyar ले Rattan Singh vs. State of Punjab२७ भएको मुद्दामा बोलेको कुरा सान्दर्भिक देखिन्छ जसमा भनिएको छ "It is a weakness of our jurisprudence that the victims of the crime and the distress of the dependants of the prisoner, do not attract the attention of the law. Indeed, victim reparation is still the vanishing point of our criminal law. This is a deficiency in the system which must be rectified by the legislature".

३६. उपरोक्त विवेचनाको सन्दर्भमा प्रस्तुत मुद्दामा भएको वारदात हेर्दा एउटा असहाय बालिकाको जीवन समग्रमा मौलाउन नपाउँदै समाप्त भएको देखिन्छ । आमा "ख" कुमारीले आफ्नो आर्थिक विपन्नताको कारण बालिका छोरीलाई अरूको घरमा घरेलु कामदारको रूपमा राखेको देखिन्छ । वयस्क उमेर प्राप्त गरी नसकी पीडित शारीरिक, मानसिक, शैक्षिक, आर्थिक तथा पारिवारिकरूपमा पूर्णत: अपरिपक्व र असहाय रहेको अवस्था देखिन्छ । बस्ने ठाउँ र पारिवारिक संरक्षण र हेरविचारको अभावका कारण असुरक्षित अवस्थामा बाँच्न विवश भएको अवस्था देखिन्छ । यस्तो असुरक्षित अवस्थामा रहेको कारणबाट यौन हिंसा र मानव बेचबिखनसमेतका वारदात हुन पुगेको देखिन्छ ।

३७. बालबालिकाहरू खुला मस्तिष्कका हुन्छन् । उनीहरू साथी सङ्गतबाट प्रभावित हुने गर्दछन् । प्रस्तुत मुद्दामा पीडित नाबालिक रहेको र पीडक लोकबहादुर सार्की प्रस्तुत वारदातभन्दा पहिले जबर्जस्ती करणीको अपराधमा जेल सजाय व्यतीत गरेको व्यक्ति भन्नेसमेत देखिन्छ । निजको सङ्गत प्रतिवादी लक्ष्मीमाया वि.क.सँग रहेको र निजहरू समेतको योजनाको आधारमा पीडितलाई झापाबाट धरान र धरानबाट पुन: झापा हुदै भारतको सिक्किम सम्मको यात्रा तय गरी विवाहको नाटक मञ्चन गरी बिक्री गर्न लागेको तथ्य मिसिलबाट देखिन्छ ।

३८. नेपालमा गरिबीको रेखामुनी रहेका परिवारको सङ्ख्या उल्लेख्य छ । आफ्नो सन्तानको उचित स्याहार सम्भार, शिक्षा, स्वास्थ्यको विचार गर्न नसक्नेसमेतको आर्थिक विपन्नताको कारणले आफ्नो सन्तानलाई अरूको घरमा मजदुरको रूपमा राख्न दिने, बालश्रमिक बनाउने, इट्टाभट्टा गलैंचा कारखाना, कपडा कारखानामा श्रमिकको रूपमा काम गर्न पठाउन बाध्य हुने गरेको अवस्था छ । आर्थिक विपन्नताको कारणबाट परिवार र समाजबाट टाढा हुन पुगेका यस्ता अवोध र असहाय व्यक्तिहरू नै मानव बेचबिखन र ओसारपसार जस्ता अपराधहरूबाट दिनदिनै पीडित भइरहेका छन् । यसरी घरको नाजुक आर्थिक अवस्थाको कारण अर्काको घरमा बसी काम गरेको अवस्थामा बालबालिकामाथि हुन सक्ने शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, यौन शोषण, यौन दुर्व्यवहारसमेतबाट जोगाउन तथा संरक्षणको लागि बालअधिकारसम्बन्धी महासन्धीले तोकिदिएको राज्यको संरक्षणात्मक वा अभिभावकीय दायित्व निर्वाह गर्नेतर्फ हामीकहाँ धेरै कार्यहरू हुन बाँकी नै छ ।

३९. अपराध पीडितलाई यथाशीघ्र क्षतिपूर्ति दिलाउने, त्यस्तो क्षतिपूर्तिको परिमाण वा स्वरूप यथार्थपरकरूपले निर्धारण गर्ने र क्षतिपूर्तिको माध्यमबाट पीडितको जीवनयापनलाई सहज बनाउनेतर्फ हामीकहाँ प्रस्ट न्यायिक दृष्टिकोण निर्माण हुन सकेको छैन् । यथास्थितिमा पनि अदालतले तोकेको क्षतिपूर्तिसमेत पीडितले पाउन सकेको अवस्था छैन । आपराधिक घटना एवम् हिंसाबाट गरिब, निमुखा तथा विपन्न वर्गका व्यक्तिहरू नै बढी पीडित हुने गरेका छन् । अदालतको फैसलाबाट पीडितले पाउँने भनी निर्धारण गरेको क्षतिपूर्तिको रकमसमेत कतिपय अवस्थामा भराउन सकिने अवस्था छैन । यससम्बन्धमा सर्वोच्च अदालतबाट भएको एक अध्ययनअनुसार हालसम्म २ जना पीडितले मात्रै क्षतिपूर्ति प्राप्त गरेको अवस्था छ । पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको वास्तविक स्थितिको बारेमा यथार्थ बुझ्न यो तथ्यलाई न्यायिक जानकारीमा राख्नुपर्ने हुन्छ ।

४०. उल्लिखित विवेचनाअनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र २० को व्यवस्था, अन्तर्राष्ट्रिय कानूनको प्रावधान र अन्य मुलुकहरूको अभ्याससमेतको आधारमा हामीकहाँ समेत अपराध पीडितको क्षतिपूर्तिको हक बाँच्न पाउने हकको अभिन्न अंश (Integral Part) को रूपमा मान्नुपर्ने हुन्छ । यसरी क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो । यस हकलाई व्यवहारिक, वास्तविक र पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्याय प्रदान गर्नु अदालतको दायित्व हो भने समग्र राज्यको कर्तव्य हो ।

४१. सामाजिक सम्झौताको सिद्धान्त२८ समेतको आधारमा राज्यमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरूलाई संरक्षण र सुरक्षा दिनु राज्यको कर्तव्य हो । राज्यले उपयुक्त सुरक्षा दिन नसकेको अवस्थामा सो राज्यमा बस्ने व्यक्तिहरू अपराधबाट पीडित हुन पुग्दछन् । न्यायको पहुँचबाट वञ्चित हुन पुग्छन् । न्याय प्रणालीप्रति नै अविश्वास सिर्जना हुन जान्छ । कुनै व्यक्ति अपराध पीडित हुनुमा राज्यको सुरक्षा संयन्त्रको समेत कमजोरी र दोष रहेको मान्नु पर्दछ । सो कारणले अपराध पीडितलाई क्षतिपूर्ति दिनु राज्यको समेत दायित्व हो । उक्त व्यवस्थाअनुसार पीडितले तत्काल क्षतिपूर्ति पाउनुपर्ने हुन्छ । पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुन आउँछ ।

४२. जबर्जस्ती करणी, मानव बेचविखन र ओसारपसार जस्ता मुद्दा लामो समयसम्म चलिरहने र अन्तिम निक्यौंल हुन समय लाग्ने हुँदा मुद्दा अन्तिम किनारा हुँदासम्म परिस्थितिमा व्यापक परिवर्तन भई पीडितहरू क्षतिपूर्ति पाउँन नसकी पलायन भएको समेत देखिन्छ। अपराध त अपराध नै हो, पीडितले जसरी पनि क्षतिपूर्ति पाउनै पर्दछ। पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस वा नहोस्, अपराधको अभियोजन होस वा नहोस अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनस्थापन (rehabilitation) तत्काल हुनुपर्ने एवम् त्यस्तो क्षतिपूर्ति र पुनस्थापन राज्यले नै गर्नुपर्ने हुन्छ। तसर्थ महिला हिंसा, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपोसार जस्ता मुद्दामा पीडितले भोगेको पीडा स्वरूप पाउने क्षति नागरिकको अभिभावक र संरक्षक भएको हैसियतले राज्य स्वयम्ले तत्काल उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्दछ। त्यस्तो रकम राज्यले पीडकबाट असुल उपर गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था गर्न सक्ने नै हुन्छ। पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट वञ्चित गर्ने गरी प्रणालीले थप पीडितलाई पीडा दिन मिल्नेसमेत हुँदैन। तसर्थ यस अदालतबाट विपक्षी झिकाउने आदेशमा लिइएको आधारसँग सहमत हुन सकिएन।

४३. अब सातौ तथा अन्तिम प्रश्नतर्फ विचार गर्दा उल्लिखित व्यवस्था, सिद्धान्त, तथ्य, प्रमाण एवम् विवेचनासमेतको आधारमा प्रतिवादीमध्येका लोकबहादुर सार्कीले नाबालिक पीडितलाई विवाहको बहाना गरी आफूसँग परिचित प्रतिवादी लक्ष्मीमाया वि.क. समेतको सहयोग लिई बालविवाह, जबर्जस्ती करणी तथा निजलाई बिक्री गर्ने उद्देश्यले ओसारपसार गरेको भन्ने अपराध पुष्टि हुन आएकाले प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.लाई मानव बेचिवखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) देहाय (ङ) को खण्ड (२) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र पीडितले पाउने क्षतिपूर्तिको हकमा प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.बाट ऐ. ऐनको दफा १७ बमोजिम जनही रू.५०,०००।- (पचास हजार) र मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादी लोकबहादुर सार्कीबाट रू.२५,०००।- (पच्चीस हजार) थप गरी जम्मा रू.१,२५,०००।- (एकलाख पच्चीस हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिने ठहर भई पुनरावेदन अदालत, इलामबाट मिति २०६७।०६।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

४४. साथै प्रस्तुत मुद्दाकी पीडित "क" कुमारीले प्रतिवादीहरूबाट भराई पाउने ठहर भएको उपरोक्त क्षतिपूर्तिको रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरूबाट सरकारी बिगो सरह असुलउपर गर्नु, गराउनु एवम् अब उप्रान्त यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति रकम एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्काल उपलब्ध गराउन र सो रकम पीडकबाट असुल उपर गर्ने गराउने व्यवस्था मिलाउन यथाशीघ्र आवश्यक र उपयुक्त पूर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ठहर्छ। अरूमा तपसील बमोजिम गर्नू।

तपसील

पुनरावेदन अदालतको फैसलाको तपसील खण्डमा पीडितलाई प्रतिवादीहरू लोकबहादुर सार्कीबाट रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) र लक्ष्मीमाया वि.क.बाट रू.५०,०००।- (पचास हजार रूपैयाँ) गरी जम्मा रू.१,२५,०००।- (एकलाख पच्चीस हजार रूपैयाँ) क्षतिपूर्ति स्वरूप भराई दिने गरी लगत कसिएकामा माथि ठहर खण्डमा उल्लेख भएबमोजिम पीडितले नेपाल सरकारबाट सो क्षतिपूर्तिको रकम तत्कालै पाउने ठहर भएकाले उक्त क्षतिपूर्तिको रकम रू.१,२५,०००।- (एकलाख पच्चीस हजार रूपैयाँ) नेपाल सरकारबाट पीडित "क" कुमारीलाई तत्काल उपलब्ध गराउनू र सो रकम प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.बाट सरकारी बिगो सरह असुलउपर गर्ने गरी लगत राख्नु भनी सुरू झापा जिल्ला अदालतमा लेखी पठाउनू.....१
प्रस्तुत फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत नेपाल सरकारलाई उपलब्ध गराउनू.....२
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू.....३

उक्त रायमा सहमत छु।
न्या.जगदीश शर्मा पौडेल

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।
इजलास अधिकृत : रमेश रिजाल, अर्जुनप्रसाद कोइराला

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

फैसला मिति : २०७१।७।१०।२

निर्णय नं. ९३३३

भाग: ५७ साल: २०७२ महिना: बैशाख अंक: १

फैसला मिति :२०७१/०७/१० ३७६२

मुद्दा: मानव बेचबिखन तथा ओसार पसार ।

०६७-CR-११००

पुनरावेदक / प्रतिवादी : जिल्ला मोरङ, दुलारी गा.वि.स. वडा नं.३ घर भै हाल कारागार कार्यालय, तेह्रथुमका थुनामा बस्ने वर्ष ३९ की गोमा पाँचकोटी

विरूद्ध

प्रत्यर्थी / वादी : केशरबहादुर दर्जीको जाहेरीले नेपाल सरकार

फैसला

न्या. गोपाल पराजुली : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) अनुसार यस अदालतको अधिकारक्षेत्रभित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य र निर्णय सङ्क्षेपमा यसप्रकार छ ।

मेरी छोरी नीता दर्जी र निजकी साथी गीता सुनचेउरीसमेत २ जनालाई बिक्री गर्ने उद्देश्यले भारततर्फ लाँदै गरेकी जिल्ला मोरङ, गछिया गा.वि.स. वडा नं. ३ बस्ने गोमा पाँचकोटीलाई पक्राउ गर्न सफल भएको हुँदा निज व्यक्तिउपर मानव बेचबिखन तथा ओसार पसार ऐनअन्तर्गत कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको केशरबहादुर दर्जीले जिल्ला प्रहरी कार्यालय, तेह्रथुमका दिएको जाहेरी दरखास्त ।

जिल्ला मोरङ, गछिया ३ बस्ने गोमा पाँचकोटीलाई पक्राउ गरी दाखिला गरेको भन्नेसमेत व्यहोराको प्र.स.नि. रामबहादुरले जिल्ला प्रहरी कार्यालय, तेह्रथुमका दिएको प्रहरी प्रतिवेदन ।

म र मेरो साथी गीता सुनचेउरीलाई झुक्याई प्रलोभन देखाई भारततर्फ लगी बेचबिखन गर्ने उद्देश्य रहेछ भन्ने बुझिन आएकाले निज गोमा पाँचकोटीलाई मानव बेचबिखन तथा ओसार पसार कार्य नियन्त्रण ऐनअन्तर्गत हदैसम्म कारवाही होस् भन्नेसमेत व्यहोराको पीडित गीता दर्जीले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

म र मेरो साथी नीता दर्जीलाई नागरिकता र पासपोर्ट आफैंले बनाई दिन्छु भनी झुक्याउनुका साथै विदेश लाँदा लाग्ने रू. ४०,०००।- समेत म दिन्छु तिमीहरूको मासिक रू १४,०००।- कमाई हुन्छ । जसरी भए पनि विदेश जानुपर्छ भनी हामीहरूलाई प्रलोभन देखाई फकाएकी हुँदा निज गोमा पाँचकोटीलाई मानव बेचबिखन तथा ओसार पसार ऐनअन्तर्गत कारवाही होस् भन्नेसमेत व्यहोराको पीडित गीता सुनचेउरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

पीडित नीता दर्जीले अनुसन्धानका क्रममा मात्र हामीलाई भारतको वेश्यालयमा लगी बिक्री गर्ने थिएकि भन्ने शङ्का लागेको हो, सोअघि शङ्का थिएन भन्नुका साथै अन्य कुरामा अनुसन्धानमा भएको बयानअनुरूपकै कुरा व्यक्त गरेबाट यो बयान प्रमाणित गरिदिएको छ भन्नेसमेत व्यहोराको पीडित नीता दर्जीले अनुसन्धानको क्रममा गरेको बयान । सुरू अदालतबाट मानव बेचबिखन तथा ओसार पसार ऐन, २०३४ को दफा ६बमोजिम भएको बयान प्रमाणित आदेश ।

पीडित गीता सुनचेउरीले अनुसन्धानका क्रममा मात्र हामीलाई भारतको वेश्यालयमा लगी बिक्री गर्ने थिएकि भन्ने शङ्का लागेको हो, यसअघि थिएन । एक पटक म आमालाई विदेश जाने भए भनी फोन सम्म गरे भन्ने कुरा व्यक्त गरी अन्य कुरामा अनुसन्धानमा भएको बयानअनुरूप व्यक्त गरेबाट यो बयान प्रमाणित गरिदिएको छ भन्नेसमेत व्यहोराको मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०३४ को दफा ६ बमोजिम सुरू अदालतबाट भएको पीडित गीता सुनचेउरीको बयान प्रमाणित आदेश ।

मैले भारतमा लगी बेचबिखन गर्ने मनसायले लगेको नभई मोतिमान थापामार्फत भारत हुँदै कुवेत पठाइदिने भनेकी मात्र हुँ। २ वर्षअगाडि मेरी कान्छी बहिनीलाई कुवेत पठाएकी थिएँ। त्यसरी नै लान सकिन्छ होला भन्ने उद्देश्यले मैली गीता सुनचेउरी र नीता दर्जीलाई उक्त कुरा बताएकी हुँ । मैले नागरिकता पासपोर्ट बनाइदिने भनेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी गोमा पाँचकोटीले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

नागरिकता पासपोर्टसमेत नभएका केटीहरूलाई विभिन्न प्रलोभन देखाई विदेशमा लगी बेचबिखन गर्ने उद्देश्य रहेको कुरा प्रष्ट जुट्न आएको हुँदा प्रतिवादी गोमा पाँचकोटीलाई कारवाही होस् भन्नेसमेत व्यहोराको तारा श्रेष्ठले जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा गरिदिएको कागज ।

प्रतिवादी गोमा पाँचकोटीले मेरा साथी गीता सुनचेउरी र नीता दर्जीलाई ललाई फकाई बेचबिखन गर्ने उद्देश्यले प्रतिवादीले लगेको कुरा जुट्न आएको हुँदा प्रतिवादी गोमा पाँचकोटीलाई कानूनी कारवाही होस् भन्नेसमेत व्यहोराको रूपा नेपालीले जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा दिएको कागज ।

निज गोमा पाँचकोटी गछिया खोलामा गिट्टी, वालुवा चाल्ने काम गरी बसेकी थिइन् । निजले के कुन मनसायले नागरिकता र पासपोर्ट नभएका महिलाहरूलाई त्यसरी लगेकी हुन् । सो बारेमा मलाई थाहा छैन । निजले बेच्ने मनसायले लगेकोमा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको खगेन्द्र नेपालीले जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा गरिदिएको कागज ।

गोमा पाँचकोटीले गीता सुनचेउरी र नीता दर्जीलाई विभिन्न प्रलोभनमा पारी आफैं नागरिकता र पासपोर्ट बनाइदिने भनी भारतमा लगी बेच्ने उद्देश्य लिएको प्रष्ट हुँदा गोमा पाँचकोटीलाई कारवाही होस् भन्नेसमेत व्यहोराको जमुना बर्देबाले जिल्ला प्रहरी कर्यालय, तेह्रथुममा गरी दिएको कागज ।

अभिभावकको मञ्जुरीबिना कोही कसैलाई पनि भारतबाहेक अन्य मुलुकमा नागरिकता र पासपोर्ट बाहेक पठाउन नसकिने हुँदा प्रतिवादी गोमा पाँचकोटीलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको योगेन्द्र नेपालीले जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा गरी दिएको कागज ।

नीता दर्जी र गीता सुनचेउरीलाई अभिभावकको मञ्जुरीबिना नागरिकता र पासपोर्टबेगर विदेश पठाइदिन्छु भनी भारतमा लगी बेच्ने उद्देश्यले प्रतिवादी गोमा पाँचकोटीले परिपन्च मिलाई गोमा पाँचकोटी केहीपछि र गीता सुनचेउरी, नीता दर्जी केही अगाडि बसस्टेन्डतिर जाँदै गर्दा मसमेतले फेला पारी गस्ती प्रहरीको सहयोगमा पक्राउ गरेको र प्रतिवादी गोमा पाँचकोटीले भारतमा लगी बिक्री गर्ने शङ्का लागेकाले कानूनबमोजिम कारवाही होस् भन्नेसमेत छुट्टाछुट्टै व्यहोरा उल्लेख गरी प्रायः एकै मिलानको व्यहोरा लेखाई योगेन्द्र नेपाली, शशीधर दाहाल र संजय बर्देबाले जिल्ला प्रहरी कार्यालय, तेह्रथुमबाट गरी दिएको वस्तुस्थिति मुचुल्काको कागज ।

यी प्रतिवादी गोमा पाँचकोटीले प्रतिवादी मोतिमान थापाको योजना अनुसार गीता सुनचेउरी र नीता दर्जीलाई लोभ प्रलोभनमा पारी भारत लगी बेचबिखन गर्न जाँदा पक्राउ परेकी हुँदा यी प्रतिवादी मोतिमान थापा र गोमा पाँचकोटीले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०३४ को दफा ३(१) र ४(२) को खण्ड (ख)बमोजिमको कसुर अपराध गरेको हुँदा प्रतिवादीहरू मोतिमान थापा र गोमा पाँचकोटीलाई ऐ. ऐनको दफा १५(१) को खण्ड (क)बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, तेह्रथुमको अभियोगपत्र ।

पीडित नीता दर्जी र गीता सुनचेउरीलाई पहिलादेखि नै चिन्थें । मिति २०६६।१।१२ गते आमा भेट्न जिल्ला तेह्रथुम ओयाकजुङ आई सोको भोलिपल्ट गीता सुनचेउरी र नीता दर्जीलाई म्याङलुङ बजार मेरो दिदीको घरमा भेटी हामीलाई विदेश पठाइदिनुपर्‌यो भनी मलाई भनेकाले मैले बाबु आमासँग सल्लाह गरेर नागरिकता र पासपोर्ट बनाएर विदेश जान्छु भन्दा नमानी मलाई ज्यादै कर गरेकाले र निजहरू त्यहाँबाट हिंडी पुरानो हस्पिटल पुग्दा प्रहरीले पक्राउ गरेछन् । केही समयपछि आउँदै गर्दा मलाई पनि प्रहरीले पक्राउ गरे । मैले बेच्ने उद्देश्यले पीडित नीता दर्जी र गीता सुनचेउरीलाई लगेको होइन । मैले तिमीहरूसँग पासपोर्ट छैन भन्दा तपाईंले नै बनाइदिनुस् र विदेश पठाइदिनु भनेकाले बनेछ भने पठाइदिउँला बनेन भने घरतर्फ फिर्नु भनी मैले साथै लिई गएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी गोमा पाँचकोटीले सुरू अदालतको बन्द इजलासमा गरिदिएको बयान ।

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादीलाई कानूनबमोजिमको रित पुर्‌याई थुनामा राख्न स्थानीय कारागारमा पठाइदिनु भन्नेसमेत व्यहोराको सुरू अदालतबाट मिति २०६६।१।१२ गते प्रतिवादी गोमा पाँचकोटीको हकमा थुनछेक आदेश ।

मलाई सोध खोजसमेत नगरी प्रतिवादी गोमा पाँचकोटीले मेरो छोरी नीता दर्जी र अर्की महिला गीता सुनचेउरीलाई बेचबिखन गर्न विदेश पठाइदिने भनी झुक्याई नागरिकता र राहदानीबेगर लाँदै गर्दा मेरो साडुभाइ योगेन्द्र नेपालीले प्रहरीलाई खबर गरेपछि मेरो छोरीलाई प्रहरीले पक्राउ गरी ४/५ दिन राखेपछि मानव बेचबिखनमा लागेका रहेछन् भनी मैले जाहेरी दिएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाला केशरबहादुर दर्जीले सुरू अदालतमा उपस्थित भै गरिदिएको बकपत्र ।

प्रतिवादी गोमा पाँचकोटी केटी बेचबिखन गर्ने हो कि भनी शङ्कामा जाहेरी गरेका हौं तर पछि बुझ्दै जाँदा आजसम्म बेचबिखन गरेको कुनै प्रमाण फेला नपरेको र मानिस बेचबिखन गर्ने महिला होइन रहेछिन् भन्नेसमेत व्यहोराको योगेन्द्र नेपालीले सुरू अदालतमा उपस्थित भै गरिदिएको बकपत्र ।

यी प्रतिवादी गोमा पाँचकोटीलाई मैले सानैदेखि चिनेको अनुशासित आफ्नो ज्याला मजदुरी गिट्टी कुटेर खाने लेखपढ नभएकी मानिस हुँदा यी प्रतिवादीको त्यत्रो मानव बेचबिखन गर्ने क्षमता छैन र गीता सुनचेउरी र नीता दर्जीलाई बेचबिखन गर्ने उद्देश्यले लगेको होइन

भन्नेसमेत व्यहोराको प्रतिवादी गोमा पाँचकोटीका साक्षी गणेश परियारले सुरू अदालतमा उपस्थित भै गरिदिएको बकपत्र ।

प्रतिवादी गोमा पाँचकोटी मानव बेचबिखन गर्ने मानिस होइनन् । योगेन्द्र नेपालीले प्रहरीलाई दबाब दिई कारवाही गर्न लगाएको मात्र हो भन्नेसमेत व्यहोराको प्रतिवादी गोमा पाँचकोटीकै साक्षी खगेन्द्र नेपालीले सुरू अदालतमा उपस्थित भै गरिदिएको बकपत्र ।

सुरू अदालतबाट जारी भएको प्रतिवादीका नाउँको ७० दिने म्यादीपुर्जी मिति २०६६।२।१९ मा रीतपूर्वक तामेल भएकोमा प्रतिवादी मोतिलाल थापा हाजिर नभै उक्त म्याद गुजारी बसेका रहेछन् ।

जाहेरवालाको जाहेरी दरखास्त अनुसार पीडित नीता र गीतालाई झुक्याई प्रलोभनमा पारी भारततर्फ लगी प्रतिवादीले बेचबिखन गर्ने उद्देश्य रहेछ भनी पीडितले गरेको बयानमा उल्लेख भएको र यी प्रतिवादी गोमाले अधिकारप्राप्त अधिकारी तथा यस अदालतमा समेत बयान गर्दा यी दुबै पीडितलाई सँगै साथ लिई जान लागेको कुरा स्वीकार गरेको र विदेश पठाइदिने कुरासमेत खुलाएको देखिएकोमा विदेश लगी बेच्ने कुरामा पीडितले प्रतिवादीलाई पोल गरेपछि यस कारणबाट विदेशमा बेचबिखन गर्न लगेको होइन भन्ने आधार र सोको पुष्ट्याई प्रतिवादीले दिनुपर्नेमा सो दिन सकेको नपाइँदा पीडितले अनुसन्धानको क्रममा गरेको बयान यस अदालतबाट प्रमाणित भै रहेको अवस्था देखिएकाले निजहरूलाई यस अदालतमा बकपत्र गराइरहनुपर्ने अवस्था देखिएन जाहेरवालाले यस अदालतमा आई बकपत्र गर्दा प्रतिवादीउपर पोल गरेको देखिएको प्रतिवादीमध्येकी नीताले आफूहरूलाई यी प्रतिवादीले बेचबिखन गर्न लागेको होइन भनी निवेदन दिई इजलाससमक्ष सोही कुराको जिकिर गरे पनि निजको बयान प्रामाणित भै रहेको अवस्थामा उक्त निवेदन र जिकिरलाई प्रमाणिक आधार मान्न सकिने अवस्था नदेखिएकाले यी प्रतिवादीले पीडितहरूलाई बेचबिखन गरेको नभई विदेशमा लगी बेचबिखन गर्ने उद्देश्यले लिई जाने कामको थालनीसम्म गरेको देखिएबाट यी प्रतिवादीले अभियोग दावीको कसुर गरेको नदेखिई मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२) (क) को कसुरको उद्योगसम्म गरेको पुष्टि हुँदा निज प्र.लाई ऐ ऐनको १५(१)(ङ)(१) अनुरूप हुने सजायको आधारमा वारदातको प्रकृतिसमेत दृष्टिगत गरी ऐ.ऐनको दफा १५ (१) (ज)बमोजिम (पाँच) ५ वर्ष कैद र रू.२५,०००।– जरिवानासमेत हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू तेह्रथुम जिल्ला अदालतको मिति २०६६।९।३० को फैसला ।

यी पीडितहरूसँग मिति २०६६।१।१८ मा तेह्रथुम बजारमा खगेन्द्रको डेरामा अचानक भेट भै चिनजान भएको हो । सुरू अदालतले गीता र नीतालाई झिकाएर बकपत्र नगराई बुझ्नुपर्ने प्रमाण नबुझी प्रमाण ऐन, २०३१ को दफा ५४ को बर्खिलाप गरेको र वस्तुस्थितिका मानिसहरूले अदालतमा आई बकपत्रसमेत नगरेको वादीका साक्षी योगेन्द्र नेपाली, खगेन्द्र दर्जी, केशरबहादुर दर्जी, नीता दर्जीसमेत मेरा साक्षीको बकपत्रसमेतबाट म निर्दोष भएको पुष्टि भै रहेको अवस्थामा सुरू अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा फैसला पूरै उल्टी गरिपाउँ भन्नेसमेत व्यहोराको कारागार कार्यालय, तेह्रथुममार्फत पुनरावेदन अदालत, धनकुटामा दर्ता हुन आएको पुनरावेदक प्रतिवादी गोमा पाँचकोटीको पुनरावेदनपत्र ।

मानव बेचबिखन ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ३ (१) मा कसैले पनि मानव बेचबिखन र ओसार पसार गर्न गराउन हुँदैन भन्ने दफा ३(२) मा त्यस्तो कार्य गरेमा ऐनबमोजिम कसुर गरेको मानिने छ भन्ने तथा दफा ४(२) को खण्ड (ख) मा वेश्यावृति लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्यलाई मानव ओसार पसार गरेको मानिने छ भन्ने व्यवस्था भएको र पीडितहरू नीता र गीतालाई बिक्री गर्ने उद्देश्यले भारत लैजान पीडितहरूको घरदेखि तेह्रथुम बसपार्कसम्म ल्याई पुर्‍याएकाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा १५ को (१)(ङ) को देहाय २बमोजिम सजाय गर्नुपर्नेमा दफा १५(१)(ङ)(१) को आधारमा दफा १५(१) (ज)बमोजिम सजाय गर्ने ठहर्‍याएको सुरूको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई सुरू अभियोग दावीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारका तर्फबाट पुनरावेदन अदालत, धनकुटामा दायर हुन आएको पुनरावेदनपत्र ।

यसमा अभियोग दावी अनुसारको कसुरको ऐनको दफासँग असम्बद्ध तथा अप्रासङ्गिक र भिन्न किसिमको सजायको दफा उल्लेख गरी अभियोग दावी लिइएको देखिएको, दावीबमोजिमको सजाय भन्दा घटी सजाय सुरूबाट भए पनि सो स्पष्ट आधार र कारणसमेत उल्लेख नभएको मिसिल संलग्न सम्पूर्ण सबुद प्रमाणहरूको समुचित मूल्याङ्कन नगरी प्रतिवादीलाई कसुरदार ठहर्‍याएको देखिएको र दुबै पक्षको पुनरावेदनपत्रको जिकिरसमेतको परिप्रेक्ष्यमा सुरूको इन्साफ फरक पर्न सक्ने भई विचारणीय हुँदा छलफलका लागि अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम परस्पर दुबैतर्फका प्रत्यर्थीहरूलाई झिकाई नियमानुसार पेस गर्नु । साथै मुल्तबिमा रहेका प्रतिवादी मोतिमान थापाको अंश रोक्का गर्ने भनी मोरङ जिल्ला अदालतलाई मिति २०६६।१०।१४ मा सुरू तेह्रथुम जिल्ला अदालतबाट पत्र लेखेको सम्म देखिए तापनि अंश रोक्का भएको मिसिलबाट देखिएन । रोक्का भएको मुचुल्का सुरू तेह्रथुम जिल्ला अदालतमा प्राप्त भएको छ छैन पत्र लेखी भए सो मुचुल्का झिकाई मिसिल संलग्न राख्नु मुचुल्का प्राप्त नभए च.नं. ५२३ मिति २०६६।१०।१४ को उक्त पत्र सम्बन्धमा यसै अदालतबाट तुरून्त पत्राचार गरी अंश रोक्का मुचुल्का झिकाई मिसिल संलग्न राख्नु भन्नेसमेत व्यहोराको मिति २०६७।२।२० मा पुनरावेदन अदालत, धनकुटाबाट भएको आदेश ।

यसमा प्रतिवेदक प्र.स.नि. रामबहादुर खड्का र महिला प्र.ज. पुष्पकला न्यौपानेलाई बुझ्नुपर्ने देखिँदा पुनरावेदन सरकारी वकिल कार्यालय धनकुटामार्फत झिकाई नियमानुसार पेस गर्न भन्नेसमेत व्यहोराको मिति २०६७।८।२० को पुनरावेदन अदालत, धनकुटाबाट भएको आदेश।

मिति २०६६।१।१८ मा मसमेतले गोमा पाँचकोटीलाई पक्राउ गरी दाखिल गरेको प्रतिवेदनमा भएको व्यहोरा र सहिछाप मेरो हो। दुईजना महिलालाई बेचबिखन गर्ने उद्देश्यले बाहिर लान लागेको भन्ने नीता र गीताको अभिभावकहरूले भनेकाले खुल्न आएको हो, पक्राउ गर्दा पक्राउपुर्जि दिए नदिएको मलाई थाहा भएन भन्नेसमेत व्यहोराको बुझिएकी प्र.ज. पुष्पकला न्यौपानेले पुनरावेदन अदालत, धनकुटामा गरेको बकपत्र।

मिति २०६६।१।१८ मा दाखिला गरेको प्रतिवेदनमा भएको सहिछाप तथा व्यहोरा मेरो हो। सादु ५ बस्ने नीता दर्जी र गीता सुनचेउरीलाई विदेश पठाइदिनु भनी म्याङ्लुङ गा.वि.स. १ स्थित बजार नजिक लाँदै गरेको अवस्थामा पक्राउ गरेको हो पक्राउ गर्दा पक्राउपुर्जि दिएको हो। मोतिमान थापाले म्यान पावर खोलेको छ सोही म्यान पावरमार्फत विदेश पठाइदिन्छु भनी सुरूमा उनीहरूको अनुसार नै लगेको हो। पक्राउ गर्दा उनीहरूको अभिभावक को को थिए थाहा भएन भन्नेसमेत व्यहोराको बुझिएका प्र.स.नि. रामबहादुर खड्काले पुनरावेदन अदालत, धनकुटामा गरेको बकपत्र।

यी पीडितहरू यो यसलाई बिक्री गर्ने र सोबापत प्रतिवादीले यो यससँग यो यति यस्तो रकम लिई पाएको र कुनै व्यक्तिले प्रतिवादीलाई सो कार्य गराउन कुनै किसिमको रकम दिएको वा दिने आश्वासन दिएको पाइएन। यस्तो व्यक्ति पनि मिसिलबाट खुल्न आएको देखिँदैन। तसर्थ सुरूले प्रतिवादीले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (क) को कसुरको उद्योग गरेको भन्ने ठहर गरेको सुरू फैसलासँग सहमत हुन सकिएन। तर यी प्रतिवादीले यी अबोध पीडितहरूलाई संरक्षकबाट छुटाई शोषण गर्ने उद्देश्यले प्रस्तुत वारदात गरेको देखिएबाट यी प्रतिवादीले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) ख को कसुर गरेको देखिँदा ऐ.ऐनको दफा १५ (१) (छ) को सजायमा ऐ. ऐनको दफा १५(१)(ज)बमोजिम तजबिज कैद वर्ष ४(चार) हुने ठहर्छ। सो हदसम्म तेह्रथुम जिल्ला अदालतको मिति २०६६।९।३० को फैसला केही उल्टी हुने ठहर्छ। दावीबमोजिम पूरै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको र सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।१०।१० को फैसला।

नियमबमोजिम दैनिक मुद्दा पेसीसूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी गोमा पाँचकोटी र मोतिमान थापाले पीडितहरू नीता दर्जी र गीता सुनचेउरीलाई विदेश पठाइदिन्छु भनी बिक्री गर्ने उद्देश्यले बाटोमा लग्दै गर्दा पक्राउ परेकाले निजहरूलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२) को खण्ड (ख) बमोजिमको कसुर अपराधमा ऐजन ऐनको दफा १५(१) को खण्ड (क)बमोजिम सजाय हुन माग दावी लिई अभियोगपत्र दायर भएकोमा प्रतिवादीमध्येकी गोमा पाँचकोटीको हकमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ज) बमोजिम उद्योगमा ५ वर्ष कैद र रू.२५०००।– जरिवाना हुने ठहरी सुरू जिल्ला अदालतबाट फैसला भएको र अर्का प्रतिवादी मोतिमान थापाको हकमा मुद्दा मुल्तबिमा रहेकोमा प्रतिवादी गोमा पाँचकोटी तथा वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, धनकुटामा पुनरावेदन परी पुनरावेदन अदालत, धनकुटाबाट ऐनको दफा १५(१)(ज)बमोजिम तजबिजी कैद वर्ष ४ हुने ठहर भएउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको देखियो।

पुनरावेदक प्रतिवादीको तर्फबाट विदुषी वैतनिक अधिवक्ता श्रुतीकुमारी रेग्मीले पीडितहरू लामो समयसम्म तेह्रथुम बजारमा ढाका उद्योगमा काम गरी आएका र आफ्नै खुसीले राम्रो ज्याला नपाएको हुँदा रोजगारका लागि आफैँ जाने निर्णय गरेको अवस्थामा केवल शङ्काको भरमा मुद्दा चलाइएको र सजाय ठहर गरिएको हुँदा अभियोग दावीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

२. निर्णयतर्फ विचार गर्दा मैले पीडित भनिएका नीता र गीतालाई बेचबिखन गर्ने मनसायले संरक्षकको मन्जुरी बेगर छुटाएर लगेको होइन, सो कुरा मिसिल संलग्न कुनै कागजबाट पुष्टि हुनआएको छैन अन्य कामको खोजीमा तराई झर्न इच्छा प्रकट गरी गरेका हुन्। ममाथि झुट्ठा मुद्दा चलाइएको कुरा स्वयम् पीडितहरूको बयान उनीहरूले अदालतमा दिएको निवेदन र जाहेरवालाको बकपत्रसमेतबाट पुष्टि भइरहेको छ। अनुसन्धानमा बयान गर्ने रूपा नेपाली, जमुना बर्देवा र तारा श्रेष्ठसमेतले अदालतमा मलाई दोषारोपण गरी बकपत्रसमेत गर्न सकेका छैनन्। मलाई झुट्ठा अभियोग दावीबाट सफाइ हुनुपर्छ भनी प्रतिवादी गोमा पाँचकोटीले यस अदालतमा पुनरावेदन गरेको अवस्था छ।

३. पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी गोमा पाँचकोटीउपर मिति २०६६।१।१८ मा वारदात घटाएउपर किटानी जाहेरी परेको देखिन्छ। पीडितहरूको अदालतबाट प्रमाणित भएको बयान व्यहोरा हेर्दा यी पीडितहरू तेह्रथुम म्याङ्लुङ् बजारमा ढाका उद्योगमा काम गर्ने महिलाहरू भएको र कमाई राम्रो नभएपछि राम्रो आय आर्जनको लागि विदेश जाने चाहानाले यी प्रतिवादी गोमा पाँचकोटीको सल्लाहमा विदेश जाने चाहाना गरी आएको व्यहोरा खुल्न आएको देखिन्छ। यही क्रममा निजहरूका आफन्त र प्रहरीको सहयोगमा प्रतिवादी गोमा पाँचकोटी पक्राउ परी आएको र नागरिकता र पासपोर्ट पक्राउ परी

आएको र नागरिकता र पासपोर्ट बनाउने परिपञ्च पनि गोमा पाँचकोटीले मिलाई दिएको र सो कुरा घर परिवारका सदस्यलाई नभन्नु भनी सिकाएको भन्ने कुरा निज पीडितहरूको बयान व्यहोराबाट पुष्टि भएको देखिन्छ । प्रतिवादी गोमा पाँचकोटीको अनुसन्धान अधिकारीसमक्षको बयान व्यहोरा हेर्दा नागरिकता र पासपोर्टबिना भारतबाहेक अन्य देशमा पठाउन नसकिने भएकाले मोतिमान थापासमेतको सहयोगमा उक्त कागजातहरू बनाएर मोतिमान थापाको सहयोगबाटै विदेश पठाउन लागेकी हुँ । २ वर्ष पहिले मेरी कान्छी बहिनीलाई दिल्ली हुँदै कुवेतसमेत पठाएको थियौं भनी बयान गरेको देखिन्छ ।

४. पीडित नीता दर्जीका बाबु केशरबहादुर दर्जीको किटानी जाहेरी व्यहोरालाई पीडितहरूको अदालतसमक्षको प्रमाणित बयानमा समर्थन गर्दै हामी बसेको डेरा घरमा पटकपटक आई नागरिकता र पासपोर्टसमेत बनाइदिन्छु तिमीहरूले पैसासमेत खर्च गर्नुपर्दैन विदेशमा १४/१५ हजार कमाई हुन्छ भन्ने जस्ता प्रलोभन देखाएको हुँदा पछि प्रहरी र आफन्तको सहयोगबाट निज गोमा पाँचकोटीले हामीलाई बिक्री गर्ने गलत उद्देश्यबाट बाँच्न सफल भएका हौं भन्ने भनाई व्यहोराबाट समर्थित भइरहेको छ । पीडितहरूको बयान अदालतबाट सुरूमै प्रमाणित भइसकेको अवस्था छ भने पछि निजहरू अदालतसमक्ष उपस्थित भई जाहेरवालालगायतले थप पुष्टि हुने गरी बकपत्र नगरेकाले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भन्ने जिकिर लिएको देखिन्छ । ऐनको संरचनात्मक व्यवस्थालाई हेर्दा एकपटक अदालतसमक्ष बयान प्रमाणित भइसकेपछि पुनः सोही बिषयमा अदालतमा उपस्थित भई बकपत्र गर्नुपर्ने बाध्यात्मक अवस्था विद्यमान ऐनको संरचनाबाट नदेखिएको अवस्थामा उक्त जिकिर प्रतिवादीले सफाइ पाउने पर्याप्त आधार बन्न सक्तैन ।

५. कतिपय सङ्गिन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिकासमेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो । अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठीत तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर नैं विधायिकाले कानूनको निर्माण गरेको हो । प्रमाण सङ्कलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नैं नपुगोस् भन्ने नै विधायिकी मनसाय हो । त्यसकारण पीडितहरू अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्था नहुँदा पीडितहरूको भनाइलाई मान्यता दिन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन मिल्ने देखिँदैन ।

६. यी प्रतिवादीले विगतदेखि नै मानिस विदेश पठाउने गरिआएको भनी लेखाउन सकेको देखिँदैन भने कुन म्यानपावरसँगको सहकार्यबाट विदेशपठाउनलागेकोहोसोकुरानिजकोबयानबाटखुल्नआएकोछैन।अर्कोतर्फपीडितमध्येकीगीतादर्जीकोउमेरकेवल१७वर्षकोमात्रै देखिन्छ । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २ (छ) लाई हेर्दा पनि साबालिक हुन निजको उमेर १८ वर्ष पुरा हुनुपर्ने देखिन्छ । यस अर्थमा पनि नाबालिग नीतालाई यी प्रतिवादीले फकाइ फुलाई प्रलोभनमा पारी संरक्षकको मञ्जुरीबाट छुटाई लिएर जान लागेको मिसिलबाट देखिन्छ । यदि प्रतिवादीको निज पीडितहरूलाई विदेश पठाइदिने नियत असल रहेको अवस्था हुन्थ्यो भने निजहरूका आफन्तलाई जानकारी नगराई गुमराहमा राख्नुपर्ने अवस्था हुँदैनथ्यो । जुन कुरा पीडितहरूलाई नागरिकता र पासपोर्ट बनाउदा लाग्ने खर्चसमेत आफैंले बेहोरिदिने प्रतिवादीको भनाईबाट पुष्टि हुन आएको छ ।

७. तसर्थ माथि गरिएका आधार र कारणहरूबाट यी प्रतिवादीले अबोध पीडितहरूलाई संरक्षकबाट छुटाई शोषण गर्ने उद्देश्यले प्रस्तुत वारदात गरेको देखिन आएकाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) को कसुरमा ऐजन ऐनको दफा १५(१)(छ) को सजायमा ऐजन ऐनको दफा १५(१)(ज)बमोजिम तजबिजी कैद वर्ष ४ हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग माग दावीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : रामप्रसाद बस्याल

इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम्

महिला, कानुन र विकास मञ्च (FWLD)
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ५३३३५२४, ५३३३५२५
इमेल : info@fwld.org
Website: www.fwld.org